CC-0. In Public Domain. Digitization by eGangotri



महर्षि सन्देश

Maharishi Sandesh

२४ वैशाख २०७६
(अक्षय तृतीया

अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलनको समीक्षात्मक प्रतिवेदनविशेष

२०७५ फागुन १७-१९, काठमाडौं (March 1-3, 2019 AD, Kathmandu)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरूपूजनपद्धतिः

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।।

आवाहनम्

नारायणं पद्मभवं वशिष्ठं शक्तिं च तत्पुत्रपराशरं च
व्यासं शुकं गौडपदं महान्तं गोविन्दयोगीन्द्रमथास्य शिष्यम् ।
श्रीशङ्कराचार्यमथास्य पद्मपादं च हस्तामलकं च शिष्यम्
तं त्रोटकं वार्तिककारमन्यानस्मद्गुरून् सन्ततमानतोऽस्मि ।
श्रुतिस्मृतिपुराणानामालयं करूणालयम्
नमामि भगवत्पादं शङ्करं लोकशङ्करम् ।
शङ्करं शङ्कराचार्यं केशवं बादरायणम्
सूत्रभाष्यकृतौ वन्दे भगवन्तौ पुनः पुनः ।
यद्द्वारे निखिला निलिम्पपरिषद् सिद्धिं विधत्तेऽनिशम्
श्रीमच्छ्रीलसितं जगद्गुरूपदं नत्वात्मतृप्तिङ्गताः ।
लोकाज्ञानपयोदपाटनधुरं श्रीशङ्करं शर्मदम्
ब्रह्मानन्दसरस्वतीं गरूवरं ध्यायामि ज्योतिर्मयम् ॥
आवाहनं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
आसनं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
स्नानं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
वस्त्रं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
चन्दनं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
अक्षतान् समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
पुष्पं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
धूपं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
दीपं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
आचमनीयं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
नैवेद्यं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
आचमनीयं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
ताम्बूलं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
श्रीफलं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरार्तिक्यम्

कर्पूरगौरं करूणावतारं संसारसारं भुजगेन्द्रहारम्
सदावसन्तं हृदयारविन्दे भवं भवानीसहितं नमामि ।
आरार्तिक्यम् समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः
आचमनीयं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः

पुष्पाञ्जलिः

गुरूर्ब्रह्मा गुरूर्विष्णुर्गुरूदेवो महेश्वरः
गुरूः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः ।
अखण्डमण्डलाकारं व्याप्तं येन चराचरम्
तत्पदं दर्शितं येन तस्मै श्रीगुरवे नमः ।
श्रीब्रह्मानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिं
विश्वातीतं गगनसदृशं तत्वमस्यादिलक्ष्यम् ।
एकं नित्यं विमलमचलं सर्वधीसाक्षीभूतं
भावातीतं त्रिगुणसहितं सद्‌गुरूं तं नमामि ।
अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया
चक्षुरून्मीलितं येन तस्मै श्रीगुरवे नमः ।
पुष्पाञ्जलिं समर्पयामि, श्रीगुरूचरणकमलेभ्यो नमः ॥

वेदव्यास वंदना

नमो नमस्ते व्यासगुरो । जय निगमागम-कल्पतरो ॥ धृ॥
कुरूकुलकलहकथाऽतिविचित्रा । सुमधुरभगवद्‌गीतामन्त्रा ।
भागवती गाथा च पवित्रा । त्वया गुंफिता सुकविगुरो ॥
जय निगमागम-कल्पतरो ॥ १ ॥
वेदारण्यक समारोपणम् । उपनिषदमृतोदधिनिर्मथनम् ॥
पुराणमन्दिर-परिनिर्माणम् । त्वया कृतं हे जगद्‌गुरो ॥
जय निगमागम-कल्पतरो ॥ २ ॥
विश्वं सकलं व्यासोच्छिष्टम् । शिष्टवचनमिदमर्थविशिष्टम् ।
सत्यं तथ्यं महतामिष्टम् । सकलगुरूणाम् आदिगुरो ॥
जय निगमागम-कल्पतरो ॥ ३ ॥
अचतुर्वदनो विश्वविधाता । द्विभुजो हरिरसि परिपालयिता ॥
अभालनयनोऽशिवसंहर्ता । त्वमेव भगवन् विश्वगुरो ॥
जय निगमागम-कल्पतरो ॥ ४ ॥
नमोऽस्तु वेदव्यासाय यस्य वाङ्मयतेजसा ।
सबाह्याभ्यन्तरं विश्वं सञ्जातं जनगोचरम् ॥
-स्व.डा.श्री.भा.वर्णेकर (प्रज्ञाभारती)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जय गुरुदेव !

जिल्ला प्रशासन कार्यालय काठमाडौं दर्ता नं. १५३/०७०/०७३

महर्षि सन्देश
Maharishi Sandesh

वर्ष ६ अंक ११ २४ वैशाख २०७६, अक्षय तृतीया (7 March 2019)

प्रधान संरक्षक
दीपकप्रकाश बाँस्कोटा
९८५१०१३०२२

प्रकाशक
नेपाल महर्षि वैदिक फाउन्डेसन
सिफल काठमाडौं

प्रधान सम्पादक
धर्मानन्द भारवि
९८५७०८०७८७

सह-सम्पादक
उपेन्द्रप्रसाद नेपाल
९८६०५६४१७१

व्यवस्थापक
डिल्लीराम अधिकारी ९८५१०२४३१२

मूल्य रु. २५०

महत्त्वपूर्ण वेबसाइटहरू
महर्षि युनिभर्सिटी अफ म्यानेजमेण्ट
आयोवा अमेरिका
www.mum.edu
www.vedicnepalconference.org

भावातीत ध्यान शैली
www.tm.org
www.maharishi.org.np
www.nepal.tm.org
www.globalgoodnews.com

सम्पर्क ठेगाना
नेपाल महर्षि वैदिक फाउन्डेसन
सिफल, काठमाडौं
मो नं. ९८६०४५४३९५
फोन नं. ४४८८२३३, ४४७३१०७
पोष्ट बक्स नं. ८८२१
e-mail:infO{@maharishi.org.np
Facebook: www.facebook.com.nepaltm
www.facebook.com/nmvfoundation

ले:आउट
सूर्य बुढाथोकी (९८४११९०७१८)

मुद्रण
जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स
फोन नं.: ०१-४२४६७२९
E : jugalprinters2008@gmail.com

सम्पादकीय...

महर्षि सन्देशको नियमित प्रकाशनका क्रममा निरन्तर रूपमा महर्षि प्रणित महाअभियानका विचार र कार्यक्रमहरूलाई हामीले अग्राधिकार दिने गर्दैआएका छौं । सौभाग्यवश नेपाल महर्षि वैदिक फाउण्डेशनको आयोजनामा यही वि.सं. २०७५ फागुन १७ - १९ मा काठमाडौं स्थित नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा समुद्घाटन कार्यक्रम तथा राष्ट्रिय सभागृह प्रदर्शनीस्थलमा गम्भीर विचारविमर्श गरी नेपालको इतिहासमा नै पहिलोपल्ट अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन सम्पन्न भएको छ । हामी सबैलाई थाहा भएकै विषय हो, आजको युग विज्ञान र प्रविधिको युग हो । हामीमध्ये सबैलाई यो पनि थाहा भएको विषय हो - नेपाल अनादि कालदेखि सदा स्वतन्त्र वैदिक राष्ट्र हो । सर्वप्राचीन वेदभूमि, तपोभूमि, शान्तिभूमि, देवभूमि तथा साधनास्थलको निम्ति स्वर्णभूमि नेपालको गौरवमय परम्परामा वि.सं. २०३१ सालमा नै महर्षि महेश योगीज्यूले टुँडिखेलमा व्यक्त गर्नुभएको यो उद्गारबाट यिनै मूल्यमान्यताको समग्र सम्बोधन भएको अनुभूति मिल्छ - Nepal to Lead the World अर्थात् वैदिक धर्म, अध्यात्म तथा ज्ञानको आधारमा नेपालले विश्वको नेतृत्व गर्न सक्तछ । महर्षिजीकै महाभियानका सिलसिलामा वैदिक विज्ञान र आधुनिक विज्ञानसम्बन्धी अन्तर्राष्ट्रिय महासम्मेलन उत्साहजनक सन्देश प्रवाह गरी नेपालमा नै सम्पन्न हुनुले यस विषयलाई थप गहकिलो बनाएको अनुभव हुन्छ । यस सन्दर्भमा यो युगका अग्रज वैज्ञानिकहरूका अनुसन्धानहरूले वेदभित्रको विज्ञानलाई उजागर गरी वैदिक विज्ञान तथा आधुनिक विज्ञानका मूल्यहरूमा पारस्परिक तथा परिपूरक सामञ्जस्यता प्रकट गर्नुभएको पाइएको छ । यो विषयवस्तुलाई यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनमा विशेष रूपमा चर्चा गरिएको सन्दर्भमा यो अङ्कलाई महासम्मेलनसम्बन्धी समीक्षा तयार गर्नु यथोचित हुने सोच र संकल्पबमोजिम पाठकवृन्दसमक्ष सविस्तार यो समीक्षात्मक अङ्क प्रस्तुत गरेका छौं ।

खास गरी वैदिक विज्ञान र आधुनिक विज्ञानको एकीकृत सामञ्जस्यतामा शान्ति र समृद्धितर्फका पाइलाहरू अगाडि सार्दै जाने हो भने सबै व्यक्ति, सबै समाज, सबै राष्ट्र तथा समग्र विश्वनिम्ति स्वर्णिम युग शुभारम्भ हुनेछ । आजको युगमा मानवतामाथि जति आघात सायद कुनै विषयवस्तुमा परेको छैन । मानवजाति मानवसँग नै त्रस्त बन्नुपरेको वर्तमान स्थितिमा वैदिक विज्ञानभित्रका विज्ञानसम्मत तथा शाश्वत मूल्यहरू उजागर हुँदै जानु तथा तिनै मूल्यप्रति प्रतिबद्धताहरू प्रकट हुनु अत्यन्त सुखद् संयोग नै हो । त्यसमाथि व्यावहारिक रूपमा हरेक मानिस स्वयं शान्त रहेर सिर्जनात्मक कर्ममा प्रवृत्त भइरहनका लागि सहज कर्मको प्रवृत्ति विस्तार हुनुपर्दछ । यस महासम्मेलनमा आधुनिक वैज्ञानिक तथा वैदिक विद्वान् दुवै थरीले भावातीत ध्यान तथा सिद्धि कार्यक्रमलाई व्यापक स्तरमा लागू गर्दै जाने महासङ्कल्प लिनुभएकोले वैदिक कर्म तथा वैज्ञानिक कर्मलाई एकै दिशामा प्रेरित गरेको अनुभूति मिलेको छ । वैदिक विज्ञान र आधुनिक विज्ञानका मूल्यपद्धतिलाई आपसमा जोडी कर्मक्षेत्रमा उत्रनुबाहेक शान्ति र समृद्धिनिम्ति अर्को भरपर्दो बाटो पनि त हामीसँग छैन । यस महासम्मेलनले हामीलाई यही कुरातर्फ सहृदयी हुन प्रेरित गरेको छ ।

वास्तवमा नेपाल ऋषि-महर्षिहरूको सनातन तपस्थली हो । यो शिवभूमि हो, बुद्धभूमि हो, सती पार्वतीको भूमि हो, सीता र भृकुटीको भूमि हो । प्रकृतिको यो मनोरम भूमिमा हिमाल, पहाड, तराई, मधेश, लेकबेसी, फाँट, ताल, तलाउ तथा झरनासहितका अनेकौं तीर्थस्थलहरूमा जुन मूल्यहरू रहेका छन्, ती सबै मूल्यहरूको प्राप्ति वैदिक विज्ञानभित्र पाइन्छ भने आधुनिक विज्ञान तथा प्रविधिका आविष्कारहरूले पनि वैदिक मूल्यपद्धतिकै अनुशरण गरेको पाइनु झन् मूल्यावान् विषय हो । अर्थात् वेदभूमिमा आजको विज्ञानका मूल्यहरूले समवेत स्वरमा गान गरेको पाउनु महती कल्याणको विषय हो । यसर्थ नेपालमा अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन सम्पन्न हुनु र त्यसको समीक्षात्मक विशेषाङ्क प्रस्तुत गर्न पाउनुलाई हामीले दैवसंयोगको विषयका रूपमा लिएका हौं । अर्थात् दैवाधीन यस अङ्कलाई अवश्य नै पाठकवृन्दले अध्ययन गरी लाभान्वित हुनुहुनेछ भन्ने अपेक्षा हामीले राखेका छौं । यसभित्रका सामग्रीहरूले शाश्वत सन्देशहरू प्रवाहित गरिरहेछन् भन्नेमा हामी विश्वस्त छौं ।

•••

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शीर्षक	पृष्ठ
समीक्षा तथा मन्तव्य खण्ड	**७-३२**
अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन : एक समीक्षा	९
राष्ट्रपतिज्यूबाट महासम्मेलनलाई सम्बोधन	१३
राजाराम डा. टोनी नेडरको सन्देश	१४
स्वामी ज्ञानानन्द सरस्वतीज्यूको मन्तव्य	१५
अन्तर्राष्ट्रिय वैदिक विज्ञान र आधुनिक विज्ञान महासम्मेलनलाई सम्बोधन	१८
समापन समारोहलाई रेग्मीको सम्बोधन	२१
स्वागत तथा कार्यक्रमको उद्देश्य	२३
श्रीमद्भगवद्गीताको नेपाली अनुवादको सन्दर्भमा	२७
महासम्मेलनका उल्लेख्य उपलब्धिहरू	२९
महासम्मेलनको घोषणा खण्ड	**३३-३८**
सभाध्यक्षको समापनसभाको घोषणा	३५
चिनारी खण्ड	**३९-४६**
कार्यपत्रको सारांश खण्ड	**४७-६०**
अन्तर्वार्ता खण्ड	**६१-८२**
स्वामी ज्ञानानन्द सरस्वतीसँगको संवाद	६३
डा. जोन हेग्लिनसँगको साक्षात्कार	७१
दीपकप्रकाश बास्कोटासँग अन्तर्क्रिया	७७
डा. किन्स्ली ब्रुक्ससँग वार्तालाप	७९
डा. लेस्ली ब्रुक्ससँग कुराकानी	८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिकोण खण्ड ८३-९६

आधुनिक विज्ञान तथा वैदिक विज्ञान : एक परिचय ८५
महर्षिका दृष्टिकोणमा भगवद्गीता ९३
वैदिक विज्ञानमा ज्योतिष विज्ञानको सम्बन्ध ९५

महासम्मेलनका केही झलकहरू ९७-१०४

महर्षि अभियान खण्ड १०५-१०८

नेपालमा महर्षि वैदिक अभियान हिजोदेखि आजसम्म १०७

परिशिष्ट खण्ड (क) १०९-१६८

आजको युगमा वेदको उपयोगिता १११
गुरुकुलीय शिक्षाबाट मूलधारले के सिक्ने ? ११७
पूर्वीय वैदिक मूल्यको पश्चिमी समाजमा परेको प्रभाव १२५
अध्यात्ममय नेपाल १३३
संस्कृत वाङ्मयमा अन्तर्निहित संस्कृति १३५
वर्तमान समयमा वैदिक शिक्षाको उपादेयता १४८
वैदिक वास्तुकला र वास्तु शहर योजना १६०
आदर्श वैदिक नेपालः शान्ति, प्रगति र समृद्धिको प्रकाशस्तम्भ १६१

परिशिष्ट खण्ड (ख) १६९-१८८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समीक्षा तथा मन्तव्य खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन : एक समीक्षा

धर्मानन्द भारवि
प्रधान सम्पादक

काठमाडौं । नेपालको इतिहासमा पहिलोपल्ट अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन अभूतपूर्व उत्साहसाथ सम्पन्न भएको छ । व्यावहारिक ज्ञान र प्रविधि सर्वत्र सबैका लागि भनेर उद्घोष गरिएको यो महासम्मेलनबाट नेपाल तथा विश्व स्तरमा वैदिक राष्ट्र नेपालको सुनिश्चित भविष्यनिम्ति यथेष्ट सम्भावनाहरू प्रकाशमा ल्याइदिएको महसुस सहभागीहरूले गरेका छन् । पाँच वर्षभित्रमा नेपाललाई वैदिक राष्ट्रको आधारभूमि बनाउने दृढ सङ्कल्पसाथ यो महासम्मेलन यही वि.सं. २०७५ फागुन १७, १८ र १९ गते तदनुसार मार्च १ - ३, २०१९ मा सम्पन्न हुनुलाई राष्ट्रिय जीवनमा नै अत्यन्त महत्त्वपूर्ण उपलब्धि मानिएको छ । यसको प्रारम्भमा नै नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहल कमलादीमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट उद्घाटन गरिँदाका व्यक्त विचारले पनि यही कुराको स्पष्ट सङ्केत गरेको बिर्सन सकिन्न । राष्ट्रपति भण्डारीको स्पष्ट कथन थियो - "हाम्रो परम्परामा सनातन धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने प्रचलन रहिआएको सन्दर्भमा वैदिक ज्ञान र आधुनिक विज्ञानका विषयमा विचारविमर्श हुनुलाई मैले विशेष सन्दर्भका रूपमा लिएको छु । खास गरी हाम्रो सनातन चिन्तन परम्पराले पारस्परिक सहिष्णुता, सहअस्तित्व, शान्ति र विश्वबन्धुत्वको सदैव पक्षपोषण गरिआएको छ । आज पनि विश्व शान्ति र समृद्धि साझा मानवीय आकांक्षा भएकोमा दुई मत हुन सक्दैन ।" राष्ट्रपति भण्डारीले उद्घाटन मन्तव्यकै क्रममा जोड दिएर अगाडि भन्नुभएको थियो - "नेपालले अघि सारेको समृद्ध नेपाल सुखी नेपालीको अभियानमा यस महासम्मेलनले निकालेको वैज्ञानिक निष्कर्षले सहयोगी भूमिका खेल्न सक्ने मैले विश्वास लिएकी छु । परापूर्व कालदेखि नै स्वतन्त्र र स्वाधीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहँदैआएको देवभूमि तपोभूमि नेपाल प्राकृतिक सौन्दर्य र विविधताले परिपूर्ण मुलुक हो । सामाजिक विविधता, भौगोलिक अखण्डता र धार्मिक सहिष्णुता हाम्रो समाजको विशिष्टता हो । यस्तो मुलुकमा महर्षि वैदिक फाउण्डेशनद्वारा सञ्चालन हुँदैआएका भावातीत ध्यान, चेतनामा आधारित शिक्षा, महर्षि वैदिक वास्तु, महर्षि वैदिक कृषि, महर्षि वैदिक स्वास्थ्यका क्षेत्रमा भइरहेका गतिविधीहरूले मुलुकको शान्ति र समृद्धिमा योगदान पुऱ्याउने पनि मैले विश्वास लिएको छु ।" नेपालका वैज्ञानिकहरू, वैदिक विद्वान्हरू, नेपाल सरकारका पूर्व मुख्यसचिव तथा सचिवहरू, प्रबुद्ध बुद्धिजीवीहरू, वैदिक सनातन हिन्दुधर्म-संस्कृतिका अभियन्ताहरू, देशका सबैजसो जिल्लाका प्रतिष्ठित धार्मिक अगुवाहरू, नेपाल तथा भारतका सन्तहरू, प्रतिष्ठित समाजसेवीहरू, प्राध्यापकहरू, वैदिक मूल्यमान्यताका हस्तीहरू तथा भावातीत ध्यान शिक्षकहरू उत्सुकतापूर्वक सहभागी भएको यस महासम्मेलनमा आधुनिक विज्ञानका विश्वविख्यात वैज्ञानिकहरूको समेत उल्लेख्य प्रतिनिधित्व रहेको थियो । महर्षि अभियानको विश्वभरि नै नेतृत्व गर्नुहुने वैज्ञानिक डा. टोनी नेडर जसलाई महर्षि महेश योगीज्यूले राजारामको उपाधि दिनुभएको हो - उद्घाटन सत्रलाई सम्बोधन गर्दै यस्तो विचार व्यक्त गर्नुभयो - "सम्पूर्ण विश्वका निमित्त नै चम्किलो प्रकाशका रूपमा रहेको विद्वान्हरूको महान् ज्ञानभूमि नेपाललाई महर्षिले अत्यन्त मन पराउनुभएको थियो .... यो ज्ञानप्रवाहका निम्ति विश्वका १९१ मुलुकहरूमा भएका हाम्रा संस्थाहरूका तर्फबाट सम्पूर्ण सहयोग प्रदान गर्नेछु ।" यसरी नै यस महासम्मेलनको उद्घाटन सत्रदेखि समापन-सत्रसम्म सक्रिय सहभागिता जनाएर आफ्ना अभिव्यक्तिहरूसमेत प्रकट गर्नुभएका नेपाल सन्त समाजका अध्यक्ष श्रद्धेय स्वामी ज्ञानानन्द सरस्वतीजी महाराजसँग कार्यक्रम समापनपछि लिइएको अन्तर्वार्ताका सिलसिलामा व्यक्त यी विचारहरूले माथिका भनाइलाई थप पुष्टि गरेको अनुभव हुन्छ । स्वामी ज्ञानानन्द सरस्वतीजीकै भाषामा - "विश्वलाई शान्ति चाहिएमा वेदको शरणमा जानुपर्दछ । वेद एउटा शब्दको पक्षधर मात्र नभएर वेदलाई साधनाका रूपमा लिएर गइयो भने यहाँ दोश्रो प्रशासन चाँहिदैन । वेद नै प्रशासक हो भन्ने भावना लिएर पाश्चात्य मुलुकका व्यक्तिहरू अगाडि सरेको मैले देखें । त्यसबाट म अझै विशेष प्रकारले प्रभावित भएर नै ३ दिनसम्म त्यहाँ बसें । त्यहाँका कार्यपत्र प्रस्तोताहरूले आ-आफ्ना सान्दर्भिक कार्यपत्रहरू प्रस्तुत गर्नुभयो । ती आ-आफ्ना साधनाका स्तरअनुसार उत्कृष्ट नै थिए । उक्त कार्यक्रम निकै राम्रोसँग सम्पन्न भयो ।"

मुख्य आयोजक संस्था नेपाल महर्षि वैदिक फाउण्डेशनका अध्यक्ष तथा पूर्व गृहराज्यमन्त्री दीपकप्रकाश बास्कोटाको नेतृत्वदायी भूमिकामा यो महासम्मेलनले सार्थकता पाएकोमा सहभागीहरू निकै प्रफुल्लित देखिन्थे । स्वदेशी र विदेशी अतिथिहरूलाई यथोचित प्रबन्ध गरिएको यो महासम्मेलनको दोश्रो र तेश्रो दिनको संगोष्ठी राष्ट्रिय सभागृहमा सञ्चालित थियो । महासम्मेलनको सभाध्यक्षका हैसियतले उद्घाटन-सत्रमा स्वागत मन्तव्य तथा महासम्मेलनको उद्देश्यमाथि प्रकाश पार्दै श्री बास्कोटाले व्यक्त गर्नुभएका यी विचारहरू महासम्मेलनभरि चर्चाका विषय बनिरहे - "हामीलाई लाग्छ - यो वैदिक अभियान तथा महर्षि फाउण्डेशनको उद्देश्य नै के हो त ? वा महर्षिको विश्वव्यापी अभियान नै के हो ? यसको उद्देश्य अत्यन्त नै सरल तर व्यापक छ । प्रकृतिका नियमको पूर्ण पालनाद्वारा वातावरणको पूर्ण सन्तुलन गर्दै विश्वव्यापी दिगो शान्ति र समृद्धि चाहने हो । हामी त्यही चाहन्छौं जो विश्वका हरेक राष्ट्रले चाहिरहेको छ । नेपालले पनि त्यही चाहिरहेको छ ।" श्री बास्कोटाको थप भनाइ थियो - "योग र यज्ञ, भावातीत ध्यानका माध्यमद्वारा व्यक्ति एवं समाजको सामूहिक चेतनामा सकारात्मक प्रभाव पार्दै बसुधैव कुटुम्बकम् जुन हाम्रो वेदको दर्शन हो अर्थात् संसार एउटै परिवार हो भन्ने बेलामा हामी घरघरमा, ठाउँठाउँमा झगडा र लडाइँ गरिरहेका छौं । बसुधैव कुटुम्बकम्को भावनाद्वारा समाजमा समन्वय, सद्भाव, पारस्परिक मेलमिलाप र सहकार्यद्वारा वैदिक समाजको सिर्जना गर्ने यो अभियानको लक्ष्य हो ।"

यसैगरी जापानका पूर्व प्रधानमन्त्री डा. योकियो हातोयामाले यस महासम्मेलनलाई भिडियोमार्फत गर्नुभएको सम्बोधनका बेलामा सहभागीहरू ज्यादै उत्सुक देखिन्थे । जापानी पूर्व प्रधानमन्त्री डा. हातोयामाले आफ्नो परिवारसहित आफू भावातीत ध्यानको खुबै सौखिन रहेको बताउँदै शान्ति, भाइचारा, स्वतन्त्रता तथा सह-अस्थित्वको बारेमा चर्चा गर्नुभयो र भन्नुभयो - "महर्षि महेश योगीले हामीलाई सम्झाउनुभएको छ कि ब्रह्माण्डका सबै चीजहरूले परस्पर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकआपसलाई प्रभाव पार्दछन् । महर्षि भन्नुहुन्छ - शान्त व्यक्तिहरूले आफ्नो परिवारमा शान्ति ल्याउँछन्, आफ्नो देशमा शान्ति ल्याउँछन् र अन्ततः विश्व शान्तिस्थापनालाई साकार बनाउन योगदान दिन्छन् । ...... महर्षिज्यूको विश्वशान्तिका लागि ठोस, सरल तथा शान्तिपूर्ण बाटोबाट म निकै प्रभावित छु । कहिल्यै पनि सैनिक तागतले विश्व शान्ति आउँदैन भन्ने स्वाभाविक रूपमा उहाँको दृढ विश्वास थियो ।"

यस महासम्मेलनमा अमेरिकाको आयोवास्थित महर्षि युनिभर्सिटी अफ म्यानेजम्यान्टका अध्यक्ष डा. जोन हेग्लिनका अभिव्यक्तिले सहभागीहरूलाई रोमाञ्चकारी प्रेरणा दिएको अनुभूति हुन्थ्यो । विशिष्ट अतिथिहरूमध्ये महासम्मेलन अवधिभरि सबभन्दा क्रियाशील भौतिक शास्त्रीसमेत डा. हेग्लिन नै देखा पर्नुभयो । हरेक साँझका विषयगत बैठकदेखि लिएर महासम्मेलन समापनपछि फागुन २१ गते नयाँ बानेश्वर स्थित अल्फाविटामा आयोजित वैदिक रक्षासम्बन्धी मुख्य प्रस्तोता रहनुभएका डा. हेग्लिनप्रतिको आकर्षण चालू नै थियो । नेपाली सेनाका अवकाशप्राप्त प्रधान सेनापति, सेनापतिहरू, सुरक्षा सम्बद्ध उच्च व्यक्तित्वहरू एवं पूर्व सचिवहरूले उहाँका विचारलाई ज्यादै नै प्रशंसा गरेको पाइयो । हामीले पनि अन्तर्वार्ता खण्डमा डा. हेग्लिनको अन्तर्वार्ता राखेका छौं । पूर्वको वैदिक ज्ञानबाट विश्वमा कसरी शान्ति ल्याउन सम्भव छ भन्ने जिज्ञासामा डा. हेग्लिनको उत्तर यस्तो छ- "वेदको ज्ञानले मात्रै विश्वमा शान्ति हासिल गर्न सम्भव छ । वेदको ज्ञान र अनुभवले मात्रै जीवनको मौलिक एकत्वको आधारलाई अनुभव गर्न सकिन्छ । यो सबैको आत्मा हो । मेरो शरीर, तपाईंको शरीर, उहाँको शरीर, यहुदीहरूको शरीर, क्याथोलिकहरूको शरीर, ईशाईहरूको शरीर र मुस्लिमहरूको शरीर सबै वेदबाट बनेको हुन्छ ।" त्यसबाहेक हिमाल खबर पत्रिकामा डा. जोन हेग्लिनको अन्तर्वार्ता देखापर्‍यो र नेपालबाट फर्के लगत्तै विश्व प्रसिद्ध The Review म्याग्जिनमा पनि उहाँको नेपाल भ्रमणका विषयले विशेष समाचारमा स्थान पायो । डा. हेग्लिनले महासम्मेलनमा प्रस्तुत गरेको विषयगत शीर्षक थियो - वैदिक ज्ञानको वैज्ञानिक पुनर्स्थापना, आधुनिक युगको पुनर्जागृति । डा. हेग्लिनको प्रस्तुतिमा रहेका यी भनाइहरूले वेद विज्ञान र आधुनिक विज्ञानका सन्दर्भमा परिपूरक महत्त्व राख्तछन् - "वेदको अनन्त ज्ञान सर्वोच्च यथार्थताको अनुभवको गहिराइ आत्मा, सर्वव्यापी सत्तामा निहित हुन्छ भने आधुनिक विज्ञानका सन्दर्भमा, यो सर्वोच्च यथार्थ (सर्वव्यापी आत्मसत्ता) लाई गणितीय हिसाबले आधुनिक भौतिक शास्त्रको String Theory and M-Theory मा प्रतिपादित यौगिक चेतना (Unified Field) का रूपमा चिनिएको छ ।"

यस महासम्मेलनको समापन समारोहका प्रमुख अतिथि हुनुहुन्थ्यो नेपालको मन्त्रीपरिषद्का पूर्व अध्यक्ष तथा पूर्व प्रधान न्यायाधीश खिलराज रेग्मी । समापन समारोहमा विचार प्रस्तुत गर्ने क्रममा श्री रेग्मीले भन्नुभयो - "यो ३ दिने छलफलले वास्तवमा आधुनिक विज्ञान तथा वैदिक विज्ञानलाई परिपूरक ढंगले उपयोग गर्न सकिन्छ र त्यो नै विभिन्न वक्ताहरूबाट सुन्न पाएँ साथै यो महासम्मेलनको सारांश प्रस्तुत गर्ने बेलामा यसका अध्यक्ष दीपकप्रकाश बास्कोटाजीले व्यक्त गरेका विचारबाट ठोस निष्कर्षमा पुगिएको थाहा भयो ।" श्री रेग्मीको जोड थियो - "राज्यले पनि यसबारेमा सोच्नुपर्दछ कि वैदिक विज्ञान र आधुनिक विज्ञानको एउटा अध्ययन-अनुसन्धान केन्द्र नेपालमा खोलिनुपर्छ ।"

उद्घाटन-सत्रमा वैदिक विधाका प्रतिष्ठित पन्ध सय जना तथा दोश्रो र तेश्रो हरेक दिन सात सय पचास जना प्रतिनिधिहरूको उत्साहजनक सहभागितामा चालू यो महासम्मेलनमा काँशी पण्डित सभाबाट प्रा.डा. सुधाकर मिश्र र प्रा.डा. हरिप्रसाद अधिकारीले सक्रियतापूर्वक भाग लिनुभएको थियो भने वैज्ञानिकहरू क्रमशः डा. जोन हेग्लिन, क्रिस्टोफर क्रोवेल, डा. ईके हर्टम्यान, डा. वेभेन मोरिस, डा. जोन फागन, डा. नील पिटरशनलगायतका कार्यपत्रहरू प्रस्तुत भएका थिए जसको चिनारीसमेत यस पछाडि दिइएको छ । यसैगरी नेपालका तर्फबाट क्रमशः आजको युगमा वेदको उपयोगिता सम्बन्धी कार्यपत्र प्रा.डा. ऋषिराम पोखरेलबाट, पूर्वीय वैदिक मूल्यको पश्चिमी समाजमा परेको प्रभावबारेको कार्यपत्र प्रा.डा. कृष्णचन्द्र शर्माबाट, अध्यात्ममय नेपालबारेको कार्यपत्र डा. जगमान गुरुङबाट, गुरुकुलीय शिक्षाबाट मूल धारले के सिक्नेबारेको कार्यपत्र डा. विद्यानाथ कोइरालाबाट, संस्कृत वाङ्मयमा अन्तर्निहित संस्कृतिबारेको कार्यपत्र विदुषी कान्ता भट्टराईबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र वर्तमान समयमा वैदिक शिक्षाको उपयोगिताबारेको कार्यपत्र तिलकप्रसाद लुइटेलबाट प्रस्तुत गराइएका थिए ।

यो महासम्मेलनमा प्रस्तुत विचार-विमर्शसम्बन्धी विचार सङ्कलनका निम्ति वाल्मीकि विद्यापीठमा प्राध्यापनरत डा. माधवप्रसाद पाण्डेको संयोजकत्वमा एक समिति नै बनाइएको थियो जसका अन्य सदस्यहरू हुनुहुन्थ्यो - सह प्रा. विमला शर्मा, सह प्रा. कमला ज्ञवाली, उप प्रा. प्रकाश तिवारी र सहायक अम्बरराज ढकाल । वास्तवमा उक्त समितिबाट अंग्रेजी तथा नेपाली कार्यपत्रको सारसंक्षेप तयार पार्ने काम भएको छ । साथै, उक्त समितिकै सदस्य तथा पिण्डेश्वर क्याम्पसका सहायक प्राध्यापक श्री अम्बरराज ढकालबाट तयार पारिएको "अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन २०७५ का उल्लेख्य उपलब्धिहरू" शीर्षकको विश्लेषणात्मक लेखसमेत यसैमा प्रस्तुत गरिएको छ ।

वास्तवमा यस महासम्मेलनका सिलसिलामा प्रस्तुत भएका विचार तथा कार्यपत्रका सारांश यस लगत्तै अग्रस्थानमा नै प्रस्तुत भएका छन् भने परिशिष्ट खण्डमा सबै कार्यपत्रहरू विस्तारमा समावेश गरिएको छ । यसबाहेक राष्ट्रपति विद्यादेवी भण्डारीका विचारप्रस्तुतिको पूर्ण पाठ, राजाराम डा. टोनी नादर र जापानी पूर्व प्रधानमन्त्री डा. योकियो हातोयामाको भिडियो सम्बोधनको पूर्ण विचार, नेपाली सन्त समाजका अध्यक्ष तथा हरिहर सन्यास आश्रम देवघाटधामका श्रध्येय सन्त १००८ स्वामी ज्ञानानन्द सरस्वतीज्यूको सम्बोधन र यस महासम्मेलनका सभाध्यक्ष तथा महर्षि वैदिक फाउण्डेशनका अध्यक्ष श्री दीपकप्रकाश बास्कोटाको अध्यक्षीय सम्बोधनको पूर्णपाठलाई समेत यथावत् रूपमा यो प्रकाशनमा समावेश गरिएको छ । साथसाथै महर्षि महेश योगीद्वारा भाष्य गरिएको अन्तर्राष्ट्रिय आधुनिक अंग्रेजीमा रहेको श्रीमद्भगवद्गीतालाई भावातीत ध्यान तथा सिद्धि प्रशिक्षक श्री माधव अर्यालजीले अथक परिश्रम गरी नेपालीमा अनुवाद गर्नुभएको श्रीमद्भगवदगीता उद्घाटन-सत्रमा नै राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट लोकार्पण गरिएको थियो । तसर्थ त्यसपूर्व श्री अर्यालद्वारा उक्त गीतासम्बन्धी व्यक्त विचारलाई पनि यसमा यथावत् समावेश गरिएको छ । साथै, महर्षिको भगवद्गीता सम्बन्धी मान्यता शीर्षकको लेखसमेत श्री अर्यालजीबाटै लेखिएको लेखलाई पनि यस प्रकाशनमा राखिएको छ । पाठकवृन्द ! महर्षि अभियानको विश्वसन्दर्भमा यसअघि नै यूरोप-अमेरिकामा समेत आधुनिक विज्ञान तथा वैदिक विज्ञान सम्बन्धी संगोष्ठी सम्पन्न भएको जानकारी पाइयो । त्यस क्रममा पहिलोपल्ट यस शीर्षकमा कार्यपत्र प्रस्तुति गर्ने अंग्रेजी कार्यपत्रलाई नेपालीकरण गरी यसमा प्रस्तुत गरिएको छ । सम्भवतः यो प्रकाशनमा समाविष्ट सामग्रीहरू हामी सबैका लागि सङ्ग्रहणीय नै बनिरहनेछन् । महासम्मेलनको विशेष झलकनिम्ति यथास्थानमा तस्वीरहरू राखिएको छ ।

यसर्थ अन्तर्राष्ट्रिय आधुनिक विज्ञान तथा वैदिक विज्ञान महासम्मेलन २०७५ समीक्षात्मक प्रतिवेदनको स्वरूपाङ्ग नै महर्षिसन्देशको यो विशेषाङ्ग बन्न गएको हुनाले महासम्मेलन सम्पन्न भएपछि पाँच जना महासम्मेलनका सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ र त्यसको छुट्टै खण्डमा राखी यसबाट सकेसम्म साङ्गोपाङ्गो सन्देश जान सकोस् भन्ने अपेक्षा राखिएको छ। परिशिष्ट भागमा कार्यपत्रहरूबाहेक सञ्चारजगत्मा प्रकाशित समाचारहरूलाई स्थान दिइएको छ जसमा हिमाल खबर पत्रिकामा प्रकाशित डा. जोन हेग्लिनको अन्तर्वार्ता तथा The Review म्याग्जिनको समाचारसमेत यथावत् राखिएको छ। सन्दर्भवश भन्नुपर्ने हुन्छ - यस महासम्मेलनको सन्दर्भमा आयोजक संस्थाको घोषणापत्र सम्बन्धी विषयवस्तुहरू पनि हामीले यस प्रकाशनमा प्राथमिकतासाथ अगाडि नै समावेश गरेका छौं । जहाँसम्म यस महासम्मेलनमा कार्यपत्र प्रस्तोताहरू के-कस्ता व्यक्तित्वहरू हुनुहुन्थ्यो भन्ने जानकारी लिन चाहने आम पाठकबृन्दका निम्ति सहज उत्तर मिलोस् भनेर उहाँहरूको संक्षिप्त चिनारीसमेत यही प्रकाशनमा राखेका छौं । यो महासम्मेलनसम्बन्धी सामग्री हामी सबैले हेर्न र सुन्न सक्ने गरी हाम्रो Web Page मा यस महासम्मेलनमा सहभागी सम्पूर्ण व्यक्तिहरूको नामावली पनि www.vedicnepalconference.org मा राखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रपतिज्यूबाट महासम्मेलनलाई सम्बोधन

कार्यक्रमका सभापति, महर्षि विश्वविद्यालयका कुलपति, विभिन्न विश्वविद्यालयका उपकुलपतिहरू आयोजक संस्थाका पदाधिकारीहरू तथा सदस्यहरू विश्वविख्यात वैज्ञानिकहरू, सन्तयोगीहरू, समस्त विद्वत गण, राष्ट्रसेवकहरू भद्र महिला तथा सज्जनबृन्दहरू ।

ज्ञान, विज्ञान र दर्शनको उद्गमस्थल एवं पावन भूमि नेपालमा अन्तर्राष्ट्रिय महासम्मेलनको आयोजना भएकोमा खुसी व्यक्त गर्दै आयोजकहरूमा म हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो परम्परामा सनातन धर्म र संस्कृतिको संरक्षण र संबर्द्धन गर्ने प्रचलन रहिआएको सन्दर्भमा वैदिक ज्ञान र आधुनिक विज्ञानका विषयमा विचारविमर्श हुनुलाई मैले विशेष सन्दर्भका रूपमा लिएको छु । खास गरी हाम्रो सनातन चिन्तन परम्पराले पारस्परिक सहिष्णुता, सह–अस्तित्व, शान्ति र विश्वबन्धुत्वको सदैव पक्षपोषण गरिआएको छ । आज पनि विश्व शान्ति र समृद्धि साझा मानवीय आकांक्षा भएकोमा दुई मत हुन सक्दैन तर पनि तितो यथार्थ के छ भने अझै पनि हामीले ती साझा मानवीय आकांक्षालाई सम्मान गर्न र सफल पार्न सकिरहेका छैनौं । हाम्रै छिमेकी मित्रहरूका बीचमा पनि तनाव देखापरेको अवस्थामा शान्तितर्फका प्रयास आवश्यक छन् ।

सनातन चिन्तन महासम्मेलनले यस्ता तनाव घटाउने र शान्ति स्थापनामा योगदान र सहयोग पुऱ्याउनेछ भन्ने कुरामा मैले विश्वास लिएको छु । हाम्रो मौलिक सनातन संस्कृति र वैदिक सनातन ज्ञान विज्ञानको अभिवृद्धिले नेपालको पहिचानलाई विश्वस्तरमा समेत प्रकट गर्दछ । यस्ता कार्यक्रमहरूको आयोजनाबाट सांस्कृतिक धार्मिक पर्यटनप्रति विश्वको आकर्षण बढ्नुका साथै आन्तरिक सद्भाव समझदारी, एकता र शान्तिको अभिवृद्धिमा योगदान पुऱ्याउनेछ भन्ने पनि मैले विश्वास लिएको छु । संस्कृत प्राचीनतम भाषाका अतिरिक्त कतिपय भाषाको जननी र ज्ञान एवं वैदिक ज्ञानको भण्डार हो । यही भाषाका प्राचीन ग्रन्थहरूमा हाम्रा पूर्खाले आर्जन गरेका ज्ञान र विज्ञानका कतिपय उपलब्धिहरू समाविष्ट भएका छन् । सार्वजनिक जानकारीमा आउन नसकेका यस्ता कतिपय उपलब्धिहरूलाई परिचित गराउने विषयमा समेत

महासम्मेलनको ध्यान जाने मैले विश्वास लिएको छु । मुलुकको सर्वाङ्गिण विकासको एक आयाम धर्म-संस्कृतिको संरक्षण र सम्बर्द्धन पनि हो । सामाजिक तथा सांस्कृतिक सहिष्णुता र सद्भावलाई थप सुदृढ पार्दै देशको गौरवशाली मौलिक पहिचानको जगेर्ना गर्नु हाम्रो दायित्व हो । हाम्रो देश राजनीतिक स्थायित्व र दिगो शान्तिका साथ समृद्ध नेपाल निर्माण गर्ने दिशामा अग्रसर भएको छ । प्राकृतिक सम्पदाको सदुपयोग गर्दै कृषि, उद्योग, पर्यटन प्रवर्द्धन र औद्योगिकीकरणमा ध्यान दिनुपर्दछ भन्ने मलाई लागेको छ । नेपालले अघि सारेको समृद्ध नेपाल सुखी नेपालीको अभियानमा यस सम्मेलनले निकालेको वैज्ञानिक निष्कर्षले सहयोगी भूमिका खेल्न सक्ने मैले विश्वास लिएकी छु । परापूर्व कालदेखि नै स्वतन्त्र र स्वाधीन रहँदैआएको देवभूमि तपोभूमि नेपाल प्राकृतिक सौन्दर्य र विविधताले परिपूर्ण मुलुक हो । सामाजिक विविधता, भौगोलिक अखण्डता र धार्मिक सहिष्णुता हाम्रो समाजको विशिष्ठता हो । यस्तो मुलुकमा महर्षि वैदिक फाउण्डेशनद्वारा सञ्चालन हुँदै आएका भावातीत ध्यान, चेतनामा आधारित शिक्षा, महर्षि वैदिक वास्तु, महर्षि वैदिक जैविक कृषि, महर्षि स्वास्थ्यका क्षेत्रमा भैरहेको गतिविधिहरूले मुलुकको शान्ति र समृद्धिमा योगदान पुऱ्याउने पनि मैले विश्वास लिएको छु । म यस्ता सम्मेलनहरूको आयोजनाबाट प्राप्त उपलब्धिहरू उजागर गर्न मद्दत पुगोस् भन्ने चाहन्छु ।

अन्त्यमा वैदिक विज्ञान एवं आधुनिक विज्ञान महासम्मेलनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाराम डा. टोनी नेडरको सन्देश

सम्पूर्ण उपस्थित महानुभावलाई मेरो अभिवादन र वेद एवं वैदिक साहित्यको भूमि, जनकको देश नेपालभूमिलाई पोषण गर्ने, आत्मसंसिद्धि प्राप्त गरेका दिव्य माताहरूको भूमिमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूप्रति म गहिरो सम्मानका साथ आज यस कार्यक्रममा उपस्थित भइदिनुभएकोमा म उहाँप्रति आभार प्रकट गर्दछु।

सम्पूर्ण विश्वका निम्ति नै चम्किलो प्रकाशका रूपमा रहेको विद्वान्हरूको महान् ज्ञानभूमि नेपाललाई महर्षिले अत्यन्त मन पराउनुभएको थियो। अहिले श्री विद्या देवी भण्डारीको शुभ समुद्घाटनबाट हामीले मातृत्वको शक्ति अन्दाज गर्न सक्छौँ। उहाँको अभिभावकीय शक्तिले पूरै विश्वलाई आशिर्वाद दिएको छ। आज म यो महासम्मेलन आयोजना गर्ने यसका महान् व्यवस्थापकहरूलाई धन्यवाद दिन चाहन्छु र यो ज्ञान प्रवाहका निम्ति विश्वका १९१ मुलुकहरूका भएका हाम्रा सँस्थाहरूका तर्फबाट सम्पूर्ण सहयोग प्रदान गर्नेछु। म उनीहरू सबैलाई धन्यवाद दिन्छु।

हामीले छलफल गर्दै आइरहेको र हामीसँग भएको यो ज्ञानलाई यस सम्मेलनका अवसरमा अत्यन्त गहिराइबाट वैज्ञानिक तवरमा प्रकाशमा ल्याइने भएकोले यो महासम्मेलन आयोजना गर्ने हाम्रा सम्पूर्ण अन्तर्राष्ट्रिय स्तरमा कार्यरत नेतृत्ववर्ग एवं दीपकज्यूलाई यो कार्यक्रमको आयोजना गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु।

अत्यन्त मौलिक, अत्यन्त सूक्ष्म, अमूर्त विशुद्ध सत्ता, विशुद्ध आत्मसत्तादेखि लिएर स्थूल भौतिक जीवनको जुन ज्ञान हामीले हासिल गरेका छौँ, हामीले वैदिक परम्पराबाट प्राप्त गरेको ज्ञान थियो र नेपालले यसको नेतृत्व गरेको छ। नेपाल यसको महान् संरक्षक हो। आजै छलफल गर्न लागिएअनुसार, यो ज्ञानलाई वैज्ञानिक दृष्टिकोणबाट व्याख्या गरिएकोले यसको गरिमालाई हामी देख्न सक्छौँ र यसलाई अझ विस्तारपूर्वक यस सम्मेलनमा प्रकाश पारिनेछ। व्यक्तिगत चेतना, व्यक्तिगत संभाव्यता, मन, शरीर, व्यवहार र समाज र सिंगो मुलुकको हरेक स्तरलाई पूर्ण रूपमा विकसित तुल्याउनका लागि, जीवनको हरेक क्षेत्रको विकासका लागि यस ज्ञानको उल्लेखनीयता रहेको छ। यसबाट व्यक्ति र समाजलाई अजेय बनाउने ज्ञान हामी हासिल गर्न सक्छौँ।

नेपालले प्राप्त गरेको यो वास्तविक ज्ञान नेपालको धरोहर हो र महर्षिले विश्वलाई नै समृद्ध तुल्याउन सक्ने चम्किलो प्रकाशका रूपमा नेपाललाई देख्नुभएको थियो।

यस ज्ञानको सैद्धान्तिक पक्ष आधुनिक विज्ञानका अन्वेषण अनुसार हरेक क्षेत्रका निम्ति पूर्ण रहेको छ। यसको व्यावहारिक पक्ष, यसको अभ्यास अत्यन्त क्रमबद्ध, विश्वसनीय र निरन्तर अभ्यास गर्न सकिने भएकाले अन्य कार अथवा हवाई विज्ञानहरू जस्तै छ जसबाट मानिसहरू आरामपूर्वक शिघ्र यात्रा गर्न सक्छन्। यो पनि यस्तै विज्ञान भएकाले जीवनका सम्पूर्ण पक्षहरूको विकास, पूर्णताका लागि सम्पूर्ण जीवन शैलीहरू एवं विश्वास बोकेका मानिसहरूको विकासका लागि व्यावहारिक रहेको छ।

तसर्थ यो ज्ञान शारीरिक, बौद्धिक, भौतिक एवं आध्यात्मिक हो। साथै, मनोवैज्ञानिक एवं दार्शनिक पनि हो तर चेतना र जागृतिको सूक्ष्म अमूर्त स्तरका अव्यक्त अथवा मूर्त अभिव्यक्तिका स्तरहरू सबैमा लागू गर्न सकिने अत्यन्त व्यावहारिक एवं प्रायोगिक ज्ञान हो।

यहाँ सँगै उपस्थित सबैलाई म बधाई दिन चाहन्छु। यो ज्ञान विश्वका विद्यमान विज्ञानका हस्तीहरू एवं नेतृत्ववर्गका प्रत्यक्ष उपस्थितिमा भव्य रूपमा उजागर हुनेछ र म यहाँहरूसमक्ष यस भव्य सम्मेलनको उद्घाटन सत्रदेखि नै आबद्ध हुन पाउँदा अत्यन्त आनन्दित एवं गौरवान्वित भएको छु।

यो कार्यक्रमको आयोजना गर्नुभएका यहाँहरू सबैलाई धन्यवाद। नेपाल अब हाम्रा सम्पूर्ण विश्व परिवारहरूमाझ विस्तारित, विकसित एवं सहभागी भएको छ र हामी नेपालले आफ्नो गहन ज्ञानका आधारमा विश्वलाई यसको पूर्णतामा विकसित बनाउन सक्षम भएको देख्न चाहन्छौँ।

सबै गुरुहरूको जय होस्, महर्षिको जय होस्, गुरु ब्रह्मानन्द सरस्वतीको जय होस्, वैदिक गुरु परम्पराको जय होस् र नेपालका सम्पूर्ण गुरुहरूको जय होस्। श्री सम्माननीय विद्यादेवी भण्डारीज्यूप्रति हाम्रो स्नेहमयी विनम्र आदरभाव प्रकट गर्न चाहन्छौँ। जय गुरुदेव।

 संसारमा मनलाई कोही चाहँदैनन्,तन र धन मात्र सबैले चाहन्छन्। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी ज्ञानानन्द सरस्वतीज्यूको मन्तव्य



श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती
अध्यक्ष, नेपाल सन्त समाज

नेपाल महर्षि वैदिक फाउण्डेशनद्वारा आयोजित वैदिक विज्ञान तथा आधुनिक विज्ञान अन्तर्राष्ट्रिय महासम्मेलन उद्घाटन सत्रका सभापतिज्यू, प्रमुख अतिथिज्यू, मञ्चस्थ सन्त चरण, यस पुनीत समारोहमा देश-विदेशबाट उपस्थित हुनुभएका महनीय व्यक्तित्वहरू संमुपस्थ सनातन वैदिक धर्मका समुपासक मातृशक्ति एवं पुरुष महानुभावहरू ! सर्वप्रथम नेपाल सन्त समाजको तर्फबाट एवं हरिहर सन्यास आश्रम देवघाटद्वारा सञ्चालित परमानन्द सरस्वती गुरुकुलम् देवघाटधाम त्यस्तै समस्त नेपालमा रहेको गुरुकुलम्हरूको तर्फबाट यो त्रिदिवसीय महासम्मेलनको आशातीत सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । खुशीको कुरा मलाई आज बडो आनन्द लागेको छ। वैदिक विज्ञान र आधुनिक विज्ञान यो दुईको संमिश्रण हुनु अत्यन्त आवश्यक छ । वैदिक विज्ञानको जननी आधुनिक विज्ञान हो कि, आधुनिक विज्ञानको जननी वैदिक विज्ञान हो ? यो विषयमा अत्यन्त छलफल गरेर बुझ्नु आवश्यक छ। ज्ञानार्थक 'विद्' धातुबाट वेद शब्दको निष्पत्ति हुन्छ। यो हामीले बुझ्नुपर्दछ, वेद त्यस्तो ज्ञानभण्डार हो । लौकिक - अलौकिक इन्द्रियातीत वस्तुहरूको पनि बोध जसले गराउँदछ, त्यसको नाम वेद हो । वेदको विषयमा हामीले अनुसन्धान गरेका छैनौं । हामीले पढ्दैनौं, रट्दैनौं, बुझ्ने कोशिस गर्दैनौं, त्यही भएर वेद उपेक्षित छ आज। नेपालमा पाश्चात्य मुलुकका विद्वान्हरू, दार्शनिकहरूले वेदको विषयमा धेरै अनुसन्धानहरू गरिसक्नुभएको छ जसको उदाहरण आज यो सभामा यहाँहरू सबैले देखिरहनुभएको छ । यी उज्याला चेहराहरू वेदका अनुसन्धान गरेका चेहराहरू यो गरिमायुक्त समारोहमा विदेशबाट वेदको अध्ययन गरेर वेदलाई हृदयङ्गमन गरेर नेपालमा आउनुभएका यी अतिथिज्यूहरूलाई यो ज्ञानभूमि, साधनाभूमि, राजर्षि जनक नन्दिनीभूमि र वेदभूमिमा म हृदयतः नेपाल सन्त समाजको तर्फबाट स्वागत अभिनन्दन गर्न चाहन्छु। वेदभित्र के चिज छैन ? सबै चिज छ। हामी सबैले बुझ्नुपर्दछ, हामीसँग ठूलो सम्पत्ति छ । हामी धेरै धनाढ्य छौं । हामीले सम्पत्ति भनेर बाहिरको एउटा भौतिक सम्पदालाई मात्र हेरेका छौं । भित्रतर्फ फर्कन जानेका छैनौं । त्यो कोशिश हामीले गरेका छैनौं । वेद भन्ने त्यस्तो चिज हो, विश्व ब्रह्माण्डलाई परिचालन गर्ने विशेष प्रकारको अपरिवर्तनीय संविधान हो भन्ने सम्बन्धमा कुनै विमति छैन । यो अपरिवर्तनीय संविधान हो । सारा प्राणीलाई नियमन गर्ने, नीति-निर्देशन गर्ने श्रृष्टिलाई सुन्दर, सभ्य र भव्य रूपले परिचालन गर्ने विशेष प्रकारको शक्ति संविधान हो यो । यदि वेद संविधानलाई स्वीकार गर्ने र अगाडि बढ्दा झैं-झगडा वैमनस्यता, माता-पिता, पिता-पुत्र, पति-पत्नी एक-आपसमा जुन कलह देखिएको छ, मारामार पिटापिट देखिरहेको छ, यो सम्पूर्णको अन्त्य भएर जानेछ । यदि वेदको विषयमा विचार गर्न सक्यौं भने हामी धेरै पछि छौं । आज कताकता मलाई अप्ठ्यारो पनि लागेको छ । आज वेदको मन्थन गरेर वेदको उद्गमभूमि नेपाल हो भन्दै उहाँहरू यहाँ आइरहनुभएको छ। हामी यहाँका व्यक्तिहरू कता भागिरहेका छौं ! त्यो दुर्भाग्य हो । हामीले हाम्रो सम्पदा चिन्न सकेनौं । जान्न सकेनौं । बुझ्न सकेनौं । अत्यन्त दुःखी भएर ग्लानियुक्त हृदयलाई लिएर आज हामी बाँचिराखेका छौं । त्यसैले हामीले यो वेदका विषयमा अवश्य नै बुझ्नुपर्दछ। यो वेद विश्वलाई नीति निर्देशन गर्ने संविधान हो भन्नेकुरा **तेने ब्रह्म मुदा य आदिकवये मुह्यन्ति यत् सूरयः** यो पदमा आएको छ। भगवान् ब्रह्माजीलाई वेदरूपी संविधान प्रदान गर्दै वेदानुकूलीन श्रृष्टिको रचना गर्नुहोस् भनेर यसरी भगवान् नारायणले वेदलाई प्रदान गर्नुभएको हो । वेदलाई स्वीकार गरेर गयौं, मन्थन गर्दै गयौं । वेदका १, १ कण्डीकाहरूलाई रट्न सक्यौं, साधना गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्यौं भने अवश्य नै हामी सुखी हुन्छौं भन्ने हामीले अनुभूति गरेका छौ । यो छोटो समयमा धेरै मैले प्रस्तुत गर्न सक्दिन र वेद निर्जीव वस्तु होइन, सजीव वस्तु हो । कण्ठस्थ गरेर मात्र पुग्दैन, यसलाई साधना गर्नुपर्ने हो । हाम्रा ऋषि-महर्षिहरूले आकाशतिर फर्केर आकासबाट दोहन गरेको विषयवस्तु वेद हो ।

यसलाई अपौरुषेय भनिन्छ । **धर्मब्रह्मोभयप्रतिपादकमपौरुषेयवाक्यं वेदः** भनेर दार्शनिकहरूले वेदको विषयमा यसरी विवेचना गरेका छन् । धर्म र ब्रह्मको प्रतिपादन गर्ने कुनै पुरुष विशेषद्वारा निर्माण नगरिएको वाक्य वा ग्रन्थलाई वेद भनिन्छ । यसभित्र ठूलो खजाना-सम्पदा छ । यो अब रटेको भरमा मात्र हामीले सुखद् अनुभूति गर्न सक्दैनौं र सबैले सुखद् अनुभूति गराउन पनि सक्दैनौं । यो साधनाको आधारमा सिद्ध गर्ने वस्तु भएकोले वेदसाधना, साध्यवस्तु हो भन्नेकुरामा कुनै द्विमत छैन । यसमा ठूलो साधना छ । ऋषिमुनि-महर्षिहरूले यही वेदलाई साधनाको रूपमा हृदयांगम गरे । त्रिकालदर्शी बने । अहिलेसम्म ती ऋषिमुनि-महर्षिका उक्तिहरू आज जीवित छन्, जिउँदा छन् । तिनले भनेको मान्दा सुखी भइन्छ । नमान्दा दुखी भइन्छ । त्यसैले अब यो वेद एउटा अपौरषीय हो । विशेष प्रकारको सम्पत्ति हो । यो महान् धन नेपालमा छ । हिमालयको काखमा छ । कृष्ण गंगाजी जस्ताको तटमा छ । यी तटमा रहेका ऋषिमुनि-महर्षिहरूले साक्षात्कार गरेको विषयवस्तु हो भनेर मात्र पुग्दैन । यसलाई पढ्नुपर्छ, रट्नुपर्छ र जान्नुपर्दछ । बाहिरबाट आएको दार्शनिकहरूले यो वेदको जन्मभूमि नेपाल हो भन्दिरहने हामी यस्तो उद्गमभूमिमा बसेका रहेछौं भनेर मख्ख पर्ने तर खानपिन, स्वभाव नसुधार्ने, संस्कार पनि नसुधार्ने र आफ्नो अध्ययन-अध्यापन शैलीलाई पनि नसुधार्ने हो भने हामी नेपालका व्यक्ति हौं, वेदको उद्गमभूमिका व्यक्ति हौं भनेर गर्व गर्दै हिंडेर के फाइदा भयो ? शब्दको औषधिले कहिले पनि रोग निको हुन सक्दैन । शब्दको अन्नले कहिले पनि क्षुधा निवृत्ति हुन सक्दैन । त्यसलाई पालना गर्नुपर्दछ । त्यसैले यी सजीव मन्त्रहरू अध्ययन गरेर साधना गर्नुपर्दछ। हेर्नुहोस् एक जना योगीले कति ठूलो काम गर्नुभयो । महर्षि महेश योगीले ध्यानद्वारा त्यसलाई चिन्नुभयो । उहाँले रटेर-पढेरमात्र यो वेदको यति ठूलो प्रचार गर्नुभएको जस्तो मलाई लाग्दैन । उहाँले ध्यान गरेर समाधि अवस्थामा अमूर्त वेदलाई मूर्त रूपमा ल्याउनुभयो र आफ्नो समग्र जीवन वेदको प्रचार-प्रसारमा लगाउनुभयो । कति ठूलो कुरा हेर्नुहोस् । उहाँले त्यहाँबाट ध्यान निकाल्नुभयो । ध्यान के का लागि ? भावातीत ध्यानका लागि । जब-जब हामी बहिर्मुखी हुन्छौं । हाम्रा इन्द्रिय स्थानी भनेर कठोपनिषद्मा आउँछ । यी ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरूले मनलाई अपकर्षण गरेर संसाररूपी ज्वालारूपी खाल्डोमा खिचिरहेका छन् । जबसम्म हर व्यक्तिको मन दिनमा १ घण्टा अन्तर्मुखी हुन सक्दैन, भित्रतिर फर्कन सक्दैन तबसम्म कदापि शान्ति हुन सक्दैन । जीवनमा आइपर्ने ठूलाठूला समस्याहरूको समाधान पनि कदापि हुन सक्दैन । जीवनमा आइपर्ने ठूलाठूला समस्याहरूको समाधान गर्नको लागि नै यस्ता महर्षिहरूले भावातीत ध्यानलाई प्रचारप्रसार गर्नुभएको हो । यो शीर्षक ल्याइदिनुभएको छ । हामी भित्रतिर फर्कन जान्नुपर्दछ - चाहे त्यो राजनीतिक समस्या होस्, चाहे अन्य भौतिक समस्याहरू हुन्, चाहे दैनिक समस्याहरू हुन, चाहे पारिवारिक समस्या हुन् । एक न एक समस्या नभएको व्यक्ति सायद यो श्रृष्टिमा कोही पनि नहोला । त्यो समस्यासँग युद्ध गर्न सक्ने क्षमता (खुबी) हामीले तयार गर्नुपर्दछ । के को आधारमा भने ध्यानको आधारमा । वेदको अध्ययन गरेर वेदभित्र रहेको जुन विशेष प्रकारको शक्ति छ, त्यो शक्तिको आधारमा यी आइपरेका समस्या जो छन्, ती समस्यासँग अवश्य नै युद्ध गर्न सकिन्छ । तत्काल समाधान भएर जान्छ । आज तपाईंहरू सबैलाई थाहा छ । आजको विश्वमा व्यक्तिले छोटो समस्या आयो भने तत्काल यति छिटो निर्णय गरेको हुन्छ । त्यो निर्णय हो आत्महत्या । छोटो समस्या आयो भने समाधान गर्दैन किनभने ऊ भित्र फर्कन सकेको छैन । अन्तर आत्मासँग सम्बन्ध उपस्थापित गरेको छैन । भौतिक पदार्थमात्र हेरेको छ । संसारमात्र हेरेको छ । यसैलाई नै साध्य सम्झिराखेको छ जसको कारणले संसारलाई साध्य ठानेको छ । त्यो साध्य वस्तुमा छोटोमोटो विकास वा विकृति आयो भनेदेखि समाधान गर्न सक्दैन र तत्काल यति छिटो निर्णय गर्दछ कि आत्महत्या । त्योसँग युद्ध गरेर, परामर्श गरेर त्यसमाथि विजय हासिल गरेर आफू सर्वश्रेष्ठ आसनमा आरुढ हुन त्यो व्यक्ति सक्दैन । त्यसैले वेदमा कर्मको पाटो छ । वेदमा ज्ञानको पाटो छ । वेदमा ध्यानको पाटो छ । विभिन्न प्रकारका योग्यता-अनुसारका साधनहरू भएकोले

आफ्ना लागि योग्य, शास्त्रानुसार कर्म नै यस्तो कार्य हो । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो वेद अत्यन्त पठनीय छ। वेदलाई प्रचार - प्रसार सबैले गर्नुपर्दछ। अब हामी त साधु-महात्मा सदा-सर्वदा वेदको प्रचार-प्रसारको लागि समर्पित नै छौं। गुरुकूल खोलेका छौं। हजारौंजना विद्यार्थीहरूलाई गुरुकूलका माध्यमले शिक्षा-दिक्षा दिएका छौं। तपाईहरू सबै पनि ती गुरुकूलमूलाई सहयोग गर्दै, ती गुरुकूलमूलाई अगाडि बढाउँदै अनि आफू बुढापाकाहरू पनि गएर ती विद्यार्थीका पंक्तिमा गएर वेदको विषयमा अध्ययन गरेर ज्ञान र विज्ञान के हो भन्ने विषयमा जानेर बाँच्नुपर्दछ। यसरी बाँचियो भने जीवन अत्यन्त सुखी हुन्छ। नत्र भने हामी गरिमायुक्त नेपालमा जन्मिएका छौं। यो ऋषि भूमिमा जन्मेका छौ। मुनि भूमिमा जन्मेका छौं। हामी अत्यन्त भाग्यशाली छौं भनेर यो यसरी जन्मिदामात्र कुनै पनि व्यक्ति भाग्यशाली हुँदैन। आफ्नो भाग्यलाई जान्नुपर्दछ, चिन्नुपर्दछ। भाग्यलाई जान्न र चिन्नको लागि सबैभन्दा ठूलो उपाय भनेको वेद हो। वेदद्वारा प्रतिपादित धर्म हो, संस्कृति र सभ्यता हो। अहिले भरखरै खानपानका कुराहरू आए। आयुर्वेदका कुराहरू आए, शरीरलाई कसरी परिचालन गर्ने भन्ने कुराहरू आए, जीवन नै रुग्ण भयो, शरीर नै अस्वस्थ्य भयो भने कुन व्यक्तिले के-के गर्न सक्छ ? वेदले ध्यानमात्र भन्दैन, सर्वप्रथम तिम्रो शरीरलाई ठिक गर, इन्द्रिय ठिक गर। यी दुवैलाई ठिक गर्न खानपान ठिक गर। खानपानमात्र नभएर बोली, भाषा पनि ठिक गर। वाणीमा मधुरता होस्। **सत्यम् ब्रूयात् प्रियं ब्रूयात् न ब्रूयात् सत्यम् अप्रियम्** जस्ता वाक्यहरूलाई प्रयोग गर्दै व्यवहार अत्यन्तै उर्जा बनाउँदै भित्रतिर फर्केर सबै समाजलाई अध्यात्मनिम्ति निर्देशन गर्दै गयौं भने अवश्य नै हामी सबै सुखी हुन्छौं। अब यो ज्ञान र विज्ञानले के गर्दछ ? ज्ञानले के गर्दछ। यो उभय सम्बन्ध कसरी हुन सक्दछ भन्ने सम्बन्धमा अब बाँकी यो सम्मेलनको २ दिन अवश्य नै छलफल हुन्छ। मलाई भरतजीले भन्नुभएको छ - ठूला-ठूला विद्वान् वैज्ञानिकहरू आउनुभएको छ। ठूलो छलफल हुन सक्दछ। सबै त्यसमा समावेश हुनुपर्दछ। उहाँहरूका विचारहरू हामीले सुन्नुपर्दछ। मैले पनि विचार गरेको छु। मैले पनि ३ दिनको सम्मेलन नछुटाउने विचार गरेको छु। मैले पनि सुन्नुपर्दछ। आएर म सुन्नेछु। तपाईहरू सबै आएर सुन्नुपर्दछ। वेद वेद भन्यो, कसैले वेदका शब्द सुन्नै नचाहने। के हो त वेद ? वेद विज्ञान भनेको के हो त ? यस्ता महर्षि जस्ता योगीले वेद विज्ञान भनेर चिनाए। के तिनले खोपडी खुस्केका त होइनन् वा केही अनुसन्धान गरेका छन्। केही न केही होला। यदि उनका दिमागनै खुस्किएको हो भने यस्ता-यस्ता उज्याला चेहराका वैज्ञानिकहरू किन पछाडि लागे ? अनुसन्धान गर्नुपर्दछ। हैन ठिक हो भने उहाँहरूको हामी पनि पक्षधर हुनुपर्दछ।

सबै संस्था र बाहिरबाट आएका आयातीत धर्मलाई म विश्वास गर्दिन। विश्वास गर्न पनि हामीले सक्दैनौं। विश्वास गर्न पनि हुँदैन। स्वघोषित भगवान् हुँदै आएका शास्त्रवालालाई हामीले मान्दैनौं। स्वयं गुरु कहलाउँदै आएका स्वयं आचार्य कहलाउँदै आएका व्यक्तिलाई हामीले मान्दैनौं। त्यति छिटो परन्तु महेश योगी यो महर्षि फाउण्डेशनद्वारा विभिन्न कार्यक्रमहरू ल्याइएका छन्। यो संस्था अत्यन्त आधिकारिक संस्था हो भन्नेकुरा मैले पहिलेदेखि भन्दै आएको छु। यो संस्थाको पछाडि लाग्दा काम लाग्छ, राम्रो हुन्छ। ज्ञान साझा हो। वेद साझा हो। मलाई एउटा कुरो मन परेको महेश योगीले आफूलाई कहिले पनि भगवान् कहलाउनुभएन गुरु हुँ पनि भन्नुभएन, मलाई पूजा गर पनि भन्नुभएन, मेरो गोडाका पानी खाऊ पनि भन्नुभएन। अहिलेका स्वघोषित भगवान् र गुरु आए भने पहिले गोडा पसारी दिन्छन् र मेरो गोडाको पानी खाऊ, तिमी सिद्ध हुन्छौ भनेर भनिदिन्छन्। त्यस्ता संस्थालाई हामी मान्दैनौं। म नेपाल सन्त समाजको अध्यक्षका हैसियतले ती आयातीत अवैदिक आफूलाई पूजा गराउन आएका आफै पूज्य बन्न आएका शास्त्रीय मर्यादाको घेरादेखि बाहिर रहेका जति पनि संस्था छन्, ती संस्थाले आमन्त्रण गरेमा म जाँदिन र सन्त समाजलाई पनि पठाउँदिन। यो संस्था अत्यन्त वैदिक भएकोले र मानव जीवनमा जुन खजाना चाहिने हो, त्यो खजाना दिन अत्यन्त दक्ष र सबल भएकोले यसलाई हामीले अपनाउनुपर्दछ किनकि वेद साझा हो र ज्ञान र विज्ञानको विचारहरू अत्यन्त साझा भएकाले यो भूमि, यो माटोमा रहेका हामी सबैले यो बुझ्नु अत्यन्त जरुरी छ। यिनै शब्दावली र वाणीका साथमा मेरा शब्दावली अन्त्य गर्न चाहन्छु। हरि ॐ तत्सत्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्राष्ट्रिय वैदिक विज्ञान र आधुनिक विज्ञान महासम्मेलनलाई सम्बोधन

डा. योकियो हातोयामा
पूर्व प्रधानमन्त्री, जापान

सम्मानानीय विद्यादेवी भण्डारीज्यू, राष्ट्रपति नेपाल सरकार, महान् राष्ट्र नेपालका महान् नेताहरू, विश्वका सबै देशका प्रमुखहरू, संसारभरिका अतिथिहरू तथा महिला तथा सज्जनबृन्द !

नेपालमा यस अन्तर्राष्ट्रिय सम्मेलनमा बोल्ने अवसर प्राप्त भएकोमा यो मेरो लागि महान् सम्मान तथा खुशी हो, जसले भगवान् बुद्धलाई (मानवजातिलाई) हजारौं वर्षदेखि सम्मान दिएको छ !

म नेपाल सरकारका राष्ट्रपति सम्मानानीय विद्यादेवी भण्डारीज्यूप्रति विशेष कृतज्ञता व्यक्त गर्न चाहन्छु। डा. टोनी नादर, डा. बेभेन मोरिस, डा. जोन हेग्लिन, डा. किंग्सले ब्रुक्सजी, डा. होज लुइस, नेपाल महर्षि फाउण्डेशनका श्री दीपकप्रकाश बास्कोटा र विश्वव्यापी भावातीत ध्यान अभियानका महान् नेता जो आफूलाई भावातीत ध्यानको माध्यमबाट विश्व शान्तिको निर्माणको लागि समर्पित गरिरहनुभएको छ।

मेरी श्रीमती मियाकी, मेरो छोरो कीइचिरो र म भावातीत ध्यानको खुबै शौखिन छौं । भावातीत ध्यानको महान् ज्ञानको कारण हामी वर्षौंदेखि एक असाधारण सुखी पारिवारिक जीवन बिताइरहेका छौं । हामी यो अद्भुत उपहारको लागि भित्रैदेखि आभारी छौं ।

शान्ति र आनन्दको आधारमा मेरो परिवारले यो अभ्यासबाट धेरै पाएको छ । म संसारको लागि शान्ति र आनन्दमा योगदान दिन अझ बढी दृढ भएको महसूस गर्दछु। वास्तवमा मैले त्यस दिशामा जानको लागि आफ्नो पूर्ण शक्तिका साथ सबै काम गर्ने प्रतिज्ञा गर्दछु ।

रेकर्ड गरिएको इतिहासको शुरुवातदेखि हाम्रा पुर्खाहरूले शान्ति, खुशी र समृद्धिबाट सम्पूर्ण संसारलाई महसूस गर्न ठूलो प्रयास गरिरहेका छन् । यसको बावजुद, हाम्रो इतिहास संघर्ष र युद्धलाई दोहोऱ्याइरहेको छ । अहिलेसम्म पृथ्वीबाट परमाणु हतियारहरू ध्वस्त भएका छैनन् । आतंकवाद सबैतिर रहेको छ र हालै, साइबर आतंकवादको खतरा पनि बढेको छ ।

मानवजातिको सबै व्यक्तिहरूको आकांक्षा शान्तिको खोजी अझै पनि बाँकी छ ।

लगभग ४०० ईसापूर्वतिर एक प्राचीन चिनियाँ विचारक मो-जाइले पुण्यको व्याख्या गरेका थिए, "भाइचारा" को दर्शन, अर्थात्, 'मित्रता र प्रेम' को दर्शन, कुनै भेदभावविनाको शिक्षा, उनले जोड दिएर भनेका थिए, यदि मान्छेले जसरी उसले आफैसँग प्रेम गर्छ, त्यसरी नै अरूसँग प्रेम गर्न सक्यो भने कुनै पनि युद्ध हुनेछैन ।

अनगिन्ती पिढीपछि रिचर्ड निकोलस वान काडेन होव-कल्गार्गी, एक अस्ट्रियाली जसको आमा जापानी थिइन्, ले २० औं शताब्दीको पहिलो मध्यबाट "भाइचारा" को महत्त्वलाई बढावा दिए। उनले स्वतंत्रता र समानताको बीच एक पुलको रूपमा भाइचाराको विचारलाई व्याख्या गरे ।

भाइचाराका सिद्धांतहरूमा निहित, काडेनहोव-कालगर्ली प्यान-यूरोपियनवादको अधिवक्ता बने । त्यो सोच पछि गएर द्वितीय विश्व युद्धपछि यूरोपीय कोयला र इस्पात समुदायको निर्माणको लागि आधार बन्यो । यो बिस्तारै अन्य क्षेत्रहरूमा फैलिएको छ, जसलाई "एंटीवार समुदाय" भन्न सकिन्छ। अन्ततः धेरै मोड र घुम्तीपछि यस अभियानले 'यूरोपीय संघ'को ऐतिहासिक शुभारंभ गऱ्यो ।

आज हामीले विश्व राजनीतिको अवस्था हेर्दा 'भाइचारा' अत्यन्त महत्त्वपूर्ण छ । भाइचारा, अत्यधिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारभूत शब्दमा, एक विचारधारा हो जसमा दुई मुख्य अवधारणाहरू सम्मिलित छन् । एकतर्फ स्वतंत्रता र अर्कोतर्फ सह-अस्तित्व, भाइचारा । अर्को शब्दमा, आत्म-सम्मानको लागि सम्मानको मिश्रण हो र अरूको सम्मान हो । भाइचाराको यो भावना मान्छेहरूको बीच विभिन्न राष्ट्रहरूका बीच, विभिन्न क्षेत्रहरूको बीच तथा मानव र मातृ प्रकृतिबीचको सम्बन्ध छ।

भाइचाराको यो भावनाको आधारमा, मेरो सपना "पूर्वी एशियाली समुदाय" को स्थापनामा मद्दत गर्नु हो पूर्वी एशियामा युद्ध त्याग्नका लागि एकजुट प्रयासको एक प्रतीक।

मलाई साँच्चिकै विश्वास छ कि पूर्वी एशियाली समुदायको दृष्टिबाट असहिष्णुता र अराष्ट्रवादको उदयलाई रोक्नको लागि अत्यन्त रचनात्मक हुनेछ, कतिपय क्षेत्रीय समुदायहरूको माध्यमबाट वैश्विक मानचित्रलाई फेरि संगठित गर्नु छ, जुन मैले दृढ़ विश्वासका साथ वकालत गर्दछु।

यद्यपि यूरोपीय युनियनबाट ब्रिटेनको बहिर्गमनसहित विभिन्न समस्याहरू छन्, वास्तवमा यूरोपीय युनियन पहिलदेखि नै ऐतिहासिक दृष्टिकोणबाट एक युद्धविरोधी समुदायका रूपमा कार्य गर्दै आएको छ । सही ढंगबाट उपयुक्त कार्य गर्नका लागि, एक समुदाय संभव भएसम्म लचिलो र खुल्ला हुनुपर्छ साथै वातावरणमा तनावको स्तर यथासम्भव कम हुनुपर्छ ताकि तनाव र असामन्जस्यता उत्पन्न नहोस् र समुदायहरूबीचको भाइचारामा पोषण मिलोस्।

प्रख्यात महर्षि महेश योगीले प्रकाश पार्नुभएको छ र हामीलाई सम्झाउनुभएको छ कि ब्रह्माण्डको सबै चीजहरूले परस्पर, एक-आपसलाई प्रभाव पार्दछन् । उहाँ भन्नुहुन्छ, शान्त व्यक्तिहरूले आफ्नो परिवारमा शान्ति ल्याउँछन्, आफ्नो देशमा शान्ति ल्याउँछन् र अन्ततः विश्व शान्ति स्थापनालाई साकार बनाउन योगदान दिन्छन् । मलाई के विश्वास छ भने यसको सिकाइले अधिकतम भाइचाराको सम्बन्ध अभिवृद्धि गर्दछ जसलाई मैले समर्थन गर्दछु । महर्षिज्यूको विश्व शान्तिका लागि ठोस, सरल तथा शान्तिपूर्ण बाटोबाट म निकै प्रभावित छु । कहिल्यै पनि सैनिक तागतले विश्व शान्ति आउँदैन भन्ने स्वाभाविक रूपमा उहाँको दृढ विश्वास थियो । बरू उहाँले भन्नुहुन्थ्यो, शान्तिको लागि सत्यपथ नै अन्य सृजनात्मक तथा अहिंसाका अतिरिक्त भावातीत ध्यान तथा भावातीत ध्यान सिद्धिको अभ्यासमा निहित हुन्छ।

भावातीत ध्यानको व्यक्तिगत अभ्यासले हामी शारीरिक तथा मानसिक तनावभन्दा माथि उठ्दछौं । भावातीत ध्यानको सामूहिक अभ्यासले सम्पूर्ण राष्ट्रको सामूहिक चेतनामा रहेको तनावको स्तरलाई कम गर्दछ। परिणामस्वरुप युद्धको सम्भावना कम हुन्छ । वैज्ञानिक रूपमा प्रदर्शित यी असरहरूको वकालत महर्षिज्यूले गर्नुहुन्थ्यो । उदाहरणका लागि कुनै सहरमा त्यहाँका जनताको १ प्रतिशतले मात्र भावातीत ध्यान गर्दा ध्यान नगरेको सहरहरूको तुलनमा भन्दा आपराधिक घटनाहरू तथ्यगत रूपमै कम भएको देखिएको छ। यसैगरी म के कुरामा जानकार छु भने १ प्रतिशतको वर्गमूल बराबरका संख्याले भावातीत ध्यान सिद्धि तथा यौगिक उडानको सामूहिक अभ्यास गर्दा समान रूपमा आपराधिक दरमा कमी आउँदछ।

विगतमा वैज्ञानिकको रूपमा सेवा गरेकाले मैले वैज्ञानिक तथ्यका आधारमा भावातीत ध्यानको प्रभावहरू पूर्ण रूपमा उल्लेखनीय रहेको पाएँ । यस तर्कका साथ अगाडि बढ्दा हामीले विश्वका लागि ९००० जनाको समूहले भावातीत ध्यान तथा भावातीत ध्यान सिद्धिको अभ्यास गर्नुपर्ने आवश्यकता पहिल्यायौं, जापानका लागि १२०० जना तथा मेरो अनुमानमा नेपालका लागि ५५० जना वा सुरक्षित संख्या ११०० जना चाहिन्छ।

संसारका प्रत्येक राष्ट्रलाई १ प्रतिशत जनताको वर्गमूलको संख्याको त्यस्तो समुहको आवश्यकता छ । मलाई लाग्दछ, यो संख्यासम्म पुग्नाले सैन्य तागत तथा बलको प्रयोगविना विश्व शान्तिलाई साकार बनाउनका लागि एक ठोस आधारशिला बनाउनमा मद्दत पुग्नेछ।

म जापानको पूर्व प्रधानमन्त्री भएको आधारमा मैले नेपाल सरकार तथा विश्वका सरकारहरूलाई जोडदार रूपमा यो प्रस्ताव गर्न चाहन्छु कि वैज्ञानिक तथ्याङ्कहरू हेर्नुहोस् र आफ्नो राष्ट्र शान्तिका लागि १ प्रतिशतको वर्गमूलको प्रभाव बनाउनका लागि सहयोग गर्नुहोस् । (नेपालका लागि आवश्यक महर्षि सिद्धहरू ५५० जना–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा सुरक्षित संख्या ११००)।

मैले रिचार्ड निकोलस वन कोउडर्नहोभ कालेर्गीसँग कुराकानी गरेको थिएँ र उहाँले बताउनुभएको थियो,"प्रत्येक महान् ऐतिहासिक घटना युटोपीयाको रूपमा हुन्छ र सत्यतासँगै समाप्त हुन्छ। "युटोपीया (विश्व शान्ति) को उद्देश्यप्राप्तिका लागि मैले ईमान्दारिपूर्वक आशा गर्दछु कि हामीले सँगै हातमा हात मिलाएर भावातीत ध्यान तथा भावातीत ध्यान सिद्धि कार्यक्रमको अभ्यासद्वारा हाम्रो क्षेत्रका राष्ट्रहरूमा समृद्धि ल्याउन सक्दछौं।

र अन्त्यमा, नेपाल र भारतका लगभग सबै व्यक्तिहरूले प्राचीन वैदिक अभिव्यक्ति सुनेका छन् जुन भ्रातृत्वको विचारलाई पूर्ण रूपमा बुझ्दछन् "वसुधैव कुटुम्बकम्को अर्थ हुन्छ "विश्व मेरो परिवार हो " हामीले मानव प्रयासको उच्चतम आदर्शलाई हाम्रो एकताले पूरा गर्नेछौं।

यससँगै मेरो भनाइ समाप्त गर्छु। तपाईंहरूको विनम्रपूर्ण ध्यानको लागि धेरै धेरै धन्यवाद। मलाई यो गर्वको अवसरमा तपाईंहरूलाई सम्बोधन गर्ने प्रतिष्ठित सम्मानको लागि धेरै धेरै धन्यवाद।

महासम्मेलनका सहभागीहरूको एक झलक

 धन-संग्रहभन्दा अधिक प्रयत्न बुद्धि शुद्ध पार्नका लागि गर्ने गर। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समापन समारोहलाई रेग्मीको सम्बोधन



खिलराज रेग्मी, पूर्व अध्यक्ष, मन्त्रिपरिषद्

आजको यस वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलनको समापन-सत्रका सभापति एवं नेपाल महर्षि वैदिक फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बास्कोटाज्यू, स्वामीज्यूहरू, यो मञ्चमा उपस्थित विदेशी वैदिक विज्ञान र आधुनिक विज्ञानका साधकहरू, विज्ञहरू, यसलाई समन्वयको लागि र यसलाई धैरै राम्रो उपासना गरेर यहाँहरूलाई ३ दिनसम्म व्यापक रूपले छलफलमा सहभागी र जानकारी दिने विदेशी विज्ञहरू र साधकहरू। आज यो ३ दिने सम्मेलनमा उपस्थित हुनुभएका विभिन्न क्षेत्रका लामो समयसम्म एउटा अध्येता जिज्ञासु र यहाँ उपस्थित दिदीभाइ तथा दाजुबहिनीहरू एवं सञ्चारकर्मी मित्रहरू। राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विशेष रूपमा यस विषयमा कार्यपत्र प्रस्तुत गर्ने प्रस्तोताहरू। सबैलाई अभिवादन गर्न चाहन्छु। यो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोले धैरै खुसी पनि व्यक्त गर्दछु। मलाई आज यो कार्यक्रममा आमन्त्रण गरेर सहभागी हुने जुन मौका दिनुभयो, त्यसको लागि यो आयोजक समिति र यसका सभापति दीपकप्रकाश बास्कोटाजीलाई विशेष धन्यवाद दिन चाहन्छु साथै यो ३ दिनका छलफलले वास्तवमा आधुनिक विज्ञान तथा वैदिक विज्ञानलाई परिपूरक ढंगले उपयोग गर्न सकिन्छ र त्यो मानव कल्याणको अभिवृद्धिको लागि लैजान सकिन्छ भन्ने देखियो। महासम्मेलनको सारांश सभापतिजीले प्रस्तुत गर्नुभयो। त्यसबाट पनि मैले के जानकारी पाएँ भने यसलाई कसरी अगाडि लैजाने भन्नेबारेमा बृहत् छलफल भएर एउटा निष्कर्षमा पुगिएको छ। मलाई लाग्छ, आगामी दिनमा यसले महत्त्वपूर्ण एउटा नयाँ आयाम थप्नेछ। विशेष गरेर यो हाम्रो नेपालको लागि ठूलो अवसर पनि हो। नेपालले असल रूपमा विश्वको वैदिक विज्ञान र आधुनिक विज्ञानलाई साथसाथै अगाडि बढाउने वैदिक विज्ञानको नेतृत्व गर्नुपर्नेछ भन्ने जुन शुभकामना दिनुभयो, मलाई लाग्छ, त्यसलाई सार्थकता दिन तपाई-हामी एउटा सहयोगी भूमिका खेल्न सक्छौं र राज्यले पनि यसमा सोच्नुपर्दछ भन्ने लाग्दछ। वास्तवमा त्यसको लागि के आग्रह गर्न चाहन्छु भने वैदिक विज्ञान र आधुनिक विज्ञानको एउटा अध्ययन-अनुसन्धान केन्द्र नेपालमा खोलिनुपर्दछ भन्ने लाग्दछ। त्यसको लागि यो महर्षि फाउण्डेशनले र विदेशबाट आउनुभएका विभिन्न विद्वान्हरूको जुन भावना छ, यसले पनि उहाँहरू संलग्न रहेका जुन-जुन संस्थाहरू छन्, राज्यलाई घचघच्याइदिनु- भएमा मात्र यो देशले पूर्वीय दर्शनको आदिभूमिले नेतृत्व लिन समर्थ हुन्छ। Nepal to Lead the World सार्थक हुन्छ। मैले केही महिना अगाडि अनुवाद गरिएको स्कन्दपुराण-अन्तर्गत मानस खण्डको लोकार्पण गर्ने अवसर पाएको थिएँ। त्यो सबै पढ्न त समय लाग्छ। तर त्यसमा अनुसन्धान गर्ने एउटा भारतीय ठूलै विद्वान्को मन्तव्यमा सारभूत रूपमा हेर्दाखेरि मानसरोवरदेखि तलतिरको जुन भाग छ, जम्मै सुदूर पश्चिम दैलेखसम्मको जुन वर्णन छ, धैरै नै पिठ र धामहरू, देवी देवताको क्षेत्रको रूपमा उल्लेख भएका छन्। ती सबै क्षेत्र भ्याएर कसरी मानसरोबर जान सकिन्छ भनेर व्याख्या रहेछ। विभिन्न वेद, पुराणमा व्याख्या भएको जस्तै शिव क्रीडास्थलको आदिभूमि, ज्ञानभूमि र वैदिक सनातनको उद्गम भएर सम्पूर्ण तीर्थस्थलको उद्गम शालग्राम उत्पत्ति क्षेत्र आदिलाई समेतलाई लिई थप अध्ययन गर्दै यस सम्मेलनमा आउनुभएका विज्ञद्वारा यी सबै महत्त्व बुझेर नै Nepal to lead world भन्नुभएको जस्तो मलाई लागेको छ। यस्तो किसिमको अन्तर्राष्ट्रिय स्तरमा विज्ञहरू बोलाई सम्पूर्ण आ-आफ्नो क्षेत्रमा स्वाध्यायले पूर्ण ज्ञाता बनेर जिज्ञासु भावले बसी ज्ञान हासिल गर्नुभएको नै छ। वेदमा जीवात्मा, आत्मा, परमात्मा हुँदै सर्वे भवन्तु सुखिनः बाट सम्पूर्ण बसुधैव कुटुम्बकुमूसम्म पुगेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक विज्ञानको उपलब्धि नै वैदिक विज्ञानको परिकल्पना नै हो भन्ने मलाई लाग्दछ। श्रीमद्‌भगवद्‌गीताको सुन्ने-सुनाउने एउटा 'टेलिपेथी'को कुरा छ। आज विभिन्न रूपले आज साकार हुँदै गएको पाइएको छ। त्यसकारणले कुन कुरा हुँदैन भन्नेकुराको सीमा नै छैन। त्यस्तो अवस्थामा पुगेको छ। वास्तवमा यो अवस्थामा अगाडि बढ्नलाई कुनै कुराले छेकबार लगाउँदैन भन्ने मलाई लाग्दछ। यहाँ छलफल भएका विभिन्न विषयवस्तुहरूमध्येबाट कुन-कुन कुरा समयसापेक्ष लागू गर्न सकिन्छ र त्यसको उपयोग कसरी गर्न सकिन्छ भन्ने सबैको ध्यान जान जरुरी छ। आधुनिक विज्ञानले वैदिक विज्ञानलाई ज्ञानको श्रोत मानेको र कम्तीमा आधुनिक विज्ञानले स्वीकार गरेका तथ्यलाई हाम्रो जीवनमा अङ्गालेर लान सके पनि हाम्रो जीवन सार्थक र सुखमय हुन्छ। ज्ञान मर्दछ हाँसेर विज्ञान मर्दछ रोएर भनेर बालकृष्ण समको उक्तिले नै मध्यमार्गी बाटो दिन्छ भन्ने मलाई लाग्दछ।

अहिलेको आधुनिक विज्ञानको प्रयोग बुद्धिविनोदका साथ प्रयोग गर्नुपर्दछ। बुद्धिविना नै विज्ञानको प्रयोग हुँदा ध्वंस र विनासमा जान्छ। त्यसबाट रोक्ने काम वैदिक विज्ञानलाई जोड्दा र सबैलाई भावातीत ध्यानलाई जोड्दा आधुनिक विज्ञानको सही प्रयोग भई मानव कल्याणका लागि प्रेरित गर्दछ भन्नेकुरामा विश्वस्त छु। वास्तवमा कतिपय कुराहरू विधि र पद्धतिले मात्र सुधार हुन सक्नेछ भन्ने लागेको छ। त्यसको लागि ठूलो लगानीको आवश्यकता छैन। हाम्रा नीतिले विद्या ददाति विनयम् विनयम् ददाति पात्रताम् भन्ने कुरो छ। भाषासँग घृणा नगरी भाषाबाट के कसरी के कुरा प्राप्त गरिन्छ, त्यो मानव जीवनको लागि उपयोग कति छ भन्नेकुरा हामीले लिनुपर्ने हुन्छ। के छोड्नुपर्ने हुन्छ, त्यो सिकाउने विद्या वैदिक विज्ञान हो भन्ने मलाई लाग्दछ। त्यसमा पनि म सुधार आउने आशा र विश्वास गर्दछु। हाम्रो शिक्षामा नैतिकता, चरित्रनिर्माण र असल नागरिक बनाउने विषय आजभोलि हराएको हुँदा त्यसलाई पुनर्स्थापना गर्न काममा ध्यान दिँदै समाजसेवी, देशभक्त, समाजसेवी स्वाभिमानी र आत्मनिर्भरयुक्त नागरिक बनाउनुपर्दछ। त्यस्तो नागरिक नभैकन देश समृद्ध बन्न सक्दैन भन्ने मलाई लाग्दछ। समृद्धि कसैले दिने पनि होइन। आफै प्राप्त गर्ने हो। वैदिक विज्ञानले स्वावलम्बन हुन शिक्षा दिने गर्दछ।

स्वामी विवेकानन्दज्यूले भनेको कुरो म आज सम्झन्छु। संभवको सीमा जान्ने तरिका एउटै छ। असंभवभन्दा पनि अगाडि बढ्नु हो। वास्तवमा उहाँको यो कुरा वैदिक ज्ञानको सटिक उद्‌बोधन हो भन्ने मलाई लाग्दछ किनभने ज्ञानको खोजीलाई उत्प्रेरित गर्ने यो वाणी हो। अल्बर्ट आइन्टाइन्टको भनाइ वैज्ञानिक खोजले मात्र जीवन र जगत्‌का सम्पूर्ण रहस्य खोतल्न सक्दैन। विज्ञानभन्दा पनि अर्को बृहत् पाटो छ जसले मानिसलाई गहनतम खोजमा लाग्न अभिप्रेरित गर्दछ। त्यो भनेका कुरा यही हो वैदिक ज्ञान। जो उहाँले अनन्त ज्ञानको बाटो ढोका खोल्न बाँकी राखेको पाटो त्यही वैदिक ज्ञानको बाटो हो। वैदिक विज्ञानले कल्पनातीत कुराहरूलाई आज अनुसन्धान गर्दै पुष्टि गर्दै गइरहेको छ। अघि-अघि वैदिक विज्ञान पछिपछि आधुनिक विज्ञान। हेर्नुहोस् त कसरी आधुनिक विज्ञानले वैदिक विज्ञानमा उल्लेख भएका कुराहरूलाई साकार बनाउँदै अगाडि गैरहेको छ। आधुनिक विज्ञानका विज्ञहरू यो वैदिक विज्ञानमा आकर्षित भएको कारण पनि त्यो होला भनी हामी विश्वस्त छौं। त्यसो हुनाले तथ्य र व्यवहारमा आधारित आधुनिक विज्ञानको साथ नलिईकन जन-साधारणको पहुँचमा वैदिक विज्ञान पुग्न सक्दैन। त्यो व्यवहारोपयोगी उपयोगिता, त्यो किसिमको व्याख्या दिनुहोस् भनेर मैले सबैलाई भन्ने गर्दथेँ। त्यो आवश्यक छ भन्ने मलाई लागेको छ। आइन्स्टाइनले अध्यात्मविना विज्ञान लंगडो हुन्छ। विज्ञानविना अध्यात्म अन्धो हुन्छ भन्नुहुन्थ्यो। वास्तवमा महर्षि महेश योगीले बसुधैव कुटुम्बकम्, सर्वे भवन्तु सुखिनः त्यो करुणातीत भएर जुन एउटा वैदिक विज्ञानलाई भावातीत ध्यानलाई जीवनोपयोगी, व्यवहारोपयोगी बनाउन लागि प्रेरित गर्नुभयो, उहाँको ज्ञान र साधनाले जुन जगमा उभिएर यो सम्मेलनको अवसरसमेत जुऱ्यो। उनै महर्षि महेश योगीप्रति हार्दिक नमन गर्न चाहन्छु र यो सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा उपस्थित महानुभावहरू, यो आयोजक मूल समिति तथा नेपाल महर्षि वैदिक फाउण्डेशनका अध्यक्षलगायत यसलाई सहयोग गर्ने सहयोगी संस्थाहरू र सम्पूर्ण उपस्थित महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यो यात्राले हाम्रो नेपालको पुण्यभूमि, आदिभूमिको पहिचान दिने कुराको प्रारम्भ यही सम्मेलनदेखि अगाडि बढ्ने प्रक्रियाको थालनी होस्, त्यो शुभकामनाका साथ मेरा भनाइहरू यही अन्त्य गर्दछु।

धन्यवाद।

 यदि एकान्तमा रहन सक्तैनौ भने असल मानिसको सङ्गतमा रहने गर। -जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वागत तथा कार्यक्रमको उद्देश्य



दीपकप्रकाश बास्कोटा
अध्यक्ष, नेपाल महर्षि वैदिक फाउण्डेशन

परम आदरणीय सम्माननीय राष्ट्रपतिज्यू, हाम्रो पाहुनाका रूपमा पाल्नुभएर आज हामीलाई यूरोपमा बसेर यो अभियानका विश्वव्यापी प्रमुख अभियन्ता डा. टोनी नादर जो यो युगका ठूलो वैज्ञानिक हुनुहुन्छ, उहाँले वेद र वैदिक वाङ्मयको विश्वव्यापी प्रचारका निमित्त महर्षि महेश योगीलाई सहयोग गर्दै आउनुभएको हो । उहाँले हामीलाई सम्बोधन गर्दै हुनुहुन्छ । यस्तै गरेर ड्यासमा उपस्थित हाम्रा सन्त समाजका अध्यक्ष स्वामी ज्ञानानन्द सरस्वतीज्यू, डा. हरिप्रसाद अधिकारी जो काशी विद्वत् परिषद्‌बाट आउनुभएको छ । स्वामीज्यूहरू भारतबाट आउनुभएको छ । महर्षि विश्वविद्यालयका कुलपति डा. जोन हेग्लिन जो अमेरिकाबाट पाल्नुभएको छ जसले आज यो सभामा सम्बोधन पनि गर्दै हुनुहुन्छ । डा. किङ्गली ब्रुक्स तथा लेस्ली ब्रुक्स जसले हामीलाई नेपाललगायत एशियाका ८ वटा देशको जिम्मेवारी लिएर अन्तर्राष्ट्रिय निर्देशकका रूपमा अहिले ड्यासमा हुनुहुन्छ । त्यस्तै गरेर राजा लुइस् जो यो अभियानमा नेपाललाई पूरा सहयोग गरिरहनुभएको छ । उहाँ ड्यासमा हुनुहुन्छ । डा. आई के हार्टम्यान जो वास्तु विशेषज्ञ हुनुहुन्छ । अगाडि बसिरहनुभएको छ । डा. निल प्याटरसन उहाँचाहिँ मिनिष्टर फर वैदिक एडमिनिट्रेशन पनि यहीँ हुनुहुन्छ । त्यस्तै गरी डा. क्रिसक्रोल र म्याडेम आन र दुईजना धर्म संस्कृति सम्बन्धी विज्ञ यहीँ हुनुहुन्छ । एसलिडिन शिक्षाको विज्ञ पनि यहाँ हुनुहुन्छ । त्यस्तै गरेर विभिन्न क्षेत्रमा काम गरेका विज्ञ वैज्ञानिकहरू डा. ब्रह्मचारी मोहमाया, जो महर्षिसँग लामो समयसम्म जीवन बिताउनुभएर महर्षि विश्वविद्यालय र रिसर्च यूनिभरर्सिटीको डाइरेक्टर हुनुहुन्छ । उहाँचाहिँ वैदिक साइन्सको विज्ञ पनि हुनुहुन्छ । जर्मनीबाट लोथर पिरक पनि हुनुहुन्छ । डा. जोन फेगन र डा. जोन कन हाउस २ जना वैदिक अर्गानिकका विशेषज्ञ पनि हुनुहुन्छ र सुजल फेगन पनि यसकै विशेषज्ञ हुनुहुन्छ । राजा माइकल ब्रुक्स पनि यहाँ हुनुहुन्छ । त्यस्तै गरेर अन्य नेपाली हाम्रा वैदिक विज्ञहरू, साधुसन्तहरू, सबैलाई मैले एकमुष्टमा सम्बोधन गरेँ । पूर्व मुख्य सचिव, पूर्व सचिव, पूर्व प्रहरी एवं सेनाका सेवा निवृत्त उच्च पदस्थ अधिकारीहरू, नेपाली निजामती कर्मचारीहरू र अन्य उपस्थित व्यक्तिहरू सबैलाई हार्दिक स्वागत गर्न चाहन्छु । आज नेपालमा पहिलोपल्ट हुन लागेको एउटा नयाँ विषय भएकोले सबै जनसाधारणहरूका निम्ति प्रत्यक्ष प्रशारणको व्यवस्था मिलाएका छौं । यस कार्यक्रममा पाल्नुभएका सबैलाई म हार्दिक स्वागत गर्न चाहन्छु । यो संस्थाको आयोजकलगायत सहभागीज्यूहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु । आज राष्ट्रपतिज्यूले आफ्नो समयको पाबन्दीका बाबजुद पनि हामीलाई समय दिनुभएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । अब म विषयतिर प्रवेश गर्न चाहन्छु ।

यो एउटा नयाँ विषय हो-हामीले आधुनिक विज्ञानका उपलब्धिहरू हासिल गर्न लागेका रहेछौं । हामीले वैदिक विज्ञानलाई बिर्सियौं । आधुनिक विज्ञानले हामीलाई यति धेरै संकटमा पारेको छ । हामी यसको पिछलग्गु हुँदा यसले जीवनको पूर्णता दिन नसक्ने रहेछ भन्ने धेरै कुराबाट प्रमाणित भैसकेको छ । म यसको ज्वलन्त उदाहरण हामीले खाने कुराबाट शुरु गर्न चाहन्छु । आज कृषिमा हामीले आधुनिक विज्ञानको नाममा विषादी हाल्यौं जसले माटो र वातावरणसमेत बिगार्‍यौं अनि त्यो खाने हाम्रो जिब्रो पनि बिग्रियो । जसले दबाईसमेत हुन नसक्ने 'साइट इफेक्ट'को रोग पनि लाग्यो । आज अमेरिका जस्तो देशमा ६५% देखि ७०% सम्म क्रोनिक रोगी भएका छन् । यस्तो बेलामा आवश्यक थियो त्यो महर्षि महेश योगीको नेतृत्वमा विभिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैज्ञानिकहरूले अध्ययन गर्नुभएको छ। यसको आवश्यकता र निदानका बारेमा बुँदागत रूपमा भन्न चाहन्छु।

हामीलाई लाग्छ यो वैदिक अभियान वा महर्षि फाउण्डेशनको उद्देश्य नै के हो ? वा विश्वव्यापी वैदिक अभियान नै के हो ? यसको उद्देश्य अत्यन्त नै सरल तर व्यापक छ। प्रकृतिको नियमको पूर्णपालनाद्वारा वातावरणको पूर्ण सन्तुलन गर्दै विश्वव्यापी दिगो शान्ति र समृद्धि चाहने। हामी त्यही चाहन्छौं जो विश्वको हरेक राष्ट्रले चाहिरहेको छ। नेपालले पनि त्यही चाहिरहेको छ।

योग र यज्ञ, भावातीत ध्यानको माध्यमबाट व्यक्ति एवं समाजको सामुहिक चेतनामा सकारात्मक प्रभाव पार्दै बसुधैव कुटुम्बकम् जुन हाम्रो वेदको दर्शन हो। संसार एउटै परिवार हो भन्ने बेलामा हामी घरघर, ठाउँठाउँमा लडाइँ र झगडा गरिरहेका छौं। बसुधैव कुटुम्बकम्को भावनाद्वारा समाजमा समन्वय, सद्भाव, पारस्परिक मेलमिलाप र सहकार्यद्वारा वैदिक समाजको श्रृजना गर्ने वैदिक अभियानको लक्ष्य हो। गुरुकूलीय पद्धति, परम्परा नै नैतिक शिक्षा र ज्ञानको भण्डार मानिने विश्वको सबैभन्दा प्राचीन वैदिक शिक्षा र सभ्यताको पुनर्स्थापना गर्ने, संस्कृत-वेदको पढाइ आज हामीले छोड्दै लग्यौं तर यूरोप र अमेरिकामा शुरु गर्दै लगे। यस्तो विडम्बना छ। त्यसलाई प्रवर्धन गर्ने तथा त्यसलाई संरक्षण गर्ने, विकास गर्ने यो अभियानको लक्ष्य हो। वैदिक ज्ञान र प्रविधिको प्रयोग, उपयोग र साधनाबाट समाजमा विद्यमान काम, क्रोध लोभ, मोह, हत्या, हिंसा र अपराधको अन्त्य गर्दै समृद्ध र सुखी समाजको रूपमा रूपान्तरित गर्ने। आज हामी विकास र विज्ञानको नाममा समाजमा यत्रतत्र जताततै अपराधीकरण भैराखेको छ। यसको निदानका लागि के हुन सक्छ ? त्यो उपाय पत्ता लगाउने। त्यो नैतिक शिक्षा हो। नैतिक शिक्षाको श्रोत गुरुकुलबाट मात्र हुँदो रहेछ। हाल ती गुरुकुल बन्द भएपछि कहाँबाट प्राप्त हुन सक्छ ? यसले गर्दा हामीले फर्किनुपर्ने वा सोच्नुपर्ने अवस्था आएको छ। त्यसले गर्दा लोपोन्मुख प्राचीन सनातन वैदिक सभ्यता र संस्कृतिलाई कसरी निरन्तरता दिंदै पुस्तान्तरण गर्ने ? यो अर्को समस्या छ। निरन्तरता मात्र भएर भएन, यसलाई हाम्रो 'जेनेरेशन' बाट अर्को 'जेनेरेशन'मा कसरी पुस्तान्तरण गर्ने। हामी छोराछोरीलाई बोर्डिङ्ग स्कूल पढाएर अमेरिका र यूरोपमा कामको खोजीमा पढाउन पाएकोमा खुशी भैराखेका छौं। हाम्रो संस्कृति, हाम्रो सभ्यता सबै बिर्सिएका छौं। त्यसकारणले यसमा हामी सबैले सोच्ने अवस्था आएको छ। त्यो सँगसँगै हाम्रो युवा 'जेनेरेशन'लाई, यूथहरूलाई कसरी यसमा समावेश गरेर लाने यो अत्यन्त गम्भीर मोडमा हामी आइपुगेका छौं। यसबारे विमर्श गर्नुपर्ने अवस्था आएको छ। वैदिक ज्ञान र प्रविधिका माध्यमबाट पृथ्वीमा स्वर्गको अवतरण, रामराज्यको स्थापना भन्ने महर्षि वैदिक अभियानको एउटा 'वेसिक फिलोसपी' हो। To bring heaven on earth. त्यसका लागि सहस्र कार्यक्रम छन्। त्यसबारे विश्लेषण गर्न मलाई समय छैन। हामी यो तीन दिनमा यसको व्याख्या-विश्लेषण गर्छौं। चर्चा-परिचर्चा गर्छौं। त्यहाँ सम्वाद गरौंला। महर्षिजीले त संसारका विज्ञ वैज्ञानिकहरूलाई यसरी आकर्षण गर्नुभएको छ- Water the root enjoy the fruit. हेर्नुहोस् कस्तो आदर्श छ। विरुवामा पानी हाल्न कोही नचाहने फल सबैले खोज्ने यो कलियुगको धर्म होला। हामी सबै खोज्न, खान र माग्न चाहन्छौं तर उत्पादन गर्नेमा छैनौं, कसैलाई दिनेमा छैनौं। त्यसकारणले वृक्षमा पानी हाल फल फल्छ, सबैले खाऊ र खान देऊ। यो आदर्शमा सम्पूर्ण वैज्ञानिक लागेका छन्। हामी उहाँहरूलाई सम्मान गर्न चाहन्छौं। बसुधैव कुटुम्बकम्का आधारमा सामाजिक सामञ्जस्यता र भ्रातृत्व तथा हाम्रो धर्म-संस्कृतिका विशेषज्ञ क्रिष्टोफर यहाँ हुनुहुन्छ। महर्षि धर्म-संस्कृति भनेको के हो ? उहाँले भोलि कार्यपत्र राख्नुहुन्छ। बसुधैव कुटुम्बकम् हामीले बिर्सिसक्यौं। हामी म र मेरामा सीमित हुन पुगेका छौं। बसुधैव कुटुम्बकम् भन्ने आदर्श हामीले बिर्सिसक्यौं। यसलाई फेरि उहाँहरूले सम्झाउँदै हुनुहुन्छ। हाम्रो समस्या के हो। संसार तनावमा छ। संसारका सबै देशमा, सबै राजनीतिक पार्टीमा, व्यक्तिहरूमा, घरपरिवारमा आज सबैभन्दा ठूलो पीडा भनेको तनावबाट उत्पन्न द्वन्द्व अनि अपराध यी सबै कुरा ज्ञानको अभावले उत्पन्न भएका हुन्। ज्ञान कहाँ छ ? हामी ज्ञानको भूमि त भन्दछौं। हामी राष्ट्रिय गानमा पनि ज्ञानभूमि, शान्तिभूमि भनेर भन्दछौं तर त्यो ज्ञानको श्रोत कहाँ छ ? त्यो हामीले बिर्सेका छौं।

श्रोत हामीले नै बन्द गर्‍यौं, मुहान बन्द गरेपछि पानी कहाँबाट आउँछ ? त्यस्तै हाम्रो ज्ञानको श्रोत, नैतिक शिक्षाको श्रोत भनेको गुरुकूल हो। यो गुरुकूलको प्रवर्धनद्वारा नै हामीले राष्ट्रको पुनर्जीवन हामी शुरु गर्न सक्छौं भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो दृढ विश्वास छ । त्यसले गर्दा देशव्यापी गुरुकुलमा हाम्रो कार्यक्रम भएको जानकारी गराउन चाहन्छु । त्यो तनाव र त्यसबाट उत्पन्न हुने सबै द्वन्द्वको समाधान वैदिक ज्ञान र प्रविधिको माध्यमबाट गर्न सकिन्छ भनेर विशेष गरी यसका तात्त्विक योजना कार्यक्रमहरू बनाएर महर्षिजीले विज्ञ वैज्ञानिकहरूलाई जिम्मेवारी दिएर कार्यक्रमहरू चलाउनुभएको छ । त्यसको नेपालको कार्यक्रम नेपाल महर्षि वैदिक फाउण्डेशनले सञ्चालन गर्ने एउटा ऐतिहासिक जिम्मेवारी पाएको छ । यो जिम्मेवारी प्रदान गर्ने प्रातः स्मरणीय महर्षि महेश योगीलाई म आज श्रद्धाञ्जलिस्वरूप स्मरण गर्न चाहन्छु । यसको लागि परमपूज्य महर्षि महेश योगीको नेतृत्वमा वैदिक विज्ञानको विधि र प्रविधिद्वारा के गर्न सकिन्छ भनेर पहिलो चरणमा १२ बुँदे कार्यक्रमहरू छन् । जस्तै वैदिक शिक्षा, वैदिक कृषि, वैदिक निर्माण, वैदिक प्रशासन, वैदिक रक्षा आदि कार्यक्रम लागू गर्न सके दिगो शान्ति र अमनचयन कायम हुन सक्छ भन्ने वैज्ञानिक अध्ययन रहेको छ । त्यसलाई हामी राम राज्य भन्दछौं । त्यो राम राज्य त्यसै हुने होइन । जब सुखी समृद्ध भएपछि राम राज्य भनिन्छ । त्यो सुखी-समृद्ध त्यसै हुने रहेनछ । अहिलेको विज्ञानले दिएन । अहिलेको विज्ञानले के दियो भने हामीलाई विषादि हालेर खेती गर्न सिकाउँदा उक्त अन्न खाँदा रोगी भई उपचारमा समेत निकै खर्च एवं पीडा ल्यायो । यो विज्ञानलाई वैदिक ज्ञानको आधारमा उपयोग गऱ्यो भने जीवन समृद्ध बन्न सक्छ । स्वस्थ्य हुन सक्छ । राम्रो हुन सक्छ भन्ने महर्षि महेश योगीको भनाइ हो । त्यसका निमित्त, त्यसका विषयमा विश्लेषण गर्ने वैज्ञानिकहरू हाम्रो सामु हुनुहुन्छ । यहाँहरूले धैर्यपूर्वक बसिदिनुहोस्, सुनिदिनुहोस्, छलफल गर्नुहोस् । मलाई एउटा पत्रकारले सोध्नुभएको थियो कि आजका वैज्ञानिकहरूसँग नेपालका वैज्ञानिकहरू छलफल गर्न सक्नुहुन्छ ? मैले भनें सक्नुहुन्छ । मैले भनें- वातावरण मिलाई दिनुहोस्, हामी शास्त्रार्थ गर्न चाहन्छौं । वैदिक विज्ञान कति जेठो हो, कति पाको हो । यसले समाजलाई कसरी लिएर जान सक्छ, त्यो शिक्षासहित उहाँहरूले संवाद गर्नुहुन्छ भनेर मैले सार्वजनिक रूपमा आह्वान गरेको छु । यस्तै गरी हामी वास्तु, चेतनामा आधारित शिक्षा, कृषिमा कसरी उत्पादन गर्ने, कस्तो खाना खाने, कस्तो जीवन शैली जिउने हामी चर्चा गर्छौं । त्यसका लागि म एउटामात्र श्लोक स्मरण गर्न चाहन्छु । **निशान्ते च पिवेत् वारी, दिनान्ते च पिवेत् पयं, भोजनान्ते च पिवेत् तक्रं वैद्यस्य किं प्रयोजनम्** । हेर्नुहोस् कस्तो रहेछ हाम्रो वैदिक संस्कार । जुन बेला बिहान उठेर पानी, बेलुका सुत्ने बेलामा तातो दूध र खानापछाडि मोही खाँदा तिमीलाई वैद्यको आवश्यक नै पर्दैन भन्ने सिद्धान्त रहेछ । त्यस्तो शिक्षा नै हरायो जसका कारणले हामीले न पानी खान जान्यौं न त खाना खान जान्यौ । कसरी सुत्ने, कति बेला उठ्ने, कति खाने ती सबै कुरालाई आधुनिक विज्ञानले राम्ररी सिकाउन सकेन । त्यसकारणले वैदिक विज्ञानले प्राकृतिक उपचार र आयुर्वेदका ज्ञानले हामीलाई निर्देश गरेको छ । यदि त्यसको परिपालन गऱ्यौं भने म अरूलाई भन्न चाहन्न, मैले विगत २३ वर्षदेखि डा. को एलोपेथी औषधी खाएको छैन । म भारतको राजवैद्य त्रिगुणाको अनुशासनमा आजसम्म बसेको छु । मैले कहीं जानुपरेको छैन । म हरेक साल गंगालाल र नर्भिकमा सम्पूर्ण शरीर जाँच गराउँदछु । मलाई कसैले कुनै अनुशासन दिन सकेको छैन । म एउटा पनि औषधी खान्न । म आयुर्वेदको र प्राकृतिक चिकित्साको अनुशासनमा छु । म ध्यानको अनुशासनमा रही ध्यान गर्दछु । मलाई डाक्टरको त्यति आवश्यकता छैन । यही हो वैदिक ज्ञान भनेको तर त्यसलाई उचित तरिकाले उपयोग गर्न साधना गर्न र लिन सक्नुपऱ्यो । जान्न सक्नुपऱ्यो । त्यही कुराले वैदिक ज्ञान भनेको । यही सिकाउने हो वैदिक अभियानले । नेपाली राष्ट्रिय गानमा भएको ज्ञानभूमि, शान्तिभूमि जसलाई महर्षि महेश योगीले वि.सं.२०३१ सालमा नै खुल्लामञ्चबाट उद्घोष गरेर यो ज्ञानभूमि, वेदभूमि र तपोभूमि हो । यहाँबाट पूर्णज्ञानको संचार गरी विश्वलाई पूर्ण नेतृत्व दिन सकिन्छ भनेर उद्घोष गर्नुभएको भावनालाई सम्मान गर्दै हाम्रो प्राचीन सभ्यतालाई प्रवर्धन र रक्षा गरौं भन्ने उद्देश्यले यो महासम्मेलनको आयोजना गरिएको हो । आज भौतिक विज्ञानले दिएको सबै कुरा वैदिक विज्ञानको आधारमा 'भेरीफाइ' गरेर उपयोग गर्नुपर्ने रहेछ । हो, धेरै कुरा भौतिक विज्ञानले दिएको छ । भौतिक विज्ञानले दिएको यो 'टेलिभिजन टेक्नोलोजी'लाई पूर्ण उपयोग गर्ने विधि वैदिक विज्ञानबाट विज्ञ हुनुपर्छ अनिमात्र यो काम लाग्छ । म एउटा सानो उदाहरण लिन चाहन्छु । हाम्रो देशको पर्यटन मन्त्री, जो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त युवा, प्रखर हुनुहुन्थ्यो । उहाँसँग मैले केही हप्ता अगाडि लामो कुरा भएको थियो । आज हेलीकप्टरमा उहाँ लगायत ७ जनाको दुर्घटना हामीले सुन्यौं । म यो सबै सभाको तर्फबाट श्रद्धाञ्जली दिन चाहन्छु । त्यो हेलिकप्टर सञ्चालन विधि र प्रविधि वैदिक हुनुपर्दथ्यो । वैदिक ज्ञानबाट परिपूर्ण हुनुपर्दथ्यो । महर्षिले संसारका पाइलट, ड्राइभर, संसारका ट्रेन चालकहरू, संसारका राष्ट्राध्यक्षहरू, संसारका प्रधानमन्त्रीहरू, संसारका न्यायाधीशहरू, सबैले ध्यान गर्नुहोस् आफ्नो नाडी छाम्नुहोस् अनि 'नर्मल' भएर कार्य गर्नुहोस् । 'नर्मल' भएर निर्णय गर्नुहोस् तब सबै कुरा 'नर्मल' भएर जान्छ । अहं र अहंकार त्याग्नुहोस् । त्यो अहं र अहंकार, खानपिन, द्वेष, ईर्ष्याबाट तनाव आउँदछ । त्यसैले तनावमुक्त हुनुहोस् । तनावमुक्तिको लागि तपाईं ध्यान गर्नुहोस् । ध्यानबाट सबै कुरा हुन्छ । त्यो ध्यानको विधि महर्षिले बताइदिनुभएको छ- भावातीत ध्यान जसलाई महर्षिले मुख्य हतियारको रूपमा दिनुभएको छ । म अन्त्यमा के आग्रह गर्न चाहन्छु भने USA जस्तो देशले पनि यूरोप अमेरिकातिर पनि आज वैदिक विज्ञानको प्रचार ज्यादा भैराखेको छ । उनीहरूले आफ्नो पूर्ण विकासका लागि समृद्धिको लागि आधुनिक विकासमात्र पूर्ण होइन रहेछ । हाम्रो वैदिक प्रविधिलाई पनि उपयोग गर्नुपर्दछ भनेर शुरु गरेका छन् । सबैलाई जानकारी छ । प्राकृतिक उपचार र वैदिक ज्ञानको लागि कलेज र विश्वविद्यालय खोलेका छन् । त्यहाँका सरकारले पूर्ण 'सपोर्ट' गरेको छ । राज्यले ०% व्याजमा ऋण दिएर पढाइरहेको छ । मेरो आफ्नै छोरी महर्षि विश्वविद्यालयमा 'ग्राजुयट' गरिन् र अमेरिकी सरकारको ० % ब्याजमा ऋण लिएर प्राकृतिक चिकित्साको डा. बन्न सफल भएकी छिन् । जहाँ औषधीको नाममा एउटा पनि 'ट्याबलेट' खर्च नगरी मानिस निको हुन सक्छन् । यस्ता पद्धतिहरूलाई हामीले फर्काउने हो कि होइन ? हो पद्धति भनेको हाम्रो नेपाल, भारत हिमालय पर्वतबाट शुरु भएको हाम्रो त्यो ज्ञान आज विदेशीहरूले यसलाई लागू गरेर हामीलाई सम्झाउन आइसके । आज यो सम्मेलनको तात्पर्य नेपाली हामी ब्युझौं, यसलाई फेरि अभ्यास गरौं । कुरा मात्र गर्ने र किताबमात्र नलेखौं, घरघरमा अभ्यास गरौं, साधना गरौं । त्यो साधना र अभ्यासको कारणबाट समाजलाई परिवर्तन रूपान्तरण गर्न सकिन्छ भन्ने वैज्ञानिक निष्कर्ष भएका छन् । त्यो वैज्ञानिक निष्कर्षबारे पनि हामी चर्चा गर्नेछौं ३ दिनसम्म । के गर्दा के हुन्छ भन्नेकुरा पनि उहाँहरूले निकालिसक्नुभएको छ । अहिले Application कार्यान्वयनमा मात्र लाग्नुभएको छ । यस्तो काममा म लागेको बीस वर्ष भएछ । यसलाई अलि क्रियाशील रूपमा शुरु गरेको १२ वर्ष जति भयो । अब आज यसलाई देशभरिबाट व्यापकता दिनुपर्दछ भनेर हामीले सम्माननीय राष्ट्रपतिज्यूलाई कम्तीमा यसलाई पहिचान प्रदान गर्न आग्रह गरे-अनुसार उहाँको अमूल्य समय दिएर उपस्थित हुनुभएकोमा धन्यवाद दिँदै हाम्रो छोटो समयमा टेलिफोनको निमन्त्रणा स्वीकार गरी उपस्थित सबैलाई स्वागत गर्दै मेरो भनाइ यही अन्त्य गर्न चाहन्छु ।

धन्यवाद । जय गुरुदेव ।

महासम्मेलनका स्वस्तिवाचक वटुकहरू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भगवद्गीताको नेपाली अनुवादको सन्दर्भमा

माधव अर्याल

भावातीत ध्यान तथा सिद्धि प्रशिक्षक

सम्माननीय राष्ट्रपतिज्यू, नेपाल महर्षि वैदिक फाउण्डेशनका अध्यक्षज्यू, मञ्चमा आसिन देश विदेशबाट पाल्नुभएका आदरणीय विशिष्ट व्यक्तित्वहरू एवं उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू ! २० औं शताब्दीका महान् वैज्ञानिक जसलाई नोबेल पुरस्कारबाट सम्मानीत गरिएको थियो, उहाँले संसारलाई घोषणा गर्नुभएको थियो- अध्यात्मविनाको विज्ञान लंगडो हुन्छ र विज्ञानविनाको अध्यात्म अन्धो हुन्छ। भगवद्गीतामा अत्यन्तै धेरै भाष्यहरू लेखिएका छन् आज। कैयौं भाष्यहरूमा आत्म शान्ति र परमात्माको बारेमा व्याख्या गरिएको छ। सन्यासको बारेमा व्याख्या गरिएको, भक्तिको बारेमा व्याख्या गरिएको छ। त्यस्ता अमूर्त कुराहरू, अदृश्य कुराहरू जीवनको यथार्थता भए पनि आजका युवा पुस्ताहरू त्यसप्रति नाक खुम्चाउँछन्। विद्वत वर्गहरूले पनि यसलाई तिरस्कार गरेको हामीले देख्न पाउँछौं। यस्तो किनभने त यसको कारण के हो त भन्दाखेरि हाम्रा, स्कूल, कलेज विश्वविद्यालयहरू, हाम्रा शिक्षक, प्रशिक्षकहरू हाम्रा ट्रेनिङ्ग, सेमिनारहरू, हाम्रा मिडियाहरू, यिनीहरूले जीवन एक संघर्ष हो भनेर सिकाएका छन्। हामीहरूलाई, जिन्दगीमा दुःख नगरीकन सुख हुँदैन। सुख पाउनका लागि त्यो बराबरको दुःख गर्नुपर्छ भनेर यो सिकाइरहेका छन्। हामीलाई यो लाग्छ महानुभावहरू के दुःख बराबर सुख हुन्छ ? दुःखले जीवनको 'ग्यारेन्टी' गर्दैन। यो त ज्ञानले गर्दछ महानुभावहरू। यसैले भगवान् कृष्णले अर्जुनलाई **नहि ज्ञानेन सदृशं पवित्र मिह विद्यते** भन्नुभयो अर्थात् ज्ञानभन्दा महान् र पवित्र धर्तीमा कुनै चिज छैन। अर्जुन तपाईले त्यस्तो ज्ञान हासिल गर्नुहोस्।

यसर्थ आदरणीय महानुभावहरू ! संसार २ वटा सत्य र अस्तित्वले चलाएको छ। वैज्ञानिकहरू यसलाई यौगिक चेतना Unified field जसले यो दृश्य संसारलाई 'प्रोजेक्सन' गरेको छ। बाहिर प्रस्फुटन गरेको छ र महर्षि महेश योगीले कसरी विज्ञानका सिद्धान्तबाट कसरी बाहिरको सत्तालाई त्योभित्रको सत्ता जसलाई वैज्ञानिकहरूले Unified Field भनेका छन् जसलाई हाम्रो आध्यात्मिक भाषामा यसलाई आत्म सत्ता भनिन्छ। निर्वाणको सत्ता भनिन्छ। त्यसमा कसरी स्थापित हुने ? मनलाई कसरी स्थापित हुने ? त्यो अत्यन्त अखण्ड सत्तासँग कसरी सम्पर्क स्थापित गर्ने, त्यसको बारेमा उहाँले जुन प्रविधि दिनुभो, अघि अध्यक्षज्यूले भनेझैं यसलाई हामी भावातीत ध्यान भन्दछौं। त्यसको सम्बन्धमा आज यो श्रीमद्भगवतगीताको नेपाली अनुवादपुस्तकमा व्याख्या गरेका छौं। यो भावातीत ध्यानको एउटा विज्ञान हो। यसलाई Science of Transdental Meditation भन्दछौं। यसलाई Science of absulate existance भन्दछौं। यो अत्यन्त अपरिहार्य कुरा हो कि बाहिरको भौतिक संसारलाई भित्रको अनन्त अखण्ड सर्वशक्तिमान् आध्यात्मिक सत्तासँग जोड्न सकियो भने सम्पूर्ण समस्याहरू त्यहाँबाट समाधान हुनेछ। त्यही सत्ताले सारा विश्व ब्रह्माण्ड सञ्चालन गर्ने भएकोले आजको अपरिहार्यता के छ भनेदेखि क्रमबद्ध तरिकाले त्यो सत्तासँग जोडिनु छ। मूलतः यस पुस्तकमा यसैको बारेमा व्याख्या गरिएको छ र महर्षिले वर्तमान मनोविज्ञान, वर्तमान शरीर विज्ञान, विज्ञानमा पनि अत्याधुनिक विज्ञान Quantam Physis, Quantam Mechanic Therom Diamanic का सिद्धान्तहरूलाई अगाडि सारेर प्रस्तुत गरेर अत्यन्तै सरल विधि हो। ध्यानको विधि भनेको अत्यन्तै सरल विधि हो जुन भगवान् कृष्णले भन्नुभएको थियो- **निस्त्रैगुण्यो भर्वाजुन**। यो त हुने प्रक्रिया हो जान्ने होइन। Concerted गर्ने Control गर्ने होइन। यो त स्वाभाविक प्रविधि हो। मनको स्वभाव Automatic स्वस्थ्य आनन्दित हुने हो जुन अनुपातमा मनभित्र हुँदै जान्छ। शरीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञानको सिद्धान्तअनुसार मनोविज्ञानको सिद्धान्त अनुसार' हाम्रो मानसिक क्रिया शान्त हुनेबित्तिकै हाम्रो शारीरिक क्रिया शान्त गराउन सक्दछौं । त्यसैले मन शान्त भई शरीर 'अटोमेटिक' शान्त हुन्छ भन्ने त्यो कला हामीले बिर्सेका छौं । त्यसलाई यस पुस्तकले Revive गर्नेछ र यहाँहरूलाई जानकारी दिनेछ भन्ने मलाई लाग्दछ ।

मलाई विश्वास छ, यस पुस्तकले हाम्रा नेपाली दाजुभाइ दिदीबहिनीहरूमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म एउटा जागृतिको लहर ल्याउनेछ । तमाम १७६ वटा भाषामा भागवत्गीताको अनुवाद भएको छ । र, यो अनुवादले यहाँहरूलाई एउटा नयाँ दृष्टिकोण दिनेछ । नयाँ उमङ्ग दिनेछ । नयाँ उर्जा दिनेछ । नयाँ ज्ञान प्रदान गर्नेछ । म यहाँहरूको सामुन्ने सम्माननीय राष्ट्रपतिज्यूलाई अनुरोध गर्न चाहन्छु कि यसको प्रविधि जुन छ भावातीत ध्यान Transendental Meditation यो सिक्नुभयो भने नेपाली जनताहरूलाई बहुत योगदान दिन सक्नुहुनेछ यहाँले । किनभने, यो अत्यन्त वैज्ञानिक विधि हो । जम्मा १५, २० मिनेट गरे पुग्छ । यो अत्यन्तै प्रजातान्त्रिक विधि हो । यसलाई कुनै खानपिन, भेषभूषा, 'लाईफ स्टाइल' केही पनि परिवर्तन गर्न पर्दैन । अत्यन्तै सजिलो छ । यो जहाँ बसेर पनि बस, ट्रेन, प्लेन, अफिसकोठा, जहाँ पनि यसलाई गर्न सकिन्छ । जम्मा १५, २० मिनेट यहाँले केही त्याग्नुपर्दैन र हाम्रोभित्रको अनन्त सत्ता जुन मनोविज्ञानले उल्लेख गरेको छ कि अल्बर्ट आइन्सटाइन्ट जस्ताले ३%- ४% मात्र मानसिक क्षमताको उपयोग गर्दथे । हामी अत्यन्तै सानो 'मेन्टल पोटेन्सियल' उपयोग गरिरहेका छौं । तसर्थ यो पुस्तक यहाँहरूले अध्ययन गरिदिनुहोला । यो पुस्तक हामीले धेरै मेहेनत गरेर तयार गरेका छौं । 'टिम' छ हाम्रो । यसका पछाडि सर्वप्रथम महर्षि वैदिक फाउण्डेशनका अध्यक्ष श्री दीपकप्रकाश बास्कोटाज्यू जसले मलाई विश्वास गरेर यो पुस्तक अनुवाद गर्न दिनुभयो । त्यस्तै गरेर अन्तर्राष्ट्रिय निर्देशक हाम्रो राजा किन्सग्ले ब्रुक्स जसले मेरो ज्ञान र क्षमतामा विश्वास गरिदिनुभयो । उहाँलाई धन्यवाद दिन चाहन्छु । त्यसपछि यसको सम्पादनमा अनवरत रूपमा सहयोग गर्ने अहोरात्र खटिने हाम्रा आदरणीय मित्र भरतराज पौडेलज्यूप्रति म अत्यन्तै आभारी छु । उहाँले नेपाली भाषामा पोख्त बनाउनुभएको छ । त्यस्तै गरेर रामकुमार लामिछाने उहाँले अहोरात्र खटिएर यसलाई आज यहाँ ल्याउन सम्भव बनाउनुभयो । यो पुस्तक यहाँहरूले अध्ययन गरिदिनुहोला । त्यसो भएमा एकदम दाबीका साथ भन्न चाहन्छु- यहाँहरूको जिन्दगी नयाँ ढंगले चल्नेछ भन्दै म यस सभामा आबद्ध तथा आजको यो कार्यक्रममा उपस्थित सबै महानुभावहरूलाई धन्यवाद दिँदै यहाँहरूबाट बिदा हुन चाहन्छु । जय गुरुदेव ।

महर्षि भाष्य श्रीमद्भगवद्गीताको नेपाली अनुवाद राष्ट्रपतिलाई प्रदान गरिँदै ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका उल्लेख्य उपलब्धिहरू

अम्बरराज ढकाल
सहायक प्राध्यापक, पिण्डेश्वर क्याम्पस, धरान

विषय परिचय

नेपाल महर्षि वैदिक फाउन्डेसनको मूल आयोजनामा २०७५ फागुन १७ - १९ गते काठमाडौंमा "वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन" सम्पन्न भएको छ। आजको वैज्ञानिक युगमा वैदिक विज्ञान एवम् आध्यात्मिक जागरण र विश्वशान्तिको क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले महर्षि महेश योगीका विचारहरूलाई साकाररूप दिन नेपालमा महर्षि फाउन्डेसन फर वैदिक कल्चर नामक संस्था स्थापना भएको छ। "नेपालले संसारलाई नेतृत्व गर्न सक्छ" भन्ने महर्षि महेश योगीज्यूको उद्घोषलाई विशिष्ट लक्ष्य बनाई यो संस्थाले विभिन्न खालका आध्यात्मिक जागरण, ध्यान र योग प्रशिक्षण कार्यक्रम गर्दै आएको छ। नेपाल अधिराज्यभरमा ८२ वटा गुरुकुलमा प्रत्येक दिन एकैसाथ वैदिक यज्ञ महारुद्राभिषेक कार्यक्रम सञ्चालित छ। विभिन्न विद्यालयमा चेतनामा आधारित शिक्षा कार्यक्रम लागू भएको छ। यस क्रममा नेपालमा पहिलोपटक महर्षि फाउन्डेसनको संयोजकत्वमा विश्वका विशिष्ट वैदिक विद्वान् एवम् वैज्ञानिकहरू सहभागी भएर अन्तर्राष्ट्रिय महासम्मेलन सम्पन्न भएको छ। यस महासम्मेलनले आधुनिक विज्ञानका उपलब्धिहरूमा आधारित भएर कसरी वैदिक विज्ञानले जीवनका सिद्धान्तहरू जीवन्त बनाएको छ भन्ने तथ्य प्रकाशित गरेको साथै वैदिक विज्ञानले समाजको प्रत्येक क्षेत्रलाई कसरी उन्नत पारेको छ भन्ने समीक्षा गरेको छ। वैदिक विज्ञानलाई जीवनका हर क्षेत्रमा प्रयोगयोग्य बनाउँदै प्रकृतिको नियम अनुकूल आधुनिक विज्ञानलाई सामञ्जस्य गर्न सकिन्छ भन्ने ज्ञान महासम्मेलनमा प्रस्तुत भएका अनुसन्धानमूलक कार्यपत्र र प्रदर्शनीबाट पुष्टि भएको यस महासम्मेलनका निष्कर्ष र उपलब्धिहरूलाई यसले संक्षेपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाश पार्ने प्रयास गरिएको छ।

वैदिक ज्ञानको मूलश्रोत 'वेद'

आधुनिक विज्ञानका आविष्कारहरू र उपलब्धिहरूको ज्ञानको मूल श्रोत वेद हो। वेद प्राचीनतम, महानतम र पूर्णतम ज्ञानको श्रोत वेद विश्वसञ्चालनको प्राकृतिक संविधान हो। प्राचीन भएर पनि आधुनिक युगको सम्पूर्ण ज्ञानविज्ञानको श्रोत वेद नै हो। वेदमा विज्ञान, विधि, प्रविधि सबै छ तर त्यसको उपयोग र प्रयोग गर्न आधुनिक विज्ञानले सकिरहेको छैन। त्यसैले वैदिक ज्ञान-विज्ञान उपयोगितालाई प्रभावकारी बनाउन आवश्यक छ भन्ने निष्कर्ष यस महासम्मेलनले निकालेको छ।

वैदिक विज्ञान र आधुनिक विज्ञानलाई तुलनात्मक व्याख्या गर्दै महर्षि महेश योगीले वैदिक विज्ञानलाई पुनजागृत गर्नुभएको छ। सनातन वैदिक सभ्यता ह्रास नै हुन लागेको वर्तमान विश्वमा वैदिक विज्ञानलाई पुनजागृत गर्न सके विश्वकल्याण हुने निश्चित छ भन्ने प्रयोगमूलक तथ्यहरू यस महासम्मेलनमा प्रस्तुत भएका छन्। विश्वका वैज्ञानिकहरूको ध्यान अब वैदिक विज्ञानतर्फ फर्किएको छ। वैदिक शास्त्रहरूले देखाएको बाटोबाट नै विश्वमा र राष्ट्रहरूमा शान्ति, कल्याण, समृद्धि र परमानन्द प्राप्त हुन सक्छ भन्ने विषयमाथि महासम्मेलनमा व्यापक चर्चा गरिएको छ।

आधुनिक विज्ञानका उपलब्धिहरूलाई वैदिक विज्ञानको उच्च सहयोगमा अझ मानवोपयोगी बनाउन सकिन्छ। वैदिक विज्ञानले प्रकृतिको पनि भित्री सत्ता शुद्ध चेतनामा आधारित भएर गरेका कामबाट आधुनिक विज्ञानले धेरै उपलब्धि हासिल गर्न सक्ने तथ्य सार्वजनिक भएको छ। वैदिक ज्ञान र तथ्य अनुसार जीवन जिउनु नै हाम्रो वास्तविक उद्देश्य हो। यसको प्रयोग गर्ने मूल आधार गुरुकुल शिक्षा प्रणाली हो। यो गुरुकुलीय ज्ञान प्रणालीको परम्परालाई जोगाउनु आजको चुनौती हो। गुरुकुलीय शिक्षामा ४० वटा महत्त्वपूर्ण विधाहरू छन्। वैदिक विज्ञानका ती विधाहरूमा योग, दर्शन, शिक्षा, कृषि, आयुर्वेद, वास्तु, ज्योतिष, यज्ञ, प्रशासन, राजनीति, राज्य, राज्यसञ्चालन आदि पर्दछन्। यसका लागि वैदिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानको गहन अध्ययन अनुसन्धान आवश्यक छ भन्ने निष्कर्ष यस महासम्मेलनले निकालेको छ।

वैदिक विज्ञानमा आधारित भावातीत ध्यान

यस वैदिक विज्ञान महासम्मेलनले भावातीत ध्यानका विषयमा अझ प्रकाश पार्ने काम गरेको छ। हाम्रा मानसिक क्रियालाई शान्त गर्ने विधि नै भावातीत ध्यान हो। यो ध्यानविधि सनातन वैदिक परम्परा जीवित थियो तर कालान्तरमा यो लुप्तप्रायः भएको थियो। यसलाई पुनरान्वेषण गर्ने कार्य महर्षि महेश योगीज्यूले गर्नुभएको छ। ऋग्वेद, महर्षि पतञ्जलीको योगसूत्र, ब्रह्मसूत्र तथा उपनिषद्हरू र श्रीमद्भगवद्गीतामा यस ध्यानको विधि र सूत्रहरू छरिएर रहेका छन्। ती सबैको सारलाई समेटेर महर्षि महेश योगीज्यूले भावातीत ध्यानको विकास गर्नुभएको हो भन्ने चर्चा महासम्मेलनमा भएको छ।

महर्षि महेश योगीको भावातीत चेतनामा आधारित ध्यानबाट तनावलाई व्यवस्थापन गर्न सकिन्छ। करिब ७०० भन्दा बढी वैज्ञानिक अध्ययन अनुसन्धानबाट भावातीत ध्यानको परिणाम प्राप्त भएको तथ्य उक्त महासम्मेलनमा प्रकाशित गरिएको छ। भावातीत ध्यानले व्यक्ति र समाजको शान्ति र समृद्धिमा योगदान पुऱ्याउन सक्दछ। राष्ट्रिय एकता र विश्वबन्धुताका लागि भावातीत ध्यानको आवश्यकता छ। राष्ट्रको १% जनसंख्या मात्रले पनि ध्यान गरेमा त्यस राष्ट्रमा शान्ति हुन्छ। भावातीत ध्यानको नियमित अभ्यासबाट सामाजिक द्वन्द्व र तनावहरूलाई समाधान गर्न सकिन्छ। व्यक्तिलाई सृजनशील, उर्जावान् र सधैँ सकारात्मक दृष्टिकोणले युक्त असल मानव बनाउन भावातीत ध्यानको नियमित अभ्यासले ठूलो योगदान पुऱ्याउँछ भन्ने वैज्ञानिक तथ्यहरू महासम्मेलनमा सार्वजनिक भएका छन्।

चेतनामा आधारित शिक्षा

यस महासम्मेलनमा चेतनामा आधारित शिक्षाका बारेमा विशेष चर्चा भएको छ। वैदिक विज्ञानले प्रकृतिको पनि भित्री सत्ता शुद्ध चेतनामा आधारित भएर गरेका कामबाट धेरै उपलब्धि हासिल गर्न सकिन्छ भन्ने तथ्य सार्वजनिक भएको छ। वैदिक विज्ञानमा प्रकृतिलाई सर्वगुणसम्पन्न मानिएको छ। त्यसकै गुणबाट हामीले जीवन र जगत्लाई सहज बनाउन सक्छौं। प्राकृतिक नियमहरूबाट प्रतिबन्धित भई हामीले चेतनाको गहिराइमा पुगेर अनन्त शान्तिको अनुभव गर्न सकिन्छ। यसपछि प्राप्त ज्ञान र शिक्षाले मात्र मानव जीवनलाई समृद्धि दिन सक्छ। यो प्रक्रिया महर्षि महेश योगीजीले चेतनामा आधारित शिक्षा भन्नुभएको छ। हाल हाम्रो शिक्षा प्रणाली सूचनामा आधारित छ। यसले विद्यार्थीलाई केवल सूचनाहरूको संग्रहकर्ता बनाउँछ। शिक्षाको यो परिपाटी परिवर्तन गर्दै चेतनामा आधारित व्यावहारिक शिक्षा प्रणालीमा परिणत गर्न आवश्यक छ भन्ने अनुसन्धानका परिणामहरू सम्मेलनमा प्रस्तुत गरिएको छ।

वैदिक स्वास्थ्य (आयुर्वेद) र वैदिक आहार-विहार

वैदिक स्वास्थ्यको व्यापक चर्चा आयुर्वेदमा छ। आयुर्वेद अथर्ववेदको उपवेद हो। यसमा वैदिक औषधी विज्ञानको महानतम विधि र प्रविधिहरू रहेका छन्। नेपालको ग्रामीण समाज यसको ज्ञान अझै जीवित छ। संस्कृतका चरक र सुश्रुत संहिताहरू महर्षि चरक र सुश्रुतले आयुर्वेदका सूत्रहरूलाई लिपिबद्ध गरेका छन्। ऋषि परम्पराबाट अनुप्राणित आयुर्वेदका चार हजारभन्दा बढी हस्तलिखित ग्रन्थहरू नेपालमा पाइन्छन्। ३५०० प्रजातिका औषधिजन्य जडीबुटीहरू नेपालका पहाडि र हिमाली वनजंगलमा पाइन्छन्। यो ज्ञान र सम्पदालाई जगाउन सके नेपालले आधुनिक स्वास्थ्य उपचारमा ठूलो धनराशी खर्च गर्नुनपर्ने कुरा सम्मेलनमा चर्चा गरिएको छ।

वैदिक कृषि (अर्गानिक खेती)

खाद्य सुरक्षाको चुनौती रहेको वर्तमान सन्दर्भमा वैदिक कृषि नै सबैका लागि उपयुक्त छ भन्ने निष्कर्ष यस महासम्मेलनले निकालेको छ। आधुनिक विज्ञानले प्रयोग गरेको रसायनिक प्रविधियुक्त खेतीका कमीकमजोरीलाई हटाई प्राकृतिक अनुसन्धानबाट प्रमाणित वैदिक कृषिका लागि वैदिक विधि र प्रयोगलाई प्राथमिकता दिनु आवश्यक छ भन्ने अनुसन्धानात्मक तथ्य वैदिक कृषि विज्ञ वैज्ञानिक डा. जोन फेगनले प्रस्तुत गरेका छन् जसले वैदिक कृषिलाई सहयोग गर्छ। ग्रामिण समाजको कल्याण पनि वैदिक कृषिबाट नै हुन्छ। वैदिक कृषि सबै क्षेत्रमा गर्न सकिन्छ भन्ने अन्वेषणात्मक तथ्य वैदिक कृषि विज्ञ वैज्ञानिक डा. जोन कानहाउसको अनुसन्धानले पुष्टि गरेको रिपोर्ट सम्मेलनमा प्रस्तुत भएको छ। उनका अनुसार वैदिक कृषिका लागि नेपालको भूमि र हावापानी सर्वोपयुक्त रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



महासम्मेलनमा प्रस्तुत गौरा नाँचको झलक

वैदिक वास्तु र ज्योतिष विज्ञान

वैदिक वास्तु र ज्योतिष विज्ञान प्रकृतिको विज्ञानसँग सम्बन्धित छन् । वास्तु र ज्योतिषलाई समाजमा ज्ञानको रूपमा, शास्त्रको रूपमा र व्यवहारको रूपमा प्रयोग गर्न सकिन्छ । वैदिक वास्तु प्रकृतिका पृथ्वी, जल, तेज, वायु र आकाश जस्ता पञ्चतत्त्वको नियममा आधारित छ । यसका सूत्रहरू अथर्ववेदको उपवेद स्थापत्य वेदमा रहेका छन् । मयमत, वास्तुशिल्प, बृहत् संहिता, वास्तुरत्न, मत्स्यपुराण, अग्निपुराण आदिमा यसका नियमहरू पाइन्छन् । महर्षि महेश योगीले आफ्ना व्याख्यानहरूमा यसलाई प्रष्ट पार्नुभएको छ। आवासीय भवनहरू, शिक्षालयहरू, अस्पतालहरू, प्रशासकीय भवनहरू वास्तुअनुकूल निर्माण गर्न सके, त्यहाँ शान्ति मिल्नेछ । ठूला सहरहरू, प्रमुख नगरहरू र आवासीय क्षेत्रहरू वास्तुको प्राकृतिक नियम अनुकूल भएमा त्यहाँ शान्ति र समृद्धि हुनेछ भन्ने तथ्य डा. आइकी हर्लम्यानको अनुसन्धानले पुष्टि गरेको कुरा सम्मेलनमा सार्वजनिक गरिएको छ । साथै, ज्योतिष विज्ञानका आधारमा मुहुर्त हेरेर यज्ञ, वास्तु, कृषि, यात्रा, औषधी प्रयोग, ग्रहशान्ति आदि कार्य गरेमा मानवलाई सिद्धि प्राप्त हुने कुरामाथि प्रकाश पारिएको छ ।

निष्कर्ष

वैदिक विज्ञान तथा आधुनिक विज्ञान अन्तर्राष्ट्रिय महासम्मेलनमा प्रस्तुत भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यपत्रहरूले वैदिक विज्ञानलाई पुनजागृत गर्ने जमर्को गरेका छन् । महर्षि महेश योगीको दिग्दर्शनलाई आत्मसात गर्दै आधुनिक विज्ञानका उपलब्धिहरूलाई अझ पूर्णता दिने र मानवोपयोगी बनाउन वैदिक विज्ञानको सहयोग अपरिहार्य रहेको तथ्य सार्वजनिक भएको छ । नेपालमा विश्वका वैज्ञानिकहरूको सम्मेलन हुनु र वैदिक ज्ञान-विज्ञानको चर्चा हुनु आफैमा एउटा उपलब्धि हो । यसलाई दिनानुदिन जीवनमा पालन गर्न सके अझ समाजलाई आलोकित बनाउन यो सम्मेलनको महत्त्व अझ बढ्नेछ । वैदिक ज्ञानको गरिमा अझ फराकिलो हुनेछ ।

 ढिलो त आफ्नो तर्फबाट हुने गर्छ, परमात्मा त कल्याण गर्नका लागि तयार नै हुनुहुन्छ । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनको घोषणा खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सभाध्यक्षको समापनसभाको घोषणा

दीपकप्रकाश बास्कोटा
अध्यक्ष, नेपाल महर्षि वैदिक फाउण्डेशन

वि.सं.२०६५ साल अक्षय तृतियाको दिनबाट मैले वैदिक जीवनका साथ यो यात्रामा हिड्न शुरू गरेँ। मलाई यो अभियान कस्तो होला भन्ने लागेको थियो । तर अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन ३ दिनसम्म चलेको यो अवधिमा यहाँहरूको धैर्यता, उत्सुकता, सहभागिताबाट आज मलाई धेरै ठूलो प्रेरणा मिलेको छ। मैले त्यस दिन चालेको कदम सही रहेछ भन्ने निष्कर्षमा पुगेको छु। त्यसका लागि यहाँ उपस्थित सबै मेरो गुरू हुनुहुन्छ । साथै, यस संस्थालाई कसरी अगाडिका दिन लैजाने यहाँहरूको सल्लाह, सुभाव र प्रतिक्रियाको लागि समेत विशेष अनुरोध गर्न चाहन्छु सबै भावातीत ध्यान शिक्षकलगायत भावातीत ध्यान सिकेका ध्यानीहरूलाई यस संस्थामा सदस्यसमेत बनाई संगठनात्मक स्वरूपलाई विस्तार गर्ने होकि भन्नेतर्फ पनि हाम्रो ध्यानाकर्षण भएको छ । त्यसतर्फ आवश्यक कदम यस फाउण्डेशनले चाल्ने व्यवस्था मिलाउने कोसिस गर्नेछौं । विश्व विद्यालयमा शिक्षामात्र पाइँदो रहेछ तर ज्ञान पाउने ठाउँ होइन रहेछ जस्तो लाग्छ मलाई । ज्ञान पाउने ठाउँ त महर्षि महेश योगीले आफैभित्र छ भन्नुभएको छ । त्यो आफैभित्र भएको ज्ञानलाई हामीले खोज्नुपऱ्यो । त्यो खोज्न महर्षि महेश योगीले सबै वैज्ञानिकहरूद्वारा अनुसन्धानसमेत गराई एउटा सरल वैदिक विधि हामीलाई दिनुभएको छ, त्यो हो भावातीत ध्यान । आजका वैज्ञानिकहरूले ६०० वटा भन्दा बढी विभिन्न क्षेत्रमा अध्ययन गरी उत्कृष्ठ ठहरिएको यो विधि जसलाई हामी भावातीत ध्यान र अङ्ग्रेजीमा Transcendental Meditation भनिन्छ । हाल यस फाउण्डेशनसँग १०० जनाभन्दा बढी तालिमप्राप्त ध्यान शिक्षकहरू हुनुहुन्छ। हाम्रा ध्यान शिक्षकमार्फत ध्यान सिक्न Nepal.tm.org मार्फत समेत व्यवस्था गरिएको छ। साथै,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालभरि ८२ भन्दा बढी गुरूकुलमा पनि ध्यान शिक्षकहरू हुनुहुन्छ। हामीले ती गुरूकुलमा समेत सम्पर्क राखी ध्यान सिक्न सक्ने व्यवस्था मिलाएका छौं। तपाईहरूले आफूलाई पायक पर्ने ठाउँबाट ध्यान सिकी लाभ उठाउनुहुनेछ। भावातीत ध्यान यस्तो विधि छ जसमा कूल जनसंख्याको १% मात्र जनसंख्याले ध्यान गर्ने वा १% को वर्गमूलको संख्यामा मात्र समेत ध्यान गर्ने हो भने पनि देशको सम्पूर्णले ध्यान गरेसरह हुनेछ जुन कुरा वैज्ञानिक अनुसन्धानबाट सिद्ध भैसकेको छ। अहिले विश्वमा संस्कृत भाषा र गुरूकुल पद्धतिहरूबारे विभिन्न अनुसन्धान भैसकेको छ। महर्षिले विभिन्न विद्वान् वैज्ञानिकहरूद्वारा शिक्षासम्बन्धी अध्ययन गराउँदा चेतनामा आधारित शिक्षा नै उत्कृष्ट भेटिएको छ। अमेरिकामा रहेको विश्वविद्यालयमा समेत यसको सफल प्रयोग भैरहेको छ। **www.mum.edu** बाट त्यससम्बन्धी जानकारी पाउन सक्नुहुन्छ जसमा वैदिक विधिद्वारा आधुनिक विज्ञानको सफल अध्ययन-अध्यापन गराइरहेको छ।

यो सम्मेलन सफल पार्न सहयोग गर्नुहुने सबै र सम्माननीय राष्ट्रपतिज्यू, मन्त्रीपरिषद्का पूर्व अध्यक्ष खिलराज रेग्मीज्यू,सम्पूर्ण विदेशी अतिथिज्यू, विभिन्न विश्वविद्यालयका कुलपति, उपकुलपतिहरू तथा सदस्यहरू, उपस्थित विभिन्न संघ (संस्थाको प्रतिनिधि एवं पदाधिकारी तथा सदस्यहरू), नेपाल सरकारको वहालरहेका र अवकाशप्राप्त उच्चपदस्थ कर्मचारी वर्गहरू, नेपाली सेना, नेपाल प्रहरीका वहाल एवं सेवा निवृत उच्च पदाधिकारी एवं कर्मचारीहरू, सम्पूर्ण सुरक्षाकर्मीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। त्यस्तैगरी आयोजक संस्थाहरूका सबै सञ्चालक एवं पदाधिकारीहरू, कर्मचारी वर्ग, ध्यान सिद्धि प्रशिक्षकहरू, ध्यान शिक्षकहरू सबैलाई आ-आफ्नो तर्फबाट पुऱ्याउनुभएको योगदानको कदर गर्दै धन्यवाद दिन चाहन्छु।

महासम्मेलनको निष्कर्ष

वैदिक विज्ञान तथा आधुनिक विज्ञान अन्तर्राष्ट्रिय महासम्मेलन १७-१९ फाल्गुण, २०७५, काठमाडौं, नेपाल। विश्वमा नेपाल पहिलेदेखि नै हिमालयहरूको देशको रूपमा कहलिएको छ जहाँ पृथ्वीको सर्वोच्च स्थान रहेको छ। यो इतिहासमा साङ्ग्रीला वा पृथ्वीमा स्वर्गका रूपमा जानिएको छ। त्यसैले, अहिले यसलाई शब्दमा मात्र होईन, यसलाई आत्मासात् गर्ने बेला भएको छ।

यस क्षितिजको प्राप्तिको लागि नेपाल महर्षि वैदिक फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बास्कोटा तथा विश्व शान्ति राष्ट्रका अन्तर्राष्ट्रिय निर्देशक किङ्स्ले ब्रुक्सले १७-१९ फागुन, २०७५, काठमाडौंमा वैदिक विज्ञान तथा आधुनिक विज्ञान अन्तर्राष्ट्रिय महासम्मेलन ज्ञान तथा प्रविधिको फाईदा सर्वत्र, सबैका लागिको आयोजना गर्नुभयो। यस अन्तर्राष्ट्रिय महासम्मेलनले आधुनिक विज्ञानका नवीनतम खोजहरूमा आधारित भएर कसरी जीवनको वैदिक सिद्धान्तहरू पहिचान गर्न सकिन्छ र समाजका विभिन्न क्षेत्रमा लागू गर्न सकिन्छ जसको कारणले हाम्रो ग्रह तथा मानवतालाई फाइदा पुऱ्याउन सकिन्छ भन्नेकुराको चर्चा गरियो।

अन्तर्राष्ट्रिय महासम्मेलनको परिणामस्वरूप निम्नलिखित बुँदाहरूमा सङ्कल्पसहित यो घोषणापत्र जारी गरिएको छ।

शिक्षा–प्रत्येक विद्यालयमा चेतनामा आधारित शिक्षा लागू गरी प्रत्येक विद्यार्थीलाई मानव शरीरभित्रको वेदलाई प्रस्फुटन गराउनको लागि प्रशिक्षित गर्ने। चेतनामा आधारित शिक्षाले भावातीत ध्यान तथा भावातीत ध्यानसिद्धिलाई सम्मिलित गर्दछ जसले गर्दा विद्यार्थीहरूले आफ्नो पूर्ण क्षमतालाई जगाउनका लागि दैनिक दुईपटक आफूभित्र गहिराइमा गोता लगाउँदछन्। चेतनामा आधारित शिक्षा लागूगर्दा साबिकको पाठ्यक्रमलाई कुनै परिवर्तन गर्नुपर्दैन तर भावातीत ध्यान तथा भावातीत ध्यानसिद्धिलाई दिनको दुईपटक विद्यालय समयमा थप्नुचाहिँ पर्दछ। हामीले नेपाल सरकारको शिक्षा मन्त्रालयलाई यस प्रमाणित प्रविधिलाई लागू गरी भावी पुस्ताका लागि स्वप्रकाशित नेतृत्वकर्ताहरू बनाउन सहयोग गर्न अनुरोध गर्दछौं।

स्वास्थ्य–प्रत्येक व्यक्तिलाई कसरी स्वस्थ रहन सकिन्छ तथा कसरी बिरामी नहुने र पीडाबाट बच्ने भनेर ज्ञान दिने। यो सरलताले प्राचिन स्वास्थ्य सेवा प्रणाली आयुर्वेदको माध्यमले प्राप्त गर्न सकिन्छ। जब प्राकृतिक नियमहरूको पूर्ण प्रज्ञा वेद व्यक्तिगत शरीरमा जीवन्त हुन्छ, प्रत्येक कोषको कृया तथा सम्पूर्ण शरीरको क्रियामा पूर्ण सहकार्यता तथा सन्तुलन आउँदछ साथै व्यक्तिगत चेतना तथा ब्रह्माण्डीय चेतनामा सन्तुलन आउँदछ। यस पूर्ण एकीकरणको स्तरमा सम्पूर्ण विचार तथा क्रियाहरू स्वतःस्फूर्त प्रकृतिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समापन समारोहलाई सम्बोधन गर्दै डा. किन्स्ली ब्रुक्स

नियमानुसार हुन्छ र व्यक्तिले पूर्ण स्वास्थ्यको आनन्द लिन्छ। हामीले नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत आयुर्वेद विभागलाई यस प्रमाणित प्रविधिलाई लागू गरी भावी पुस्ताका जनतालाई स्वस्थ, खुसी तथा सफल बनाउनको लागि अनुरोध गर्दछौं।

कृषि–नेपाललाई अर्गानिक देश मात्र होइन वैदिक अर्गानिक देश बनाऔं जहाँ नेपालका प्रत्येक कृषक वैदिक अर्गानिक कृषि अभ्यासमा तालिमप्राप्त हुनेछन् । आयुर्वेदकानुसार जब भोजन शुद्ध हुन्छ त्यहाँ औषधिको आवश्यकता हुँदैन।

जब नेपालले अधिकतम पोषणयुक्त तथा जीवनपोषक अन्न उत्पादन गर्न थाल्नेछ, त्यसपछि नेपाल खाद्य शुद्धता तथा गुणस्तरमा विश्वको नेतृत्वकर्ता हुनेछ । नेपालको आर्थिक आधारको ८० प्रतिशत कृषि छ, नेपालले तुरन्तै आफ्नो राष्ट्रिय अर्थतन्त्रमा सुधार ल्याउन सक्नेछ।

वास्तुकला–प्रत्येक नागरिकलाई महर्षि वास्तु भवनमा बस्न तथा महर्षि वास्तु कार्यालय र पसलमा काम गर्नको लागि प्रेरित गर्ने किनकि व्यक्तिगत जीवन ब्रह्माण्डीय जीवन हो । व्यक्तिगत जीवनको प्रत्येक चिज ब्रह्माण्डीय जीवनसँग सामन्जस्यतापूर्ण हुनुपर्दछ । महर्षि वैदिक वास्तुकलाले भवनहरू निर्माणका लागि आयामहरू, सूत्रहरू र अभिविन्यासहरू प्रदान गर्दछ जस्ले ब्रह्माण्डीय सामन्जस्यता तथा व्यक्तिलाई शान्ति, समृद्धि तथा राम्रो स्वास्थ्य प्रदान गर्दछ र दैनिक जीवन प्राकृतिक नियमानुसार हुन्छ । फलस्वरूप दैनिक जीवन विकासको दिशामा प्रवृत्त हुन्छ। हामीले नेपाल सरकारको भौतिक योजना तथा निर्माण मन्त्रालयलाई प्रत्येक घर तथा भवन वैदिक वास्तुकलामा आधारित भएर निर्माण गरी त्यहाँ बस्ने व्यक्तिले पोषणयुक्त प्रभाव प्राप्त गर्ने सुनिश्चितता गर्न अनुरोध गर्दछौं।

रक्षा–सैनिकहरूको भूमिका भनेको दुश्मनको जन्म हुन नदिनु हो । महर्षिको रक्षाको विशिष्ट प्रविधि प्रयोग गरी सैनिक तालिम दिने र १००० जना विशेषज्ञको समूह बनाउने जसले दिनको दुईपटक भावातीत ध्यान तथा भावातीत ध्यानसिद्धिको अभ्यास गर्ने जसले गर्दा नेपाल अजेय बन्नेछ र राष्ट्रले अजेय शान्तिको श्वास लिन सक्नेछ । हामीले सैनिक तथा प्रहरीलाई के अनुरोध गर्न चाहन्छौं भने जति सक्दो चाँडो सैनिकको रोकथाम शाखा (Prevention Wing) स्थापनाको लागि अनुरोध गर्दछौं।

सरकार तथा प्रशासन–सरकारको निरपेक्ष सिद्धान्तको सूत्र भनेको यौगिक उडानकर्ताहरूको समूह बनाउने र शान्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा विशिष्ट गुणयुक्त प्रशासन प्रदान गर्नु हो । सरकार भनेको राष्ट्रको शुद्ध तथा निर्दोष ऐना हो जस्ले विश्वसनीय रूपमा यसलाई जे देखायो, त्यही परावर्तन गर्दछ । कुनै पनि सरकारले सत्यताको पछाडि आफूलाई लुकाउन सक्दैन किनकि सरकार राष्ट्रको निर्दोष ऐना हो । सरकारको उत्तरदायित्व भनेको जनतालाई प्राकृतिक नियमहरूको पूर्ण ज्ञान प्रदान गर्नु हो र उनीहरूलाई गल्ती तथा पीडाबाट बचाउनु हो । व्यक्तिका चेतनाले उसका गतिविधिहरूलाई प्रतिबिम्बित गरेजस्तै राष्ट्रका चेतनाले राष्ट्रका गतिविधिलाई प्रभाव पार्दछ । सरकारले सामूहिक चेतनामा सहसम्बद्धता निर्माण गर्ने समूह बनाई आफ्ना जनताको जीवनयापनलाई प्राकृतिक नियमहरूसँग पूर्ण संरक्षित गरी समस्याविहिन प्रशासनको सुनिश्चितता गर्नुपर्दछ ।

धर्म तथा संस्कृति–प्रत्येक व्यक्तिले स्वाभाविक रूपमा आफ्नो समृद्ध साँस्कृतिक परम्परा प्राप्त गर्न सक्दछ जसले राष्ट्रिय जीवनलाई गौरवमय बनाउँदछ र प्रगतिलाई टेवा दिन्छ। यदि नेपालले १००० जना यौगिक उडानका विशेषज्ञहरूको समूह निर्माण गरी दिनको दुईपटक भावातीत ध्यान तथा भावातीत ध्यानसिद्धि कार्यक्रमको प्रविधिलाई प्रयोग गरेमा नेपालले स्वाभाविक रूपमा देशमा देखिएका आन्तरिक वा बाह्य नकारात्मक प्रभावहरूलाई निष्प्रभावी बनाउन सक्दछ र शान्तिपूर्वक सम्पूर्ण परम्परा, धर्म तथा अन्य राष्ट्रहरूसँग सहअस्तित्व स्थापना गर्न सक्दछ ।

यी सबै उद्देश्यहरूको प्राप्ति सरल छ–भावातीत भएर हामीले हामीभित्र प्रज्ञामा रहेको प्राकृतिक नियमहरूसँग सम्बन्ध स्थापित गर्नुपर्दछ । यस कुरालाई हामीले भावातीत ध्यानको प्रविधिमार्फत सहजताले पूरा गर्न सक्दछौं ।

अन्त्यमा,

कुनै पनि कामले कसले कसरी कहिले प्रारम्भ गर्ने भन्ने पनि एउटा बहस बन्न सक्छ । असल कार्य अरूले गरिदेओस् भनेर पर्खने होइन, बरू आफ्नो बुताबाट आफै प्रारम्भ गर्नुपर्छ । हामीले परम्परादेखि पालना गर्दैआएका नियमित कर्म र साधनालाई आधुनिक विज्ञानको प्रभावबाट बिर्सदैआएका कार्यलाई व्यक्ति-व्यक्ति र परिवारबाट प्रारम्भ गर्‍यौं भने यसको प्रभावबाट राज्य पनि अलग हुन सक्दैन । त्यसका लागि हाम्रो सल्लाह यस्तो छ ।

क. पहिलो शर्त स्वास्थ्य हो । अस्वस्थ व्यक्ति जो होस् उसबाट केही अपेक्षा गर्न सकिन्न । त्यसकारण -

१. खाद्य तथा कृषि उत्पादनलाई शुद्ध (केमिकल र विषादिरहित) बनाउने, खाने र अरूलाई खुवाउने।
२. रोगको उपचारभन्दा पहिले रोकथामका लागि आयुर्वेद र प्राकृतिक उपचारको ज्ञान प्राप्त गरी नियमित रूपमा त्यस्तो उत्पादन गर्ने (खाद्यान्न र शुद्ध पानी कसरी खाने कति खाने, कहिले खाने आदि इत्यादिको ज्ञान हासिल गरी कर्म गर्ने) ।
३. दैनिक गृहस्थीका लागि चाहिने परिष्कृत योग साधना, प्रयासहीन तर प्रभावकारी भावातीत ध्यान www.tm.org र www.nepal.tm.org र सिद्धि कार्यक्रम नित्य गर्ने–गराउने ।
४. वास्तुसम्मत घरमा बस्ने र व्यवहार तथा व्यवसाय गर्ने ।
५. वैदिक शिक्षा भनेको चेतनामा आधारित शिक्षाको माध्यमबाट छोराछोरीलाई पठनपाठन गराउने ।
६. ज्योतिषीय परम्परा विज्ञानसम्मत रहेको हुनाले जुन-जुन कर्म र यात्राहरूमा संलग्न हुनु छ, त्यसनिम्ति असल मुहुर्तमा जुराएरमात्र गर्ने-गराउने । सफलताका लागि वा अनिष्ट रोकथामका लागि आवश्यकता अनुसार ग्रहशान्ति गर्ने-गराउने ।
७. वैदिक ज्ञान र प्रविधिका बारे पुस्तान्तरण गर्न सत्सङ्ग, सम्वाद, अध्ययन, अनुसन्धान र प्रचारको काम जति सकिन्छ, गरिरहने ।

मलाई लाग्छ, यतिमात्र गर्न सके पनि वैदिक सनातन परम्पराको जग कदापि हल्लिनेछैन । फलस्वरूप आजको व्यक्तिगत तथा सामाजिक अवस्थामा नसोचिएको शान्ति र समृद्धि प्राप्त हुँदै जानेछ अनिमात्र राष्ट्रले सोचेको कुरा वा लिएको सङ्कल्प पूरा हुँदै जानेछ । यसलाई हामी वैदिक जीवन शैली भन्दछौं । थप जानकारीका लागि निम्नानुसारका साइटहरू अध्ययन गर्नुहुन अनुरोध गर्दछु-

www.mum.edu
www.vedicnepalconference.org
www.tm.org, www.maharishi.org.np
www.nepal.tm.org र
www.globalgoodnews.com

जय गुरूदेव ।

 जबतक विश्वास दृढ हुँदैन तबतक परमात्माको यथार्थ दर्शन सम्भव हुँदैन । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिनारी खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्माननीय विद्यादेवी भण्डारी

नेपालका राष्ट्रपति

सन् २०१५ मा राष्ट्रपति निर्वाचित हुनुअघि राष्ट्रपति भण्डारी नेपाल कम्युनिष्ट पार्टीकी उपाध्यक्ष एवं अखिल नेपाल महिला संघकी अध्यक्ष हुनुहुन्थ्यो। Forbes ले वहाँलाई संसारका सबैभन्दा शक्तिशाली १०० महिलाको सूचीमा ५२ औं स्थानमा राखेको छ। यसभन्दा पहिला उहाँ नेपाल सरकारको रक्षामन्त्रीका रूपमा काम सम्हाल्ने पहिलो महिला हुनुहुन्छ। राष्ट्रपति भण्डारी सन् १९९० को दशकमा वातावरण र जनसंख्या मन्त्री हुनुहुन्थ्यो र आजका दिनसम्म वातावरण जागरण अभियान र महिला अधिकारका लागि चासो राखिरहनुहुन्छ। सन् २०१७ जुन महिनामा प्रकृति संरक्षण र दिगो विकासमा सहयोग वृद्धिका विषयमा छलफलका लागि स्वीट्जरलैण्डको ग्लैण्डमा IUCN (प्रकृति संरक्षणको लागि अन्तर्राष्ट्रिय संस्था) हेडक्वार्टरको भ्रमण गर्नुभयो।

टोनी नादर MD, PhD, MARR

भिडियो कन्फ्रेन्सद्वारा संबोधन



डा. टोनी नादर MARR एक MIT र हार्वड प्रशिक्षित मेडिकल डाक्टर, न्यूरोसाइनटिष्ट, र संसारका महान् वैदिक विद्वान्मध्येकाएकहुनुहुन्छ।वहाँको प्रशिक्षणमा MIT बाट मस्तिष्क र संज्ञानात्मक विज्ञानमा पिएचडी गर्नुका साथै आन्तरिक चिकित्सा, मनोचिकित्सा र न्यूरोलोजी पर्दछन्। वहाँ मेसाचुसेट्स जनरल हस्पीटल र हार्वड मेडिकल स्कूलमा न्यूरोलोजी क्लिनिकल र रिसर्च फेलो हुनुहुन्थ्यो र MIT (एमआईटी) मा क्लिनिकल रिसर्च सेन्टरमा सहायक निर्देशक हुनुहुन्थ्यो।

डा. नादरले न्यूरोकेमेष्ट्री, न्यूरो एंडोक्रिनोलोजी र भोजन, उमेर, व्यवहार, मनोदशा, मौसमी प्रभाव र न्यूरोटाँस्मीटर र हार्मोनल गतिविधिका बीचमा सम्बन्धन, अनुसन्धान गर्नुभएको छ। वहाँ मन र शरीर, चेतना र शरीर विज्ञानको सम्बन्धमा थुप्रै वैज्ञानिक पुस्तक तथा कृतिहरूका लेखक हुनुहुन्छ।

डा. नादारलाई महर्षिले आयुर्वेद र वैदिक ज्ञानका विभिन्न क्षेत्रमा परिचित गराउनुका साथै प्रसिद्ध वैदिक विद्वान्को निर्देशनमा प्रशिक्षण र मार्गदर्शन गराउनुभयो। वहाँ महर्षि आयुर्वेद विश्वविद्यालयहरूमा अन्तर्राष्ट्रिय अध्यक्ष बन्नुभयो। वहाँले आयुर्वेदिक रसायनहरूका बारेमा पहिलोपटक अनुसन्धान गर्नुभयो। हजारौं आयुर्वेदिक डाक्टर हरूलाई आयुर्वेदको एक पद्धति जसलाई सेल्फ पल्स (Self Pulse) भनिन्छ, को प्रशिक्षण दिनुभयो।

केही वर्षसम्म डा. नादारले महर्षि महेश योगीको साथमा काम गर्नुभयो जसले सन् १९५८ मा पहिलोपटक Transcendantal Meditation या भावातीत ध्यान संसारमा प्रस्तुत गर्नुभयो। वहाँले (महर्षि योगी) भावातीत ध्यानको वैज्ञानिक शोध र वैदिक विज्ञानका अन्य पक्षहरूमा विश्वको सबैभन्दा पुरानो परम्पराको ज्ञान दिनुभएको छ।

डा. नादारले वैदिक साहित्यको प्रत्येक पक्षसँग मानव शरीर विज्ञानको एक विशिष्ट क्षेत्र र शरीर रचनाको साथै कोषिका र डिएनएको सह-सम्बन्ध देखाउँदै यो सफलतापूर्वक निष्कर्ष निकाल्नुभयो कि मानवशरीर विज्ञान, वेद र वैदिक साहित्यको अभिव्यक्ति हो। यो वहाँका प्रकाशित पुस्तकहरू मध्ये ५ वडा पुस्तकहरूको विषयवस्तु हो। वहाँले मानवशरीर रचनामा रामायण विषयक एक पुस्तक पनि प्रकाशित गर्नुभयो जसमा वेदको वैज्ञानिक महत्त्वको गठन विस्तार गर्‍यो। डा. नादारका उपलब्धिहरू र आधुनिक विज्ञान र वैदिक विज्ञानमा गहन विशेषज्ञताको सम्मानमा महर्षिले वहाँलाई महाराजा अधिराजराजन (MARR) को उपाधि दिनुभयो।

महर्षि महेश योगीका उत्तराधिकारीको रूपमा डा. नादर एक सयभन्दा बढी देशमा अन्तर्राष्ट्रिय भावातीत ध्यान संगठनका प्रमुख हुनुहुन्छ। अमेरिकादेखि लिएर युरोपसम्म, सुदूर पूर्वदेखि अष्ट्रेलियासम्म सम्पूर्ण क्षेत्रको सुधारका लागि **TM** (टिएम) कार्यक्रम र यसको व्यावहारिक उपयोगिताको मार्गदर्शन गर्नुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. युकिओ हातोयामा

पूर्व प्रधानमन्त्री, जापान (भिडियो कन्फरेन्सद्वारा सम्बोधन)

डा. युकिओ हातोयामा सन् २००९ देखि २०१० सम्म जापानको प्रधानमन्त्री हुनुभएको थियो । वहाँले २५ वर्षभन्दा बढी जापानी हाउस अफ रिप्रिजेन्टेटिभको रूपमा सेवा गर्नुभयो र साथै सन् १९९६ मा आफ्ना भाइ तथा डेमोक्रेटिक पार्टी जापानसँग सहस्थापना गर्दै यसको अध्यक्ष तथा सचिवको रूपमा सेवा गर्नुभयो जसले सन् २००९ को चुनाव जित्न वहाँलाई सहजताको भूमिका प्रदान गऱ्यो ।

डा. हातोयामा एक महत्त्वपूर्ण प्रमुख जापानी उच्च राजनैतिक परिवार, सफल राजनीतिज्ञ तथा शिक्षाविद्का रूपमा चिनिनुहुन्छ। उहाँको जिजुबुबा सन् १८९० को दशकमा प्रतिनिधि सभाको अध्यक्ष तथा वासेदा विश्वविद्यालयको पनि अध्यक्ष हुनुहुन्थ्यो भने वहाँको जिजुमुवा कियोरित्सुले महिला विश्वविद्यालयको स्थापना गर्नुभएको थियो । वहाँको हजुरबुबाले डेमोक्रेटिक पार्टी र लिवरल डेमोक्रेटिक पार्टी दुवैको स्थापना गर्नुभयो। वहाँ सन् १९५४ देखि १९५६ मा जापानको प्रधानमन्त्री भएर काम गर्नुभयो। त्यसैगरी वहाँको बुबा जापानको विदेशमन्त्री र वहाँकै भाइ संचारमन्त्री भएर काम गर्नुभयो ।

डा. हातोयामाको प्रधान मन्त्रीकालमा निकै उपलब्धिमूलक काम भएका छन्, जस्तै अनावश्यक खर्चको कटौती, पारिवारिक जीवन, शिक्षा, स्वास्थ्य तथा आवास सुधार आदि। वहाँले चीन अमेरिकालगायत अन्य देशसँग राम्रो वैदेशिक सम्बन्धको विकास गर्नुभयो। वहाँको अर्को प्रमुख काम जापानिज (न्यूल्कियर) परमाणु रिएक्टरको सधैं विरोध गर्नुहुन्थ्यो ।

सन् २००६ मा टाइम पत्रिकाले आफ्नो वार्षिक टाइम १०० अंकमा डा. हातोयामालाई संसारको छैठौ सबैभन्दा प्रभावशाली व्यक्तिको रूपमा प्रकाशित गऱ्यो । त्यसैगरी दिल्ली शिखर सम्मेलन सन् २०१० ले वहाँलाई विकास नेतृत्व पुरस्कार प्रदान गऱ्यो। वहाँको अर्को महत्त्वपूर्ण मुद्दा "जलवायु परिवर्तन" ले पार्ने असर र यसको सजगता र समाधान पनि हो ।

डा. हातोयामाले स्टैनफोर्ड युनिभर्सिटी यू.एस.ए. बाट औद्योगिक ईन्जिनियरीङ्ग विषयमा पि.एच.डी. गर्नुभयो । वहाँ विगत वर्षहरूमा टोकियो इन्स्टिच्यूट अफ टेक्नोलोजी र सेंसु यूनिभर्सिटीमा प्रोफेसर हुनुहुन्थ्यो । वहाँ हाल होइकु एनर्जी ग्रुप लिमिटेडका एक वरिष्ठ सल्लाहकार तथा यसका चेयरमेनका रूपमा कार्यरत हुनुहुन्छ ।

डा. जोन हेग्लिन



डा. जोन हेग्लिन एक विश्वप्रसिद्ध क्वाँन्टम भौतिक शास्त्री, विज्ञान तथा सार्वजनिक नीति विशेषज्ञ, शिक्षाविद्, लेखक तथा शान्तिका प्रवक्ता हुनुहुन्छ । हालमा वहाँ महर्षि व्यवस्थापन विश्वविद्यालयका अध्यक्ष तथा ग्लोवल यूनियन अफ साइन्टिस्ट फर पिस (www.gusp.org) का अध्यक्षका रूपमा काम गर्दै हुनुहुन्छ ।

डा. हेग्लिनले CERN (The European Centrer for Particle Physics) तथा Standford Linear Accelerator Center (स्टेनफोर्ड लिनिएर एक्सीलेरेटर) का अग्रणी शोधकर्ता भएर अनुसन्धान गर्नुभएको छ। वहाँ सुपरस्ट्रीङ्गसँग आधारित एक अत्याधिक सफल ग्रेण्ड युनिफाइड फिल्ड थ्योरीको विकासका लागि उत्तरदायी व्यक्तित्व हुनुहुन्छ। यो यस्तो सिद्धान्त (Theory) हो जुन Discovery पत्रिकाको मुखपृष्ठमा चित्रित गरिएको थियो ।

यसदेखि बाहेक डा. हेग्लिन पछिल्ला वर्षहरूमा मानवीय चेतनाको आधारहरूको वैज्ञानिक अनुसन्धानमा आफ्नो समय व्यतीत गरिरहनुभएको छ । वहाँ मस्तिष्क विकासमा भावातीत ध्यान तथा शिक्षा पुनर्स्थापना, अपराध तथा सामाजिक हिंसामा देखापरेका समस्या र अभिघातपछि विकसित हुने तनाव आदि जस्ता जटिल समस्यालाई सम्बोधन गर्न ध्यानको उपयोगिताका बारेमा अनुसन्धान गर्ने महत्त्वपूर्ण अनुसन्धानकर्तामध्ये एक हुनुहुन्छ। डेविड लिंच फाउण्डेशनको संस्थापक अध्यक्षको रूपमा डा. हेग्लिनले लाखौं जोखिमयुक्त बालक, वृद्ध, र सकृय सेवक पुरुष

 स्वधर्मानुष्ठान गर अनि संसारदेखि राग कम गर्दै परमात्मामा राग वढाऊ। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा महिलाको लागि प्रमाणमा आधारित ध्यान ल्याउनमा (लगाउन) मद्दत गर्नुभएको छ।

डा. हेग्लिन दोशी ब्रिज विल्डर अवार्ड (Doshi Bridge Builder Award) र प्रतिष्ठित Kilby Award जुन विज्ञान र प्रविधिको क्षेत्रमा प्रायोगिक अनुसन्धान मार्फत समाजमा योगदान पुऱ्याउने वैज्ञानिकलाई सम्मान गर्ने अवार्डबाट विभूषित हुनुहुन्छ। सो अवार्डले डा. हेगलिनलाई आइन्स्टाइन, जिन्स, बोर र एडिङ्टनको परम्पराका वैज्ञानिकका रूपमा सम्मान गरेको छ।

डा. हेग्लिन एबीसीको नाइटलाईन, एनबीसीको मीट द प्रेस, सीएनएनको Larry King Live कार्यक्रममा धेरै पटक देखिनुभएको छ। वहाँ Washington Post, NewYork Times, Wall Street Journal र अन्य प्रमुख महानगरिय समाचार-पत्रमा नियमित रूपमा देखापर्नुहुन्छ।

डा. नील पेटरसन



डा. नील पेटरसन महिर्ष महेश योगीको साथमा ३० वर्षभन्दा बढी समय अध्ययन तथा कार्य गर्नुभएको छ। वहाँले सन् १९८२ मा महर्षि युरोपियन रिसर्च युनिभर्सिटी, सेलिसवर्ग, स्विट्जरलैण्डबाट क्रियटिव इंटेलिजेंस (DSCI) विज्ञानमा विद्यावारिधिको उपाधि प्राप्त गर्नुका साथै सन् १९९३ मा महर्षि वैदिक विश्वविद्यालय नेदरल्याण्डबाट महर्षि वैदिक विज्ञान (DVS) मा विद्यावारिधिको उपाधि प्राप्त गर्नुभयो।

डा. पेटरसन हाल महर्षिद्वारा स्थापित एक अन्तर्राष्ट्रिय फाउण्डेशन ब्रह्मानन्द सरस्वती फाउण्डेशनका महासचिव हुनुहुन्छ जसको उद्देश्य योग तथा यज्ञका वैदिक प्रविधिको दैनिक प्रयोगको माध्यमबाट विश्वशान्ति स्थापनाका लागि भारत र नेपालमा महर्षि वैदिक पंडितको ठूलो समूहको स्थापना गर्नु र सोमा स्थायित्व दिनु हो। डा. पेटरसन वैदिक प्रशासनलाई पूरा संसारमा लागू गर्ने जिम्मेवारीका साथ विश्वव्यापी शान्तिका लागि (Global Peace) विश्वव्यापी प्रशासनका Global Minister (मन्त्री) को रूपमा पनि काम गरिरहनुभएको छ।

डा. जोस लुइस अल्वारेज रोजेट



डा. जोस लुइस अल्वारेज रोजेटले महर्षि महेश योगीको साथमा ३० वर्षभन्दा बढी लामो समयसम्म अध्ययन तथा सहकार्य गर्नुभयो। वहाँले महर्षि युरोपियन रिसर्च युनिभर्सिटी (MERV) सेल्सवर्ग स्वीट्जरलैण्डबाट सिर्जनात्मक बौद्धिक विज्ञान (Creative Intellegence Science) मा आफ्नो विद्यावारिधिको डिग्री र सन् १९९३ मा महर्षि वैदिक विश्वविद्यालय नेदरल्याण्डबाट महर्षि वैदिक विज्ञान (DUS) मा अर्को विद्यावारिधिको डिग्री प्राप्त गर्नुभयो। डा. रोसेट महर्षि महेश योगीद्वारा शिक्षा सरकार तथा सैन्य प्रशिक्षणमा चेतनाको वैदिक प्रविधिको प्रयोगका लागि एक अग्रणी विशेषज्ञ हुनुहुन्छ। वहाँले ल्याटिन अमेरिकाका २३ देशका २५० भन्दा बढी स्कूलमा चेतनाको वैदिक विज्ञानको शुरुवात गर्नुभयो जसमा १,९५,००० भन्दा बढी विद्यार्थीहरू भाग लिइरहेका छन्। यी कार्यक्रमहरूको परिणाम यति सकारात्मक भए कि जसले ब्राजिल, मेक्सीको, इक्वेडोर र अन्य देशका सरकार र शिक्षाका नेताहरूलाई प्रेरणा दियो। यसबाहेक वहाँले ल्याटिन अमेरिकाका केही देशका विशेष गरेर इक्वेडरका सेनालाई एक प्रशिक्षण कार्यक्रमको रेखदेख गर्नुभयो जहाँ हजारौं सैन्यकर्मीले आफ्नो प्रशिक्षणमा वैदिक विज्ञानको उपयोग गरेका छन्।

डा. जोन फागन



डा. जोन फागन खाद्य र कृषि प्रणालीमा स्थिरता तथा जैविक सुरक्षा र खाद्य प्रमाणिकता सम्बन्धी एक अग्रणी निकाय (Authority) हुनुहुन्छ। वहाँ जैविक प्रयोगको क्षेत्रमा एक सफल उद्यामी हुनुहुन्छ जसले Global ID Group को स्थापना, निर्माण र बिक्री गर्दै खाद्य शुद्धता, सुरक्षा र स्थिरताको स्थायित्व गर्न र अघि बढाउनका लागि नवीन आणविक जीव विज्ञान, जैविक रसायन र कर्नल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वविद्यालयबाट कोशिका जीवन विज्ञानमा पिएचडी गर्नुभएको छ । वहाँको वायो मेडिकल अनुसन्धानले कार्सिनोजेनेसिसमा आणविक संयन्त्रको जाँच गरेको छ र डाइअक्साइ दिन र पीसीबी जस्ता वातावरणीय विषाक्त पदार्थको सेलुलर र जीन नियमक प्रभावको अनुमान गरेको छ। वहाँका शोधहरू प्रमुख विज्ञान पत्रिकाहरूमा प्रकाशित भएका छन् र लाखौं डलरका पुरस्कारहरूको सहयोग प्राप्त भएको छ जसमा विश्व प्रतिष्ठित राष्ट्रिय स्वास्थ्य अनुसन्धान कैरियर विकास पुरस्कार पनि पर्दछ। हाल डा. Fagan (फागन) स्वास्थ्य अनुसन्धान संस्थान (www.hrilabs.org) को सीईओ तथा प्रमुख वैज्ञानिक हुनुहुन्छ। डा. फागन महर्षि युनिभर्सिटी अफ मेनेजमेन्ट (महर्षि व्यवस्थापन विश्वविद्यालय) मा आणविक जीवविज्ञानका प्रोफेसर (प्राध्यापक) हुनुहुन्छ जहाँ वहाँले चेतनाको उच्चतर राज्यमा आणविक जीवविज्ञान बुझ्नका लागि ट्राँसक्रिपटामिक र मेटाबोलिक दृष्टिकोणको उपयोग गरेर एक अनुसन्धानको नेतृत्व गरिरहनुभएको छ । डा. फागन एक अन्तर्राष्ट्रिय प्रशासक तथा विश्व शान्तिको विश्वव्यापी कृषि मन्त्री (Global Agriculture Minister) का रूपमा कार्यरत हुनुहुन्छ। यसका साथै वहाँ ग्लोवल यूनियन अफ साइन्टिस्ट फर पिस (Global Union of Scientists for Peace) को उपाध्यक्षका रूपमा कार्यरत हुनुहुन्छ।

डा. जोन कोनहाउस

डा. जोन कोनहाउसले फ्रंकलिन र मार्सल कलेज अमेरिका र लैंमेस्टर विश्वविद्यालय युकेबाट जीव विज्ञान र रसायन विज्ञानमा फी वेटा कप्पा (Phi Beta Kappa) स्नातक गर्नुभयो। वहाँले महर्षि वैदिक विज्ञानमा स्नातकोत्तर डिग्री महर्षि व्यवस्थापन विश्वविद्यालय (Maharshi University of Management) बाट गर्नुभयो। वहाँले महर्षि महेश योगी र भारतका वैदिक पंडितहरूका मार्गदर्शनमा वैदिक कृषि विज्ञानलाई विकसित गरेको १० वर्षपछि महर्षि युरोपियन रिसर्च युनिभर्सिटी स्विट्जरलेण्डबाट महर्षि वैदिक जैविक कृषि (Maharshi Vedic Organic Agriculture) मा पिएचडी गर्नुभयो। डा. कोनहौस महर्षि युनिभर्सिटी अफ मेनेजमेन्ट अमेरिकामा वैदिकका प्राध्यापक हुनुहुन्छ। यसका साथै वहाँ महर्षि जैविक कृषि संस्थान अमेरिका र भारतका अध्यक्ष पनि हुनुहुन्छ।

Dr. Christopher Crowall



डा. Crowell ले युनिभर्सिटी अफ क्यालिफोर्निया वर्कलेबाट शिक्षा हासिल गर्नुभयो। वहाँ महर्षि युनिर्भर्सिटी अफ मेनेजमेन्ट USA बाट स्नातकोत्तर र महर्षि युरोपियन रिसर्च सेन्टर स्विट्जरलैण्डबाट Science of Creative Intelligence (साइन्स अफ क्रियटिव इन्टेलिजेनस) मा विद्यावारिधि गर्नुभयो । वहाँलाई महर्षिले विश्वशान्तिका लागि संसारका सबै देशका (Global Countries) धर्म र संस्कृति मन्त्रीका रूपमा नियुक्ति गर्नुभएको थियो र महर्षिको वैदिक विज्ञान चेतनाको माध्यमबाट सांस्कृतिक अखण्डता, राष्ट्रिय एकता र विश्व सद्भावलाई प्रश्रय दिने कार्यका लागि विश्व भ्रमण गर्नुभयो । डा. Crowell (क्रवेल) Global Country of Global Peace को Global Council (ग्लोवल काउन्सील) का सदस्य र अफ्रिकामा Institute for Excellence का निर्देशक हुनुहुन्छ। वहाँ ब्रह्मानन्द सरस्वती ज्योतिष फाउण्डेसनका अध्यक्ष र ब्रह्मानन्द सरस्वती ट्रष्ट संयुक्त राज्य अमेरिकाका एक निर्देशक हुनुहुन्छ जसले भारत र नेपालमा महर्षि वैदिक पंडितहरूको विश्वव्यापी शान्ति (Global Peace) सिर्जना गर्ने समूहलाई समर्पण/सहयोग गरिरहेको छ।

Lother Pirc

लोथर पिर्क आयुर्वेद र समग्र स्वास्थका अन्तर्राष्ट्रिय प्रस्तावक हुनुहुन्छ । मि.पिर्क पुरस्कार बिजेता र महर्षि आयुर्वेद स्वास्थ्य केन्द्र वेड एन्स जर्मनीका संस्थापक हुनुहुन्छ । वहाँले पछिल्लो २५ वर्षमा संसारभरका हजारौं जनताका लागि महर्षि

 विचारपूर्वक संसारको क्षणभंगुरतालाई पुष्ट गर, त्यसैबाट कामनाहरू संकुचित हुनेछन्। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुर्वेदको प्राकृतिक समय परीक्षण पद्धतिबाट स्वास्थ्यलाभ गराउनुभयो । वहाँले युरोप, रुस, भारत, जापान मध्यपूर्व, अफ्रिका, मेक्सिको, ब्राजील, क्यानडा, नेपाल र अमेरिकामा चिकित्सकहरूको राष्ट्रिय स्वास्थ्य संगठन तथा सरकार र व्यापार जगत्का केही ठूला नेताहरूसँग छलफल गर्नुभयो । मि.पिर्क भावातीत ध्यान कार्यक्रमका प्रामणिक (Certified) शिक्षक हुनुहुन्छ । ४ दशकदेखि विश्व शान्तिका लागि अन्तर्राष्ट्रिय कार्यक्रममा सक्रिय हुनुहुन्छ । वहाँलाई डिल्लीराज्यका मुख्यमन्त्रीद्वारा संसारमा आयुर्वेद अनुसन्धान, प्रयोग र विचार कार्य गरेवापत संगठनात्मक सामाजिक वैदिक सेवाका लागि ग्लोबल हकिम अनमल खान पुरस्कार २००७ बाट सम्मानित गऱ्यो । त्यसैगरी वहाँलाई सन् २००६ मा भएको एकेडेमी अफ साइन्सेजको रुसी धार्मिक संगठन पेट्रन (Patrons of century) को तर्फबाट शान्ति, महानता, मन र महान् परोपकारमा उत्कृष्ट कार्य गरेवापत "अनर एण्ड गुड (Honer and Good)" का लागि स्वर्ण पदक प्रदान गरेको थियो । सोही संगठनले २००८ मा वहाँलाई EURAMA (यूरोपियन आयुर्वेदिक मेडिकल एसोसियसन) को महासचिवका लागि चुन्यो । सन् २०१२ मा लोथरले नेपालमा वैदिक संस्कृतिका लागि नेपाल महर्षि फाउण्डेशन नामक एक जर्मन फाउण्डेसन को स्थापना गर्नुभयो जसले नेपालको एक अनौठो (विशेष) र कालजयी सांस्कृतिक परम्परा वैदिक परम्पराको संरक्षणका लागि युरोपमा कोष खडा गऱ्यो ।

Dr. Kingsley Brooks



डा. ब्रुक्सले महर्षि महेश योगीको विश्वव्यापी संगठनको साथ ४६ वर्षसम्म काम गर्नुभयो जसको सुरुवात सन् १९७२ मा फुगी इटलीमा भयो जहाँ वहाँलाई महर्षिले भावातीत योगको शिक्षकका रूपमा प्रशिक्षण दिनुभयो । वहाँले १५ वर्षसम्म अमेरिकाको फेयरफिल्ड आयोवामा महर्षि विश्व विद्यालयका विज्ञान, प्रविधि र सार्वजनिक नीति प्रशासनिक निर्देशकको रूपमा काम गर्नुभयो । पछिल्लो १० वर्षदेखि वहाँ इजरायल, दक्षिण र उत्तर कोरिया, नेपाल, जर्जिया, अफगानिस्तान, युक्रेन, र अजरवैजानमा महर्षिको कार्यक्रमको विकासमा रेखदेखका लागि Global Country of World Peace का वरिष्ठ अन्तर्राष्ट्रिय निर्देशकको रूपमा काम गर्दै हुनुहुन्छ । वहाँ स्वास्थ्य कर्मीका लागि अन्तर्राष्ट्रिय महर्षि फाउण्डेशनको निर्देशक मण्डलको सदस्य हुनुहुन्छ । महर्षि वैदिक विश्वविद्यालयका अध्यक्ष, पाठ्यक्रम सल्लाहकार (MVUCC) नेदरल्येण्ड, अध्यक्ष फाउण्डेशन फर महर्षि टावर अफ इनविजिविलीटी (MTI) नेदरलैण्डमा पनि हुनुहुन्छ । डा.ब्रुक्सले मार्लवोरो कलेज युएसए (Marlboro College USA) बाट स्नातक (Cum Laude) गर्नुभएको छ । त्यस्तै गरी औद्योगिक डिजाइनमा MFA रोड आइलैण्ड स्कूल अफ डिजाइन USA (1976) र MA in Science of Creative Intelligence महर्षि युनिभर्सिटी अफ मेनेजमेन्टबाट सन् १९९२ मा र महर्षि विश्वविद्यालयबाट Doctor of Political Science को उपाधि सन् २००५ मा प्राप्त गर्नुभएको छ ।

Ashley Deans, PhD

डा. Ashley (एसले डिन) एक अन्तरिक्ष भौतिक वैज्ञानिक हुनुहुन्छ जसले 'क्वान्टम कस्मोलोजी' अन्तरिक्ष विज्ञान र समाजशास्त्रमा नेतृत्वमूलक विज्ञान पत्रिकाहरूमा धेरै लेख, रचना प्रकाशित गर्नुभएको छ । वहाँले हावर्ड कलेज अब्जर्भेटोरी, केम्ब्रिज, म्यासाचुसेट्स, संयुक्त राज्य अमेरिका र कोल्हम सेन्टर फ्युजन एनर्जी अक्सफोर्ड सायर युकेमा अनुसन्धान गर्नुभएको छ । वहाँले सन् १९६९ मा बेलाईतको इम्पेरियल कलेज लण्डनबाट भौतिक शास्त्रमा स्नातक अनर्स भयो । वहाँले आफ्नो पिएचडी सन् १९७६ मा Center for Research in Earth and Space Science, योर्क युनिभर्सिटी टोरन्टो क्यानडाबाट गर्नुभयो र क्यानडाको राष्ट्रिय अनुसन्धान परिषद्बाट पोष्ट फेलोसिप प्राप्त गर्नुभयो । हाल वहाँ रोयलकलेज अफ साइन्स (Royal College of Science) का एसोसियट हुनुहुन्छ । एक शिक्षकका रूपमा Dr. Dean ले ८० भन्दा बढी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशको यात्रा गर्नुभएको छ जुन अवसरमा वहाँले चेतनामा आधारित Consciousness Based शिक्षा विषयमा आमन्त्रित प्रवचन दिइरहनुभएको छ। वहाँको पुस्तक "A Record of Excellence" र प्रकाशित लेखहरूले सो मष्तिष्क आधारित दृष्टिकोणको लाभका बारेमा वर्णन गरेका छन्। यस कार्यका लागि वहाँलाई Sears Roebuck Foundation Teaching Excellence र Compus Leadership पुरस्कार प्राप्त भएको छ। हाल वहाँ डेभिड लिंच फाउण्डेशन (David Lynch Foundation) का लागि अन्तर्राष्ट्रिय कार्यक्रमका निर्देशक र Global Union of Scientists for peace का कार्यकारी निर्देशक हुनुहुन्छ।

धर्मावलम्बीहरूका लागि महर्षि वैदिक विज्ञान चेतना प्रदान गर्दै आउनुभएको छ। वहाँले ४० भन्दा बढी देशमा विभिन्न सरकारी अधिकारीहरू, सांस्कृतिक नेताहरू, शिक्षक तथा विभिन्न विकास एजेन्सी प्रमुखहरूलाई चेतना विकास गर्नका लागि महर्षिका कार्यक्रमहरू प्रस्तुत गर्नुभयो। वहाँ धर्म तथा संस्कृति मन्त्रालय र ब्रह्मानन्द सरस्वती ज्योतिष फाउण्डेशन दुवैको निर्देशक हुनुको साथै महर्षि ओपन यूनिभर्सिटी हल्याण्डको संस्थापक सदस्य पनि हुनुहुन्छ। महर्षि वैदिक विज्ञान पाठ्यक्रमद्वारा सबै धर्म, संस्कृति, भाषालाई महत्त्व दिइआएको छ। डा. क्राउल इन्स्टिच्यूट फर एक्सीलेन्सको निर्देशक र मध्यपूर्वी देशका राष्ट्रिय नेताहरूको स्थायी सम्मेलनको सदस्य पनि हुनुहुन्छ।

डा. ईके हार्टमेन



डा. हार्टमेनले महर्षि महेश योगी संग ३० वर्षभन्दा बढी अध्ययन गर्नुभयो र वैदिक विज्ञान अन्तरगत वास्तुकला क्षेत्रमा अनुसन्धान तथा यसको विकासमा तत्कालिन वैदिक वास्तुशास्त्र विशेषज्ञलाई सहयोग तथा सहकार्य गर्नुभयो। डा. हार्टमेनले महर्षि वैदिक विश्वविद्यालय, नेदरल्याण्डबाट वैदिक विज्ञानमा डाक्टरेटको उपाधि प्राप्त गर्नुभएको हो। वहाँ महर्षि यूनिभर्सिटी अफ मेनेजमेन्ट यू.एस.ए.को निर्देशक मण्डलको अध्यक्ष, वैदिक सिटी योजना संस्थानको सि.ई.ओ. कार्य गर्दै आउनुभएको छ।

डा. एन. क्राउल

डा. एन. क्राउलले महर्षि युरोपीय अनुसन्धान विश्वविद्यालय (MERU) स्विट्जरल्याण्डबाट साइन्स अफ क्रिएटिव इन्टेलिजेन्स (DSCI) मा डाक्टरेट उपाधि लिनुभएको हो। वहाँ विश्व शान्ति, धर्म तथा संस्कृति मन्त्रालयको निर्देशक हुनुहुन्छ। वहाँले आफ्नो श्रीमान् डा. क्रिस कुबेलसँग सहकार्य गर्दै सबै संस्कृति तथा

Dr. Leslie Brooks

Dr. Leslie Brooks ले Pennstate University UA (पेन स्टेट यूनिभर्सिटी) बाट वायोकेमेष्ट्रीमा बि.एस को डिग्री लिनुभयो र महर्षि इन्टरनेशनल यूनिभर्सिटी, फेयरफिल्ड, आयोवा यूएसएबाट उच्च शिक्षा प्रशासनमा एम.ए. डिग्री प्राप्त गर्नुभयो। वहाँले २५ वर्षसम्म महर्षि अन्तर्राष्ट्रिय विश्वविद्यालयमा विभिन्न नेतृत्व पदमा काम गर्नुभयो। पछिल्लो २० वर्षसम्म वहाँ अन्तर्राष्ट्रिय स्तरमा आफ्नो श्रीमान् Kingsley Brooks का साथमा इजरायल, दक्षिण र उत्तर कोरिया, नेपाल, जर्जिया, युक्रेन, अजरवैजान र अफ्रिकामा Global Country of World Peace (GCWP) को कार्यक्रम संचालन गर्ने काम गरिरहनुभएको छ। सन् २००५ मा उहाँले महर्षि युनिभर्सिटी अफ वर्ल्ड पीसबाट राजनीति विज्ञानमा विद्यावारिधि लिनुभयो।

++

साथै, नेपाली कार्यपत्र प्रस्तोताहरूको चिनारी कार्यपत्र प्रस्तुतिकै क्रममा संकेतमात्र गरिएको छ। खास गरी नेपाली कार्यपत्र प्रस्तोताहरूको विशेषज्ञताका आधारमा कार्यपत्र लेखनको जिम्मा दिइएकोले त्यसैबाट उहाँहरूको चिनारी खुल्ने विश्वास राखिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यपत्रको सारांश खण्ड

सारांश खण्ड तयारी समिति

संयोजक

डा. माधवप्रसाद पाण्डे

सदस्य

सह-प्रा.डा. विमला शर्मा

सह- प्रा. कमला ज्ञवाली

उप-प्रा.डा. प्रकाश तिवारी

सहायक प्रा. अमरराज ढकाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वैदिक आदर्श "यो संसार मेरो परिवार हो" "वसुधैव कुटुम्बकम्" को प्राप्ति क्रिस्टोफर क्रोवेल

'यो संसार मेरो परिवार हो' (वसुधैव कुटुम्बकम्) को वैदिक आदर्शले सामाजिक सद्भावको विश्वव्यापी आकांक्षालाई प्रतिबिम्बित गर्दछ।

यद्यपि, व्यक्तिगत तथा सामूहिक चेतनामा रहेको तनावले विश्वभरि सङ्घर्ष बढ्दै सांस्कृतिक, जातीय र धार्मिक रेखाहरूलाई पार गर्दै छ, सरकार, नागरिक, नेताहरू, शिक्षाविद्हरू सबैले राष्ट्रिय स्थिरता र एकताको यो चुनौतीलाई सम्बोधन गर्ने बाटो खोज्दै छन्।

महर्षिको वैदिक ज्ञानको परम्पराप्रतिको अन्तर्दृष्टिले तनावमा कमी र मस्तिष्कको कार्यमा अधिक सामञ्जस्यतासँगै चेतनाको विकासको लागि एक सर्वमान्य दृष्टिकोण प्रदान गर्छ। कसैले पनि अधिक एकीकृत मस्तिष्कको आधारमा आफूमा अन्तरनिहित क्षमताको अधिक प्रयोग गर्दै संज्ञानात्मक प्रकृया र आगामी कार्यबीच सामनज्यस्यता ल्याउन सक्छ। अहिलेका अधिकांश शिक्षा प्रणालीहरूले विद्यार्थीहरूको सोचाइ र व्यवहारको स्तरमा मात्र प्रभाव पार्छ र यस्तो प्रणालीहरूले व्यवस्थित रूपमा चेतनाको क्षेत्र तथा यससँग सम्बन्धित मस्तिष्कको गतिविधिलाई व्यवस्थित रूपमा विकास गर्दैन। सामाजिक सौहार्दतामा वृद्धिको लागि जुन चिजको कमी छ, त्यो चेतनामा आधारित दृष्टिकोण हो जसलाई कुनै पनि अवस्थामा लागू गर्न सकिन्छ।

संसारभरिमा भावातीत ध्यान पद्धतिको व्यापक प्रयोगबाट यो देखाउँछ कि यो पद्धति सिक्न र अभ्यास गर्न सजिलो छ। प्राकृतिक (मन र शरीरको जन्मजात क्षमताको उपयोग गर्छ।) सर्वमान्य (जीवन शैली या परंपराहरूमा विश्वास या परिवर्तनको कुनै पनि दर्शन शास्त्रलाई सामेल गर्दैन र अभ्यासको पहिलो दिनबाटै तत्काल प्रभाव पैदा गर्छ।

भावातीत ध्यानमा विस्तृत वैज्ञानिक अनुसन्धान र यसको उन्नत प्रविधिको संकेतः

मस्तिष्क कार्य पद्धतिको विकास-इ इ जि सामंजस्यतामा वृद्धिः मस्तिष्कको कार्यमा अधिक सामंजस्यताः मस्तिष्कको रक्त प्रवाहमा वृद्धिः र अदृश्य संचित मस्तिष्कको उपयोगमा वृद्धि। भावातीत ध्यानले हिडाइ, निन्द्रा वा सपना देख्नु वा आरामदायिक विकल्पभन्दा फरक चेतनाको चौथो प्रमुख अवस्था उत्पन्न गर्ने सुझावको साथसाथै अनुसन्धानले देखाएको छ कि शरीरले निकै गहिरो आरामा प्राप्त गर्छ।

व्यक्तिगत अनुभवको विकास (चिन्ता र तनाव कमी, आत्मबोधमा वृद्धि, सिर्जनशीलतामा वृद्धि, बुद्धिमत्तामा वृद्धि, स्वतन्त्रताको क्षेत्रमा वृद्धि, अत्यधिक शारीरिक स्थिरता र शान्ति र संतुलित मनोभावमा वृद्धि, अधिक भावनात्मक स्थिरता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सकारात्मक मूल्यहरूको लागि अधिक अभिमुखिकरण । अधिक सामंजस्यतापूर्ण व्यवहार (अधिक सहनशीलता; अरूको बढी कदर; नैतिक परिपक्वतामा वृद्धि, आत्मविश्वास तथा आत्म (आश्वासन)मा वृद्धि; विश्वास तथा ग्रहण गर्ने क्षमतामा वृद्धि; अनुभवको लागि बढी खुलापन; विपरित चिजलाई सार्थक रूपमा हेर्ने क्षमतामा वृद्धि; तनावमा शांत प्रतिक्रिया; सहकर्मीहरूसँग सम्बन्धमा सुधार, पारंपरिक धार्मिक मूल्यको सम्मानमा वृद्धि; पारस्परिक सम्बन्ध सुमधुर बनाउने क्षमतामा वृद्धि; सामाजिक परिपक्वतामा वृद्धि; आक्रामकतामा कमी; सहानुभूतिपूर्ण व्यवहारको विकासमा सहयोगी र हेरविचार गर्ने स्वभाव र अरूलाई काम गर्न सक्षम बनाउन नेतृत्वदायी व्यवहारमा वृद्धि । समाजमा धेरै सकारात्मक प्रवृत्ति (अपराधमा कमी; हिंसात्मक अपराधमा कमी; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय द्वन्द्वमा कमी; आतंकवाद र हिंसात्मक द्वन्द्वमा कमी; राष्ट्रिय सकारात्मकता मनोदशामा वृद्धि; राष्ट्रहरूबीचको सद्भावमा वृद्धि; क्षेत्रीय द्वन्द्वमा कमी तथा शांतिको दिशामा ठूलो प्रगति; शहरी जीवनको गुणस्तरमा सुधार र आत्मविश्वास तथा आर्थिक समृद्धिमा वृद्धि । भावातीत ध्यानको शान्ति । निर्माण प्रभाव र यसको उन्नत तरिकाहरूलाई ५० भन्दा बढी अनुकरणहरू र सहकर्मीहरूले समीक्षा गरेको वैज्ञानीक पत्रिकाहरूमा प्रकाशित २३ वटा अध्ययनहरूले पुष्टि गरेको छ । यस चेतनामा आधारित दृष्टिकोण जुन महर्षि महेश योगीद्वारा आफ्नो शुद्धता र प्रभावशीलतामा वैदिक परम्पराबाट पुनर्स्थापित गर्नुभएको थियो, सामाजिक सद्भाव सिर्जना गर्न एक शक्तिशाली तरिकाको प्रतिनिधित्व गर्दछ र राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न कुनै पनि व्यापक दृष्टिकोणमा समावेश गरिनुपर्छ ।

वैदिक वास्तु र वास्तु शहरी योजना डा. ऐक हार्टमैन

वैदिक वास्तुको उद्देश्य व्यक्तिगत एवं सामाजिक वास्तु शान्ति निर्माण गर्नु हो । महर्षि महेश योगीले भारतवर्षको वैदिक सभ्यताबाट प्राप्त पुरातन निर्माण प्रणालीलाई आधुनिक सार्वभौमिक र पारिस्थितिक आधुनिक भवन योजना निर्माण गर्नुभएको छ । उक्त शहरी योजनालाई आधुनिक भौतिक विज्ञानका आधारभूत सिद्धान्तहरूद्वारा प्रमाणित गरिएको छ । उक्त शहरी योजनाबाट जीवन र समाजका साथै विश्वमा बृहत् शान्ति ल्याउने काम गरेको छ ।

विश्व शान्ति र यसका सहायक संस्थाहरू तथा वैदिक पण्डितहरूबाट वैदिक वस्तु निर्माणका योजनाहरू बढाएको छ । महर्षि वास्तुकलाको प्रणाली अनुसार हरेक किसिमका नयाँ भवनहरू, सुविधाहरू कुनै अतिरिक्त लागतविना नै निर्माण गर्न सकिने सुझाइएको छ । पुरातन वास्तु शहरी योजनाका आधारमा नयाँ शहरी संरचनाको सिफारिस गरिएको र एकै समयमा स्वास्थ्य, धन र आनन्दमा योगदान पुऱ्याउने एक आदर्श वैदिक सभ्यताको उदाहरण प्रस्तुत गरिएको छ ।

Dr. Yukio Hatoyama, Former Prime Minister of Japan

मेरी श्रीमती मियूकि मेरा पुत्र किइचिरो र म यस भावातीत ध्यानप्रति अत्यन्तै आकर्षित छौं । भावातीत ध्यानको ज्ञानको कारण हामी अत्यन्तै सुखद् पारिवारिक जीवन बिताइरहेका छौं र यसका लागि हामी कृतज्ञ छौं । यसले मलाई शान्ति र सुखको लागि अझ बढी योगदान गर्न दृढ तुल्याएको छ । हाम्रा पुर्खाले शान्ति, खुसी र समृद्धि प्राप्तिका लागि ठूलो मेहनत गरे पनि इतिहासमा द्वन्द्व र युद्धहरू दोहरिएका छन् । कैयौं पुस्तापछि रिचर्ड निकोलस वन जसरी आमा जापानी हुनुहुन्थ्यो, वहाँले भ्रातृत्वको महत्त्व प्रवर्धन गर्नुभयो । हालको विश्व राजनीतिलाई हेर्ने हो भने भ्रातृत्वको महत्त्व अत्यन्तै ठूलो छ । यसका मुख्य दुई अवधारणा छन् एउटा स्वतन्त्रता र अर्को सह-अस्तित्व । महर्षि महेश योगीले हामीलाई यो सम्झाइ दिनुभएको छ कि यस ब्रह्माण्डमा भएका सबै चिजहरू एक-आपसमा अन्तरक्रिया गर्छन् र तिनले एक-अर्कालाई प्रभाव पार्छन् । वहाँ व्याख्या गर्नुहुन्छ जो व्यक्ति शान्तिपूर्वक बाँच्छ, उसले परिवार र देशहरूमा शान्ति ल्याउँछ र अन्तोगत्वा विश्व शान्तिलाई योगदान पुऱ्याउँछ । भावातीत ध्यानको अभ्यासबाट हामी मानसिक र शारीरिक तनावलाई छोड्न सक्छौं । एउटा वैज्ञानिकका हैसियतले म यो भन्छु कि भावातीत ध्यानको प्रभाव धेरै वैज्ञानिक तथ्याङ्कहरूले पुष्टि गरेका छन् । अन्त्यमा म यो भन्न चाहन्छु कि नेपाल र भारतका प्रतिनिधिहरूले यो बुझ्नुभएको छ कि प्राचीन वैदिक अभिव्यक्तिले भ्रातृत्वको भावना - **बसुधैव कुटुम्बकम्** समाहित गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Dr. Bevan Morris

यू.एस. स्थित महर्षि व्यवस्थापन विश्वविद्यालय अमेरिकाको मुटुमा आधुनिक वैदिक जीवनको नमूना।

महर्षि व्यवस्थापन विश्वविद्यालय चेतनामा आधारित संसारकै पहिलो संस्था हो। भारतका प्रसिद्ध वैदिक ऋषि महर्षि महेश योगीले सन् १९७१ मा यसको स्थापना गरेका हुन्। चेतनामा आधारित वैदिक शिक्षा सबैभन्दा प्राचीन र पूर्ण शैक्षिक प्रणाली हो। वैज्ञानिक अनुसन्धानले चेतनामा आधारित शिक्षा फलदायी हुन्छ भन्ने निष्कर्ष निकालेको छ। भावातीत ध्यानले दिमागको कार्यलाई उत्कृष्ट बनाउँदछ जसले विद्यार्थीलाई आफ्नो सम्भाव्यता प्रयोग गर्न सहयोग पुऱ्याउँदछ। यसले रचनात्मकता, सिक्ने क्षमता र बौद्धिकता वृद्धि गर्दछ। भावातीत ध्यानमा बढ्दो जागरण, घट्दो चिन्ता, बढ्दो शान्तिपना र सहनशीलता हुन्छ। यसमा स्व-महसूसीकरण, घट्दो अस्पताल भर्ना, बढ्दो बृद्धत्व र बढ्दो स्वविकास हुन्छ। खण्डीकृत पद्धतिले गर्दा विद्यार्थीहरू निश्चित विषयमा मात्र केन्द्रित हुने हुँदा संसारभरि नै मानिसको दिमागको केही भागमात्र विकसित भएको छ।

यसले गर्दा दिमागले गर्ने कार्यमा छिद्र उत्पन्न हुन्छ जसको कारणले सबै प्रकारका दुर्व्यवहार प्राकृतिक नियमको उल्लंघन तथा समस्या र असफलताहरू भइरहेका छन्। भावातीत चेतना, आत्माले मात्रै सम्पूर्ण दिमागलाई क्रियाशील बनाउन सक्दछ। चेतनामा आधारित शिक्षाले यी सबै कमजोरीहरू हटाउँछ र मानिसका दिमागको पूर्ण सम्भाव्यता उजागर गर्दछ। नेपालका सबै विद्यालयहरूमा यो कार्यक्रम लागू गरिएको छ जसले गर्दा त्यहाँका विद्यार्थीहरूले सकारात्मकताको घनिभूत निर्माण र सामूहिक चेतनामा सामन्जस्यता कायम गर्दछ। महर्षिले भावातीत ध्यानलाई यति सजिलो बनाइदिएका छन् कि दस वर्षको बालकले पनि यो गर्न सक्दछ। यो विश्वविद्यालय महर्षि र उनका गुरुप्रति आभारी छ। हाम्रो कम्प्युटर विज्ञान विभाग सबैभन्दा ठूलो पेशागत स्नात्तकोत्तर कार्यक्रम हो जसका दीक्षित विद्यार्थीहरू १००० भन्दा बढी कम्पनीहरूमा कार्यरत छन्। त्यस्तै हाम्रो अनुसन्धान संस्थाले अमेरिकी राष्ट्रिय स्वास्थ्य संस्थाबाट चौबीस मिलियन अमेरिकी डलर अनुदान पाएको छ।

महर्षि स्कूल अमेरिकाको सबैभन्दा उत्कृष्ट स्कूलहरूमध्येको एक हो। यदि अमेरिकाको आयोवा यो गर्न सकिन्छ भने नेपालको हरेक कुनाकाप्चामा पनि अविलम्ब यो लागू गर्नुपर्दछ।

वैदिक ज्ञानको वैज्ञानिक पुनर्जीवन: आधुनिक युगका लागि एक पुनर्जागरण

John Hagelin, PhD, President **महर्षि व्यवस्थापन विश्वविद्यालय, यू.एस.ए.**

शाश्वत वैदिक विवेक अन्तिम सत्य अर्थात् आत्माको ज्ञान र अनुभवमा आधारित हुन्छ। वैदिक ज्ञानको नयाँ बुझाइ र त्यसबाट निश्रितः अन्तिम सत्य एकीकृत अध्ययनको क्षेत्रको रूपमा बुझिन्छ जुन गणितीय रूपमा 'स्टिङ्ग थ्योरी' आधुनिक भौतिक शास्त्रको रूपमा 'एम थ्योरी'को नामले चिनिन्छ। महर्षिले छरिएर रहेका वैदिक साहित्यलाई संग्रहित गरी एक पूर्ण र व्यावहारिक विज्ञानको संरचनाको रूपमा पुनर्प्रतिपादन गर्नुभयो। वहाँले सयभन्दा बढी देशका लाखौं व्यक्तिहरू, हजारौं विद्यालयहरू, व्यवसायहरू र स्वास्थ्य संस्थाहरूमा यो ज्ञान अवलम्बन गर्न उत्प्रेरित गर्नुभयो। चेतनामा आधारित शिक्षा आत्माको प्रत्यक्ष र दैनिक अनुभवमा अडिएको हुन्छ। महर्षि व्यवस्थापन विश्वविद्यालयले नेतृत्व लिएर संयुक्त राज्य अमेरिकामा लागू गरेको शिक्षा अहिले संसारभरि नै फैलिएको छ। शायद आजको हिंसात्मक विभाजित विश्वमा वैदिक ज्ञानको आधुनिक पुनर्जीवनले एक नयाँ अत्यन्त प्रभावकारी स्थलगत परिक्षित विधिहरू लागू गरेको छ जसमा ठूलो मात्राको सामूहिक ध्यान (योग) र यज्ञ समाविष्ट छन् जसले आतङ्कवाद, अपराध र सामाजिक हिंसालाई रोक्न तथा एकता र सामाजिक सामन्जस्यतालाई प्रवर्धन गर्दै विश्व शान्तिको निर्माण र निरन्तरता दिइरहेको छ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

यस अर्थमा नै लोक दुःखी छ कि उसको कुनै इष्ट छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजको युगमा वेदको उपयोगिता

प्रा.डा. ऋषिराम पोखरेल



१. सृष्टिदेखि सृष्टिसम्मका समग्र ज्ञानविज्ञानलाई हेर्ने आँखा हो वेद ।

२. विद्वान्हरू प्रमाणहरूलाई वेदद्वारा नै जाँच्ने गर्दछन् ।

३. वैदिक सँस्कृति विश्वको पहिलो सँस्कृति सम्पदाको स्रोत हो ।

४ **उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत**
सर्वे ह्यस्मिन् देवता गावो गोष्ठमिवोपासते ।
तस्माद्वै विद्वान् पुरुषमेवेदं ब्रह्मेति मन्यते ।
अथर्ववेद ११।८।३२

५. वेदका कतिपय मन्त्रमा सय र हजार पँखेटा भएका पानी जहाज, आकाशमार्गमा उड्ने जहाज, जल र थल दुवै ठाउँमा हिड्ने-गुड्नै एउटै विमानको चर्चा पनि पाइन्छ । ऋग्वेद १/११६/३

६. चन्द्रमामा माटो राखिएको चर्चा पनि छ वेदमा । यजुर्वेद वा.सं. १/२८

७. पृथ्वीले सूर्यलाई आ-आफ्नो केन्द्रलाई समेत परिक्रमा गर्ने तथ्यको पनि वेदमा उल्लेख छ ।
आयौः पृश्निरक्रमीदसदन्मातरं पुरः ।
पितरञ्च प्रयन्त्स्वः ॥ ३।८ शुक्ल यर्जुवेद ३।६

८. नही ज्ञानेन सदृशं पवित्रमिहविद्यते

९. वेद अवशेष ज्ञानको भण्डार हो । त्यसैले वेद पढ्नुपर्दछ ।

१०. वेद पढ्नाले ज्ञानविज्ञानको बोध हुन्छ । वेद पढ्नाले ईश्वर र आत्मा विषयक विचार सर्वत्र र सदाकाल रहन्छ । वेद पढ्नाले सर्वत्र सदाकाल ईश्वरको सत्ताको बोध हुन्छ । वेद पढ्नाले धर्मार्थ-काम-मोक्षरुपी पुरुषार्थ चतुष्टय प्राप्त हुन्छ । मानव जीवनलाई सम्पूर्ण रूपमा सार्थक बनाउन सकिन्छ ।

११. आचार्य कणादले न्याय वैशेषिक दर्शनमा वास्तव ज्ञानलाई स्मरण र अनुभवका रूपमा उपस्थयन/प्रतिस्थापन गरेका छन् ।

१२. गर्ने माध्यम विद्या २ प्रकारका छन् । पराविद्या र अपराविद्या ।

१३. भौतिक सम्पतिसँगमात्र सम्बन्ध राख्ने सान्सारिक व्यवहारको विद्या अविद्या हो ।

१४. आध्यात्मिक चिन्तन-योग, ध्यान, आत्मचिन्तन, ईश्वरसत्ता बोध, यम, नियम, प्राणायम, आदिधर्म सदाचार, उपकार, सेवाभाव, आत्मसंयम आदिलाई वेदले विद्या मानेको छ । विद्या परा अपरा च ।

१५. ईश्वरोपनिषद्का अनुसार विद्या र अविद्या दुवै जान्नुपर्दछ ।
क) अविद्याले दुर्घटना, दुःख, दुर्यश, अभाव जस्ता

 समयको एकदम सदुपयोग गर ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सांसारिक संकटबाट छुट्कारा दिन्छ।

ख) विंद्याले अजरता, अमरता तथा मुक्ति दिलाउँछ।

१६. शाण्डिल्योपनिषद्का अनुसार यो विश्व ब्रह्माण्डको नायक एउटै छ, सर्वज्ञ छ, सबै प्राणीभित्र बसेको छ र यो सर्वत्र छ।

१७. धर्म भन्नाले चोरी, मिथ्या वचन, अनाचार, दुराचार, दुर्वचन, दुर्भोजन, दुश्चितन, दुःसङ्ग, हत्या, हिंसा जस्ता आमानवीय व्यवहार नगरी सदाचारी हुनु हो।

श्रूयतां धर्मसर्वस्वं श्रुत्वा चैवावधार्यताम्।
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्। महाभारत
प्रत्यहं समवेक्षेत नरश्चरितमात्मनः।
किन्नु मे पशुभिस्तुल्यं किन्नु सत्पुरुषैरपि॥
श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम्।
धारणाद्धर्ममित्याहु धर्मो धारयते प्रजाः।
यः स्याद् धारणसंयुक्त अधर्मस्तद् विपर्ययः॥
मुहूर्तमपि जीवेत नरः शुक्लेन कर्मणा।
न कल्पमपि जीवेत लोकद्वयविरोधिना॥

१८. शतपथब्राह्मण अनुसार मानिस भन्नाले मननशील प्राणी हो।

१९. अरूको चित्त नदुखाउने, नराम्रो काम कुरा नगर्ने व्यक्ति मानिस हो।

२०. ऐतेरेयब्राह्मण-अनुसार सोचविचार गरेर परिणाममा कतै कसैलाई प्रतिकूल असर नपार्ने व्यक्ति नै मनुष्य हो।

२१. शाण्डिल्योपनिषद्का माध्यमले वेदले बताएअनुसार प्राणायम, प्रत्याहार, धारणा, ध्यान, समाधिको ज्ञान गरी दया, दान, तप, क्षमा, अक्रोध, धृति यी दश गुण पालना गरेमा मानव कल्याण सुखशान्ति, समुन्नति, आत्यान्तिक दुःख निवृत्ति तथा त्रितापोन्मुलन हुन्छ।

२२. मनुष्य नै सबै देवताको प्रतिनिधि हो।

२३. मनुष्य जीवनलाई नै परिष्कार गर्दै देवशरीरमा प्राप्त गराउनु पर्दछ।

मनुष्यावै विश्वेदेवः
मनुष्यरथे नैतदेवरथ मभ्यधितिष्ठति

२४. मानिसले यो लोक र परलोक दुवै विशुद्ध राख्नका लागि पञ्चतत्त्व पृथ्वी, जल, तेज, वायु, आकाश, अर्थात् पृथ्वी, पानी, प्रकाश वायु र आकाशलाई स्वच्छ राख्नुपर्दछ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वीय वैदिक मूल्यको पश्चिमी समाजमा परेको प्रभाव

प्रा.डा. कृष्णचन्द्र शर्मा



वेद संस्कृत भाषामा लेखिएको विश्वमा उपलब्ध सबैभन्दा प्राचीनतम वाङ्मय हो। विद् धातुबाट वेद शब्दको निर्माण भएको हो। ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चारवटा वैदिक संहिताहरू मुख्य रूपमा हाल उपलब्ध छन्। श्रुतिपरम्पराबाट जीवन्त वेद स्वरूपका दृष्टिले वेदलाई विभिन्न भागमा विभाजन गरिएको पाइन्छ। यज्ञका दृष्टिले होता नाम गरेका ऋत्विकले पढ्ने ऋग्वेद, अध्वर्यु नामक ऋत्विकले पढ्ने यजुर्वेद, उद्गातानामका ऋत्विकले पढ्ने मन्त्र सामवेद र ब्रह्मा नामक ऋत्विकले पढ्ने मन्त्र अथर्ववेद। वेदका मन्त्र र ब्राह्मण दुई भाग छन्। मन्त्रहरूको संकलन संहिता हो। मन्त्रको व्याख्या ब्राह्मण ग्रन्थ हो। साहित्यिक दृष्टिले वेदका संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् गरी चार भाग पाइन्छन्। वेद-अध्ययनको आफ्नै तरिका र पद्धति छ। त्यसमा कत्ति पनि फरक वा अन्तर गर्न पाइँदैन। यही कडा नियम र अनुशासनकै कारण हजारौं वर्षसम्म पनि वेदको शुद्धता कायम रहन सकेको हो। वेदका ६ वटा शाखाहरू छन् जसलाई वेदाङ्ग भनिन्छ। ती हुन् - शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष। क्रमशः शिक्षाले मन्त्रको उच्चारण गर्न, कल्पले कर्मकाण्ड किन, कहाँ र कसरी गर्ने भन्ने सिकाउन, व्याकरणले शब्दको प्रकृति-प्रत्यय निरूपण गरी अर्थ जान्न, निरुक्तले व्याकरणबाट स्पष्ट नभएका पदको अर्थज्ञान दिन, छन्दले छन्दको ज्ञान र नियोग सिकाउन र ज्योतिषले विभिन्न यज्ञका लागि आवश्यक समय, तिथि, मिति, योग, नक्षत्र निर्णय गर्न सहयोग गर्दछन्। वेदका संहितापाठ, पदपाठ, क्रमपाठ, क्रमजरापाठ, मालापाठ, पुष्पमालापाठ, क्रमशिखापाठ, क्रमरेखापाठ, क्रमध्वजपाठ, क्रमदण्डपाठ, क्रमरथपाठ र घनपाठ जस्ता गुरुमुख प्रणालीहरूले वेदार्थ बुझ्न सहयोग पुऱ्याउँदछन्। वेदका विभिन्न शाखाहरू छन्। ऋग्वेदका २१ शाखा, कृष्णजुर्वेदका ८६ शाखा, शुक्लयजुर्वेदका १५ शाखा, सामवेदका १००० शाखा, अथर्ववेदका ९ शाखा गरी हाल ११३१ शाखाहरू उपलब्ध छन्। प्रत्येक शाखाका मन्त्र संहिता, ब्राह्मण ग्रन्थ, आरण्यक ग्रन्थ, उपनिषद् ग्रन्थ र शिक्षाग्रन्थहरू रहेका छन्। त्यसकारण वेदको क्षेत्र विशाल छ र यसको महत्त्व अद्भूत छ। यही वैदिक ज्ञान र वेदको महत्त्व विस्तारै पाश्चात्य क्षेत्रमा फैलन थाल्यो। पाश्चात्य क्षेत्रका विद्वानूहरू वेदबाट प्रभावित भए। पाश्चात्य क्षेत्रका विद्वानूहरूले संस्कृत भाषाका काव्य, साहित्य, गीता आदिग्रन्थबाट शिक्षण शास्त्रज्ञानमा प्रविष्ट गरेर विस्तारै वेदको ज्ञानमा प्रवृत्त भए। थ्यूडोर बेनफे, थ्यूडोर अउफेक्ट, अलफ्रेड, लुड्विग्, हरमान ग्रासमान, कार्ल एफ्, गेल्डनर, एडोल्फ, काएगी, रिचर्ड पेशल आदि सयौं पाश्चात्य विद्वानूहरूले वैदिक ज्ञानको खोजी गरे। साथै, पाश्चात्य देशमा वैदिक आदर्शलाई स्थापित गर्न मुख्य रूपमा स्वामी विवेकानन्द, स्वामी योगानन्द, योगी अरविन्द, स्वामी प्रभुपाद, महर्षि योगी लगायतका भारतीय मनिषीहरूको अहम् भूमिका रहेको पाइन्छ। वहाँहरूले वैदिक सभ्यता, संस्कार र परम्परालाई पाश्चात्य क्षेत्रका जिज्ञासुहरूलाई बोध गराएर पूर्वीय ज्ञानको ज्योतिलाई विश्वजगत्‌मा फैलाउन महत्त्वपूर्ण भूमिका बहन गर्नुभयो।

धर्म गर साथै अधर्मलाई छोड। -जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत वाङ्मयमा अन्तर्निहित संस्कृति

विदुषी कान्ता भट्टराई

संसारका धेरै भाषाहरूको जननीभाषा संस्कृत भाषा हो। प्राचीन इतिहास र पुरातात्त्विक महत्त्वका ग्रन्थहरू संस्कृत भाषामा लेखिएका छन्। वेद, वेदाङ्ग, उपनिषद्, ब्राह्मण्डकग्रन्थ, पुराण-उपपुराण र काव्यमहाकाव्यलगायतका ग्रन्थहरू संस्कृत भाषामा नै लिपिबद्ध छन्। संस्कृत वाङ्मयभित्र धेरै कृतिहरूको रचनां भएको पाइन्छ।

आध्यात्मिक र भौतिक जगत्मा संस्कृत वाङ्मयको अद्वितीय योगदान रहेको छ। पछिल्लो समयमा पनि कालिदास, भवभूति, श्रीहर्ष, माघ, भारवि, मम्मट, विश्वनाथ आदि विद्वान् हरूले पनि संस्कृत भाषाको सम्बर्द्धनमै जीवन व्यतीत गरेको पाइन्छ। हाम्रा प्राचीन पुरातात्त्विक शिलालेख, आचरण, संस्कार, पद्धति, चाडपर्व आदिले पनि संस्कृतजगत्को व्यापकता र विस्तारलाई आत्मसात गरेका छन्। संस्कृतवाङ्मयका वेद, वेदाङ्ग, उपनिषद्, आयुर्वेद, योग, ध्यान, प्राकृतिक चिकित्सालगायतका विधाहरूले आज पाश्चात्य देशका विद्वान्हरूको ध्यानलाई आकर्षित गरेका छन्। हाम्रो उच्च संस्कार, सभ्यता, शिक्षा जीवन पद्धति विश्वकै उत्कृष्ट सिद्ध भएको छ। "वसुधैव कुटुम्बकम्" विश्वका सबै हामी एउटै परिवारका हौं।

"सर्वेभवन्तु सुखिनः" जस्ता उदात्त चिन्तनले मानवसभ्यताको उच्चस्वरूप वैदिक संस्कृति भएको पुष्टि हुन्छ। मानवजीवनको मूल लक्ष्य धर्म, अर्थ, काम र मोक्षको मार्ग प्राप्त गर्ने वैयक्तिक, सामाजिक, आर्थिक, राजनैतिक, आध्यात्मिक, ज्ञान-विज्ञानको अद्भूत ज्ञानस्रोत वैदिक विज्ञान हो। यो नै हाम्रो संस्कृति हो। सभ्यता हो। आदर्श र मूल जीवन पद्धति हो। यसले जन्मदेखि मृत्युसम्मका संस्कारहरूको वैज्ञानिक विवेचना, वर्णव्यवस्था, आश्रमव्यवस्था र सामाजिक सुरक्षा, संस्कार, सभ्यता र विकासको उच्चत्तम नमूना नै वैदिक संस्कृति हो। आज विश्वमा जे-जस्ता उन्नति, प्रगति र समृद्धि प्राप्त भएको छ। त्यो वैदिक संस्कृतिको अनुपम देन हो। साथै, विश्वमा जे-जस्ता विकृति, विसङ्गति विध्वंस र संहार भएको छ, त्यो सनातन वैदिक संस्कृतिभन्दा भिन्न रूपमा हिड्न खोज्दा भएका दुर्घटनाहरू हुन्। अतः वैदिक संस्कृतिले मानव र प्राणीमात्रको नभएर चराचर चेतन-अचेतन तत्त्वको रक्षा र उन्नतिको कामना गर्दछ। आजको युगमा सनातन संस्कार र संस्कृतिलाई अनुकरण गरेर वैदिक नियम, आचरण, अनुशासन र मर्यादालाई पालना गर्ने हो भने विश्वशान्ति र विश्वकल्याण सम्भव छ। त्यसका लागि हामी सबै सचेत नागरिकहरू आपसी विद्वेष र विमतिलाई त्यागेर स्वार्थबाट माथि उठेर **"सहना भवतु, सहनौ भुनक्तु सहवीर्य करवावहै"** को आदर्शमा हिड्नु आवश्यक छ। हाम्रा ऋषिमहर्षिहरूले लामो समयसम्मको त्याग, तपस्या र साधनाबाट प्राप्त सनातन वाङ्मय र सभ्यतामा विश्व संस्कृति अन्तर्निहित छ। यही संस्कृतिले सबैको कल्याण गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्ममय नेपाल

डा. जगमान गुरुङ



"स्वभावोऽध्यात्ममुच्यते" भनेर आत्मा नै अध्यात्म अर्थात् आत्माको स्वभावलाई अध्यात्म भनिन्छ । प्रकृति र पुरुषको संयोजनबाट सृष्टि प्रारम्भ भएको हो । चेतन र जड पदार्थले युक्त ईश्वर विशिष्ट छ । यो नै विशिष्टाद्वैत दर्शनको दार्शनिक सिद्धान्त हो । जीव, जगत् र ब्रह्ममयी तीन तत्त्व आध्यात्मिक चिन्तनका विषय हुन् । वैदिक दर्शनको व्याख्यानग्रन्थ उपनिषद् हुन् । वैदिक वाङ्मयमा वर्णित भौगोलिक देवस्थलहरू नेपालमा पर्दछन् । नेपाल परापूर्वकालदेखि सनातन ज्ञानको साधना-भूमि हो । यही धरामा ऋषिमहर्षिहरूले ठूलो साधना गरेर ज्ञान प्राप्त गरेका थिए । विश्व सभ्यताको विकास हिमालबाट भएको हो । आदिम सभ्यता र संस्कृतिको दीप सर्वप्रथम हिमालकै कन्दरामा बलेको हो । हिमालदेखि सिन्धुसम्मको भूभागमा सनातन धर्म, संस्कार र संस्कृतिको विकास भएको हो । यही पवित्र धरामा हजारौं ऋषिमहर्षिहरूले जन्म लिएर आफ्नो जीवनलाई सफलीभूत बनाए ।

बृहदारण्यकोपनिषद्का रचयिता याज्ञवल्क्यको आश्रम सिन्धुलीको कमलानदीको किनारमा थियो । नारायणनदी, सोना र भद्राको सङ्गममा साधना गरेर रत्नाकर वाल्मीकि भएका थिए । शाक्यमुनि बुद्ध, बज्रगुरु पद्मसम्भव आदिले यहीको भूमिमा साधना गरे । भारतमा अनिकाल पर्दा जैन साधु भद्रबाहुले खोटाङको हलेसीमा साधना गरेका थिए । यस्तै गरी विक्रमशील महाविहारका द्वारपण्डित नादपाद नेपाल आएर पशुपतिनाथमा साधना गरी चक्रमशावरतन्त्रको सिद्धि प्राप्त गरेका थिए । कामख्या देशका सिद्ध मत्स्येन्द्रनाथ र काश्मीरका सिद्ध चन्दननाथ, सिद्धगोरखनाथ, सिद्धरतननाथ, सिद्ध भगवन्तनाथको भूमिमा पनि स्मरणीय रहेको पाइन्छ । सत्यको प्रारम्भ नेपालबाट भएको हो । त्यसकारण सत्ययुगमा नेपाललाई सत्यवती भनिन्थ्यो । गौतम आदि ऋषिहरू नेपालमै साधना गरेको कुरो गोपाल वंशावलीमा लेखिएको छ । लिच्छविकालको इतिहासमा पनि यी कुरा उल्लेख छन् । त्रेतायुगमा नेपाललाई तपोवती नामले चिनिन्थ्यो । मानदेवको विष्णुपादुका फेदीको शिवलिङ्गको जलहरीमा अङ्कित अभिलेख पनि महत्त्वपूर्ण छ । नेपालकै सेतीनदीका किनारमा बादरायण वेदव्यासले ब्रह्मसूत्रको रचना गरेका थिए । त्यसपछि शङ्कराचार्यले त्यसको भाष्य गरेको प्रमाण पाइन्छ । काठमाडौंको हाँडीगाउँ स्थित सत्यनारायण मन्दिरको गरुडध्वजको अभिलेखमा ब्रह्मसूत्रको चर्चा पाइन्छ । आद्य जगद्गुरु शङ्कराचार्यभन्दा दुई सय वर्ष अगाडि नेपालमा ब्रह्मसूत्रको चर्चा पाइन्छ । विष्णुपादुकाको संवत् ५१२ को अभिलेख, शिवदेव र अंशुवर्माको संवत ५२६ को अभिलेख, ललितपुर गैरीधाराको नरेन्द्रदेवको संवत ८३ को अभिलेख आदि विभिन्न अभिलेखका प्रमाणका आधारमा परापूर्वकालदेखि नै नेपाल सनातन वैदिक धर्मसंस्कृतिको साधनास्थल भएको पुष्टि हुन्छ ।

विभिन्न ऐतिहासिक अभिलेख, धार्मिक ग्रन्थ, पुरातात्त्विक महत्त्वका आधारवस्तु एवं विशिष्ट व्यक्तित्वहरूका भनाइलाई समेत मूल्याङ्कन गर्दा नेपालमा आध्यात्मिक उन्नयनको उर्वरभूमि रहेको कुरा सत्य हुन आउँछ । अतः नेपाल विश्वकै आध्यात्मिक तपोभूमि हो ।

 क्षुद्र सिद्धिहरूको पछि लागेर जीवनको बहुमूल्य समय नगुमाऊ ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गुरुकुलबाट मूलधारले के सिक्ने ?

प्रा.डा. विद्यानाथ कोइराला

वैदिक वाङ्मयमा गुरु, गुरुकुल र आचार्यको विशेष चर्चा पाइन्छ । गुरुकुल परिषद्, तापस्थली जस्ता शब्दहरूले पूर्वीय ज्ञान सभ्यताको चिन्तन, शिक्षण गर्ने स्थल बुझिन्छ । गुरुकुल भनेको गुरुको घर हो । विशेष शिक्षा-दीक्षा दिने स्थान परिषद् हो भने सामान्य प्रवचन दिने ठाउँ तापस्थली हो । गुरु श्रोत्रिय र ब्रह्मनिष्ठ हुनुपर्दछ । वेद र वेदाङ्ग एवं वैदिक ज्ञानमा आचार्य, गुरु, उपाध्याय आदि नामहरू पाइन्छन् । महाभारतकालमा गुरुकुलहरूको विस्तार भएको पाइन्छ । प्रार्थना सिकाउन अग्निस्थान, वेदका लागि ब्रह्मस्थान, राजनीतिका लागि विष्णुस्थान, युद्धकलाका लागि महेन्द्रस्थान, ज्योतिषका लागि वैवश्वत स्थान, जीवनविज्ञानका लागि सोमस्थान, यातायात सञ्चारका लागि गरुडस्थान, शान्ति-सुरक्षाका लागि कार्तिकेयस्थान, जस्ता विविध गुरुकुलहरूमा छात्रहरूलाई ज्ञान र शिक्षा दिने गरिन्थ्यो । भारतका चन्द्रगुप्त मौर्य तथा अशोकका पालामा नालन्दा, तक्षशिला, उज्जयन, विक्रमशिला जस्ता विश्वविद्यालय स्थापना भए । गुरुकुलको विस्तार भयो । शिष्यहरूको पठनपाठनको व्यवस्था भयो ६४ कला सिकाउन । चाणक्यका समयमा १०,००० शिष्यको पालन पोषण, शिक्षा दीक्षा दिने विश्वस्तरीय शिक्षालय स्थापना भए र यसको जिम्मा लिने कुलपतिको व्यवस्था भयो । विश्वविद्यालयको स्थापना भयो । गुरुकुलले जीवनोपयोगी शिक्षा दिन्छ । व्यावहारिक शिक्षा दिन्छ । व्यावसायिक सीप सिकाउँदछ । आज पाश्चात्य क्षेत्रमा विकासमा देखिएको प्राकृतिक शिक्षण पद्धतिको विकास हजारौं वर्षपूर्व पूर्वीय समाजमा प्रयोग प्रचलनमा थियो । गुरुकुलमा थियो । आचार्यकुलमा थियो । मानवजीवनका नैतिक आचरण र धर्म-अर्थ-काम मोक्षको ज्ञान दिने पद्धति र प्रणाली पूर्वीय वाङ्मयकै उपलब्धि हो । पूर्वीय शिक्षण परम्परामा आदर्श गुरु हुनुपर्दथ्यो । अध्यापक, गुरु, शिक्षक, आचार्य, उपाध्याय आदि पदहरू क्षमता र विद्वत्तामा निर्धारित हुन्थे । योग्यतामा शिक्षकको वर्गीकरण गर्नुहुँदैन । शिष्यहरू पनि गुरु हुन्थे । उनीहरूको चाहना, प्रवृत्ति, क्षमता र रुचिलाई ख्याल गरेर उचित शिक्षा दिइन्थ्यो । शिक्षण विधि पनि अत्यन्तै उपयुक्त थियो । गुरुबाट ज्ञान प्राप्त गर्नु पहिलो चरण, शिक्षा स्वयंको प्रत्याभूति दोश्रो चरण, साथी वा शिक्षकसँगको अन्तर्क्रिया तेश्रो चरण र समयबाट प्राप्त ज्ञान चौथो चरण मानिन्थ्यो । विभिन्न क्रियाकलापहरूबाट गुरुले शिष्यलाई पारङ्गत गराउँदथे । विषयवस्तुबाट शिक्षा, दीक्षान्त कार्यक्रमबाट शिक्षा, गुरुशिष्य परम्पराबाट शिक्षा, आचरण-व्यवहारबाट शिक्षा, सम्मान गर्ने तरिका, पढाउने स्थान, मूल्याङ्कन गर्ने प्रणाली, मेन्टोरिङ्ग र अनुगमन जस्ता विविध पद्धतिबाट अन्वेषण गर्दा पूर्वीय शिक्षणपद्धति अत्यन्तै वैज्ञानिक र व्यावहारिक थियो भन्ने पुष्टि हुन्छ । आज पाश्चात्य क्षेत्रका वैज्ञानिकहरूले अत्याधुनिक शिक्षण पद्धतिका लागि प्रस्तुत गरेका सिद्धान्त र पद्धतिहरू हजारौं वर्ष पहिले नदी किनार, जंगल र एकान्तस्थलमा गुरुकुल स्थापना गरेर वैदिक ज्ञानका साधकहरूले हजारौं शिष्यहरूलाई प्रयोगात्मक जीवनोपयोगी शिक्षा प्रवाह गरेका थिए भन्नेकुरा पुष्टि हुन्छ । अन्ततः हामी हाम्रो प्राचीन पद्धति र संस्कारलाई नबुझेर आज भौंतारिरहेका छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान समयमा वैदिक शिक्षाको उपादेयता

तिलकप्रसाद लुइँटेल



१. समय गतिशील छ।

२. घरको पारिवारिक र गुरुकुलीय शिक्षाका सट्टामा नयाँ पद्धतिको शिक्षा आएको छ।

३. पारिवारिक र पुर्ख्यौली वैदिक गुरुकुल शिक्षाको सट्टा संस्थागत शिक्षा प्रायः प्रत्येकका जीवनमा स्थापित भएको छ।

४. पुर्खाले बताएको नैतिकता र अनुशासन सेलाउँदै गएको छ।

५. शिक्षामा आएको परिवर्तनले पठित-अपठित सबैलाई प्रभाव पार्दैआएको छ र सामाजिक व्यवहारमा पनि परिवर्तन आएको छ।

६. कर्तव्य र नैतिकतासँग अधिकार र स्वार्थले प्रतिस्पर्धा गर्न थालेको छ।

७. समाज नै त्यस बाटामा लागेपछि कमाउने बाध्यता सबैलाई भएको छ।

८. सक्नेले घरमा बसेर कमाउने बाटो खोजेका छन् र नसक्नेले घर छोडेका छन् भने कतिले देश नै छोडेका छन्।

९. जति नयाँ पुस्ता उत्पादन हुँदै छ, त्यसमा धेरैजसोका मन-मस्तिष्कमा नेपालमा काम गरिखाने अवसर छैन भन्ने परिसकेको छ।

१०. तुलनात्मक रूपमा पछिल्लो समयमा देशको अवस्थाप्रति निराश हुनेहरूको संख्या बढ्दो छ।

११. आधुनिक प्रविधिको विकाससँगै हाम्रा देशमा हाम्रै मान्छेले हाम्रो पुर्ख्यौली व्यवहार र पुर्खाको शिक्षालाई हेलाँ गर्दै, त्याग्दै आएको देखिन्छ।

१२. वैदिक शिक्षालाई हामीले विज्ञान खोज्नेतिर बुझेनौं।

१३. हामीले वैदिक शिक्षामा प्रविधि खोज्नेतिर लागेनौं।

१४. विश्वका आधुनिक मुलुकमा विकास गरिएको प्रविधिलाई विज्ञान मान्दै-आएका छौं। त्यसलाई मात्रै सत्य मानिआएका छौं। त्यही कुरो हाम्रा पुर्खाले लेखेको प्रमाण दिएर प्रस्तुत गर्दा धार्मिक अन्धविश्वास भनिन्छ यहाँ। विदेशी भाषामा लेखिएको वा बोलाईएको सुन्यौं भने त्यसैलाई विज्ञान भनेर मान्ने खोटो विचारले ग्रस्त हुनबाट हामी कहिले मुक्त हुन सकौंला ?

१५. यहाँ हामी आफ्ना देशमा भएका वैदिक वाङ्मयका शिक्षण संस्था भत्काइएका छन्, गुरुहरू कुटिएका छन्, मारिएका छन्। घरघरमा गरिने कर्महरू छोट्याउँदै ल्याइएको छ, यो गति भनेको मास्ने प्रयास नै हो।

 यदि मनलाई वशमा गर्नु छ भने उपयुक्त ध्यानको प्रकार सम्झेर बुझेर नित्य थोरै-थोरै अभ्यास गर। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६. सृष्टिकै सर्वाधिक लामो पुर्ख्यौली रूपमा दिइँदैआएको व्यावहारिक शिक्षाका सट्टामा पछिल्ला चरणका विकृत शिक्षालाई विज्ञान भन्दै आफ्ना पुर्खालाई अवैज्ञानिक र अज्ञानी भनी उनले आर्जेको सर्वप्राचीन शिक्षालाई अनावश्यक भन्न थालिएको छ। अर्कालाई जान्ने र आफ्ना पुर्खालाई नजान्ने बनाइएको छ। जुन वैदिक शिक्षाको विधिलाई सशक्त रूपमा पछ्याउँदै प्रविधिको विकास गर्नु आवश्यक थियो, त्यसलाई उपेक्षा गरिएको छ।

१७. तीन चार पुस्तासम्म पुरानो प्रथामा एकै घरमा बसेको हामी सम्झन सक्छौं। सबैसँगै बाँच्ने, साथमा दुःखसुखका कुराकानी गर्ने, एकापसमा मनको भावना बुझ्ने र पुर्खाले गरेको कर्महरूलाई विस्तृत गर्दै आफ्नो भाग्य सुधार्ने भन्ने भावनामाथि कुठाराघारत भएको छ। हामी दिनानुदिन आफ्नो पनलाई छोड्दै छौं। विदेशीले भनेपछि मात्रै विश्वास गर्ने बानी हाम्रो बनिसकेको छ।

१८. विशद परिवार आज एकलमा साँगुरिँदै छ।

१९. परिवारमा मान्छे जन्मदा, रोग लाग्दा, बिरामी हुँदा, बुढेसकाल लाग्दा र मृत्यु हुँदा दुःख-सुख बुझ्न र सहयोग आदानप्रदान गर्न कठिन भएको अवस्था जतातत दैखिँदै छ।

२०. विरोध र द्रोह गर्नका लागि भए-नभएका कारणहरूको खोजी तथा किचलो उछालिँदै छ।

२१. निर्विकल्प सत्यलाई उपेक्षा गरिएको छ। निर्विकल्प भनेको एक हो र सत्य हो।

२२. भूगोल र प्राकृतिक परिवेश जस्तो छ, त्यसैअनुसारको मनोवृत्ति विकास हुन्छ र जस्तो मनोवृत्ति विकास हुन्छ, उसै अनुसारको ज्ञानको प्रचार त्यस ठाउँमा हुन्छ।

२३. हाम्रो भूमिमा उत्पन्न बसुधैव कुटुम्बकम् भन्ने भावनाले सबैलाई सुरक्षा गर्दै आफ्नो उन्नतिमा लाग्ने मार्ग प्रतिपादन गरेको छ।

२४. विधि र प्रविधि दुवै पाटामा सम्पन्न शिक्षा पूर्वीय वाङ्मयमा आफ्ना लागि गन्तव्य र दिशा अन्वेषण गर्ने अवसर अनन्त छन्।

२५. मानिसका चार पुरुषार्थ र सबै सजीव-निर्जीवको हित यस शिक्षामा रहेको छ।

२६. यसै शिक्षाको प्रविधि पक्षको अध्ययन, अनुसन्धान, परीक्षण गर्दै अरू देशहरू विधिपक्षको खोजमा लागि सकेका छन्।

२७. सहजीवनको खोजी गर्ने शिक्षा वैदिक शिक्षा नै हो।

२८. वैदिक शिक्षाले एकताको अन्वेषण गरेको छ र त्यो शिक्षा सत्य हो। सत्य नै विज्ञान हो।

२९. सत्य कल्याणकारी हुन्छ र त्यो नै सुन्दर हुन्छ भन्ने शिक्षा यही हो। यसमा शिक्षा मात्रै नभएर विद्या छ। विद्याको काम मुक्ति दिने हो। जिउँदोमा तनावबाट मुक्त हुन सकिएन भने मृत्युपछि जन्ममरणका चक्करबाट मुक्त हुने कुरा कसरी विश्वास गर्न सकिन्छ ?

३०. सुन्दर संसारको सृष्टि गर्न सुन्दर भावना चाहिन्छ। सुन्दर भावनाले नै सुन्दर व्यवहार पाइन्छ। सुन्दर व्यवहारले नै तनावबाट मुक्ति दिन्छ। वैदिक शिक्षा नै तनावबाट मुक्ति दिने शिक्षा हो। त्यसको विपरीत विदेशमा र स्वदेशमै पनि अन्य शिक्षा लिएका मानिस रूप, धनले सुखी भए पनि मनले खुसी नभएका धेरै पाइन्छन्।

३१. संसारकै सृष्टिकर्ताका मुखबाट उत्पन्न भएको हुनाले वैदिक शिक्षा निर्विकल्प सृजनशील शिक्षा हो। सृजनशील हुनाले यस शिक्षाले समय खेर फाल्न दिँदैन, समयलाई सृजनशीलतामा लगानी गर्नेलाई चिन्ता र तनाव बोक्ने अवसर नै हुँदैन। निरन्तर गरिरहँदा पनि जाँगरिलालाई कामको खाँचो कहिल्यै हुँदैन। त्यसैले यस शिक्षाको समाप्ति कहिल्यै हुँदैन।

३२. विज्ञहरूलाई बोध भएकै विषय हो वेदका अङ्ग - शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिष र व्याकरण हुन्। त्यसमध्ये व्याकरणलाई वेदको मुख भनिएको छ।

३३. व्याकरणको उत्पत्ति महादेवको डमरुका आवाजबाट भएको मानिन्छ। जड वस्तु डमरुको ध्वनिबाट व्याकरण निर्माण गर्नु भनेको सिर्जनशीलताको कत्रो प्रयास हो ?

३४. संस्कृतको यही व्याकरण विश्वमा सबैभन्दा वैज्ञानिक मानिएको छ। जड वस्तुबाट जीवन्त र सर्वयुगविजयी शक्ति उत्पन्न हुन्छ भन्ने खोज र प्रमाणित गरेका पुर्खालाई वैज्ञानिक शिक्षा पाएका हुन् भन्न हामी किन हिच्किचाउनु ?

३५. यसै व्याकरणका आधारमा आजको संसारको सबैभन्दा ठुलो वैज्ञानिक संस्था नासाले वैज्ञानिक प्रयोजनको भाषाका रूपमा संस्कृतको अन्वेषण गरिरहेको छ।

३६. अरू देशका तुलनामा हाम्रो देशको सर्वाङ्गीण उन्नति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरैमाथि भएको कुरा पुराना ग्रन्थहरूमा प्रष्ट लेखिएको छ। त्यस बेला अरूका देशमा शिक्षाको विकास हुन बाँकी थियो। जीवनदेखि मृत्युसम्म सबै पक्षबाट काम लाग्ने यसै शिक्षालाई आत्मसात् गरेर हामी त्यतिबेला विश्वमै अग्रणी थियौं।

३७. समयका क्रममा वैदिक शिक्षाको प्रचार प्रसारमा कमी र आयातीत शिक्षाको विस्तार बढी भए पनि निर्मूल नै भएको होइन। धेरैजसो मानिसको हेराइ र राज्यका आधिकारिक निकायको बुझाइमा यसलाई महत्त्वहीन ठानिए पनि सामाजिक रूपमा यसको महत्त्व कम भएको छैन। स्वार्थी र भ्रष्ट स्वभावको बिगबिगी भए तापनि स्वच्छ भाव भएका र यस शिक्षाप्रति चासो भएका मानिसहरू अझै पनि छन्। ठाउँ-ठाउँमा जागरुक दूरद्रष्टाहरूको सत्प्रयास छँदै छ।

३८. पछिल्लो समयमा वैदिक इतर शिक्षाको प्रभावले वैदिक शिक्षा उपेक्षित हुन पुगेर आर्थिक, सामाजिक, वैचारिक अनेकौं असुविधाहरू झेल्नुपरे तापनि सज्जनहरूका प्रयासमा गुरुकुल चलेकै छन्। आ-आफ्ना ठाउँमा प्रभावकारिता आ-आफ्नै प्रकारको भए पनि समग्र राज्यका दृष्टिले हेर्ने हो भने मधुरो दियो बलेको जस्तो अवस्था वैदिक शिक्षाको छ वर्तमानमा।

३९. अतः अब सबै प्राचीन शिक्षाका केन्द्रहरू मिलेर एउटा सहकार्य गर्ने नीति बनाउनु आवश्यक छ। त्यसका लागि वैदिक शिक्षासँग आधुनिक प्राविधिक शिक्षालाई गाँस्नु आवश्यक छ। विस्तारै प्राविधिक शिक्षा दिने माध्यम संस्कृत भाषा नै भयो भने त्यो अझ बलियो हुन्छ।

४०. वेदका मन्त्रहरूमा हेर्दा जसरी जीविकाको कुरा देखिन्छ, तिनीहरूको पनि खोज, अनुसन्धान र प्रयोग गर्ने गरी शिक्षाको विकास गर्न सकिन्छ। धन वा स्रोतसाधनको कुरो वेद र वैदिक साहित्यमा पाइन्छ, तिनीहरूतिर नजर पुऱ्याउनुपर्ने आवश्यकता छ, राजनीति, व्यवस्था, कूटनीतिक सम्बन्ध, व्यापार आदिका विषयमा प्राचीन ग्रन्थमा चर्चा पाइन्छ। ती कसरी भएका थिए र गरिएका थिए भन्ने खोज गर्ने ठाउँहरू छन्। प्रविधि र साधनका प्रयोगको कुरो पनि हाम्रा पुर्खौली ग्रन्थहरूमा छन्। तिनले गरेका कामहरू आज हेर्दा पनि आश्चर्यजनक देखिन्छन्। ती सबै पक्षमा खोज गर्न एकीकृत नीतिअनुसार गुरुकुलहरूले शिक्षाको स्वरूप एक समान बनाउनुपर्ने हुन्छ।

४१. जतिसुकै विज्ञान र प्रविधिको विकास गरेर चाहे मानिस आकाशमा नै उडिरहेको होस् तर उसले बाँच्ने आधार कृषि र पशुपालन नै हो। नेपालको प्राकृतिक स्वरूपले कृषि उत्पादनको अनुकूलता रहेकै छ।

४२. आफ्ना देशमा आफ्नो शिक्षा लिएका मानिसबाट आफ्नै भूमि सुहाउँदो कृषि उत्पादन गर्न गुरुकुलहरूले एकमत हुन सक्ने अवसर छ। आफ्नो उत्पादन निर्यात गर्ने देशका रूपमा प्राचीन ग्रन्थमा नेपालको नाम आउँछ।

४३. आज कलकारखाना र यातायात ढुवानीको सुविधा भएका युगमा आफ्नो उत्पादन आवश्यकता परेका ठाउँमा पठाउन सकिने अवस्था छ।

४४. आजका गुरुकुलहरूले त्यस पक्षको अध्ययन-अनुसन्धान गर्नु पनि आवश्यक देखिन्छ।

४५. यसरी उपभोग्य वस्तुको उद्योग, उत्पादन, आजीविकामा श्रमविभाजन, उत्पादनलाई बिक्री-वितरणको व्यवस्था, आर्थिक र प्रशासनिक पद्धति फेरि पनि प्राचीन समयमा के-कसरी भएको थियो भन्ने खोज, अनुसन्धान र क्रियात्मक रूपमा अघि बढाउने प्रयास गर्दै जाने हो भने वैदिक शिक्षालाई पुनर्स्थापित गर्दै देशको उन्नति गर्न सकिन्छ।

४६. यस देशमा विधि र प्रविधि दुवै पक्षबाट सशक्त विज्ञान पुर्खाले आर्जन गरेकै हुन्।

४७. शिक्षा र सभ्यता यहाँबाटै विश्वमा गएको हो भन्ने आधार हाम्रा प्राचीन ग्रन्थहरूले दिएकै छन्। यही भावना महर्षि फाउन्डेसनको पनि रहेको देखिन्छ।

४८. विदेशमा प्रविधिको विकास भयो, त्यो प्रशंसनीय छ, हामीले अर्काको प्रविधिलाई स्वीकार गर्दा-गर्दै आफ्ना प्रविधिलाई पनि सँगसँगै लैजानुपर्छ। मान्छेको जीवन प्रविधिविहिन अवस्थामा बाँच्तैन।

४९. आधुनिक प्रविधिलाई आफ्ना वैदिक प्रविधिको सहयोगी भूमिकामा प्रयोग गर्नुपर्छ।

५०. अर्कालाई दोष लगाउनुभन्दा आफ्ना कर्ममा स्वक्रियात्मक भएर अगाडि बढ्दा नै सुखद् परिणाम प्राप्त गर्न सकिन्छ। इतिश्री ॥

 कुनै वस्तुको इच्छा राख्तछौ भने त्यसको प्राप्तिका लागि शास्त्रसम्मत (विहित) उपायहरूलाई अपनाउने गर। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्वार्ता खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



स्वामी ज्ञानानन्द सरस्वतीसँगको संवाद

श्रद्धेय स्वामी परमानन्द सरस्वती महाराजका सत्सङ्कल्पबमोजिम देवघाटधाममा संस्थापित श्रीहरिहर सन्यास आश्रमको वर्तमान पीठाधीश हुनुहुन्छ श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती । नेपाल सन्त समाजको वर्तमान अध्यक्षसमेत रहनुभएका श्रद्धेय स्वामी ज्ञानानन्द सरस्वतीबाट नेपालको सन्तपरम्परा, गुरुकुलीय शिक्षा प्रवर्द्धन तथा शैक्षिक विकासनिम्ति विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरू स्थापना गराउन दशकौंदेखि योगदान रहिआएको विषय यस सन्दर्भमा जिज्ञासा राख्ने जो कसैका नजरमा छिपेको विषय होइन । यसर्थ नेपालको गौरवशाली सन्त परम्परामा उहाँ वर्तमान समयका शीर्षस्थ सन्त हस्ती हुनुहुन्छ भन्नेकुरा घामजत्तिकै छर्लङ्ग छ । खास गरी नेपाल महर्षि वैदिक फाउण्डेशनको आयोजनामा यही वि.सं. २०७५ फागुन १७, १८ र १९ गते तदनुसार मार्च १-३, २०१९ मा काठमाडौंको नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी र राष्ट्रिय सभागृह प्रदर्शनीमार्गमा सम्पन्न ऐतिहासिक अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलनमा ३ दिनसम्म नै सक्रिय सहभागी भई स्वामी ज्ञानानन्दज्यूबाट व्यक्त विचारहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागीहरूले निकै मन पराएको पाइयो । साथसाथै **"वेदोऽखिलो धर्म मूलम्"** मा पूर्ण निष्ठा राख्तै आधुनिक विज्ञानद्वारा समेत शोध गरी विश्वव्यापी अभियानमा अत्यन्त सक्रिय महर्षि वैदिक फाउण्डेशनका सम्बन्धमा पूर्ण समर्थन र साधुवाद व्यक्त गरेर स्वामीजीले नेपाली समाजमा नेपाल महर्षि वैदिक फाउण्डेशनको भविष्य समुज्ज्वल रहेको स्पष्टोक्ति दिनुभएको थियो । यस पृष्ठभूमिमा महर्षि सन्देशको विशेष संवाद गर्न प्रधान सम्पादक **धर्मानन्द भारवि** र सह-सम्पादक **उपेन्द्रप्रसाद नेपाल** वि.सं. २०७५ चैत्र २६ गते काठमाडौंको धापासीस्थित निर्माणाधीन हरिहर आश्रममा पुगी वैदिक मूल्यमान्यता, अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलनमा सहभागी हुँदाको उहाँको अनुभव र नेपाल सन्त समाजका गतिविधिका सम्बन्धमा केन्द्रित रही गरिएको विशेष संवाद-साक्षात्कार यहाँ प्रस्तुत गरिएको छ ।

- **वैदिक सनातन धर्म-संस्कृति जुन परम्परादेखि चलिआएको विज्ञानसम्मत पनि छ, वैदिक विज्ञान पनि हो भन्ने आएको सन्दर्भमा यसलाई समष्टिगत रूपमा हजुरले गरेको अध्ययन र साधनाका आधारमा राखेको धारणा र दृष्टिकोण सारांशमा बताइदिन अनुरोध गर्दछु ।**

सान्दर्भिक प्रश्न गर्नु भएकोमा धेरै-धेरै धन्यवाद । सनातन धर्मको व्याख्या गर्ने वेद हो । यसलाई हामीले सनातन सन्दर्भमा भन्नुपर्दा विश्वमा वेदभन्दा ठूलो अर्को दर्शन शास्त्र केही हुन सक्दैन र यो ठूलो एवं पुरानो पूर्ण दर्शन हो, कुनै व्यक्ति विशेषद्वारा निर्माण भएको पनि होइन । यो त परमात्माका स्वतःस्फूर्त रूपमा श्वास-प्रश्वासबाट उत्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोले यो अनादि अनन्त र अत्यन्त महिमा र गरिमाले युक्त भएको दर्शन हो। यो दर्शनभित्र नभएको विषयवस्तु कतै छैन। भलै हामीले पढ्न, जान्न नसक्नु र त्यसभित्र भएको विषयवस्तुलाई साधनाद्वारा प्रकट गर्न नसक्नु अर्कै कुरो हो। त्यो साधकको कमजोरी पक्ष हो परन्तु वेद त एउटा यस्तो समुन्द्र हो जसभित्र प्राप्त नहुने रत्न कुनै पनि छैन। मनुष्यहरूको जन्मदेखि मृत्युपर्यन्ततक प्रातः कालीनदेखि सायं पर्यन्ततक कृत्य कर्मको विषयमा चाहे भित्री ध्यानको विषयमा होस्, चाहे भौतिक पक्षहरूलाई आविष्कार गरेर भौतिक वस्तु, पद पदार्थहरूको संयोजन गरेर व्यवहारपक्षमा सुविधा उत्पन्न गर्ने पक्षमा किन नहोस्, हरपक्षमा वेद सदैव अग्र पंक्तिमा छ र वेदले नै निर्देशन गरेका वस्तुलाई अहिलेका वैज्ञानिकहरूले प्रस्तुत गर्नुभएको छ।

अहिलेका वैज्ञानिकहरूले जे-जति आधुनिक साधनहरू छन्, यी साधनहरू प्रकट गर्ने आदि श्रोत भनेको पनि वेद नै हो। वेदभित्र रहेका वस्तुहरूलाई नै उहाँहरूले बाहिर प्रकट गर्नुभएको छ र ती विषयहरू अहिले प्रत्यक्ष र सबैले अनुभूत हुने गरी प्रकट गराइदिनुभएको छ। त्यसैले वेदद्वारा वर्णित धर्म वेदद्वारा निर्दिष्ट नीति निर्देशन जो पूर्ण रूपमा विज्ञानसम्मत छ। विज्ञान सम्मतभन्दा पनि वैज्ञानिकहरूले वेदकै विषयवस्तु लिएर आफू उच्च पंक्तिमा पुग्नुभएको छ। त्यसमा कुनै द्विमत छैन। त्यो हामीले गरेको अनुभूति हो।

- **म यसै सन्दर्भमा अर्को एउटा जिज्ञासा राख्न चाहन्छु। खास गरी २०७५ फाल्गुण १७, १८, १९ अर्थात् मार्च १, २, ३ नेपालको सन्दर्भमा पहिलो अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन गर्‍यो जुन महासम्मेलनमा स्वामीजीको ३ दिनसम्म नै निष्ठापूर्वक सकृय सहभागिता कार्यक्रममा रहेको हामीले पायौं, त्यो कार्यक्रमका सन्दर्भमा यहाँको अनुभूति, अनुभव र समग्र सम्मेलनको बारेमा केही दृष्टिकोण, विश्लेषण तथा मूल्याङ्कन गरिदिनुहुन्छ कि ?**

यो पनि एकदमै सान्दर्भिक चर्चा हो। हो, म एउटा नेपाल सन्त समाजको अध्यक्ष हरिहर सन्यास आश्रम देव घाटको अध्यक्ष पिठाधीशलगायत लगभग ४० सन्यास-ब्रह्मचर्य आश्रमको नेतृत्व गरिरहेको छु। आधुनिक शिक्षालय सयौं, हजार बनाइदिएँ। मेरो गुरु परम्पराअनुसार जो कोही संस्थामा गएर धेरै दिनसम्म बस्ने र भाग लिने पनि कमै गर्ने गर्छु। परन्तु महर्षि फाउण्डेसनद्वारा आयोजित जुन त्रिदिवसीय कार्यक्रम थियो, त्यो कार्यक्रममा मलाई समय अवधिभरि रहूँ-बसूँ, विज्ञहरूको अनुभूति सुनूँ र मेरा अनुभुतिहरू पनि दिऊँ भन्ने उद्देश्यले म बसेँ जुन त्रिदिवसीय कार्यक्रम अत्यन्त सान्दर्भिक रह्यो र एउटा बाटो त हामी पूर्वीय दर्शनका जाने वा नजाने पनि पक्षधर हो, चाहे बुझेर चाहे नबुझेर हामीले वेद, गीता महाभारतको विषयमा वा धार्मिक ग्रन्थहरूको विषयमा प्रस्तुत गर्नु हाम्रो एउटा अधिकार नै हो। परन्तु एउटा आश्चर्य के भने ती पाश्चात्य देशका मानिस जो भोगको चरम सीमामा पुगेका व्यक्तिहरूले वेदप्रति गरेको श्रद्धा र निष्ठा तथा वेदको साधनामा लागेको देख्दाखेरि म विशेष प्रकारले प्रभावित भएँ। यद्यपि म पहिलेदेखि नै केही न केही रूपले प्रभावित नै थिएँ। केही मात्रामा जानेको र बुझेको नै थिएँ। तर त्यति ठूलो यिनीहरूको संलग्नता होला र वेदप्रति त्यति ठूलो निष्ठा होला र श्रद्धा होला भन्ने कमै लागेको थियो। ३ दिनको कार्यक्रमले उनीहरूका निष्ठाले मेरो श्रद्धा बढ्दै गयो। त्यसले गर्दा पनि म अनवरत रूपमा रहेँ, बसेँ र उहाँहरूको कुरासमेत सुनेँ। ती पाश्चात्य मुलुकका भोगवादी देशमा त्यही समाज, वंशपरम्परामा हुर्केका व्यक्तिहरूलाई यसरी वेदप्रति नतमस्तक गराइदिने, वेदको प्रभाव बुझाइदिने तथा वेदभित्र रहेका सम्पत्तिको बोध गराइदिने श्रेय त सर्वप्रथम महर्षि महेश योगीजीलाई नै जान्छ। यही ठूलो काम गर्नुभएको रहेछ उहाँले। यद्यपि म सानैमा पनि थाहा पाउँदा महर्षि योगीले वेद पढाउनुहुन्छ र गुरुकुल खोल्नुहुन्छ र खोल्नुभएको छ रे। वेदविज्ञान उहाँको मुख्य नारा छ रे। अहिलेको विज्ञान विज्ञान नभई वेदवेज्ञान नै हो भनेको सुन्ने गर्थें।

आधिकारिक विज्ञान भनेको वेद र वेदभित्रबाट केही अंश लिएर केही-केही भोग्य सामग्रीहरू उपलब्ध गराउनुभएको छ। परन्तु यो त वेदविज्ञान नै हो भनेर उहाँले गरेको प्रस्तुति म बालक अवस्थामा नै सुनेको थिएँ। र पनि धेरै पढ्ने, जान्ने र नजीकबाट हेर्ने त्यो अवसर मिलेको थिएन। पछि-पछि ती अवसर पनि जुटे र यी पाश्चात्य मुलुकका व्यक्तिहरूलाई पूर्वीय दर्शनको मूल्यमान्यता ऋषिमुनिहरूका उत्तम विचारहरूलाई उनीहरूका हृदयमा लगेर अन्तस्करणका बीचमा राखिदिने

स्वतन्त्र बुद्धिवादले हैन कि शास्त्रवादले कल्याण हुनेछ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



महर्षि महेश योगीजीलाई त म नमन गर्ने गर्दथेँ र अस्तिको कार्यक्रममा अझै प्रभावित भएर उहाँप्रतिको मेरो श्रद्धा अझै बढ्यो । र, उनीहरूले वेदमा जुन निष्ठा राखेका छन्, वेदको सेवासुश्रुवा गर्न लागेका छन्, वेदलाई एउटा शब्दको मात्र विषयवस्तु नबनाएर यो साधनाको विषय रहेको विधि यसमा छ ।

विश्वलाई शान्ति चाहिएमा वेदको शरणमा जानुपर्दछ वेद एउटा शब्दको पक्षधर मात्र नभएर साधनाको रूपमा गइयो भने यहाँ दोश्रो प्रशासन चाहिँदैन । वेद नै प्रशासक हो भन्ने भावना लिएर पाश्चात्य मुलुकका व्यक्तिहरू अगाडि सरेको मैले देखेँ । त्यसबाट म अझै विशेष प्रकारले प्रभावित भएर नै ३ दिनसम्म त्यहाँ बसेँ । त्यहाँका कार्यपत्र प्रस्तोताहरूले आ-आफ्ना सान्दर्भिक कार्यपत्र प्रस्तुत गर्नुभयो । आफूले जति पढेको, जानेको र रटेको छ, त्यति प्रस्तुत भयो । ती आ-आफ्ना साधनाका स्तरअनुसार उत्कृष्ठ नै थिए । उक्त कार्यक्रम निकै राम्रोसँग सम्पन्न भयो । त्यस्ता कार्यक्रम समय-समयमा हुँदै गएमा आफूले जानेका, भुलेका शब्दमात्र रटेका, अर्थ नजानेका वा साधना नगरेका व्यक्तिहरूलाई समेत नयाँ उर्जा मिल्छ भन्ने मैले महसुस गरेँ ।

- **नेपालको सन्दर्भमा वेदको जन्मभूमि, आदिभूमि, तपो भूमि, शान्तिभूमि एवं ऋषिमहर्षिहरूको जन्मस्थल मानिएको र जानकी, बुद्धको देशमा धर्म-संस्कृतिको अपनत्वमाथि गिरावट आइरहेको देखिन्छ । यसको मूल कारण र समाधान के हो भन्ने लाग्दछ ?**

महर्षि वेदव्यासको जन्मभूमि, अहिंसाका पूजारी बुद्ध भगवान्, जनकनन्दनी सिता जगतजननी भगवती र स्वयं पार्वतीको जन्मभूमि, बडेबडे ऋषिमुनीहरूको जन्मभूमिमा साधना गरी आफ्नो स्वरूपानुभूति गरेर धेरैले विश्वलाई शान्तिको सन्देश दिए । यस्तो देशमा धर्ममा गिरावट हुनु र ती ऋषिमुनि, महर्षिहरूका विचारहरू पढ्न नसक्नु, रट्न नसक्नु, जान्न नसक्नु र इतिहासलाई हेर्न नसक्नु यो ठूलो दुर्भाग्य हो । यो दुर्भाग्य कहाँबाट निम्तियो भन्दाखेरि राजनीतिबाट निम्तिएको मैले महसुस गरेको छु । राजनीतिज्ञ जो व्यक्ति छन्, तिनीहरूले धेरै इतिहासहरू पढ्नु, रट्नु पर्दथ्यो । धेरै नपढी, नजानी र नसुनेसम्म नेता पनि अधुरै नेता भइन्छ । यो हाम्रो अनुभूति हो किनकि हामीसँग विदुर नीति छ । चाणक्य नीति छ । उनले धर्म, संस्कृतिको रक्षाको साथसाथमा राष्ट्र राष्ट्रियताको रक्षा गरे । मनुस्मृतिले राज्य परिचालन गर्ने विधि शिष्टाचार यो हो भनेर सबै कुराहरू लेखिदिनुभएको छ । यी सबै इतिहास नपढीकन, नरटिकन एउटा राजनीतिको

जो ठीक मार्ग पक्डेर भगवान्को भजन गर्न लाग्दछ, ऊ दुराचरणमा रहन सक्तैन । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षणिक स्वार्थको वशमा परेर यसरी धर्मको अपमान गर्नु भनेको ती अपमान गर्ने व्यक्तिहरूको भविष्य त राम्रो छैन नै। अब उनीहरूले नेतृत्व प्रदान गरेका, शासक भएका हामी शासित भएका, रहेका व्यक्ति हामीले पनि दुःख पाएको महशुस मैले गरेको छु। गिरावट कहाँबाट भयो भन्नुपर्दा यो गिरावट भयो जसले नेतृत्व लिएका छन्। तिनीहरूले इतिहास नपढ्नु, वेद नपढ्नु र वेदभित्रको महिमा-गरिमा जुन छ, त्यसलाई नपढ्नु-नरट्नु-नजान्नुको परिणति भएको हो । यस्तो हुँदै गयो भने भविष्यमा आत्मग्लानिपूर्वक फेरि यसलाई पुनर्स्थापनाको लागि चिन्तित भई क्रियाशील हुनुपर्ने अवस्था म देख्छु।

- **त्यसको लागि खास गरी वैदिक सनातन धर्मको बारेमा, संस्कृतिको बारेमा, जीवन दर्शनको बारेमा सभ्यताका बारेमा समष्टिगत रूपमा यसलाई पुनर्उत्थानको अभियान कसरी गर्ने ? एउटा विचारको रूपमा आओस् भन्ने हामी चाहन्छौं । के लाग्छ हजुरलाई ?**

अब यसलाई सामूहिक अभियान नचलाएसम्म एकपल्ट जहाँ रोग लागिसकेपछि त्यसलाई चिरफार गरी मलमपट्टि गरेर ठिक ठाउँमा ल्याउनुपर्दछ। त्यो चिरफार गरेको घाउ निको हुन केही समय लाग्छ । त्यस्तै अपमान भयो । मैले यथार्थ रूपमा भन्नुपर्दा उनीहरूबाट नजानेर नबुझेर नै यस्तो अपमान गरिएको हो। अब यसलाई सामूहिक रूपमा पुनर्स्थापनाको लागि पूर्व स्थितिमा ल्याउनको लागि नेतृत्व वर्गको पक्षधरभन्दा सारा भक्तहरू जुट्नुपर्दछ । सनातन वैदिक धर्मका जो उपासकहरू छन्, ती उपासक, चिन्तक जति एकत्रित हुनुपर्दछ । सामुहिक विचारधारालाई लिएर एकपल्ट मैदानमा पनि जानुपर्दछ। नेतृत्ववर्गले त्यति छिटो सुन्दैनन् जस्तो लाग्दछ किनकि यहाँको सभ्यतामा उहाँहरू नहुर्केको जस्तो लाग्दछ। हुर्केको भए यो दुर्दशा उहाँहरूले भित्राउनुहुने थिएन । पाश्चात्य मुलुकको त्यो सम्पत्ति, संस्कृति र त्यहाँको पूरा व्यवहार विधि जतिलाई बोकेर यहाँ ल्याएको हुँदा त्यसैद्वारा प्रभावित भएर उहाँहरूभित्र बसेको त्यो पाश्चात्य प्रभावलाई निकालेर फाल्दिनका लागि सामुहिक रूपमा सारा भक्तहरू तथा सनातन वैदिक धर्मका उपासकहरू, संस्कृति र संस्कृतिका चिन्तकहरू एकपल्ट एकदमै मैदानमा उत्रनुपर्दछ र साझा रूपमा खबरदारी गर्नुपर्दछ भन्ने मेरो बुझाइ छ।

खास गरी यो वेद प्रणीत धर्म वैदिक सनातन धर्म मूल रूपमा देव भाषा पनि मान्दछौं । हो पनि । संस्कृत भाषाको जुन स्थिति छ, विश्वभरि संस्कृत भाषा पठन प्रणाली शुरुवात गरेको हामीले सुन्दछौं, देख्छौं । पश्चिमाहरूले, अघि भर्खर भन्यौं, महर्षि सन्देशमार्फत महर्षिको अभियानले वैदिक विज्ञान र आधुनिक विज्ञान तुलनात्मक अनुसन्धान गरिरहेको चर्चा हामीले गऱ्यौं । रुसदेखि लिएर चीनसम्म जहाँ वेद धर्म केही होइन भनेर भन्ने गरिन्थ्यो, आज चीनमा पनि संस्कृत पठनपाठन शुरु गरेको विश्वव्यापी समाचार आएको छ र अमेरिका, जर्मन, फ्रान्सहरूमा पनि संस्कृत भाषाको पठनपाठन शुरु हुन थालेको छ।

- **हामी कहाँचाहिँ संस्कृत भाषा समाप्त गर्ने राज्यको नीतिसमेत रहेको अवस्थामा कसरी बुझाउने ?**

यो एक कुरा त के छ भने जो आधिकारिक नीतिनिर्माण गर्नको लागि पोशाक लगाएर तयारी गरिरहनुभएको छ, उहाँलाई जो विशिष्टतम व्यक्तिहरू अलिकति उच्च कोटिका व्यक्तिहरू जसले संस्कृत पढ्यो, वेदप्रति निष्ठा छ। संस्कृतप्रति निष्ठा छ। यो विश्व भाषा हो जो देव भाषा हो । यो भाषा यदि भएन भने सारा भाषाहरू अपाङ्ग हुन जानेछन्। जीवनपद्धति नै अधुरो हुन्छ भनेर अनुभूति गरेका त्यस्ता अनुभूत व्यक्तित्वहरूद्वारा जो नीति निर्माण गर्नको लागि तयारी भएर बस्नुभएको छ, उहाँहरूलाई सर्वप्रथम यो बुझाउन जरुरी छ। उहाँहरूले नबुझेको भए पनि सत्य भए पनि सामान्य व्यक्तिहरूले बुझाउँदा नपत्याउने तर पत्याइने व्यक्तिद्वारा त्यो भनियो भनेदेखि त्यो अवश्य नै हुन्छ। एकपल्ट नीतिनिर्माण भएपछि दशौं वर्ष जान सक्छ। बिसौं वर्ष जान सक्छ। एकपल्ट तयार भएको नीतिनिर्माण हुनुपूर्व नै कस्तोखालको नीति तयार गर्दा ठिक हुन्छ भन्ने कुरा जो अनुभूत व्यक्तित्वहरू छन्, हो, त्यस्ताहरूलाई त्यो संस्कार पूरा राखिदिएर उहाँहरूलाई यो विधा र विधाको गरिमा र महिमालाई राम्रोसँग बुझाउन सकियो भने उहाँको लेखनी नै उल्टो नचल्ला जस्तो लाग्दछ किनकि नबुझिएर नै पाश्चात्य संस्कृति घुसाउन खोजियो । हाम्रो भाषामा हाम्रो धर्म, संस्कृतिमा ऋषिमुनि-महर्षिको देशमा । ऋषिमुनि महर्षिको उच्चतम विचारको देशमा। यो पाश्चात्य विचार वर्णन त आधुनिक भोगवादी हो। हो, भोगको विषयवस्तुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक विषयवस्तुहरूलाई प्रयोग गर्नुमा हामी नकार्न सक्दैनौं। त्यस विषयमा त हामीले पनि सम्मान गर्नै पर्दछ। तर आध्यात्मिक क्षेत्र र वेदको विषयमा र संस्कृतको विषयमा यो र यी चिन्तन, यहाँको ऋषि विचारधारा जति अगाडि पुगेको छ, उहाँहरू पुग्न सक्नुहुन्न । अब यस्तो उच्चतम विचारको बीचमा पाश्चात्य विचार ल्याएर राखिदिन थाल्यो भने यो अधुरो हुन्छ। त्यसैले नीति निर्माण गर्ने कर्ताहरूलाई नै विशेष प्रकारले पढाउन योग्य छ, त्यो पढाउनको लागि जसले बुझ्ने, जाने र अनुभव गरे, जसको निष्ठा पनि छ साथै उपासनासमेत छ, त्यस्ता व्यक्तिद्वारा पढाइनुपर्दछ। त्यसपछि उहाँहरूले राम्रो नीतिनिर्माण गरिदिनुपर्दछ । ताकि उहाँहरू नीति निर्माणकर्तालाई नै परिणाममा गएर आत्मग्लानि नहोस् । नत्र भने आज निर्माण गर्दै गयो, भोलि बिहान गएर यस्तो हामीले के गरेछौं, हाम्रो समयमा के भएछ भनेर उहाँहरू स्वयंलाई नै आत्मग्लानि हुने सम्भावना देखिन्छ। त्यस्तो नहोस् भन्नका लागि उहाँहरूले पनि जान्न खोज्नुपर्दछ। नीतिनिर्माण गर्ने व्यक्ति अधुरो हुन पाइँदैन। दक्ष, सक्षम र चर्तुमुखी प्रतिभाबाट सारा ग्रन्थहरू हेरेरमात्र त्यो नीतिनिर्माण गर्नुपर्दछ। नत्र उहाँले जे नीति तयार गरी दिनुहुन्छ, त्यही बाटो हिड्ने त हो। इतर पक्ष दक्ष र सबल भएर मात्र कलम चलाउनुपर्दछ। आर्थिक प्रलोभनमा फसेर वा कुनै राजनीतिको खोल ओढेर वा कुनै पक्षलाई मात्र हेरेर नीतिनिर्माण पक्षले नीति निर्माण गर्नुहुँदैन, अधुरो हुन्छ। आत्मग्लानि हुन्छ र राष्ट्रको भविष्य नै अन्धकार बन्ने भएकोले उहाँहरूलाई सजग बनाउन जरुरी देख्छु।

- **नेपाल सन्त समाजको अध्यक्ष हुनुहुन्छ । नेपालको सन्त परम्परा र यसका गतिविधि तथा सन्त समाजका भावी लक्ष्यहरूको बारेमा केही कुरा प्रकाश पारिदिनुहुन्छ कि ?**

यो सान्दर्भिक प्रश्न हो। नेपाल सन्त समाजले अहिले मलाई तपाई अध्यक्ष हुनुहुन्छ, तपाईले नेतृत्व लिइदिनुपर्दछ, किनकि तपाईले धेरै अनुभव बटुल्नुभएको छ, आफ्नो निष्ठा र गुरु परम्परामा रहेर परम्पराभित्र मात्र सीमित भएर वा नबाँधिएर एउटा समाजमा नेपाल सन्त समाजको भूमिका एकदमै महत्त्वपूर्ण हुनुहुन्छ भनेर मलाई अध्यक्ष बनाउनुभएको छ। हो, म त्यसको योग्य छु वा छैन- त्यो आफ्नै ठाउँमा छ। तर, धर्म, संस्कार र संस्कृतिप्रति मेरो ठूलो निष्ठा छ। यसमा भने कुनै प्रकारको दुई मत छैन । त्यसैले नेपालको सन्त परम्परा भनेको ज्यादै सत्वगुणी हो । यद्यपि छिमेकी राष्ट्र भारतमा धेरै सन्तहरू हुनुहुन्छ। करोडौं करोडौं साधुसन्तहरू त्यहाँ हुनुहुन्छ । त्यहाँ भरखरै कुम्भ मेला समाप्ति भयो । प्रयागराजमा ४ ठाउँमा विशेष गरेर मेला लाग्ने गर्दछ। ती मेलामा साधु सन्त सन्यासी नबसे त्यो मेला नै सिद्ध हुँदैन। लाखौं लाख, करोडौं करोड साधु सन्त महात्माहरूले त्यो मेलाको नेतृत्व गरिदिनुहुन्छ । मेलाको नेतृत्वका बेला गौरवपूर्ण उपदेश गर्नुहुन्छ। जति पनि त्यहाँ भक्तहरू छन्, सेठ साहुकारहरू, राजनीतिकर्मीहरू, उद्योगपति व्यापारीहरू, एउटा एउटा साधु सन्त महात्माहरूका बीचमा नगएका सायद कमै होलान् । साधु सन्त महात्माहरूको आज्ञा नलिईकन सायद उनीहरूले राजनीति पनि शुरु गर्दैनन्। व्यापार, आफ्ना उद्योगहरू संचालन गर्दैनन् । उनीहरूको हर व्यवहारमा साधुसन्तको आवश्यकता महसुस गर्दछन् र सन्तहरूले पनि त्यस्तै प्रकारका नीतिनिर्देशन गर्नुहुन्छ । त्यसरी भारतमा ज्यादै साधुसन्तको प्रभाव छ। साधु सन्तले के भन्नुहुन्छ भन्ने माहोल तयार भएको छ। त्यो धेरै लामो परम्परा हो। तर पनि कता कता त्यहाँ रजगुण हो कि रजगुणप्रधान सत्त्व गुण हो कि साधुसन्त महात्माहरूमा पनि। कताकता कहीँ कही त्यस्तो पनि आभाष आउँदछ भने नेपालमा सायद हिमालयको प्रभाव होला, ऋषिमुनिहरूले विशेष गरेर तपस्या गरेको प्रभाव होला। आफ्नो गर्भमा शालिग्राम बोकेर आउने सेता ढुंगालाई काला बनाइदिएर शालग्राम नारायण रचना गरिदिने कृष्णा गंगाजीको प्रभाव होला, ऋषि मुनि महर्षिको त्यही प्रभावले गर्दा यहाँका साधु सन्तहरू विशेष गरेर सत्वगुणसम्पन्न तथा अध्ययनशील र **सर्वे भन्तु सुखीनः** जस्ता मूल मन्त्रहरूलाई लिएर आफूले आफ्नो सम्प्रदायलाई सञ्चालन गर्दागर्दै पनि अरू सम्प्रदायहरूको पनि कल्याण चाहने । अरू संस्थाहरू पनि फष्टाएर जाऊन् भन्ने । धर्म, संस्कृति र संस्कृत शिक्षा देव भाषाको प्रचारप्रसार सबैले गर्दै जाऊन् भन्ने । एकले अर्कालाई सहयोग गर्नुपर्दछ भन्ने एउटा सत्त्वगुणी भावना विशेष गरेर नेपाल सन्त समाजमा देखिएको छ। यहाँ ठूला-ठूला मठहरू पनि देखिए। जस्तो स्वर्गद्वारी, पूर्वमा षडानन्दद्वारा खोलेको आश्रम, गलेश्वर बाबा, त्यस्तै योगसिद्ध ब्रह्मलीन स्वामी परमानन्द महाराज हुनुभयो । यस्ता अनेकौं महात्माहरू हुनुभयो । उहाँहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनमा प्रस्तुत खैजडी भजनको झलक

धर्म, संस्कार र संस्कृतिको प्रचारप्रसारमा ज्यादै महत्त्वपूर्ण योगदान पुऱ्याउनुभयो । उहाँहरूले योगदान पुऱ्याउनुका कारण विशेष प्रकारले सत्व गुणको बढी तपस्वी, बढी योग, बढी साधनारत हुनुका कारणले गर्दा सीमित सन्त भएर पनि ज्यादै ठूलो धर्म, संस्कृतिको प्रचार प्रसार गर्नुभयो । यद्यपि भारतमा जति नेपालमा साधु सन्तहरू नेपालमा छैनन् । यो दुःखलाग्दो कुरो हो । यो सन्त समाज किन अघि बढेको छैन । साधुको समाज किन जमेको छैन । यसबारे मैले केही भन्न सक्ने अवस्था छैन र पनि एउटा विश्वास मलाई के छ भने राष्ट्र परिमार्जित हुनुपऱ्यो । राष्ट्रमा विशेष प्रकारको गौरव बढाउनुपऱ्यो । समाजलाई सुशिक्षित आध्यात्मिक उपदेश गर्नुपऱ्यो भने साधुसन्तको अपरिहार्यता रहिरहन्छ । साधुसन्त नभएसम्म समाज सुशिक्षित हुन सक्दैन । तिनलाई कसले भनिदिने । जस्तै नेतृत्व वर्गलाई पनि यो गर, यो नगर, यो राम्रो भयो, यो राम्रो भएन, तिनलाई कसले भनिदिने । एक पार्टीले अर्को पार्टीलाई भनी हाल्यो भने पनि द्वेषपूर्ण शब्दले भन्दछ । उसले पनि हित चिताउँदै समाजको हित हुने गरी राष्ट्रको हित हुने गरी अभिव्यक्ति प्रस्तुत गर्ने सन्त समाज नै हो । दुर्भाग्य, नेपालमा अहिले हामी साधु सन्तहरू थोरै छौं । मलाई लागेको छ- नेपालबाट साधुसन्तहरू भारततिर पनि धेरै जानुभएको छ । बाहिरतिर भएका साधु सन्तलाई कसरी नेपालमा फर्काउने ? ती साधुसन्तलाई यहाँ बस्नयोग्य वातावरण कसरी जुटाइदिने ?? साधुसन्त र नेपाली भक्तहरूको बीचको समन्वय कसरी तयार गरिदिने ??? यहाँका भक्तहरूले साधुसन्तप्रति श्रद्धा प्रकट गरून् । साधुसन्तले पनि ठीक छ यो श्रद्धालाई स्वीकार गरेर हामीले आफ्नो धर्म, संस्कृति र संकार तथा वैदिक प्रणालीलाई नेपालमा नै प्रचारप्रसार गर्नुपर्छ भन्ने भावना कसरी जगाइदिनुपर्दछ भन्ने चिन्तनमा म छु । यही चिन्तन गर्दै गर्दै बसिरहेको छु । यो समाज अलि नबढेसम्म समाज परिमार्जित पनि हुन सक्दैन भन्ने मेरो र मेरो गुरु परम्पराको बुझाइ पनि यही हो ।

- **खास गरी म फेरि महर्षिको सन्दर्भमा आएँ । नेपाल महर्षि वैदिक फाउण्डेशन जो कार्यक्रममा यहाँको गरिमामय उपस्थितिले महर्षि वैदिक फाउण्डेशनले गौरवबोध गरेको छ, यो फाउण्डेशनलाई गुरुदेवका**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाताले सल्लाह सुझाव दिनुहुन म अनुरोध गर्दछु।

यो महर्षि वैदिक फाउण्डेशन यसको देशका लागि अत्यन्त आवश्यकता छ। मैले पटक-पटक भन्दै आएको छु। नेपालमा अहिले धेरै संस्थाहरू आइसकेका छन् धार्मिक संघसंस्थाहरू। ती धार्मिक संघसंस्थाहरूमा कतै के त्रुटी देखिन्छ कतै के त्रुटि देखिन्छ। हामी धार्मिक भन्ने तर पशुपतिनाथलाई तिरस्कार गर्ने। हामी अमुक धार्मिक संस्थामा आबद्ध भएका व्यक्तिले दर्शन किन गर्नुपऱ्यो, पिण्ड श्राद्ध तर्पण, पानी किन गर्नुपऱ्यो ? हामी अमुक संस्थाको सदस्य भएका कारणले घरमा पूजाआजा किन गर्नुपऱ्यो ? हामी अमुक धार्मिक संस्थाका सदस्य भएको कारणले पानीलाई देवता किन मान्न पऱ्यो ? पानी पानी नै हो, तुलसी झार हो। झारलाई देवता किन मान्ने ? पीपल वृक्षलाई किन देवता मान्ने ? गाई पशु भएकोले किन देवता मान्ने ? जस्ता आफूलाई समेत धार्मिक कहलाएकाबाट आवाज आउन थालेका छन्। परन्तु वेदद्वारा सम्मानित गाई, गोरु, गंगा, तुलसी, सगुण मूर्ति भगवान्का उपासना गर्न योग्य विग्रहहरूप्रति अनास्था उत्पन्न गराइदिने संस्थाहरू भएकाले धेरै त्यस्ता व्यक्ति र संस्थालाई म विश्वास गर्दिन। परन्तु महर्षि महेश योगीद्वारा जो सनातन वैदिक धर्मको प्रचारप्रसारचाहिँ नितान्त वेदमूलक भएकाले यो महर्षि फाउण्डेशन संस्था आएको छ। यो संस्थालाई व्यवस्थित रूपले अगाडि लैजान सकोन धेरै राम्रो गर्न सकिन्छ किनकि यो वेदमूलक भएको कारणले, विश्वको शान्तिको कामना गर्ने भएकोले यसलाई अलिकति व्यवस्थित रूपले लैजानुपर्छ। यो संस्था स्थापना भएको निकै वर्ष भयो। यता आएर यो संस्था सक्रिय भएको पाइनु सुखद् विषय हो। यसलाई व्यवस्थित रूपमा अलि प्रचारप्रसार हुन सक्यो भने सबैले वेद पढ्न सक्छन्। वेदभित्र के छ भन्नेकुरा जान्न सक्छन्। त्यसका साथसाथमा हाम्रो धर्म शास्त्र र दर्शनशास्त्र भित्र पनि कुन विषय छ। यसलाई पढ्नाले के हुन्छ भन्नेकुरा सबैले जान्न बुझ्न सक्दछन्। पाश्चात्य मुलुकले जानी सक्ने, बुझी सक्ने, जुन देशमा नै वेद उत्पन्न भयो, व्याकरण जस्ता ग्रन्थहरू भए। पुराण जस्ता पारमार्थिक ग्रन्थ उत्पन्न भए। त्यहींका व्यक्तिहरूले त्यसलाई नबुझ्नु, नजान्नु, नचिन्नु भनेको ज्यादै ठूलो दुर्भाग्य हो। अब जनाइदिनको लागि यस्तै संस्थाको आवश्यकता छ जो कि नितान्त राष्ट्रसंग सम्बन्धित भएका विषय हुन्। समाजसँग सम्बन्ध भएका हुन्। अब राष्ट्र एकातर्फ, समाज अर्कोतिर, विद्वान् अर्कोतिर फेरि त्यो संस्था अर्कोतिर भएमा राम्ररी काम हुन्न। त्यसमा समन्वय हुनु आवश्यक छ। अब नेपाल महर्षि वैदिक फाउण्डेशन जुन छ, त्यो अलिकति व्यवस्थित रूपले अगाडि बढिदियो र यसका संचालकहरू पनि एकदमै योग्य भएर यसतर्फ लागिदिए भनेदेखि यसले नेपालको हित अवश्य नै गर्छ। सनातन वैदिक धर्मको उत्थान हुन सक्दछ भन्ने मेरो अन्तरआत्मादेखिकै बुझाइ छ।

- **यसैमा म एउटा प्रश्न के राख्न चाहन्छु भने महर्षि वैदिक फाउण्डेशनमा वेदकै वैदिक वचन बसुधैव कुटुम्बकम्को मूल मन्त्रलाई अगाडि सार्दै वैदिक कृषि, वैदिक रक्षा, वैदिक स्वास्थ्य, वैदिक प्रशासन जस्ता १२ वटा प्रमुख विषयमा केन्द्रित रही वैज्ञानिक अनुसन्धानसमेत गरेर अगाडि बढिरहेको देखिन्छ। यसमध्ये नेपालका विभिन्न धार्मिक, आध्यात्मिक संघसंस्था आश्रमले यस फाउण्डेशनमा समन्वय गरेर जाँदा कस्तो होला भन्ने लाग्छ यहाँलाई ?**

यो एक एकदमै राम्रो हो। एउटा वेद पढ्ने मात्र नभई १२ बुँदे जुन समाज, व्यक्ति, पशुसँग वा सम्पूर्ण प्रकृतिसँग समेत सम्बन्धित कुरो आएको छ। किनकि वैदिक कृषि कसलाई आवश्यक छैन ? वैदिक कृषि गोपालनबाट सबैलाई फाइदा नै पुग्छ। यसलाई पूर्ण रूपले लागू गर्दा को रोगी बन्न पर्छ ? अस्पतालको आवश्यकता नै किन पर्छ ? पर्दैन। वैदिक स्वास्थ्य भनेको आयुर्वेद हो। हो, हाम्रो त पहिला आयुर्वेद नै हो। हामीले वैदिक आयुर्वेद छोड्नाले नै रुनु परेको हो। वैदिक शिक्षा भयो भने सर्वे भबन्तु सुखिन, सर्वे सन्तु निरामय, संगच्छध्वं संवद्धध्वं जस्ता बुँदालाई लिएर आएको शिक्षालाई यहाँका सम्पूर्ण आश्रमहरू, धार्मिक संघसंस्था तथा वैदिक धार्मिक संघसंस्था, वैदिक नीतिसँग आबद्धता भएका संघसंस्था सँगसँगै जाँदा त्योसंस्था पनि व्यापक रूपमा जानेछ र यहाँका धार्मिक संस्थाहरू एउटा समन्वयात्मक भूमिकाका साथमा जाँदा सबैको कल्याण हुनेछ अनि परिणाममा गएर सम्पूर्ण संस्थाहरू हराएर एउटैमात्र कायम हुन जाला जस्तो मलाई लाग्दछ।

- **गुरुदेवका महत्त्वपूर्ण वाणि यहाँ आइसके तापनि हामीले प्रश्न सोध्न भुलेको, वैदिक सन्दर्भमा केही**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा महर्षि सन्देशमार्फत व्यक्त गर्न बाँकी रहेको जस्तो यहाँलाई लागेको छ कि ?

महर्षि महेश योगीका विचारहरू अत्यन्तै उच्च रहेकाले ती उच्च विचारहरूलाई संस्थागत रूपमा र संस्थागत कार्यकर्ताहरूले अझै पनि कति कुराहरू बुझ्न बाँकी रहेका छन् भनेदेखि बुझ्ने कोशिस गर्नुहोस् भन्ने म आग्रह गर्दछु । योगीका विचार भएकोले एउटा नैसर्गिक रूपमा नाभिस्थानबाट आउने वचन भएकोले यस्ता विचारहरूलाई अझै रट्न, पढ्न र बुझ्न तथा अझै सार्वजनिक रूपमा सरलीकरण गर्ने विषयवस्तु त्यहाँ आउँछ। भावातीत ध्यानकै प्रसंगमा भावातीत भनिसकेपछि अन्तस्करणका वृत्तिहरू निवृत्ति भएको अवस्था हो । अन्तस्करणका वृत्तिहरू निवृत्ति गर्ने चरण के हो ? हाम्रा श्रुतिले बताउँदछ। आहार शुद्धौ, सत्त्व शुद्धौ ध्रुवा स्मृति ध्रुवा स्मृतौ जीवन मुक्तिका पद्धति छन् । भावातीत ध्यान जान्न त्यसको पृष्ठभूमि केही न केही रहन्छ नै । उहाँका विचार पनि त्यही पक्कै छन् । ती विचारहरूलाई पनि अन्वेषण गरी संस्थामा रहेका सम्पूर्ण ध्यान शिक्षकहरूले समेत अन्वेषण गर्दै जाने एउटा पद्धति बसाल्नु राम्रो हुन्छ, वैदिक कृषिलगायत महर्षिका सम्पूर्ण विषयवस्तुहरू साधनाऽवस्था नभएसम्म सिद्धाऽवस्था हुन सक्दैन ।

त्यसैले तिनका साधनावस्थालाई अझै सरलीकरण गर्दै सानो बच्चादेखि वृद्धसमेतले त्यसमा लागू गर्न सकोस् ताकि ती संस्थाका अवधारणा देखेर कोही पनि त्यहाँबाट नभागोस् । हामी गएर त्यसमा के सम्भव हुन सक्छ र ? के त्यसलाई कसरी स्वीकार गर्न सक्छौ ? भन्ने यस्तो असंभावना त्यहाँ नआईकन हामी पनि सक्छौं र त्यहाँ बाल, युवा र वृद्धले पनि सक्छौं, व्यर्थ आयूलाई नास गर्न पर्दैन। यो पद्धति एकदमै सरल छन् । त्यसरी नै साधनाका विषय निरन्तरता दिने र शिक्षामा वेदका साथसाथै एउटा लघु कौमदी, अमरकोश, तर्क संग्रह, वेदान्तमा तत्त्वबोधको पनि पढाइ भयो भने वैदिक शिक्षाले पूर्णता पाउँछ । ध्यानले पूर्णता पाउँछ । कृषि, आयूर्वेद आदि संस्कृत भएकाले लघुसिद्धान्त कौमदी, अमरकोश समावेश हुँदा कहिल्यै पछि हट्नुपर्दैन । कसैले सुनाइदिएको शब्द भुलियो भने ती वस्तुविषय भुल्न सक्छु । यिनै विषयवस्तुलाई यसमा सहयोगी बनाउँदै लाँदा राम्रो हुन्छ। संस्था दीर्घजिवी बन्दछ भन्ने मेरो विचार छ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



डा. जोन हेग्लिनसँगको साक्षात्कार

- **वेदमा के छ ? तपाइँ कसरी वैदिक सभ्यतातर्फ आकर्षित हुनुभयो ?**

वैदिक ज्ञान सर्वोच्च ज्ञान हो । यही अन्तिम यथार्थको ज्ञान हो । म वर्तमान विज्ञानको परम्पराबाट आएको हुँ र यो वर्तमान विज्ञानले पनि सर्वोच्च ज्ञानलाई बुझ्ने प्रयास गर्दछ । यो आधुनिक, अहिलेको समयमा आधुनिक विज्ञानले सर्वोच्च ज्ञानको झल्को यौगिक चेतनाको क्षेत्रमा प्राप्त गरेको छ । वैदिक साहित्यको भाषामा यो यौगिक क्षेत्रलाई हामी आत्मा भन्न सक्छौं । यो विशुद्ध वेदको सत्ता हो, यही विश्वब्रह्माण्डको स्रोत हो । हरेक चिज त्यहींबाट उत्पन्न हुन्छ ।

त्यसरी नै, आधुनिक विज्ञानका अनुसार, यौगिक क्षेत्र नै विश्वब्रह्माण्डको स्रोत हो । सम्पूर्ण विविधताहरू, अत्यन्त धेरै मनुष्य, धेरै धेरै ग्रहहरू, यति धेरै ताराहरूको आधारमा रहेको यो एकत्व हो । यी सतही विविधताहरू जस्तै विविध रंगहरू, अनेक भाषाहरू, थरीथरीका संस्कृतिहरूको अन्तनिर्हित सत्तामा हामी सबै एउटै हुन्छौं । वेदको ज्ञान र आधुनिक विज्ञानको ज्ञान, भौतिक शास्त्रको ज्ञान सबै जीवनको मौलिक आधारको एकत्वका सम्बन्धमा अन्वेषण गर्दछन् । आधुनिक विज्ञान धेरैजसो सैद्धान्तिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । हामीले विज्ञानमार्फत बौद्धिक स्तरबाट जीवनका एकत्वको यथार्थमा गहिराइबाट बुझ्न सक्छौं । तर वैदिक ज्ञानले यो मौलिक यथार्थ हरेक मनुष्यको आधारका रूपमा, हरेक वस्तुका आधारको ज्ञान मात्र नभएर यसलाई कसरी उपयोग गर्ने वैदिक ज्ञानमा कसरी जीवनको मौलिक एकत्वलाई जिउने भनेर प्रविधिसमेत उपलब्ध गराएको हुन्छ । योगका विधिहरू, योग आसन, प्राणायाम र अझै मौलिक ध्यानको गहिरो विधि यौगिक ध्यान, भावातीत हुने ध्यान, वैदिक ध्यान, आधुनिक समयको भावातीत ध्यानले आत्माको प्रत्यक्ष अनुभव गराउँछ, यौगिक क्षेत्र सीधा सम्पूर्ण मनष्यलाई सहजतापूर्वक अनुभव गराउँदछ ।

योग र ध्यानबाहेक, आयुर्वेदिक औषधिलाई, हामीले राम्ररी चिन्न सकेमा, राम्ररी उपयोग गरेमा, आज अत्यन्त प्रभावकारी नतिजा प्रदान गर्दछ, अत्यन्त गहिराइबाट कार्य गर्दछ र यसले रोगको बाटै छेक्दछ र आधुनिक औषधिहरूभन्दा अत्यन्त शक्तिशाली हुन्छ भनी मानेका छौं । आधुनिक औषधिहरू आफ्ना ठाउँमा एकदमै राम्रा छन् । यदि यहाँ दुर्घटनामा पर्नुभयो भने यसले ठिक पार्दछ तर यसका अन्य असरहरू हुन्छन् र यो महँगो पनि हुन्छ । तर आयुर्वेदिक औषधिहरूमा महत्त्वपूर्ण के छ भने यसले रोग लाग्नुबाट बचाउनुका साथै रोगको पनि उपचार गर्दछन् । त्यसपछि वेदमा वास्तुविद्या, भवन निर्माणको वैदिक प्रविधि छ, वैदिक कृषि छ, जसलाई अर्ग्यानिक एग्रीकल्चर वा जैविक कृषि भनिन्छ । वेदमा हरेक विधाका प्रविधिहरू रहेका छन् तर अझै आजको संसारलाई परिवर्तन गर्ने कुरा मेरो विचारमा के छ भने सम्पूर्ण वैदिक ज्ञान, सम्पूर्ण वैदिक प्रविधिमा वैदिक शिक्षा अत्यन्त प्रभावकारी छ जुन यौगिक चेतनामा आधारिक शिक्षा पद्धति हो अथवा यसलाई हामी चेतनामा आधारित शिक्षा भन्न सक्छौं । यस्तो शिक्षा प्रत्यक्ष रूपमा आत्मसत्ता वा समाधिको अनुभव गर्नुमा आधारित हुन्छ । सम्पूर्ण विद्यार्थीहरू, सामुदायिक विद्यालयहरू, गुरुकुलहरू, परम्परागत विद्यालयहरू, निजी विद्यालयहरू सबैले भावातीत ध्यान प्रविधिका माध्यमबाट विद्यार्थीहरूका मष्तिष्क क्षमतालाई पूर्ण रूपमा विकास गर्न सक्छन् । यसले उनीहरूका मष्तिस्कमा स्पष्टता, स्वच्छता, बुद्धिको विकास, सिर्जनशीलता, स्मरण क्षमता, अत्यधिक उच्च ढंगले सिक्न सक्ने शैक्षिक क्षमता र जिन्दगीमा अत्यधिक सफलता हासिल गर्न सक्ने क्षमताको विकास हुन्छ ।

यस प्रविधिबाट विद्यार्थीहरूले वेदका बारेमा जाने पनि नजाने पनि आत्मसत्ताको, ब्रह्मसत्ताको अथवा वेदको प्रत्यक्ष अनुभव गरेर उनीहरू विकसित हुन जान्छन् । यसलाई अहिले अमेरिकामा लागू गरिएको छ, ल्याटिन अमेरिकाका २१ मुलुकहरूमा लागू गरिएको छ । त्यहाँका विद्यमान शिक्षा प्रणालीमा यो वैदिक शिक्षा अथवा चेतनामा आधारित शिक्षा प्रणालीबाट अद्‌भूत नतिजा हासिल गरिएको छ । विशुद्ध चेतना अथवा यो समाधिको अनुभवबाट उनीहरूमा उत्साहमा, सिर्जनशीलतामा, जोशजाँगरमा विकास भएको छ, चेतनामा विकास भएको छ र शैक्षिक क्षेत्रहरूमा भएका व्यापक समस्याहरूको समाधान भएको छ । यही सूत्रबाट नेपालमा विकास हुनेछ र यसले छिट्टै नै विश्वलाई नेतृत्व गर्न सक्छ ।

यसले विद्यार्थीहरूलगायत सम्पूर्ण व्यक्तिहरूले आफ्नो पूर्ण क्षमताको उपयोग गर्नेछन् । उनीहरूले आन्तरिक एकत्व, आत्माको, सर्वव्यापी आत्मसत्ताको अनुभव गर्नेछन् । यही शान्तिको सूत्र हो । जब एउटा व्यक्तिमा आन्तरिक शान्ति र एकत्वको विकास हुन्छ, उसले अन्य व्यक्तिहरू, समाज, अर्को संस्कृति, अन्य जातिहरू, अन्य राजनीतिका विचारधाराका व्यक्तिहरू, अन्य विश्वासहरू सबैलाई एउटै देख्न थाल्छ । यसबाट राष्ट्रिय एकता, राष्ट्रिय सुमधुरता, राष्ट्रिय सामञ्जस्यता र शक्ति र मुलुकमा शान्ति स्थापना हुन्छ । सम्पूर्ण समाज सहसम्बद्धतामा अगाडि बढ्छ । मुलुक अजेय एवं अटल बन्छ ।

- **वेद कसरी विज्ञान हो ?**

वेद एउटा विज्ञान हो किनभने वेद अन्यन्त सत्य छ, यसका नतिजाहरूको पूर्वानुमान गर्न सकिन्छ, प्रमाणित गर्न सकिने यसका नतिजाहरू हुन्छन् र परीक्षणहरूबाट प्रमाणित गरिएका छन् । यसले प्रत्यक्ष अनुभव गर्न सकिने प्रभाव उत्पन्न गर्दछ । यसैले यसलाई एउटा विज्ञान प्रमाणित गर्दछ । यदि यहाँले वैदिक ध्यान, भावातीत ध्यानको अभ्यास गर्नुहुन्छ भने यहाँले हरेक समयमा एउटै नतिजा हासिल गर्नुहुनेछः मष्तिस्कको विकास, स्वास्थ्यको विकास, व्यवहार वा पर्यावरणको विकास आदि । यो विधि अत्यन्त क्रमबद्ध छ । यो सैद्धान्तिक हिसाबले प्रमाणित

 जगत्‌बाट अलग हुन असम्भव छ । जगत्‌मा रहेरै पनि यसको स्वरूपलाई समझमा लिने गर्नुपर्दछ । -जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ, यो आज वैज्ञानिक हिसाबले प्रमाणित छ। वेदको मौलिकतालाई वैज्ञानिक अथवा गणितीय अनुसन्धानबाट प्रमाणित गर्न सकिन्छ।

- **यहाँहरू कसरी यो पूर्वीय संस्कृतिसँग आकर्षित हुनुभयो, यसका प्रमुख कारणहरू के के हुन् ?**

यो सौभाग्यको कुरा थियो- पूर्वका एक महान् ऋषि महर्षि महेश योगी पश्चिममा जानुभयो। पश्चिम यस ज्ञानमा आकर्षित नभए पनि उहाँले यो ज्ञानलाई पश्चिममा लिएर आउनुभयो किनभने हरेक व्यक्तिको कल्पनालाई आधुनिक विज्ञानले आकर्षण गरेको थियो। तर उहाँले यसलाई अत्यन्त वैज्ञानिक हिसाबले, अत्यन्त प्रभावकारी हिसाबले लिएर आउनुभयो र उहाँका चेतनाका वैदिक प्रविधिहरूबाट स्वास्थ्यका समस्याहरू, शिक्षाका समस्याहरू समाधान भए। महर्षिका भावातीत ध्यान, सिद्धि कार्यक्रमहरू अपरिहार्य भए। स्कूल, अस्पताल, सरकार, सेना सबैका लागि यो अपरिहार्य भयो। अहिले आधाभन्दा बढी अमेरिकनहरू दीर्घकालिक रोगहरूबाट ग्रस्त छन् जसका आधुनिक चिकित्सा विज्ञानमा कुनै उपचार पाइँदैन। उदाहरणका लागि हृदयरोग र अन्य यस्ता कैयन रोगहरूमा आधुनिक चिकित्सा विज्ञानले बिरामीहरूलाई भन्छ, **धैर्यपूर्वक मृत्युलाई पर्खनुस्**। तर आयुर्वेदले यस्ता रोगहरूलाई उल्ट्याइदिएको छ। भावातीत ध्यानले मात्रै हृदयरोगलाई उल्ट्याइदिएको छ। आयुर्वेदिक भोजन, आयुर्वेदिक जडिबुटिहरू, आयुर्वेदिक योगाभ्यासहरूले मात्रै रोगहरूलाई उल्ट्याइदिएका छन्। अमेरिकन औषधिहरूका प्रणालीहरू अधूरा छन्। तसर्थ अमेरिकनहरू आज आयुर्वेदतर्फ जानुपरेको छ।

- **आधुनिक विज्ञान पूर्ण भनेर मान्दै आइएको हो तर यहाँको प्राचिन विज्ञान नै पूर्ण रहेछ भन्नेकुरा अहिले पश्चिमले थाहा पाएको हो कि कसो ?**

आधुनिक विज्ञानले धेरै महत्त्वपूर्ण कुरा पत्ता लगाएको छ। यसले जीवनको एकत्वको गहिराइमा प्रवेश गरेको छ। तर आधुनिक विज्ञान सबै सैद्धान्तिक मात्रै हो। तर जबसम्म व्यावहारिक हिसाबले यसको अनुभव गर्न सकिँदैन भने आम मानिसकहरूका लागि यसको कुनै व्यावहारिक महत्त्व छैन। तसर्थ वैदिक ज्ञानले जीवनको एकत्वलाई केवल उजागरमात्र गरेको छैन यसले उक्त एकत्वको चेतनालाई विकास गर्ने, यस अमूर्त सत्तालाई अनुभव गर्ने र यसैमा जिउने प्रविधि उपलब्ध गराएको छ। पश्चिममा दार्शनिकहरू, वैज्ञानिकहरू भन्दछन्, **हामी सबै एउटै हौँ, सुखी बनौँ।** तर कसैले तपाईंका खुट्टामा भुकिएर छोइहाल्यो भने पनि यी सम्पूर्ण दर्शनहरू झ्यालबाट बाहिर जान्छन्। उनीहरू रिसले चूर हुन्छन्। वैदिक ज्ञानसँग जीवनको एकत्व, आत्मसाक्षात्कार अत्यन्त सुमधुरताका साथ भित्र स्थापित भएको हुन्छ। यसमा त तपाईंका खुट्टा कुल्चिन कोही आओस् वा नआओस् सदैव आनन्दमा परमानन्दमा रहन्छ। वैदिक ज्ञानले व्यक्तिको मनमा, शरीरमा, हृदयमा र आत्मामा एकत्व स्थापना गर्दछ। यही पश्चिमको बौद्धिकता र पूर्वको हृदयमा भएको भिन्नता हो।

- **वेदले वसुधैव कुटुम्बकम् भन्छ। तर पश्चिममा त मानिसहरूले आफ्ना सीमानाहरूमा पर्खाल लगाएर बसेका छन्। यो अवस्थामा उनीहरूले कसरी यसको लाभ लिन सक्छन् ?**

बसुधैव कुटुम्बकम् एउटा वास्तविक यथार्थ हो। मानिसहरूले स्वाभाविक रूपबाट यो यथार्थमा बाँचेकै हुन्छन् तर तनावका कारण अन्यन्त तुच्छ जिन्दगी बिताएका छन्। उनीहरूका दृष्टिकोण साँगुरिएका छन्। उनीहरू आफू केन्द्रित भएका छन्, उनीहरू राष्ट्रवादी भएका छन्। हेर्नुस् अमेरिकनहरूका लागि मेक्सिकन। उनीहरू चेतनाशून्य छन्। अमेरिकनहरू चेतनाका उच्चस्तरिय अवस्थाहरूमा बाँचेका छैनन्। जिन्दगीको गहिराइबाट अमेरिकी नागरिक र मेक्सीकोका नागरिक एउटै हुन् भन्नेकुरा उनीहरूले बुझेका छन् तर उनीहरू यसमा बाँचेका छैनन्। डरले प्रभुत्व जमाएको छ। यसका लागि के चाहिन्छ भने सामूहिक चेतनाको स्तरलाई माथि उठाउनुपर्दछ जसले गर्दा एकत्वको अवस्थामा बाँच्न सकिन्छ र **बसुधैव कुटुम्बकम्**को भावनालाई केवल आज सम्झने र भोलि बिर्सने जीवनको दर्शनमा सीमित नराखेर जीवनको यथार्थ बनाउन सकिन्छ। बौद्धकतामा मात्र बाँच्नु भनेको जीवनको सतही स्तरमा मात्र सीमित रहनु हो, जीवनलाई कमजोर बनाउनु हो भने एकत्वको अनुभव गर्नु वास्तविक जीवन हो। यही नै हामी सुषुप्ति, जागरुकता र स्वप्नका अवस्थामा रहे पनि यिनै वैदिक अध्ययन र वैदिक प्रविधिहरूले दिने अनुभवहरू हुन्। जब यहाँले भावातीत ध्यानको अनुभव गर्न शुरु गर्नुहुन्छ, यहाँले यही एकत्वको आनन्दको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झल्को पाउनुहुनेछ, यसको स्वाद लिन शुरु गर्नुहुनेछ, क्षणिक भए पनि शुरुआत हुन्छ तर नियमित अभ्यासबाट यो एकत्व स्थायी बन्न जान्छ र उक्त अवस्थामा यहाँले **बसुधैव कुटुम्बकम्**को अवधारणामा, आत्मसाक्षात्कारको अवस्थामा बाँच्न शुरु गर्नुहुन्छ र उच्चस्तरीय चेतनाको विकास स्वतःस्फूर्त रूपमा जीवनको यथार्थमा परिणत हुन जान्छ। पश्चिममा अथवा पूर्वमै पनि पूर्ण रूपमा चेतनाको विकास भएको छैन। हामीसँग सन्तहरू छन्, साधुहरू छन् तर पनि अधिकाँश व्यक्तिहरू साधु छैनन्, सन्तहरू छैनन्।

- **यहाँहरूको अहिले, यतिबेला पूर्वमा आउनुको कारण के हो ?**

अहिले म लगायत मेरा वैज्ञानिकहरूको समूह पूर्व आउनुको कारण, नेपाल आउनुको कारण उनीहरूलाई आफ्नै कुरा जुन हामीले प्राप्त गरेका थियौं, फिर्ता दिन आएका हौं। महर्षि पश्चिममा आउनुभयो र हामीलाई सर्वोच्च वैदिक ज्ञानको अनन्तता दिनुभयो। हामीले पूर्वमा, नेपालमा आएर उनीहरूलाई उहाँहरूकै अथाह शक्तिलाई उपयोग गर्नका लागि वैदिक ज्ञान र प्रविधिहरूको पूर्ण रूपमा प्रयोग गर्नुपर्छ भनेर विश्वास दिलाउनका लागि आधुनिक विज्ञानका प्रमाणहरू लिएर आएका हौं। महर्षिको निर्देशनमा आधुनिक विज्ञानमार्फत वैदिक ज्ञानले परम्परादेखि छरिएर रहेका विभिन्न ऋषिहरूका ज्ञान, वेदहरू, वेदाङ्गहरू, उपाङ्गहरू, आयुर्वेद, योग, गन्धर्ववेद आदिलाई एकत्रित गरेर महर्षिले व्यावहारिक विज्ञानका रूपमा प्रस्तुत गर्नुभयो। हराउँदै गइरहेको वैदिक ज्ञानहरूलाई यसरी पुनरुत्थान गरेर उहाँले आयुर्वेदहरूमा श्रेष्ठ, वास्तुशास्त्र श्रेष्ठ, वैदिक कृषिको पनि श्रेष्ठ र वैदिक सुरक्षाका रूपमा सर्वोच्च भावातीत ध्यान (Transcendental Meditation) जस्तो महान् प्रविधि दिनुभयो। यसलाई उहाँले पश्चिममा लगेर, आधुनिक विज्ञानमार्फत प्रमाणित गरेर व्यक्ति तथा समाजको सफलताका लागि अत्यधिक शक्तिशाली वैदिक पद्धतिका रूपमा देखाइदिनुभयो। अमेरिका, कोलम्बिया, ब्राजिल, भेनेजुएलालगायत २० मुलुकहरूका सैयौं सार्वजनिक विद्यालयहरूमा यसको अभ्यास गरिन्छ। तर भावातीत ध्यान यहाँका शैक्षिक सँस्थाहरूमा अभ्यास गरिएको छैन। भावातीत ध्यानको अभ्यास यहाँ खासै गरिएको छैन र संस्कृत भाषाको अध्ययन पनि यहाँ अत्यन्त न्यून छ।

नेपाली जनताले सदिऔंदेखि सुरक्षा गरेर राखेको वैदिक ज्ञानका प्रविधिलाई यहाँ प्रयोग गरिएको छैन। उनीहरू यसका भागीदार हुन्। हामी यहाँ आएर उनीहरूलाई बताउनुको कारण यही हो कि यी प्रविधिहरू अत्यन्त उपयोगी छन्। भावातीत ध्यानका माध्यमबाट नेपालीहरूले आध्यात्मिक एवं भौतिक सफलताको शिखर हासिल गरून्।

- **पूर्वको वैदिक ज्ञानबाट विश्वमा शान्ति ल्याउन कसरी सम्भव छ ?**

वेदको ज्ञानले मात्रै विश्वमा शान्ति हासिल गर्नु सम्भव छ। वेदको ज्ञान र अनुभवले मात्रै जीवनको मौलिक एकत्वको आधारलाई अनुभव गर्न सकिन्छ। यो सबैको आत्मा हो। मेरो शरीर, तपाईंको शरीर, उहाँको शरीर तथा यहूदीहरूको, क्याथलिकहरूको, ईसाईहरूको र मुस्लिमहरूको शरीर सबै वेदबाट बनेको हुन्छ। जब हामी चिन्छौं जीवनको वास्तविकता त्यही मौलिक आधार हो अनि सबै दिव्य हुन जान्छन्। चाहे मुस्लिम हुन् वा ईसाई हुन् सबै वेदका अभिव्यक्तिहरू हुन्। वेद हामी सबैको एकत्व हो, वेद त एउटा सार्वभौमिक ज्ञानको क्षेत्र हो। वेदलाई आफैमा चिन्नु, आफैँमा अनुभव गर्नु र आत्माको रूपमा अनुभव गर्नुले हाम्रो सम्पूर्ण दृष्टिकोण परिवर्तन गरिदिन्छ। यसले विश्वशान्ति स्थापना गर्दछ।

आधुनिक विज्ञानका भाषामा हरेक चिज, ढुंगा, माटो, वनस्पति, इँटाहरू, कोशिकाहरू, हामीले फेर्ने श्वास, तपाईं-हामी सबै त्यही यौगिक चेतनाबाट बनेका हुन्छन्। जब हामीले हामी सबैलगायत सम्पूर्ण कुराहरू यसैबाट बनेको भनेर जान्दछौं, यो एकत्वलाई चिन्दछौं भने हामीले अरू केही नभएर वेदबाटै बनेको भनेर बुझ्दछौं, हामी वेदमै जिउँछौ, वेदमै सास फेर्छौं भने नतिजा शान्ति हुन्छ। विश्वशान्ति हुन्छ। यहाँले आफूलाई कहिल्यै हानी गर्नुहुन्न, आफ्ना बालबालिकालाई, आफ्ना सन्ततिलाई, छिमेकीलाई र विश्वलाई कहिल्यै नराम्रो गर्नुहुन्न किनभने, हामीले आफूलाई आफ्नो आत्मसत्ताका रूपमा चिन्दछौं। हाम्रा छोराछोरीहरूलाई आफ्नै प्रतिबिम्बका रूपमा देख्दछौं। जब सबैमा यसरी एउटै भावना उत्पन्न हुन्छ भने कुनै पनि कुरा हामीबाट पृथक् हुन सक्दैन। तर यो केवल कहिलेकाही स्मरण गर्ने कुरा होइन, यो त सदैव

शक्तिशाली बन्न चाहन्छौ भने त सर्वशक्तिमानूको शरणमा आउने गर।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभव गर्ने यथार्थ हो । यही **बसुधैव कुटुम्बकम्** हो । यही विश्वशान्ति हो ।

- **वैदिक ज्ञान र अन्य ज्ञानहरूमा के फरक छ ?**

वर्तमान समयका विद्यालय र कलेजहरूका ज्ञान एउटा रुखका हाँगा, पात र फूलहरूजस्तै हुन् तर मुख्य रुख र यसका जरा र रस जस्ता भने होइनन् । रुखका जरा र रसले सम्पूर्ण रुखलाई पोषित गर्दछन् । यदि यहाँले केवल फूल, हाँगा र पातहरूमात्र हेर्नुहुन्छ भने यहाँले गहिराइबाट रुखको एकत्व, जरा र रस गुमाउनुहुन्छ जसले सम्पूर्ण रुखलाई प्रष्फुटन र पोषण गरेको हुन्छ । हामीले विद्यालयमा क ख ग पढ्छौँ, भाषा पढ्छौँ र केही गणित अध्ययन गर्दछौँ, केही विज्ञानका बारेमा जान्दछौँ । तर, ज्ञानको जरा वैदिक ज्ञान, सर्वोच्च ज्ञान जुन हाम्रो आफ्नै आत्मामा निहित हुन्छ, हामीले गुमाएका हुन्छौँ । आत्माको ज्ञान हासिल गरेर वेदको ज्ञान हासिल गर्न सकिन्छ । तसर्थ जसरी रसको अध्ययन गर्नु एकदमै सजिलो हुन्छ, त्यस्तै आत्मा अथवा समाधिको अध्ययन र अनुभव गर्नु सजिलो हुन्छ । जब यहाँले एकपटक आत्माको अनुभव गर्नुहुन्छ, यहाँले चेतनाको ज्ञान प्राप्त गर्नुहुन्छ । चेतनाको ज्ञान हासिल गरेपछि यहाँले सबै कुराहरू जान्नुहुन्छ । चेतनालाई जान्नु र अनुभव गर्नु अत्यन्त सजिलो कुरो हो । चेतनाको ज्ञान हासिल गरेपछि अन्य कुराहरू जान्न अत्यन्त सजिलो हुन्छ । यदि चेतनाको अनुभव भएन भने यहाँले केही पनि जान्न सक्नुहुन्न । स्कूल कलेजहरूमा पात,.फूल र हाँगाहरूको ज्ञान दिनु राम्रै हो तर यसमा रस र जराको ज्ञान सम्मिश्रण गर्नु भनेको अत्यधिक राम्रो हुन्छ । यो आत्माको ज्ञान हो । गुरुकुलहरूले यसको ज्ञान दिन्छन् जहाँ विद्यार्थीहरूले वेदको अध्ययन गर्दछन् । अग्निमीडे पुरोहितं होतारं रत्नधातम् । सामुदायिक विद्यालमा पनि वेदको अध्ययन गराउन सकिन्छ । त्यहाँ संस्कृत अध्ययन गर्न समय नभए पनि, वेदको अध्ययन गर्न समय नभए पनि उनीहरूले त्यहाँ आत्मसत्ताको अनुभवमा डुब्न सक्छन्, यही मात्रै पनि सफलता गर्न पर्याप्त हुन्छ ।

- **वैदिक ज्ञानका माध्यमबाट कसरी नेपालले विश्वको नेतृत्व गर्न सक्छ ?**

वैदिक ज्ञानको जानकारीबाट, अझै महत्त्वपूर्ण त, आयुर्वेद, कृषि, वैदिक योग, भावातीत ध्यान प्रविधिमार्फत आत्मसत्ताको अनुभवबाट नेपालले विश्वलाई सिर्जनशीलतामा, बुद्धिका स्तरमा, सम्पन्नताका स्तरबाट, आर्थिक विकासको क्षेत्रमा विकसित हुन जान्छ । जीवनका कुनै पनि महत्त्वपूर्ण कुराहरूलाई वैदिक ज्ञान र प्रविधिको उपयोग गरेर सहजै प्राप्त गर्न सकिन्छ नै यसर्थ जब नेपाल यसबाट विकसित हुन्छ, विश्वमै नेपाल, भारत, चीन र अमेरिका तथा अन्य मुलकहरूभन्दा शान्तिमा, सम्पन्नतामा, स्वास्थ, आनन्द र आर्थिक उन्नतिमा एउटा चम्किलो उदाहरण बन्न जान्छ । नेपालले वैदिक ज्ञानलाई माया गरेको छ, यसलाई हुर्काएर राखेको छ । तर सफलताका लागि नेपालले कसरी वैदिक ज्ञानलाई वैज्ञानिक तरिकाले उपयोग गर्ने भनेर जानेको छैन । यही कुरा महर्षिले विश्वलाई दिनुभयो र सन् १९७४ मा नेपाल आउँदाखेरि उहाँले नेपालमा वैदिक ज्ञानको जीवन्तता देख्नुभयो । नेपालीहरू नहिच्किचाईकन आएर भावातीत ध्यान सिकेका थिए । हजारौँको संख्यामा भावातीत ध्यान सिक्न आउनेहरूको उत्साह देखेर महर्षिले वैदिक ज्ञानमार्फत नेपालले विश्वलाई नेतृत्व गर्न सक्छ भनेर भन्नुभएको थियो । यहाँ त आध्यात्मिक कुराको अभ्यास गर्नु धेरै सजिलो छ तर अमेरिकामा त पटक-पटक कुरा गरे पनि मान्छेहरू यस्ता कुराहरूलाई स्वीकार गर्न गाह्रो मान्छन् । तर यहाँ त यदि कसैलाई ध्यान गर्नुहुन्छ वा वैदिक ज्ञान हासिल गर्न चाहनुहुन्छ भनेर सोध्ने हो भने विना हिचकिचाहट तुरन्तै हुन्छ, म तैयार छु भनिहाल्नुहुन्छ । तसर्थ महर्षिले ल्याउनुभएका सबै ज्ञानहरूले यो हासिल गर्नु सजिलो छ ।

- **यहाँले भने अनुसार यो आत्मसत्ता, योगको सत्ता जुन गुणातीत छ, त्रिगुणातीत छ भने कसरी यसले मानिसहरूमा विविध गुणहरू स्वास्थका गुणहरू, शिक्षाका गुणहरू, गतिशीलताका गुणहरू र सफलताका गुणहरूको विकास गर्दछ त ?**

अत्यन्त राम्रो प्रश्न गर्नुभयो । जीवनका अवस्थाहरू भनेका आन्तरिक शान्ति र बाह्य गतिशीतलता हुन् । आत्मज्ञान वा आत्मसाक्षात्कारको अवस्था भनेको कुनै गुफाहरूमा गएर आँखा बन्द गरेर संसारलाई पछाडि छोडेर आत्मसत्ताको अनुभव गर्ने कुरो होइन । यो त आन्तरिक शान्ति, आन्तरिक अनन्तता, आन्तरिक अखण्डता,

जस्तो-जस्तो भगवान्‌को उपासना गर्दछौ उस्तै-उस्तै शान्ति-सन्तोषको अनुभव हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आन्तरिक असीमितको अनुभव गर्नु हो र यसपछि आँखा खालेर बाहिर आएर यहीँ स्वास्थका, शिक्षाका, अशान्तिका, गरिबीका, युद्धका र दुःखका समस्याहरूको समाधान गर्नु हो, कर्मक्षेत्रमा उत्रनु हो । तसर्थ कोही आन्तरिक रूपमा तृप्त छ भने उनीहरू आफूलाई केही चाहिँदैन र उनीहरू अरूका लागि सोच्न थाल्छन्, आँखा खोलेर हेर्छन् र भन्छन् अहो ! उसले दुःख पाएको रहेछ, उसलाई सहयोग गर्नुपर्‍यो भनेर उनीहरूमा दुःखीहरूप्रति करुणाको भाव जागेर आउँछ । उनीहरूले आफ्नै आत्मसत्तालाई हासिल गरेका रहेनछन् भनी बुझ्दछन् र उनीहरूलाई त्यसमा सहयोग गर्दछन् । मानिसहरू मानिसहरूकै दुःख देखेर समाज र विश्वका समस्याहरूका समाधान गर्न प्रेरित हुन्छन् ।

- **वैदिक शिक्षामा सामूहिक चेतनाको कुरा आउँछ, तर यो स्वार्थी समाजमा यो कसरी सम्भव हुन्छ ?**

जब चेतना विस्तार हुन्छ, स्वाभाविक रूपमा सबैले, व्यक्ति स्वार्थी भए पनि, साथसाथै सोच बृहत्स्तरको हुन जान्छ, सबैका लागि हुन जान्छ । जब चेतना साँगुरो हुन्छ व्यक्ति केवल ममात्रै, मेरैको मात्र भन्ने भावनामा सीमित हुन्छ । तर, चेतनाको विस्तारपश्चात् त्यो समाज र सामाजिक भावनामा प्रसारण हुन्छ र पूरै समाज, राष्ट्र तथा विश्वमा **बसुधैवकम् कुटुम्बकम्**को भावना विकास हुन्छ । तुच्छता र तनाव पग्लेर आन्तरिक आनन्द र अखण्डतामा रूपान्तरण हुन जान्छ । एउटा आत्मज्ञानी मनुष्यलाई थाहा हुन्छ उसले कसरी आफ्ना महत्त्वाकाँक्षाहरूलाई साकार बनाउने र साथसाथै उसले अरूका लागि कसरी अरूका लक्ष्यहरूलाई तृप्त गर्ने, अरू व्यक्तिलाई कसरी पोषित बनाउने र समाजलाई कसरी विकसित बनाउने । यो त बृहत् चेतनाको स्तर हासिल गरेका व्यक्तिको स्वाभाविक नतिजा हो । आफ्ना चाहनाहरूमात्र राख्नु र अरूलाई बेवास्ता गर्नु भनेको लोभ हो । अन्तमा यसले आफैँलाई पनि सन्तुष्टि दिँदैन, अरूको त कुरै छोडौँ । वैदिक शिक्षाले यो सबै सजिलै हासिल गर्दछ । वैदिक ज्ञान र भावातीत ध्यान नै यसको विधि हो ।

डा. जोन हेगिलनलाई सम्मान गरिँदै

 गुरुको काम हो- शिष्यलाई भवसागरबाट पार लगाउनु ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीपकप्रकाश बास्कोटासँग अन्तर्क्रिया

- **अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन सम्पन्न गराउनुभएको छ । कस्तो अनुभव गर्नुभएको छ ?**

अन्तर्राष्ट्रिय सम्मेलन व्यवस्थापन त्यति सजिलो कुरा अवश्य होइन । मैले सहकारी आन्दोलनमा क्रियाशील रहँदा धेरै अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएको र थोरै सम्मेलनहरू नेपालमा आयोजन, व्यवस्थापन गरे-गराएको अनुभवले पनि मलाई धेरै सहज बनायो। छोटो समयमा सम्पन्न गर्नुपर्ने भएकाले भनेजस्तो व्यवस्थापन गर्न केही कुरा त्रुटी, कमजोरी पनि भएको महसुस गरेको छु। तर, यसको तयारीमा डा. किस्ली ब्रुक्स तथा लेस्ली ब्रुक्सको कारण अन्तर्राष्ट्रिय गतिविधि र व्यवस्थापन सहज भयो। भरतराज पौडेलजीको महिनौं दिनदेखिको प्रयासले सहभागितामा कुनै कमी देखिएन । मिनराज अधिकारी, अर्जुन कोइराला, डिल्ली अधिकारी, उपेन्द्र प्र. नेपाल, विष्णु पौडेल, लक्ष्मी कुमार पाण्डे, अभिमन्यु नेपालको कृयाशीलताले विभिन्न क्षेत्रको कार्यसम्पादन र व्यवस्थापनमा अत्यन्तै सहज भयो भने विदेशी पाहुनाको रेखदेखमा पुरुषाहरू रामप्रसाद, आत्माराम, गोपालकुमार मैनाली, ध्रुव कार्कीहरूको सकृयता प्रशंसनीय रह्यो । लेखा व्यवस्थापनमा पुनम मल्ल र टीका पाठक, आगन्तुकहरूको रजिष्ट्रेशनदेखि सभाहलभित्रको रेखदेख व्यवस्थापन आदिमा सिद्धि - शिक्षकहरूको सकृयताले र अन्य हरेक क्षेत्रमा सम्बन्धित व्यक्ति र निकायको यो सम्मेलनप्रतिको सकारात्मक सोच र सहकार्यले गर्दा सम्मेलन सोचेको भन्दा पनि फरक र सफल भएको अनुभव भइरहेको छ। यसको समग्र ज्ञान, आँट र क्षमताका लागि प्रेरणा प्रदान गर्ने परम आदरणीय डा. टोनि नेडर महाराजाअधिराज राजाराम, राजा लुइस आदिको अप्रत्यक्ष तर अत्यन्त महत्त्वपूर्ण साथ सहयोग रह्यो । वरिष्ठ वैज्ञानिक तथा महर्षि वैदिक विश्वविद्यालयका कुलपति डा.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन हेगलेनको उपस्थितिले सम्मेलनको गरिमा थप उचाइमा पुऱ्याएको अनुभव भएको छ।

- **यो महासम्मेलन आयोजना किन गर्नुपर्‍यो ? के प्राप्ति भयो ?**

विकासको नाममा आधुनिक विज्ञानले निर्देशको मार्गबाट वैदिक सभ्यता, संस्कृति र ज्ञान ओझेलमा पर्दैगएको र परिणामस्वरूप मानव समाजले दिन-प्रतिदिन दुःख, दरिद्रता, हिंसा, हत्या, आतङ्कसहित तनावग्रस्त जीवन व्यतीत गरिरहेको अवस्थामा विश्वव्यापी दिगो शान्ति र समृद्धि कसरी ल्याउन सकिन्छ भन्ने परमपूज्य महर्षि महेश योगीको यो सङ्कल्पमा आधुनिक विश्वका ख्यातिप्राप्त वैज्ञानिकहरूको सहकार्यमा सम्पन्न अध्ययन र अनुसन्धानमा आधारित वैदिक ज्ञान र प्रविधिको वैज्ञानिकताबारे सर्वसाधारण सुसूचित गराई विनाश र विपत्तिबाट समाजलाई जोगाउन अत्यन्त जरुरी भएकाले एउटा बृहत् सम्मेलनको आवश्यकता महसुस गरियो । फलतः देश तथा विदेशमा अत्यन्त सकारात्मक सूचना प्रवाह भएको हामीले महसुस गर्दै छौं।

- **नेपालमा महर्षि वैदिक अभियानको भावी दिशा कस्तो रहला ?**

नेपाल, भारतका लागि त यो वैदिक ज्ञान र प्रविधि कुनै नौलो जस्तो देखिन्न, मात्र एउटा नयाँ चिज पाएर पुरानो फाले जस्तोमात्र हो । त्यसकारण नयाँबाट पाएको फाइदा र पुराना फालेका बेफाइदा बुझाउन सके वैदिक अभियानको महत्त्व स्वतः प्रष्ट हुन्छ । तसर्थ नयाँ मार्गमा अलमलिएका यात्रुहरू स्वबिउ मार्ग पहिल्याएपछि स्वतः हिडछन् भन्ने विश्वास छ । तसर्थ यसको भविष्य उज्ज्वल देखेको छु किनभने आजको युग विज्ञानको युग हो । र, वेद तथा वैदिक ज्ञान प्रविधिलाई वैज्ञानिकहरूले पूर्ण विज्ञानको रूपमा पुष्टि गरिदिएकाले भविष्यका बारेमा अब कुनै सन्देह छैन । त्यसकारण नेपालको दिगो शान्ति र समृद्धिको भावी दिशा वैदिक मार्गले निरन्तर निर्देश गर्नेछ, त्यो मार्गमा नेपाल महर्षि वैदिक फाउण्डेसनले ट्राफिक प्रहरीको रूपमा योगदान गरिरहनेछ।

- **वेद-विज्ञान र आधुनिक विज्ञानका बारेमा महर्षि महेश योगीको योगदानका बारेमा केही बताइदिनुहुन्छ कि ?**

वेदलाई बुझ्नेले पनि धर्मको रूपमा व्याख्या गर्थे । पछिल्ला दिनमा वेद पढ्नै नसकिने तथा अर्थै नलाग्ने भाषाको रूपमा लोपोन्मुख हुन लाग्दा महर्षि महेश योगीले आधुनिक वैज्ञानिकहरूको सहयोगमा बृहत् अध्ययन र अनुसन्धानपछि वेद पनि विज्ञान मात्र होइन, पूर्ण विज्ञानको रूपमा प्रमाणित गराउनुभयो। त्यो नै उहाँको ठूलो योगदान हो। वैदिक विज्ञान नै आधुनिक विज्ञानको जन्मदाता हो। यो सिद्ध भएको छ।

- **जो-जो महासम्मेलनमा सहभागी हुनुभयो, उहाँहरूको बारेमा केही भन्नुहुन्छ कि ?**

नसोचेको उपस्थिति र सहभागिता रह्यो। यो विधाप्रतिको उहाँहरूको सद्भावना मापन गर्ने अवसर मिल्यो । हामीलाई उहाँहरूले भविष्यको मार्ग सुनिश्चित गराउनुभएको छ । उहाँहरूलाई र उहाँहरूको विचारलाई शिरमा राखेर फाउण्डेशनले मार्गचित्र बनाई निरन्तरता दिनुपर्ने महसुस गरेको छु। यसै वार्ताद्वारा सहभागी सबै आदरणीय व्यक्तित्वहरूलाई जयगुरुदेवको माध्यमबाट प्रणाम गर्न चाहन्छु।

डा. किङ्स्ली ब्रुक्स तथा डा. लेस्ली ब्रुक्सलाई सम्मान गरिँदै

 मनलाई संसारमा लगाऊ तथापि यतिमात्र कि परमार्थ नबिग्रियोस्।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. किन्स्ली ब्रुक्ससँग वार्तालाप

- **कस्ता र कुन तहका वैज्ञानिकहरूले यो सम्मेलनमा भाग लिएका थिए ?**

हामी १६औं-१७औं शताब्दिका वैज्ञानिक क्रान्तिपश्चात् वैज्ञानिक युगमा छौं जहाँ सही सिद्धान्तले गलत विश्वासलाई परिवर्तन गरिदियो । त्यसैले त्यस महासम्मेलनको महत्त्वपूर्ण पाटो भनेको जहाँ वेदको ज्ञानले सबैका लागि सर्वकालीन सार्वभौमिक ज्ञान भएको दाबी गरिरहँदा हाम्रो समयका मुख्य वैज्ञानिकहरूद्वारा वेदको परीक्षण समावेश हुनु जरूरी थियो । नेपालको भाग्य हो कि धेरै वरिष्ठ वैज्ञानिकहरू काठमाडौंमा आए, ती वैज्ञानिकहरू जसले वैदिक ग्रन्थहरूलाई कसरी समाजको फाइदाका लागि कसरी उपयोगमा ल्याउन सकिन्छ भनेर अनुसन्धान तथा परीक्षणमा आफ्नो जीवन बिताएका छन् ।

- **वैज्ञानिकहरूको प्रस्तुति कस्तो रह्यो, बताइदिनुहुन्छ कि ?**

प्रत्येक वैज्ञानिकहरूले नेपाली सहभागीहरूको ग्रहणशीलताप्रति सम्मान व्यक्त गरेका छन् । यद्यपि प्रत्येक विज्ञान तथा प्रत्येक प्राज्ञिक क्षेत्रले आफ्नो आधारभूत नियम तथा मूलभूत सिद्धान्तलाई बाहिर ल्याउने प्रयत्न गर्दछ, प्रत्येक वक्ताले आफ्नो प्रस्तुतिमा आफ्नो विद्याका नियमका जराहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसरी प्रत्यक्ष रूपमा प्राकृतिक नियमहरूको एकत्वको क्षेत्रसँग सम्बन्धित छन्- जुन वेद हो- देखाउँदा खुसी तथा तृप्त देखिन्थे । कुनै पनि विधामा ज्ञान प्राप्त गर्ने सबैभन्दा पूर्ण तरिका भनेको वैदिक विज्ञान तथा आधुनिक विज्ञानको संयुक्त दृष्टिकोण हो भन्नेमा प्रत्येक वक्ताले प्रकाश पार्नुभएको थियो । आधुनिक विज्ञानले सृष्टिको व्यक्त स्तरबाट प्रकृतिको परीक्षण गर्न सुरु गर्दै पदार्थको गहिराइ तथा सूक्ष्मतम स्तरसम्म जान्छ, अर्कोतर्फ वैदिक विज्ञानको प्राचिन परम्पराले वेदको शान्त स्तर वा एकत्वको क्षेत्रबाट सुरु गर्दछ र जैविकी तथा ब्रह्माण्डको अझ प्रकट स्तरतर्फ आउँदछ । वैज्ञानिकहरूले सहभागीहरूलाई हामी बस्ने संसार र प्रकृतिलाई गहिराइबाट बुझ्ने तथा अनुभव गर्ने ज्ञान यी दुई फरक साथसाथै परिपूरक दृष्टिकोणबाट प्राप्त गर्न प्रेरित गरेका थिए ।

- **यो अन्तर्राष्ट्रिय सम्मेलनले नेपाल र विश्वलाई के सन्देश दियो त ?**

सरल सन्देश छ- हजारौं वर्ष पहिले हिमालयका द्रष्टा ऋषिहरूले शान्त स्तरको चेतनाको माध्यमबाट एकत्वको क्षेत्र पत्ता लागाए जहाँ प्रकृतिका सम्पूर्ण नियमहरूसँगै सम्पूर्णतामा रहन्छ । यस प्रकृतिको एकत्वलाई असीमित, सर्वव्यापी, अपरिवर्तनीय सम्पूर्ण वस्तुहरूको स्रोत चेतनाको स्वयं सन्दर्भी अवस्थालाई प्रत्यक्ष अनुभव गर्न सकिन्छ । ती ऋषिहरूले त्यस सरल चेतनामा रहेको स्वःकृयात्मक गतिशीलताको अनुभव गरे र त्यस एकत्वको क्षेत्रबाट नै सम्पूर्ण प्रकृतिका नियमहरू अनेकतामा विकास हुन्छ भनी व्याख्या गरे । ती अनुभवहरूलाई प्राचीन वैदिक साहित्यको रूपमा व्यक्त गरे ।

अहिलेको हाम्रो वैज्ञानिक युगमा महर्षि महेश योगीज्यूले प्राचीन विज्ञानको ज्ञानमा प्रकाश पार्नुभयो र यसलाई आधुनिक विज्ञानसँग यसरी एकीकृत गर्नुभयो कि वैदिक विज्ञान तथा आधुनिक विज्ञान अहिले एउटै सत्य प्रकृतिका नियमहरूको एकत्वको क्षेत्रको ज्ञान प्राप्त गर्न परिपूरक विधिको रूपमा देखिएका छन् । जीवनको सम्पूर्ण क्षेत्रमा यस प्राचीन ज्ञानलाई व्यावहारिक बनाउनको लागि आधुनिक विज्ञानको भाषामा प्राचीन वैदिक विज्ञानलाई अगाडि ल्याउनु आवश्यक थियो । नेपाल महर्षि वैदिक फाउण्डेशनले सम्पूर्ण नेपालीहरूलाई आफू, आफ्नो परिवार तथा सुन्दर देश नेपालमा स्वास्थ्य, खुसियाली तथा समृद्धिको इच्छा परिपूर्ण गर्ने वेदको व्यावहारिक पक्ष भावातीत हुने तरिकाको माध्यमले दिनको दुईपटक भावातीत हुनका लागि आह्वान गर्दछ । यही नै नेपाल तथा विश्वलाई यस अन्तर्राष्ट्रिय महासम्मेलनको मुख्य सन्देश हो ।

- **के सोच्नुहुन्छ नेपाली समाजले यसलाई कसरी लिन सक्छ ?**

म पूर्ण रूपमा विश्वस्त भएर यस प्रश्नको उत्तर दिन सक्दिन तर यस्तो लाग्दथ्यो कि नेपाली समाजले यस महासम्मेलनको धेरैभन्दा धेरै आनन्द लिएको थियो । यो अन्तर्वार्ता पढ्ने सबै व्यक्तिहरूलाई सुझाव दिनुहुनका लागि आह्वान गर्दछु ।

- **तपाई नेपालप्रति किन यति प्रेमी र सहयोगी देखिनुहुन्छ ?**

सन् २००८मा मेरो पहिलो नेपाल भ्रमणका बेला मैले नेपालका मानिसहरूमा शुद्ध हृदय तथा चारित्रिक महानता देखेको थिएँ । त्यस समय यहाँ धेरै चुनौतिहरू थिए जस्तैः अस्थिर सरकार, बन्द हडताल आदि र मानिसहरूको आफ्नो व्यक्तिगत जीवन तथा व्यवसायमा पनि स्थिरता थिएन । उनीहरू अन्य विकसित देशहरूमा रमाइरहेका थिए । मलाई यो ठीक लागेको थिएन, राम्रा तथा विद्वान् मानिस भएको यस्तो सुन्दर देशले संघर्ष गरिरहेको छ । त्यसपछि म, मेरी श्रीमती र गतिशील अध्यक्ष श्री दीपकप्रकाश बास्कोटाले नेपाल महर्षि वैदिक फाउण्डेशनको स्थापना गर्ने र नेपाली जनताका माझ व्यावहारिक तथा समयले परीक्षण गरेको ज्ञान भावातीत ध्यानको पुनर्उत्थान गर्ने योजना बनायौं । हामीले आफ्नो आन्तरिक क्षमतालाई जागृत गरेरमात्र हामी आफ्नो भाग्यको गुरू बन्न सक्दछौं-आधुनिक शब्दमा, "हामी आफ्नो जीवनको लागि जिम्मेवार छौं र आफै चालकको सिटमा बसेका छौं ।" यो काम महर्षि महेश योगीले विश्वव्यापी गराउँदै हुनुहुन्छ र मलाई नेपालको जिम्मेवारी दिनुभएकाले मेरो कर्तव्य हो नेपाललाई माया गर्नु र सहयोग गर्नु ।

- **नेपाल महर्षि वैदिक फाउण्डेशनको भविष्य कस्तो छ जस्तो लाग्छ ?**

नेपाल महर्षि वैदिक फाउण्डेशनको भविष्य नेपाली जनताले कति चाँडो उनीहरूले खोजेको चिज उनीहरूकै भित्र रहेको चेतनामा छ र यसलाई सजिलैसँग आफ्नो विश्वास तथा धर्मपरिवर्तन नगरिकनै विकास गर्न सकिन्छ भन्ने बुझ्दछन्, त्यसमा आधारित हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



डा. लेस्ली ब्रुक्ससँग कुराकानी

- **हालै सम्पन्न वैदिक विज्ञान तथा आधुनिक विज्ञान सम्वन्धी अन्तर्राष्ट्रिय महासम्मेलन कस्तो लाग्यो ?**

नेपालमा भएको यस ऐतिहासिक सम्मेलनको एउटा सहभागी हुन पाएकोमा मलाई गौरवान्वित महसुस गरेको छु जहाँ पश्चिम तथा पूर्वका विद्वान् तथा वैज्ञानिकहरूले साथमा मन, शरीर, व्यवहार तथा पर्यावरणमा वैदिक प्रविधिको व्यावहारिक पक्ष तथा फाइदाका बारेमा समान्वेषण गर्नुभएको थियो । मलाई लाग्दछ, सम्पूर्ण मानिसहरूले जन्मसिद्ध असीमित क्षमतालाई विकास गर्ने तथा त्यसलाई जिउने जिम्मेवारी उनीहरूको हो तर सही शिक्षाको कमिले गर्दा विकास गर्न सक्षम भएका छैनन् । संसारमा कुनै पनि स्थानमा यस्तो विद्यालय छैन जहाँ महिला र पुरुषलाई यस्तो शिक्षा दिन सकियोस् जसले गर्दा उनीहरू समस्याबाट मुक्त हुन सकून्, राम्रो स्वास्थ्यको आनन्द लिन सकून् र प्राकृतिक नियमको आयोजन गर्न सक्ने शक्तिलाई कसरी प्रयोग गर्ने भन्ने जानून् । महर्षि महेश योगीज्यूले वैदिक प्रज्ञाको साँचो खुलाएर यसलाई दैनिक जीवनमा प्रयोगयोग्य बनाइदिनु भएकोले हामी यस पुस्ताका मानिसहरू धेरै नै भाग्यमानी छौं भनी अन्तर्राष्ट्रिय सम्मेलनमा आएका वैज्ञानिकहरूले सहभागीहरूलाई जानकारी गराए । सो सम्मेलनमा धेरै वैज्ञानिक अनुसन्धानहरू प्रस्तुत गरियो । ती अनुसन्धानहरूले के देखाएका छन् भने यदि कुनै व्यक्तिले उच्च गुणस्तरको जीवन जिउन चाहन्छ भने उसले तुरून्तैदेखि वैदिक प्रविधि भावातीत ध्यानको माध्यमले व्यक्तिगत फाइदा लिन सुरू गर्दछ ।

- **सहभागीलाई केही भन्न चाहनुहुन्छ कि ?**

मैले सबै पाठकहरूलाई अन्तर्राष्ट्रिय सम्मेलनमा गर्नुभएको प्रस्तुति सुन्न तथा हेर्न सक्नुहुनेछ । ती प्रस्तुतिहरू

धर्माचार्यहरूको थोरैथोरै मात्र आदेश मानेर हिंड्ने गर्‍यौ भने कल्याण हुनेछ ।
-जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

www.vedicnepalconference.org मा हेर्न सकिन्छ ।

तपाईंका विगतका पीडा तथा समस्याहरूलाई तपाईंको मनमा हाबी हुन नदिनुहोस् तर जानीराख्नुहोस् परिवर्तन आफैबाट सुरू हुन्छ । आजै सुरू गर्नुहोस्, ढिलो नगर्नुहोस् । तपाईंको राम्रो जीवन बनाउनुहोस् र नेपाललाई विश्व परिवारको स्वप्रकाशित अगुवाको रूपमा माथि उठाउनुहोस् ।

- **सम्मेलनको आफ्नो अनुभव संक्षेपमा बताइदिनुहुन्छ कि ?**

विगत १० वर्षमा मैले देशभरका नेपालीहरूको मन्दिरप्रतिको समर्पण देखेको छु । नेपालीहरूले चिनेका ती देवताहरू जसप्रति आभारी छन् र भक्तिभाव राख्दछन्, ती देवताहरू नै प्राकृतिक नियमहरू हुन् जस्ले विश्व ब्रह्माण्डलाई व्यवस्थित गरेका छन् र दीगो राखेका छन् । यस सत्यलाई धेरै पश्चिमी मानिसहरूले बुझेका छैनन् तर वैदिक साहित्यको पूर्ण ज्ञानमा यसको व्याख्या गरिएको छ । महासम्मेलनका वैज्ञानिकहरूले वैदिक देवताहरूका बुझाइमा एउटा महत्त्वपूर्ण बुँदा थपेका छन्-देवताहरू मानव शरीरमा पनि बस्दछन् । डा. टोनी नादर, एम डि, पि एच डी ले यस महत्त्वपूर्ण बुँदामा धेरै यस्ता पुस्तकहरू प्रकाशन गर्नुभएको छ र वैदिक साहित्यको प्रत्येक पक्षलाई मानव शरीरको निश्चित भागसँग सम्बद्ध भएको देखाउँदै निष्कर्षमा मानव शरीर वेद तथा वैदिक साहित्यको अभिव्यक्ति भएको बताउनुभएको छ । यस उल्लेखनीय खोजसँगै हामीले सहजतासँग के बुझ्न सक्दछौं भने प्राकृतिक नियमहरू आफै प्रस्फूटित भई प्रत्येक व्यक्ति तथा प्रत्येक चिजको भाग्यसँग अन्तरकृया गर्दै यसलाई निर्देशित गर्दछ । यस ज्ञानले हामीलाई यज्ञ अनुष्ठानले सङ्कल्प सिद्ध गर्नको लागि कसरी वैदिक यज्ञले कार्य गर्दछ भन्ने कार्यविधि बुझ्नलाई पनि मद्दत गर्दछ । जसरी पण्डित भावातीत हुन्छन् र उनको सङ्कल्प अभिव्यक्त गर्दछन्, देवताहरूले पनि त्यस एकत्वको क्षेत्रमा कार्य सम्पादन गर्दछन् र सजिलै सँग इच्छा तथा सङ्कल्प परिपूर्ण गर्नको लागि प्रबन्ध तथा व्यवस्थापन गर्छन् । प्राकृतिक नियमहरूलाई कसरी सबैका लागि सर्वत्र फाईदाका लागि प्रयोग गर्ने भनी नयाँ बुझाइमा वैदिक अनुष्ठानहरू तथा वैदिक पण्डितहरूका परम्पराको लामो इतिहास भएको नेपालले विश्वलाई नेतृत्त्व गर्नेछ । जय गुरूदेव

(ज्ञातव्य रहोस् : डा. किङ्स्ली ब्रुक्स (अन्तर्राष्ट्रिय निर्देशक, विश्व शान्ति राष्ट्र) र डा. लेस्ली ब्रुक्स (अन्तर्राष्ट्रिय निर्देशक, विश्व शान्ति राष्ट्र) दुवैका यी माथिका अन्तर्वार्ताहरूको नेपाली अनुवाद भावातीत ध्यान तथा सिद्धि प्रशिक्षक मिनराज अधिकारीले गर्नुभएको हो । उहाँ चेतनामा आधारित शिक्षाका नेपालका निर्देशकसमेत हुनुहुन्छ ।)

 जुन धर्मकर्म गर्छौं, त्यसैले भविष्यमा साथ दिनेछ । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिकोण खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक विज्ञान तथा वैदिक विज्ञान : एक परिचय

Kenneth Chandler, PhD

आधुनिक विज्ञानको एकीकृत क्षेत्र

विगत केही समय यताका अवधिमा आधुनिक सैद्धान्तिक भौतिक विज्ञानले भौतिक प्रकृतिको सबै अवलोकनयोग्य राज्यका आधारमा गणितीय रूपले एक एकीकृत क्षेत्रको पहिचान गरेको छ जसलाई अंग्रेजीमा युनिफाइड फिल्ड (Unified Field) भनिन्छ । अल्बर्ट आइन्स्टाइनको चुम्बकीय विद्युत, गुरुत्वाकर्षणयुक्त तथा अन्य ज्ञात बल क्षेत्रहरूलाई एकजुट गराउनका लागि एक एकीकृत क्षेत्र सिद्धान्त खोज्ने आशाजनक विषय अब एकीकृत क्वान्टम क्षेत्र सिद्धान्तका रूपमा महसूस गरिएको छ। फिजिक्स फिल्ड १०० (-३३ से.मी.) या १० (-४३ सेकेण्ड) मा स्थित एकल सुपरसिमेट्रिक फिल्डबाट सबै चार ज्ञात बल तथा विशिष्ट बल क्षेत्रका अतिरिक्त भौतिकी अबचाहिँ गणितीय रूपले सबै चार ज्ञातबल क्षेत्र नै प्राप्त गर्न सकिन्छ । प्रकृतिमा समय-दूरीको पैमाना । यो क्षेत्र पुरै ब्रह्माण्डमा व्याप्त नबदलिने एकताको एक अविछिन्न सिलसिला हो । ब्रह्माण्डमा सबै पदार्थ तथा ऊर्जालाई अब एकमात्र सबै व्याप्त क्षेत्रको केवल उत्तेजनाका रूपमा सम्झिइन्छ ।

भौतिक जगत्मा अब त्यस अनुक्रमको सटीक वर्णन गर्ने क्षमता रहेको छ जसद्वारा प्राकृतिक विधिको एकीकृत क्षेत्र व्यवस्थित रूपले वृद्धि गर्दछ, स्वयं आफ्नै अन्तः क्रियात्मक गतिका माध्यमद्वारा यो हुने गर्दछ, ब्रह्माण्डको गठन गर्नेवाला विविध बल तथा पदार्थ क्षेत्रका निम्ति यो निरन्तर चालू छ । केही वर्ष पहिले सटीक रूपले सङ्कलित गरिएको सटीकताका साथ ब्रह्माण्ड विज्ञानको आधुनिक विज्ञान अब गतिशील समरूपतालाई तोडन सटीक अनुक्रमका लागि जिम्मेवार विलक्षणता, अनुक्रमिकताले विविध बल क्षेत्रलाई जन्म दियो साथसाथै त्यो क्षेत्र अब समय एवं अनुक्रम निर्धारण गर्न सम्भव छ जसमा प्रत्येक बल र पदार्थ क्षेत्र एकीकृत क्षेत्रबाट अलग हुन जान्छ - सामान्यतया एक सेकेण्डको मिनेट अंशको सटीकता भित्र नै । यसलाई हामीलाई के स्पष्ट समझ मिल्दछ भने प्राकृतिक ब्रह्माण्डका सबै पहलू तथा पक्ष प्राकृतिक नियमको एकीकृत क्षेत्रबाट कसरी निस्कन्छन् ।

गणित, शरीर विज्ञान तथा अन्य विज्ञानले आ-आफ्ना सम्बन्धित विषयमा प्रकृतिका सबै नियमहरूलाई एक एकीकृत स्रोत तथा आधार पनि राखेका छन् । गणितमा, सेट सिद्धान्तको मूलभूत क्षेत्र, एक सेटको एकल अवधारणा तथा सेट सदस्यताका सम्बन्धबाट गणितका सबैको अनुक्रमिक उद्‌भवको एक खाता प्रदान गरिएको छ । सेट-सिद्धान्तको मूल्यमा सेट गठनको पुनरावृत्त यान्त्रिकी सीधा गुप्तचरको अन्तर्निहित एकीकृत क्षेत्रको यान्त्रिकीलाई प्रस्तुत गर्छ जुन आत्मनिर्भर, आत्मजागरण तथा आफ्नै प्रकृतिमा असीमित रूपले गतिशील हुने गर्दछ । सेट सिद्धान्तका मूल्यको जाँच अन्ततः बुद्धिको यस एकीकृत क्षेत्रको नै जाँच हो जहाँबाट अनुशासनका सबै विविधता एक कठोर तथा अनुक्रमिक बानीमा उजागर हुने गर्छ । शरीर विज्ञानमा, यो डी एन (DNA) अणु हो जसमा या त स्पष्ट रूपले या अन्तर्निहित रूपले, जानकारी हुनें गर्छ जुन सबै संरचनाहरू एवं व्यक्तिगत शरीर विज्ञानका कार्यलाई निर्दिष्ट गर्ने गर्दछ । यस अर्थमा यो डीएनए (DNA) हो जुन एक एकीकृत स्रोतका रूपमा कार्य गरी अनुशासनलाई एकीकृत गराउँदछ जसबाट शारीरिक कार्यप्रणालीका विविधताको थाहा हुन सक्तछ ।

वास्तवमा आधुनिक विज्ञानबाट प्रत्येकलाई सम्पूर्ण ज्ञानको एक एकीकृत स्थितिको झलक दिन सकिन्छ जसमा प्रकृतिका सबै नियमहरू बीज रूपमा समाहित हुन्छन् । प्रत्येकले केही ज्ञान प्राप्त गर्छन् कि कसरी प्राकृतिक कानूनको एकीकृत क्षेत्र क्रमिक रूपबाट आफ्नो अध्ययनका क्षेत्रको गठन गर्दै प्राकृतिक कानूनका विविध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिव्यक्तिमा प्रकट हुने गर्दछ । आधुनिक विज्ञानले अब प्रकृतिका सबै नियमहरूको मौलिक एकताको निरन्तर खोजी गरिरहेको छ ।

वैदिक विज्ञान

महर्षि वैदिक विज्ञान भनेको चेतनाका खोजको माध्यमबाट ज्ञानको प्राप्ति गर्ने प्राचीन वैदिक परम्परामा आधारित विषय हो जुन ज्ञानलाई हिमालयमा तपस्यारत महान् गुरुहरूद्वारा विकसित गरिएको थियो जसले यस ज्ञानलाई पहिलोपल्ट व्यक्त गरे साथसाथै यसलाई हजारौं वर्षमा पारित गरे जुन अहिले आएर ज्ञानको सबभन्दा पुरानो सतत परम्पराको रूपमा अस्तित्वमा रहेको छ । वैदिक विज्ञानको स्थापनामा महर्षि महेश योगीको काम त्यस परम्परामा ज्यादै धेरै छ तथापि उहाँको काम पनि आधुनिक विज्ञानका भावनासँग ज्यादै धेरै जोडिएको छ साथसाथै सबै अनुभवको आधार तथा मानदण्डका रूपमा प्रत्यक्ष अनुभव एवं अनुभवजन्य परीक्षणका लागि आफ्ना प्रतिवद्धतालाई साझा गर्दछ । यसकारणले साथै अन्य कारणहरूमा पनि विचार गर्नुपर्ने हुन्छ, यसलाई उचित रूपमा विज्ञान पनि भन्न सकिन्छ। "वैदिक विज्ञान" भन्नुको अर्थ हो - ज्ञानको शरीरलाई प्राचीन पारम्परिक उत्पत्ति तथा अनुभव, प्रणाली, परीक्षणशीलता एवं आधुनिक मागका लागि आधुनिक प्रतिवद्धता दुवै दर्शाउँछ र भन्दछ कि ज्ञान नै मानव जीवनको गुणवत्तालाई सुधार गर्नमा उपयोगी छ, रहन्छ ।

प्राचीन वैदिक परम्पराका संस्थापकहरूले एवं जागरुक रहेर गहिरो मौनको स्थितिमा बसी मानमनका क्षमतालाई पत्ता लगाए । साथसाथै यसका साथमा पूर्ण तवरले एकीकृत, सरल तथा जागरुकताको अविकसित स्थितिलाई अनुभव गर्नका लागि जसलाई शुद्ध चेतना भनिन्छ जुन काफी अलग छ - साधारणतया जाग्ने, सुत्ने या चेतनाको सपना देख्ने अवस्थाभन्दा फरक त्यस गहिरो मौनमा, उहाँहरूले मनको क्षमतालाई एक असीमित सबै व्यापक, एकीकृत क्षेत्रका साथ जान्ने बुझ्ने क्षमतालाई पत्ता लगाउनुभयो जुन एक अनन्त सात्यका रूपमा अनुभव गर्ने गरिन्छ, जुन सबै अस्तित्वलाई अन्तर्निहित गराउन सक्तछ । उहाँहरूले जागरुकताको यस एकीकृत राज्यलाई आत्मनिर्भर, असीमित रूपले गतिशील, आत्म अन्तः क्रियात्मक गुणहरूको रूपमा अभिव्यक्ति दिनुभयो साथसाथै उहाँहरूले त्यस गतिशीलतालाई व्यक्त गर्नुभयो जसद्वारा यो क्रमिक रूपबाट स्वयं आफ्नै अन्तः क्रियात्मक गतिशीलताका माध्यमबाट अन्तरिक्ष समय ज्यामितिका क्षेत्रमा साथै त्यसपछि ब्रह्माण्ड गठन गर्नेवाला सबै अलग-अलग रूप र घटनाहरूमा व्यक्त गर्नुभयो । गतिविधिहरूका सूक्ष्म तानावाना लाई उहाँहरू स्वीकार्नुहुन्छ जस्तो महर्षि बताउनुहुन्छ - जसका माध्यमबाट शुद्ध चेतनाको यो एकता, स्वयंलाई जान्ने प्रक्रियामा प्राकृतिक कानूनको विविधता र अन्ततः प्रकृतिको सम्पूर्णतालाई क्रमिक रूपले जन्म दिने गर्दछ ।

यो अनुभव, महर्षि सोचको स्तरमा या सैद्धान्तिक अनुमान या कल्पनामा आधारित थिएन, बरु प्रत्यक्ष अनुभवको स्तरमा जो संवेदनशील अनुभवका तुलनामा अधिक उज्ज्वल, स्पष्ट तथा क्रमबद्ध छ । सायद उही किसिमले न्यूटन या आइन्स्टाइन - जब उनीहरूले सार्वभौमिक गुरुत्वाकर्षण या विशेष सापेक्षतावादको नियमको खोज गरेजस्तै । यसर्थ यी नियममा अचानक समझ या "प्रत्यक्ष अन्तर्दृष्टि"को एक विशद अनुभवको आनन्द लिइएको छ । प्रकृतिका सबै नियमको एकीकृत क्षेत्रको अनुभवको यो प्रकारको प्रत्यक्ष अनुभव प्रतीत हुने गर्दछ। प्राचीन वैदिक साहित्य जस्तो कि महर्षिजी यसको व्याख्या गर्नुहुन्छ - आफ्नो प्रवाह तथा सङ्गठनका संरचनाको क्रममा व्यक्त गर्नुहुन्छ, प्राकृतिक कानूनको एकीकृत क्षेत्रभन्दा बाहिर प्रकृतिका सबै कानूनहरूको विविधताको प्रकटीकरणको क्रम छ । यस प्रकार वेदलाई विविधताको जन्म दिनेवाला शुद्ध चेतनाको एकताको यस प्रक्रियाको क्रमिक प्रवाहका रूपमा सम्झन सकिन्छ साथसाथै वैदिक विज्ञानको ज्ञानको एक निकायका रूपमा सम्झनुपर्दछ जुन एकीकृत क्षेत्रको क्रमिक विपन्नताको प्रत्यक्ष अनुभवको आधारमा प्रकृतिको विविधतामा छ । यो महर्षिका अनुसार, प्राकृतिक नियमको एकीकृत क्षेत्रभन्दा ब्रह्माण्डको उत्पत्तिको अनुसार एक खाता छ जो प्रत्यक्ष अनुभवका माध्यमबाट सत्यापननिम्ति खुला रहन्छ साथसाथै यसप्रकार नै यसलाई एक व्यवस्थित विज्ञानका रूपमा सम्झन सकिन्छ ।

वैदिक परम्पराका यी प्राचीन द्रष्टाहरूले मानव शरीर विज्ञानलाई परिष्कृत गर्न निम्ति प्रविधिको विकास गरे

 जड माया हो -धन, पैसा, रूपैयाँ, मान, प्रतिष्ठा आदि तथा चैतन्य माया हुन् स्त्री । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसले गर्दा यो यस स्तरको अनुभवलाई प्रविधिको विकास गर्न सके जुन कैयौं पुस्ताबाट पारित रहँदै आए तथापि अन्ततः ती हराए जस्तै भएका थिए। महर्षिको पुनरुत्थान तथा प्राचीन वैदिक विज्ञानको पुनर्व्याख्याले यी प्रविधि पुनरुद्धारमा आधारित छन् जुन अब एकीकृत क्षेत्रको महर्षि प्राद्योगिकीका हजारौं शिक्षकहरूका प्रशिक्षणका माध्यमबाट व्यापक रूपमा सुलभ भएका छन्। यसप्रकार उहाँले प्रत्यक्ष अनुभवको यस क्षेत्रसम्मको पहुँचको एक विश्वसनीय तरिका प्रदान गर्नुभएको छ जहाँ शुद्ध चेतनाको एकताले प्रकृतिका नियमहरूको विविधतालाई जन्म दिने गर्छ साथै यस प्रविधिको प्रयोगमा समेत किसित गरिएको छ जो यस प्रायोगिक परीक्षणनिम्ति खुला राखिएको छ। यी विषयमा विचार गरिनेछ।

महर्षि चेतनाको यस एकीकृत क्षेत्रका अनुभवको वर्णन यसरी गर्नुहुन्छ - पूर्ण रूपले अपरिवर्तित चेतनाको असीमित एकताको अनुभवका रूपमा, मौन रूपमा आफैभित्र जागरण पैदा हुने गर्दछ। विशुद्ध चेतनामा मौनतासाथ अन्तरङ्ग परिचित हुनाले, महर्षि धारणा गर्नुहुन्छ - एक व्यक्तिलाई त्यस मौनभित्र अनुभव गर्ने क्षमता प्राप्त हुने गर्दछ जो प्रकृतिका सबै कानूनको "शाश्वत" तथा "खाका" हो त्यसले ब्रह्माण्डमा शासन गर्ने गर्दछ - त्यो नै सबै अस्तित्वको अपरिहार्य आधारमा मौजुदा रहेको छ। जीवनको यो अव्यक्त आधार जहाँ प्रकृतिका सबै नियम एक एकीकृत एकतामा सधै निवास गरिरहन्छन्, स्वयंलाई चेतनाको मूकक्षेत्रको आवरणका रूपमा अनुभव गर्न सक्छन् जो अन्तरिक्ष तथा समय नै रहन्न तथापि सबै प्रकट गतिविधिहरूमा सबैभन्दा सामान्य आधारमा निहित रहने गर्दछन् - स्थान र समय। महर्षिको कार्यका माध्यमबाट हामीलाई यो अनुभव समझमा आउन थाल्दछ - चेतनाको एक सामान्य अवस्थाका रूपमा मानव विकासको प्राकृतिक पाठ्यक्रम उत्पन्न हुने गर्छ। अनुभवको यो सार्वभौमिक झलक जहाँ सबै सम्भावनाहरू एकसाथ एकीकृत राज्यका निवास गर्छन् - लगभग हरेक संस्कृति तथा ऐतिहासिक युगमा, प्लेटोदेखि प्लोटिनस तथा लिवनिजदेखि हेगेल र ब्हाइटहेडका रिपोर्टमा उल्लेख गरिएको छ। केप्लर, डेसकार्टेस, कैण्टर एवं आइन्स्टाइन जस्ता वैज्ञानिकहरू पनि यसबारेमा लेख्तै गरेको देखिन्छ - प्रतीत हुन् - यस अनुभवबाट प्रकृतिका नियमहरूमा उनीहरूको अन्तर्दृष्टिलाई आकर्षित भएको छ। उदाहरणका लागि डेसकार्टेस एवं अनुभवका रूपमा लेख्छन् - "ज्ञानका राज्यको ज्यादै नै दिलमा घुस्नेवाल" युवाका रूपमा थिए साथै त्यहाँ सबै विज्ञानका क्रमदेखि हैन कि "सबैलाई एकसाथ" सम्झाउने वैज्ञानिक एवं लेखक थिए। कैयौं परम्पराबाट एकताको यस अनुभवको वर्णन गरिएको छ जसले पुष्टि गर्दछ - यो पूर्ण रूपमा सार्वभौमिक छ साथसाथै कुनै विशेष सांस्कृतिक परम्पराको उत्पादन होइन। जुन किसिमले वैदिक परम्परालाई गलत सम्झिएको छ, उसै प्रकारले यी विभिन्न सास्कृतिक परम्परामा चेतनाको वर्णन मिल्दछ - कुनै प्रविधिविनाको अनुभवका लागि व्यवस्थित रूपबाट सुलभ बनाउँदछ। यो त्यस्तो समझ हो जुन प्रकृतिका गतिविधिको सबभन्दा मौलिक स्तरको एक सार्वभौमिक अनुभव हो जसलाई अस्पष्ट बनाइदिएको हुनाले यसभन्दा पहिले सार्वभौमिक विज्ञानको प्रकाशमा आएको थिएन। महर्षिको वैदिक विज्ञानका अनुसार, यो केवल प्रकट ब्रह्माण्डाको आधारमा प्राकृतिक कानूनको एकताको प्रत्यक्ष अनुभव प्राप्त गर्नुमात्र होइन जो कोहीले पनि प्रकृतिको एकताको अनुभव गर्न सक्दछन्। खासमा क्रमिक रूपले प्राकृतिक कानूनका विविधतालाई जन्म दिइरहेका छन् आफ्नै कुराकानीको गतिशीलता। महर्षि महेश योगीजीको सबभन्दा पछिल्लो शोध चेतनाले यी आत्म अन्तः क्रियात्मक गतिको विश्लेषणमा गहिरापूर्वक केन्द्रित रहेको पाइन्छ, चेतनाको स्व-रचित गतिशीलता एकीकृत क्षेत्रको महर्षि प्रौद्योगिकीको अभ्यासका माध्यमले जब कसैले क्षमता हासिल गर्दछ भने ऊ शेष जागरुक हुँदै पूर्ण तवरले व्यवस्थित हुन जान्छ साथसाथै फेरि पनि एक पूर्ण तवरबाट सरल, एकिकृत, उदासीन, शुद्ध चेतनाको आत्म - रेफरल अवस्थालाई अनुभव गर्ने क्षमता प्राप्त गर्दछ जसलाई वैदिक साहित्यमा संहिता भनिन्छ जसमा ज्ञाता, ज्ञेय र ज्ञान एक हुन्छन्। चेतना केवल आफैमा जागृत हुनछ, आफ्नो स्वयंको प्रकृतिलाई सरल, एकीकृत शुद्ध चेतनाको रूपमा जान्नु। फेरि पनि स्वयंलाई जान्नुमा, शुद्ध चेतनाको स्थिति आफैमा ज्ञाताको रूपमा, स्वयंको रूपमा तथा स्वयंलाई जान्ने प्रक्रियाको रूपमा एक बौद्धिक रूपमा कल्पना भेद पैदा गर्दछ। वैदिक साहित्यमा यसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि (ज्ञाता), देवता (जान्ने प्रक्रिया) र ज्ञान (ज्ञानको वस्तु) को प्रकारमा परिलक्षित हुने गर्दछ । महर्षिका अनुसार, शुद्ध चेतनाको एकिकृत अवस्थामा यी तीन बौद्धिक रूपमा कल्पित मूल्यका विभिन्न अन्तः क्रियाहरू तथा परिवर्तनहरूबाट ज्ञानका सबै विविध रूपहरू प्रकृतिका सबै विविध कानूनहरू तथा अन्ततः भौतिक प्रकृतिमा सबै विविधता क्रमिक रूपमा देखापर्छन् ।

चेतन मन, यो पूर्ण तवरले सुप्त तथा अहिले जागरुकताको स्तरमा आउँछ। यान्त्रिकीबाट देख्न सकिन्छ जसद्वारा शुद्ध चेतनाको एकतामा यो विविधकरण हुने गर्छ। ऋषि, देवता र छन्दको यान्त्रिकीले स्वयंलाई संहितामा परिवर्तित गरिदिन्छ भने संहिताले स्वयंलाई ऋषि, देवता र छन्दमा । यसर्थ ऋषि, देवता र स्वयंमा परिवर्तित हुनेवाला छन्द नै यान्त्रिकी हो जसद्वारा शुद्ध चेतनाका एकतालाई जन्म दिने गर्दछ ।

महर्षिजी (सन् १९८६) प्रकृतिमा सबै रचनात्मक प्रक्रियाहरूको आधारका रूपमा चेतनाको यो आत्म रेफरल स्थितिको वर्णन गर्नुहुन्छ - चेतनाको आत्म रेफरल अवस्था यो हो - प्रकृतिमा एक तत्त्व छ जसका धरातलमा अनन्त प्रकारका सृष्टि लगातार प्रकट हुने गर्छन्, बढिरहन्छन् तथा घुल्छन् । परिवर्तनको पूरै क्षेत्र यस गैर परिवर्तनकै क्षेत्रबाट देखापर्छन् । यो आत्म रेफरलबाट चेतनाको अमर स्थिति चलिरहन्छ । चेतनाको यो एकिकृत आत्म रेफरल अवस्थाको अलग-अलग बौद्धिक रूपबाट कल्पना गरिएको छ - घटकहरूको पारस्परिक क्रिया प्रकृतिको सबभन्दा प्राथमिक स्तरमा सबै शक्तिशाली गतिविधि हुने गर्छन् । यही गतिविधि नै दुनियाँमा जीवनका असंख्य भाग्य, सृष्टिमा बुद्धिमत्ताका असंख्य धारानिम्ति जिम्मेदार छन् ।

महर्षि वैदिक विज्ञानको संरचना

वैदिक छात्रवृत्तिमा महर्षिजीको सबभन्दा महत्त्वपूर्ण योगदान भनेको ऋग्वेदको अपौरुषेय भाष्यसम्बन्धी खोज नै हो जसले वेदलाई प्रकाशमा ल्याएको छ, जसद्वारा वेदचेतनाको स्व- अन्तः क्रियात्मक गतिशीलताबाट क्रमिक रूपले प्रकट हुन्छ । महर्षिजीको विश्लेषणको अनुसार, वेद आफ्नै स्वयंको विश्लेषणका माध्यमबाट, स्वयंका ज्ञानको विभिन्न आकारका प्याकेजमा, अनुक्रमिक अव्यक्त माध्यमबाट तथा स्वयंका ज्ञानलाई प्रकट गर्ने गर्दछ । वेदका सबै ज्ञान निहित रूपले ऋग्वेदको पहिलो शब्दांश "अक" मा समाहित छ साथै ज्ञानको प्रत्येक वादको अभिव्यक्ति एक विस्तारित टिप्पणीका माध्यमबाट ज्ञानको त्यस प्याकेजमा निहित अर्थलाई विस्तृत गर्दछ । त्यस शब्दांशको ध्वन्यात्मकता जस्तो कि महर्षिद्वारा विश्लेषण गरिएको छ - स्वयंलाई जान्ने चेतनाको आत्म अन्तः क्रियात्मक गतिशीलतालाई व्यक्त गर्दछ । जस्तो शुद्ध चेतना स्वयंको साथ कुराकानी गर्ने गर्दछ, सिर्जनाका प्रत्येक स्तरमा पूर्णताको एक नयाँ स्तर ऋषि, देवता र छन्दसमान आत्म अन्तः क्रियात्मक गतिशीलतालाई व्यक्त गर्नका लागि उभ्रिन्छ । यसप्रकार वैदिक साहित्यको शरीर आफ्नो ज्यादै संगठन तथा संरचनामा, शुद्ध चेतनाको एकताबाट प्राकृतिक कानूनका सबै संरचनाहरूको क्रमिक उद्भवलाई दर्शाउँदछ । वैदिक साहित्यका प्रत्येक एकाइ - ऋग्वेद, सामवेद, यजुर्वेद, अथर्ववेद, उपनिषद, आरण्यक, ब्राह्मण, वेदाङ्ग, उपाङ्ग, इतिहास, पुराण, स्मृति तथा उपवेद - एकएक प्रक्रियाका स्तर हुन् । जस्तो कि महर्षि (१९८६) मा यसको वर्णन गर्नुहुन्छ - सम्पूर्ण वैदिक साहित्यलाई उसका क्रमिक विकास ज्यादै राम्ररी व्यवस्थित गरिएको छ जसले गर्दाखेरि त्यो वास्तविकताको पूर्ण ज्ञानलाई आफ्ना सबै प्रकट मूल्यहरूको निर्माण तथा उसका सम्पूर्ण ज्ञानको आधारमा प्रस्तुत गर्न सकिन्छ (पृ. २)

वेदका बारेमा महर्षि भन्नुहुन्छ- चेतनाको आत्म अन्तक्रिया नै वेद हो जो अन्ततः प्रकृतिका विविधतालाई जन्म दिने गर्दछ । सिर्जनाको विविधता क्रमिक रूपबाट चेतनाको एकताका रूपमा प्रकट हुने गर्छ । यो चेतनाको पूर्णतामा भित्र निर्मित हुने भेदको परिणाम नै हो । जस्तो चेतना स्वयं जानिन्छ । यस प्रकार वैदिक विज्ञानका दृष्टिकोणबाट सम्पूर्ण ब्रह्माण्ड केवल चेतनाको एक अभिव्यक्ति हो जो स्वयंको भित्र रहिरहन्छ, प्रकृतिका सबै गतिविधि चेतनाको पूर्णताका अपरिवर्तित सातत्यकै भित्रका गतिविधि हुन् । प्राचीन वैदिक विज्ञानको ग्रन्थका माध्यमबाट जस्तो कि महर्षिद्वारा व्याख्या गरिएको छ - हाम्रा साथमा प्राकृतिक कानूनका एकताबाट बाहिर विविधताको उद्भवको एक समृद्ध खाता रहेको छ । यही आधारमा ब्रह्माण्डका उत्पत्तिको वैदिक विवरणको तुलना आधुनिक विज्ञानसँग गर्न सम्भव छ ।

यदि असंग रहेनौ भने त पतनको शङ्का पग-पगमा रहन्छ ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक विज्ञान र वैदिक विज्ञान

जब महर्षिजीले भौतिक शास्त्रमा एकीकृत क्षेत्र सिद्धान्तको हालसालैको प्रगतिका सम्बन्धमा प्रमुख वैज्ञानिकहरूबाट सुन्नुभयो र भन्नुभयो- आधुनिक विज्ञानले प्राचीन वैदिक विज्ञानमा वर्णित एकीकृत क्षेत्रको झलक दिएको छ। "एकीकृत क्षेत्रको ज्ञान" (सन् १९८६) सम्बन्धमा महर्षिजीले भन्नुभयो- बितेका केही वर्षका अवधिमा आधुनिक विज्ञानद्वारा यो ज्ञानको खोजी भयो तापनि एकीकृत क्षेत्रको पूरा ज्ञानचाहिँ सधैँ-सधैँ वैदिक साहित्यमा उपलब्ध रहिरहेको छ। "आधुनिक विज्ञान, जो महर्षिजीले प्रस्तावित गर्नुभएको हो, अब एकीकृत क्वान्टम क्षेत्र सिद्धान्तको माध्यमबाट सम्झन सकिने अवस्थामा आइपुगेको छ जो वैदिक विज्ञानले प्राचीन कालदेखि नै चेतनाको कमभन्दा कम उत्साहित अवस्थाको खोजको आधारमा वर्णित गरेको थियो - प्रकृतिमा सबै विविधता सम्भावित रूपबाट प्रकट हुने गर्छ एक सटिक आत्म -अन्तः क्रियात्मक गतिशीलताका माध्यमबाट एकीकृत स्रोत हुँदै। आधुनिक प्रायोगिक विज्ञान तथा महर्षि चिकित्सा विज्ञान अब एकै अन्तर्निहित वास्तविकतालाई जान्नका लागि परस्पर पूरक दृष्टिोणका रूपमा देख्न सकिन्छ - एक अनुभवजन्य विधिका माध्यमद्वारा भने दोश्रो चेतनाको सबभन्दा कम उत्साहित अवस्थाको खोजका माध्यमद्वारा। महर्षिजीका प्रेरणाले - यो एक प्रमुख शोध कार्यक्रम बन्न गयो जसमा धेरै वैज्ञानिकहरूको ध्यान आकर्षित हुन गयो, नभन्दै यसबाट ज्यादै समृद्ध परिणाम मिलेको छ।

विगत केही दशकमा महर्षिजीले आधुनिक विज्ञान र वैदिक विज्ञानको खोजका विषयमा प्रमुख वैज्ञानिकहरूसँगै धेरै संगोष्ठीहरूमा भाग लिनुभयो जसले गर्दाखेरि एकीकृत क्षेत्रका ती विवरणहरूका सम्बन्धमा विस्तृत संरचनात्मक समानताको खोज गर्न सकियो। ती संगोष्ठीहरूमा कैयौं नोबेल पुरस्कार विजेता साथसाथै वैदिक परम्पराका सबैभन्दा मान्यताप्राप्त पण्डितसहित प्रसिद्ध एकीकृत क्षेत्रका सिद्धान्तकारहरू, गणितज्ञहरू तथा शरीर विज्ञानीहरू आकर्षित भए। यी विचारविमर्शबाट दुई परम्पराको यौटै बैठक हुन गयो - पूर्व र पश्चिम - तिनका सामान्य आ-आफ्ना विषयका धरातलमा एकीकृत क्षेत्रको जाँच गरियो। जुन मानिसले यी संगोष्ठीको पालना गरे, उनीहरूले दुवै परम्पराका लागि सामान्य ज्ञानको गहकिलो तथा प्रभावशाली संरचनालाई मान्यता दिन पुगे। दुवै थरिले ब्रह्माण्डका पदार्थ तथा उर्जाका सबै क्षेत्रमा अन्तर्निहित एक असीमित, सबै व्यापक क्षेत्रको पहिचान गर्न सक्छन्- दुवै थरिले यसलाई प्रकृतिको सबभन्दा मौलिक समयदूरीका वास्तविकतामा पाउँछन् - दुवै थरिले यसलाई आत्मनिर्भरता, आत्म-अन्तः क्रिया, अनन्त गतिशीलता, निर्बाधता साथै एकताका समान गुणका साथ कैयौं अन्य सामान्य विशेषताहरू प्रदान गर्छन् साथै दुवै थरिले सबै मूल्यका आधारमा यी दुई विज्ञानबीचको पहिचान गर्दछन्।

प्राकृतिक एकताको नयाँ प्रतिमान

भौतिक विज्ञानको एकीकृत क्षेत्र प्रकृतिको एक वस्तुगत वास्तविकता हो भने चेतनाचाँही एक व्यक्तिपरक अनुभवको विषय हो भन्ने एक आम धारणा रहिआएको पाइन्छ। यी दुवै अस्तित्वका विभिन्न श्रेणीहरूकै हिस्सा हुन्। एक विशुद्ध रूपमा भौतिक विषय हो भने दोश्रो विशुद्ध रूपबाट मानसिक विषय हो। यसर्थ यी दुवै समान हुन सक्तैनन् भन्ने रहेको छ।

वैदिक विज्ञानमा वर्णित शुद्ध चेतना भनेको अनुभवका माध्यमबाट बुद्धिको एकीकृत स्तरको अनुभव गर्न सकिने विषय हो। विचार या संवेदनाको एक व्यक्तिपरक तथा स्थानीय घटनाका रूपमा हैन कि एक अपरिवर्तनीय अस्तित्वका क्षेत्रको रूपमा अनुभव गर्ने गरिन्छ। एक गैर सक्रिय या मौन तथा अव्यक्त स्तरको ब्रह्माण्डमा। प्रकृतिका वस्तुनिष्ट तथा व्यक्तिपरक पक्षका अस्तित्वको अपरिष्कृत आधारमा एकीकृत क्षेत्रका दुई प्रकट रूपका रूपमा देख्न सकिन्छ। भौतिकीमा एकीकृत क्षेत्र प्रकृतिको गहन परीक्षण गरिन्छ भने महर्षिद्वारा प्रकाशमा ल्याइएको अप्रकट चेतनाको वर्णनले यो सिद्धान्तलाई समर्थन गर्दछ कि यो एउटै अन्तर्निहित वास्तविकतालाई सम्झाउने दुई पूरक तरिका हुन्। विलियर्ड वाल टाइप अब्जेक्टका रूपमा प्रकृतिका दृश्य, प्रत्येक अलग, एक दोश्रोसित अलग दुनियाँको पुरानो शास्त्रीय न्यूटोनियन दृष्टिकोणसँग सम्बन्धित छ। आधुनिक भौतिक विज्ञानमा क्वान्टम क्षेत्र सिद्धान्त यता आएर यस किसिमबाट प्रकृतिलाई देख्तैन, बरु एक नयाँ समझ प्रदान गर्दछ जसमा प्राथमिक वास्तविकता क्वान्टम क्षेत्र हो। पदार्थ र ऊर्जाका सबै रूपहरूलाई यी अन्तर्निहीत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रको उत्तेजनाका रूपमा सम्झाइएको हुन्छ। विगत केही वर्षमा गुरुत्वाकर्षणका अलग-अलग क्षेत्र विद्युत चुम्बकत्व र कमजोर एवं मजबुत अन्तरक्रियालाई सैद्धान्तिक रूपबाट एक एकल अन्तर्निहित क्षेत्रका विभिन्न स्तरका रूपमा एकीकृत गरिएको छ। ब्रह्माण्डका सबै रूप तथा घटनाहरू यही एक वास्तविकताको स्पन्दनात्मक उत्तेजनाका सबै तरिकाहरू हुन् - सर्वव्यापी एकीकृत क्षेत्र।

भौतिक विज्ञानको हाम्रो समझलाई एकीकृत गर्नमा आधुनिक भौतिक विज्ञानको सफलताको हाम्रा चेतनाका समझलाई एकीकृत गर्नमा महर्षिजीका वैदिक विज्ञानका सफलताले मद्दत गरेको छ। जब युद्ध चेतनाको निर्बाध स्तरलाई प्रत्यक्ष अनुभवका रूपमा प्राप्त गरिन्छ, तब प्रकृतिका सबै गतिविधिलाई त्यस यौटै सबै व्याप्त क्षेत्रको एक उत्साहित राज्यका रूपमा अनुभव गरिन्छ। अर्थात् क्वान्टम क्षेत्र सिद्धान्त पनि ब्रह्माण्डमा सबै गतिविधिलाई एक अन्तर्निहित क्षेत्रको रूपमा वर्णन गरिन्छ। सबभन्दा सरल व्याख्या यो हो - एक एकल एकीकृत क्षेत्र छ जसलाई प्रत्यक्ष अनुभव तथा उद्देश्य विज्ञानको माध्यमबाट जान्न सकिन्छ। प्रकृति, मन र पदार्थका एकताको यस नयाँ समझका रूपमा अन्ततः अलग अलग हुने रूपमा देख्न सकिन्छ साथै अव्यक्त चेतनाको गहिरो एकताका भावको रूपमा देख्न सकिन्छ।

प्रकृतिको एकता केवल काल्पनिक एकता होइन न त बौद्धिक समझ या व्याख्याको एकता। यो प्रत्यक्ष अनुभवको एक एकता हो जसको वर्णन लगभग हरेक परम्परा तथा हरेक ऐतिहासिक युगमा गरिएको छ। महर्षिजीको वैदिक विज्ञान नै प्रकाशमा ल्याउँदछ कि पूरै इतिहासमा सबभन्दा महान् दिमागहरूको अनुभव के रहेको छ? मौलिक रूपबाट नयाँ छ कि महर्षिले एक व्यवस्थित तथा विश्वसनीय तरिका प्रदान गर्नुभएको छ जसद्वारा जोसुकैले पनि यस स्तरको अनुभवसम्मको पहुँच प्राप्त गर्न सक्छन्। पहुँचको यो तरिका 'युनिफाइड फिल्ड'को महर्षि 'टेक्नोलोजी' हो।

एकीकृत क्षेत्रको 'महर्षि टेक्नोलोजी'

एकीकृत क्षेत्रको महर्षि टेक्नोलोजीलाई महर्षिजीले एक प्रत्यक्ष अनुभवका रूपमा सबैका लागि एक प्रभावशाली साधनका रूपमा पेश गर्नुभएको छ। यसप्रकार, एकीकृत क्षेत्र सार्वभौमिक रूपबाट व्यवस्थित अन्वेषणका निम्ति सुलभ हुन सक्तछ।

युनिफाइड फिल्डको महर्षि टेक्नोलोजीमा भावातीत ध्यान कार्यक्रम तथा भावातीत ध्यान सिद्धि कार्यक्रम समावेश गरिएको छ। भावातीत ध्यान कार्यक्रमले एक व्यवस्थित प्रक्रिया प्रदान गर्दछ। जसद्वारा मनलाई स्वाभाविक रूपले शान्त सतर्कताका स्थितिमा बस्ने अनुमति दिइन्छ, शुद्ध चेतनाको आत्मजागरुक स्थिति जसमा मन पूरै तरहबाट शान्त हुन्छ साथै जागृत पनि। यस प्रकार, युद्ध चेतनाको स्थिति जो सदियौंदेखि दार्शनिक अनुमानको विषय रहिआएको हो, अब प्रत्यक्ष अनुभवको आधारमा जाँच गर्न सकिन्छ। महर्षिजीको युद्ध चेतनाको यस अनुभवलाई स्पष्ट तथा स्पष्ट गर्नमा महत्त्वपूर्ण योगदान यस प्रकाशनको विश्लेषण पनि एक विषय हुनेछ।

यो शान्त, अहिलेसम्म पनि चेतनाका स्तरमा सायद पहिले पनि अनुभव गरिएको विषय हो किनकि त्यस अनुभवलाई प्रदान गर्नका लागि कुनै व्यवस्थित तथा प्रभावकारी प्रविधिचाहिँ उपलब्ध थिएन। भावातीत ध्यान कार्यक्रमसम्बन्धी प्रविधि जागृत रहनका निम्ति गरिएको प्रयासमा गहिरो मौनको स्थितिमा जागरुकतालाई अनुमति दिने एक सरल, प्राकृतिक तथा सहज प्रक्रिया छ। अनुभवको यस स्तरलाई व्यापक रूपमा सुलभ बनाउनमा यो विधि अद्वितीय रूपमा प्रभावशाली साबित भएको छ। प्रविधिका अभ्यासको अवधिमा प्राप्त गहिरो आरामका माध्यमबाट शारीरिक कामकाजका सबै स्तरमा व्यवस्थित रूपले सन्तुलन बनाइराख्तछ साथै तान्त्रिक तन्त्रलाई अधिक व्यस्थित सुसङ्गत बनाउनमा बानी पर्दछ।

चेतनाको उच्च विकासका लागि महर्षि कार्यक्रम

भावातीय ध्यान तथा भावातीत ध्यान सिद्धि कार्यक्रमको अन्तिम उद्देश्य तथा 'यूनिफाइड फिल्ड' एवम् वैदिक विज्ञानको महर्षि टेक्नोलोजीका सबै पक्षमा चेतनाको विकास, आत्मज्ञानमा जीवन जिउने पूर्ण मानव क्षमताको खुलासा गरिएको छ। आत्मज्ञान नै जीवनको पूर्ण विकसित अवस्था हो जसमा व्यक्तिलाई पूर्ण ज्ञान प्राप्त हुने गर्छ साथै ऊ पूर्णतामा रहने गर्छ। त्यस अवस्थामा जो कोही पनि प्रकृतिका सबै नियमका साथ तालमेल राख्ने गर्दछ। यसको तात्पर्य हो, कुनै इच्छाविना नै कुनै पनि इच्छालाई प्राप्त गर्नका लागि प्राकृतिक कानूनको पूर्ण

द्विजातिहरूले स्नान, सन्ध्या, जप, होम, अर्चन, पूजन तथा बलिवैश्वदेव सधैं गर्नुपर्छ।

-जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्थन प्राप्त गर्दछ।

महर्षिजीले चेतनाको उच्च अवस्थाहरूका विशिष्ट अनुक्रमलाई पहिचान गर्नुभएको छ - हरेक जाग्ने, स्वप्ना देख्ने तथा सुत्नेभन्दा यो अलग छ। उहाँको दाबी छ - मानव विकासको सामान्य पूर्ण पाठ्यक्रममा उत्पन्न हुन्छ। चेतनाका प्रत्येक स्थितिमा व्यक्तिको 'न्यूरोफिजियोलजिकल' नै कामकाजको मोडमा एक ठोस परिवर्तनको आधारमा अगाडि आउँदछ। यिनै अवस्थाहरूमा उसले अलग-अलग शारीरिक सम्बन्धका आधारमा जाग्ने, स्वप्ना देख्ने तथा सुत्ने भन्दा अलग गर्न सक्तछ। विकासको यस क्रममा चेतनाको उच्चतर अवस्था रहन्छ, महर्षि भन्नुहुन्छ - सामान्य जागृत अवस्थाभन्दा अधिक आनन्द, ज्ञान र तृप्तिको श्रोत छ।

चेतनाको यस्तो उच्च अवस्थाको प्राप्ति महर्षिको वैदिक विज्ञानको सैद्धान्तिक सिद्धान्तलाई पूर्ण तवरले सम्झने तथा लागू गर्ने आधार हो । वैदिक विज्ञान प्रत्यक्ष अनुभवको पूर्ण श्रृङ्खलाको विस्तार हो जो मानव चेतनाको प्राकृतिक विकासका क्रममा प्रकट हुने गर्छ। चेतनाको यो राज्य "युनिफाइड फिल्ड"को महर्षि टेक्नोलोजीको अभ्यासका माध्यमबाट सबैका लागि सुलभ मान विकासको सार्वभौमिक चरण हो । यसपूर्व जो रहस्यवादमा डुबेको थियो, अब वैज्ञानिक रूपबाट जो कसैको लागि पनि उपलब्ध मानव जीवनको सामान्य प्राकृतिक चरणका रूपमा सम्झन सकिन्छ। डा. चार्ल्स अलेक्जेण्डर एट अलद्वारा पहिले अङ्कमा एक अन्य लेख छ- मानव विकासको यी उच्च चरणको अस्थित्वका लागि व्यवहार एवं न्यूरोफिजिओलजिकल शोधबाट तयार गरिएको अनुभवजन्य साध्यको जाँच गर्दछ। यस लेखले विकासवादी मनोवैज्ञानिकका दृष्टिकोणबाट चेतनाको उच्च अवस्थालाई सम्झने तथा सत्यापित गर्ने वैज्ञानिक आधारलाई प्रकट गर्छ साथै मानव विकासको एक नयाँ प्रतिमानको आधार दिन्छ।

आधुनिक विज्ञान तथा वैदिक विज्ञानका बीचको सम्बन्धमा शोध

प्रत्येक व्यक्तिगत तान्त्रिक तन्त्र, जब एकीकृत क्षेत्रको महर्ष टेक्नोलोजीका माध्यमबाट परिष्कृत गरिएको छ- एक उपकरण छ जसका माध्यमद्वारा शुद्ध, अनन्त चेतनाको मौन क्षेत्र जाँचको क्षेत्रका रूपमा सुलभ हुन जान्छ। एकीकृत क्षेत्र सर्वव्यापक क्षेत्र हो। साथै हरेक स्थानमा समान छ। यसर्थ यसको कामकाजमा पर्याप्त रूपबाट संलग्न एक तान्त्रिक तन्त्र महर्षिजीका अनुसार अनुभव गर्न सकिन्छ जो कि प्रकृतिमा सबै गतिविधिहरूसँग जोडिएको हुन्छ। संवेदी वस्तुहरूको सकल स्तरदेखि गतिविधिका सूक्ष्म स्तरका धारणासम्म कसैको जागरुकता लिनाले व्यक्तिका प्रकृतिको कामकाजको त्यस स्तरको अनुभव गर्ने क्षमता प्राप्त हुन्छ जसमा शुद्ध चेतनाको एकताले विविधतालाई जन्म दिने गर्छ। चेतनाको यो एकीकृत स्थितिलाई प्राप्त गर्नु भनेको त्यो साधन हो जसद्वारा कुनै पनि वैदिक विज्ञानमा वर्णित ज्ञान तथा वास्तविकताको संरचनाको अनुभव र पुष्टि गर्न सकिन्छ। यो आंशिक रूपबाट वैदिक विज्ञानको एक सटिक, सत्य विज्ञान बन्छ, विज्ञानका सबै सैद्धान्तिक संरचनाहरूको एक विश्वसनीय, व्यवस्थित, प्रभावकारी प्रविधिका माध्यमद्वारा सत्यापित गर्न सकिन्छ। यस विज्ञानको अन्य मुलभूत पक्षहरूमा विचार गर्न सकिन्छ।

यूनिफाइड फिल्डको महर्षि टेक्नोलोजी आधुनिक दुनियाँमा, एकीकृत क्षेत्रको जाँचको लागि एक तरिका हो साथै प्रत्यक्ष अनुभवको माध्यमद्वारा प्रकृतिका गतिविधिहरूको सबभन्दा परिष्कृत स्तर हो। आधुनिक भौतिक विज्ञानले जाँचको आफ्नो उद्देश्य विधिका माध्यमद्वारा प्रकृतिका सबै अन्तर्निहित एक एकीकृत क्षेत्रको झलक दिन्छ तथापि भौतिक विज्ञान एक एकीकृत क्षेत्रमा प्रयोगात्मक रूपबाट जाँच गर्ने आफ्नो क्षमतामा एक मूलतत्त्वमा गतिरोधमा पुगेको छ किनकि यी सूक्ष्म तराजुको जाँच गर्नका लागि आवश्यक ऊर्जा कुनै पनि बोधगम्य कणको द्रुत टेक्नोलोजीद्वारा प्राप्त गर्नेवालाभन्दा अधिक छ। जहाँ भौतिक विज्ञान अघि बढ्न सक्तैन, एकीकृत क्षेत्रसम्बन्धी महर्षि टेक्नोलोजी प्रत्यक्ष अनुभवको स्तरमा एकीकृत क्षेत्रको खोजको एक प्रभावकारी साधन प्रदान गरेर उद्देश्य दृष्टिकोणका सीमाभन्दा परको जाँचको सुविधा प्रदान गर्दछ।

चेतनाको व्यक्तिपरक अनुभवका माध्यमबाट एकीकृत क्षेत्रको यो खोज अनुसन्धानको एक राम्रो तरहले संरचित कार्यक्रम हो। यो महर्षिद्वारा आधुनिक विज्ञानका साथ मिलेर वैदिक विज्ञानको ज्ञानद्वारा निर्देशित विषय हो। जब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक विज्ञान वैदिक विज्ञान तथा प्रत्यक्ष अनुभवको दृष्टिकोणबाट एकीकृत क्षेत्रको वर्णन गरिन्छ, यी तीनै मिल्ने र सम्पूर्ण ज्ञानको आधार प्रदान गर्छन् । शोधको यो कार्यक्रम वैदिक साहित्यको महर्षिको एकान्त क्षेत्रको सम्पूर्ण तथा विस्तृत अभिव्यक्तिका रूपमा आधारित छ ।

महर्षिका अनुसार वेद एकीकृत क्षेत्रबाट प्रकृतिका विविध नियमहरूको क्रमिक उद्‌भवलाई चेतनाका क्षेत्रमा ध्वनिहरूको अनुक्रमका रूपमा सीधै अनुभव गर्न सकिन्छ । यिनै वैदिक ग्रन्थका ध्वन्यात्मक संरचनाहरूको क्रमिक उद्‌भवमा प्रस्तुत गरिएको छ । वेद केवल आत्म-अन्तः क्रियात्मक गतिको संरचना हो जसका माध्यमद्वारा एकीकृत क्षेत्र प्राकृतिक कानूनका विविध अभिव्यक्तिहरूलाई जन्म दिन्छ । भौतिक विज्ञान र अन्य विषयमा मौलिक सैद्धान्तिक अवधारणाहरू, जस्तो कि ती प्रकृतिका मान्य विवरण हुन् । यसर्थ वैदिक साहित्यका विभिन्न पक्षका अनुरूप हुनुपर्छ जो प्रत्यक्ष अनुभवको दृष्टिकोणबाट यी वास्तविकताहरूको वर्णन गरिन्छ ।

आधुनिक विज्ञान तथा वैदिक विज्ञानका अनुसन्धानको मूल कार्यक्रम जस्तो कि महर्षिजीले स्वीकार्नुभएको छ - यस प्रकार तीन प्रमुख लक्ष्य छन् -

- आधुनिक विज्ञान तथा वैदिक विज्ञानको सिद्धान्तका बीचको गहिराइलाई ध्यानमा राखेर ज्ञानको एक एकीकृत संरचना विकसित गर्नु ।
- प्रदान गर्नका लागि, वैदिक विज्ञानबाट, आधुनिक विज्ञानको सबभन्दा गहन सैद्धान्तिक अवधारणाहरूका लागि प्रत्यक्ष अनुभवको एकनींब तयार पार्नु ।
- वैदिक विज्ञानको व्यक्तिपरक दृष्टिकोणलाई जोड्ने माध्यमद्वारा आधुनिक विज्ञानको उद्देश्य दृष्टिकोणद्वारा सामना गर्नुपर्ने गतिरोधलाई हल गर्नका लागि जो कि ज्ञाताको पूर्ण विकासको आधारमा प्रकृतिको सम्पूर्ण ज्ञान प्रदान गर्दछ ।

डा.एम.एच. वेनलेसले वैदिक विज्ञानका सम्बन्धमा निर्धारित सिद्धान्त तथा आधुनिक गणितका अन्य मुलभूत क्षेत्रको खोज गरेका छन् । भविष्यको एक मुद्दामा डीआरएस, आर.के. वालेस, डी.एस. पास्को तथा जे.बी. फगनले वैदिक विज्ञान तथा आधुनिक जीव विज्ञान जस्ता आधुनिक शरीर विज्ञानका मुलभूत क्षेत्रको बीचमा मुलभूत सम्बन्ध पत्ता लगाएका छन् । उनीहरूका शोधपत्रमा वैदिक विज्ञानका मुलभूत सिद्धान्तहरूको उपयोग डी.एन.ए संरचना तथा कार्यको जाँचका लागि कुन हदसम्म जान सक्छ, यसबारेमा चर्चा गरिएको छ ।

वैदिक विज्ञान तथा आधुनिक विज्ञानका लागि सामान्य ज्ञानको गहिरो संरचनाको खोज प्रकृतिको हाम्रो समझमा यस किसिमको गहन योगदानको प्रतिनिधित्व गर्दछ - यसबाट ज्ञान प्राप्त गर्ने यी पूरक तरिकाहरूका बीचको अन्तरसम्बन्धको निरन्तर विद्वान्‌को जाँचनिम्ति स्थापित गरिएको थियो । प्रकृतिका गतिविधिसम्बन्धी प्रत्यक्ष अनुभवद्वारा प्राप्त ज्ञान तथा आधुनिक विज्ञानको प्रायौगिक तरिकाद्वारा प्राप्त ज्ञानलाई एक नयाँ एकीकृत जाँच पद्धतिमा समावेश गरिएको छ जो आधुनिक विज्ञानको मूल सिद्धान्तहरू तथा वैदिक विज्ञानमा प्रत्यक्ष अनुभवको भाव दुवैलाई प्रस्तुत गर्दछ । प्रकृतिको कामकाजको एक वास्तविकताको दुई पहलू ।

महर्षिजीले (सन् १९८६) वैदिक विज्ञान, आधुनिक विज्ञान तथा एकीकृत क्षेत्रको महर्षि टेक्नोलोजीका बीचमा रहेको सम्बन्धलाई यसरी बताउनुभएको छ- **वैदिक विज्ञानलाई एकीकृत क्षेत्रको महर्षि टेक्नोलोजीका माध्यमद्वारा लागू गरिन्छ । हामी वैदिक विज्ञानका सम्बन्धमा एकीकृत क्षेत्रको कुरा गर्छौं किनकि भौतिक विज्ञानद्वारा शोध गरिएका तथा मानवचेतनाको आत्म-रेफरल राज्यमा के मौजुदा रहेको छ - यसको समानताको कारण । एकीकृत क्षेत्रको टेक्नोलोजी मानव मानसको विकास, दौडको कुल विकासनिम्ति एक विशुद्ध रूपमा वैज्ञानिक प्रक्रिया हो । यो एक यस्तो समय हो जब पृथ्वीमा मानवजीवनको कुल विकासका सम्भावनाद्वारा दुनियाँमा उद्देश्य, विज्ञान आधारित प्रगतिलाई समृद्ध गरिनेछ साथै यही कारणले हामी एक एकीकृत क्षेत्र आधारित सभ्यताको निर्माणको आशा राख्तछौं ।** (पृ. ३५)

यसर्थ अनुभवको यस क्षेत्रको सार्वभौमिक उपलब्धताका आधारमा चेतनाको एक अनुभवजन्य विज्ञान पहिलोपल्ट सम्भव हुनेछ ।

(प्रस्तुत आलेखको नेपाली अनुवाद धर्मानन्द भारविबाट भएको हो ।)

 जप गर्नाले सिद्धि हुन्छ । यसमा सन्देश छैन । जपात् सिद्धिर्जपात सिद्धिर्नसंशयः ।
-जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षिका दृष्टिकोणमा भगवद्गीता

माधवप्रसाद अर्याल

भगवद्गीतामा जति धेरै भाष्य संभवत विश्वका कुनै पनि पुस्तकमा गरिएको छैन। भगवद्गीता अज्ञानताको अन्धकार र दुःखबाट मानवजातिको उद्धार गर्नका निम्ति जीवनको उच्च धरतलबाट भगवानूले बालेको ज्ञानको ज्योति हो। भगवद्गीता एउटा समयातीत एवं कुनै पनि उमेरका कुनै पनि व्यक्तिको जीवनका लागि एउटा अपरिहार्य स्वीकृत एवं सर्वव्यापी ग्रन्थका रूपमा संसारले चिनेको छ। यो जीवनको एउटा विश्वकोष हो र महर्षिले गर्नुभएको भाष्य नै यसको सूचक हो।

सापेक्षिक जीवनमा जहिले पनि भ्रान्ति र विश्रृँखलताहरू आउने गर्दछन् र मानव मन जहिले पनि त्रुटि र हिचकिचाहटको अवस्थाबाट गुज्रने गर्दछ। भगवद्गीता व्यावहारिक जीवनको एउटा पूर्ण मार्गदर्शक भएकाले कुनै पनि अवस्थामा मान्छेको उद्धार गर्नका लागि यसले समाधान उपलब्ध गराउँदछ। भगवद्गीता समयको उग्र छालहरूमाथि चल्ने जीवनरूपी जहाजको लंगुरजस्तै हो।

यसले व्यक्तिको जीवनमा पूर्णता ल्याउँछ। जब समाजले यसलाई स्वीकार्छ, सामाजिक सुख, समृद्धि र सुरक्षा प्रतिस्थापन हुन्छ र जब विश्वले यसलाई सुन्छ, विश्वशान्ति स्थायी हुन जान्छ।

भगवद्गीताले जीवनको विज्ञान र जिन्दगी जिउने कला प्रदान गर्दछ। यसले कसरी द्वन्द्व, चिन्ता, तनाव र क्रोधबाट मुक्ति प्राप्त गर्ने, कसरी आत्मसत्तामा स्थापित हुने, कसरी सोच्ने, कसरी आनन्दित रहने र कसरी कर्म गर्ने भनेर सिकाउँछ। अन्तर्निहित सत्ताको सम्पर्कबाट जीवनका प्रत्येक पक्षहरूलाई गौरवान्वित गर्ने यसको प्रविधि जरामा पानी हालेर पूरै रुखलाई हरियो बनाउनुजस्तै हो। भगवद्गीता मानव समाजद्वारा सम्मानित कुनै पनि व्यावहारिक ज्ञानभन्दा श्रेष्ठ प्रमाणित भएको छ।

भगवद्गीतामा कुनै पनि अन्य चर्चित ग्रन्थहरूमा भन्दा धेरै टिप्पणीहरू छन्। महर्षि महेश योगीले गर्नुभएको भाष्य प्रकाशन गर्नुको एउटा विशिष्ठ कारण छ। किनभने आजसम्म कुनै पनि त्यस्तो भाष्य देखिएन जस्ले साँच्चै नै सम्पूर्ण उपदेशको मूलभूत तथ्यलाई प्रकाशमा ल्याएर जीवनका सम्पूर्ण समस्याहरूको निराकरण गर्ने एउटा प्रविधि उपलब्ध गराउन सकोस्। महर्षिले गर्नुभएको भाष्य अनुसार भगवद्गीतामा प्रस्तुत प्रविधि र पद्धति जीवनका सम्पूर्ण समस्याहरूको समाधान गर्नका लागि भगवान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णले अर्जुनलाई बताउनुभएको थियो, आद्यशङ्कराचार्यले बताउनुभएको थियो, गौतमबुद्धले बताउनुभएको थियो, ईसा मसीहले समेत आफ्ना शिष्यहरूलाई बताउनुभएको थियो ।

आफ्नो समयको माग पूरा गर्ने प्रयासमा प्रबुद्ध टिकाकार हरूले आफूले जानेसम्म उपदेशको सत्यतालाई प्रकट गर्नुभएको छ। यसो गरेर उहाँहरूले मानवविचारको इतिहासमा आफ्नो नाम सुरक्षित गर्नुभएको छ। समयको क्रममा उहाँहरू ज्योतिबाहक हुनुहुन्छ। उहाँहरूले ज्ञानका सागरको गहिराइमा डुबुल्की लगाउनुभएको छ। तर, उहाँहरूले शानदार उपलब्धि हासिल गरे तापनि भगवद्गीताको सबैभन्दा महत्त्वपूर्ण आशयलाई बाहिर ल्याउन सक्नुभएको देखिँदैन जसबाट जीवनको मौलिक आधार, आत्मसत्ता अनुभव गर्ने व्यावहारिक विधि र प्रविधि मानवजातिका पहुँचबाट टाढा रहन गयो ।

यसकारणले गर्दा भगवद्गीतामा भगवान् श्रीकृष्णले युद्धभूमिमा अर्जुनलाई दिनुभएको तात्त्विक उपदेश र प्रविधि सहित सरल शब्दहरूमा व्याख्या गरिएको टिप्पणी अपरिहार्य भएको हामीले महसुस गर्न सक्छौं। भगवद्गीतामा ज्ञान, भक्ति र कर्मको मार्ग सम्बन्धमा बुद्धिमत्ताको प्रशंसा प्राप्त गर्न गरिएका टीका–टिप्पणीहरू भए पनि कसैले पनि मानवविकासका लागि यी विविध राजमार्गहरूको द्वारहरू खोल्ने प्रमुख साँचो प्रदान गरेको देखिँदैन। कुनै पनि टिप्पणीले अहिलेसम्म भगवद्गीताले उद्घोष गरेको एउटा सरल प्रविधि मार्फत् जोसुकै व्यक्तिले पनि आफ्नो व्यावहारिक जीवनमै रहेर पनि यी सम्पूर्ण मार्गहरूका आशीर्वादहरूको आनन्द लिन सक्छन् भन्नेकुरा देखाएका छैनन्। यसकारणले गर्दाखेरि नै यस गरिमामयी प्राचिन ज्ञानको प्रविधि एवं सारतत्त्व नै लोप भएर गयो। यसरी लोप हुँदै जानु भनेको दुर्भाग्य हो।

तसर्थ, यो भाष्य मानवजातिलाई त्यही साँचो, भावातीत ध्यान प्रविधि प्रदान गर्नका लागि र आगामी पुस्तौं–पुस्तासम्म सुरक्षित राख्नका लागि लेखिएको हो।

भगवद्गीता योगग्रन्थ हो, दिव्य योगको ग्रन्थ हो, ध्यानको ग्रन्थ हो, भावातीत ध्यानको ग्रन्थ हो। मानव चेतनाको सम्भव भएसम्म उच्चतम स्तरबाट विकास गर्नका लागि सम्पूर्ण सिद्धान्त र व्यवहारको व्याख्या गर्नु यसको उद्देश्य रहेको छ। मानव विकासको प्रत्येक स्तरअनुरूप प्रत्येक अभिव्यक्तिले यसको उपदेशलाई उपयुक्त बनाउनुमा यसको भाषा र शैली अत्यन्त पृथक एवं चामत्कारिक रहेको छ।

भगवद्गीता यस तवरबाट व्याख्या नगरिएको हुँदा यस ग्रन्थको वास्तविक उपदेश सुषुप्त रहेको छ। ग्रन्थप्रति न्यायमात्र गर्न नभई साधकहरूलाई सिधा मार्ग प्रदान गर्न र यस व्यावहारिक दर्शनको गहन ज्ञान विकास गर्नका लागि सम्पूर्ण अध्यायहरूको टिप्पणीहरू लेखिनुपर्दछ भन्नेकुरा अत्यन्तै महत्त्वपूर्ण हो तथापि समयको माग र आवश्यकतालाई मध्यनजर गर्दै अध्याय ६ सम्म शिघ्र प्रकाशन गर्न लागिएको हो। अन्य भाष्यहरू पनि आउनेछन्। तर अहिले संसारलाई आध्यात्मिक विकासका लागि यी आधारभूत सिद्धान्तहरूको अविलम्ब आवश्यकता भएकोले यो वर्तमान भाष्यलाई लामो समय खेर नफालिकनै प्रकाशनमा ल्याउन सोचिएको हो।

पाठकवृन्दलाई थप जानकारी हासिल गर्न मन लाग्न सक्छ। यो टिप्पणी विश्वभरका विभिन्न भागहरूबाट आध्यात्मिक हिसाबले सबैलाई नयाँ जीवन प्रदान गर्नका लागि विशुद्ध उद्देश्य लिएर विभिन्न राष्ट्रियता बोकेका लाखौं मानिसहरूको जीवनमा यसको प्रविधि लागू गरेर प्रमाणित गरेपछि मात्रै आध्यात्मिक पुनरुत्थान अभियान स्थापनाको शुभ-अवसर पारेर प्रकाशमा ल्याइएको हो।

यसले विभिन्न राष्ट्रियता, सँस्कृति र फरक–फरक आस्था राख्ने, सम्पूर्ण मानवजातिलाई उत्तिकै उपयोगी, विश्वव्यापी र समयातीत, जीवनको अद्वैत यथार्थता प्रस्तुत गर्दछ।

यस भाष्यको समग्र अवधारणा अद्वितीय दूरदृष्टि राख्नुहुने र गहन ज्ञानका पारंगत शङ्कराचार्यले प्रस्तुत गर्नुभएको आफ्नो गीता-भाष्यको पूरक हो। यो ज्ञान गुरुदेव अनन्त श्री विभूषित स्वामी ब्रह्मानन्द सरस्वतीज्यूबाट प्राप्त उपहार हो। श्रेय जति सबै उहाँलाई छ। यसले जीवनलाई ज्ञानको ज्योति प्रस्तुत गर्दछ र जीवनको प्रवाहमा पूर्ण सन्तुष्टि प्राप्तिका निम्ति, सम्पूर्ण मानवजातिलाई भगवान्को भक्तिमा, अनन्त सत्ताको परमानन्दमयी सागरमा स्थापित गरिदिन्छ।

सबै मानिसहरूले दोश्रो अध्यायको ४५ औं र ४८ औं श्लोकमा दिइएको व्यावहारिक ज्ञानलाई उपयोगी बनाउन र त्यसबाट आफ्नो जीवनका सम्पूर्ण विधाहरूलाई गरिमामयी बनाउन र दैवी चेतनामा अनन्त स्वतन्त्रता प्राप्त गर्न सक्नेछन्।

जय गुरुदेव

(लेखक भावातीत ध्यान तथा सिद्धि प्रशिक्षक हुनुहुन्छ।)

मनबाट कहिल्यै कसैको अनिष्ट चिन्तन नगर।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक विज्ञानमा ज्योतिष विज्ञानको सम्बन्ध

डा. चन्द्रकुमार सेर्मा

अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन ज्ञान र विज्ञान दुई विधालाई समेटेर नेपालमा आयोजना हुनु नेपालीहरूको गौरवको विषय हो । यस सन्दर्भमा अत्यन्त सान्दर्भिक महत्त्व भएको "**वैदिक विज्ञानमा ज्योतिष विज्ञानको सम्बन्ध**" विषयक-पत्र प्रस्तुत गर्न पाउँदा आत्मानन्द परमानन्द मात्र होइन, सच्चिदानन्द अनुभूत भएकोमा वैदिक विज्ञानका ज्ञाता महादार्शनिक महर्षि महेश योगीज्यूको चरणमा आस्था श्रद्धा, भक्तिपूर्वक नमन स्मरण गर्न चाहन्छु ।

विश्वधुरी सगरमाथा नेपालले ज्ञान र दर्शनबाट विश्वको मार्गनिर्देश एवं नेतृत्व गर्न सक्छ भन्ने महावाणीको पुष्ट्याईं वैदिक विज्ञान र आधुनिक विज्ञान महासम्मेलनले प्रमाणित गरेको महशुस भएको छ । विश्व व्रह्माण्डको मूल बीज परमात्मा परमेश्वर हो भने यसको मानवरूपी आत्मा अंश, हंस, वंश हुन् । यस महाअनन्त यात्रामा गतसृष्टि १, ९५, ५८, ८५, ११९ को दौरानमा पृथ्वीवासी मनुष्यहरू अस्त, व्यस्त, रही मूलतत्त्व प्राप्तिका जराजुरी विर्सरहेको अवस्थामा नेपाल र नेपाली मात्र नभएर विश्वभर वसोवास गरेका ७ अरब मानवको लागि वैदिक ज्ञान र आधुनिक विज्ञानको ज्ञान जान्न अत्यन्त सान्दर्भिक मात्र होइन अपरिहार्य रहेको छ।

मूलतत्व मूलबीज निराकार परमेश्वरको साक्षात्कार दर्शन गर्ने विकल्परहित ध्यान हो भने ध्यानबाट आर्जित ज्ञान र ज्ञानबाट विज्ञान निर्माण हुने वास्तविकतालाई महर्षि महेश योगीले कठोर त्याग तपस्या र आजीवन उत्सर्ग गर्नुभएको छ । विश्वका राष्ट्रमा संगठन गरी सेवारत रही विश्व ध्यान, ज्ञान र विज्ञान वाङ्मयमा अजर अमर रहेको उदाहरणीय सन्देश उधृत गर्न चाहन्छु । ध्यानबाट आत्मा, आत्मज्ञानबाट प्राप्त हुने परमात्मज्ञानलाई महाज्ञान भनिन्छ। महाज्ञान प्राप्तिपछि ब्रह्माण्ड ज्ञान र विज्ञान टुंङ्गिन्छ। अन्तत नश्वरदेह र ईश्वरदेव पहिचान हुन्छ। यही विधा र प्रविधि एवं शास्त्रबाट अस्त्र प्रतिपादन गरी संसारमा अनेकौं विधा, विधि र प्रविधिहरूको भौतिक विकास भएको छ, जुन वस्तु अनन्त रहन्छ । गती, मति, प्रगति र परमगति अजेय निरन्तरता रहने विधिको विधान प्रकृतिको अकाट्य नियम परम् ईश्वरीय वरदान हो। भावातीत ध्यान आधुनिक विज्ञान वर्तमान विश्व प्रसिद्धि हुन् । महर्षिकै करुणाक्रन्दन र देन हो, यसको सारा श्रेय उहाँमा समर्पित गर्दै थप आयाम ज्योतिष दृष्टिकोणबारे राख्न चाहन्छु।

अपौरूषेय सूत्रको प्रथम ज्ञान वेद हो, वेदलाई ऋग्वेद, यर्जुवेद, सामवेद, अथर्ववेद, गरी ४ वेद, उपवेद, र षडङ्गमध्ये अन्तिम छैंटौं ज्योतिष विज्ञान हो । समग्र ज्योति, खगोल, भूगोल र आकाशीय समग्र पक्षको वैज्ञानिक प्रकृयाको अध्ययन गर्ने शास्त्र ज्योतिषशास्त्र हो । त्रिस्कन्धात्मक ज्योतिषमा सिद्धान्त, संहिता, होरा, पर्दछ।

सिद्धान्तप्रवर्तक ऋषिहरू मध्येका एक पराशरऋषि हुन्। पाराशर ऋषिको जन्मभूमि र कर्मभूमि नेपालको सेति नदि तनहुँ नदिपारी पराशर गुफा र नदी वारी व्यासगुफा हातामा अद्यावधि पाइन्छ। उनै महर्षि पराशरको मतलाई महर्षि महेश योगीले ज्योतिषको प्रमुख आधारमध्ये एक मान्नुभएको छ।

पराशर ऋषिको ग्रन्थ "**बृहत्पाराशरहोराशास्त्र**" मूल संस्कृतमा र हिन्दी टीकामा पनि प्रकाशित छ। जसमा ग्रह, उपग्रह, दिन दशा, तिथि, मितिदेखि व्रह्माण्डकै वैज्ञानिक वर्णन गरिएको छ। त्यसैगरी सिद्धान्त ग्रन्थमा "**सूर्यसिद्धान्त** ग्रन्थलाई र संहितामा बृहत्**संहिता**" ग्रन्थलाई महर्षि महेश योगीले प्राथमिकता दिनुभएको छ।

कृते तु मानवं शास्त्रं त्रेतायां वादरायणी ।
द्वापारे शंखलिखितं कलौ पाराशरी स्मृता ॥

यस कथनबाट स्पष्ट बोध हुन्छ कि वर्तमान समयमा "पाराशरहोराशास्त्र" फलादेशको निम्ति सर्वश्रेष्ट सर्वोपकारी शास्त्र मानिएको देखिन्छ।

आत्मा- ज्ञानको सागर हो ।
आत्मा- शक्तिको सागर हो ॥
आत्मा- आनन्दको सागर ॥।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिशक्ति आत्माका विशेषज्ञ यस शताब्दीका महापुरुष महेश योगीले चेतनाको पाचौँ तुरीयातीत अन्तिम अवस्था हंशावतारभन्दा पर सप्तम चेतनाको प्रतिपादन गरी ज्योतिषबारे आफ्नो देववाणी यसरी अभिव्यक्त गर्नु भएको छ।

Astrology is an eye of every Individual. ज्योतिष मानिसको आँखा हो, आँखा खोलेर यात्रा गरेमा दुर्घटनामा परिँदैन। अतः ज्योतिष ईश्वरको ज्योति हो, देख्ने आँखा हो। विश्वव्रह्माण्डको आँखा सूर्यरूपी ज्योति हो भने संसारका ७ अरब मानवहरूको आँखा ज्योतिष हो।

आदि शंकराचार्यदेखि वर्तमान देश, काल, पात्र, परिस्थिति, कालखण्डसम्मको अन्तिम ऋषि महाऋषि महेशयोगी वैदिक विज्ञान र आधुनिक विज्ञानको शिक्षा दिने महाज्ञानी महर्षि प्राचीन तथा अर्वाचीन वैज्ञानिक हुन्।

अन्त्यमा उनै परमपूज्यवर महर्षिको अति मर्मस्पर्शि शन्देश यहाँ सम्झन लायक मात्र नभई मनन योग्य कुरा राख्दछु। संसारका आदिवासी जनजाति पछि पर्‍यो, पछाडी धकेलिएको समाज र वर्गलाई उनीहरूको आ-आफ्नो भाषा र लिपिमा शिक्षा, दीक्षा, ध्यान, ज्ञान, जप, तप, शिष्ट सभ्यता दिएर उठाउनुहोस् उत्थान गराउनुहोस् भनी युरोप होलेण्डको पोलेण्डमा बसेर विश्वभरका ज्ञानी, मुनि, आफ्ना मातहतका संघ संगठन चेलाभूला तमाम भक्तजन अनुयायी एवं भावातीत ध्यानप्रेमी सञ्जनवर्गमा ज्ञानमूलक मुक्तिको सन्देश प्रवाह गर्नुभएको आव्हान ईश्वरीय वरदान स्वरूप मननीय वरणीय रहेको छ। यहि प्रेरणादायी ज्ञानबाट यो पत्र प्रस्तुत गर्ने अवसर प्राप्त भएको हो ।

वैदिक विज्ञान र आधुनिक विज्ञानद्वारा आत्मज्ञान र परमात्मज्ञान गरी अध्यात्मविज्ञान, जीवविज्ञान, मानवविज्ञान, जलविज्ञान, स्थलविज्ञान, औषधीविज्ञान, शरीरविज्ञान, मनोविज्ञान, विचारविज्ञान, खगोलविज्ञान, भूगोलविज्ञान र व्रह्माण्डविज्ञानको अत्यधिक प्रयोग गरी पृथ्वीमा स्वर्गको अवतरण गराउन सकिने भन्ने महर्षिजीको दृढविश्वासलाई सम्मान व्यक्त गर्दै यस पत्रलाई यहीँ विराम दिन्छु।

स्वर्गको अवतरण-पृथ्वीमा उतार्ने महान युगपुरूष महर्षि महेश योगी - अमर रहुन्!

वैदिक विज्ञान तथा आधुनिक विज्ञानको - जय जय होस्!!

पाहुनालाई सम्मान गरिँदै

 परमात्मामा मन लगायौ भने शान्ति र सन्तोषको अनुभव हुनेछ। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफैं बोल्छन्

महासम्मेलनको उद्घाटन गर्नुहुँदै सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी



महासम्मेलनमा उपस्थितिको झलक

राष्ट्रपतिलाई उपहार प्रदान गर्नुहुँदै अध्यक्ष दीपकप्रकाश बास्कोटा

राष्ट्रपति आगमनको स्वागत

कार्यक्रमको उद्घोषकका भूमिकामा ई. अर्जुन कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफैं बोल्छन्



महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनका सङ्कल्पकर्ता

महासम्मेलनमा उपस्थितिको झलक



महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थितिको झलक

 कहिल्यै कसैलाई कटुवचन नबोल ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफैं बोल्छन्



महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थित विदेशी पाहुनाको झलक

महासम्मेलनमा उपस्थित विदेशी पाहुनाको झलक

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा महर्षिका पुस्तक प्रदर्शनी

चेतनामा आधारित शिक्षा विषयक गोष्ठीका विशेष पाहुना

जस्तो सङ्गत हुन्छ उस्तै गुण-दोष आउँछ। यदि संसर्ग राम्रो रहेन भने नीचो वृत्ति भई गिर्नु असम्भव छैन। -जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफैं बोल्छन्

महासम्मेलनमा विषयगत छलफलको झलक

महासम्मेलनका विदेशी पाहुना

महासम्मेलनमा प्रवेश पास लिदैं आगन्तुक



महासम्मेलनमा प्रवेश पास लिदैं आगन्तुक

महासम्मेलनमा उपस्थितिको झलक

भोजनमा सरिक हुँदै आगन्तुक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफैं बोल्छन्

भोजनमा सरिक हुँदै आगन्तुक

भोजनमा सरिक हुँदै आगन्तुक

काशी पण्डित सभाका प्रा.डा. हरिप्रसाद अधिकारीको सम्बोधन



महासम्मेलनमा गिरिस मोहमायाको सम्बोधन

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा डा. ऋषिराम कोइरालाको सम्बोधन

कोही कसैले कसैलाई प्रेम गर्दछ भने आफ्ना लागि गर्दछ, उसका लागि होइन। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफै बोल्छन्

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा उपस्थितिको झलक

 जसरी मार्गमा काँढाबाट बचिन्छ उसरी नै संसारमा शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषयहरूबाट बच्ने गर। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफैं बोल्छन्

महासम्मेलनमा उपस्थितिको झलक

महासम्मेलनमा डा. चन्द्रकुमार शेर्माको सम्बोधन

महासम्मेलनमा प्रस्तुत सांस्कृतिक झलक

मन्त्रिपरिषद्का पूर्व अध्यक्ष खिलराज रेग्मीको आगमन

महासम्मेलनमा उपस्थितिको झलक

विषयगत गोष्ठीको झलक

माथिबाट मर्यादापूर्वक जगत्को काम गर्दै राख साथै भित्रैदेखि भगवान्को नाम लिइरहने गर। -जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासम्मेलनका केही झलकहरू

तस्वीर आफैं बोल्छन्

वास्तु विषयक अन्तर्क्रिया

कृषि विषयक अन्तर्क्रिया



महासम्मेलनमा उपस्थितिको झलक

वैदिक रक्षासम्बन्धी गोष्ठीको झलक

वैदिक रक्षासम्बन्धी गोष्ठीमा पूर्व प्रधानसेनापति रुक्मांगत कटुवाललगायत

महासम्मेलनमा आगन्तुकको व्यवस्थापन

 जहाँ रहन्छौ त्यहीं, जे कार्य गर्दछौ त्यही गर्दैराखेर नै भगवान्को भजन गर्दै राख।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षि अभियान खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा महर्षि वैदिक अभियान हिजोदेखि आजसम्म

१. सन् १९७४ सालमा महर्षिजीको नेपाल भ्रमण र उद्घोष Nepal to Lead The World.

२. वि.सं. २०३९ सालमा ललितपुरको सानेपा स्थित पुरानो शान्तभवनमा गुरुकुल सञ्चालन र बन्द।

३. सन् १९९९ सालमा महर्षि वेद विज्ञान तथा प्रविधि संस्था गठन र केही वर्षपछि बन्द।

४. सन् १९९९ सालमा २० भन्दा बढी वैज्ञानिक सम्मिलित विज्ञद्वारा वैदिक विज्ञान र आधुनिक विज्ञानका बारेमा होटल द्वारिकामा डा.माइकल डिल्वेटका नेतृत्वमा १ दिने उच्चस्तरीय सेमिनार सम्पन्न।

५. सन् १९९९ सालमा एसियाका लागि डा.इम्यानुएल सिफ्गेन्सको नेतृत्वमा खटिएको वैज्ञानिक टोलीको २ दिने सम्मेलन होटल अन्नपूर्णमा सम्पन्न र नेपालबाट संस्थाका अध्यक्ष दीपकप्रकाश बास्कोटा र सहयोगी अर्जुन थापा भ्रमणमा संलग्न जुन भ्रमण १ महिनाको एसियाका लागि थियो।

६. सन् १९९९ सालमा पहिलोपटक ६ जना महिला ध्यान शिक्षकको तालिममा नोएडा प्रस्थान।

७. सन् २००० सालमा ललितपुरको खुमलटारमा महर्षि अभियानको प्रयोजनलाई केन्द्र स्थापना र १ वर्षपछि स्थानान्तरण गौशाला क्षेत्रमा।

८. सन् २००० सालमा २३ जना पुरुष/महिला ध्यान शिक्षकको तालिम दिलाउन दिल्ली र मध्यप्रदेश पठाइएको।

९. सन् २०००मा आराध्यदेव भगवान् पशुपतिनाथ मन्दिर वरिपरि रहेका ३५४ओटा पालामा तिलको तेलद्वारा सन्ध्या दीपप्रज्वलन प्रारम्भ गरी १ वर्षसम्मदीप प्रज्वलन सम्पन्न।

१०. सन् २००१ सालमा भक्तपुर, काठमाडौं र ललितपुरमा ध्यान केन्द्रको विस्तार।

११. वि.सं. २०६५ सालमा नेपाल महर्षि वैदिक फाउण्डेसन गठन र बाँसबारीमा १३ जना पण्डितद्वारा दैनिक राष्ट्रशान्तिका लागि रुद्राभिषेकसहित योग ध्यानप्रारम्भ।

१२. वि.सं. २०६६ सालमा विश्वरूपामा राष्ट्रशान्तिका लागि अतिरुद्राभिषेक महायज्ञ प्रारम्भ र २ वर्षपछि सम्पन्न। बाँसबारी, विश्वरूप र सिफल हुँदै हालसम्म निरन्तर राष्ट्र शान्ति एवं विश्व शान्तिका लागि रुद्राभिषेक कार्यक्रम सुचारु भइरहेको।

१३. वि.सं. २०६८ सालमा पूर्व प्रधानमन्त्री झलनाथ खनालको प्रमुख आतिथ्यमा राजनैतिक व्यक्तिहरूको उपस्थितिमा स्टाफ कलेज जावलाखेलमा डा.वेभेन मोरिसको प्रवचन कार्यक्रम सम्पन्न। (डा.मोरिस ग्लोबल कन्ट्री अफ वर्ल्ड पीसका प्रधानमन्त्री र महर्षि वैदिक विश्वविद्यालय यू.एस.ए.का तत्कालिन कुलपति हुनुहुन्थ्यो।)

१४. वि.सं. २०६८ सालमा पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको प्रमुख आतिथ्यमा गोदावरी भिलेज रिसोर्टमा नेपालका सबै धर्मावलम्बीहरूको उपस्थितिमा विश्व शान्ति राष्ट्रका धर्म तथा संस्कृतिमन्त्री डा. क्रिस क्रोल र डा. आनद्वारा प्रस्तुत कार्यपत्रमा बृहद् छलफलसहितको सेमिनार सम्पन्न।

१५. वि.सं. २०६९ सालमा होटल सांग्रिलामा २ दिने वैदिक कृषि र वैदिक शिक्षाको अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न। वैदिक शिक्षा र वैदिक कृषि सम्मेलनको क्रमशः प्रमुख आतिथ्यता शिक्षामन्त्री के.बी.गुरुङ र तत्कालीन उप-प्र.मं. सुजाता कोइरालाले गर्नुभएको थियो।

१६. वि.सं. २०६९ सालदेखि सिफलमा वैदिक वटुकहरूद्वारा राष्ट्रशान्ति रुद्राभिषेक प्रारम्भ।

१७. वि.सं. २०६९ मा विश्वविख्यात क्वान्टम फिजिसिस्ट जोन हेगेलिनको आगमन र नास्टसँग मिलेर Ideal Nepal–Light House of peace on Earth विषयक कार्यपत्र प्रस्तुत तथा नाष्टका नेपाली वैज्ञानिकसँग सम्वाद कार्यक्रम सम्पन्न।

१८. वि.सं. २०७० सालमा मोरङ्ग,झापा र इलामका १४ ओटा गुरुकुलमा रुद्राभिषेक कार्यक्रम सुरु त्यसैको निरन्तरता स्वरूप हाल देशका ८२ ओटा गुरुकुलमा दैनिक विश्व शान्तिका लागि हरेक दिन १ महारुद्राभिषेक महायज्ञ सञ्चालित।

१९. वैदिक वाणी, श्रुति सौरभ, महर्षि सन्देश नामक पत्रिका प्रकाशन र वितरण जारी छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०. सन्त साहित्य अन्तर्गत गुरुदेव ब्रह्मानन्दको जीवनी, शङ्कराचार्य उपदेशामृत, अमृत कण, भगवद्गीता तथा महर्षि सम्बद्ध ज्ञानका पुस्तकहरू नेपालीमा रूपान्तरण, प्रकाशन र वितरण ।

२१. अन्तर्राष्ट्रिय विज्ञ डा.जन फेगनद्वारा खाद्य सुरक्षामा वैदिक(जैविक)खेती प्रणालीको आवश्यकताबारे ३० जुन २००९ सिद्धार्थ कटेज ललितपुरमा उच्चस्तरीय कृषि विज्ञहरूसँग अन्तरक्रिया सम्पन्न ।

२२. वि.सं. २०७० सालमा ग्लोबल कन्ट्री अफ वल्ड पीसका स्वास्थ्यमन्त्री डा.आनन्द श्रीवास्तव तथा महर्षि आयुर्वेद जर्मनीका कार्यकारी प्रमुख लोथार पिर्सको उपस्थितिमा नेपालका आयुर्वेद विज्ञ, प्राकृतिक चिकित्सक तथा परम्परावादी(Traditionl) उपचारका विज्ञहरूका बीच वैदिक स्वास्थ्यबारे १ दिने अन्तरक्रिया सम्पन्न ।

२३. वि.सं. २०७० चैत्र ९ र १० मा गुरुकुल सञ्चालकहरूको २ दिने राष्ट्रिय भेला सम्पन्न र त्यसपछि हरेक वर्ष नियमित रूपमा क्षेत्रीय गोष्ठीहरू सम्पन्न ।

२४. शिक्षा क्षेत्रमा आबद्ध महानुभावहरूका लागि Educational Seminar 5 Feb. 2013 मा सम्पन्न ।

नेपाल महर्षि वैदिक फाउण्डेशनद्वारा सञ्चालित चेतनामा आधारित शिक्षाको कार्यक्रमको जानकारी

१. सन् २०१२मा तक्षशिला एकेडेमी, तिलिङ्गाटार मा वि र सैनिक आवासिय महाविद्यालयमा भावातीत ध्यान सिकाउन सुरुवात ।

२. सन् २०१२मा २ जना ध्यान शिक्षकलाई (चेतनामा आधारीत शिक्षाको CBE.) तालीमको लागि नेदरल्याण्ड पठाइयो ।

३. सन् २०१२मा ४ जना नेपाली सहभागीलाई इन्डियाको ब्रह्मस्थानमा CBE को तालीमको लागि पठाइयो ।

४. सन् २०१३मा माउन्ट एभरेष्ट स्कूलमा भावातीत ध्यानको सुरूवात ।

५. सन् २०१३मा तिलिङ्गाटार मा. वि. माउन्ट एभरेष्ट र सैनिक आवासिय महाविद्यालयका ६ जना शिक्षक शिक्षिकालाई भावातीत ध्यान शिक्षक तालीमका लागि थाईल्याण्ड पठाइयो ।

६. सन् २०१३मा ५ जना ध्यान शिक्षक तथा विद्यालय शिक्षकलाई CBE को तालीमको लागि नेदरल्याण्ड पठाइयो

७. सन् २०१४मा १ जना शिक्षिकालाई CBEको तालीमको लागि नेदरल्याण्ड पठाइयो

८. सन् २०१५मा सैनिक आवासीय महाविद्यालयमा नेदरल्याण्डमा दिइने CBE तालिम सम्पन्न । सो तालीममा ५२ जना शिक्षक-शिक्षिकाहरूको सहभागिता

९. सन् २०१५ सैनिक आवासिय महाविद्यालय (चितवन तथा पोखरा), माउन्ट एभरेष्ट र ज्योतिष्मती विद्यापीठ बाट ५ जनालाई ध्यान शिक्षकको तालीमको लागि थाईल्याणड पठाइयो

१०. सन् २०१६मा नेदरल्याण्डमा दिइने CBE तालीमको नेपालमा आयोजना । २३ जनाको सहभागिता

११. सन् २०१६मा ज्योतिष्मती विद्यापीठ लमहीमा भावातीत ध्यान सिकाउन सुरू ।

१२. सन् २०१६मा चेतनामा आधारित शिक्षाको सेमिनारको आयोजना । शिक्षा मन्त्रालय तथा विभिन्न सँस्थाबाट शिक्षाविद् तथा शिक्षकहरूका साथै अन्यको सहभागिता ।

१३. सन् २०१७मा CBE अन्तर्गत प्रोफेसनल डेभलपमेन्ट कोर्ष १ को तालीमको आयोजना । ३२ जना सहभागी

१४. सन् २०१८मा महर्षि आदर्श शिक्षण तालीमको आयोजना ।

१५. सन् २०१९मा तिलिङ्गाटार मा. वि.का शिक्षक शिक्षिका तथा सैनिक आवासीय महाविद्यालयका प्राचार्यलाई चेतना विज्ञानको तालीम सम्पन्न नेपाली पण्डितहरूद्वारा अन्तर्राष्ट्रिय ग्रहशान्ति यज्ञ २०७० साल देखि सिफलमा, २०७२ सालदेखि भूमही नवलपरासीमा र २०७५ सालदेखि झापामा प्रारम्भ ।

२६. देशव्यापी रूपमा गुरुकुलहरूमा भावातीतध्यान सिद्धि कार्यक्रम लागू, यौगिक उडानको अभ्यास प्रारम्भ ।

२७. काठमाडौं, झापा, बाणगंगा लगायतका स्थानमा वास्तुभवन निर्माणको योजना र कार्यारम्भ । काठमाडौंको चम्पादेवी क्षेत्रमा महर्षि वास्तु अनुसारको आवास, यज्ञशाला र कोर्ष भवनहरू निर्माणाधीन ।

२८. नेपालमा नियमित ध्यान शिक्षकहरूको आवधिक प्रशिक्षण कार्यक्रम सञ्चालन ।

२९. नेपालमै सिद्धि प्रशिक्षकहरूको प्रशिक्षण प्रारम्भ ।

३०. समय-समयमा आवश्यक जनशक्ति जस्तै ध्यान प्रशिक्षक, CBE प्रशिक्षकहरूको प्रशिक्षण भारत, थाइल्याण्ड, नेदरल्याण्ड र नेपालमा आवश्यकताअनुसार हुने गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट खण्ड (क)

यस खण्डमा कार्यपत्रहरूको पूर्ण विवरण समावेश गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजको युगमा वेदको उपयोगिता

प्रा.डा. ऋषिराम पोखरेल

विषय प्रवेश

आजको वैज्ञानिक युगमा वैदिक विज्ञान एवं आध्यात्मिक जागरण र विश्वशान्तिको क्षेत्रमा "नेपालले संसारलाई नेतृत्व गर्नुपर्दछ" भन्ने विशिष्ट लक्ष्यका साथ महर्षि महेश योगीज्यूबाट शुरु भएको महान् अभियानलाई साकार रूप दिने क्रममा नेपालमा स्थापित नेपाल महर्षि फाउण्डेशन फर वैदिक कल्चर नेपाल अधिराज्य भरमा करिब १०० वटा गुरुकुलमा प्रत्येक दिन एकसाथ सञ्चालित महा-रुद्राभिषेक कार्यक्रम गरेको छ। विश्वशान्ति एवं आध्यात्मिक जागरण, ध्यान, धारणा समाधि र योग प्रशिक्षणद्वारा विश्वमा वैदिक राम राज्य स्थापनार्थ अनवरत प्रयत्नील भै वेदपाठी बटुकहरूद्वारा एकसाथ नित्य रूपले **रुद्रस्वाहाकारपद्धति** अनुसार दूध र उखुको रसद्वारा अक्षुण्ण जलधाराद्वारा महारुद्राभिषेक सञ्चालन भैरहेको छ। यस क्रममा नेपाल महर्षि फाउण्डेशनको संयोजकत्वमा महर्षि फाउण्डेशनद्वारा नेपालमा पहिलोपटक विश्वका शताधिक मुलुकका विशिष्ट वैदिक विद्वान् विशेषज्ञहरूबाट दर्जनौ कार्यपत्र प्रस्तुतिपूर्वक प्रस्तुत आयोजना भैरहेकोमा कृतज्ञता प्रकट गर्दै यस विशिष्ट विज्ञान कार्यशाला गोष्ठीको कार्यक्रममा समुपस्थित भै सहभागी बन्नुभएका समस्त विद्वज्जन एवं वैदिक विज्ञानका विशेषज्ञहरूका समक्ष विचारपत्रका माध्यमले आफ्नो केही अभिव्यक्ति प्रस्तुत गर्ने अवसर पाएकोमा नेपाल महर्षि फाउण्डेशन फर वैदिक कल्चरप्रति म हार्दिक आभार प्रकट गर्दै आफ्नो विचार प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आजको युग

आज हामी वैदिक पञ्चाङ्ग गणना अनुसार २८ सौं कलियुगको प्रथम चरणमा छौं। अहिले कलियुगको ५११९ सौं वर्ष चल्दै छ अर्थात् वैदिक सनातन धर्मशास्त्र अनुसार हामी बाउन्नौं शताब्दीमा चल्दै छौं। ईशवीय सन् मान्नेहरूको हिसाबले २१ सौं शताब्दीमा छौं भन्दा खेरि हामीहरू ३१ सय वर्ष अगाडिका हुन्छौं। आज भन्नाले हामीले बाउन्नौं शताब्दीकै परिवेश छौं अथवा २१ सौं शताब्दीतिर फर्कन चाहन्छौं भने पनि रोजाइ हाम्रै हो। वैदिक सनातनीका चार युग बितेका समय अनुसार सृष्टि भएदेखि अहिलेसम्म बितेका २८ वटा युग र २८ सौं कलियुगको ५११९ समेत जम्मा १ अर्ब, ९५ करोड, ५८ लाख ८५ हजार १ सय उन्नाइसौं वर्षलाई आजको युग भन्नुपर्ने देखिन्छ, अन्यथा आफ्नो प्रचलित पञ्चाङ्ग गणना पद्धति र आफ्नो ऐतिहासिक प्रगतिका उपलब्धिलाई, आफ्नो सर्वातिशायी पुस्तैनी देनलाई नजरअन्दाज वा बेवास्ता गर्न पुग्दछौं। यसले गर्दा वर्तमा युगको उमेरमा पनि ३१ सय वर्ष कमी ल्याउनतिर लाग्नेछौं। यसै वर्तमान समयलाई मैले आजको युगका रूपमा लिएको छु।

वेद

ज्ञानार्थक, लाभार्थक, सत्तार्थक र विचारार्थक विद् धातुदेखि करण वा भाव अर्थमा धञ् प्रत्यय भएर वेद शब्द बनेको हुनाले वेद पढ्नाले ज्ञान विज्ञानको बोध, ईश्वर र आत्मविषयक विचार, सर्वत्र सबै कालमा ईश्वरसत्तासमेतको बोध र धर्मार्थकाममोक्षरूपी पुरुषार्थ चतुष्टयसम्पति प्राप्त गरी मानवजीवनलाई सम्पूर्ण रूपमा सार्थक बनाउने उपायसमेत वेदले बताउँदै आएको छ।

विश्वको साझा सार्वजनिक सम्पत्ति

वैदिक मन्त्रहरू सबैका लागि हित (कल्याण) कारी छन् र वेद विश्वका सबै मानवको साझा सम्पत्ति वा ज्ञान-विज्ञानको साझा भण्डार हो। यो कुरा हाम्रा धर्मकार्यमा पुण्याह वाचनका क्रममा पढिने मन्त्र "**यथेमां वाचम्**"को पदावलि "**शूद्राय चार्यायचस्वायचारणाय च**" ले स्पष्ट पारेको छ।

उपयोगिता

५ - १ उपयोगिताको अर्थ हो जीवनमा अत्यन्त निकटतापूर्वक त्यस कुराको उपयोग गर्न योग्य तत्त्व वा गुण के–के हुन् र आज कहाँ, कसरी, किन, कसले वेदका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती उपयोगी कुराको आ-आफ्नो जीवनमा एवं सामाजिक व्यवहारमा प्रयोगमा ल्याउने हो ? अथवा भनौं वेदका कुराहरू वेदले दिएका ज्ञान र विज्ञानका कुराहरूलाई आजको विश्वमानव समुदायले आफ्ना जीवनचर्यामा, जीवनपद्धतिमा के कति प्रयोग वा उपयोग गर्न सकिन्छ, चाहिन्छ, चाहिन्न अथवा त्यसले के कति महत्त्वपूर्ण स्थान राख्दछ भन्नेबारे सयुक्ति विचार गर्नु यस विचारपत्रको विषय हुन गएको छ।

योग शब्द युज्-धातु बाट बनेको छ । अंग्रेजी भाषामा पनि युज (Use) को अर्थ प्रयोग उपयोग नै हो। योगमा लागेको 'उप' उपसर्गले सामीप्य वा निकटता अथवा आत्मीयतापूर्ण प्रयोगलाई समेत बुझाउँछ । आज मानव जीवनलाई वेदले के फाइदा दिन्छ वा दिइरहेको छ अथवा दिन सक्छ, अब हामी छलफल गरौं ।

"नहि ज्ञानेन सदृशं पवित्रमिह विद्यते" ज्ञानभन्दा पवित्र केही छैन । वेद ज्ञानको भण्डारै हो । वेदका ज्ञानले मानिसलाई अरू पशुपन्छी, जीवजन्तुभन्दा उच्च स्थान दिएको छ । संसारका सर्व प्राणीभन्दा मानव सर्वोच्च र बुद्धिमान् छ । सधैं आफ्नो बुद्धि विकास गर्दै आएको छ। वेद स्वयं ज्ञानरूपमा भएकाले यसको त सधैं उपयोग हुनु स्वाभाविक नै हो । वास्तवमा ज्ञान स्मरण र अनुभव दुई तहको छ भन्नेकुरा आचार्य कणादले न्याय वैशेषिक दर्शनमा बताएका छन् "**ज्ञानं द्विविधं स्मरणम् अनुभवश्च**" । संसारमा भएका परिवर्तन (उथलपुथल) गुरुजन, ऋषि–महर्षि, साधु, सन्त, महात्माहरूका उपदेश र विभिन्न ग्रन्थहरूका अध्ययन, परिशीलन, अनुसन्धान आदिबाट हामी आफ्नै जीवनमा काम लाग्ने विश्व मानवलाई फाइदा दिने मार्गदर्शन गराउने कुराहरू ग्रहण गर्ने गर्दछौं । आज मानव सबैलाई सुख, भौतिक समुन्नति र शान्ति चाहिएको छ । सबैले धनलाई नै सुखको स्रोत र साधन सम्झेर धन प्राप्त गर्न, सम्पत्ति जोर्न र अकूत सम्पन्नता प्राप्त गर्न अहोरात्र परिश्रम गर्दै छन् । शक्ति र पद नै धन सम्पत्ति प्राप्त गर्ने माध्यम हो भनेर त्यो प्राप्त गर्न मरिमेटेका छन् तर संसारका प्राय कुनै पनि धनी, सम्पन्न र शक्तिवान् मान्छेहरूले सुख र शान्तिसँग सुत्नै सकेका छैनन् । कुन बेला कुन शत्रुले कता के पट्काउने हो रकेट, बम, एटमबम आत्मघाती बम, क्षेप्यास्त्र, आदि इत्यादि केले पो हान्ने हो भनी प्रतिक्षण तड्पिनुपरेको छ । दुःखी, गरीब सर्वसाधारणले पनि शान्तिसँग बाँच्न, एक छाक खान, मज्जासँग सुत्न पाएका छैनन् । यस्तो किन भयो ? आज प्रत्येक व्यक्तिले घरैमा वा घर बाहिर कतै पनि आफ्नो जीवन सुरक्षित महसुस गर्न गाह्रो परेको छ।

५-२ आज ज्ञान विज्ञानको धेरै प्रगति भएको छ । सुख, सुविधाका, ऐश आरामका अनेकौं वैज्ञानिक साधनको विकास भएको छ तर पनि प्रायः सबै मान्छे भित्र–भित्रै धोत्रो पसेको बूढो पीपलको रुखझैं खोक्रो देखिन्छन् । तसर्थ आजको युगलाई आजको मानवलाई दीगो सुख शान्ति समुन्नतिका निम्ति वेदले बताएको ज्ञान र योगले अर्थात् आध्यात्मिक समुन्नतिले, महर्षि महेश योगीज्यूबाट शुरु भएको वैदिक विज्ञानले वहाँकै नामबाट स्थापित भएको महर्षि फाउण्डेशनले चलाएको सिद्धि योग र विश्वशान्तिका निम्ति सञ्चालित रुद्रस्वाहाकार होमसहितका महारुद्राभिषेक तथा गुरुकुल परम्परालाई प्रोत्साहित गर्ने विशेष प्रयासले महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने विश्वास गरिएको छ।

५-३ जीवनपद्धति परिवर्तन

आज विश्वमा देखिएको भौतिक विज्ञानको चरम प्रगतिले मान्छेलाई यान्त्रिक बनाएको छ । द्रव्यको दास बनाएको छ। मानिस–मानिस बीचको दूरी बढ्दै गएको छ। अब आजको मानवले, आजको विश्वमानवजगत्ले आफ्नो जीवनचर्या दैनन्दिन तथा जीवनपद्धति (Life Style) लाई नै फेर्नै पर्ने भएको छ। आर्ष पुराण भन्छ -

मानवो मानवो भूत्वा मानवं नैव घातयेत् ।
नरो वा वानरो भूत्वा सृष्टिं नैव विनाशयेत् ॥

अर्थात् मानिसले विकासशील मान्छे भएँ भनेर मानवलाई नै मार्ने काम अर्थात् मान्छे मार्ने शस्त्रास्त्र तयार पार्ने र नर भएर वानरलेझैं भएको सृष्टि संरचनालाई नै ध्वस्त पार्ने काम गर्नुहुँदैन । यसनिम्ति वेदले भनेको जीवन पद्धति (Life Style) आजका विश्वमानवले अपनाउनुपर्दछ । शान्तिको प्रार्थना गरेर होइन, शान्ति हुने काम गरेर शान्ति प्राप्त गर्नुपर्दछ। द्यौ (आकाश) मा अनेकौं शस्त्रास्त्र परीक्षण गरी दूषित पार्ने काम बन्द गर्नुपर्दछ । धर्तिमुनि वा धर्तीमा अनेकौं प्रदूषण पार्ने काम गर्नुहुँदैन। पानीका मुहान खोला–नदीहरूको जल दूषित पार्नुहुँदैन । बन, पर्वत, बोटविरुवा नासेर प्राकृतिक सन्तुलनमा बाधा पार्नुहुँदैन । विश्वदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याने पृथ्वी, अकाश, पानी, प्रकाश र वायुलाई प्रदूषित पारी अशान्तिको बीउ रोप्नुहुँदैन । सारा जगत्सहित चराचर ब्रह्माण्ड शान्तिपूर्ण होस् । शान्ति पनि शान्तिपूर्ण होस् र त्यो कुनै ढुङ्गामुढा, लाठीचार्ज, अश्रुग्याँस, गोला आदि प्रयोग नगरिकनै आपसी समझदारीमा पूर्ण शान्ति हामी सबैमा प्राप्त होस् । वेदले चाहेको वैदिक शान्तिको स्वरूप यस्तो छ ।

द्यौः शान्तिरन्तरिक्षं शान्ति .... सा मा शान्तिरेधि । यजुर्वेद ३६।१७

५.४ आजका मान्छेले वेदबाट सिक्नै पर्ने कुराहरू : हाम्रो वैदिक मान्यता अनुसार भौतिक सम्पत्तिसँग सम्बन्ध राख्ने सांसारिक व्यवहारको विद्या अविद्या हो । आध्यात्मिक चिन्तन (योग, ध्यान, आत्मचिन्तन, ईश्वर सत्ताबोध, सबै जीवमा ईश्वरभाव राख्नु, यम नियम, प्रणायाम आदि गर्नु, धर्म, सदाचार, उपकार, सेवा भाव, आत्मसंयम आदिका कुरा) लाई वेदले विद्या मानेको छ -

"......... **द्वे विद्ये वेदितव्ये, परा चैवापरा च ।**

तत्रापरा ऋग्वेदो यजुर्वेद सामवेदोऽथर्ववेदः शिक्षाकल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति । अथ परा यया तदक्षरमधिगम्यते मुण्डकोपानिषद् १।१।३-४ । यसै क्रममा बृहदारण्योपनिषद्)२।४।१०) ले त्यो परमेश्वरको श्वासप्रश्वासका रूपमा ऋग्वेद्, यजुर्वेद, सामवेद र अथर्ववेद, इतिहास, पुराण, विद्या, उपनिषद्, श्लोक, सूत्रग्रन्थ, अनुव्याख्यान आदि सबैलाई समेटेको छ । बृहदारण्यक उपनिषद्ले आत्माकै (आफ्नै) चाहनाले सबै कुरा (संसार) प्यारो भएको हो । आत्मा (स्व, आफू वा आफ्नो स्वरूप या ब्रह्मतत्त्व) का बारेमा ज्ञान दिने गुरु (उपदेष्टा) बाट श्रवण गरी मनन र निदिध्यासन गर्नुपर्छ भनेर आत्मचेतना जगाउनै पर्ने कुराको उल्लेख गरिएको छ । ईशावास्योपनिषद्ले स्थावर जङ्गम सबै ईश्वर परमात्माका बास क्षेत्र हुन्, ईश्वर व्यापक छन् । भनेर कृष्ण वा अन्य गड, ईश, खुदा इत्यादि जो जे स्वरूप पनि (देवताका पनि देवता) पनि उनै हुन् भनिएको छ । श्रीमद्भगवद्गीता ५।१८ मा श्री कृष्णले पण्डित विद्वानूले समदर्शी हुनुपर्दछ भनेका छन् -

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।

शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥ ५।१८

ईशोपनिषद् (यजुर्वेद ४०।१) अनुसार यो जगत्मा ईश्वरको बास छ । जहाँ जे जति देखिन्छ, त्यो ईश्वरकै रूप हो । विद्या र अविद्या दुवै जान्नुपर्दछ । अविद्याले दुर्घटना, दुःख, दुर्यश, मृत्यु, अभाव जस्ता संकटबाट छुट्कारा दिने, पार लगाउने गर्दछ भने विद्याले अजरता, अमरता वा मुक्ति दिलाउँछ । (यजुर्वेद ४०।११) भनेको छ । शतपथ ब्राह्मण अनुसार मानिस भन्नाले मननशील प्राणी हो र "अरूको चित्त नदुखाउने नराम्रो कुरा नगर्ने व्यक्ति मानिस हो" भनी मनुष्यको परिभाषा दिइएको छ - (निरुक्त ३।२)

मत्वा सीव्यति कर्माणि । मादुषमिति वा मानुषमा चेत् (ऐतरेय ब्रा. ३।३३) ॥ अर्थात् सोचविचार गरेर परिणाममा कतै कसैलाई असर नपार्ने (मर्का नपार्ने) काम कुरा गर्नेलाई मनुष्य भनिने गरिन्छ । शाण्डिल्योपनिषद्को २।१ अनुसार यो विश्व ब्रह्माण्डको नायक एउटै छ । त्यो सर्वज्ञ छ । सर्वेश्वर हो । सबै प्राणीभित्र बसेको छ । मानिसले अष्टाङ्ग योग अन्तर्गत यम- नियम-आसन-प्राणायाम-प्रत्याहार-धारणा-ध्यान-समाधिको ज्ञान गरी नियम अन्तर्गत अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, दया, दान, जप, क्षमा, अक्रोध र धृतिसमेत १० कुरा पालन गरेमा मानव कल्याण, सुख, शान्ति, समुन्नति र आत्यन्तिक दुःख निवृत्ति तथा त्रितापोन्मूलन हुन्छ भन्नेकुरा शाण्डिल्योपनिषद्का माध्यमले वेदले बताएको छ । आजको विश्वमानव समुदायले यो कुरा वेदबाहेक अन्यत्र कतैबाट पनि प्राप्त गर्न सक्दैन । यो ज्ञानको लागि हिजोझैँ आज, भोलि र भविष्यमा पनि वेदको अत्यन्त ठूलो अथवा धेरै उपयोगिता छ ।

आजको युगमा मान्छेले प्रातः उठ्दादेखि लिएर राति सुत्दासम्मंका कार्य तालिका पूर्वोक्त वैदिक जीवन पद्धतिअनुसारको व्यवहार गर्ने हो भने मानवले मानवदेखि डराउनुपर्दैन । एकले अर्काको शान्ति भङ्ग गर्दैन । धर्म भनेको सदाचार हो । चोरी, मिथ्या वचन, अनाचार, दुर्वचन, दुर्भोजन, दुश्चिन्तन, दुःसङ्ग, हत्या, हिंसा, मारकाट जस्ता कुरा नगर्ने भनेर प्रत्येक व्यक्तिले कबुल गर्ने र व्यवहांरमा पनि उतार्ने हो भने आजका ७.५ अरब मान्छेमध्ये कसैले कसैलाई नमार्ने हो र सबैलाई गाँस, बास र कपासको राम्रो प्रबन्ध हुन सक्ने हो भने विश्वबाट हत्या, हिंसा बन्द भै दीगो विश्व शान्ति स्थापित हुने थियो । यस दृष्टिले पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजको युगमा वेदको उपयोगिता अत्यधिक देखिन्छ । सूत संहिता/ज्ञान योग (खण्ड २०।५४) भन्दछ -

स्थापयध्वमिमं मार्गं प्रयत्नेनापि भो द्विजाः (नराः) ।

स्थापिते वैदिके मार्गे सकलं सुस्थिरं भवेत् ॥५४॥

यो वैदिक जीवन पद्धति (लाईफ स्टाइल) लाई सबै मानिसले मिलेर विश्वमा स्थापित गर्न सके सारा संसारले स्थिर शान्तिको लागि केही गर्नुपर्दैन थियो । आचार्य आपस्तम्ब भन्दछन् **धर्मचरतमाऽधर्मम्दीर्घपश्यतमाहस्वम्** । अर्थात् धर्म गर । अधर्म नगर । सुचिर पर्यन्त हेर, सुदूर भविष्यसम्म हेर । आजलाई अहिलेलाई मात्रै यो लोकलाई मात्रै हेर्ने छोटो दृष्टि नगर ।

धर्मको परिभाषा दिँदै भनिएको छ -

श्रूयतां धर्मसर्वस्वं श्रुत्वा चैवावधार्यताम् ।

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् । महाभारत

अर्थात् धर्मको सार सर्वस्व सुन्नुहोस् र त्यसलाई मनमा धारण (स्मरण वा नोटिसमा राख्ने काम) गर्नुहोस् । आफूलाई मन नपर्ने काम अरूलाई (शत्रुलाई पनि) नगर्नुहोस् । महाभारतको अनुशासन पर्वमा भनिएको छ । मान्छेले प्रत्येक दिन आफ्ना कामकुराको समीक्षा गरी पशु जस्ता काम कुरा बन्द गर्नुपर्दछ ।

प्रत्यहं समवेक्षेत नरश्चरितमात्मनः ।

किन्नु मे पशुभिस्तुल्यं किन्नु सत्पुरुषैरपि ॥

हरेक दिन रातमा शयन गर्दा मान्छेले आज मैले के–के गरें भनी समीक्षा गर्नु र कुनै कुरा पशुको जस्तो छ कि विचारेर सच्याउनुपर्दछ । पशुले अगाडि परेकोलाई (सामुन्नेकालाई) मात्रै हान्दछ र उसले भोलि भनेर सोच्दैन । खानेबेलामा आफ्नो आमा छोरा परिवार कसैलाई पनि दिँदैन । बढी भए फोहोर पारिदिन्छ । बलको मात्रै निसाफ गर्दछ । के मैले त्यस्तो कतैं गरें त भनेर सोची–समीक्षा गरी आफ्नो व्यवहार मान्छेको जस्तो (सार्वजनिक, सर्वका निम्ति स्वीकार्य) हुने गरी सच्याउँदै जाऔं । धर्मको परिभाषामा मनु भन्दछन् ।

श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।

एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ।

अर्थात् वेद, धर्मशास्त्र, सदाचार एवं आफ्नो आत्मालाई (अन्तरात्मालाई) प्रिय लाग्ने कुरा धर्मका लक्षणभित्र पर्दछन् । धर्म भनेको आपसी हित, समुन्नति, सुखशान्तिका निम्ति सहजीवन तथा सहअस्तित्वमा आपसमा सहयोग आदान–प्रदान गर्नका निम्ति गरिएको समझदारीपूर्ण आपसी सम्झौता नै धर्म हो । मनुस्मृति अनुसार धर्म एक–आपसमा पालना (धारणा) गर्न सकिने हुनुपर्दछ । यसको विपरीत कुरालाई अधर्म भनिन्छ ।

धारणाद्धर्ममित्याहु धर्मो धारयते प्रजाः ।

यः स्याद् धारणसंयुक्त अधर्मस्तद् विपर्ययः ॥

पाप भनेको अरूलाई झुक्याउने, फसाउने, खसाउने, पीर, ताप, डाहा छटपटी, रोग आधि (मानसिक) र शारीरिक रोग (व्याधि) लाग्ने, लगाउने, अशान्ति, हिंसा, तर्जन, उत्पीडन जस्ता कुराहरू हुन् । आफूले गरेको काम कुराबाट अरू कसैलाई त्यसो भयो भने पनि मैले पाप गरेछु भन्ने संझनुपर्दछ । स्फूर्ति, उत्साह, प्रसन्नता, समाजिक सम्मान, सज्जन, भद्र भलादमीहरूबाट कदर हुने कुरा धर्म हुन् । सदाचार, सद्विचार धर्म हो । यस्ता कुरासहितको वैदिक जीवनपद्धति (लाईफ स्टाइल) लाई कसैले स्थापित गर्न र पालन गर्न सकिने अवस्थामा पनि कुनै व्यक्तिले लोभ र मोहवश त्यसो गरेन भने त्यो महापापी ठहर्छ भन्ने वेदवेदान्तको निर्णय छ ।

यस्तु स्थापयितुं शक्तो नैव कुर्यात् विमोहितः ।

अस्माद् हन्त न पापीयान् इति वेदान्तनिर्णयः ॥ सूत संहिता ऐ २०।५५

तसर्थ वैदिक सामाजिक मर्यादाका मार्गदर्शक महर्षिहरू भन्दछन् -

मुहूर्तमपि जीवेत नरः शुक्लेन कर्मणा ।

न कल्पमपि जीवेत लोकद्वयविरोधिना ॥ अर्थात् मानिसले नराम्रो कामद्वारा कल्पान्तसम्म बाँच्नुभन्दा सुन्दर र समुज्वल सत्कार्य गरेर १ मुहूर्त (करीब ४० मिनेट) बाँच्नु उत्तम हो । यसै कारणले वैदिक जीवनचर्या गर्नेले भन्दछन् -

संसारविषवृक्षस्य द्वे फले ह्यमृतोपमे ।

कथामृतरसास्वादः सङ्गतिः सज्जनैः सह ॥

अर्थात् संसाररूपी विषवृक्षका २ वटा फल अमृतझैं छन्. १. कथारूपी अमृत पान गर्न पाउनु, २. सज्जनसँग संगत पाउनु । यस्तै सत्कार्यको प्रसङ्गमा अथर्ववेद भन्दछ -

शतहस्तः समाहर सहस्त्रहस्तः संकिर ।

कृतस्य कार्यस्य चेह स्फातिं समावह ॥ ३।२४।५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथर्ववेद)

अर्थात् तिमी शयतिरबाट जम्मा पार तर हजारतिर बाँडिदेऊ । समाजका संरक्षक, शासक, प्रशासकले मनपरि कर उठाई पदको, शक्तिको दुरूपयोग गर्ने हैन किन्तु राष्ट्रकल्याण र जनहित गर्नका लागि जनताले थाहै नपाउने गरी कर (शुल्क, तिरो) उठाउनुपर्दछ, जसरी सूर्यले धर्तीबाट कसैलाई पीडा नपारीकन पानी जम्मा गर्दछन् र यो कसैलाई थाहै हुँदैन तर त्यो जलको हजारौं गुणा बढाएर वर्षा गराइदिन समुन्द्र र खोला नदीका पानी शोषेर वर्षा गरिदिन्छन् ताकि हजारौं, लाखौं, करोडौं जनताले त्यसबाट लाभ उठाऊन् - **"सहस्त्रगुणमुत्स्रष्टुं आदत्ते हि रसं रविः"** (कालिदास)।

६. किन वेद पढने ?

६.१ **"वेदश्चक्षुः सनातनम्"** अर्थात् वेद सृष्टिदेखिका सामग्री (विश्वसम्पदाको ढुकुटी) मा ज्ञान विज्ञानका के कति कुरा छन् भनी हेर्ने आँखा नै हो। त्यही भएर हो **"वेदैः पश्यन्ति पण्डिताः"** विद्वानूहरू कतिपय प्रामाणिक कुराहरूलाई वेदद्वारा नै जाँच्ने वा कसी लाउने (प्रमाणित गर्ने) गर्दछन्। यी र यस्तै बौद्धिक तात्त्विक कुरा मूल रूपमा स्वयं नै जान्न बुझ्न, आजको युगमा पनि वेद पढ्नैः पर्दछ । यही कुराले गर्दा जर्मनी, बेलायत, अमेरिका, फ्रान्स, रुस जापान आदि कतिपय विकसित मुलुकले पनि करोडौं–अरबौं खर्च गरेर वेद पढ्न, संस्कृत पढ्न र अनुसन्धान गर्न ठूलो संख्यामा लागिपरेका छन्। उनीहरू भन्दछन् –

न जाने वर्तते किन्तद् वैशिष्ट्यमत्र संस्कृते ।
सर्वदैव समुन्मत्ता येन वैदेशिका वयम् ॥

६-२ आजको युग विज्ञानको युग भएकोले आजभन्दा करोडौं वर्ष पहिले वेदमा उल्लेख भएका कतिपय ज्ञान विज्ञानका तथ्यपूर्ण कुराको अध्ययन–अनुसन्धान गर्नका निम्ति पनि आजको युगमा वेद पढ्नै पर्ने मानिन्छ। वैदिक मान्यता अनुसार तीनै वर्णका मान्छेले कुनै स्वार्थलिप्साविना, निष्कारण नै षडङ्ग वेदोपवेद वेदाङ्गादिको अर्थसहित अध्ययन–अनुसन्धान गर्नुपर्ने विधान महर्षि कात्यायनले गरेका छन् - **"अथ च त्रैवर्णिकेन निष्कारणः षडङ्गो वेदोऽध्येयो ज्ञेयन्च ।"** अर्थात् अझै पनि ब्राह्मण, क्षत्रीय र वैश्यले विना कुनै स्वार्थ (वा लाभको आशा नगरी) वेद, वेदाङ्ग, उपवेद, उपाङ्ग आदिको अर्थसहित अध्ययन,अध्यापन र अनुसन्धान गर्नुपर्दछ। यो वैदिक संस्कृति विश्वको पहिलो संस्कृति (सम्पदाको स्रोत सँगालो) हो भनेर यजुर्वेद (७।४) ले सार्वजनिक घोषणा गर्दै भनेको छ -

"सा प्रथमा संस्कृतिर्विश्ववारा"

अर्थात् यो त्यो वैदिक संस्कृति र सभ्यताको विश्व प्रसिद्ध पहिलो संगालो हो । यसले अरू धर्म, संस्कृति र सभ्यताको तुलनात्मक अध्ययन गर्न पनि विश्वका कतिपय देशका विशिष्ट साधक विद्वान् विदुषीहरूलाई प्रेरित गरेको छ।

उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत
सर्वे ह्यस्मिन् देवता गावो गोष्ठमिवोपासते ।
तस्माद्वै विद्वान् पुरुषमेवेदं ब्रह्मेति मन्यते । अथर्ववेद ११।८।३२

अर्थात् उठ जाग । अरु वरिष्ठ विद्वानसँग गएर सोध र बुझ । सबै देवताहरू यसैमा (वेदज्ञमा) गोठमा गाईझैं बसेका छन् । त्यसैले विद्वान् पुरुषलाई नै यो ब्रह्म हो, ब्रह्ममय छ भनिन्छ।

६-३ ऋतु–विज्ञानको स्रोत

गोपथ ब्राह्मण (१।१।१०) र कौषीतकी ब्राह्मण (५।१०) अनुसार ऋतु, ऋतुका परिवर्तनशील मौसम विज्ञान अनुकूल खानपिन र व्यवहारका कुरा बुझाउन चातुर्मास्ययागको विधान भएको हो र यी यज्ञहरू औषधीमूलोका रूपमा (औषध विज्ञानका रूपमा) पनि परिगणित गरिएका छन्।–

भैषज्ययज्ञा एते यच्चातुर्मास्यानि ।
ऋतुसन्धिषु वै व्याधिर्जायते । तस्मात् ऋतुसन्धिषु प्रयुच्यन्ते यच्चातुर्मास्यानि ॥

६.४ मानवीयता

आज जसरी एक सम्पन्न मानवले अर्को विपन्न मानव जातिको देश वा धर्म, संस्कृति र सभ्यताको विनाश गर्दै शोषण तर्जनगरी उपनिवेष गराउँदै छ। त्यस्ता परपीडनका कुराको प्रतिवाद गर्दै अघि बढ्नुपर्दछ। आशा मार्नुहुँदैन । यस प्रसंगमा वाल्मीकि रामायण भन्दछ, एकदिन ता अवश्य नै आनन्दको समय पक्कै आउँछ, आशा नमार **"यति जीवन्तमानन्दो नरं वर्ष शतादपि"** (१२६।२) मानिसले नै मानिसलाई हरतरहले संरक्षण गर्दै जानुपर्दछ भनी शुक्ल यजुर्वेद २९।५१) ले उपदेश दिदै भन्दछ - **"पुमान् पुमांसं परिपातु विश्वतः"** अर्थात् मानिसले नै मानिसलाई हरतरहले

पेटका लागि मात्र कदापि धर्मको त्याग नगर। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैतिरबाट संरक्षण दिनुपर्दछ। उसको जीवनाधिकार हरण गर्नुहुँदैन। कुनै पनि देशको धर्म र संस्कृतिको बीऊ मार्नुहुँदैन। यस कुरालाई अझ अघि बढाई कठकपिष्ठल (यजुर्वेद) संहिताले भनेको छ -

"मनुष्या वै विश्वेदेवाः । मनुष्य रथेनैव देवरथमभ्यधितिष्ठति ।" (१।७।२ **कठकपिष्ठल संहिता**) अर्थात् मानिस नै सबै देवताको प्रतिनिधि हो। मनुष्य जीवनलाई नै परिस्कार गर्दै देवशरीरमा प्राप्त गराउनुपर्दछ अर्थात् मानिसले प्रगति गरेर देवतालाई पनि उछिन्नुपर्दछ। अल्छी र अनुद्यमी बन्नुहुँदैन। यही दृष्टिलाई विशेषबल दिँदै अथर्ववेद भन्दछ - **अयं मे हस्तो भगवान्। अयं मे भगवत्तरः। अयं मे विश्वभेषजम्। अयं शिवभिमर्शनः ॥** (४।१३।६) अर्थात् हामी मान्छेका हात नै भगवान् हुन्। यसैले हाम्रो भाग्य बनाउँछ। यी हाम्रा हात नै सबै कुराका औषधी (इलाज) हुन्। यी नै हातले हाम्रो कल्याणकारी (शिव) स्पर्श दिई एक–अर्कालाई सघाउनुपर्दछ।

७ आजको विज्ञानको मार्गदर्शक वेद

वेदका कतिपय मन्त्रहरूमा शय र हजारवटा खेवा (पखेटा) भएका पानी जहाजको चर्चा (वेदमा) पाइन्छ भने आकाश, पानी र धर्तीमा हिड्ने एउटै विमान छोरा भुज्यूलाई पिता तुग्र ऋषिले बनाइदिएको चर्चा ऋग्वेदमा पाइएको छ जो कि आजका वैज्ञानिक प्रगतिका निम्ति राम्रो प्रेरणा स्रोत बनेको देखिन्छ।

तुग्रो ह भुज्युमश्विनोदमेघे रयिं न कश्चिन्ममृवां अवाहाः।

तमूहथुर्नौभिरात्मन्वतीभिरन्तरिक्षप्रुद्भिरपोदकाभिः ॥ ऋग्वेद १।११६।३

यस मन्त्रमा तुग्र नामका राजर्षिले आफ्ना छोरा भुज्युलाई शत्रुमाथि विजयी बनाउन जल, स्थल र नभचारी यान्त्रिक योजना (संयोजन)द्वारा चल्ने गतिशील एवं त्यस्मा पानीभित्र नपस्ने नौका (पानी जहाज) र व्योमयानको चर्चा भएको छ भने चन्द्रमामा पृथ्वीको माटो राखिएको चर्चा यजुर्वेद (वा.सं. १।२८) ले गरेकोमा चन्द्रमामा माटो रहेछ भनी अन्तरिक्षयात्री आर्मष्ट्रङ्गले ल्याइदिएपछि हजारौं वर्षअघि नै वेदले भनेको कुरा प्रामाणिक रूपमा सिद्ध भएको देखिन्छ।

पुरा क्रूरस्य विसृपो विरप्शिन्नुदादाय पृथिवीं जीवदानुम्

यामैरँञ्चन्द्रमसि स्वधाभिस्तामु धीरासो अनुदिश्य यजन्ते प्रोक्षणी रासादय द्विषतो वधोऽसि ॥ ॥ १।२८

अर्थात् पृथ्वीको ऊर्जाशक्तियुक्त माटो चन्द्रमामा राखिएको थियो, अहिले (आजभोलि) पनि त्यो माटोको प्रतीक नयाँ (चोखी माटी) ल्याई वेदीमा राखेर यज्ञ गरिन्छ। यस्तै यस्तै वैज्ञानिक तथ्यको अर्को प्रसङ्ग पनि यजुर्वेदको मन्त्र (३।८) ले बताएको देखिन्छ जसमा पृथ्वीले दुई किसिमले घुम्ने गर्दछ जसमध्ये एक वर्षमा १ पटक सूर्यलाई र आफ्नो वृत्तमा पनि नियमित परिक्रमा गर्दछ भन्नेकुराको सङ्केत पाइन्छ।

आयङ्गौः पृश्निरक्रमीदसदन्मातरं पुरः।

पितरञ्च प्रयन्त्स्वः ॥ ३।८ शुक्ल यर्जुवेद ३।६

अर्थात् पृथ्वीले सूर्यलाई र आफ्नो केन्द्रलाई परिक्रमा गर्दछ।

अन्तमा वेदविज्ञानका यस्ता अनेकौं प्रसंग प्रशस्त छन्,ती सबै खोजी गरी आजको विज्ञानले प्रमाणित गरेर हाम्रा सामु राख्दैजानेछ भन्ने आशा गर्नु सामयिक हुन्छ भने माथिका विविध प्रसंगहरूको चर्चाले हाम्रो आजको ५२ शताब्दी अथवा ईसवीय सन्‌को २१ सौं शतकमा पनि वेदको उत्तिकै उपयोगिता छ। वेदका कतिपय पक्षको पुष्टि गर्न विज्ञानले अझै प्रगति गर्न आवश्यक छ। यसरी नै ज्ञान र विज्ञानको समन्वयनिम्ति अथवा भौतिक पक्ष र आध्यात्मिक पक्षको समन्वय गरी विश्वमानवको कल्याण, समुन्नति एवं स्थायी विश्वशान्ति कायम गर्न-गराउन वैदिक सन्देशहरू सधैं-सधैं उपयोगी थिए, छन् र हुनेछन् भन्ने निष्कर्ष प्रस्तुत चर्चाले पाएको छ। यसरी नै वैदिक शान्तिप्रार्थनासहितको योग साधना–मार्गले विश्वमानव जगत्‌लाई सदासर्वदा उपकार गर्दछ र यो सधैं उपयोगी रहनेछ भन्ने विश्वास लिँदै प्रस्तुत विचार–पत्रको यहीं बिट मार्दछु र मलाई विचार-पत्र प्रस्तुत गर्ने अवसर दिइएकोमा नेपाल महर्षि फाउण्डेशन फर वैदिक कल्चरप्रति पुनः हार्दिक साधुवाद प्रकट गर्दछु।

ओम् शान्तिः। जय वेद पुरुष। जय ऋषि महर्षि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुकुलीय शिक्षाबाट मूलधारले के सिक्ने ?

प्रा.डा. विद्यानाथ कोइराला

विकासक्रमबाट के सिक्ने ?

ऋग्वेदको अध्याय २ मा आचार्य शब्दको उल्लेख छ। तिनै आचार्यको घर कुल हो । आचार्य कुल । केटालाई छुट्टै कुल । केटीलाई छुट्टै कुल । ब्रह्मबादिनीका लागि छुट्टै कुल । सद्योवधूका लागि छुट्टै कुल । आचार सिकाउन । वेद पढाउन । यजुर्वेद (१६.२५)मा गुरुको अर्थ छ । स्थान छ । यज्ञ गर्न ।यज्ञ गराउन । सामवेदमा गुरुको महत्त्व छ । गीत तथा नाचका लय एवं ताल सिकाउन । अथर्ववेद (११.५.३) मा आचार्य तथा ऋषि (Rishi who reaches to the source of knowledge form within) कुलको चर्चा छ । तन्त्र तथा मन्त्रको सिद्धि सुनिश्चित गर्न । ब्राह्मण (ब्रह्म ज्ञान दिने ग्रन्थहरू) मा गुरुकुलको चर्चा छ (शतपथ ब्राह्मण, १४.७.३.१) । ब्रह्म चिनाउने स्थलको रूपमा । उपनिषद्मा गुरुकुलको व्यवस्था छ (छान्दोग्यपनिषद्, ...) । संवाद गर्न । ऋषिका विचारहरूको विस्तार गर्न । मण्डुकोपनिषद् तथा प्रश्नोपनिषद्मा पनि गुरुकुलको उल्लेख छ । अद्वयतारकोपनिषदको सोह्रौं श्लोकमा गुरुको परिभाषा छ अन्धकार नाशक भनेर । त्यहीँ गुरुकुल, परिषद् तथा तापस्थलीको चर्चा छ । गुरुकुल भनेको गुरुको घर हो । विशेष शिक्षा तथा दीक्षा दिने ठाउँ परिषद हो । सामान्य प्रवचन दिने ठाउँ तापस्थली हो । गुरुको गुण हो - श्रोत्रिय तथा ब्रह्मनिष्ठ (भगवत्गीता, ४.३४) हुनु ।

महाभारत कालमा गुरुकुलहरू विस्तारित भएका देखिन्छन् । प्रार्थना सिकाउन अग्निस्थान बनाएर । वेद सिकाउन ब्रह्मस्थान बनाएर । राजनीति सिकाउन विष्णुस्थान बनाएर र सैनिक शिक्षा सिकाउन महेन्द्रस्थान बनाएर । ज्योतिष सिकाउन वैवश्वत स्थान बनाएर । जीव विज्ञान सिकाउन सोमस्थान बनाएर । यातायात र संचार सिकाउन गरुडस्थान बनाएर । शान्ति सुरक्षा सिकाउन कार्तिकेय स्थान बनाएर । भारतका चन्द्रगुप्तमौर्य तथा अशोकका पालामा नालन्दा, तक्षशीला, उज्जयन तथा विक्रमशीला जस्ता विश्वविद्यालय बनाएर । यसरी हेर्दा गुरुकुलको उठान आचार्यकुलबाट भयो । सीमित शिष्यका लागि । ऋषिकुल हुँदा संवाद र विचार केन्द्र बन्न पुग्यो । विज्ञको परिसंवाद स्थल । जनस्तरको जानकारीस्थल । शिष्यहरूको पठनपाठन स्थल । गुरुकुल बन्न पुग्दा बहुविषयक बन्न गयो । ६४ कला सिकाउने (अनुसूची १) स्थल । चाणक्यको पालामा आइपुग्दा १०,००० शिष्यको पालन,तालन र शिक्षा–दीक्षा दिन सक्ने संस्था - विश्वस्तरीय विश्वविद्यालय (world class university)। कुलपतिस्थल । सरकारी अनुदान पाउने । व्यापारबाट कमाउने ।खेतीबाट कमाउने । भिक्षाटनबाट कमाउने । सेवाबाट कमाउने । शिष्य तथा गुरुले कमाउने । त्यसैले हृद्‌योपनिषद्ले लेख्यो –सम्यक व्यक्ति गुरु हो (पृ. १२५) । परमात्मा बुझेको व्यक्ति गुरु हो (कृष्ण यजुर्वेदीय ब्रह्मविद्योपनिषद्, पृ. २१४ः शुक्ल यजुर्वेदीय पैङ्गलोपनिषद्, पृ. २०७ः स्वसंवैद्योपनिषद्, पृ. ३४१)। मुकुन्दोपनिषद्को शब्दमा एकनिष्ठ व्यक्ति गुरु हो । यस्ता गुरुकुलहरूको चर्चा भविष्यपुराणमा बग्रेल्ती भेटिन्छन् ।

गुरुकुलको विकासक्रमबाट मूलधारको शिक्षाले अनेकन् ज्ञान लिन सक्छ । पहिलो ज्ञान हो - आचार्यलेझैं शिष्य स्वीकार्ने तथा तिनको खाना, नाना, छाना, ज्ञान तथा सीपको सुनिश्चित गर्ने अभियान चलाउन सकिन्छ । एकजनाले एउटा शिष्यको जिम्मा लिए पनि हुने । बहु शिष्य लिए पनि हुने । पश्चिमी अर्थमा बच्चा काख लिने (child adaptation) , व्यक्तिगत छात्रवृत्ति दिने (individual child sponsorship) तथा घरमै पढाउने (home schooling) व्यवस्थाको एकीकृत रूप । दोश्रो ज्ञान हो -शिष्यलाई शिक्षालयमै काम लगाएर आर्जन गराउने । महात्मा गान्धीको वार्धा शिक्षा जस्तो । शिष्यले अभिभावकसँग पैसा माग्न नपाउने ज्ञान । शिक्षा निःशुल्क हुने ज्ञान । जीवनोपयोगी हुने ज्ञान । व्यावसायिक र व्यावहारिक हुने ज्ञान । पश्चिमी दुनियाँको तत्स्थानमै सिक्ने ज्ञान(situated learning)। समुदायमै सिक्ने ज्ञान(peripheral learning) । कार्यथलोमै (internship) सिक्ने ज्ञान । समूहमै सिक्ने उद्यमीकरण

स्मरण राख कि जुन मनलाई संसारमा कोही चाहँदैन, उहीं मन परमात्माको निकट पुऱ्याउनमा काम लाग्छ । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(entrepreneurship)को ज्ञान । तेश्रो ज्ञान हो - गुरुले तीन काम गर्नुपर्छ । गुरुकुलको काम । परिषद्को काम । तापस्थलीको काम ।अहिलेका शिक्षकहरू त्यसमा चुकेका छौं. । चौथो ज्ञान हो कुलपति बन्नेले शिष्यको खाना, नाना, छाना, शिक्षा तथा सीपको ग्यारेण्टी गर्नुपर्छ । चाणक्यको गराइ त्यसका लागि पर्याप्त छ । पूर्व विद्यार्थीको सहयोग । वर्तमान विद्यार्थीको कमाइ । गुरुहरूको कमाइ । भिक्षाटन । व्यापारिक आय । सेवा कर आदि । यो काम गर्ने सोच नै हाम्रा नेतृत्वमा छैन । पाचौं ज्ञान हो - जीवन तथा जगत्लाई एकसाथ जोड्ने कलाको शिक्षा दिने प्रबन्ध । आचार्यकुलीय, ऋषिकुलीय, तथा गुरुकुलीय शिक्षाले जीवनको उत्पत्ति सिकायो । विलय सिकायो । विलयपछिको भुक्ति सिकायो । मुक्ति सिकायो । भगवत्गीताको शब्दमा चार पुरुषार्थ । धर्म, अर्थ, काम, मोक्ष । अहिले हामी अलमलमा छौं । कहिले मानविकी शिक्षाको कुरा गर्छौं । कहिले गरिखाने शिक्षाको । यो अलमल चिर्ने सूत्र गुरुकुलीय शिक्षामा छ । छैठौं ज्ञान हो - गुरुकुललाई नै विश्वविद्यालय बनाउन सकिन्छ । बहुविधाका विश्वविद्यालयहरू । नालन्दा जस्ता । तक्षशीला जस्ता । बहु सांस्कृतिक । बहुविषयक । सातौं ज्ञान हो - आधुनिक प्रविधि भित्र्याउँदा पनि हामी ठूला भवन बनाउने दौडमै छौं । गुरुकुलीय शिक्षाले त्यो दौड अन्त्य गर्ने तरिका सिकाएको छ । ठाउँ ठाउँमा विशेषज्ञ राख्ने । पुर्ख्यौली शब्दमा ऋषि । वेदवेदाङ्ग सिकाउनका लागि आचार्य । आध्यात्मिक ज्ञान दिन गुरु । जीविकोपार्जन निम्ति सीप तथा सहज शिक्षणका लागि उपाध्याय । उपाध्यायभन्दा अब्बल कोटिको महामहोपाध्याय । अनुकरणीय व्यक्ति (role model) बाट सिक्न देशिकोत्तम ।अहिलेका खुला विश्वविद्यालयका मेण्टर जस्ता । मनिटर जस्ता ।

गुरु तरेलीबाट के सिक्ने ?

संस्कृत शब्दकोषमा गुरु जनाउने ८ वटा प्रमुख शब्द छन् । शिक्षक ।अध्यापक । प्राध्यापक ।उपाध्याय ।महामहोपाध्याय । देशिकोत्तम । आचार्य । गुरु । शब्दकोष अनुसार शिक्षक गुरु अन्तर्गतको व्यक्ति हो । पश्चिमाको शिक्षण सहायक जस्तो । अनुसन्धान सहायक जस्तो । अध्ययन तथा प्रत्याभूति गर्ने व्यक्ति अध्यापक हो । अध्यापकभन्दा माथिल्लो तहको अध्ययन तथा प्रत्याभूति गर्ने व्यक्ति प्राध्यापक हो । सहज ढंगले विद्यार्थीलाई विषयवस्तु बुझाउने क्षमता भएको व्यक्ति उपाध्याय हो । उपाध्यायभन्दा गतिलो शिक्षण सीप भएको व्यक्ति महामहोपाध्याय हो । अनुकरणीय व्यक्ति देशिकोत्तम हो । सबै शास्त्रको जानकार व्यक्ति आचार्य हो । मोह छुटाएर ब्रह्मलीन बनाउन सक्ने व्यक्ति गुरु हो । यसको अर्थ हो– गुरुकुलका सबैखाले गुरुहरू प्रमाणपत्रधारी हैनन् । डिभिजनधारी पनि हैनन् । ज्ञानधारी हुन । यो तरेलीबाट मूलधारले सिक्ने कुरा हो -योग्यतामा शिक्षक वर्गीकरण गर्नुहुदैन । क्षमतामा गर्नुपर्छ । हामी योग्यताको कुरा गरिरहेछौं । त्यो गलत बुद्धि हो ।

शिष्यका गुणबाट के सिक्ने ?

वेद, वेदाङ्गी पुर्खाले शिष्यका अनेकन् गुणको अपेक्षा गरे । स्मृतिको शब्दमा कागको चेष्टा । बकुल्लाको ध्यान । कुकुरको निद्रा । थोरै खाने । घर छोड्ने । उपनिषद् तथा पुराणले खोजे -समर्पित । सत्यवादी । मह नखाने । मासु नखाने । अत्तर नदल्ने । तेल नलगाउने । दिनमा नसुत्ने । घटिया कुरा नगर्ने । ब्रह्मचर्यमा रहने । शुक्ल यजुर्वेद अनुसार जुन जातजातिको भए पनि हुने । **"यथेमां वाचं कल्याणीमावदानी जनेभ्यः ब्रह्मराजान्याभ्यां शूद्राय चार्याच च स्वाय चरणाय च"**। गुरुकुलीय शिष्यका यी गुणबाट सिक्ने कुरा हो - सत्पात्रले मात्र शिक्षा पाउनुपर्छ । सत्पात्र जुन जातका पनि हुन सक्छन् । जुन जातिका पनि हुन सक्छन। जुन धर्मका पनि हुन सक्छन् । राक्षस कुलका प्रह्लादको नवधाभक्तिको शिक्षाले त्यही कुरा भन्छ । यसको अर्थ हो -गुरुकुलले गुणवत्ता समात्यो । पश्चिमी दुनियाँको शब्दमा 'मेरिटोक्रयासी' । अर्थात् कुपात्रमा दिएको शिक्षाले विषाद् निम्त्याउँछ भन्ने विश्वास लियो । उच्च शिक्षा सक्नेलाई दिने भन्ने हाम्रो बुद्धि त्यही कुराको निरन्तरता हो । स्वस्थानीका भष्मासुरका कथाले त्यही कुरा संकेत गर्छ । वरदातालाई नै मार्न खोजेको कथाले । अर्थात गुरुकुलीय शिक्षाको आँखाले हेर्दा सबैलाई कस्तो शिक्षा अनि कसैलाई कस्तो शिक्षा दिने भनी सोच्न वाध्य गराउँछ । प्रतिभा खोजेर पढाउने बुढानीलकण्ठ स्कूलको तरीका संम्झाउँछ । पालिकाहरूले बहुजाती, बहुजात, बहुधर्मका प्रतिभा खोजेर तिनलाई विशेष शिक्षा दिनुपर्छ भन्नेकुरामा जोड दिन्छ ।कस्लाई धर्मको शिक्षा । कस्लाई अर्थको शिक्षा । कस्लाई कामको शिक्षा । कस्लाई मोक्षको शिक्षा । कस्लाई चारवटै शिक्षा भन्नेकुराको उत्तर खोज्छ । प्रा. शिवराज कौण्डिन्यायनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यावरधनोपायको सोचजस्तो ।

शिक्षाको गुणस्तरीय खाका बनाउने विश्वव्यापी चलन छ। नेपालले पनि त्यस्तो खाका बनाएको छ। तर त्यसलाई कार्यान्वयनमा ल्याएको छैन। गुरुकुलीय बुँद्धिले त्यो खाका तुरुन्तै लागू गर्नुपर्ने सन्देश दिन्छ। उपयुक्त शिष्य पहिल्याउन। तदनुसारको शिक्षादीक्षा दिन। त्यस्तै आवासीय विद्यालयहरू चाहिन्छन् भन्ने पनि सन्देश दिन्छ । घर छोडेकालाई पढाउन । गरीबले पनि विना लगानी पढ्न पाउने व्यवस्था गर्न । सात्त्विक खानाबाट निवृत्तिमार्गी बन्न । प्रवृत्तिमार्गी बन्दा हुने हिंसात्मक मनोवृत्तिलाई निष्तेज गर्न। स्वनिर्देशित शिष्य बन्न। योगाभ्यासले। गुरु आदेशले। प्रत्याभूतिले।

शिक्षण विधिबाट के सिक्ने ?

"आचार्यात् पादमादत्ते पादमेकं स्वमेधया ।

पादं सब्रह्मचारिभ्यः पादं कालेन पच्यते" ।

आपस्तम्बधर्मसूत्रहरिदत्तव्याख्यान (१.२.४.२९)का यी वाक्यहरूले भन्छन् - पढाइका चार चरण हुन्छन् । पहिलो चरणको ज्ञान शिक्षकले दिन्छन् ।पुर्ख्यौली शब्दमा गुरुमुखको सिकाइ भनेको त्यही हो । दोश्रो चरणको ज्ञान शिष्यको प्रत्याभूतिले प्राप्त हुन्छ। तेश्रो चरणको ज्ञान साथी तथा शिक्षकसँगको संवादले आर्जन हुन्छ। चौथो चरणको ज्ञानचाहिँ समयले ल्याउँछ।

नीति वाक्यले श्रवण, मनन तथा निदिध्यासनलाई गुरुकुलीय शिक्षण विधि मान्यो। पहिलो सुन्ने हो। दोश्रो गुन्ने हो। तेश्रो गरेर हेर्ने हो। अर्थात् सुन्ने र गुन्ने। भोग्ने र भन्ने। हेर्ने र सिक्ने। प्रश्नोत्तर गर्ने। योगसूत्रले चाहिँ घोकाइले योग बढ्छ भन्यो। त्यसको शब्दमा सन्धे र तिरुवेको सम्बन्ध हुन्छ भन्यो। देवनागरीका चार वाक्हरूको चिन्तन त्यहीं जोडिन्छ। परावाक्। पश्यन्तीवाक्। मध्यमावाक्। बैखरीवाक्। परब्रह्म जोड्ने काम परावाक्ले गर्छ। मुटुबाट निस्कने पश्यन्तीवाक्ले बहत्तर हजार नाडीलाई एकैसाथ झंकारित गर्दछ। मध्यमा वाक मन्त्रको बोली हो। यसले मनलाई ब्रह्मसँग जोड्छ। बैखरी वाक्ले शरीरको उर्जा केन्द्रलाई ब्रह्म उर्जासँग जोड्छ। जस्तो 'अ' उच्चारण गर्दा निधारको उर्जा चलायमान हुन्छ। अं उच्चारण गर्दा मूर्धन्यस्थानको उर्जा तरंगित हुन्छ। अर्थात् ब्रह्मउर्जासँग हर देवनागरी अक्षरको सम्बन्ध छ । यसैले योगसूत्रले घोकाइलाई जोड दियो । नजानेर हैन । शरीरको उर्जालाई ब्रह्मउर्जासँग रिचार्ज गराउन । पश्चिमा तथा कम्प्राइडोर नेपाली विद् (रासायनिक विद्) हरूले नजानेको बुद्धि। प्रांगारिक वा रैथाने विद् (organic intellectuals) हरूले नभनिदिएको बुद्धि।

गुरुकुलीय शिक्षण विधिले पश्चिमाको विधिमा के नयाँ छ त भनी खोजायो । गुरुकुलीय विधिमा के जोड्ने त भनी प्रश्न गऱ्यो । यसको अनुशीलनले भन्यो कि शिक्षण विधि उस्तै रहेछन् । शब्दान्तर रहेछ । घोक्ने विधिलाई उनीहरूले घटिया मानेछन् । त्यहाँ हाम्रो चिन्तन ब्रह्म उर्जाको आर्जन थियो । शरीर उर्जा 'चार्ज' गर्ने ज्ञान थियो । पश्चिमा तथा रासायनिक विद्ले त्यो बुझेनन्। आचार्य अनुकरण विधि हो। अवलोकन त्यहीं छ। भिक्षाटनले त्यो कुरा दिन्छ।अनुभवीय सिकाइ पनि त्यहीं हुन्छ । यसरी हेर्दा शब्दान्तर गरे पनि भाव त्यही हो । छोटो भाषणले गुरुमुख । प्रश्नोत्तर र संवाद त्यस्तै हुन् । यसको अर्थ हो- पश्चिमा शिक्षण विधिहरू हामीसँग पनि रहेछन् । हामीले भनेनछौं । तुलना गरेनछौं । तिनले भन्न जानेछन् -संज्ञानात्मक (cognitive) विधि यी-यी हुन् । भावात्मक(affective) विधि यी-यी हुन् । भाव, ज्ञान तथा हात जोड्ने (psycho-motor) विधि यी यी हुन । हामीले त्यसरी भनेनछौं । भन्न जानेनछौं । यसबाट मूलधारले सिक्ने कुरा हो - गुरुकुलीय शिक्षण विधिहरूमा पनि पश्चिमाको जत्तिकै तागत छ। त्यो तागतले वेदहरूले कुन-कुन विधि प्रयोग गरे भन्ने जानकारी खोज्छ। वेदाङ्गले कुन-कुन विधि ? उपनिषद्ले कुन–कुन विधि ? पुराण तथा स्मृतिले कुन कुन विधि ? यस्ता कुराहरूको जानकारीले मूलधारले रैथाने विधिहरू पाउँछ। सिक्ने सिकाउने दुवैलाई सहज हुन्छ।

विषयवस्तुबाट के सिक्ने ?

गुरुकुलले के पढाउँछ ? सामान्य जानकारी हो - कर्मकाण्ड । आचार्यकुल, ऋषिकुल, देवकुल, आर्षकुल तथा गुरुकुलको अनुशीलनले भन्छ -गुरुकुलमा चारै वेद तथा वेदाङ्गको पढाइ हुन्छ। ६४ कलाको पढाइ हुन्छ (अनुसूचि १) । धर्म, अर्थ, काम, तथा मोक्षको पढाइ हुन्छ। चारै पुरुषार्थको पढाइ। मनुस्मृतिको शब्दमा बसुको पढाइ । रुद्रको पढाइ । आदित्यको पढाइ । २४ वर्षको उमेरसम्म पढनेहरू बसु हुन् । ३६ वर्षसम्म पढ्नेहरू रुद्र हुन् । ४८ वर्षसम्म पढ्नेहरू आदित्य हुन् । ब्रह्मवादिनीको पढाइ हुन्छ । सद्योवधूको पढाइ हुन्छ । अर्थात् विभिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्तहरूको पढाइ हुन्छ । वैदिक ग्रन्थहरूको पढाइ हुन्छ । सामाजिक तथा नैतिक मूल्यमान्यताहरूको पढाइ हुन्छ। धर्म र कल्याणको पढाइ हुन्छ। उपनयन (व्रतबन्ध) पछि पढाइ शुरु हुन्छ । समाप्तवर्तनपछि औपचारिक पढाइ सकिन्छ । अनौपचारिक विषयवस्तुको पढाइचाहिँ शिष्यको समय र विषयले खोज्ने समयबीच संझौता गर्नुपर्ने हुन्छ। २-४ दिनका।केही महिनाका। केही वर्षका। जे होस् –गुरुकुलले सिकाउने भनेको विविध विषयगत ज्ञान हो । जीवन जिउने सीप हो । एकसाथ समाज तथा ब्रह्ममुखी हुने प्रवृत्ति हो । जहाँ पनि अनुकूलित हुन सक्ने क्षमता हो। आधुनिक पाठयक्रमको खाकाले त्यही कुरा खोज्छ। गुणस्तरको खाकाले त्यही कुरा खोज्छ। फरक प्रस्तुतिमा हो। यसको अर्थ हो - मूलधारले गुरुकुलीय पाठ्यक्रमलाई गुणस्तरको खाकामा मिलाउनुपर्छ। पाठ्यक्रमको खाकामा मिलाउनुपर्छ । औपचारिक पढाइमा विविध विषय दिनुपर्छ। ६४ कला जस्ता। शिष्यको समय उपलब्धता अनुसार पठनपाठन गर्ने प्रबन्ध मिलाउनुपर्छ। फराकिलो (broad based curriculum) तथा विशिष्टीकरणका (specialized or tracking curriculum) धार भन्ने लडाइँलाई अन्त्य गर्नुपर्छ। गुरुकुल शिक्षाका चिन्तनले त्यही सन्देश दिन्छ। धारका लडाइ छोडौं। विषय छान्न दिऔं। पढ्नेहरूको समय-अनुकूलको विषय-शिक्षण गर्ने गुरुकुलीय चिन्तन अपनाऔं। लामा अवधिका। छोटा अवधिका।

दीक्षान्त कार्यक्रमबाट के सिक्ने ?

समावर्तन भनेको गुरुकुलको दीक्षान्त कार्यक्रम हो। विषय–शिक्षकको कार्यक्रम। कार्यक्रममा तीनवटा कुरामा ध्यान दिइन्छ। आर्जित शिक्षाले घर कसरी चलाउने ? समाजसेवा कसरी गर्ने ? ब्रह्म-चिन्तक बन्दै कसरी मानवसेवी बन्ने ?यो प्रक्रियाले मूलधारलाई दीक्षान्त कार्यक्रम शिक्षकले नै गर्नुपर्छ भन्यो। दीक्षान्तमा भनिने कुराको लागि शिष्य तयार पार्ने काम पनि शिक्षककै हो भन्यो। अहिले गरिने देखौवा दीक्षान्तको गेडो फेर्नुपर्छ भन्यो। निराशा बाड्ने दीक्षान्त समारोहका विज्ञलाई चड्कन दियो। अन्यौलमै दीक्षान्त समारोहमा जाने विद्यार्थीलाई माथिका तीन कुरामा तिमी सक्षम छौ त भनी प्रश्न गऱ्यो। आपस्तंब धर्मसूत्र (१.१.१४)अनुसार बरु गुरु फेर भन्यो। आचार्य फेर भन्यो। जे गरे पनि आफूमा माथिका तीन कुरा सुनिश्चित गर भन्यो।

चाणक्यको शिक्षासम्बन्धी दृष्टिकोणले पनि त्यही कुराको संकेत गर्छ (अनुसूची २)।

गुरु-शिष्य परम्पराबाट के सिक्ने ?

अद्वैत वेदान्तीले श्रोत्रिय तथा ब्रह्मनिष्ठलाई गुरु माने। शक्तिपतले वंश बाहिरका तथा शुद्ध चेतनावालालाई गुरु भने। भक्तियोगले समर्पित र दीक्षायोग्यलाई गुरु ठाने। प्रपत्तिले अहं विनाको, निष्पाप, भगवान्‌मा समर्पित र शिष्यमा प्रेमभाव भएको व्यक्तिलाई गुरु भने। गुरु शिष्यको गुरुकुलीय शिक्षाले सन्देश दियो कि सबै शिक्षक गुरु हैनौ। गुरु हुन लायक पनि छैनौ। तर गुरु हौं भन्ने गर्व बोकेका छौं। बोकाएका छौं। यसको अर्थ हो- गुरु-शिष्य परम्पराबाट मूलधारको शिक्षाले गुरु छान्ने गतिलो आधार बनाउनुपर्छ। पश्चिमी शब्दावलीमा ज्ञानमा अब्बल। सीपमा अब्बल। गुरु हुन् योग्य प्रवृत्ति। सिद्धान्तलाई व्यवहार तथा व्यवहारलाई सिद्धान्तमा बदल्ने तागत। त्यसमा पनि गुरु-शिष्य परम्पराले भन्यो- गुरु हुन लायक प्रवृत्ति। प्रपत्तिले भनेझैं अहंविनाको। भक्तियोगले भनेझैं पेशाप्रति समर्पित। शक्तिपतले भनेझैं वंश बाहिरको।

सम्मान गर्ने तरिकाबाट के सिक्ने ?

गुरुकुलीय शिक्षाले गुरुसम्मानका लागि थरिथरिका गोष्ठीको चिन्तन दियो। विद्याका पारखीको सम्मानका लागि विद्या गोष्ठी। यस्ता गोष्ठीमा जित्नेहरू सम्मानयोग्य हुन्। वन्दनीय हुन्। विद्या भनेको अध्यात्म ज्ञान हो। परा ज्ञान। अविद्या भनेको भौतिक ज्ञान हो। अपरा ज्ञान। त्यस्तै कविलाई सम्मान गर्न काव्य गोष्ठीको प्रबन्ध गऱ्यो। दार्शनिकलाई सम्मान गर्न प्रमाण-गोष्ठीको चिन्तन ल्यायो। वीरताको सम्मान गर्न वीरगोष्ठीको सोच दियो। सन्यासीलाई सम्मान गर्न ब्रह्म-गोष्ठीको व्यवस्था गऱ्यो। यी र यस्ता गोष्ठीमा अब्बल ठहरिएकाहरूमात्र सम्मानयोग्य मान्ने प्रबन्ध गऱ्यो। डा. गणेशमान गुरुङको शब्दमा कोट तथा कोटाका व्यक्तिलाई सम्मानित गर्ने मूलधारको शिक्षालाई गुरुकुलीय व्यवस्थाले अनेकन् सोच दियो। गोष्ठीहरूमा आफनो क्षमता प्रदर्शन गर्ने शिक्षकको तैयारी। कोट र कोटामा अभ्यस्त राजनीतिक दलहरूलाई चुनौती। त्यस्तै प्रबन्धका लागि सूत्र खोज्नेहरूलाई अट्टहास। परिहास। सम्मान भएन भन्ने शिक्षक तथा कर्मचारीहरूलाई तागत देखाउने ठाउँ खोज भन्ने विकल्प। प्रणाली बनाउनुपर्छ भन्नेहरूलाई पारदर्शी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रबन्ध । गोप्य अंक राख्नेहरूलाई खिल्ली । पारदर्शिताको वकालत गर्नेहरूलाई उपाय । खेलको जस्तो । नाचको जस्तो । अर्थात् सबैखाले सम्मानका पारदर्शी व्यवस्थापन । मूलधारले सिक्नुपर्ने कुरा त्यही हो ।

पढाउने ठाउँबाट के सिक्ने ?

शुरुका गुरुकुलहरू घरमै थिए । छान्दोग्यपनिषद् त्यसै भन्छ । बौद्धायन धर्मसूत्र त्यसै भन्छ । क्रमशः तिनले नदी किनारामा कुलहरू बनाए । जंगलमा बनाए । चौतारामा बनाए । योगसूत्र त्यसै भन्छ । किन त्यसो गरे ? आचार्य, ऋषि तथा गुरुले बुझे कि ब्रह्म उर्जा त्यहीं बढी हुन्छ। ध्यान त्यहीँ लाग्छ। बनेका घर पनि गुम्मज। प्यागोडा। कुशाशनको बसाइ। रुद्राक्षको माला लगाइ। यी सबै कुराको एउटै अर्थ थियो- पठनपाठनलाई शान्तस्थल चाहिन्छ । एकाग्रताका लागि । ब्रह्म-उर्जा आर्जन गर्नका लागि । बस्तीदेखि टाढा बने बनाइएको विद्यालय त्यही प्रयोजनको लागि हो । गुरुकुलको अर्थमा भन्ने हो भने पढाउने ठाउँका लागि बढी खर्चिनु बेकार छ । आधुनिक प्रविधिले पनि विद्यालय तथा कलेज भवन साना भए पुग्ने कुरा इंगित गरिसकेको छ । पाम टपमा पढाइ हुने र एकाध शिक्षकले विश्वभर पढाउन सक्ने आधुनिक प्रविधिले त्यही भन्छ। हाइकिङ्ग, फिल्डट्रिप तथा समाज-अध्ययन कार्यले गुरुकुलकै सम्झना गराउँछ । विस्तारै बढ्न थालेको अनिवार्य योगाभ्यासका संस्कृतिले त्यसै भन्छ। सांस्कृतिक पुनरुत्थान तथा पहिचानको भोकले त्यतै लाँदै छ । अर्थात् मूलधारको गन्तव्यस्थल गुरुकुलतर्फ लाग्दै छ । त्यतिबेलाको गुरुकुल संस्कृति थियो । अहिले महसूस गराइ भएको छ।

मूल्यांकनबाट के सिक्ने ?

"भेडो बेच । नून किन । त्यही भेडालाई बोकाएर ल्याऊ" । व्यावहारिक मूल्यांकनको एउटा नमूना हो गुरुकुलको । उद्दोलकले लिएको उपमन्यूको परीक्षा अर्को नमूना हो । ऋषि सान्दीपनीले पाएको गुरुगद्दी तेश्रो नमूना हो । यस्ता अनेकन् नमूना छन् गुरुकुलका । ती नमूनाले भन्छन् -गुरुकुलले तथ्यगत प्रश्न सोधेन । व्यवहारगत प्रश्न सोध्यो । आचरणगत शुद्धता खोज्यो । त्यसैले गुरुकुलका गुरुले परीक्षामा चोराएनन्। शिष्यले पनि चोरेनन्। पश्चिमाको जस्तो चोरी रोक्ने तरीका अपनाउनु पनि परेन । सैद्धान्तिक तथा व्यावहारिक प्रश्नको रडाको पनि उठेन । नपढेको वा नपढाएको प्रश्न आयो भन्ने गुनासो पनि कतै रहेन । अर्थात् गुरुहरूले ज्ञान दिए । त्यो ज्ञानलाई व्यवहारमा मूल्यांकन गरे । मन्त्र दिए। शिष्यको जीवनमा त्यसले के फरक पार्‍यो भनी हेरे । सीप दिए। गरिखायो कि खाएन भनी हेरे। ब्रह्म ज्ञान दिए । आफूभन्दा असल भयो कि भएन भनी हेरे । यसको अर्थ हो -मूलधारको शिक्षाले गुरुकुलबाट धेरै कुरा सिक्न सक्छ । प्रश्न सोध्न । दार्शनिक प्रश्न । यक्ष प्रश्न । व्यावहारिक प्रश्न । व्यावसायिक प्रश्न । यी र यस्ता प्रश्नले शिष्य स्वतः मुमुक्षु हुन्छ । अन्विसिकी हुन्छ । व्यावहारिक हुन्छ। शिक्षार्थीको अनुगमन गर्न सक्छ। आधुनिक शब्दमा पछि लाग्ने (tracking) ।

मेण्टोरिङ्ग र अनुगमनबाट के सिक्ने ?

प्रत्येक शिष्य कुन तहमा छ ? उस्को के कस्तो शैक्षिक स्तर छ ? कसो गर्दा उस्ले आफ्नो क्षमता प्रस्फुटन गर्न सक्छ ? यी र यस्ता प्रश्नहरू गुरुका दैनिक चासोका विषय हुन् । यस अर्थमा मेण्टोरिङ्ग। गुरुहरू आफू भने स्वयं नै अनुगमित हुन्छन्। यस अर्थमा स्वानुगमित । यी दुई तरीकाले भन्छन् - गुरुहरू पेशानिष्ठ हुन् । स्वउत्प्रेरित । स्वानुशासित । मुलधारको शिक्षामा यसको खडेरी छ। अपवाद केही छन्। त्यसैले त्यहाँ विद्यार्थी मेण्टोरिङ्गको कुरा हुन्छ । शिक्षक उत्प्ररणाको कुरा हुन्छ । यी दुवै कुराले भन्छन् -शिक्षकलाई मेण्टोरिङ्ग तथा अनुगमनका लागि गुरुकुलका गुरुझैं स्वचालित बन्न बनाउन के गर्ने ? छनौटमा ध्यान दिने कि ? तिनको उद्देश्यमा ध्यान दिने कि ? तिनीहरू प्रवृत्तिमार्गी हुन् कि निवृत्तिमार्गी हुन् भनी खोज्ने कि ? मार्गीपना अनुसार काम लगाउने कि ? नीति वाक्यमा भनेझैं लोभीलाई धन दिने कि ? पण्डित प्रवृत्तिका रहेछन् भने तिनलाई तत्त्वार्थ वा प्राज्ञिक संवादमा संलग्न गराउने कि ? यी र यस्ता विकल्पहरू गुरुकुलकोमेण्टोरिङ्ग तथा अनुगमनबाट मूलधारले सिक्नुपर्छ ।

निचोड

माथिको प्रस्तुतिले गुरुकुल शिक्षा नै सर्वौषधि हो भन्ने भनक दिन्छ। त्यसरी स्वीकार्नु अतिशयोक्ति हुन्छ। सिकाइका चार पाउमा समयले सिकाउने कुरो पनि छ। अर्थात् आधुनिक मान्यता तथा प्रविधिले गुरुकुलको फेरबदल पनि खोज्छ। कडा अनुशासनको निरन्तरता दिने कि संझौताजन्य अनुशासनको शुरुवात गर्ने ? गुरुमै समर्पित हुने कि गुगल गुरुको चिन्तनसँग गुरुमुख गर्ने परंपराको थालनी गर्ने ? एकल सत्यमा विश्वास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने कि बहुसत्य पनि स्वीकार गर्ने? संज्ञानवादीको मान्यताकै अंगिकार गर्ने कि सामाजिक तथा संज्ञानात्मक निर्माण तथा विनिर्माणवादीका चिन्तनको उपयोग गर्ने ? गुरु सत्य भन्ने कि गुरु दृष्टिकोण भन्ने? तरेली सत्यहरूको पहिचानबाट आफ्नो सत्य बनाउने कि गुरु सत्यकै निरन्तरता दिने ? पौरत्स्य चिन्तनमै रमाउने कि पाश्चात्य र पौरत्स्य चिन्तनबीचको मिलन तथा बिछोड बिन्दुको खोजी गर्ने ? ज्ञानगत खोजी । विज्ञानगत खोजी । विलयानन्द खोजी । भोगानन्द खोजी । सन्तुलनानन्द खोजी ।

आभारः पूर्व मन्त्री दीपक बास्कोटाले नजानेको विषयमा कलम चलाउन अह्राउनुभयो । यो अह्राइले पूर्खाको ज्ञानमा घोत्लिन् पाएँ। प्रा.डा. गोविन्दशरण उपाध्यायले मैले जान्ने तथा नजान्ने पाठ्यसामग्री दिनुभयो । थप कुरा सिक्न पाएँ । प्रा. डा. आमोदवर्धन कौण्डिन्यायनले मूलग्रन्थमा जोड्ने कडी दिनुभयो । गुगल गुरुबाट गुरुकुलबारे अनेकन दृष्टिकोण पाएं । सबैमा एकमुष्ठ आभार व्यक्त गर्छु ।

अल्पविद्या भयंकरी हुन सक्छ। क्षमाप्रार्थी छु।

अनुसूची १

गुरुकुलमा पढाइ हुने विषयहरू

Geet vidya: singing.
Vadya vidya: playing on musical instruments.
Nritya vidya: dancing.
Natya vidya: theatricals.
alekhya vidya: painting.
viseshakacchedya vidya: painting the face and body with color
tandula-kusuma-bali-vikara: preparing offerings from rice and flowers.
pushpastarana: making a covering of flowers for a bed.
dasana-vasananga-raga: applying preparations for cleansing the teeth, cloths and painting the body.
mani-bhumika-karma: making the groundwork of jewels.
sayya-racana: covering the bed.
udaka vadya: playing on music in water.
udaka-ghata: splashing with water.
citra-yoga: practically applying an admixture of colors.
malya-grathana-vikalpa: designing a preparation of wreaths.
sekharapida-yojana: practically setting the coronet on the head.
nepathya-yoga: practically dressing in the tiring room.
karnapatra-bhanga: decorating the tragus of the ear.
sugandha-yukti: practical application of aromatics.
bhushana-yojana: applying or setting ornaments.
aindra-jala: juggling.
kaucumara: a kind of art.
hasta-laghava: sleight of hand.
citra-sakapupa-bhakshya-vikara-kriya: preparing varieties of delicious food.
panaka-rasa-ragasava-yojana: practically preparing palatable drinks and tinging draughts with red color.
suci-vaya-karma: needleworks and weaving.

 व्यवहार चलाउनका लागि पूरा मन फसाउनुपर्ने अवश्यकता पर्दैन।
-जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

sutra-krida: playing with thread.
vina-damuraka-vadya: playing on lute and small drum.
prahelika: making and solving riddles.
durvacaka-yoga: practicing language difficult to be answered by others.
pustaka-vacana: reciting books.
natikakhyayika-darsana: enacting short plays and anecdotes.
kavya-samasya-purana: solving enigmatic verses.
pattika-vetra-bana-vikalpa: designing preparation of shield, cane and arrows.
tarku-karma: spinning by spindle.
takshana: carpentry.
vastu-vidya: engineering.
raupya-ratna-pariksha: testing silver and jewels.
dhatu-vada: metallurgy.
mani-raga jnana: tinging jewels.
akara jnana: mineralogy.
vrikshayur-veda-yoga: practicing medicine or medical treatment, by herbs.
mesha-kukkuta-lavaka-yuddha-vidhi: knowing the mode of fighting of lambs, cocks and birds.
suka-sarika-prapalana (pralapana): maintaining or knowing conversation between male and female cockatoos.
utsadana: healing or cleaning a person with perfumes.
kesa-marjana-kausala: combing hair.
akshara-mushtika-kathana: talking with fingers.
dharana-matrika: the use of amulets.
desa-bhasha-jnana: knowing provincial dialects.
nirmiti-jnana: knowing prediction by heavenly voice
yantra-matrika: mechanics.
mlecchita-kutarka-vikalpa: fabricating barbarous or foreign sophistry.
samvacya: conversation.
manasi kavya-kriya: composing verse mentally.
kriya-vikalpa: designing a literary work or a medical remedy.
chalitaka-yoga: practicing as a builder of shrines called after him.
abhidhana-kosha-cchando-jnana: the use of lexicography and meters.
vastra-gopana: concealment of cloths.
dyuta-visesha: knowing specific gambling.
akarsha-krida: playing with dice or magnet.
balaka-kridanaka: using children's toys.
vainayiki vidya: enfO{rcing discipline.
vaijayiki vidya: gaining victory.
vaitaliki vidya: awakening master with music at dawn.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची २

चाणक्यको शिक्षा

Books are as useful to a stupid person as a mirror is useful to a blind person.

Education is the best friend. An educated person is respected everywhere. Education beats the beauty and the youth.

He who is overly attached to his family members experiences fear and sorrow, for the root of all grief is attachment. Thus one should discard attachment to be happy.

A man is born alone and dies alone; and he experiences the good and bad consequences of his karma alone; and he goes alone to hell or the Supreme abode.

Do not be very upright in your dealings for you would see by going to the forest that straight trees are cut down while crooked ones are left standing.

The wise man should restrain his senses like the crane and accomplish his purpose with due knowledge of his place, time and ability.

Purity of speech,of the mind,of the senses, and of a compassionate heart are needed by one who desires to rise to the divine platform.

He who lives in our mind is near though he may actually be far away;but he who is not in our heart is far though he may really be nearby.

The happiness and peace attained by those satisfied by the nectar of spiritual tranquillity is not attained by greedy persons restlessly moving here and there.

There is some self-interest behind every friendship. There is no friendship without self-interests. This is a bitter truth.

The fragrance of flowers spreads only in the direction of the wind. But the goodness of a person spreads in all direction.

The earth is supported by the power of truth;it is the power of truth that makes the sun shine andthe winds blow; indeed all things rest upon truth.

The biggest guru-mantra is: never share your secrets with anybody. It will destroy you.

Purity of speech, of the mind, of the senses, and of a compassionate heart are needed by one who desires to rise to the divine platform.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वीय वैदिक मूल्यको पश्चिमी समाजमा परेको प्रभाव

प्रा.डा.कृष्णचन्द्र शर्मा

वेदको अर्थ र स्वरूप

पूर्वले पश्चिमलाई संस्कृत भाषामा रहेको ज्ञान भण्डार वेद र वैदिक साहित्यले सबैभन्दा बढी प्रभावित गऱ्यो। पश्चिममा खासगरी जर्मनी, फ्रास र बेलायतमा वेद र वैदिक साहित्य अध्ययनको लामो परम्परा विकास भएको पाइन्छ। अब बुझ्नुपर्ने कुरा किन वेद र वैदिक साहित्यलाई यति धेरै महत्त्व दिए ! यो कुरा बुझ्न वेद के हो? त्यस विषयमा चर्चा गरौं।

वेद संस्कृत भाषामा लेखिएको विश्वमा उपलब्ध वाङ्मयमा सबैभन्दा प्राचीनतम वाङ्मय हो। वेद शब्द विद् धातुबाट बनेको हो, यसको अर्थ ज्ञान या विद्या भन्ने हुन्छ (पाणिनीयधातुपाठ,१०६४)। पराशर ऋषि र सत्यवतीका पुत्र कृष्ण द्वैपायनले एकात्मक रूप रहेको वेदलाई चार भागमा बाँडे र उनको नाम वेदलाई व्यास भनेको विस्तार गरेको व्यक्ति भन्ने अर्थमा वेदव्यास रहन गयो भनिन्छ। उनले चार वेद चार शिष्यलाई सिकाए। ऋग्वेद पैललाई, यजुर्वेद वैशम्पायनलाई, सामवेद जैमिनिलाई र अथर्ववेद सुमन्तुलाई पढाएर र जिम्मा लगाए। त्यसपछि यी चारजनाले गुरूपरम्परामार्फत् वेदको श्रुतिपरम्परा अघि बढाए र वेद उही रूपमा सुरक्षित रहन सक्यो। स्वरूपका दृष्टिले पद्य मन्त्रहरू ऋक् तिनको सङ्कलन गरिएको ग्रन्थ ऋक्वेद या ऋक्संहिता, गद्य मन्त्र यजुष्, सङ्कलित ग्रन्थ यजुर्वेद या यजुर्वेदसंहिता,गेयात्मक मन्त्र साम तीनको सङ्कलित ग्रन्थ सामवेद या सामवेदसंहिता,शान्तिक र पौष्टिक विषयका धेरै जसो पद्यात्मक र कतिपय गद्यात्मक मन्त्रहरू सङ्ग्रह भएको अथर्ववेद या अथर्ववेदसंहिता गरी वेदहरू चार रहेको छ। यज्ञका दृष्टिले होता नाम गरेका ऋत्विक्ले पढ्ने ऋग्वेद, अध्वर्यु नामक ऋत्विक्ले पढ्ने मन्त्र यजुर्वेद, उद् गाता नामक ऋत्विक्ले पढ्ने मन्त्र सामवेद र ब्रह्मा नामक ऋत्विक्ले पढ्ने मन्त्र अथर्ववेद। वेदका दुई भाग छन्:- मन्त्र र ब्राह्मण। वेद मन्त्रहरूको सङ्कलनलाई संहिता भनिन्छ। वेदका मन्त्रहरूको व्याख्या गरिएका ग्रन्थलाई ब्राह्मण ग्रन्थ भनिन्छ। खासगरी कुन यज्ञसित कुन मन्त्र सम्बन्धित छन् भन्नेकुरा यिनी ग्रन्थले खुलाउँछन्।(रेग्मी २०७३,१; प्रपन्नाचार्य २०७३,१–३) वेद भन्नाले संहिताग्रन्थ र ब्राह्मणग्रन्थ दुवैलाई बुझिन्छ **मन्त्रब्राह्मणयोर्वेद नामधेयम्,** (आपस्तम्भश्रोतसूत्रम्२४.१.३१)। आरण्यक र उपनिषद् ब्राह्मण ग्रन्थकै हिस्सा हुन् तापनि साहित्यिक दृष्टिले वेदलाई चार भागमा छुट्याइन्छ: संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्। कति विद्वानूले ब्राह्मणभागलाई कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन भागमा बाँडेका छन्। कर्मकाण्ड सम्बन्धित भाग ब्राह्मण, उपासना सम्बन्धित भाग आरण्यक र ज्ञान प्रतिपादन गर्ने भाग उपनिषद् भनेका छन् (पारसनाथ द्विवेदी,पृ.५)

वेदलाई सुनेरमात्र भन्ने र पढ्ने, गुरुले उच्चारण गरेपछि मात्र शिष्यले उच्चारण गर्ने परम्परामा अडेको व्यवस्था भएकाले यसलाई श्रुति भनिएको हो। यस परम्पराले गर्दा यसको उच्चारण र पठनमा हजारौं वर्षसम्म शुद्धता कायम रहन सकेको हो। वेदका मन्त्रहरू विभिन्न स्वर र छन्द रहेका छन्। ऋक् र यजु मन्त्रहरू मुख्य रूपमा उदात्त,अनुदात्त र स्वरित गरी तीन स्वरमा उच्चारण गरिन्छ भने साम मन्त्रहरू षडज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद गरी सात स्वरहरूको प्रयोग हुन्छ- **सप्त स्वरास्तु गीयन्ते सामभिः सामगैर्बुधैः** (माण्डूकीशिक्षा, १.७; रेग्मी पृ. ३३) पद,वर्ण र स्वरमा सानो पनि त्रुटि हुनुहुँदैन। अन्यथा अनर्थ हुन्छ। यज्ञमा उल्टो परिणाम आउँछ भन्ने मान्यता रहेको छ। पूर्वीय सङ्गीतका स्वरहरूका आधार पनि यिनै स्वरहरू हुन्। वेदको स्वरूप र उच्चारणमा हजारौं वर्षसम्म खास अशुद्धता नआउनुमा वेदाङ्गको भूमिका महत्त्वपूर्ण रहेको छ। ती वेदाङ्ग हुन् :- शिक्षा,कल्प, व्याकरण, निरुक्त,छन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र ज्योतिष। शिक्षाशास्त्रले वेद मन्त्रको यथार्थ उच्चारणलाई सिकाउँछन्। यस्ता ग्रन्थ चार वेद र तिनका शाखा अनुसार अलग-अलग छन् । कल्पशास्त्रले वैदिक र लौकिक कर्मकाण्ड किन, कहिले र कसरी गर्ने भन्नेबारे विवेचना गर्दछन्। कल्पशास्त्र, श्रौतसूत्र, गृहसूत्र, धर्मसूत्र र परिशिष्ट गरी चार भागमा बाँडिएका छन् । व्याकरणले वेदका शब्दको प्रकृति, प्रत्यय निरूपण गरी वेदको अर्थ खुलाउनु यसको मूल प्रयोजन हो। निरुक्तले व्याकरणबाट स्पष्ट हुन नसकेका पदको निरूपण र कठिन वैदिक शब्दको अर्थज्ञान दिन्छ। छन्दशास्त्रले विभिन्न छन्दहरूको ज्ञान गराउने र यज्ञमा विनियोगका लागि पनि छन्द ज्ञान जरुरी हुन्छ। आचार्य पिङ्गल रचित पिङ्गलासूत्र उपयोगी छ। ज्योतिषले विभिन्न यज्ञका लागि आवश्यक पर्ने तिथि, नक्षत्र, मास, ऋतु र काल विशेषको निरूपण गर्छ र यज्ञ अनुष्ठानमा सहयोग पुऱ्याउँछ।

विभिन्न आचार्यहरूले खासगरी साकल्य, आत्रेय र गार्ग्यले मन्त्रहरूको स्वर, वर्ण, मात्रा, पद र वाक्यको वास्तविक उच्चारणलाई सुरक्षित राख्न विभिन्नखाले पाठको परम्परा शुरु गरेका थिए र उच्चारण पक्ष सम्बद्ध शिक्षा र प्रातिशाख्य ग्रन्थहरू रचना गरेको देखिन्छ । गुरुमुख प्रणालीका निम्न पाठपरम्परा रहेको देखिन्छ । यसले वेदार्थ बुझ्न सहयोग गर्छ।

१.संहितापाठ २.पदपाठ ३. क्रमपाठ ४.क्रमजटापाठ ५.मालापाठ ६. पुष्पमालापाठ ७. क्रमशिखापाठ ८. क्रमरेखापाठ ९.क्रमध्वजपाठ १०. क्रमदण्डपाठ ११. क्रमरथपाठ र १२ घनपाठ

विभिन्न पाठहरूको विस्तृत व्याख्या ऋषिराम रेग्मीको वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू पुस्तकको पृष्ठ ३३–४४ सम्म दिइएको पाइन्छ।

चार वेदसँग गाँसिएका चार उपवेदहरू छन्। ऋग्वेदसँग सम्बन्धित अर्थवेद (कोटिल्य अर्थशास्त्र, शुक्रनीति, राजनीति र अर्थशास्त्र सम्बन्धित प्राचीन ग्रन्थ) एवं स्थापत्यवेद (वास्तुविद्या), यजुर्वेदसँग सम्बन्धित धनुर्वेद, सामवेदसँग सम्बन्धित गान्धर्ववेद (नाटक र सङ्गीत सम्बन्धी र अथर्ववेदसँग सम्बन्धी आयुर्वेद । यिनलाई पनि वैदिक साहित्यको वाङ्मय मानिन्छ (रेग्मी, पृ.९)

वेदका शाखाहरू

प्रत्येक वेदका अनेक शाखाहरू रहेका छन्। ऋग्वेदका २१ शाखा, कृष्ण यजुर्वेदका ८६ शाखा, शुक्ल यजुर्वेदका १५ शाखा, सामवेदका १००० शाखा र अथर्ववेदका ९ शाखा गरी जम्मा ११३१ शाखा रहेका छन्। प्रत्येक शाखाका मन्त्रसंहिता, ब्राह्मणग्रन्थ,आरण्यकग्रन्थ र उपनिषद्ग्रन्थ र शिक्षाग्रन्थ रहेका छन् । वैदिक वाङ्मयको भण्डार अति विशाल छ।

वेदव्याख्यान

वेद मन्त्रहरूको व्याख्यान परम्परा सम्बद्ध शाखाका ब्राह्मण ग्रन्थहरूबाट शुरु भएको देखिन्छ। त्यसपछि वेदको व्याख्या षडङ्गमा पाइन्छ । वेदार्थ बुझ्न ऋषिहरूले पाँच अध्याय भएको **निघण्टु**को रचना गरेको देखिन्छ।निघण्टुमा आधारित भएर वेदका७७१ ·मन्त्रको व्याख्या यास्कले **निरुक्त**मा गरेका छन् र कल्पसूत्रमा मन्त्रहरूलाई वैदिक यज्ञसँग गाँसिएको छ । त्यसपछि मात्र भाष्य परम्परा शुरु भएको देखिन्छ (रेग्मी पृ. ५२,५३) । वेद व्याख्यान मुख्य रूपमा तीन प्रकारले आधियाज्ञिक, आदिदैविक र आध्यात्मिक भएका छन्। प्रसिद्ध प्राचीन वेद व्याख्याताहरू आचार्य सायण, स्कन्धस्वामी, नारायण र उद्गीथ, महीधरलगायतका व्यक्तिहरू थिए भने १९ औँ शताब्दीमा वेदको गहन अध्ययनको काम राजा राममोहन राय र स्वामी दयानन्द सरस्वतीले गरेका थिए।

वेदको महत्त्व

हिन्दू दर्शनको मूल स्रोत वेद हो ।आरण्यक र उपनिषद्मा आएका विचारका आधारमा षड् दर्शन विकसित भएको हो। निम्न सूक्तहरूको अध्ययन दर्शनको गहिराइमा पुग्नका लागि जरुरी देखिन्छ। अस्यमानवीयसूक्त (ऋ.१.१६४; अ.सं.९.९), नासदीयसूक्त (ऋ.१०.११९), अदितिसूक्त (ऋ.१.८९) पुरुषसूक्त (ऋ.१०.९०; मा.स.३१.अ;अ.सं.१९.६), आत्मसूक्त (अ.सं.९.१०), प्राणसूक्त (अ.सं.११.४) कालसूक्त (अ.सं.१९.५३,५४), मृत्युसूक्त (अंसं.८.१), ब्रह्मविद्यासूक्त (अ.सं.५.६)। यी केहीमात्र उदाहरणका लागि दिइएको छ। वेदमा यस्ता

 पात खाएर रहू तर पेटका निम्ति कदापि पाप नगर।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्तहरूको संख्या धेरै छ । यिनले परिवार,समाज,राष्ट्रका बारेमा, सृष्टिका बारेमा, ब्रह्मविद्या र प्राणविद्याका बारेमा चर्चा गरेका छन्। दर्शनमा आस्तिक र नास्तिकको परिभाषा वेदलाई अन्तिम प्रमाण मान्ने र नमान्ने आधारमा गरिएको छ। यसै आधारमा लोकायत, जैन र बौद्ध दर्शनलाई नास्तिक मानिएको छ। अन्य छ दर्शनः- सांख्य, योग, वैशेषिक, न्याय, मीमांसा र वेदान्तलाई आस्तिक मानिएको छ । संस्कृतमा लेखिएका रामायण र महाभारत जस्ता इतिहासग्रन्थ, १८ महापुराण, १८ उपपुराण, अनेकौं स्मृतिग्रन्थ, धार्मिक र कर्मकाण्डका ग्रन्थ र साहित्यका ग्रन्थहरूको मूल स्रोत र आधार वेदहरू नै हुन् । वैदिक ग्रन्थहरूले निर्धारण गरेको आदर्श, मूल्य र मान्यतालाई व्याख्या गर्नु र जोगाउनु नै यिनको उद्देश्य हो ।

वेदका बारेमा ऋग्वेदसंहिताका सम्पादक प्रकाण्ड विद्वान् मेक्स मूलर यसो भनेका छन् :-

The veda belongs to the history of the world and to the history of India. In the history of the world the Veda fills a gap which no literary work in any other language could fill. It carries us back to times of which we have no records anywhere...." (1859,p.63).

A.A. Macdonell says about the Veda" Its earliest period,being much older than any product of Greek literature, presents a more primitive form of belief and therefore gives a clear picture of development of religious ideas than any other literay monumnet of the world " (1997,p. 5).

स्वामी विवेकानन्दले वेदको परिभाषा र यसको आदर्शलाई यसरी औंल्याएका छन्।....religion through revelation, the Vedas...without beginning and without end. Accumulated treasury of spiritual laws discovered by different people in different times. Just as the law of gravitation existed before its discovery and would exist if all humanity forget it,so is it with the laws that govern the spiritual world.The moral ,ethical and spiritual relations between soul and soul and between individual spirits and Father of all spirits, were there before their disovry and would remain even if we forget them (Vivekananda Vol 1,2013,28)

पश्चिममा वैदिक आदर्श र मूल्यको जानकारी

पश्चिमी जगत्मा पूर्वीय दार्शनिक र व्यावहारिक विचारसँग सम्बन्ध ग्रीस सम्राट् एलेक्जेन्डरमार्फत् भएको हो । अरस्तुले सम्राटलाई भनेका थिए रे-तिमीले भारतमा त्यहाँका ज्ञानी, साधु सन्तहरूलाई भेट्नू, त्यहाँबाट फर्किंदा ज्ञान लिएर आउनु र संभव भए केही विद्वानूहरू पनि लिएर आउनु । गुरुको भनाइ मान्दै उनले केही विद्वानूहरूलाई ग्रीसमा लिएर गएका थिए। पश्चिमले पूर्वीय ज्ञान परम्परा बुझ्ने थालनी यसरी भएको इतिहास पाइन्छ। एलेक्जेन्डरको मृत्युपछि त्यो अभियान अलि सुस्ताए पनि कुनै न कुनै रूपमा जारी नै रह्यो । वैदिक वाङ्मयको स्वरूप विशाल छ।

भारतीय मुगल सम्राट् शाहजहाँका छोरा दाराशिकोहले सन् १६५६ तिर पण्डितहरूको सहयोग लिएर लगभग ५० उपनिषद्हरू फारसीमा उल्था गरेका थिए । ती फारसीमा अनुवादित उपनिषद् फ्रान्समा पुगेपछि सन् १८०१ र १८०२ मा फ्रेन्च विद्वान् ए.डु. पेराँले तिनलाई ल्याटिन भाषामा अनुवाद गरी दुई भागमा प्रकाशित गरेका थिए । उक्त अनुवादित उपनिषद् ग्रन्थ जर्मन दार्शनिक सोपेनहारले अत्यन्त आनन्द मानेर प्रतिदिन पढ्थे र उनले उपनिषद् दर्शनलाई solace to my life भनेका छन् । यूरोपियन भाषामा उल्था भई जर्मनी, फ्रान्स र बेलायतमा पुगेका थिए।

१९ औं शताब्दीमा समाज सुधारका कामका साथै वैदिक साहित्यको गहन अध्ययनको काम राजा राममोहन राय र बङ्गाल क्षेत्रमा ब्रह्मसमाजले गरेको थियो। उनीहरूको यूरोपियन विद्वानूहरूसँग सम्पर्क भएकाले त्यस समुदायले गरेको अध्ययन यूरोप, अमेरिकामा पनि पुग्यो ।

भारतमा बेलायती उपनिवेश शुरु हुनुअगावै पोर्चुगाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अन्य यूरोपका केही विद्वान्हरू र पादरीहरूले संस्कृत साहित्य र दर्शनबारे अध्ययन गरेर अनुवाद गरेको देखिन्छ । उदाहरणका लागि अब्राहम रोजरले सन् १६५१ मा भर्तृहरिका केही श्लोकहरू पुर्तगालीमा अनुवाद गरेका थिए भने जर्मन पादरी हेनरिख रोथले आगरामा संस्कृतको अध्ययन गरेर सन् १६६४ मा संस्कृतव्याकरणको पुस्तक लेखेका थिए । बेलायती औपनिवेशिक शासनका समयमा यूरोपका धेरै विद्वान्हरूले संस्कृत भाषाको अध्ययन गरे, वेद र वैदिक साहित्यका विविध ग्रन्थहरू यूरोपीय भाषाहरूमा अनुवाद गरे । उदाहरणका लागि सर विलियम जोन्सले कलकत्ताको उच्च न्यायालयको मुख्य न्यायाधीश भएपछि रोयल सोसायटी अफ् बङ्गाल नामको संस्था सन् १७८४ मा स्थापना गरे र दश वर्षसम्म आफू नै अध्यक्ष रहे ।उनले कालिदासको **अभिज्ञानशाकुन्तलम्** १७८९ मा जयदेवको **गीतगोविन्द** १७८९, **मनुस्मृति**को १७९२ मा अङ्ग्रेजीमा अनुवाद गरे । भारतका तात्कालिक गभर्नर वारेन हेस्टिग्जले सन् १७८५ मा धर्मशास्त्रका ग्रन्थहरूको अङ्ग्रेजीमा अनुवाद गराए र उनले नै संस्कृत शिक्षाका लागि बनारसमा संस्कृत कलेजको स्थापना गरे । उनकै प्रोत्साहनमा विद्वान् चार्ल्स विल्किन्सले सन् १७८५मा श्रीमद्भगवद्गीताको सन् १७८७ मा हितोपदेशको र सन् १७९५मा महाभारतको शाकुन्तलोपाख्यानको अङ्ग्रेजीमा अनुवाद गरी प्रकाशन गरे । सन् १७६७ मा फ्रेन्च पादरी कोअर्दुले संस्कृत भाषाको ल्याटिन र ग्रीक भाषासँग धेरै समानता रहेको कुरा पत्ता लगाए । यसै फलस्वरूप पश्चिममा Philology भाषाशास्त्र विषय जन्म्यो । विलियम जोन्सपछि मात्र वेदको अध्ययन शुरु भयो (रेग्मी पृ.७५,७६) । हुनरी थोमस कोलब्रुक पहिलो बेलाईती हुन् जसले वैदिक विषयमा हात हाले । उनले सन् १८०१मा हिन्दूहरूका धार्मिक अनुष्ठान शीर्षकमा निबन्ध लेखे, सन् १८०५मा एसे अन् द वेदाज् लेखे, सन् १८०८ मा एसेज् अन् द रिलिजनूएण्ड द फिलासफी अफ् द हिन्दुज् शीर्षकमा ग्रन्थ प्रकाशन गरे । जर्मन विद्वान् फ्रेडरिकरोजेनले सन् १८३०मा शुरु गरेर सात वर्षमा ऋग्वेदको प्रथम अष्टकका सबै सूक्तहरूको ल्याटिनमा अनुवाद र सम्पादनको काम सम्पन्न गरे । बेलायती जोहन स्टिभेन्सनले ऋग्वेदको प्रथम अष्टकको तीन अध्यायको तीन सूक्तसम्म अङ्ग्रेजी अनुवाद र सामवेदको राणयनीय संहिताको अङ्ग्रेजी अनुवाद र सम्पादन गरे र यो सन् १८४२ मा लण्डनबाट छापियो । डा. एडुअर्ड रोयरले ऋग्वेद प्रथम अष्टकको र तैत्तरीय, ऐतरेय, श्वेताश्वतर र बृहदारण्यक उपनिषद्को अङ्ग्रेजी अनुवाद र प्रकाशन गरे । फ्रेन्च विद्वान् ए.ल्याडलाईसले ऋग्वेद संहितालाई सर्वप्रथम फ्रेन्च भाषामा अनुवाद गरी चार भागमा प्रकाशन गरे । अब यूरोपमा वेदबारे बृहत् अध्ययन शुरु भयो । प्रा. यूजेन बर्नूफले वेद बुझ्नका लागि तुलनात्मक भाषाविज्ञानको पद्धति विकास गरे ।उनले फ्रेडरिक रोजनले गरेको ऋग्वेदको ल्याटिन अनुवादलाई आधार बनाएर म्याक्समूलर, सेन्ट हिलेयर, सिलवाँ लेवी, रुडोल्फ रोथ, रेग्नियर, गोल्डस्टुकर जस्ता वेद र वैदिक साहित्य अनुसन्धाता तयार पारे । रुडोल्फ रोथ जर्मन विद्वान् हुन्,यिनले सारा वेद अनुसन्धान बिताए । उनले वेदलाई ऐतिहासिक पद्धतिबाट अध्ययन गर्नुपर्छ भन्ने मान्यता विकास गरे । सायणको भाष्यलाई उनले अपुरो मानेका छन् । रुडोल्फ रोथको वेद व्याख्याको एउटा परम्परा बन्यो र त्यसका मुख्य विद्वान्हरू थिए : थ्यूडोर बेनफे, थ्यूडोर अउफेक्ट, अलफ्रेड् लुड्विग्, हरमान ग्रासमान्, कार्ल एफ् गेल्डनर,एडोल्फ काएगी, रिचर्ड पेशल र विलियम डी ह्विट्नी ।

फ्रेडरिक म्याक्समूलरले रुडोल्फभन्दा फरक धारको प्रतिनिधित्व गर्छन् । वेद र वैदिक साहित्यको अनुशीलनमा पाश्चात्य विद्वान्मा म्याक्समूलरको अग्रणी स्थान रहेको छ। सन् १८४९ देखि सन् १८७५ सम्म २६ वर्षको कठोर परिश्रमले मूलमन्त्र तिनका पदपाठ, सायणभाष्यसमेत सम्पूर्ण ऋग्वेद संहिताको देवनागरीमा सम्पादन, ३६०० पृष्ठ, ५ भागमा लण्डनबाट प्रकाशित । दोस्रो संशोधित संस्करण सन् १८९०-९२मा लण्डनबाट नै प्रकाशित ।उनका निर्देशनमा सेक्रेड बुक्स अफ् इस्ट सिरिज भोलुम १–५०, सन् १८७९–१९१० मा अत्यन्त महत्त्वपूर्ण ग्रन्थहरू अङ्ग्रेजीमा प्रकाशित भएका छन् । म्याक्समूलर परम्परामा वेद अध्ययन गर्ने विद्वान्हरूको सूची पनि लामै छ । त्यसमा छुटाउन नहुने नाम हुनः-प्रा. एच एच विल्सन । उनले सन् १८६० मा

 दुष्कर्मबाट बच साथसाथै परमात्माको चिन्तन गर्दै हिंड्यौ भने लोक र परलोक दुवै सप्रिनेछ। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो मृत्यु हुँदा आठौँ मण्डलसम्म्म पूर्ण, नवम माथि नोट र दशम मण्डलको आंशिक अनुवाद गरेका थिए। यो काम प्रा.गोल्डस्टुकर,इ.वी.कोवेल,डब्ल्यू एफ वेब्स्टरले सन् १८८८ मा पूरा गरे। यसरी विल्सनले शुरु गरेको काम सायण भाष्यसहित सम्पूर्ण ऋग्वेद संहिताको अङ्ग्रेजी अनुवाद सन् १८३० देखि सन् १८८८ सम्म छ भागमा प्रकाशित भएको थियो। विल्सनले सायणको भाष्यलाई प्रामाणिक मानेका छन्। म्याक्समूलर र विल्सनको परम्परामा डा.बेलेन्टाइनले सन् १८६० देखि सन् १८६४सम्म अनुवादको काम, त्यसपछि प्रा.गोल्डस्टुकर, इ.बी.कोवेलले त्यो परम्परा अघि बढाए। कोवेल अक्सफोर्ड विविमा विल्सनका शिष्य थिए। कोवेलपछि उनका मित्र डब्ल्यु एफ् वेब्स्टरले क्याम्ब्रिज विविमा सो कामलाई निरन्तरता दिए। विल्सनका अर्का शिष्य राल्फ टी एच् ग्रिफिथ सन् १८६१ देखि सन् १८७८सम्म काशी राजकीय संस्कृत महाविद्यालयका प्राचार्य थिए। उनी सम्पूर्ण ऋग्वेद संहिता र अन्य तीन वेदहरू पनि अङ्ग्रेजीमा पद्यानुवाद गर्ने पहिला र अन्तिम व्यक्ति हुन्। सन् १८९२ मा ऋग्वेदसंहिता ४ भागमा अङ्ग्रेजी पद्यानुवाद छापियो, सन् १८९३मा सामवेदसंहिता अङ्ग्रेजी पद्यानुवाद एक भागमा,१८९५/९६मा अथर्ववेदसंहिता दुई भागमा र सन् १८९९मा शुक्लयजुर्वेदीय मध्यन्दिन संहिता अङ्ग्रेजी पद्यानुवाद एक भागमा प्रकाशित भए।

उपर्युक्तबाहेकका जर्मन विद्वानूहरूले वेद र वैदिक साहित्यका विविध पक्षमा काम गरेका छन्। हरमान ओल्डेनबर्गले उनले विभिन्न गृहसूत्रहरूको सम्पादन र अङ्ग्रेजी अनुवाद गरेका छन्। सांख्यायन सूत्रको अङ्ग्रेजी र जर्मन दुवै भाषामा अनुवाद गरेका छन्। अल्ब्रेख्ट वेबरले १८५२ मा बर्लिनबाट ५०० भन्दा बढी संस्कृत ग्रन्थहरूको सूची तयार पारेर छापेका थिए। शतपथब्राह्मणको सर्वप्रथम मुद्रण बर्लिनबाट १८४९मा उनैले गराएका थिए। भारतीय अध्ययन ग्रन्थमाला (जर्मन शोध पत्रिका) शौनकीय अथर्ववेदसंहिताको जर्मन अनुवाद १८५७ देखि १८९८ सम्म यसै पत्रिकामा क्रमशः छापियो।

अर्थर एन्टानी म्याक्डोनलले अक्सफोर्डबाट १८९७मा वेदिक मिथलजी, १९१०मा वेदिक व्याकरण,र १९१२ मा वेदिक इन्डेक्स अफ् नेम्ज एन्ड सब्जेक्ट्स छापियो। ए.बी.कीथले ब्राह्मण र आरण्यक ग्रन्थहरूमा काम गरे। उनका धेरै पुस्तकहरू छन्। त्यसमध्ये सम्झनुपर्ने १९१२ मा वैदिक इन्डेक्स, १९२५ मा ३२ भागमा छापिएको द रेलिजन् एन्ड फिलसफी अफ् वेदाज् एन्ड उपनिषस् , १९२८ मा संस्कृत साहित्यको इतिहास, सर मोनियर विलियम्सको संस्कृत अङ्ग्रेजी शब्दकोश १८७२मा छापियो र उनकै संस्कृत जर्मन शब्दकोश पहिले नै छापिएको थियो। अरू धेरै पाश्चात्य विद्वानूहरूले वेद र वैदिक साहित्यका बारेमा धेरै लेखेका छन्। ती सबैको विवरण यहाँ साध्य छैन। त्यसका लागि ऋषिराम रेग्मीको पुस्तक हेर्नुहोला।

पाश्चात्य विद्वानूहरूले गरेका अत्यन्त प्रशंसनीय कार्य वेद र वैदिक साहित्यको सम्पादन र मुद्रणको काम हो। छपाइ गरेर सर्वप्रथम यसलाई बचाउने काम गरे। शुद्धरूपमा मुद्रण गरेकाले पठन-पाठन र अनुशीलनका लागि शुद्धग्रन्थहरू उपलब्ध भए। यूरोपका धेरै विश्वविद्यालयमा संस्कृत भाषा, वेद, वेदाङ्ग, वेदान्त, साहित्य र दर्शनको पठनपाठन र अनुशीलनका उत्कृष्ट कामहरू भए र धेरैजसो प्रकाशित पनि भए। यसरी यो विश्वसम्पदा बन्यो। पाश्चात्य विद्वानूहरूले गरेका कतिपय वेदका व्याख्याहरू वैदिक अभिव्यक्तिका लक्षणा र व्यञ्जनात्मक स्वरूपलाई अभिधाका रूपमा अर्थ्याउँदा अनर्थ भएको छ भनेर स्वामी दयानन्द सरस्वती र योगी अरविन्दले औँल्याएका छन्। उपनिवेशले काममा खटाएका विद्वानूहरूले एकातर्फ उपनिवेशका हितलाई ध्यान दिनुपर्ने, अर्कोतर्फ सामान्यतः उपनिवेशको बौद्धिक नेतृत्व क्रिश्चियन मिशनरीले गर्ने र खटिएका धेरैजसो विद्वानूहरूले त्यस मिशनरीको भावनालाई अङ्गीकार गरी आउने व्याख्या र अभिव्यक्ति पूर्ण रूपमा निरपेक्ष हुन सकेनन् कि भन्ने आशङ्का गरिन्छ। बहुदेवतावादको धारणा वेदको अभिव्यक्ति **एकोऽहं बहुस्याम् प्रजायेय**को भावना अनुकूल छैन।

वैदिक आदर्श र मूल्यको प्रभाव

पश्चिमा मुलुकहरूमा वैदिक आदर्शलाई स्थापित गराउनमा मुख्य रूपमा पाँचजना भारतीय मनीषीहरूको हात देखिन्छ। १. स्वामी विवेकानन्द, २. स्वामी योगानन्द ३..योगी अरविन्द ४ स्वामी प्रभुपाद, ५. महर्षि महेश योगी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी विवेकानन्द

रामकृष्ण परमहंसका शिष्य थिए स्वामी विवेकानन्द। उनले पश्चिमका मुलुकहरूको पटक-पटक भ्रमण गरे। विभिन्न ठाउँहरूमा वेद,वेदान्त र वैदिक साहित्यबारे प्रवचन, छलफल र अन्तक्रिया गरे। खासगरी अमेरिकामा हिन्दू दर्शनको उत्कृष्टता विशेषगरी वेदान्तदर्शनलाई व्यापक रूपमा परिचित गराए एवं सम्मानको स्थानमा स्थापित गराए। खासगरी उनले सन् १८९३मा शिकागोमा आयोजित **वर्ल्डस् पार्लियामेन्ट अफ् रेलिजन्समा** गरेको सम्बोधनले नै अमेरिकामा स्थापित गरायो। उनको आध्यात्मिक विश्वयात्रा सम्भव भयो। उनले त्यस सम्बोधनमा प्रस्तुत गरेका विचार अहिले पनि सार्वभौम स्वीकार्यता सिकाएको छ (पृ.२३)। म शरीर होइन, म शरीरमा बस्ने आत्मा हुँ, शरीर मर्छ तर म मर्दिन, शरीर ढल्छ, म बाँचिरहन्छु (पृ.२९)। मृत्यु भनेको केन्द्र परिवर्तन हो,एउटा शरीरबाट अर्को शरीरमा जानु हो, शरीरको स्वरूप विगत कर्मले निर्धारण गर्दछ (पृ.३१)। सबै मानव ईश्वरका सन्तान हुन्। हामीभित्र ईश्वरीय गुण छ, दैवत्व छ। त्यसैले शास्त्रमा मानवलाई **अमृतस्य पुत्राः** भनिएको छ। मानिसले आफ्नो देवत्व अनुभूत गर्नुपर्छ, मठमन्दिरले केही मात्रामा सहयोग पुऱ्याउन सक्छन्। धर्मको उद्देश्य मानवमा देवत्व विकास गराउनु हो। प्रत्येक मानवभित्रको देवत्व पहिचान गराउनु हो। मानिसलाई आफैँ आफ्नो देवत्व अनुभूत गराउनु हो (पृ. ३६–४०)।

उनको विचारको व्यापक प्रचार भएपछि उनले रामकृष्ण मठ-मिसन) विभिन्न देशमा स्थापना गरे। यस संस्थाले स्वामी विवेकानन्दले सुरु गरेको आध्यात्मिक कामलाई संस्थागत रूपमा अघि बढायो। अहिले पनि वेदान्तका बारेमा यस संस्थाले निरन्तर कार्यक्रम गरी रहेको देखिन्छ, वेदान्तबारे प्रस्थानत्रयी (उपनिषद्, बह्मसूत्र र भगवद्गीता) माथि व्याख्या विश्लेषण गरिरहन्छ र तिनको प्रकाशन स्थानीय भाषाबाहेक अङ्ग्रेजीमा हुन्छ जसले गर्दा विश्वसमुदायले त्यो ज्ञान भण्डार प्रयोग गर्न पाउँछ। विवेकानन्दले वेदान्तलाई सम्पूर्ण हिन्दू र बौद्ध दर्शनको सारभूत अभिव्यक्ति माने र उनका स्थापित संस्था रामकृष्ण मठ (मिसन)ले त्यै आदर्शलाई अगाडि बढाइरहेको छ।

स्वामी योगानन्द

उनी पनि रामकृष्ण परमहंसका १६ शिष्यमध्येका एक हुन्। विवेकानन्दका समकालिक हुन्। उनले आफ्ना व्याख्यानहरूमा स्थूल शरीर र सूक्ष्म शरीरको भिन्नतामा प्रकाश पारेका छन्। उनको पद्धतिलाई क्रियायोग भनिन्छ।अमेरिका र यूरोपमा यस पद्धतिका निकै अनुयायी छन्। **एन् अटोबायोग्राफी अफ् अ योगी** स्वामी योगानन्दको प्रसिद्ध कृति हो। भाषा र शैलीका दृष्टिले पनि यो पुस्तक बेजोड छ। यसबाट उनको विचार र साधना प्रक्रिया बुझिन्छ। यिनले साधनालाई बढी ध्यान दिएका छन्, त्यही हो क्रियायोग।

योगी श्रीअरविन्द

अरविन्दले केही समय सरकारी अफिसर भएर काम गरे तर बेलायतीहरूको भारतीयप्रतिको रवैया उनलाई मन परेन। उनी जागिर छाडेर स्वतन्त्रता आन्दोलनमा लागे। पोन्डेचरीमा अरविन्द आश्रम खोलेर वेद र वैदिक साहित्यको अनुशीलनमा लागे। अमेरिका र यूरोपबाट कैयौँ साधकहरू आश्रममा आएर अध्ययन र साधना गरे। उनले सावित्री नामक महाकाव्य अङ्ग्रेजीमा लेखे। भावातीत ध्यानको अवधारणा ग्रन्थका रूपमा विकास गरे। वेदको व्याख्यामा उनले स्वामी दयानन्द सरस्वतीको धारलाई समाते र रुडोल्फ र म्याक्स मूलरका व्याख्यामा वेदको भावनाको सही प्रतिनिधित्व नभएको देखे। उनले वेदव्याख्यामा पुस्तक लेखे त्यो हो, **द सिक्रेट अफ् द वेदाज्**। यो पुस्तक १९५६मा प्रकाशित भयो, यो पहिला १९१४ देखि १९२०सम्म आर्या नामक पत्रिका श्रृखलाबद्ध रूपमा छापिएको थियो। उनले गीता र अन्य ग्रन्थहरू माथि पनि व्याख्या गरे। उनको विचार अद्वैतताकै निरन्तरता हो।विचार समाज र राष्ट्रसँग गाँसिनुपर्छ भन्ने यिनको मान्यता हो।

स्वामी प्रभुपाद

माथिका तीन चिन्तकहरूले हिन्दू दर्शनको ज्ञान पक्षको प्रतिनिधित्व गर्दछन्। उनीहरूले वेदान्तको प्रभाव पश्चिमी मुलुकहरूमा स्थापित गरे। प्रभुपादले यी तिनले भन्दा फरक भक्तिधाराको प्रतिनिधित्व गर्दछन्। यिनले पश्चिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुलुकहरूमा भक्तिधाराको गहिरो प्रभाव पारेका छन् । यिनको विश्वव्यापी संस्था छ छोटकरीमा **'इस्कोन'** यसको पूरा नाम **'इन्ट्रनेशनल सोसाइटी फर् कृष्ण कन्सस्नेस्'**, धेरै देशमा यस संस्थाका शाखाहरू छन् र यसका अनुयायीहरू छन् । इस्कोनका आचार्य र अनुयायीहरू दर्शनको चर्चा, बहस र छलफलमा होइन, भगवान्‌को भक्ति र समर्पणमा, भगवान्‌को नाम संकीर्तनमा जोड दिन्छन् । खैजरी, मजुरा र मृदङ्गको तालमा हरेराम हरेकृष्ण गाउनु र त्यसमा हराउनु, समर्पित हुनु जीवनको आदर्श मान्दछन् । सादा सेतो वस्त्र पहिरिनु, निधारमा गोपीचन्दन तिलक लगाउनु, घाँटीमा तुलसीको माला र हरेराम हरेकृष्ण गाउँदै हिडेको देखेमा इ इस्कोनका अयायीहरू हुन् भन्ने बुझिन्छ । वृन्दावन र कृष्णलीला आदर्श, भागवत कथा आदर्श हुन् ।

महर्षि महेश योगी

स्वामी विवेकानन्दले भनेझैं महर्षि महेश योगीले पनि वेदको ज्ञानलाई प्राकृतिक नियमको समग्र ज्ञान भन्नुभएको छ । संक्षेपमा वेद भनेको महर्षिका शब्दमा समग्र ज्ञान, आफूभित्रको शुद्ध चेतना/आत्मा जगाउने ज्ञान (पृ.१७) वैदिक विज्ञान ज्ञाता, ज्ञेय र ज्ञान अर्थात् समग्र चेतना ।समग्र चेतना समाधिको अवस्था र त्यो अवस्था भावातीत ध्यानबाट प्राप्त हुन्छ । शुद्ध चैतन्य भनेकै प्राकृतिक नियम हो । वैदिक विज्ञान र आधुनिक विज्ञानबीच के भिन्नता छ ? आधुनिक विज्ञानले वस्तुवादी दृष्टिकोणले ज्ञानका बारेमा मात्र जान्दछ, त्यसले ज्ञाता र ज्ञेयका बारेमा केही पनि जान्दैन तर वैदिक विज्ञानले तिनै क्षेत्रलाई समान रूपले समेट्दछ । क्वान्टम भौतिकीले युनिफाइड फिल्डको कुरा गर्छ भने वेदले समग्र जीवनको समग्र चेतनाको कुरा गर्छ , यी दुई कुरा भाषिक भिन्नता भए पनि सार एउटै हो (पृ.१०,११) । योगीले वेदको स्वर सार उच्चारणमा धेरै महत्त्व दिनुभएको छ । उहाँका अनुसार वेदको समुचित उच्चारणले मानव-मस्तिष्कमा, समग्र शरीरमा र समाजमा प्रभाव पार्छ । महर्षिले वेदका अक्षर, ऋचा, सूक्तिलाई ध्वनि र ध्वनिहरूबीचको अन्तरका आधारमा विश्लेषण गर्नुभएको छ । उहाँका अनुसार मानव शरीर वेदको स्थूलस्वरूप हो । म आत्मब्रह्म हूँ । त्यसैले **वेदोऽहम्, अहम् शरीरम्** । वेदले योग र यज्ञ दुई कुरामा जोड दिन्छ ।

हाम्रो शरीरको संरचना र ब्रह्माण्ड संरचनामा तादात्म्य छ। त्यसैले आयुर्वेदमा भनिएको छ **यथा पिण्डे तथा ब्रह्माण्डे** । योगीले मानवमात्रको कल्याणका लागि विश्वभरि वेदको पठन-पाठन, विभिध पक्षबाट वेदमाथि अनुसन्धानका लागि जोड दिनुभयो र वेदको महत्त्व भारतमा पुनर्स्थापित गर्न धेरै कार्यक्रमहरूका योजना बनाउनुभयो । उहाँको पार्थिव शरीर नरहे पनि महर्षि फाउन्डेसनले ती योजनाहरूलाई अगाडि बढाइरहेको देखिन्छ । जस्तै सन् २०१५को वैदिक भारतसम्बन्धी अन्तर्राष्ट्रिय कन्फरेन्स । वेदको विश्वव्यापी प्रचारका लागि **महर्षि वेदव्यास प्रतिष्ठानको स्थापना, अमेरिकामा महात्रृषि व्यवस्थापन विश्वविद्यालय स्थापना** र अन्य धेरै संस्थाहरूको स्थापना । हजारौं वेद पण्डितद्वारा निरन्तर वेदपाठ र अध्ययन भइरहेको छ । विश्वमा वेदको महत्त्व स्थापित गर्ने सन्दर्भमा महर्षिले जति काम कसैले गरेको देखिदैन ।

सन् २०१५मा महर्षि विश्वविद्यालयले भारतमा गरेको अन्तर्राष्ट्रिय सम्मेलन पुस्तिकामा अभिव्यक्त विचारका आधारमा वेदले सोचेका आदर्श के-के हुन् भन्नेकुराको सारसंक्षेप स्पष्ट हुन्छ ।

जगद्गुरु वासुदेवानन्दज्यूले यसै सन्दर्भमा भन्नुभएको छ- हाम्रो शरीरमा (पिण्ड) जे छ। ब्रह्माण्डमा पनि त्यही छ यो हो व्यष्टि र समष्टिबीचको अन्तर्सम्बन्ध (पृ.२९) ।

भारतीय मुरलीमनोहर जोशीका अनुसार व्यक्तिले समष्टिको अनुभूति योगका आधारमा गर्छ र योगको आधार वेद हो । विविधता एकात्मक सत्यका विविध रूप हुन् । त्यसैले वेदले भन्छ **एकं सत् विप्रा बहुधा वदन्ति** सत्य एक छ त्यसलाई विभिन्न तरिकाले भनिन्छ पृ.३१) ।

डा. जोन हेग्लिन भनेका छन्- वेदको उच्चारणमा ध्वनि, भित्रबाट भावनाको तह **पश्यन्ति**को तहमा, विचारको तहमा **मध्यमा** र उच्चारणको तहमा **वैखरी** जसले विचारलाई अभिव्यक्ति दिन्छ (पृ.४२) ।

स्वामी अमृतानन्दका अनुसार प्रत्येक वस्तुमा कम्पन छ । वेदका मन्त्रका पदमा कम्पन छ । त्यो विश्व उर्जाको रूप हो, ऋषिमुनिले प्राचीन समयमा यो कुरा बुझे (पृ.४८)

परलोकका लागि अहिले नै केही प्रबन्ध गरेर हिँड्ने गर ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी गोविन्ददेव गिरिजी भन्नुहुन्छ- यजुर्वेदको १० अध्याय र २२ अध्यायमा आदर्श राष्ट्रको कुरो छ।

डा.जी माधवन् नायरका अनुसार वेदमा गणित, वास्तुकला, खगोल विद्याको चर्चा छ। सुल्भ सूत्र, वेदाङ्ग ज्योतिषमा, सूर्य सिद्धान्तमा गणनाको सिद्धान्तहरू छन् (पृ.६६)।

स्वामी परमात्मानन्द सरस्वतीका अनुसार असल नागरिक हुन असल संस्कार चाहिन्छ र दश संस्कारको व्यवस्था गरेको छ पृ.८६।

स्वामी विश्वेश्वरानन्दका अनुसार वेदले आदर्श समुदाय र असल छिमेकीको कल्पना गरेको छ **संगच्छध्वम् संवदध्वम्** पृ.९१।

क्रिश्चियन दर्शन अनुसार धरतीलाई ड्रागनका रूपमा चित्रित गरिएको छ, त्यसलाई नियन्त्रण गर भनिएको छ। तर हिन्दू दर्शनले विश्व ब्रह्माण्डमा रहेका सबै जीवजन्तु ब्रह्मका विविध स्वरूप हुन्, तिनलाई मित्रवत् हेर्नुपर्छ भनेको छ। अथर्ववेदको पृथ्वीसूक्तमा १२–१ (१–१२) धरतीलाई मानवलाई भरणपोषणका लागि अनुरोध गरिएको छ। सम्मान र श्रद्धा गरिएको छ। आजका विश्वमा वातावरणीय समस्या पश्चिमको एन्थ्रोपोसेन्ट्रीक अवधारणाले ल्याएको हो। प्राचीन ग्रीकहरू हिन्दूहरू जस्तै धरतीलाई सम्मान गर्थे, धरती माता भन्थे। त्यही हो माया सिद्धान्त।

१९औं शताब्दीका अमेरिकी **ट्रान्सेन्डेन्टालिस्ट कविहरू र आख्यानकारहरू जस्तै हेनरी डेविड थरो, राल्फ वाल्डो इमर्सन् ,वाल्ट ह्विट्म्यान्, हथर्न, मेलभिले उपनिषद्का विचारहरूबाट प्रेरित देखिन्छन्।** इनीहरूलाई बोस्टन ब्राह्मण पनि भनिन्छ। उनीहरू खासगरी वेदान्त दर्शनका विचारहरू शरीरको अनित्यता,आत्मा र परमात्माको सम्बन्ध, सृष्टि र मायाबाट निकै प्रभावित थिए। उनीहरूका लिखतमा त्यसको स्पष्ट छाप देखिन्छ। २०औं शताब्दीको ६०को दशकमा बिट्स कवि खासगरी एलेन गिन्सबर्गले अमेरिकाको कलराडो सहरमा वेदान्त स्कूल चलाएका थिए। लामो समय भारतमा आएर साधु, जोगी र साधकहरूको संगत गरेका थिए। उनी आफैले अमेरिकाका धेरै ठाँउमा योग अभ्यास पनि गराउँथे।

पश्चिमी देशमा सबैभन्दा बढी प्रभाव पारेको योगका आसन र प्रणायामले नै हो। यूरोप अमेरिकाका बस्तीमा टोलैपिच्छे योग केन्द्र चलेका छन्।यसले शरीर स्वस्थ राख्ने र मस्तिष्कलाई प्रभावित पार्छ र प्रकारान्तरले समग्र मानव जीवन र मानव सोंचलाई प्रभावित गर्छ र हामी सबै असल मानव बन्न सक्छौं। त्यही हो **कृण्वन्तो विश्वमार्यम्।**

असतो मा सद्गमय,तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतम् गमय।

ओम् शान्ति, शान्ति, शान्ति ॥

सन्दर्भसूची

रेग्मी, ऋषिराम (२०७३). वैदिक साहित्यको स्वरूप. ललितपुर : हिमवत् आर्ष प्रज्ञा।

रेग्मी, ऋषिराम (२०७३). वेदका अध्येताः प्राचनि र अर्वाचीन विद्वानहरू .ललितपुर : हिमवत् आर्ष प्रज्ञा।

प्रपन्नाचार्य,स्वामी (२०७२) वेदमा के छ ? ,ललितपुर : साझा प्रकाशन।

सत्यदेव,स्वामी (सन् १९८१) वेदामृतम् । लण्डन् : सत्यसाधना ट्रस्ट।

विवेकानन्द,स्वामी (सन्२०१३) द कम्प्लिट् वर्कस् अफ् स्वामी विवेकानन्द, भोलुम् १ ,कलकत्ताः अद्वैत आश्रम।

Proceedings : International Conference to Re-Establish Ideal Vedic India,Feb.20-22,2015, New Delhi,India, Florida,Iowa : Maharishi University of Managment

 धर्ममर्यादाको रक्षाबाट नै सद्गति सम्भव छ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्ममय नेपाल

डा. जगमान गुरुङ

अध्यात्म अर्थात् आत्मा नै अध्यात्म हो भनेर अध्यात्म शब्दको व्युत्पत्ति गरिएको छ । यसैगरी **स्वभावोऽध्यात्ममुच्यते** भनेर अध्यात्म शब्दको अर्थ गरिएको छ । प्रकृति-पुरुषात्मकं जगत् अथवा यो जगत् प्रकृति र पुरुषको संयोजनबाट बनेको छ । चित् अचित् धर्मावछिन्नत्वं विशिष्टतम् अथवा चित् . चेतन र अचित . जड पदार्थ यी दुवै गुणले युक्त ईश्वर विशिष्ट छ । यो विशिष्टाद्वैत दर्शनको दार्शनिक सिद्धान्त हो । अतः स्वभाव ईश्वरको जड प्रकृति हो र त्यस जड प्रकृतिमा चैतन्य स्वरूपले रहेको जीवात्मा चाहिँ अध्यात्म हो ।

जीव, जगत् र ब्रह्म ती तत्त्व आध्यात्मिक चिन्तनका विषय हुन् । जीव . अथवा कोऽहम् . म को हुँ ? जगत् . यो भौतिक पदार्थ के हो ? म र यो जगत्को बीचमा कुनै सम्बन्ध छ कि छैन ? म र यो जगत्भन्दा पर अर्को कुनै परम तत्त्व छ कि छैन ? यसरी जीव, जगत् र ब्रह्म । यी तीनवटा तत्त्वलाई समुच्चमा तत्त्व मानिएको छ । यही तीनवटा तत्त्वको विवेचना नै तत्त्वविवेचना हो र जसले यी तीनवटा तत्त्वलाई बुझेको छ, त्यसलाई तत्त्वज्ञ मानिन्छ । आद्य जगत्गुरु शंकराचार्यले यस सम्बन्धमा यसरी आफ्नो मत जाहेर गरेका छन्, जस्तै–

श्लोकार्द्धेन प्रविक्ष्यामि यदुक्तं ग्रन्थकोटिभिः ।
ब्रह्म सत्यं जगन्निमथ्या जीवो ब्रह्मैव नापरः ॥

यो नै शांकर वेदान्त अथवा अद्वैत वेदान्तको दार्शनिक सिद्धान्त हो ।

उपनिषद् वैदिक दर्शनको पराकाष्ठा अवस्था हो, जहाँ गएर ज्ञानको अन्तिम टुङ्गो लाग्दछ । उपनिषद्हरूमा बृहदारण्यकोपनिषद् आकारमा पनि ठुलो र ज्ञानमा पनि उच्चकोटिको छ । बृहदारण्यकोपनिषद्का रचयिता याज्ञवल्क्य ऋषि हुन् । याज्ञवल्क्यको आश्रम सिन्धुलीको कमलाखोँच हो । यही आश्रममा बसेर याज्ञवल्क्य ऋषिले बृहदारण्यकोपनिषद्को रचना गरेका थिए । रत्नाकर डाँका नारायणी, सोना र भद्राको सङ्गम त्रिवेणीमा तपस्या गरेर वाल्मीकि ऋषिको रूपमा रूपान्तर भएका थिए जुन स्थान अहिले चितवन जिल्लामा वाल्मीकि आश्रमको रूपमा प्रसिद्ध छ । यही आश्रममा बसेर वाल्मीकिले रामायणको रचना गरेका थिए । नेपाल अनेकन् ऋषिमुनिहरूको साधनास्थल हो । नेपालमा नै शाक्यमुनि बुद्धको जन्म भएको हो । वज्रगुरु पद्मसम्भव नेपाल आई यहाँका विभिन्न स्थानहरूमा साधना गरेर भोट देश गई लामा बौद्ध धर्मको विकास गरेका थिए । भारतमा अनिकाल पर्दा जैन साधु भद्रबाहु नेपाल आई खोटाङको हलेसीगुफामा साधना गरेर बसेका थिए । यसैगरी विक्रमशिल महाविहारका द्वारपण्डित नादपाद नेपाल आएर पशुपतिक्षेत्रमा साधना गरी चक्रशंवरतन्त्रको सिद्धि प्राप्त गरेका थिए । नेपाललाई समृद्ध बनाउन कामरूप कामाख्या देशका सिद्ध मत्स्येन्द्रनाथ र काश्मिरका सिद्ध चन्दननाथको महत्त्वपूर्ण भूमिका रहेको छ । सिद्ध गोरखनाथ र सिद्ध रतननाथको जन्म नेपालमै भएको हो । यस सन्दर्भमा सिद्ध भगवन्तनाथ पनि स्मरणीय छ ।

नेपाल सत्यको देश हो । पार्वतीले रचना गरेको शिवको देश, बुद्धको जन्मभूमि, सीता र भृकुटीको माइती हो । अहिलेको कलियुगमा देवीदेवताहरू हिमालय स्वरूपले नेपालमा रहेका छन् । कुमारसम्भवमा उल्लेखित महाकवि कालीदासको यस उद्गारबाट यो कुरा सिद्ध हुन्छ, जस्तै–

अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराज ।

चारजुगमा नेपालका चारवटा नाम रहेको छ, जस्तै–

कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती ।
द्वापरे मुक्तिसोपान कलौ नेपालिका पुरी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्म सत्यमा अडिएको छ। सत्यको उद्‌बोधन नेपालमा भएको हो । त्यसकारण सत्ययुगमा नेपाल सत्यवतीको रूपमा प्रसिद्ध थियो। अघि आदिमकालदेखि नै गौतम आदि ऋषिहरू आएर नेपालमा आश्रम स्थापना गरेर साधना गरेको कुरा गोपाल वंशावलीमा लेखिएको छ। लिच्छविकालको अभिलेखमा पनि गौतम आश्रमको उल्लेख आएको छ। अतः गोपाल वंशावलीको उल्लेख सत्य ठहरिन्छ । यसैगरी लिच्छविकालको अभिलेखमा भरत आश्रमको पनि उल्लेख आएको छ । यसबाट त्रेतायुगमा नेपाल तपोवतीको रूपमा प्रसिद्ध रहेको सिद्ध हुन्छ।

मानदेवको विष्णुपादुका फेदीको शिवलिङ्गको जलहरीमा अंकित अभिलेखमा भगवान् शिवबाट यस जगतको सृष्टि र प्रलय हुन्छ भनेको छ। यसैगरी भगवान्‌को भक्ति नगर्नेहरू जन्म र मृत्युको बन्धनमा पर्दछन् र भगवान्‌का भक्तहरू भवबन्धनबाट मुक्त हुन्छन् भनेको छ। शिवलिङ्गको स्थापनाबाट सर्वलोकको हरप्रकारको दुःखहरण होओस् भन्ने कामना गरिएको छ। जगत्‌को हितको लागि कामना गर्नु नै आध्यात्मिक गुण हो । यसबाट नेपालमा आध्यात्मिकभावको उद्‌बोधन भएको प्रमाणित हुन्छ।

भगवान् वादरायण वेदव्यासले ब्रह्मसूत्रको रचना गरेका थिए । त्यसपछि आद्य जगत्‌गुरु शंकराचार्य आदि आचार्यहरूले ब्रह्मसूत्रको भाष्य गरेका थिए। काठमाडौँको हाडिगाउँस्थित सत्यनारायण मन्दिरको वसन्तदेवको समयताकाको अनुपरमद्वारा रचित गरुडध्वजको अभिलेखमा भगवान् वेदव्यासको स्तुतिको सन्दर्भमा ब्रह्मसूत्रको चर्चा गरिएको छ। यसबाट आठौँ शताब्दीमा आद्य जगत्‌गुरु शंकराचार्यले ब्रह्मसूचको भाष्य गर्नुभन्दा दुईसय वर्षअघि छैठौँ शताब्दी नै नेपालमा ब्रह्मसूत्रको परिचर्चा भइसकेको स्पष्ट हुन्छ।

विष्णुपादुका फेदीको शिवदेवको संवत् ५१२ को अभिलेखको मङ्गलाचरणमा भगवान् वासुदेव कृष्णको स्तुति गरिएको छ । यसैगरी लेलेको शिवदेव र अंशुवर्माको संवत् ५२६ को अभिलेखमा भगवान् वासुदेव ब्राह्मण गोष्ठीको उल्लेख आएको छ । यसरी संस्थागत रूपमा नै भगवान् वासुदेव कृष्णले दिएको तत्त्वज्ञानको विवेचना गरेको पाइन्छ । यसैगरी ललितपुर, गैह्रीधाराको नरेन्द्रदेवको संवत् ८३ को अभिलेखमा ज्ञानयोग र कर्मयोगमा लागेका सदाचारीहरूको उल्लेख आएको छ। कर्मयोग, ज्ञानयोग र भक्तियोग श्रीमद्‌भवद्‌गीताको मुख्य विवेच्य विषय हो । श्रीमद्‌भगवद्‌गीता एउटा अध्यात्मवादी ग्रन्थ हो। यसरी लिच्छविकालीन नेपालमा गीतामा आधारित आध्यात्मिक तत्त्वबोधका लागि साधना गरेको पाइन्छ । अतः यी ऐतिहासिक तथ्यहरूले अध्यात्ममय नेपालको भावनालाई पुष्टि गर्दछ।

यसो भएर नै केही वर्षअघि जी २० को शिखर सम्मेलनमा अमेरिकाका पूर्व राष्ट्रपति बाराक ओबामाको समुपस्थितिमा टर्कीका पूर्व प्रधानमन्त्री डा. अहमदले Nepal is a Centre of Spirituality in the world भनेर उद्‌गार व्यक्त गरेका छन्।

नेपालमा विकसित आध्यात्मिक तत्त्वज्ञानको लामो विद्वद्‌परम्परालाई हृदयङ्गम गर्दा डा. अहमदको यो उद्‌गार वास्तविकतामा आधारित देखिन्छ, जसले आध्यात्मिक जगत्‌मा नेपालको शिरलाई उँचो बनाएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत वाङ्मयमा अन्तर्निहित संस्कृति

विदुषी कान्ता भट्टराई

जयतु संस्कृतं धर्मभूतये
जयतु संस्कृतं राष्ट्रभूतये
जयतु संस्कृतं राजभूतये
जयतु संस्कृतं विश्वभूतये

संस्कृत समस्त भाषाहरूको जननी हो । संसारका प्रायः सबै भाषाहरू संस्कृत भाषाबाट अनुप्राणित रहेका छन् । यही भाषामा चार-पाँच हजार वर्ष पुराना इतिहास र पुरातात्त्विक महत्त्वका वेदहरू, रामायण र विश्वमानचित्रका रूपमा रहेको महाभारत जस्ता ठूलाठूला ग्रन्थहरू पूर्वीय दर्शन (आध्यात्मिक र भौतिक दुवै) का पुस्तकहरू ज्योतिष (अन्तरिक्ष विज्ञान) का प्रचुर सामग्रीहरू कालिदास, भवभूति, श्रीहर्ष, माघ, भारवि, मम्मट, विश्वनाथ आदिका काव्य र नाटकहरू उपनिषद्, स्मृति, पुराण, उपपुराण, आयुर्वेद विज्ञान (चिकित्साशास्त्र) को विशाल भण्डार रहेका छन् । संस्कृत वाङ्मयभित्रको दर्शन विश्वमै चर्चित रहेको छ । नेपाली, मैथली, भोजपुरी, अवधी र भारतीय उपमहाद्विपका र त्यसबाहिरका समेत थुप्रै भाषाको मूल उद्‌गम स्रोत संस्कृत भाषा हो । हाम्रै देशका तराईवासी अनेक जनजाति समुदायका मानिसहरू संस्कृतका सन्तति भाषाहरूको प्रयोग गरिरहेका छन् ।

संस्कृत भाषाका लागि मात्र आवश्यक होइन । यसभित्र मानवसभ्यताको पूर्वार्धमा आर्जन गरिएका अथाह ज्ञानको भण्डार छ । संस्कृतमा जुन साहित्य छ, त्यो सायद विश्वमै अद्वितीय र उत्तम छ । यसभित्र नव्य, प्राचिन (न्याय), सांख्य, मीमांसा आदि ६ वटा दर्शनहरू छन् जसमध्ये प्रत्येकको पूर्ण अध्ययन गर्न १०/१२ वर्षको समय लाग्ला । त्यहाँभित्र फलित र गणित ज्योतिषहरू त्यत्तिकै बृहद् छन् । त्यसभित्रको चिकित्सा प्रणाली तथा आयुर्वेद उत्तिकै विशाल छ । त्यस्तै संगीतशास्त्र, तन्त्रशास्त्र पनि त्यत्तिकै उच्च कोटिका मानिन्छन् । मानवसभ्यताको शुरुमा लेखिएका मानिएका चारवटा वेदहरू त्यत्तिकै ज्ञानभण्डारका रूपमा प्रख्यात छन् । अर्थात् संस्कृत भाषा कुनै जातिविशेषको भाषा होइन । संस्कृत भाषा जसले पढ्छ र बोल्छ उसको भाषा हो ।

संस्कृत भाषा नेपाल र भारतमा मात्र प्रचलित होइन, यो त विशवमै प्रचलित छ र यो भारतीय महाद्विपकै सबभन्दा पुरानो भाषा हो । इण्डो युरोपीय भाषा परिवारका फ्रेन्च, इङ्गलिस, ल्याटिन आदि भाषाको जननी पनि यस भाषालाई मानिएको छ ।

नेपालका सबै राष्ट्रिय भाषाको विकास र सम्बर्द्धनका निम्ति सरकारले समुचित प्रयत्न गर्नुपर्दछ । संस्कृत विदेशी भाषा र मृत भाषा भन्ने विचार तथ्यमा आधारित छैन । हाम्रा विभिन्न जनजातिका धर्म, संस्कृति र संस्कार संस्कृत भाषामा नै आधारित छन् । हाम्रा पुरातात्त्विक शिलालेखहरू, हिन्दु र बौद्ध धर्मग्रन्थहरू संस्कृत भाषामा नै छन् । नेपाली, मैथिली, नेवारी, भोजपुरी, तामाङ आदि भाषाबाट संस्कृतका शब्दलाई निकाल्दा त्यो भाषाको स्वरूप कस्तो होला ? संस्कृतका शब्दहरूविना हाम्रा राष्ट्रिय भाषाहरूको अस्तित्व रहन सक्ला ? अंग्रेजीभन्दा संस्कृत प्रत्येक नेपालीका दुवै थरी भारोपेली एवं भोट बर्मेली परिवारका भाषाभाषीलाई अत्यन्त उपयोगी छ र अत्यन्त सार्थक पनि छ ।

संस्कृत भाषाको ज्ञानविना वेद, उपनिषद्, गीता, पुराण आदि शास्त्रहरूको ज्ञान सम्भव छैन । अमृत भाषाको रूपमा रहेको वेद वाणी संस्कृत भाषालाई हेय अर्थात् उपेक्षा गरिनु अत्यन्त दुःखद् रहेको छ । ज्ञान र विज्ञानको अजस्र श्रोत संस्कृत भाषा नै हो । नेपाली संस्कृतिका चाडवाड, चालचलन, रीतिस्थिति आदि सबै संस्कृतमा रहेका छन् ।

संस्कृत भाषा मात्र होइन, यो त हाम्रो उच्च सभ्यता, जीवन्त संस्कार र उच्च कोटिको जीवन दर्शन हो । संस्कृत शिक्षा शान्ति, सुव्यवस्था, रोजगारी, स्वाभिमान र चरित्रनिर्माणमा अग्रगामी छ ।

एतद्‌देशप्रसूतस्य सकाशादग्रजन्मनः
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।

अग्रगामी जीवनचर्या भएका यसै स्थानमा जन्मेका ज्ञानी व्यक्तिहरूबाट पृथ्वीका समस्त मानवहरूले आफ्ना लागि उपयोगी शिक्षा हासिल गरून् भनने उच्च भाव थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसुधैव कुटुम्बकम् (विश्व नै परिवार हो)

ईशावास्यमिदं सर्वम् (यो सम्पूर्ण संसार नै ईश्वरले व्याप्त छ)

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः (कर्म गरेर नै सय वर्ष बाँच)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी (जननी र जन्मभूमि स्वर्गभन्दा पनि ठूला छन्)

वयं राष्ट्रे जागृयामः (हामी राष्ट्रका निम्ति जागौं)

प्राणीमात्रमा दया गर्ने तथा मानवमात्रमा समानताको व्यवहार गर्ने उदार भावको सन्देश संस्कृतमा पाइन्छ।

मानवतावादको महिमा गाउने समन्वयवादी संस्कृति संस्कृतमा रहेको छ।

स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।

तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।

आत्मैव ह्मात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ

ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥

श्रीमद्‌भगवत्‌गीता १७।२४

यज्ञदानतपः कर्म न त्याज्यं कार्यमेव तत् ।

यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥

ऐ. १८।५

यस्तो उदार विशाल भावना संस्कृतमा पाइन्छ। अजस्र ज्ञानका स्रोतहरू संस्कृत वाङ्मयमा रहेका छन्।

हाम्रो जन्मदेखि मृत्युसम्मका यावत् संस्कार, इतिहास र संस्कृतिका सम्पूर्ण सामग्री, सिर्जनात्मकता, कलात्मकता समग्र प्रेरणा एवं मूल स्रोत, विशिष्टता र मौलिकताका समस्त आयामहरू संस्कृत वाङ्मयमै निहित छन्।

वैदिक सनातन संस्कृति लोप हुँदै जानुको प्रमुख कारण संस्कृत वाङ्मयबाट टाढिनु हो।

मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव जहाँ लोप हुँदै जान्छ, त्यहाँ छाडावादले प्रश्रय पाउँछ। संस्कृत भाषामा अन्तर्निहित संस्कृत वाङ्मयको अध्ययन, मनन र धारण नहुँदा हाम्रो वैदिक संस्कृतिसभ्यता पनि बाँच्न सक्दैन । यो संस्कृति, विश्वजननी संस्कृतिको सनातन परम्परा हो।

वैदिक सनातन धर्म-संस्कृतिको आधार वेद नै हो जो अपौरुषेय र नित्य मानिन्छ।

'सम्' उपसर्गमा 'कृ' धातुबाट भूषण अर्थमा सुट्को आगममा 'क्तिन्' प्रत्ययबाट संस्कृति शब्दको निर्माण हुन्छ। भूषणभूत सम्यक कृति - यसको अर्थ हो। त्यसकारण भूषण भूत कृति अथवा चेष्टालाई नै संस्कृति भन्न सकिन्छ। पशु-पंक्षी-कीट आदि भोगयोनिहरूमा जीवको चेष्टाहरू स्वाभाविक रूपमा नै हुने गर्दछ। त्यहाँ सम्यक - असम्यकको भेद हुँदैन तर मनुष्ययोनिमा नै जीव कर्म गर्नमा स्वतन्त्र मानिन्छ। त्यसैले नै सम्यक चेष्टा वा कृतिया संस्कृतिको प्रयोग मनुष्यमा मात्र गर्न सकिन्छ। मनुष्यको भूषणभूत सम्यक कृतिमा चेष्टा नै संस्कृति हो जुन चेष्टाद्वारा मनुष्य आफ्नो जीवनको समस्त क्षेत्रमा उन्नति, प्रगति गर्दै सुख–शान्ति प्राप्त गर्दछ । ती चेष्टाहरू नै उसका निम्ति भूषणभूत सम्यक् चेष्टा भनिन्छ। मनुष्यको आधिभौतिक, आधिदैविक र आध्यात्मिक उन्नतिका चेष्टाहरू नै मनुष्यका भूषणभूत सम्यक चेष्टाहरू हुन्। मनुष्यका वैयक्तिक, सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक आदि सबै क्षेत्रमा लौकिक-पारलौकिक अभ्युदयको निम्ति अनुकूल मन,बुद्धि र चित्तको चेष्टा नै उसका भूषणभूत सम्यक चेष्टा या संस्कृति हो। मनुष्यको लौकिक-पारलौकिक सर्वाभ्युदयको अनुकूल आचार-विचार नै संस्कृति हो। कुनै जातिले आफ्नो लौकिक-पारलौकिक उन्नतिको मार्ग जुन आधारमा निश्चय गरिन्छ, त्यसैको आधारमा उसको संस्कृतिको निर्णय हुन सक्छ।

हरेक वर्णाश्रमिक निम्ति लौकिक, पारलौकिक अभ्युदयमा जुन कर्म या आचार-विचारको विधान गरिएको हुन्छ, त्यो विधानको पालना नै त्यो वर्णाश्रमीको कर्तव्य हुन्छ। हरेक वर्णाश्रमीले पालना गरेको अनुशासन नै लौकिक पारलौकिक उन्नति मानिन्छ। कुनै जातिको धर्मशास्त्रद्वारा प्रतिपादित आचार-विचार नै त्यो जातिको संस्कृतिको स्वरूप हुन्छ। त्यसकारण संस्कृतिको आधार शास्त्र नै हो। वेद, उपनिषद्, पुराण, स्मृतिसम्मत् आचार-विचार नै वैदिक सनातन संस्कृति स्वरूप हो। मनुष्यको सम्पूर्ण जीवन आचारविचारमय नै हुन्छ। त्यसैले संस्कृतिको क्षेत्रमा मानव जीवनका समस्त पाटाहरू आउँछन्। मानव जीवनका प्रत्येक क्षेत्रमा वेदादि शास्त्रानुकूल आचार विचार नै वैदिक सनातन संस्कृति हो।

श्रीमद्‌भगवद्‌गीतामा भगवान् श्रीकृष्ण अर्जुनलाई

कुन कर्म गर्नाले पुण्य अनि कुन कर्म गर्नाले पाप हुन्छ भन्ने-कुराको निर्णय शास्त्रले नै दिने गर्दछ। -जगद्‌गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुहुन्छ -

चातुवर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥ ४।१३

पूर्व जन्ममा गरिएका कर्म अनुसार सत्त्व, रज र तम यी तीन गुणमा न्यूनाधिकता रहन्छ । सृष्टि रचनाको समयमा ती गुण र कर्म अनुसार भगवान्‌बाट ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्र यी चार वर्णको रचना हुन्छ । सत्त्वगुणको प्रधानताबाट ब्राह्मण, रजोगुणको प्रधानता तथा सत्त्वगुणको गौणताबाट क्षत्रिय रजोगुणको प्रधानता तथा तमोगुणको गौणताबाट वैश्य र तमोगुणको प्रधानबाट शुद्रको रचना भएको छ । मनुष्यबाहेक देवता, पितृ, तिर्यक आदि अर्को योनिको रचना पनि भगवान् गुण र कर्मअनुसार नै गर्नुहुन्छ । यसमा भगवान्‌को किञ्चिनमात्र पनि विषमता छैन । मनुष्यमात्र चार वर्णका हुने होइनन् पशु, पंक्षी, वृक्ष आदि पनि चार प्रकारका हुन्छन् । जस्तो कि पंक्षीमा परेवा आदि ब्राह्मण, बाज आदि क्षत्रिय, चील आदि वैश्य र काग आदि शुद्र पंक्षी हुन् । यसैगरी वृक्षमा पीपल, आदि ब्राह्मण, नीम आदि क्षत्रिय, इमली आदि वैश्य तथा बबुल (काछा) आदि शुद्र वृक्ष मानिन्छन् । तर श्रीमद्‌भगवद्‌गीतामा 'चातुवर्ण्यम्' भनेर मनुष्यलाई इङ्गित गरिएको छ किनकि वर्णविभागको बारेमा यथार्थ जानकारी मनुष्यले नै गर्न सक्दछ, उसले मात्र बुझ्न सक्छ र त्यही अनुसार कर्म पनि गर्न सक्दछ किनकि कर्म गर्ने अधिकार मनुष्यमा मात्र छ । भगवान् श्रीकृष्ण ठोकुवा गर्नुहुन्छ - चारै वर्णको रचना मैले नै गरेको हुँ । यी वर्णहरू मेरा नै अंश हुन् र म प्राणीमात्रको सुहृद् हुँ । म सदा तिनीहरूको हित नै भएको हेर्न चाहन्छु । यसको विपरीत यी चारै वर्ण न देवताका अंश हुन् न त देवता सबैका सुहृद् नै हुन् । त्यसैकारण मनुष्यले आफ्नो वर्ण अनुसार समस्त कर्तव्य कर्मद्वारा मेरो नै पूजा गरोस् -

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवाः ॥ १८।४६

(अर्थ) जुन परमात्माबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ र जसमा यो सम्पूर्ण संसार व्याप्त छ, उनै परमात्मालाई आफ्नो कर्मद्वारा पूजन गरेर मनुष्यले सिद्धि प्राप्त गर्दछ ।

मानिसमा कर्म गर्दा कर्तृत्वाभिमानको अभाव हुनैपर्दछ । भगवान्‌ले नै सृष्टिको रचना, पालन, संहार आदि सम्पूर्ण कर्म गर्दा पनि उहाँमा तत् तत् कर्ममा सर्वथा अतीत र निर्लिप्त नै रहनुहुन्छ ।

सृष्टि रचनामा भगवान् नै उपादान कारण हो र उहाँ नै निमित्त कारण पनि हो । माटोबाट बनेको पात्रमा माटो उपादान कारण हो र कुमाले निमित्त कारण हो । माटोबाट भाँडो बन्दा माटोको व्यय हुन्छ र त्यो बनाउँदा कुमालेको शक्ति पनि खर्च हुन्छ । तर सृष्टिरचनामा भगवान्‌को केही पनि खर्च हुँदैन । उहाँको त सङ्कल्पले नै सृष्टि, सृजन र संहार हुन्छ । त्यसैले नै उहाँलाई 'अव्यय' भनिएको हो ।

संस्कृतिमा मानव जीवनका सम्पूर्ण क्षेत्र पर्दछन् । मानव जीवनका प्रत्येक क्षेत्रमा वेदादि शास्त्रानुकूल आचार, विचार नै वैदिक सनातन संस्कृति हो । जीवनका समस्त क्षेत्रमा वेदादि शास्त्रानुकूल आचार-विचारको व्यवस्थाको सक्रिय रूप वर्णाश्रम व्यवस्थाबाट प्राप्त हुन्छ । त्यसैकारण वर्णाश्रमानुकूल आचार-विचार नै वैदिक सनातन संस्कृतिको प्रत्यक्ष स्वरूप हो । वैयक्तिक, सामाजिक, आर्थिक, राजनैतिक, आध्यात्मिक, भाषा, भेषभूषा, आचार, विचार वर्णाश्रमधर्मानुकूल हुनुपर्दछ । यही नै वैदिक सनातन संस्कृतिको आदर्श हो ।

अगोचर, निर्गुण, निराकार वैदिक सनातन हिन्दू दर्शनको विशेषता हो । हिन्दू संस्कृतिमा व्यावहारिक उत्तमता र पारमार्थिक श्रेष्ठता प्रतिष्ठित छन् । मनुष्यलाई मानव विकासको उच्चतम स्थितिमा पुऱ्याएर जीवन्मुक्तिको अवस्था प्रतिष्ठित गराउनु नै वैदिक सनातन संस्कृतिको ठूलो विशेषता हो । सद् विचारबाट सबै कुरा हुन सक्ने सामर्थ यहाँ हुन्छ । स्वरूपप्रतिको निष्ठा मानव जीवनको विकासको श्रेष्ठतम अवस्था मानिन्छ । यसैको प्राप्ति नै वैदिक सनातन हिन्दू संस्कृतिको लक्ष्य हो । मानिसको पूर्ण स्वतन्त्रमय अनन्त ज्ञानको क्षेत्रमा परमानन्दको अनुभव गराउन अतुलनीय संस्कृति वैदिक सनातन संस्कृतिमा नै छ । त्यसैले वैदिक सनातन संस्कृति सर्वसामर्थ्यमय सर्वाङ्गीण पूर्ण संस्कृति हो ।

हिन्दू संस्कृति सर्वकल्याणकारिणी छ । यो संस्कृति आफू र आफ्ना अनुयायीको निम्तिमात्र नभै समस्त ब्रह्माण्डका निम्ति विश्वपोषक मङ्गलकारी प्रभाव उत्पन्न हुन्छ । प्राणीको प्रत्येक कर्मको प्रभाव कर्तासँगमात्र सीमित हुँदैन । समस्त ब्रह्माण्डमा त्यसको प्रभाव पर्दछ । कुनै प्राणीको कर्मको प्रभाव सृष्टिको अनुकूल र कुन कर्मको प्रभाव सृष्टिको प्रतिकूल हुन्छ, यसको पूर्ण रूपबाट निर्णय गर्नु मानवी बुद्धिभन्दा परको कुरो हो । मनुष्य अल्पज्ञ छ, ऊ समस्त सृष्टिसँग परिचित हुन सक्दैन र अनन्त प्राणीहरूको अनन्त कर्मराशिका बारेमा

शास्त्र त्रिकालज्ञ महर्षिहरूको वेदनानुसारी अनुभव हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि बुझ्न सक्दैन। त्यसैले कुन प्राणीको कुन कर्मको प्रभाव प्रकृतिको कुन स्तरमा पर्दछ। यस्तो निर्णय गर्नु मनुष्यको सामर्थ्यभन्दा बाहिरको कुरो हो। यस्तो निर्णय त्यसैले गर्न सक्दछ, जो सर्वज्ञ छ। जसले सृष्टिको रचना गर्दछ, जसले समस्त प्राणीलाई बनाउँछ, जसले समस्त कर्मराशि र कर्मफल राशिको सृजना गरेको छ, त्यही सर्वज्ञ परमात्मा कर्मको सूक्ष्म शुभाशुभ प्रभावलाई पूर्णयता प्रकाशित गर्न सक्दछ। त्यसैले परमात्माको निःश्वासको रूपमा रहेको सनातन वेदले कर्मको शुभ या उपादेय प्रतिपादन गर्दछ। ईश्वरको प्रभाव पूर्णतया सृष्टि पोषक, मङ्गलमय र सर्वकल्याणकारी हुन्छ। जुन कर्मलाई वेदले अशुभ या हेय निर्देश गर्दछ, त्यो प्रभाव सृष्टिको लागि अवश्य नै अमङ्गलकारी हुन्छ। यसबाट यो स्पष्ट हुन्छ कि वेद शास्त्रसम्मत समस्त शुभकर्म कर्ताको लागि कल्याणप्रद फलोत्पादन गर्दै समस्त ब्रह्माण्डमा सृष्टिपोषक प्रभाव पार्दछ। त्यसैले वैदिक सनातन संस्कृति सर्वकल्याणकारी मानिन्छ।

वैदिक सनातन संस्कृतिका हरेक पहलुमा दृष्टिपात गर्दा पद पदमा यसको महती विशेषताहरू देखापर्दछन्। हिन्दू संस्कृतिमा पाइने वर्णाश्रमधर्मसम्बन्धी व्यवस्थामा पाइने उत्कृष्टता, सर्वाङ्गीण पूर्णता र उपादेयताको प्रतिपादनमा प्रशस्त विशाल ग्रन्थहरू लेखिएका छन्। ब्राह्मण, क्षत्री, वैश्य, शुद्र यी चार वर्ण र ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र सन्याश्रमको प्राकृतिक व्यवस्था मनुष्य योनिमा जीवको कर्मोन्नतिको सर्वोत्कृष्ट साधन हो। वैदिक सनातन संस्कृतिले दिग्दर्शन गरेको मार्गमा हिड्दा हिन्दू व्यक्तिगत र सामाजिक रूपमा मानव विकासको पूर्णताको उत्कृष्ण शिर वरपर समासीन हुने सामर्थ्य हुने सौभाग्य प्राप्त गर्दछ। मनुष्यमा भएको अल्प शक्ति र सीमित सामर्थ्यबाट अनन्त शक्ति र अपरिमित सामर्थ्यतिर र जीवभावबाट ईशभाव या ब्रह्मभावतिर स्वाभाविक रूपमा अग्रसर गराउने वर्णाश्रम व्यवस्था सनातन वैदिक सनातन संस्कृतिको रहस्यपूर्ण विशेषता हो।

ब्रह्मचर्याश्रममा गुरु शिक्ष्यको व्यावहारिक उत्कृष्टता र ब्रह्मचर्यब्रत पालनद्वारा उर्ध्वरेतस्त्वको प्राप्ति हिन्दू संस्कृतिको विशेषता हो।

गृहस्थाश्रममा मातापिता, पतिपत्नी, पितापुत्र, दाजुभाइ, दिदीबहिनी आदिको परस्पर आदर्श व्यवहार सन्तानले मातापिताप्रति गर्ने सेवा, पत्नीको लागि पातिब्रत्य धर्म सतीत्वको श्रेष्ठता र पत्नीप्रति पतिको कर्तव्य, पतिले पत्नीलाई साक्षात् गृहलक्ष्मीस्वरूप तथा पुत्रको निम्ति मातृदेवो भव, पितृदेवो भव आचार्यदेवो भवको उपदेश आदि विशेषताहरू छन् जसको कारण वैदिक सनातन संस्कृति अन्य संस्कृतिका समक्ष सदा नै समुज्ज्वल मुहार र उन्नत शिरका रूपमा रहेको छ।

वानप्रस्थाश्रममा निवृत्ति मार्गको बारेमा सिकाइएको हुन्छ। 'श्रीमद्भागवतमहापुराण'मा वानप्रस्थीका कर्तव्यको बारेमा यसरी दिग्दर्शन गराइएको छ -

न कृष्टपच्यमश्रीयादकृष्टं चाप्यकालतः
अग्निपकवमथामं वा अर्कपकमुताहरेत्
वन्यैश्चरूपुरोडगशान् निर्वपेत् कालचोदितान्
लब्धे नवे नवेऽन्नाद्ये पुराणं तु परित्यजेत्
अग्न्यर्थमेव शरणमुटजं बाद्रिकन्दराम्
अयेत हिमवाटवग्निवर्षर्कातपषाट् स्वयम् ॥ भागवत ।७।१२।१८-२०

वानप्रस्थ आश्रममा रहेकाले जोतेको भूमिबाट उत्पन्न हुने चामल, गहुँ आदि अन्न खानहुँदैन। नजोतिकनै उम्रेको अन्न पनि यदि समयमा पाकेको छौन भने त्यो पनि खानुहुँदैन। आगोले पाकेको वा काँचो अन्न पनि खानहुँदैन। केवल सूर्यको तापबाट पाकेको कन्दमूल, फल आदिलाई मात्र सेवन गर्नुपर्दछ। जंगलमा आफै उम्रेका धान्यबाट नित्य नैमित्तिक चरु र पुरोडाशबाट हवन गर्नुपर्दछ। जब नयाँ–नयाँ अन्न फल,फूल आदि प्राप्त हुन थाल्छन्, पहिले जम्मा गरेका अन्न परित्याग गर्नुपर्दछ। वानप्रस्थाश्रमलाई सफल बनाउन वैदिक सनातन संस्कृतिबाट प्रदत्त उपदेशहरू अत्यन्त सारगर्भित रहेका छन्।

सन्यासआश्रमका बारेमा श्रीमद्भागवतपुरायणमा यसरी बताइएको छ -

एक एव चरेद् भिक्षुरात्मारामोऽनापाश्रयः
सर्वभूतसुहृच्छान्तो नारायणपरायणः ॥ ७।१३।३
अव्यक्तलिङ्गो व्यक्तार्थो मनीष्युन्मत्तबालवत् ।
कविर्मूकवदात्मानं स दृष्टया दर्शयेन्नृणाम् ॥ ७।१३।१०

सन्यासी सबै प्राणीको हितैषी हुनुपर्दछ। शान्त हुनुपर्छ, भगवतपरायण हुनुपर्छ, कसैको आश्रय नलिएर आफूमा नै रमाउनु पर्दछ र एक्लै विचरण गर्नुपर्दछ।

शान्त समदर्शी र महात्मा सन्यासीका निम्ति कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रमको बन्धन धर्मको कारण होइन । उसले आफ्नो आश्रमको चिह्न धारण गरोस् या छोडोस् ।

सन्यासीसँग कुनै आश्रमको चिह्न नहोस् तर ऊ आत्मानुसन्धानमा मग्न होस् । सन्यासी अत्यन्त विचारशील भए पनि पागल र बालक जस्तो बनोस् । ऊ अत्यन्त प्रतिभाशाली भएर पनि साधारण मनुष्यको दृष्टिमा यस्तो देखियोस् कि ऊ लाटो छ ।

गृहस्थाश्रममा विविध प्रकारका व्यवहार सम्पादन गर्दा मनुष्यको बुद्धि अधिक सांसारिक बन्दछ। त्यसैले जगत्प्रपञ्चबाट अलग्गिएर त्याग, वैराग्य, तपस्या (एकाग्रता)बाट वैदिक सनातनीहरू आफ्नो बुद्धिलाई कल्मषबाट हटाई मनलाई परमानन्दमय ईश्वरतत्त्वमा नियोजित गर्दछन् । यसरी वैदिक सनातन धर्मसंस्कृतिमा अनुप्राणित रहेको आश्रम व्यवस्था, प्रवृत्ति, धर्म र निवृत्ति, धर्म दुवैबाट परिपूर्ण छ । ब्रह्मचर्याश्रममा परमार्थ र व्यवहारको परिचय गराई प्रवृत्तिका बारेमा ज्ञानार्जन गराइन्छ । गृहस्थाश्रममा प्रवृत्ति गराइन्छ । वानप्रस्थाश्रममा निवृत्तिका बारेमा सिकाइन्छ र सन्यास आश्रममा निवृत्ति गराइन्छ ।

हिन्दू संस्कृतिमा जीवनका व्यावहारिक र पारमार्थिक सामञ्जस्यको पूर्ण शक्ति छ जसका कारण हिन्दू लौकिक र पारलौकिक दुवै सुख-शान्ति प्राप्त गर्न समर्थ हुन्छ ।

पूजा, पाठ, उपासना हिन्दू संस्कृतिको ठूलो विशेषता हो । मन्त्रयोग, हठयोग, राजयोग र भक्तियोगको माध्यमबाट शक्ति आर्जन गरी सिद्धिसम्पन्न बनेर अनन्त आनन्दको सिंहासनमा विराजित हुन पुग्दछ। निरन्तर जगत्कार्यमा लागेका मानिसका निम्ति हिन्दू संस्कृति निष्काम कर्मयोगको उपदेश दिएर तिनका सम्पूर्ण कार्यक्षेत्रलाई नै उपासनाको साधना बनाइदिन्छ । उनीहरू भगवद्अर्पण बुद्धिको विकासबाट तिनका लौकिक, पारलौकिक सर्वोन्नति मार्ग प्रशस्त बन्न पुग्दछ । यज्ञ, महायज्ञ र अनुष्ठानद्वारा उपासना गरेर स्थूल जगत्बाट सूक्ष्म दैवी जगत्का विभिन्न देवीदेवतालाई प्रसन्न गरी हिन्दू आफ्नो वैयक्तिक, सामाजिक र विश्वकल्याणका निम्ति दैवी बल प्राप्त गर्न समर्थ हुन्छ । यो नै वैदिक सनातन हिन्दू संस्कृतिको विशेषता हो ।

सामाजिक सर्वोन्नतिको लागि हिन्दू संस्कृतिमा प्राकृतिक गुणानुसारी कर्मको आधारमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चार वर्णको व्यवस्था छ । यसको मूलमा हिन्दू संस्कृतिको ठूलो विशेषता, जन्मान्तरवादको मान्यता छ । यो जन्ममा जीवन प्रधान रूपबाट जे कार्य गर्दछ, त्यो संस्कार जीवको चित्तमा अङ्कित हुन्छ । पूर्व जन्मको सत्कर्म अनुसार आउने जन्ममा त्यही संस्कारअनुसार नै उसको कर्ममा स्वाभाविक प्रवृत्ति हुन्छ । त्यसकारण संस्कार नै कर्मको बीज हो र त्यो नै सृष्टिको कारण हो । जीव सर्वथा संस्कारको दास हुन्छ । वैदिक सनातन संस्कृतिमा जीवको संस्कारको निर्णय उसको जन्मेको आधारमा गरिन्छ । कुनै जाति या वर्णमा कुनै जीवनको जन्मले नै प्रमाणित गर्दछ कि उसको संस्कार त्यो वर्ण या जातिको संस्कारअनुरूप नै हुन्छ । सबै मनुष्य आ-आफ्नो प्राकृत संस्कारअनुरूप कर्म गर्दा स्वाभाविक रूपले सरलताबाट नै सबै कार्य हुँदै जाओस् । मनुष्यको संस्कारमा विचलन हुँदा अन्तःकरण दुर्बल हुन्छ जसको कारण मनुष्यको आधिदैविक र आध्यात्मिक पतन हुन्छ र कर्मको शक्ति पनि क्षीण हुन्छ । अर्थात् बलशाली हुँदैन । जो आधिभौतिक शक्तिको ह्रासको द्योतक हो । समाजका मनुष्यको उसको प्राक्तन संस्कारबाट भिन्न प्रकृत्ति भएका कर्ममा लागेको कारण नै व्यक्ति तथा समाजको आधिभौतिक आधिदैविक र आध्यात्मिक शक्तिको ह्रास हुँदै जान्छ । यस्तै प्रकारको ह्रास नै कतिपय जातिहरूको पतनको कारण हो । यस्तो प्रकारको ह्रासबाट वैदिक सनातनी जातिलाई बचाइराख्नका लागि र तिनीहरूलाई सतत शक्तिशाली तथा उन्नतिशील बनाइ राख्ने लक्ष्यबाट सनातनी संस्कृतिमा जीवको प्राकृतिक संस्कारअनुसार कर्मलाई निश्चय गर्नका लागि जन्मना चातुर्वण्य व्यवस्थाको स्थापना भएको हो र यही नै वैदिक सनातन हिन्दू जाति चिरजीव्वी रहनु एउटा प्रधान कारण पनि हो । हामीले प्रत्यक्ष रूपमा अनुभव गरेका छौं कि ब्राह्मणको बालक जन्मबाट नै "स्वभावप्रभवैर्गुणः" स्वभावबाट उत्पन्न भएको भनिएभैँ

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥ १८।४२

मनलाई निग्रह गर्ने, इन्द्रियलाई वशमा राख्ने, धर्मपालनका निम्ति कष्ट सहने बाहिर र भित्रबाट शुद्ध हुने, अर्काको अपराधलाई क्षमा गर्ने, शरीर, मन आदिमा सरलता राख्ने, वेद शास्त्र आदिमा ज्ञानार्जन गर्ने, यज्ञविधिलाई अनुभवमा ल्याउने र परमात्मा, वेद आदिमा आस्तिक भाव राख्ने यी सर्व नै ब्राह्मणका स्वाभाविक कर्म भएकाले यी गुणहरू केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रामा भए पनि देखापर्दछन्। तर वर्णपरम्परा शुद्ध तथा सही हुनुपर्दछ अनि मात्र यी गुण ब्राह्मणमा स्वाभाविक हुन्छन् तर वर्ण शङ्करता आउँदा यी गुण स्वाभाविक रूपमा हुँदैनन्। यसमा कमी आउन थाल्दछ। त्यसैले 'श्रीमद्भगवद्गीता'मा स्पष्टसँग बताइएको छ - सनातन परम्परामा चार वर्णको उल्लेख गरिएको छ जुन अत्यन्त वैज्ञानिक छ। यहाँ कर्मलाई आधार बनाइएको छ।

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परन्तप।

कर्माणि प्रविभक्तानि स्वभावप्रभवैगुणैः॥ श्रीमद्भगवत गीता १८।४१

हे परंतप ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका कर्म स्वभावबाट नै उत्पन्न हुन्छन्। तिनओटै गुणद्वारा विभक्त गरिएका हुन्।

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रको कर्मको विभाग अलग अलग हुन्छ र कर्मअनुसार शास्त्रीय अधिकार पनि भिन्न नै हुन्छ। मनुष्य जस्तो कर्म गर्दछ, उसको अन्तस्करणमा त्यो कर्मको संस्कारको छाप पर्दछ र त्यो संस्कार अनुसार नै स्वभाव बन्दछ। यसरी पहिलेका अनेक जन्ममा गरिएका कर्मको संस्कार अनुसार मनुष्यको जस्तो स्वभाव हुन्छ, त्यही अनुसार उसमा सत्त्व, रज र तम तीन गुणको वृत्तिहरू उत्पन्न हुन्छन्। यी नै गुण वृत्तिअनुसार नै ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका कर्ममा विभाग गरिएको छ। यसको प्रमुख कारण नै मनुष्यमा जस्तो गुणवृत्ति हुन्छ, उसले त्यस्तै नै कर्म गर्दछ।

त्यसैगरी क्षत्रियको बालक जन्मबाट नै वीर प्रकृतिको हुन्छ। श्रीमद्भगवद्गीतामा क्षत्रियको स्वभावको बारेमा बताइएको छ -

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम्।

दानमीश्वरभावश्च क्षात्रकर्म स्वभावजम्। श्रीमद्भगवद्गीता १८।४३

शूरवीरता, तेज, धैर्य, प्रजा सञ्चालन आदिको विशेष चतुरता, युद्ध छोडेर कहिल्यै नभाग्नु, दान गर्नु, शासन गर्ने प्रवृत्ति यी सबै क्षत्रियको स्वाभाविक कर्म हो।

वैश्यको बालक स्वाभाविक रूपमा नै व्यवसायी प्रवृत्तिको हुन्छ। श्रीमद्भगवद्गीतामा वैश्यको स्वभावको बारेमा भनिएको छ -

कृषिगौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम्। श्रीमद्भगवद् गीता १८।४४

खेती गर्नु, गाईको रक्षा गर्नु र व्यापार गर्नु यी सबै वैश्यको स्वाभाविक कर्म हुन्।

भगवान् श्रीकृष्ण आफूलाई वैश्य मान्नुहुन्छ।

कृषिवाणिज्यगोरक्षा कुसीदं तुर्यमुच्यते।

वार्ता चर्तुविंधा तत्र वयं गोवृत्तयोऽनिशम्॥ श्रीमद् भा. १०।२४।२१

उहाँ आफूले स्वयं गाई र बाच्छालाई चराउनुभयो। स्वयम्भू मनुले वैश्यवृत्तिमा **'पशूनां रक्षणम्'। मनुस्मृति १।९०** पशुहरूको रक्षा गर्नू भन्नुभएको छ। भगवान् श्रीकृष्ण आफ्ना जाति भाइहरूलाई भन्नुहुन्छ- तिमीहरू सबैले पशुहरूको पालन र तिनीहरूको रक्षा गर्नुपर्दछ। त्यसैले वैश्य समाजले गाईको रक्षामा आफ्नो तन, मन, धन लगाउनुपर्दछ, तिनीहरूको रक्षा गर्नमा आफ्नो शक्ति पनि लगाउनुपर्दछ।

परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम्।

श्रमद्भगवद्गीता १८।४४

चारै वर्णको सेवा गर्नु, सेवाको सामग्री तयार गर्नु चारै वर्णको कार्यमा कुनै बाधा अड्चन नआओस्, सबैलाई सुख आराम होस्। यो भावबाट आफ्नो बुद्धि, योग्यता, बलद्वारा सबैको सेवा गर्नु शूद्रको स्वाभाविक कर्म हो। शूद्रको बालक आफ्नो गृहको कलाकौशलादिमा स्वाभाविक रूपमा नै रुचि राख्ने हुन्छ र त्यस्तो कार्यमा ऊ शीघ्र नै दक्ष हुन्छ। तर जन्मले मात्र कहीँ कतै वर्ण वा जाति तोकिँदैन। **'जन्मना जायते शूद्रः संस्काराद् द्विज उच्यते'** संस्कार नभई 'द्विज' वा ब्राह्मण आदि हुन सक्दैन। यो स्पष्ट छ, जन्मकै आधारमा कसैको जाति वा वर्ण तोकिन्छ भने त्यो स्वीकार्य हुँदैन। ब्राह्मण हुनलाई तप, शास्त्रको अध्ययन र जन्म तीनै पक्ष आवश्यक छ। आचरण र शास्त्रज्ञान छैन भने त्यो जाति ब्राह्मण हुन्न यथार्थ ब्राह्मण हुँदैन भनिएको छ -

तपः श्रुतिश्च योनिश्च एतद् ब्राह्मणकारकम्। तपः श्रुतेभ्यो यो होना जाति ब्राह्मण एव सः। - पा.व्या.भा ५।१।११५

यसरी वर्णव्यवस्थामा सामाजिक कार्यका निम्ति स्वाभाविक सन्तुलन कायम हुन्छ र आफ्नो वर्णको कार्यमा प्रत्येक पिढीँ उन्नति गर्दै जान्छ। समाजका प्रत्येक वर्गका निम्ति उन्नतिको स्वाभाविक मार्ग जन्मना वर्णव्यवस्थाबाट नै हुँदै जान्छ। प्रत्येक वर्ण या जातिको निम्ति निर्धारित शास्त्रोक्त आचारविचारको विश्लेषणबाट यो स्पष्ट हुन्छ कि

"सत्त्वात्संजायते ज्ञानं" अर्थात् अन्तःकरणको शुद्धि भएमा सत्त्वगुणको प्रधानतामा परमात्माको यथार्थ ज्ञान हुन्छ। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णव्यवस्था सबैको लागि समान रूपबाट अभ्युन्नतिकारी हुन्छ। प्रत्येक वर्गका र सम्पूर्ण समाजको उन्नतिका लागि हितकारी हुन्छ।

कुनै वर्णको कोही मनुष्य भगवान्‌को प्रगाढ भक्तिबाट सर्वत्र आफ्नो इष्टको दर्शन गर्दै आध्यात्मिक विकासको उच्च अवस्था प्राप्त गर्न सक्दछ। जबसम्म इष्टको पूर्ण बोध हुँदैन तबसम्म सर्वत्र परमात्मदर्शनद्वारा वृत्ति भगवत् तत्त्वमा लीन हुँदैन। वर्णाश्रम धर्मको अवलम्बन गरि नै रहनुपर्दछ। पूर्ण बोधविना आफ्नो वर्णाश्रमानुसारी कर्म छोड्नु आफ्नै उन्नतिको मार्गबाट भ्रष्ट हुनु हो। वैदिक सनातन संस्कृतिको यो विशेषता हो कि ऊ आफ्नो अनुयायीलाई उन्नतिको सांस्कृतिक मार्गमा हिडाउँदै उनीहरूका निम्ति पूर्णोन्नतिको द्वार सदा खुला राख्दछ।

वर्ण वा जातिको अपरिवर्तनको सिद्धान्त वैदिक सनातन संस्कृतिको विशेषता हो। हिन्दू संस्कृति वर्णसङ्करतामा समाज र राष्ट्रको विनाश देख्तछ।

कुलक्षये प्रणश्यन्ति कुलधर्मा सनातनाः।

धर्मे नष्टे कुलं कृत्स्नमधर्मौऽभिभत्यत ॥

श्रीमद्भगवद्गीता १।४०

कुलको क्षय हुँदा सदादेखि चलिआएका कुलधर्म नष्ट हुन्छ र धर्मका नाश भएपछि बाँचेका सम्पूर्ण कुललाई अधर्मले अधीन बनाउँछ।

जब युद्ध हुन्छ तब कुल (वंश) को ह्रास हुन्छ। जुन बेलादेखि वंशको आरम्भ भयो, त्यही बेलादेखि कुलको धर्म, कुलको पवित्र परम्परा, रीति, मर्यादाहरू अविच्छिन्न गतिले चल्दैआएका हुन्छन्। परन्तु जब कुलको क्षय हुन्छ तब कुलको साथमा सदा रहने धर्म पनि नष्ट हुन्छ। जन्मको समय, द्विजाति संस्कारको समय, विवाहको समय, मृत्युको समय, र मृत्युपछि गरिने जुन-जुन पवित्र सस्कार छन्, ती संस्कार जीवित र मृतात्मा मनुष्यका निम्ति यो लोक र परलोकमा कल्याणकारी बन्दछन्। ती नष्ट हुन्छन्। जब कुलको नाश हुन्छ तब कुलमा आश्रित रहने धर्म कसको आश्रितमा रहन्छ ? जब कुलको पवित्र मर्यादा पवित्र आचरण नष्ट हुन्छ, धर्मको पालन नगर्नु, धर्म विपरीत काम गर्नु, गर्नुपर्ने कर्म नगर्नु, गर्न नहुने कर्म गर्नु- यस्तो गर्दा सम्पूर्ण कुललाई अधर्म व्याप्त हुन्छ।

युद्धमा शास्त्र, शस्त्र व्यवहार आदि बुझेका अनुभवी पुरुषको मृत्युपश्चात् बाँचेका व्यक्तिलाई राम्रो शिक्षा दिने व्यक्ति हुँदैनन्। मर्यादा, व्यवहारको ज्ञानविना उनीहरू स्वेच्छाचारी आचरण गर्न लाग्दछन्। गर्नुपर्ने कर्तव्य नगरी नगर्नुपर्ने कर्म गर्दछन्- जसको कारणबाट अधर्मको वृद्धि हुँदै जान्छ।

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः।

स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णङ्करः ॥ ऐ. १।४१

अर्जुन भन्दछन् - हे कृष्ण ! अधर्म अधिक मात्रामा बढेपछि कुलका स्त्रीहरू दूषित हुन्छन् र स्त्रीहरू दूषित भएपछि वर्णसङ्कर पैदा हुन्छन्।

धर्मको पालनबाट नै अन्तःकरण शुद्ध हुन्छ। अन्तःकरण शुद्ध भएपछि बुद्धि सात्त्विकी बन्दछ। सात्त्विकी बुद्धिबाट नै के गर्नुपर्दछ के गर्नुहुँदैन। यस्तो विवेक जागृत हुन्छ। परन्तु जब कुलमा अधर्म बढ्दछ तब आचरण अशुद्ध हुँदै जान्छ। अन्तःकरण अशुद्ध भएपछि बुद्धि तामसी बन्दछ, बुद्धि तामसी भएपछि मनुष्य अकर्तव्यलाई कर्तव्य र कर्तव्यलाई अकर्तव्य मान्न लाग्दछ। शास्त्र मर्यादा विपरीत कुराको वृद्धि हुँदै जान्छ। यस्तो विपरीत बुद्धिबाट कुलका स्त्रीहरू दूषित र व्यभिचारिणी हुन पुग्दछन्। स्त्रीहरू दूषित भएपछि वर्ण सङ्कर पैदा हुन्छन्। पुरुष र स्त्री दुवै अलग-अलग वर्णका हुँदा जुन सन्तान पैदा हुन्छन् ती वर्णसङ्कर हुन्छन्। परस्परविरुद्ध धर्मको मिश्रण हुँदा जे बन्दछ, त्यसलाई 'सङ्कर' भनिन्छ। जब कर्तव्यको पालन हुँदैन तब धर्मसङ्कर, वर्णसङ्कर, कुलसङ्कर आदि अनेक सङ्करदोष हुन्छन्।

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च

पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥

श्रीमद्भगवद्गीता

वर्णसङ्करले कुलघातीहरू र कुललाई नरकमा लैजान्छ। श्राद्ध र तर्पण नपाउँदा यी कुलघातीका पितृहरूको पनि आफ्नो ठाउँबाट पतन हुन्छ।

वर्ण मिश्रणबाट पैदा भएका वर्णसङ्कर (सन्तान) मा धार्मिक बुद्धि हुँदैन। उसले मर्यादाको पालना गर्दैन किनकि ऊ आफै मर्यादाविपरीत किसिमले पैदा भएको छ। त्यसैकारण उसको कुलधर्म नभएकाले ऊ त्यस (कुलधर्म) लाई पालन गर्न सक्दैन। यही कारणले वर्णसङ्कर व्यक्ति कुलमर्यादा विरुद्ध आचरण गर्दछ।

जसले युद्धमा आफ्नो कुलको संहार गर्दछ, त्यसलाई 'कुलघाती' भनिन्छ। वर्णसङ्करले यस्ता कुलघातीहरूलाई नर्कमा लान्छ। कुलघातीहरूलाई मात्र होइन। कुल परम्परा

शास्त्रको सिद्धान्त छ कि निन्दा गर्नेवालाले जसको निन्दा गर्दछ। उसको पाप बाँडेर लिने गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नष्ट हुँदा सम्पूर्ण कुललाई नै उसले नर्कमा लान्छ। जसले आफ्नो कुलको नाश गर्दछ, यस्ता यी कुलघातीका पितृहरू वर्णसङ्करद्वारा पिण्ड र पानी (श्राद्ध र तर्पण) नपाउँदा ती पितृहरूको पतन हुन्छ। पितृले पिण्ड पानी पाइरहँदा त्यो पुण्यको प्रभावले उच्च लोकमा पितृ रहन पाउँछन् तर जब श्राद्ध र तर्पण गर्ने कार्य बन्द हुँदा पितृ आफ्नो लोकबाट पतन हुन्छन्। पितृको श्राद्ध नगर्नु उनीहरूलाई पिण्ड, पानी नदिनुको प्रमुख कारण नै वर्णसङ्करमा पूर्वज (पितृ) प्रति आदरभाव नहुनु हो। त्यसैले पितृको लागि श्राद्ध तर्पण गर्ने भावना नै प्रकट हुँदैन। यदि ती वर्णसङ्करले लहडमा आएर गरे भने पनि शास्त्र विधिअनुरूप उनीहरूको श्राद्ध तर्पणमा अधिकार नभएकाले त्यो पिण्डपानी पितृले प्राप्त गर्न सक्दैनन्। यसरी जब पितृलाई आदरपूर्वक र शास्त्रविधिअनुरूप पिण्ड पानी प्राप्त नहुँदा उनीहरूको आफ्नो स्थानबाट पतन हुन्छ। पितृहरू सवर्णीय सन्तानबाट श्राद्ध तर्पणको आशा राख्तछन्। यस्ता सन्तानबाट पिण्डपानी पाउँदा उनीहरू सदा सन्ततिको कल्याणको कामना गर्दछन्। पितृको आशीर्वादबाट नै सन्तति सदाचारी, सदगुणी बन्दछन्।

वैदिक ऋषि उद्दालकका पुत्र नचिकेताले यमलोकको यात्रा गरी फर्केपछि त्यहाँ यातना भोगिरहेका जीवहरूको विस्तृत वर्णन गरेको कुरा बराहपुराण १९३-४ अ.मा वर्णित छ। यज्ञरूपी बराहसित पृथ्वीले पनि जीवहरूको स्थिति र श्राद्धको सम्बन्धमा विस्तृत जानकारी प्राप्त गरेकी छन्। आदित्यपुराणमा भनिएको छ -

न सन्ति पितरश्चेति कृत्वा मनसि यो नरः।
श्राद्धं न कुरुते तत्र तस्य रक्तं पिवन्ति ते।

अर्थात् जो व्यक्ति पितृको अस्तित्व स्वीकार गर्दैन र उनीहरूको तृप्तिको लागि श्राद्ध कृत्य गर्दैन भने उसका पितृहरू अप्रत्यक्ष रूपमा उसको रक्तपान गर्दछन्।

श्रीमद्भागवतमहापुराणमा अजामिलले भगवान्का पार्षद्बाट विशुद्ध भागवत धर्म, भगवान्को महिमा सुनेपछि उसको हृदयमा भक्तिको उदय भयो। आफूले गरेको पापबाट पश्चाताप गर्न थाल्यो।

अहो मे परमं कष्टमभूदविजितात्मनः।
येन विप्लावितं ब्रह्म बृषल्यां जायताऽऽत्मना॥ ६।२।२६

ओहो! म कस्तो इन्द्रियको दास हुँ। मैले दासीको गर्भबाट सन्तान जन्माएर आफ्नो ब्राह्मणतत्त्व नष्ट गरेँ। यो ज्यादै ठूलो दुःखको कुरा हो।

धिङ्मां विगर्हितं सद्भिर्दुष्कृतं कुलकज्जलम्।
हित्वा वालं सतीं यो ऽहं सुरापामसतीगाम्॥
श्रीमद्भागवतमहापुराण ६।२।२७

मलाई बारबार धिक्कार छ! म सन्तद्वारा निन्दित छु। पापात्मा हुँ। मैले आफ्नो कुलमा कलङ्कको टीका लगाएँ। मैले आफ्नी सती तथा अबोध पत्नीलाई परित्याग गरेँ र मदिरापान गर्ने कुलटासँग संसर्ग गरें।

यसरी अजामिल आफूबाट वर्णसङ्कर सन्तान उत्पादन गरी पवित्र ब्राह्मण कुललाई कलङ्कित बनाएकोमा पश्चात्ताप गर्दछ। यही कारणले आफू भयावह नर्कमा जाने कुरा यस प्रकार गर्दछ -

सोऽहं व्यक्तं पतिष्यामि नरके भृशदारुणे।
धर्मध्ना कामिनो यत्र विन्दन्ति यमयातनाः। भागवत ६।२।२९

आफू र आफ्नो कुल धर्मघाती, पापात्मा, कामी पुरुष अनेकौं प्रकारका यमयातना भोग्ने नर्कमा पुग्ने कुरा दुःखित हुँदै बताउँछ।

भगवान् श्रीकृष्णका प्यारा भक्त तथा सखा अर्जुन युद्धमा कुलको क्षय हुँदा कुलको सँगसँगै चलिआएका कुलधर्मको नाश हुन्छ। कुलधर्मको नाशबाट कुलमा अधर्मको वृद्धि हुन्छ। अधर्मको वृद्धिबाट नारीहरू दूषित हुन्छन्। नारी दूषित भएपछि वर्णसङ्कर पैदा हुन्छ। यसरी वर्णसङ्कर पैदा हुँदा कुललाई नाश गर्ने जातिधर्म अथवा वर्णधर्म नष्ट हुन्छ। यो लोकमा निन्दा अपमान र तिरस्कार हुन्छ तथा परलोकमा दुर्गति र नर्कको प्राप्ति हुन्छ।

भगवान्ले मनुष्यलाई विवेक दिनुभएको छ। सत्कर्म गर्ने अधिकार दिनुभएको छ। नगर्ने कर्म गर्ने। राम्रो काम गर्ने र नराम्रो काम गर्ने कार्यमा ऊ स्वतन्त्र छ। त्यसैले मनुष्यले सदा विवेक विचारपूर्वक कर्तव्य कर्म गर्नुपर्दछ। तर, मनुष्य सुखभोगको लोभमा परेर विवेक बिर्सन पुग्दछ र राग-द्वेषको वशिभूत भएर सदाचार, शास्त्र र कुलमर्यादाविरुद्ध लाग्दछ, जसको परिणामस्वरूप मनुष्य आफू र आफ्नो कुललाई नै नर्कगामी बनाउँदछ।

पापकर्मतया चैव सङ्कर तेन पुष्यति।
सङ्करो नरकायैव सा काण्ठा पापकर्मणाम्।
महाभारत, उद्योगपर्व ७२।३३

भगवान् श्रीकृष्ण युधिष्ठिरलाई भन्नुहुन्छ - पापकर्ममा प्रवृत्त भएकाले मानिस वर्णसङ्कर सन्तान जन्माएर पोषण

 भवसागरबाट पार हुनका लागि नै मनुष्यशरीररूपी नौका (डुङ्गा) मिलेको हो। यस्तो गर कि पार गइहाल। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ । वर्णसङ्करले कुललाई नर्क दिलाउँछ । पापीहरूको अन्तिम गति पनि यही नै हो ।

परिवार, समाज र राष्ट्रलाई विनाश हुनबाट बचाउनका निम्ति स्त्री र पुरुषको पवित्रताको रक्षाका निम्ति धर्मानुकूल विवाह पद्धतिको प्रथालाई कायम राख्नु परमावश्यक छ । आर्यनारीमा सतित्व धर्मको अधिकार सर्वोपरि मानिएको छ। वैदिक सनातन धर्म संस्कृतिमा विवाह महान् धर्मकार्य हो, ठूलो शास्त्रीय संस्कार हो जसको सम्बन्ध यो लोकमा मात्र होस् लोक-लोकान्तरसम्म मानिएको छ । यस्तो विवाह इन्द्रिय-सुखभोगका निम्ति नभएर परलोकमा रहेका पितृलाई पनि चिरसुखशान्ति दिनका निम्ति हो। सनातन शास्त्रअनुसार विवाह आठ प्रकारको बताइएको छ - ब्राह्म, आर्ष, दैव, प्राजापत्य, गान्धर्व, आसुर, राक्षस र पैशाच। यी आठ प्रकारका विवाहमा ब्राह्मण जातिमा प्रथम चार श्रेणीका विवाह ग्राह्य मानिएको छ। क्षत्रिय जातिका निम्ति गान्धर्व, आसुर विवाह गर्ने विधि छ। राजाहरूले गान्धर्व र राक्षस विवाह भएपछि पनि शास्त्रोक विवाह विधिबाट पूर्णता प्रदान गरिएको छ। उदाहरणका निम्ति भगवान् श्रीकृष्णले भीष्मककन्या रुक्मिणीलाई वीरता प्रदर्शन गरी आसुर विवाहबाट प्राप्त गरेपछि शास्त्रीय विधिपूर्वक पाणिग्रहण गरिएको कुरा श्रीमद्भागवत महापुराणमा यसरी बताइएको छ -

भगवान् भीष्मकसुतामेवं निर्जित्य भूमिपान्
पुरमानीय विधिवदुपयेमे कुरुद्वह ॥ भागवत १०।५४।५३

भगवान् श्रीकृष्णले सबै राजाहरूलाई जित्नुभयो र विदर्भराजकुमारी रुक्मिणीलाई द्वारकामा ल्याएर विधिपूर्वक पाणिग्रहण गर्नुभयो । क्षत्रिय राजाहरूले गन्धर्व विवाह गरिसकेपछि शास्त्रोक्त विधिबाट विवाहलाई पूर्णता दिएका छन्।

वैदिक सनातन शास्त्रको सिद्धान्त अनुसार कन्यामा रजोधर्म हुनुपूर्व नै अर्थात् वयस्क भएपछि विवाह हुनुपर्दछ किनकि रजोधर्म पूर्णवयस्क अवस्थाको लक्षण हो । यो अवस्थामा कामादिको चेष्टा हुनु स्वाभाविक हो । पतिको आश्रयबाट नारीको कामवासना दूषित हुन पाउँदैन र सतित्वबीज सुरक्षित हुन्छ । श्रीमद्भागवत महापुराणमा "जोसँग धन, कुल, ऐश्वर्य र आय आफ्नो समान हुन्छ, त्यसैसँग विवाह र मित्रताको सम्बन्ध गाँस्नुपर्छ" भनिएको छ।

ययोरात्मसमं वित्तं जन्मैश्वर्यकृति र्भव ।
तयोर्विवाहो मैत्री च नोत्तमाधमयोः क्वचित् ॥ भागवत १०।६०।१५

महाभारत उद्योगपर्वमा पनि समानाधिकारमै कल्याणकारी दाम्पत्य सम्बन्ध हुँदा नै अभ्युदय र निःश्रेयस सुलभ भएकाले विद्वान्द्वारा प्रतिपादित श्रेष्ठ नीति भएको यसरी बताइएको छ -

समैर्विवाहं कुरुते न हीनैः
समैः सख्यं व्यवहारं कथां च
गुणैर्विशिष्टांश्च पुरो दधाति
विपश्चितस्तस्य नयाः सुनीताः ॥श्रीमद्भागवतमहापुराण

यस्तो पवित्र दाम्पत्य सम्बन्धबाट देवता, ऋषि र पितृलाई प्रसन्नता प्राप्त हुन्छ, कुल पवित्र हुन्छ। दम्पत्ति स्वयं ज्ञानवान् हुने भएकाले उनीहरूका सन्तान पनि सत्चरित्रवान् बन्दछन् । वैदिक सनातन संस्कृतिमा कन्या अवस्थामा बालिकालाई देवीका रूपमा पूजा आराधना गरिन्छ। छोरीलाई घरकी शोभा भनिएको छ -

'गृहेषु तनया भूषा'

शास्त्रीय मान्यताअनुसार विवाह भएपछि जन्मिएका सन्ततिले गरेका श्राद्धादि कर्मबाट पितृलाई अन्न, पानी ग्रहण गर्न सक्दछन् ।

वैदिक सनातन धर्म-संस्कृतिले नारी जातिलाई देवीको स्वरूप प्रदान गरी नारीलाई सत्कार गर्दा नै देवभावको उदय हुने कुरालाई सहर्ष स्वीकार गरेको छ र सम्पूर्ण विद्या नै तिम्रा विविध स्वरूप हुन् । जगत्मा जति नारी छन् ती सबै तिम्रा मूर्तिहरू हुन् -

विद्याः समस्तास्तव देवि भेदाः
स्त्रियाः समस्ताः सकला जगत्सु ।
दुर्गासप्तशती ११।६

नारीको सम्मान गर्दा देव प्रसन्न हुने र उनीहरूप्रति दुर्भावना राख्ता सम्पूर्ण कार्यहरू विफल हुने भन्दै कुरालाई मनुस्मृतिमा यसरी स्पष्ट्याएको छ -

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः
यत्रैवास्तु न पूज्यन्ते सर्वास्तत्राफलक्रियाः । मनुस्मृति

लोकदर्शनको सौभाग्य सर्वप्रथम आमाबाट नै प्राप्त हुने भएकाले आमाको स्थान सर्वोपरि रहेकोले वेदले उद्घोष गरेको छ - मातृदेवो भव ।

आमालाई देवतुल्य मान ।

वैदिक सनातन संस्कृतिमा माता, पिता, वृद्ध, गुरु, सती,

सत्सङ्गत गर तथापि कुसङ्गतबाट अधिक बच्ने गर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्नी, बालक, सन्तान, गुरु, ब्राह्मण र शरणागत सबैको भरण पोषण गर्नुपर्दछ। जसले गर्दैन, ऊ मृततुल्य हुन्छ भन्ने बताइएको छ।

मातरं पितरं वृद्धं भार्या साध्वीं सुतं शिशुम्।

गुरुं विप्रं प्रपन्नं च कल्पोऽबिभ्रच्छ्वसन् मृतः ॥

श्रीमद्भागवत १०।४५।७

संसारका हरेक मानिस चार वर्ण र चार आश्रममा नै रहेका छन्। ती सबैले मन वाणी र शरीरले कसैको हिंसा नगरून्, सत्यमा दृढ रहून् चोरी नगरून्, काम, क्रोध, लोभ, मोहबाट बचून् र जुन काम गर्दा समस्त प्राणीलाई प्रसन्नता प्राप्त हुन्छ, उनीहरूको भलाइ हुन्छ, त्यही काम गरून् भनेर शाश्वत सन्देश प्रवाहित गर्नु वैदिक सनातन धर्म संस्कृतिको विशेषता हो।

अहिंसा सत्यमस्तेयमकामक्रोधलोभता।

भूतप्रियहितेहा च धर्मोऽयं सार्ववर्णिकः ॥ श्रीमद्भागवत ११।१७।२१

वैदिक सनातन संस्कृतिमा जडचेतन सबैमा ईश्वर छन् भन्ने दृढ विश्वास हुन्छ। आकाश, वायु, अग्नि, जल, पृथ्वी, ग्रह, नक्षत्र, प्राणी, दिशा, वृक्ष-वनस्पति, नदी, समुन्द्र यी सबै भगवान्का शरीर हुन्। ती सबैमा भगवान् हुनुहुन्छ। त्यसैले ती प्राणी-अप्राणी जे भए पनि भगवद्भावले सम्मान गर्नुपर्दछ भन्ने उदार भावना वैदिक सनातन संस्कृतिको वैशिष्ट्य हो।

खं वायुमग्निं सलिलं महीं च

ज्योतींषि सत्वानि दिशो द्रुमादीन्।

सरित्समुद्रांश्च हरेः शरीरं

यत् किञ्च भूतं प्रणमेदनन्यः ॥ श्रीमद्भागवत ११।२।४१

उच्च मानवतावादी चिन्तन वैदिक सनातन संस्कृतिमा पाइन्छ। कसैलाई पनि अपमान, घृणातिरस्कार गर्नुहुँदैन। यही भाव राख्न भगवान् कपिलदेव माता देवहुतिलाई भन्नुहुन्छ -

अहं सर्वेषु भूतेषु भूतात्मावस्थितः सदा

तमवाय मां मर्त्यः कुरुतेऽर्चाविडम्बनम् ॥

द्विषतः परकाये मां मानिनो भिन्नदर्शिनः

भूतेषु बद्धवैरश्य न मनः शान्तिमृच्छति ॥ श्रीमद्भागवत ३।२९।२१, २३

म आत्मारूपबाट सदा सबै प्राणीमा छु। त्यसैले जसले म सर्वभूतस्थित परमात्मालाई अनादर गरेर केवल प्रतिमामा मात्र पूजन गर्दछ, त्यो पूजा उसको देखावटीपन मात्र हो।

अरू जीवलाई अपमान गर्ने तर मेरो प्रतिमामा विविध विशिष्ट सामग्रीबाट विधि विधानले पूजन गर्दा म प्रसन्न हुन्न। त्यसैले सम्पूर्ण प्राणीमा परमात्माको अनुभव गर्न सक्नुपर्दछ भन्ने उदार चिन्तन सनातन संस्कृतिको विशेषता हो। श्रीमद्भगवद्गीतामा ज्ञानीहरू विद्या र विनययुक्त ब्राह्मणमा गौ, हात्ती, कुकुर चाण्डालमा समदर्शी भाव राख्तछन् भनिएको छ -

विद्या विनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि।

शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥

श्रीमद्भगवद्गीता ५।१८

वैदिक सनातन संस्कृतिमा मानव जीवन कर्मले नै सार्थक बन्दछ। कर्मविनाको जीवन निरर्थक हुने भएकाले कर्मको ठूलो महत्त्व रहेको बताएको छ। सकाम र निष्काम गरी कर्मलाई शास्त्रले दुई भागमा विभाजन गरेको छ।

सकाम कर्ममा यो लोक र परलोकमा सुख शान्ति वा अरू कुनै फलप्राप्तिको आशा गरिन्छ। जस्तो कि धन कमाउने विजय प्राप्त गर्ने आदि उद्देश्यले गरिने यज्ञ, अनुष्ठान, पूजा आराधना। निष्काम कर्म व्यक्तिगत उपलब्धिको आशा नराखी कर्तव्य बुद्धिले मात्र गरिन्छ। जस्तो कि जुनसुकै काम गर्दा पनि लोकल्याणको भावना राख्नु। कर्म गर्दा सुख, दुःख, लाभ, हानि, जय-पराजय जुनसुकै परिस्थितिमा पनि आफूलाई समभावमा राख्न सके, त्यस कर्मबाट पाप पनि लाग्दैन, कष्ट पनि हुँदैन। कर्मबाट हुने जस्तोसुकै फलमा राग वा द्वेष राख्ता पाप लाग्छ, दुःख हुन्छ। नराख्दा पाप पनि लाग्दैन, दुःख पनि हुँदैन भन्ने श्रीमद्भगवद्गीताको निष्काम कर्मयोगको सन्देश अत्यन्त मानवीय रहेको छ -

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय।

सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥

श्रीमद्भगवद्गीता

समभाव नै योग हो। कर्मको फलमा आसक्त नभई कर्म गरिराख्नु पर्दछ। फलको त्याग गरी कर्म गर्दा मानिस प्रपञ्चमा फस्दैन र परमपद मोक्षको स्थितिमा पुग्दछ। त्यसैले आकांक्षा नगरेको कर्मले बन्धनमा परिदैन। तिम्रो अधिकार कर्ममा मात्र छ, फलमा छैन। कर्मफलको कारण आफूलाई नमान र कर्मत्याग गर्नपट्टि कहिल्यै नलाग भन्ने जीवनको गतिलाई अगाडि बढाउनुपर्दछ। शुभ सङ्कल्प लिएर कर्महरू गरिरहनुपर्दछ। श्रीमद्भगवद्गीताको शाश्वत सन्देशबाट

ज्ञान र भक्तिमा परस्पर केही पनि विरोध हैन, छैन।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षणिक मानव जीवनले सन्मार्ग प्राप्त गर्न सक्ने देखाउनु वैदिक सनातन संस्कृतिको विशेषता हो।

जेष्ठ नागरिक र वृद्धको सम्मान गर्नु वैदिक सनातन संस्कृति हो। वृद्धको सम्मानले १. आयु, २. विद्या ३. कीर्ति, ४. शक्ति र ज्ञानको वृद्धि हुने शास्त्रीय मान्यता छ -

अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः।
चत्वारि तस्य वर्धन्ते आयुविधा यशो बलम्।
मनुस्मृति २।२१

सनातनीय मान्यतामा अधिक सम्पत्ति राख्नु निन्दनीय छ। त्यसैले निजी प्रयोगका लागि अधिक धनसञ्चय गर्ने परिपाटी निरुत्साहित गर्नुपर्दछ। वैदिक समतावादले त गरीब मानिसहरूलाई मात्र होइन, आफ्नो आश्रयमा रहने पशुपक्षी र जीवजन्तुहरूलाई समेत भोजन दिनुपर्ने निर्देश गरेको छ -

यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम्।
अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति॥
मृगोष्ट्रखरमर्काखुसरीसृप्खगमक्षिकाः।
आत्मनः पुत्रवत् पश्येत् तैरेषामन्तर कियत्॥
श्रीमद्भागवत ७।१४।८-९

मनुष्य, पशुपंक्षी र प्रकृतिमा पनि देवत्व देख्ने सनातन दर्शनमा सर्वत्र समतावाद छ। सबैसँग मित्रता गर्ने, सबै विचारको कदर गर्ने, सबैसँग समन्वय गरी निष्कर्ष निकाल्ने सनातन संस्कृति नै हो। यस्तो संस्कृति अत्यन्त जीवनोपयोगी र सम्पूर्ण मानवजातिका निम्ति ग्राह्य रहेको छ।

वैदिक सनातन संस्कृति व्यापक र सार्वभौम छ। यसले सबैको कल्याण गर्दछ। वैदिक सनातन धर्मको सन्देश हो -

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः॥
श्रीमद्भगवदगीता ३।३५

आफ्नु धर्ममा मर्नु कल्याणकारक हुन्छ, अर्काको धर्मले भय प्रदान गर्दछ।

"असतोमा सद्गमय। तमसोमा ज्योतिर्गमय।
मृत्योर्माऽमृतं गमय।
सं गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम्।
सर्व खलु इदं 'ब्रह्म' सबै बस्तु ब्रह्म नै हुन्।
'ईशावास्यमिदं सर्वम्' यो संसार ईश्वरको वासस्थान हो।
'बसुधैव कुटुम्बकम्' सम्पूर्ण पृथ्वी हाम्रो परिवार हो।

सनातन धर्म-संस्कृतिले त्याग, समर्पण, भक्ति, सेवा, दान ईश्वरप्राप्तिको युक्ति पनि देखाएको छ। सन्तोषबाट सुख र आनन्द प्राप्ति हुन्छ। त्यो प्राप्तिको शिक्षा सनातन धर्मले प्रदान गर्दछ। सनातन धर्म प्रत्येक मानव, प्रत्येक प्राणीका लागि परम् हितकारक छ। वैदिक कालदेखि आजसम्म सनातन धर्मले शंखनाद गर्दै आएको छ -

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग् भवेत्॥

ॐ द्यौः शान्तिरन्तरिक्ष शान्तिः पृथ्वीशान्तिरापः शान्ति रोषधयः शान्तिः। वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्व शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि॥

यसरी वेदमा शान्तिको उद्घोष गर्दा आकाश, अन्तरिक्ष, औषधी, वनस्पति आदिमा शान्तिको कामना गरिएको छ। पर्यावरणको स्वच्छतामा हाम्रा पूर्वीय मनिषीहरू निकै सचेत रहेको देखिन्छ। यसरी सर्वत्र शान्तिको उद्घोष वैदिक सनातन धर्म र संस्कृतिमा रहेको छ।

आत्मनः प्रतिकुलानि परेषां न समाचरेत्
कूर्मपुराण १६।३५

जीवनचर्यामा मानिसले सदा सदाचारलाई पालना गर्नुपर्दछ जुन कुरा आफूलाई प्रतिकूल लाग्दछ, अरूप्रति पनि त्यस्तो व्यवहार गर्नुहुँदैन। समत्व दृष्टि राख्नुपर्दछ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा भन्नुहुन्छ

मीठो लाग्छ मलाई त प्रिय कथा प्राचीन संसारको
हाम्रो भारत वर्षको उदयको हैमप्रभा सारको।
जाडामा पनि कोइली कुसुमका बास्नाहरू संभ्रुदै
फर्केलान् दिन फेरि उत्तर भनी बस्छे अकेली रुँदै॥
शाकुन्तल महाकाव्य

यसबाट पनि हाम्रो प्राचीन संस्कृति अत्यन्त समृद्ध गौरवशाली रहेको स्पष्ट छ। विश्वका निम्ति नै सनातन संस्कृति अनुकरणीय ग्राह्य रहेको छ।

उतिष्ठत जाग्रत प्राप्य बरान् निबोधत

उठौं, फर्कौं, पहिचानौं र कार्यक्षेत्रमा लागौं।

महाकवि माधव भट्टराई भन्नुहुन्छ -

कर्म राष्ट्रस्य पूजास्ति कर्म राष्ट्रस्य गौरवम्
निष्कामं कर्म कर्तव्यं कर्म जीवनपद्धतिः॥
धर्मबोध १०

धर्महीन शिक्षाले इन्द्रियलोलुप तथा उत्तम विचारहीन समाजको सिर्जना भइरहेछ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म हो राष्ट्रको पूजा र हो गौरव सम्पत्ति
निष्काम कर्म राम्रो हो यो हो जीवन पद्धति ।

वैदिक सनातन संस्कृतिले राष्ट्रको समृद्धिका निम्ति गरिने कर्मलाई निष्काम कर्मयोग मानेको छ । यही निष्काम कर्मलाई नै जीवनलाई सद्गति प्रदान गर्दछ ।

सनातन संस्कृति सर्वाङ्गीण संस्कृति हो । प्राचीन समयदेखि लामो साधनाबाट उपार्जित शाश्वत ज्ञानका द्रष्टा र प्रयोक्ता ऋषिमुनिहरूले बनाएका विधि/प्रविधि र उपदेश अत्यन्तै जीवनोपयोगी छन् । तिनलाई आजको भाषामा परम वैज्ञानिक भन्न सकिन्छ । ती उपदेश निर्देश र पद्धतिहरू यस लोकमा लाभप्रदमात्र होइन, परलोमा सद्गतिदायक पनि छन् । व्रत, पूजा, नियम, आचारव्यवहार र संस्कारहरू मानवमात्रका लागि हितकर छन् । यसमा कुनै सन्देह छैन ।

संस्कारले मानवीय उत्कर्ष प्रदान गर्दछ । संस्कार कर्म नगर्नाले अनेक हानी र गर्नाले अद्भूत लाभ प्राप्त हुन्छ । सनातन वैदिक धर्मको उच्चतम परम्परामा संस्कार र कर्म हरेक दृष्टिबाट महत्त्वपूर्ण छन् । हाम्रो धर्म, सस्कृति, दर्शन र सभ्यताको विशिष्ट परिचायक बनेका गर्भादानलगायत सस्कारहरू विविध कारणले प्रयोगबाट अलग हुँदैगएको अवस्था एकातिर छ भने अर्कोतिर तिनको उपादेयता प्रष्ट पार्दै संरक्षण गर्नुपर्ने खाँचो परेको छ । त्यो खाँचो पूरा गर्ने जिम्मेवारी हाम्रै काँधमा आइपरेको छ ।

शास्त्रीय ग्रन्थहरूमा ४८ संस्कारहरूको उल्लेख पाइन्छ । तिनमध्ये सोह्र संस्कार मुख्य मानिन्छन् । (१. गर्भाधान, २. पुंसवन, ३. सीमन्तोनयन, ४. जातकर्म, ५. नामकरण, ६. निष्क्रमण, ७. अन्नप्रासन, ८. कर्णभेद, ९. विद्यारम्भ, १०. चुडाकर्म, ११. यज्ञोपवीत, १२. वेदारम्भ, १३. केशान्त, १४. समावर्तन, १५. विवाह र १६. अन्त्येष्टि ।) १६ संस्कारमध्ये पनि ४/५ वटा संस्कारमात्र बढी मात्रामा प्रचलनमा रहेका छन् ।

गर्भाधानबाट मानिसमा संस्कारको प्रारम्भ हुन्छ । “कारणगुणाःकार्यगुणानारभन्ते” भन्ने दार्शनिक मतअनुसार पनि बीजको रोपणबाट नै फलको उपलब्धिसम्म एउटा शृङ्खलाको निर्माण हुन्छ । अझ प्रारब्धको भूमिका पनि उपेक्षित हुँदैन तर हाम्रो हातमा हुँदैन । त्यसैले मनुष्यले वर्तमान सचेत अवस्थामा नै आफूले अनुकूल बनाउन सकने गर्भाधान कर्मदेखिको संस्कारलाई प्रयोगमा ल्याउन प्रयत्न गर्नुपर्दछ । अतः एवः गर्भाधानदेखिका संस्कारहरूको महत्त्व बुझेर तत्तत् सस्कारका विधि पद्धतिहरू प्रयोगमा ल्याउनु आवश्यक छ । गर्भाधान बीजारोपण हो । त्यहाँ विचार पुऱ्याउँदा त्यसको उत्पादन, विकास र माताको मनोबल बढाउन गरिने महत्त्वपूर्ण संस्कार बन्छ ।

सीमन्तोन्नयनले गर्भस्थ शिशुलाई कुनै अनिष्ट र अमङ्गलकारी तत्त्वले हानि नपुऱ्याओस् अनि गर्भिणीको प्रसन्नता हौसला वृद्धि होस् भन्नाका निम्ति गरिने उत्कृष्ट संस्कार हो ।

जातकर्म संस्कारले कर्मप्रतिको उत्साह, जागरुकता र चेतनालाई बढाउनुका साथै पतिपत्नीका बीचमा प्रेम र सद्भावनाको विकास गर्न सघाउ पुऱ्याउँछ ।

वर्तमान अवस्थामा गर्भाधानबाट थालिनुपर्ने संस्कार कर्म एकैचोटि नामकरणबाट आरम्भ गरिन्छ । गर्भाधान, पुंसवन, सीमन्तोन्यन, जातकर्मका विधिहरू लुप्त हुँदै गएका छन् ।

नामकरण संस्कार जन्मेको बालकको नाम राख्ने काम हो । यसलाई समाजमा न्वारन पनि भनिन्छ । नामकरण संस्कार एघार दिनमा गरिन्छ र यदाकदा ७ दिन वा ९ दिनमा नामकरण गर्ने गरेको पाइन्छ । जुन शास्त्रीय मान्यता विपरीत छ । शास्त्रको निर्देशविरुद्ध गरिने कर्मले कसैको पनि हित गर्दैन । **जीवनमा नामको विशेष महत्त्व भएकाले विचार गरेर सुन्दर सार्थक, माङ्गलिक, प्रभावकारी नाम राख्नुपर्दछ ।**

निष्क्रमण संस्कारले शिशुलाई बाह्यजगतको यात्रा र प्रकृतिसँग तादात्म्य गराउने सङ्केत गर्दछ ।

अन्नप्रासन अर्को मुख्य संस्कार हो । यसलाई पास्नी पनि भनिन्छ । जन्मेको बालबालिकालाई विधिपूर्वक अन्न खुवाउने संस्कारलाई अन्नप्रासन भनिन्छ । यो संस्कार छोराको आठौं र छोरीको सातौं महिनामा गर्नुपर्दछ । यो संस्कारमा कतै ज्यादा तडकभडक तथा भोज भत्तेरको विकृति देखापर्दछ । यस्तै कर्णभेद, चुडाकर्म, अक्षारम्भ संस्कारको शारीरिक, मानसिक, सामाजिक र धार्मिक महत्त्व बुझेर उचित किसिमबाट पालना गर्नु लाभप्रद रहेको छ ।

उपनयन द्विजातिको लागि अत्यावश्यक संस्कार हो । यसको विशिष्ट स्थान रहेको छ । उपनयन संस्कार गर्भ वा जन्मेदेखि ब्रह्माण्डको आठौं वर्षमा, क्षत्रियको ११औं वर्षमा र वैश्यहरूको १२ औं वर्षमा गरिन्छ । निर्णय-सिन्धुमा ब्राह्मणको पाँचौं वर्षदेखि, क्षत्रियको छैठौं वर्षदेखि र वैश्यको आठौं

 जस्तो व्यवहार अरूद्वारा तिमी चाहन्छौ उस्तै व्यवहार अरूसँग गर्ने गर ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षदेखि नै ब्रतबन्ध गर्न सकिने प्रावधान शास्त्रमा देखिन्छ। (चुडामणि टिका पृष्ठ ५४२-५४३)

विवाह संस्कार - गृहस्थाश्रममा जानका निम्ति नरनारीको सम्बन्धलाई धार्मिक र सामाजिक वैधता कायम गर्ने संस्कार विवाह हो। वैदिक सनातन संस्कृतिमा विवाह सबैभन्दा ठूलो संस्कार मानिन्छ। यो संस्कारद्वारा स्त्री-पुरुष आत्मसंयम र आत्मत्यागको अभ्यासद्वारा एक-अर्काको आध्यात्मिक उन्नतिमा सहायक हुन्छन्। त्यसैले स्त्रीको निम्ति पातिव्रत्य र पुरुषको निम्ति एकपत्नीव्रत धर्म नै आदर्श हुन्। विवाहको अर्को प्रधान उद्देश्य उत्तम धार्मिक सन्तानका उत्पत्तिद्वारा पितृऋणबाट उऋण हुनु र वंशपरम्परालाई रक्षा गर्नु विवाह संस्कारबाट स्त्री-पुरुषका बीचको मधुर पवित्र सम्बन्धद्वारा पारिवारिक, सामाजिक तथा राष्ट्रिय जीवनको सुव्यवस्था एवं सुख-शान्तिको रक्षा गर्नु। पति-पत्नीमा अटुट प्रेम दुवैको प्रकृति र प्रवृत्तिको मिलनबाट नै सम्भव हुन्छ। त्यसैकारण धर्माचार्यहरूले विवाहपूर्व वर-बधूको लक्षण, कुल, शील, वय, जाति तथा चिना मिलाउने आदि अनेक विषयमा मन्थन गरेका छन्। त्यसैले असवर्ग विवाह, स्वगोत्र विवाह, वरभन्दा बढी उमेरकी कन्यासँग विवाह, विधवा विवाह आदि धर्मविरुद्ध भएकाले वर्जित छ। महर्षि याज्ञवल्क्यले भनेका छन् -

अविलुप्तब्रह्मचर्यो लक्षण्यां स्त्रियमुद्वहेत्।
अनन्यपूर्विका कान्तामसविण्डा यवीयसीम्॥

ब्रह्मचारीले गृहस्थ हुनुका लागि आफ्नो अनुरूप आफूभन्दा भिन्नगोत्री, आफूभन्दा कान्छी जसको पहिले कसैसँग विवाह नभएको यस्ती कन्यासँग विवाह गरोस्।

अन्त्येष्टि संस्कार - वैदिक सनातन संस्कृतिमा मानिसको मृत्युपछि अन्तिम संस्कार गरिन्छ जसलाई अन्त्येष्टि संस्कार भनिन्छ। वैदिक संस्कृति पुनर्जन्ममा विश्वास राख्ने भएकाले मृत्युपछि यो संस्कार गरिन्छ। यो संस्कार परलोकको सुधारका लागि गरिन्छ। अन्त्य संस्कारमा दाह संस्कार, दशगात्र विधि आदि पर्दछन्। अन्त्य संस्कार नगर्दा जीवको दुर्गीति हुने भएको शास्त्रमा पाइन्छ। जसरी प्राणीको जन्म मङ्गलमय मानिन्छ, त्यसैगरी मृत्यु पनि मङ्गलमय सुमान्य हुन्छ। श्रद्धासाथ गरिएको अन्तिम संस्कार जीव र उसका परिवारका निम्ति श्रेयको लागि हुन्छ। अहिले नेपाली समाजमा परिवर्तनको तथाकथित लहर चलेको छ। संस्कारमा परिवर्तन गर्नुपर्छ भन्ने एकथरीको भनाइ छ। त्यसमा आधार र प्रमाण छैन। यस्ता संस्कारहरूको शास्त्रीयता, व्यावहारिकता र वैज्ञानिकता बिर्सनु कुनै पनि दृष्टिले उचित हुँदैन। नामकरण संस्कार येनकेन प्रकारेण सबैले गर्दछन् तर यदाकदा ७ दिन वा ९ दिनमा नामकरण गर्ने गरेको पाइन्छ जुन ठीक छैन। शास्त्रको निर्देशविरुद्ध गरिने कर्मले कसैको पनि हित हुँदैन।

अहिले सामाजिक सञ्जाल वा अन्य संचार माध्यमले कतिपय संस्कार कम गर्ने गरिएको पाइन्छ जुन औचित्यपूर्ण होइन। यस्तो कार्यले शास्त्रीय विधिपक्षलाई टेवा दिँदैन। बरु देश-विदेशमा टाढा रहेकाले सम्भव भएसम्म सरलीकरण वा संक्षिप्तीकरण गर्न सकिएता। अमेरिकामा भएको शिशुलाई टेलिफोनबाट नाम सुनाउनु आडम्बरबाहेक केही होइन। यस विषयमा कतिसम्म संक्षिप्त विधि अपनाउने आशौच आदिका नियम कसरी पालना गर्ने इत्यादि विषयमा चिन्तन गरी निर्णय लिन आवश्यक छ। विद्वत समाजले यस्ता विषयमा सघन किसिमले विचार विमर्श गरी निर्णयमा पुग्नुपर्ने देखिन्छ।

१२ दिनमा गरिने अन्त्येष्टि क्रियाविधिलाई समय लामो भयो भनेर कोही ७ दिन, कोही ५ दिन र कोही ३ दिनमा भार्नुपर्छ भन्ने निस्केका छन्। ढिकुरो बारेर १० दिन गर्ने १० गात्र निर्माणको प्रक्रियालाई कुन आधारमा घटाउने भन्ने तर्क उनीहरूसँग छैन। केही पण्डित भन्नेहरू फेरि त्यस्तैको पछि लागेर थोरै दिनमा काजक्रिया सकेर दक्षिणा बटुल्न तयार हुने पनि भेटिन थालेका छन्। राष्ट्रिय धर्मसभा नेपालको आयोजनामा गरिएको राष्ट्रिय पण्डित सम्मेलनले पारित गरेको आचारसंहिता पुस्तकका रूपमा प्रकाशमा आइसकेको छ। मनन गरौं। कसरी शास्त्रीय मर्यादाको रक्षा हुन्छ ? विचार गरौँ। शास्त्रीय मर्यादाबाट स्खलित भइयो भने अस्तित्व नै के रहन्छ र ? क्षणिक लाभपट्टि कसैले लाग्नुहुँदैन।

सनातन संस्कृति, संस्कार विश्वजनीन परम्परा हो। आजको व्यस्त जीवन र वैज्ञानिक सोचले अनेकौं संस्कारहरू पूर्णतः रूपमा विलीन हुँदै गएका छन्। यो महान् भयको सूचक हो, संस्कृति भनेको समाज वा राष्ट्रकै धरोहर हो, आत्मा हो। आफ्नो संस्कृतिमाथि गौरव नगर्ने मानिस निष्प्राण हुन्छ। अहिले नयाँ पुस्ताको जमात विदेशी संस्कृतिको अन्धो नक्कल गर्न लालायित भएको छ। समाजका अग्रणी व्यक्तित्वहरू पनि पश्चिमी खोक्रो संस्कृतिप्रति हुरुक्क हुन थालेका छन्। नेपाली समाजको प्रबुद्ध र शिक्षित वर्ग आफ्नो संस्कृति र परम्पराबाट विमुख बन्दै गएको छ। यसबाट नेपाली समाज अत्यन्तै पीडित बनेको छ। यसमा सजग हुनुपर्छ।

जो आफू समान नै समस्त प्राणीहरूलाई देख्तछ, उसैलाई सबैले देख्दछन्। उही वास्तवमा नेत्रवान् हो।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान समयमा वैदिक शिक्षाको उपादेयता

तिलकप्रसाद लुइटेल

प्रवेश

भगवान्‌को परिचय पाउन खोज्दा–खोज्दै मानिसको जीवन समाप्त हुन्छ, समय पनि त्यस्तै हो । प्रायः मानिस समयको पहिचान गर्न नपाउँदै जीवनको अन्तिम क्षणमा पुग्छन् । समयलाई चिन्ने मानिस नै सफल हुन्छ । आजको विषय **वर्तमान समय र यसमा वैदिक शिक्षाको महत्त्व** राख्नुको अर्थ यसै कुरासँग सम्बन्धित छ । [1]नीतिशास्त्रमा– "समयले प्राणी जन्माउँछ, समयले नै प्राणीलाई विनाश गर्छ र सुतेकालाई पनि समयले नै जगाउँछ । त्यसैले समय अविजेय हुन्छ" भन्ने लेखेको पाइन्छ । यस्तै बलवान् हुनाले समयलाई [2]शास्त्रमा भगवान् भनिएको रहेछ । व्याकरणले बितेका समयलाई भूत, चल्दै गरेका समयलाई वर्तमान र आउने समयलाई भविष्यत् भनेर तीन भाग गरेको छ । क्रियाका रूपहरू पढ्न सजिलो होस् भनेर त्यसरी तीन भाग बनाइएको हो । इतिहासले कुन काम कति पहिले भएछन् भनेर जान्न सजिलो होस् भनी समयलाई टुक्र्याउँछ र तिनको नाम राख्छ । समयलाई औपचारिक काममा गणना गर्दा सालसंवत्, तिथिमिति, बार, महिना, गते आदिको प्रयोग हुन्छ । एकप्रकारले बुझ्दा नदीमा बगेको पानीलाई सीमा तोक्न र नाम राख्न नसकिएजस्तै हो समय पनि । व्याकरणले लगाएको तीन भाग र इतिहासले दिएका नाम नै अन्य व्यवहारमा पनि प्रयोग हुन्छन् तापनि गहिरिएर विचार गर्दा **फेरिसकेको सास भूत काल भयो र फेर्न बाँकी रहेको सास भविष्यत् नै हो** । त्यसैले समयलाई अखण्ड, अमूर्त, अगम्य र भगवान्‌को पर्याय भनिएको हो ।

सामाजिक व्यवहारलाई चर्चा गर्ने उद्देश्यले हामी अहिले कुरा गर्दै छौं । सबै सामाजिक व्यवहारमा इतिहासको जस्तो तिथिमिति तोकेर किटान गर्न सजिलो हुँदैन । कुनै पनि समाजका सबै मानिस एकै मितिमा जन्मेका पनि होइनन्, एकै मितिमा अमुक काम गरेका पनि हुँदैनन् र अमुक मितिमा मरेका पनि हुँदैनन् । नदीको पानी बगेझैं जन्मने, हुर्कने, कर्म गर्ने र मर्ने क्रम चलिरहेको हुन्छ । यहाँ चर्चा गरिने विषयलाई पनि त्यसै रूपमा लिनुपर्ने भएकाले **वर्तमान समय**को आधार त्यसरी नै तयार गर्दा सहज देखियो र त्यसै गरियो ।

यस लेखमा वर्तमान समय खोज्नका लागि आफूले जानेबुझेको समयदेखि अहिलेसम्मलाई लिइएको छ । त्यसमा पनि आफ्नै जीवनका वरिपरि भएका प्रवृत्तिहरूलाई लिइयो । जीवनका घटनाहरू कुनै अति सानो बेलाका पनि सम्झना हुन्छन् र कुनै बिर्सिइन्छ । उमेरले निकै ठुलो भइसक्ता भएका कुरा पनि कुनै बिर्सिइन्छ र केही सम्झिइन्छ । सामाजिक व्यवहारका कुरा पनि त्यस्तै हुन् । सबै सम्झने वा सबै बिर्सने हुँदैन । त्यसैले यहाँ वर्तमान समय भनेर आफूले हेर्न, बुझ्न सकेको विगतको बेलादेखि आजसम्मका कुरा लिइयो । तिनमा पनि सबै कुरा टिप्न सम्भव नहुनाले मोटामोटी सबैले देख्न सुन्न सकिने मात्रै, सालाखाला टिपेर आधार बनाइयो । शीर्षकमा **वैदिक शिक्षाको महत्त्व** दोस्रो पाटो हो । त्यसैले वर्तमान समयको परिचय दिँदै ती आधार मानिएका कुरासँग वैदिक शिक्षाको सम्बन्ध कस्तो रहेको छ भन्ने पक्षमा चर्चा गरिएको छ ।

परिचर्चा

वैदिक काल कस्तो थियो र त्यसमा समाजको अवस्था कस्तो रहेको थियो भन्नेकुरा बुझ्न त्यसै समयका सम्बन्धित विषयका ग्रन्थहरूको अध्ययन गर्नुपर्दछ । सानो समयमा पढिसक्नुपर्ने लेखमा त्यति धेरै कुरा अटाउन सम्भव हुँदैन । त्यसैले आजभन्दा क्रमशः पुरानो समयलाई आधार बनाइएको छ भन्ने चर्चा माथि नै भइसक्यो । आजको अवस्था कस्तो छ र किन वैदिक शिक्षा चाहियो भन्ने प्रयोजन शीर्षकको हो । किनभने, आजभन्दा पछि आउने दिनमा किन उपलब्धिपूर्ण होला भन्ने यसको चासो हो । त्यसको उद्देश्य आजका दिनमा केही असुविधा पक्कै देखिएका छन् र तिनको समाधान वैदिक शिक्षामै छ भन्ने हो । त्यसै पक्षलाई ध्यानमा राखेर हिजोका र आजका दिनको तुलना गरी लेख तयार गरिएको छ । त्यसमा पनि लेखभित्र विगत कति वर्ष वा कुन युग भन्ने किटान गर्न सकिएको छैन । विगतबाट समयक्रममा वर्तमानतर्फ आएका

१ कालः सृजति भूतानि कालः संहरते प्रजाः ।
कालः सुप्तेषु जागर्ति कालो हि दुरतिक्रमः ॥ नीतिशास्त्र

२ श्रीमद्भागवतमहापुराण ।

 यस्तो सोचेर, कहिल्यै कसैलाई यस्तो कुरा नबोल जुन कुरालाई अरूद्वारा तिमी स्वयंले सुन्न मन पराउँदैनौ ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक विचलनलाई नै चर्चा गरिएको छ । त्यसो गर्दा पुरानो समयका कुन कुराको उपेक्षा हुनाले त्यस्तो विचलन आयो भन्ने सङ्केत गरिएको छ । लेखनका क्रममा प्रत्येक बुँदाको पहिलो खण्डमा विचलनको उठान र अर्को खण्डमा त्यसबारे चर्चा गरी अर्को बुँदामा प्रवेश गरिएको छ । ती बुँदाहरूमा सकेसम्म धेरै वेदका वाक्य, वैदिक वाङ्मयका आधारमा रचित ग्रन्थहरू, प्रचलित वैदिक सूक्तिहरू र वैदिक संस्कृति भनेर चलनमा रहेका पुराना व्यवहारहरूलाई सन्दर्भको रूप दिइएको छ ।

(१) **समय पालनका आधारमा हेर्दा** : समय भनेर यहाँ काम गर्न पाइएको अवसरलाई सङ्केत गरियो । जति पुराना पुर्खातिर फर्कंदै हेर्‍यो, समयको पालना गर्ने उति धेरै मानिस हाम्रा नजिक पाइन्थे । त्यसैले शास्त्रमा[३] मानिस कुनै क्षण कर्म नगरी रहन सक्तैन भन्ने छ । मानिसले समयमा उठ्नु, दिनचर्याका काम गर्नु र दैनिक, मासिक, वार्षिक कामलाई समयभित्रै टुङ्ग्याउनुपर्ने हो । उस बेला त्यस्तै थियो भन्ने हाम्रै घरव्यवहारमा अग्रजहरूको व्यवहारबाट थाहा पाइएको छ । मानिसले शिक्षा लिएपछि सुख पाइयोस् भन्ने बिस्तारै सोच्न थाल्यो । सुख खोज्नु ठिक हो तर तत्कालको सुखमा पछि दुःख आउने कुरा पनि विचार गर्नुपर्ने नै हो र आफूले सुख पाउँदा अर्काले दुःख नपाओस् भन्नु नै परिपक्वता हो । समयको दुरूपयोग गर्दै तात्कालिक सुख रोज्नुचाहिँ मानिसको भूल हो । जति शिक्षित उति कर्मठ बन्ने हो भने त्यसको परिणाम पक्कै पनि उन्नतिमुखी नै हुन्छ । यद्यपि समयको सदुपयोग गर्ने मानिस अहिले पनि छन् तापनि समयको दुरूपयोग गर्नेको सङ्ख्या दिनानुदिन बढिरहेको छ र त्यो सङ्ख्या शिक्षित भनिनेहरूमा नै धेरै छ । सभा, समिति, सम्मेलनमा होस् अथवा निम्ता, निमन्त्रणामा सहभागी हुनुपर्दा तोकिएको समयभन्दा ढिलै पुग्ने मान्छेको ताँती बढ्दो छ । किन ढिलो भन्ने प्रश्न गर्दा 'नेपाली समय' भन्ने धेरै सुनिन थालेको छ । नाराजुलुसमा, दोबाटामा, चिया पसलमा, तासजुवामा, मादक पदार्थमा, नशालु पदार्थमा, नाचगानमा, सारग्रहण नगरीकन पुराण-प्रवचनमा, नेताको भाषणमा र नाराजुलुसमा समयलाई अनुत्पादक बनाएर खर्च गर्ने प्रवृत्ति दिनानुदिन बढ्दै छ । सुशिक्षाविनाको चलचित्रमा, अश्लील साहित्यमा, आवश्यकताविना सामाजिक सञ्जालमा समयको दुरूपयोग गर्ने मान्छेको सङ्ख्या हाम्रा देशमा बढ्दो छ । जति हाम्रा नजिकको समय हो, उति नै समय खेर फाल्ने मान्छे बढ्दै छन् । त्यसैले समय दुरूपयोगको समय नै वर्तमान समय हो भनेर लिन सकिन्छ ।

विदेशका मानिसले काम नगरे खानै पाइँदैन भन्ने सुनिन्छ । वैदेशिक रोजगारमा जाने नेपालीहरू पनि निरन्तर काम नै गर्नुपर्छ खाली बस्ने समय पाइँदैन भन्ने गर्दछन् । हाम्रा देशमा कामै नगर्नेले पनि खान पाएकै छ । यसको एउटा मुख्य कारण नै यो देवभूमि हो, प्राचीन ऋर्षिमहर्षिको तपोभूमि हो, वैदिक शिक्षाको भूमि हो, क्षमा गर, दान गर भन्नेको भूमि हो । आत्मवत् सर्वभूतेषु भन्ने ज्ञानी सज्जनहरूको भूमि हो । सर्वजन हिताय सर्वजन सुखाय भन्ने भावनाको भूमि हो । त्यसै भावनाअनुसार समयको सम्मान गर्ने भूमि हो । वैदिक जीवनपद्धतिमा बिहान उठ्ने समय ब्राह्म मुहूर्त भनेर तोकिएको छ । उठ्ने[४] बेलादेखि राति सुत्ने बेलासम्म सबै काम समयअनुसार गर्ने नियम छ । तीं नियमको वैज्ञानिक कारण छ । स्थान-विशेषमा तीमध्ये केही सङ्केत गरिनेछ । आजभन्दा जति पुरानो दिनतर्फ हेर्‍यो उति नै देश सुखी थियो भन्ने इतिहास[५] पाइन्छ ।

समय अनुसारका कर्मलाई मान्दैआउने हाम्रा पुर्खा हुन् । हाम्रा पुर्खाले नै हामीलाई महिना, ऋतु, अयन आदि समयको जानकारी दिए । अर्थात् समयको महत्त्वको खोजी हाम्रै पुर्खाले गरे । समय दुरूपयोग गर्ने थिए भने त्यसको खोजी गर्ने थिएनन् । [६]अथर्ववेदमा– "**भूमिमा प्रचलित ग्रीष्म, वर्षा, शरद्, हेमन्त, शिशिर र वसन्त ऋतुहरू वर्ष चक्र पूरा गर्नका लागि हुन् र यिनीहरूमा आउने दिनरात सुखद् रहून्**" भन्ने छ । यस भनाइले हाम्रा भूमिमा परेको तापक्रम छ प्रकारको छ र तापक्रम अनुसार कामहरू पनि छन् भन्ने जनाउँछ । यसै भनाइमा भूगोलको विशेषता पनि जानकारी हुन्छ । मानिसले ठाउँ र समय अनुसार काम गर्दा उसका लागि दिनरात सुखद हुन सक्छन् भन्ने भाव स्वतः स्पष्ट देखिन्छ । त्यसै गरी [७]यजुर्वेदमा– "**नक्षत्र, नक्षत्रका देवता, दिन,**

३ न हि कश्चित् क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ॥ श्रीमद्भवद्गीता

४ कराग्रे वसते लक्ष्मी करमध्ये सरस्वती ।
करमूले स्थितो ब्रह्मा प्रभाते करदर्शनम् ॥ सामाजिक चलन

५ (क) कौटिल्यको अर्थशास्त्र (ख) कल्हणको राजतरङ्गिणी ।

६ ग्रीष्मस्ते भूमे वर्षाणि शरद्धेमन्तः शिशिरो वसन्तः ।
ऋतवस्ते विहिता हायनीरहोरात्रे पृथिवि नो दुहाताम् ॥ अथर्ववेद १२.१.३६ ॥

७ नक्षेत्रेभ्यः स्वाहा नक्षत्रियेभ्यः स्वाहाहोरात्रेभ्यः स्वाहार्धमासेभ्यः स्वाहा मासेभ्यः स्वाहा ऋतुभ्यः स्वाहार्तवेभ्यः संवत्सराय स्वाहा द्यावापृथिवीभयाथं९ स्वाहा चन्द्राय स्वाहा सूर्याय स्वाहा रश्मिभ्यः स्वाहा वसुभ्यः स्वाहा रुद्रेभ्यः स्वाहादित्येभ्यः स्वाहा मरुद्भ्यः स्वाहा विश्वेभ्यो देवेभ्यः स्वाहा मूलेभ्यः स्वाहा शाखाभ्यः स्वाहा वनस्पतिभ्यः स्वाहा पुष्पेभ्यः स्वाहा फलेभ्यः स्वाहौषधीभ्यः स्वाहा ॥ यजुर्वेद २२.२८ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राति, अर्धमास वा पक्ष, महिना, ऋतु, ऋतुबाट उत्पन्न वर्ष, द्युलोक, पृथिवी, चन्द्रमा, सूर्य, सूर्यका किरण, वसु, रुद्र, आदित्य, मरुद्गण, जरा, शाखा, वनस्पति, पुष्प, फल, अन्नबाली यी सबैलाई स्वाहा भनेर आहुति दिन्छौँ'' भनिएको छ। यस मन्त्रलाई हेर्दा मान्छेलाई बाँच्न जति कुरा चाहिन्छन्, ती सबै समयसँग सम्बन्धित देखिन्छन्।

पृथ्वीमा, आकाशमा, बोटबिरुवामा, पानीमा र जमिनमुनि जहाँ भएका वस्तुसँग पनि मानिसको सम्बन्ध छ। तिनको आ–आफ्नो नियम छ। समय मिलाएर तिनको नियममा रहनुपर्ने वेदले जनाउँछ। समय, समयसँग सम्बन्धित ग्रहनक्षत्र आदिको गणना ज्योतिषशास्त्रमा गरिएको छ। त्यो वैदिक शिक्षा नै हो। त्यसबाट गरिने भविष्यवाणी, तिथिपर्व, ग्रहण, झरीबादल, तापक्रम आदि आजसम्म सटीक छन्। यसरी सधैँ काम लाग्ने विधि वैज्ञानिक छ र सरल व्यावहारिक छ। सिद्धान्त जति वैज्ञानिक हुन्छ, उति व्यावहारिक हुन्छ र जति व्यावहारिक हुन्छ उति वैज्ञानिक पनि हुन्छ।

विज्ञानको अध्ययन गर्नेले वेदमा बताइएका कुराको अध्ययन गर्न प्रशस्त बाँकी छ। वैदिक शिक्षाको अध्ययनबाट विज्ञानयुक्त अनुसन्धान गर्ने काम महर्षि फाउन्डेसनबाट सुरु भएको छ भन्ने जानकारीमा आउँदा यस दिशामा आशाको किरण देखापरेको छ। कर्मको अवसर मानिससँग छ र त्यसको परिणाम त समयले नै दिने हो। यसै विचारलाई [८]नीतिशास्त्रले– ''समयमा नगरेका कामको फल समयले नै खाइदिन्छ'' भनेको छ।

समयकै विषयमा कुरा गर्दा अर्को एउटा विषय आज यस समारोहका लागि सान्दर्भिक देखियो र चर्चा गर्ने अनुमति मागेँ। सभासम्मेलन कार्यक्रममा छोटो समय दिइएका वक्ताले सम्बोधन गर्दा–गर्दै धेरै समय लगाउँछन्। आफ्नो विषयलाई प्रस्ट पार्ने बेलामा असहज हुन्छ। [९]यजुर्वेदमा– ''सभाहरूलाई नमस्कार, सभापतिहरूलाई नमस्कार'' भन्दै समय बचत गर्ने अति सजिलो उपाय दिइएको छ। यसै मन्त्रमा पेसा, व्यवसाय, रोगको उपचार आदि अन्य धेरै कुराहरू पनि छन्। सभा र सभापतिलाई बहुवचनमा सम्बोधन गरिएको हुनाले एकै ठाउँमा धेरै सभा र धेरै सभापतिहरू भएको प्रतीत हुन्छ। आज आएर हाम्रो देश सङ्घीयताको विषयमा जाने प्रयास गर्दै छ।

वेदका अध्ययनले पो राज्यको नीति–निर्मातालाई सहयोग पुग्ने थियो कि ? त्यो एक पाटो हो भने समयको उपयोग हुन सकेको सङ्घीयताको उहिल्यै हुने रहेछ पनि भन्न मिल्यो। आजको मानिस विज्ञान र वैज्ञानिक अध्ययनमा केन्द्रित हुन रुचाउँछ। समयको पालन नभए विज्ञान बुझ्न पक्कै सकिँदैन। विज्ञानमा वस्तु, विधि, क्रिया, समय जस्ता कुराको सुव्यवस्थित संयोजन हुनैपर्छ।

(२) **शक्ति उपयोगका आधारमा हेर्दा** : शक्ति भनेर यहाँ जिउको बल, सहयोगीहरू, पदीय अधिकार, धन वा स्रोतसाधनको पर्याप्ततालाई पनि लिइयो। हाम्रो देश असमान भौगोलिक अवस्था भएको छ। यहाँ जीविकानिर्वाह गर्नका लागि शारीरिक श्रम अवश्य चाहिन्छ। नियमित र सन्तुलित श्रम स्वास्थ्यका लागि पनि आवश्यक हुन्छ। जति पुरानो समयतिर गयो, उति धेरै शारीरिक श्रम गर्ने बानी धेरै भएका मानिस थिए। उहिलेका मानिसहरू परिश्रम गरेका कुरालाई गर्व र खुसीका साथ बयान गर्दथे। बलको काम गर्नु गौरवको विषय पनि मानिन्थ्यो। विशेष गरी भारी बोक्ने, बाटो हिँड्ने, खनजोत गर्ने, शत्रुको प्रतिकार गर्ने विषयमा हुन्थे र कैयौँ कुराकानी पत्यार नलाग्ने खालका सुन्न पाइन्थ्यो। जति–जति नजिकको समयतिर हेर्‍यो उति–उति मानिस शारीरिक श्रम गर्न छोड्दै देखिन्छ।

यातायातका साधन र प्रविधिको विकास अरूकै देशमा भए पनि हाम्रा देशको मानिस तिनैमा आश्रित हुँदै छ। कडा परिश्रम गरेर खेतीबाली उब्जाउने, भोटको नून ल्याएर छाक टार्ने, कैयौँ दिनको बाटो भारी बोक्तै हिँडेर गन्तव्यमा पुग्ने जस्ता शारीरिक श्रमका कुरा अब दन्त्यकथाजस्तै बन्दै छन्। थोरै दूरीको बाटो होस् वा थोरै भारी उचाल्ने कुरा आओस्, प्रायः मानिस शारीरिक बलको प्रयोग गर्दैन। झैझगडा गर्नका लागि त्यही शरीरमा बल कम भएको छैन। दुष्ट र सज्जनको परिचय शक्तिको उपयोगमा नै हुन्छ भन्दै [१०]नीतिशास्त्रले– ''विद्या, धन र शक्तिलाई क्रमशः विवादमा, देखावटीमा र परपीडामा खर्च गर्ने दुष्ट हो र त्यसको विपरीत सज्जनले ज्ञान, सहयोग र सुरक्षाका लागि गर्छ'' भन्ने बताएको छ। दुष्टको आधिक्य रहेको यो समय नै वर्तमान हो। अधिकारलाई पनि शक्तिकै रूपमा लिइन्छ। कोषबल, जनबल, आदिले शक्तिकै

८ चाणक्यनीति।

९ नमः सभाभ्यः सभापतिभ्यश्च वो नमो नमोऽश्वेभ्योऽश्वपतिभ्यश्च वो नमो नमऽआव्याधिनीभ्यो विविध्यन्तीभ्यश्च वो नमो नमऽउगणाभ्यस्तृं हतीभ्यश्च वो नमः ॥ यजु. १६.२४॥

१० विद्या विवादाय धनं मदाय शक्ति परेषां परिपीडनाय। खलस्य साधोः विपरीतमेतत् ज्ञानाय दानाय च रक्षणाय ॥ नीतिशास्त्र

 अभ्यास गर्दै राख। मन भागेमा भाग्न देऊ। तिमी कदापि मनको पछाडि नभाग।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ दिएका छन्। बल शब्द सेनावाचक पनि हो।

राज्यसेवाबाट प्राप्त अधिकार होस् अथवा स्वतन्त्र रूपमा आर्जन गरेको अधिकार होस् दिनानुदिन आफूसँग भएको अधिकारको दुरूपयोग गर्ने मानिसको चाप समाजमा बढ्दो छ। जति पछिल्ला दिनहरू देखिँदै छन् उति ठगी, तस्करी, भ्रष्टाचारीका नयाँ नयाँ तरिका, प्रविधि र क्षेत्रहरू थपिँदै छन्। एउटा मान्छेले एकपटक गरेका अनाचारबाट कतिलाई, कहिलेसम्म र कस्तो दुःख दिन्छ भनेर जान्न सजिलो छैन। शक्ति दुरूपयोग गरी आर्जन गरेको धनलाई पनि मानिसले उसरी नै दुरूपयोग गर्छ। त्यसो भएर कतै जीवन धान्ने वस्तुका अभावमा मानिस तड्पिएको छ र कतै मानिसलाई चाहिने वस्तु अलपत्र फालिएको छ, नाश भएर गएको छ। यो नै वर्तमान समय हो।

शक्ति सबैमा हुन्छ। वेदमा अग्नि, सूर्य, नदी, पृथ्वी आदि सबैलाई समेत देवता भनेको छ। यसलाई व्यावहारिक जीवनमा हेर्दा पनि हुन्छ। वस्तुको छनोट गर्दा कतिको बलियो छ भन्ने गरिन्छ। आजका प्रविधिले एक भौतिक वस्तुको बल अर्का वस्तुमा संयोजन गरेर अन्य वस्तु आविष्कार वा निर्माण गर्छ। हामीले बनाउने घरकै कुरो गर्दा पनि इँटा, सिमेन्ट, ढुङ्गा, बालुवा आदिको संयोजन गरेकै हुन्छौँ। वैदिक शिक्षामा पनि सोही कुराको अध्ययन छ। घर आदि निर्माणमा वास्तुविद्या, शस्त्रास्त्र निर्माणमा अस्त्रविद्या, शासन चलाउनुपर्दा राजनीति, औषधि उपचार गर्नुपर्दा आयुर्वेद आदि स्वास्थ्यविद्या सबै छन्। शरीरको बलका अतिरिक्त विद्याबल, सैन्यबल, धनबल आदि बलका अनेकौँ प्रकार वैदिक शिक्षामा पाइन्छन्।

ज्ञानबल आएपछि स्वतः दुःख समाप्त हुन्छ। संसारमा उत्पन्न भएका सबैका बलको सृष्टि सञ्चालनमा भूमिका छ। त्यसैले सबै पेसा, कर्मको सम्मान हुनुपर्छ भन्दै [११] यजुर्वेदमा– "गौचरन, गोठ, ओछ्यान, घर, हिउँचुली, दुर्गम बाटो, गुफा सबै ठाउँमा रहनेलाई हृदयदेखि नमस्कार" भनेको छ। उसै गरी पृथ्वी बलशाली छ। त्यसमा अनेकौँ प्रकारको बनोट छ र सबैको सृष्टि सञ्चालनमा प्रयोजन छ, सबै सहयोगी छन् भन्ने भावमा [१२] यजुर्वेदले– "सुखामा रहेका, हरियोमा रहेका, फूलको कोपिलामा रहेका, परागकणमा रहेका, अदृश्य रहेका, दृश्य रूपमा रहेका, उर्वर ठाउँमा रहेका र रुखा ठाउँमा रहेकालाई नमस्कार" भनेको छ। यसबाट कुनै स्थानमा रहने सम्मानित र कुनै स्थानमा रहने महत्त्वहीन हुँदैन, सबैले आफ्नो कर्तव्यनिर्वाह गरेका छन् भन्ने भाव लिन सकिन्छ।

सहर कि गाउँमा बस्ने, यो देशमा कि त्यो देशमा रहने, उच्च पदमा रहने कि सर्वसाधारण भनेर विवाद वा अपहेला नगरी सबैले मिलेर बस्ने शिक्षा दिइएको छ। एउटाका बलले अर्कालाई दुःख र बाधा नदिई सहयोगी बन्ने कुरा पाइलैपिच्छे गरेको छ। विश्वमा मानिसभन्दा कैयौँ शक्तिशाली अन्य कुराहरू पनि छन्। मानिसले ती अन्य वस्तुको शक्तिलाई उपयोग र परिचालन गर्छ। तिनीहरू सबैमा भएका शक्तिको संयोजन मानिसले सुधारका लागि गरेको छ भने सुखको बाटो स्वतः बन्दै जान्छ। मानिस-मानिसका बीच शक्तिको उपयोग एकले अर्काको विनाशका लागि गर्दै छ। यस दुःखद् पक्षबाट जोगाउने वैदिक शिक्षा नै हो, आज यसको आवश्यकता छ र भोलि अझ उपयोगी हुनेछ। त्यसका अतिरिक्त यजुर्वेदको विषय यज्ञयागादि हो।

यज्ञले मानसिक शुद्धि गर्दछ। धनुर्वेद यजुर्वेदको उपवेद हो। धनुर्वेद भन्नाले शस्त्रास्त्र, हातहतियार आदिको विद्यालाई बुझिन्छ। शस्त्रास्त्र, हातहतियार सबै जीवननिर्वाहका साधन हुन्। साधनको प्रयोग दैनिक जीवनमा कति छ भन्ने हामी सबैलाई जानकारी भएकै कुरो हो। साधनलाई सकारात्मक भावले चलाउने मानिसको सोच नै सकारात्मक सोच हो। त्यसले जीवनको जीवनलाई सुखी गराउँछ। उसले जीवनका कर्मलाई यज्ञ मान्दछ। असुविधाको अवस्थालाई अवसर भन्छ। कर्मलाई भारी वा समस्याका रूपमा हेर्ने सोच नकारात्मक हो।

नकारात्मक विचारले जीवनका असुविधालाई कठिन युद्धका रूपमा हेर्छ। उसको जीवनमा यज्ञको अवसर नै हुँदैन। यसरी मानिसका जीवनमा मानसिक शान्ति र शारीरिक सुख उपलब्ध गराउने वैदिक शिक्षा नै हो। यसको महत्त्व आजका दिनमा कति छ भन्नेकुरा आजका तनावग्रस्त मानिसहरूलाई हेर्दा सहजै अनुमान गर्न सकिन्छ। यसै विद्याबाट प्रतिपादित परम्परागत[१३] व्यवहारले– "सबै सुखी र खुसी होऊन्, सबै निरोगी रहून्, सबैले सबैको भलो हुने कुरामा विचार गरौँ, कोही दुःखी नहोओस्" भन्ने भावना सिकाउँदै आएको पक्ष

११ नमो व्रज्याय च गोष्ठ्याय च नमस्तल्प्याय च गेह्याय च नमो
हृदयाय च निवेष्प्याय च नमः काट्याय च गह्वरेष्ठ्याय च ॥ यजु. १६.४४॥

१२ नमः शुष्क्याय च हरित्याय च नमः पाᳪसव्याय च रजस्याय च
नमो लोप्याय चोलप्याय नम ऊर्व्याय च सूर्व्याय च ॥यजु. १६.४५॥

१३ सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया।
सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग्भवेत् ॥ प्रचलित

प्रतिदिन यस कुरालाई ध्यानमा राख कि पुण्य कार्य अधिकभन्दा अधिक र पाप कमभन्दा कम।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मननयोग्य छ ।

(३) **बुद्धि उपयोगको आधारमा हेर्दा** : बुद्धि भनेर यस प्रसङ्गमा पूर्वीय जीवनचर्यासँग सम्बन्ध रहेको नैतिकतालाई लिइएको हो । बन्धन र मोक्षको आधार भनेर [१४]शास्त्रले आफ्नै मन वा बुद्धिलाई मानेको छ । मनको सोचबाट नै व्यवहार देखिन्छ । अरूको हानि नगर्ने स्वभाव सज्जनको हो र अर्कालाई हानि नगरी नसक्ने स्वभाव दुष्टको हो । [१५]नीतिशास्त्रले– "धन आउँदै जाँदै गर्छ, त्यसबाट ठुलो हानि हुँदैन तर स्वभाव बिगार्नु हुँदैन, बिग्रिएपछि सप्रँदैन" भनेको कुरालाई दिनानुदिन अवहेलना गर्नेको सङ्ख्या थपिँदो छ । जुन ठाउँमा रहेर शिक्षाको निर्माण गरिन्छ, त्यसकै वास्तविकता त्यो शिक्षामा देखिन्छ । अर्काका देशबाट ल्याएका शिक्षाले हाम्रा ठाउँमा काम गर्न सक्तैन । त्यसले बुद्धि विकृत गराउँछ ।

अर्काका देशका शिक्षामा अर्काकै संस्कार हुन्छ । अर्काको पराजय भएपछि आफूले जितिन्छ भन्ने भावनाले विरोध गर्ने छिद्र खोज्छ । यस देशको संस्कार विरोध र छिद्र खोज्ने होइन, मिलनविन्दु खोज्ने हो । प्रतियोगीलाई छिर्के हानेर लडाउने र आफूले जित्ने शिक्षाको संस्कार हाम्रो होइन, ढलेका प्रतियोगीलाई उठाएर प्रतिस्पर्धा गर्ने संस्कार यस देशको हो । आफ्ना देशको संस्कार बिस्तारै धमिलो हुँदै छ र अर्काको संस्कार दिनदिनै भित्रिँदै छ । त्यसको प्रभाव पनि उसरी नै पर्दै छ । सकारात्मक भावनाले जसलाई अवसर देख्छ, नकारात्मक धारणाले त्यसलाई अभाव भन्छ, समस्या भन्दछ ।

अभावलाई आवश्यकताको जननी भनेर स्वीकार गर्न सक्ने हो भने त्यसले नै अगाडि बढ्ने अनेकौँ बाटाहरू दिएको हुन्छ । समस्या हो भन्ने तर समाधानको अवसर नदेखाउने शिक्षाले भावनात्मक पक्षको घात गर्छ । पदार्थहरूमा अन्तर्क्रिया हुँदा नयाँ सम्भावना जन्मन्छ । दुई वा त्यसभन्दा धेरै अलग-अलग रङ मिसाउँदा तेस्रो रङ उत्पन्न हुनु त्यसको उदाहरण हो । त्यसैले आफ्नो लक्ष्य प्राप्त गर्न अर्कालाई बाधक देख्ने आजको चिन्तन एकलकाँटे हो । भावनात्मक पक्षको घात गर्ने त्यस्तो शिक्षा कुशिक्षा हो । अशिक्षाले मानिस निर्धो रहन्छ । शिक्षाले अँध्यारोबाट [१६]उज्यालो फर्क प्रेरित गर्छ तर कुशिक्षाले सर्वनाश गर्दछ । एउटा व्यक्ति कुशिक्षित हुँदा अनकौँको जीवन दुःखमय बन्दछ । दिनानुदिन कुशिक्षाको प्रभाव बढ्दो छ, कुशिक्षितको सङ्ख्या बढ्दो छ । विद्याले जीवनका सबै समस्या समाधान गराउँछ भन्ने [१७]शास्त्रको वाक्य अकाट्य छ । वर्तमान समयमा बुद्धि भईकन विवेकको अभाव भएका शिक्षितबाट निर्धा र निरीह मानिसले दुःख पाएको छ । त्यसैले वर्तमानको एउटा विशेषता बुद्धिको दुरूपयोग भएको समय हो ।

मानिसको विशेषता नै बुद्धि हो । वेद र वैदिक साहित्यले बुद्धिलाई प्रमुख महत्त्व दिएका छन् । बुद्धि व्यावसायिक वा व्यावहारिक हुनुपर्छ भन्ने [१८]शास्त्रको भनाइ छ । व्यावहारिक बुद्धि एकले लगाउँदा अरू धेरैले त्यसबाट लाभान्वित हुन पाउँछन् । त्यसै शिक्षालाई [१९]शास्त्रमा– "मेरो नेतृत्वमा नै प्रकृतिले सृष्टि गर्छ" भनेर उल्लेख गरेको छ । सिर्जनात्मक कर्मको अवसर पनि असीमित छ र प्रत्येक सिर्जनात्मक कर्मका लागि हरेक व्यक्ति आफैँले नेतृत्व लिन पाउने अधिकार पनि छ किनभने सबै अक्षर मन्त्र हुन्, सबै झारपात औषधि हुन्, सबै मानिस योग्य छन् भन्नेकुरालाई [२०]नीतिशास्त्रले स्पष्टसँग बताएकै छ ।

नीतिशास्त्र पनि वैदिक शिक्षा नै हो । यिनले कर्मलाई बुद्धिमत्तापूर्वक सम्पादन गर्न सचेत गराउँछन् । यी शास्त्रको अध्ययनको उपादेयता कहिल्यै समाप्त हुँदैन । अझ स्पष्टसँग [२१]ऋग्वेदमा पनि र यजुर्वेदमा पनि एकभन्दा बढी ठाउँमा बुद्धितर्फ प्रेरित गर्ने सविताको वरणयोग्य प्रभावमाथि चिन्तन गर्ने कुरो छ । हामी गायत्री मन्त्रका रूपमा त्यसलाई जप्ने गर्दछौँ । वास्तवमा आज खोजी भएका सौर्य ऊर्जाको ज्ञान त्यही नै हो । अँध्यारो कोठामा रोपिएको गमलाको बिरुवा पनि झ्यालको उज्यालो आएको दिशामा नै आफ्नो मुन्टो लम्काउँदै बढ्छ र अँध्यारोमा थुनिएका किराफट्याङ्ग्रा पनि उज्यालो पछ्याउँदै निस्केर भाग्ने प्रयास गर्दछन् ।

उज्यालोतर्फको गति मानिसका लागि मात्रै होइन, वनस्पति र कीटपतङ्गका लागि समेत उत्तिकै सत्य रहेछ । जुन सत्य हो, विज्ञान त्यही हो । जुन विज्ञान हो, मान्छेले

१४ मनः एव मनुष्याणां कारणं बन्धमोक्षयोः ॥ उपनिषद्

१५ वृत्तं यत्नेन संरक्षेत् वित्तमायाति याति च ।
अक्षीणो वित्ततः क्षीणो वृत्तस्तस्तु हतोहतः ॥ नीतिशास्त्र

१६ तमसो मा ज्योतिर्गमय । वेदवाक्य

१७ या विद्या सा विमुक्तये ।

१८ व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ॥ श्रीमद्भगवद्गीता

१९ मय्याध्यक्षेण प्रकृतिः सूयते स चराचरम् ॥ श्रीमद्भगवद्गीता

२० अमन्त्रं अक्षरं नास्ति नास्ति मूलमनौषधम् । अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः ॥ शुक्रनीति

२१ ऋग्वेद ३.६२.१० र यजुर्वेद २२.९, ३०.२ ॥

 पाप मनुष्यका सूक्ष्म शरीरको मल हो ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्नुपर्ने पनि त्यही हो । यसैलाई वेदले[२२] अन्धकार त्यागेर उज्यालोतिर लागौँ भन्ने बताएको छ । त्यही ज्ञानलाई शास्त्रले[२३] पवित्रतम भनेको छ। वेद र वैदिक शिक्षा अध्ययन गर्नु आजको उपादेयता यसरी पनि पुष्टि हुन आउँछ।

(४) **स्रोतसाधन उपयोगको आधारमा हेर्दा :** स्रोतसाधन भनेर यस प्रसङ्गमा प्राकृतिक वा भौतिक र बौद्धिक दुवै थरीलाई सङ्केत गरिएको छ । जति पुरानो समयतिर हेर्दै गयो, उति नै नेपालको अवस्था सम्पन्न र शक्तिशाली थियो भन्ने देखिन्छ। अझ पुरानो इतिहासमा त उत्तर र दक्षिणका छिमेकीहरूले व्यापार गर्न नेपालको बाटो प्रयोग गर्नुपर्ने थियो। यस देशका उत्पादन अन्य देशमा निर्यात हुन्थे, एक देशका यात्री अर्को देशमा जानुपर्दा नेपालको बाटो भएर जान्थे। छिमेकीहरूसँग राम्रो सम्बन्ध थियो भन्ने पाइन्छ[२४] । क्रमशः आजको समयका नजिक नजिक आउँदै गर्दा त्यस्तो सम्पन्नता र त्यस प्रकारको प्रभाव हराउँदै गयो।

पुरानो समयमा चलाईने गरेका दैनिक व्यवहारका हाँडाभाँडा, कुटानी पिसानीका साधनदेखि आफ्नै देशका सिपालुले बनाउने गरेका सबै वस्तुहरू, तिनका उद्योगहरू हटाइँदै गए। तिनको ठाउँ आधुनिकताका नाममा अर्काको देशमा तयार भएका वस्तुहरूले लिँदै गए । आफ्नाको दुरूपयोग हुँदै गयो, उसै गतिमा वैदिक शिक्षाको पनि उपेक्षा गर्दै लगियो। हुँदा हुँदा एउटा कालखण्ड यस्तोसम्म आयो जहाँ संस्कृतको नामसँगै द्रोह गर्न लागियो । शिक्षालय भत्काउने र शिक्षक गुरुहरू कुट्ने, मार्ने कुकर्मसमेत भए। त्यसकै हाराहारीमा देशभित्र भएका नयाँ प्रविधिकै स्रोतसाधन पनि स्वाहा बनाइयो । चिनी मिल, जुट मिल, कागज कारखाना, रबर उद्योग, छालाजुत्ता कारखाना, कपडा मिल, सिमेन्ट उद्योग, टायर कारखाना यस्ता विभिन्न नामका उद्योग र औद्योगिक संस्था धराशयी गराइए। भएका स्रोतसाधन निमिट्यान्न पारेको यो अवस्था नै वर्तमान समय हो।

पुरानो[२५] जीवनपद्धतिलाई हेर्दा ओछ्यानबाट उठ्ने बेलामा गोडाले टेक्नुपर्दा पृथ्वीसँग क्षमा माग्ने गरेको हाम्रा समाजको चलन देखिन्छ। जीवन सुरु हुनेदेखि अन्त्य भएर जीवन बिसाउनेसम्मको पहिलो साधन धर्ती नै हो। पृथ्वीको नाम वसुधा वा वसुन्धरा पनि हो । धर्तीको सही उपभोग गर्ने वीर[२६] हो भन्ने शास्त्रले बताएकै कुरो हो । धर्तीको सम्मान गर्ने शिक्षाले सबै स्रोतसाधनको सम्मान सिकाएको हो । आफ्ना साधन, स्रोत, शक्ति, बुद्धिलाई सम्मान गर्नेले सुख पाउँछ। अर्काको सम्मान गर्नेले नै सम्मान पाउँछ, चाहे त्यो व्यक्तिप्रति होस् वा वस्तु एवं भावनाप्रति होस्।

सम्मानको अर्थ उचित व्यवहार हो । [२७]वेदमा– "यस राष्ट्रमा ब्रह्मज्ञानी ब्राह्मण, पराक्रमी, सिपालु, आँटिला, शत्रुनाशक, योद्धा क्षत्रिय होऊन् । दुधालु गाई, बलिया गोरु, फुर्तिला घोडा, ज्ञानीगुनी स्त्री, सच्चरित्र छोराछोरी होऊन् । लडाकु विजयी, मानिस सज्जन र युवा परिश्रमी होऊन् । समयमा पानी परोस् । बोटबिरुवा र बाली राम्रो सप्रियोस् र हामी सधैँ सुखी एवं खुसी रहन सकौँ" भन्ने छ। यजुर्वेदलाई यज्ञीय वेद भनिन्छ भन्ने चर्चा माथि पनि आयो। सद्भावनाले गरिने सबै कर्म नै यज्ञ हुन् । आफ्ना राष्ट्रमा युवाको कर्मशीलता रहनुपर्छ भन्नेकुरालाई वेदले तोकेर नै देखाएको छ। कर्मठ भईकन अर्काको देशमा गएर पनि भएन अथवा आफ्ना देशमा बसेर अल्छी भएर पनि भएन।

राष्ट्रभक्ति भनेको पनि यही हो र यज्ञ भनेको पनि यही हो । भावना दूषित गरेर वा नकारात्मक विचार मस्तिष्कमा राखेर गरिएका कर्मलाई यज्ञ भन्न सकिँदैन । नकारात्मक दृष्टिले हेर्दा अशिक्षा, गरिबी, भोक, रोग र शोक भनेका जीवनका दुःखद् समस्या हुन्। यिनले मानिसलाई सधैँ रोइरहन पुग्छ । जीवनलाई यज्ञको कर्ताका रूपमा हेर्नेका लागि यिनै अवस्थाहरू असीमित पुण्यकर्म गर्ने अवसर हुन्। बाँच्ने रहर गर्नेका लागि वेदले[२८] कर्म गर्दा नै सय वर्षको आयु प्राप्त हुन्छ भनेको छ। बाँच्न नचाहने कोही हुँदैन । समग्रमा हेर्दै आउँदा माथिदेखि नै कर्म र जीवन प्रायः पर्यायका रूपमा देखिएका छन् र यसको पुष्टि वैदिक शिक्षाबाटै भएको छ। सिङ्गो जीवनलाई सुखद्, सहज, दीर्घजीवी र उन्नतिशील बनाउने प्रेरणा दिने वैदिक शिक्षाको उपादेयता कहिले नहोला र ?

(५) **राष्ट्रिय भावनाका आधारमा हेर्दा :** राष्ट्रिय भावना

२२ तमसो मा ज्योतिर्गमय ॥ वेद

२३ न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ॥ श्रीमद्भगवद्गीता

२४ राजतरङ्गिणी, कौटिल्यको अर्थशास्त्र।

२५ समुद्रवसने देवि पर्वतस्तनमण्डिते।
विष्णुपत्नी नमस्तुभ्यं पादस्पर्शक्षमस्व मे ॥ लोकव्यवहार

२६ वीरभोग्या वसुन्धरा ॥ प्रचलित

२७ आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामाराष्ट्रे राजन्यः शूरऽइषव्योतिव्याधी महारथो जायतां दोग्ध्री धेनुर्वोढानड्वानाशुः सप्तिः पुरन्धिर्योषा जिष्णू रथेष्ठाः सभेयो युवास्य जायमानस्य वीरो जायतां निकामे निकामे नः पर्जन्यो वर्षतु फलवत्यो नऽओषधयः पच्यन्तां योगक्षेमो नः कल्पन्ताम् ॥यजुर्वेद २२.२२॥

२८ कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समा ॥ यजुर्वेद

सिद्धका निकटका साधकलाई सिद्धि मिल्ने गर्दछ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर नेपालप्रति नेपाली सन्तानको भावनालाई लिइएको छ। नेपाली देशनिकाला हुनुपरेको निकै पुरानो समयदेखि नै हो। जति–जति आजको निकट इतिहास आउँदै छ उति–उति बाहिरिने सङ्ख्याक्रम बढ्दो छ। जति जति नयाँ समयमा देशबाहिर जाँदै छन्, उति–उति धेरै सङ्ख्यामा उतै रासोबासो बनाउने तर्खरमा रहन्छन्। देशबाट बाहिरिने सबै नै उतै बस्छन् वा सबै नै देशप्रेमको भावनाविहीन हुन्छन् भनेको होइन। विदेशको भूमिमा कमाई गर्न गएकामा पनि राष्ट्रको दुरवस्थाप्रति चिन्तित र जागरुक व्यक्तिहरू कैयौँ छन्। देशलाई आपद् परेका बेलामा सहयोग राम्ररी गरेका पनि छन्। जसले आफ्नो स्थायी बसोबास उतै गराए तिनीहरूले आफ्नानिम्ति उतै व्यवस्था बलियो बनाउनुपर्दा देशका लागि मनका भावनाले स्नेह राखे पनि व्यवहारले थेग्न गारो हुन्छ।

विदेशमै जन्मिएका र हुर्किएका नेपाली मूलका सन्तानसँग नेपालको रक्तसम्बन्ध भए पनि व्यवहारको सम्बन्ध स्वतः यहीँ जन्मेर हुर्केर रहँदाको जस्तो हुन सम्भव छैन। त्यसका साथै जति नयाँ पुस्ता उत्पन्न हुँदै छ, त्यसमा पनि धेरैजसोका मन मस्तिष्कमा नेपालमा काम गरिखाने अवसर छैन भन्ने परिसकेको छ। यसको अर्थ पनि सबै नेपाली सन्तान राष्ट्रभक्तिविहीन छन् भन्ने कदापि होइन। तुलनात्मक रूपमा जति पछिल्लो समय आयो, उति देशको अवस्थाप्रति निराशा हुनेहरूको सङ्ख्या बढ्दो नै छ। त्यसको सोभ्फो अर्थ आफ्नो देश नराम्रो र अर्काको देश नै राम्रो भन्ने धारणाले बलियो स्थान बनाइरहेको छ। वर्तमान समयको एउटा पहिचान यसलाई पनि लिन सकिन्छ।

प्राणी र जन्मेको भूमिको सम्बन्ध मनोवैज्ञानिक रूपमा पनि गाँसिएको हुन्छ र जीववैज्ञानिक रूपमा पनि गाँसिएको हुन्छ। जीवन भनेको कम्प्युटरको हार्डवेयर र सफ्टवेयरजस्तै हो। मानसिक रूपमा मेरो जन्मस्थान भन्ने र त्यहाँको परिवेश सुहाउँदो अन्नपानी शरीरको पोषण गर्ने एक पक्ष हुन्छ। त्यसै गरी अर्का पक्षमा जस्तो ठाउँमा प्राणी जन्मिएको छ, उसै अनुसारको मनोभाव विकास हुन्छ। मानिसको मात्रै नभएर सबैको स्वभाव नै आफ्नो जन्मस्थानको स्वभावसँग मिल्दो बन्छ। त्यसै कारण वेदले[२९] जन्मधर्तीलाई माता र आफूलाई त्यसको सन्तान भनेको छ। हिमालमा उम्रने बिरुवा अथवा त्यहाँ जन्मेको पशुप्राणीलाई मरुभूमिमा बचाउन सकिँदैन, पानीमा जन्मने जलचरलाई जमिनमा हुर्काउन सकिँदैन। सबैतिर भूमि र भूमिपुत्रको सम्बन्ध यस्तै हो।

भूमिको विनाश वा दुर्गति भयो भने त्यहाँ उत्पन्न भएका वनस्पति, पशुप्राणी र मानिसको जीवन सम्भव हुँदैन भन्ने पक्षलाई वैदिक [३०]शिक्षाले– "हामी आफैँले अग्रता लिएर राष्ट्रको उन्नति गर्नुपर्छ" भन्ने भाव राम्ररी प्रस्ट पारेको छ। राष्ट्रोत्थानका लागि अग्रसर हुनुपर्छ भन्ने शिक्षा कहिल्यै पुरानो हुँदैन र कतै पनि काम नलाग्ने हुँदैन। भ्रष्टाचार गरी अनियमित रूपमा धन आर्जन गर्ने प्रवृत्ति राष्ट्रलाई समाप्त पार्ने भयानक रोग हो। यसको निवारणका लागि [३१]अथर्ववेदमा– "अन्यायको धन यहाँबाट टाढा जाओस्। हाम्रा शत्रुका देशमा पुगोस् भनेर फलामे लठ्ठीले लखेट्ने" भन्ने छ। भएको विधि पालन गर्ने र नभएको विधि तयार गर्ने त आफूले नै हो। त्यसो भए तापनि शास्त्रले वर्तमानमा भोगिएका दुःखलाई र त्यसको निवारणको उपायलाई बताइदिएको छ भने त्यस शिक्षाको उपादेयता पक्कै पनि उच्च छ। अवसर पाएकाहरूले गरेका भ्रष्ट आचरणबाट राष्ट्र र समाजले दुःख पाएकै छ भने वैदिक शिक्षाको उपादेयता दिनानुदिन बढ्दै छ भन्न सकिने अवस्था यही हो।

(६) **शिक्षा ग्रहणका आधारमा हेर्दा** : शिक्षाग्रहणको आशय वैदिक र आधुनिक दुवै थरी शिक्षालाई प्रसङ्गअनुसार लिइएको छ। भूगोल र प्राकृतिक परिवेश जस्तो छ, उसै अनुसारको मनोवृत्ति विकास हुन्छ र जस्तो मनोवृत्ति विकास हुन्छ उसै अनुसारको ज्ञानको प्रचार त्यस ठाउँमा हुन्छ। उस समयमा यस भूमिमा शास्त्रको अन्वेषण भयो। वसुधैव कुटुम्बकम् भन्ने भावनाले सबैलाई सुरक्षा गर्दै आफ्नो उन्नतिमा लाग्ने मार्ग यस भूमिका शास्त्रले प्रतिपादन गरेको छ। बाटाहरू अनन्त छन्, आफ्नो रुचि अनुसारको बाटो अनुसरण गर्दै गन्तव्यमा पुगेर आफ्नो विजय हासिल गर भन्ने भाव यहाँ सिर्जित स्तोत्रमा[३२] पनि छ। यसको एउटा अर्थ अर्कालाई पराजित गरेपछि मात्रै आफ्नो विजय हुन्छ भन्ने एक दिशामा केन्द्रित दृष्टिकोणको अस्वीकार हो।

विधि र प्रविधि दुवै पाटामा सम्पन्न शिक्षा पूर्वीय वाङ्मयमा आफ्ना लागि गन्तव्य र दिशा अन्वेषण गर्ने अवसर अनन्त छन्। भावको वा वस्तुको सम्मिश्रण गर्ने

२९ माताभूमि पुत्रो अहं पृथिव्या। अथर्ववेद

३० वयं राष्ट्रे जागृयाम पुरोहिताः। वेद

३१ प्र पततेः पापि लक्ष्मि नश्येतः प्रामुतः पत।
अयस्मयेनाङ्केन द्विषते त्वा सजामसि ॥अथर्ववेद ७.१२०.१॥

३२ रुचिनां वैचित्र्यादृजुकुटीलनानापथजुषां नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव। शिवमहिम्न स्तोत्र

 सद्गुरुको यौटा लक्षण यो पनि हो कि उसमा संसारप्रति राग रहँदैन।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवसर कहिल्यै समाप्त हुँदैन । त्यसैले एउटै ठाउँ वा एउटै बाटाका लागि लडाइँ गर्नु अनुचित हो । अर्को अवसर प्राप्त गर्ने समय, श्रम र शक्तिलाई विनाश गर्नु हो । मानिसका चार पुरुषार्थ र सबै सजीव-निर्जीवको हित यसमा रहेको छ । मूर्त विषयको परीक्षण र अमूर्त विषयको परिपक्व विश्लेषण हुनाले भौतिक र आत्मिक दुवै दिशाबाट बेजोड छ। वस्तुभित्र निहित देवत्वलाई बुझ्रेपछि भौतिक वस्तु र अभौतिक भाव स्वतः पूज्य हुन्छ । यसै शिक्षाको प्रविधि पक्षको अध्ययन, अनुसन्धान, विश्लेषण, परीक्षण गर्दै प्रयोगात्मक रूपमा ल्याएका अरू देशहरू विधिपक्षको खोजमा लागिसके । विदेशी विश्वविद्यालयमा पठनपाठन तीव्र गतिमा बढ्दै छ भन्ने सुन्नमा आइरहेको छ। विदेशीले संसदमा स्वस्तिवाचन गरे भन्ने पनि सुनिएको छ र श्रीमद्भगवद्गीता स्पर्श गरेर न्यायनिसाफका काम सुरु गर्थे भन्ने पनि मैले सुनेको छु । तर जति–जति टाढाका दिनहरूबाट नजिक नजिकतर्फ हेर्दै ल्यायो उति उति हाम्रा देशमा हाम्रै मान्छेले हेलाँ गर्दै त्याग्दै आएको देखिन्छ ।

वैदिक शिक्षालाई हामील विज्ञान भनेर बुझेनौँ। अपुङ्गो पञ्चामृत खाने र दानदक्षिण लिने विधि मात्रै ठान्यौँ । तिनै विधिहरू मास्तै लगियो । त्यस्तो धारणा बनाएका हामीले त्यही शिक्षामा प्रविधि खोज्ने त कुरै आएन। अर्काका देशमा विकास गरिएको प्रविधिलाई विज्ञान भनियो । त्यसलाई मात्रै सत्य मानियो । अनि आफ्ना देशमा भएका वैदिक वाङ्मयका शिक्षण संस्था भत्काइए, गुरुहरू कुटिए, मारिए। घर घरमा गरिने कर्महरू छोट्याउँदै ल्याइयो, यो गति भनेको मास्ने प्रयास नै हो । पुख्यौंली रूपमा दिइने व्यावहारिक शिक्षाका सट्टमा अर्काका पुर्खाले बनाएको शिक्षालाई विज्ञान भनेपछि आफ्ना पुर्खाले चलाएको व्यावहारिक शिक्षालाई अनावश्यक भन्न थालियो । यसैबाट हुँदा हुँदा देश, समाज, छिमेक, दाजुभाइ जुधाउने प्रसङ्ग बनाइयो । यस शिक्षाको विधिलाई सशक्त रूपमा पछ्याउँदै प्रविधिको खोजी गर्नु आवश्यक थियो तर त्यसको उल्टो **फाली काटी करुवा, करुवा काटी सियो, त्यही हातको सियो सिउँदा सिउँदै खियो** भन्ने जस्तो भएको छ। वर्तमान समयको एक शक्तिशाली विशेषता यो नै बनेको छ।

सहजीवनको खोजी गर्ने शिक्षा वैदिक शिक्षा[३३] नै हो । यसमा– "सबैले सँगै बाँच्ने, साथमा दुःखसुखका कुराकानी गर्ने, एकापसमा मनको भावना बुझ्ने र पुर्खाले गरेको कर्महरूलाई विस्तृत गर्दै आफ्नो भाग्य सुधार्ने" भन्ने भावना पाइन्छ । विरोध र द्रोह गर्नका लागि कारणहरू जति पनि पाइन्छन् तर मिलेर बस्नका लागि मनको भावना मिल्नुपर्छ, त्यो नै निर्विकल्प हो । निर्विकल्प नै सत्य पनि हो । ईश्वरको एउटा नाम सत्य हो । त्यसैले वैदिक शिक्षा सत्य हो । सत्य नै विज्ञान हो । यसरी विधि र प्रविधिलाई एकीकृत गरेर हेर्ने विज्ञान नै वैदिक शिक्षा हो ।

वैदिक शिक्षाको प्रविधि विदेशमा परीक्षण भयो र आज विश्वव्यापी हुँदै छ । अब उनीहरू विधिको खोजी गर्न लागेका छन् । त्यस अर्थमा उनीहरूको मुक्त हृदयले प्रशंसा गर्न सक्नुपर्छ । सत्य कल्याणकारी हुन्छ र त्यो नै सुन्दर हुन्छ[३४] भन्ने शिक्षा यही हो । वेदको उत्पत्ति ब्रह्माका मुखबाट भएको हो, अर्थात् स्रष्टाका मनको सिर्जना हो । स्रष्टाले चारै दिशामा सोचविचार गरेर कतै हानि नहुने गरी विचार पुऱ्याएर आविष्कार गर्नुपर्दछ। ब्रह्माका चार मुखको आशय पनि यही हो । चारै दिशाको कल्याण, चारै युगमा काम लाग्ने, चारै वर्णको उपयोगी हुनाले ब्रह्मा चार वेदका उद्घोषक हुन् भन्ने प्रतीकात्मक अर्थ उनका चार मुखबाट प्रतीत हुन्छ । ब्रह्मालाई संसारका सृष्टिकर्ता भनेर हाम्रा समाजले[३५] बुझेको छ । सुन्दर संसारको सृष्टि गर्न सुन्दर भावना चाहिन्छ। त्यसलाई विपरीत पाटोबाट बुझ्न सजिलो छ । जसको स्वभाव नै घातक छ, उसका मनमा घातक हतियार बसेको हुन्छ र उसले बनाउने पनि घातक हतियार नै हो । त्यसरी नै सृष्टिकर्ताका मुखबाट उत्पन्न भएको हुनाले वैदिक शिक्षा निर्विकल्प सृजनशील शिक्षा हो । यसको समाप्ति कहिल्यै हुँदैन ।

शिक्षाको नयाँ शाखा स्थापित हुँदा पनि त्यो वेदमा उल्लिखित विषय नै हुन्छ । यस विषयलाई स्थान विशेषमा थोरैतिनो चर्चा अवश्य गरिनेछ। वेदकै अङ्गका रूपमा शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिष, व्याकरणको आविष्कार भएको मानिन्छ। त्यसमध्ये व्याकरणलाई वेदको मुख भनिएको छ। व्याकरणको उत्पत्ति महादेवको डमरुका[३६] आवाजबाट भयो

३३ सङ्गच्छध्वं संवदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथापूर्वे सञ्जानानामुपासते ॥ (ऋग्वेद १०/१९१/२)

३४ सत्यं शिवं सुन्दरम् । प्रचलित

३५ सामाजिक विश्वास र पुराणहरू ।

३६ नृत्तावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चवारम् ।
उद्धर्तुकामान् सनकादि सिद्धानेतद्विमर्षे शिवसूत्रजालम् ॥ लघुसिद्धान्त कौमुदीको टीका - गोरखपुर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने सुनिन्छ। जड पदार्थ डमरुको ध्वनिबाट निर्माण गरिएको संस्कृतको यही व्याकरण विश्वमा सबैभन्दा वैज्ञानिक मानिएको छ । जड वस्तुबाट जीवन्त र सर्वयुगविजयी शक्ति उत्पन्न हुन्छ भन्ने प्रमाण वैदिक शिक्षाले दिएको यही व्याकरण हो । यसै व्याकरणका आधारमा आजको संसारको सबैभन्दा ठुलो वैज्ञानिक संस्था नासाले वैज्ञानिक प्रयोजनको भाषाका रूपमा संस्कृतको अन्वेषण गरिरहेको छ भन्ने सुन्नमा आएको छ।

अन्तरिक्षको खोज–अनुसन्धानमा नासाले धेरै प्रगति गरेको छ भन्नेकुरालाई सबैले मान्दैआएका छौं । भाषाको शक्ति नै मानिसको सबै शक्तिको पूरक हो। भाषाबाटै ज्ञानको आदानप्रदान हुन्छ । वेदकै आँखाका रूपमा मानिएको ज्योतिष शास्त्रले अन्तरिक्ष र आकाशीय पिण्डहरूको अध्ययन गरेर अगाडि ल्याएका तथ्यहरू आजसम्म हाम्रो समाजले मानेकै छ भने क्रमशः नासाले पनि स्वीकृत गर्दै आएको छ । आधुनिक युगका वैज्ञानिकहरू सहस्राब्दिऔँ अगाडि वैदिक शिक्षाले प्रयोगमा ल्याएका कुरालाई आज अनुसन्धान गर्दै छन् । यसैबाट वैदिक शिक्षाको उचाइ कुनै युगमा आजको भन्दा कति माथि पुगेको रहेछ भन्ने स्वतः स्पष्ट हुन्छ । यस हिसाबले विचार गर्दा सम्पूर्ण सामर्थ्यको उन्नति गराउने क्षेत्रमा वैदिक शिक्षाको उपादेयता कति छ भनेर लेखा निकाल्न सहज छैन, गौरवको विषय यो पनि हो।

(७) विविध पक्षबाट हेर्दा : विविध पक्ष भनेर सामाजिक जीवन, वैदिक सन्दर्भ, विधिप्रविधि र व्यवहारलाई लिइएको छ । विगतबाट आजको दिनतर्फ आउँदा हाम्रा समाजमा देखिएका केही कुराहरूको चर्चा भयो । अब केही फरक कुराहरू अगाडि सार्ने प्रयास गरियो । लौकिक काव्य साहित्यका आदिकवि वाल्मीकि हुन्। उनले काव्ययात्रा सुरु गर्दाको पहिलो [३७]श्लोकमा– "कामक्रीडामा संलग्न चखेवा जोडीको एउटालाई घात गर्ने निषादको निन्दा" गरिएको छ। यसबाट वैदिक वा त्यसबाट निःसृत साहित्यको प्रारम्भ नै **'मा कश्चिद् दुःखभाग्भवेत्'** भन्ने भावनाबाट विकसित भएको देखिन्छ। पश्चिमेली वैज्ञानिकहरू बल्ल यस बेला पशु अधिकारको कुरा गर्दै छन् र हाम्रा देशमा पनि त्यसैलाई वैज्ञानिक दृष्टिकोण भन्ने गरिएको छ।

वेदमा[३८] बिहानीको प्रार्थना गर्दै– "यी उषा पहिले पनि आएर बस्थिन् । रथ चलाउँदै अहिले पनि प्रकट भइन् । रत्न खोज्नेले समुद्रमा एकाग्र भएझैं हामी पनि तिनै उषाको प्रतीक्षा गर्दै छौं ।" भन्ने कथन आएको छ। एउटै कथनभित्र समय निरन्तर गतिशील छ । बिहानी अर्थात् प्रारम्भिक समयको उचित उपयोग गरेपछि अरू क्रमशः मिलाउन सजिलो हुन्छ भन्ने एउटा महत्त्वपूर्ण सन्देश छ भने समुद्र वा जलस्रोतलाई धन–आर्जनको महत्त्वपूर्ण स्रोत बनाउन सकिने कुरा प्रस्ट देखाइएको छ।

मानिस मात्रै होइन, बोटबिरुवा र किरा आदिका जीवनले पनि अन्धकार रुचाउँदैन भन्ने प्रसङ्ग माथि नै आइसकेको छ। उज्यालो वा ज्ञानको प्रकाशका खोजीमा मानिस निरन्तर रहन्छ भन्नेकुरालाई [३९]ऋग्वेदले बारम्बार अनेकौं प्रकारले बताउँदै आएको छ। त्यसै क्रममा उषाको स्तुति गर्दै– "हे आशकापुत्री उषा ! हामीलाई चाहिने उत्तम सुख, सौभाग्य लिंदै आएर प्रदीप्त होऊ र दुर्भाग्यरूपी अन्धकारलाई हटाऊ" भनेको छ । वास्तवमा समयलाई वा उषाकाललाई उचित उपयोग गर्ने मानिस नै सुखी हुन्छ भन्ने भाव यस मन्त्रमा देखिएको छ र सत्य पनि त्यही नै हो।

मनको सङ्कल्पलाई वेदका मन्त्रका आधारमा विचार गर्दा आजका मनोवैज्ञानिकहरूका सिद्धान्त धेरैपछि नै रहन्छन् ।[४०] यजुर्वेदमा– "जाग्रत अवस्थामा परपर जसरी जान्छ, उसरी नै सुषुप्त अवस्थामा पनि जान्छ। पर पर जाने ज्योतिका त्यस ज्योतिले मेरा मनमा हितकारी सङ्कल्प आओस्" भन्ने देखिन्छ। परिवेश जस्तो पायो उस्तै चेतना मनमा विकास हुन्छ । यसलाई आधार बनाएर हेर्दा यस भूमिको प्राकृतिक परिवेश नै परहित हुने र सत्सङ्कल्पमा रमाउने हो भनेर ठम्याउन सकिन्छ।

आज जति चिकित्सा विज्ञानले उन्नति गर्दै छ, उति नै नयाँ नयाँ रोगव्याधिहरू देखा परिरहेका छन् । चिकित्सा विज्ञानको खोजी र अनुसन्धान बाहिरका देशमा भयो भन्ने मान्नुभन्दा वैदिक शिक्षामा नै आयुर्विज्ञान थियो, आफ्नै देशमा उत्पन्न भएका शिक्षाबाट नै त्यस क्षेत्रको खोजी गर्ने

३७ मा निषाद प्रतिष्ठा त्वमगम शाश्वती समा।
यत्क्रौञ्च मिथुनादेकमवधी काममोहितम् ॥

३८ उवासोषा उच्छाच्च नु देवी जीरा रथानाम् ।
ये अस्या आचरणेषु दध्रिरे समुद्रे न श्रवस्यवः ॥ऋ.१.४८.३॥

३९ उष आ भाहि भानुना चन्द्रेण दुहितर्दिवः ।
आवहन्ती भूर्यस्मभ्यं सौभगं व्युच्छन्ती दिविष्टिषु ॥ऋ. १.४८.९॥

४० यज्जाग्रतो दूरमुदैति दैवं तदु सुप्तस्य तथैवैति ।
दूरङ्गमं ज्योतिषां ज्योतिरेकं तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ यजुर्वेद ३४.१ ॥

 जो जसको मिल्ने प्रकृतिको हुन्छ, ऊ उही प्रकृति र प्रकारको मानिसलाई भेट्टाउँछ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो भने आफ्नो देशमा उद्योग र रोजगारीको अवसर पक्कै हुने थियो। त्यसै विषयलाई [४१]अथर्ववेदमा– "पृश्निपर्णीले हामीलाई सुख देओस्, रोग निको पारोस्। भयङ्कर रोगलाई यसले निको पार्छ। त्यसैले यस शक्तिवर्धक औषधिलाई हामी सेवन गर्छौं" भनिएको छ। रोग शारीरिक र मानसिक दुवै हुन सक्छन्। उपचार वैदिक शिक्षामा विद्यमान छ।

आयु, शिक्षा र अर्थका आधारमा देशलाई विकसित र अविकसित भनिने आजको युगमा हाम्रो देश इतिहासकालमा विकसित देशको सूचीमा परेको देखिन्छ। सय वर्षको आयु वेदले मानिसलाई तोकेको प्रसङ्ग माथि पनि आयो। [४२]अथर्ववेदमा– "बुढ्यौलीका लागि बालक बढोस् र सयौँ रोग आदिबाट पीडित भई मृत्यु नहोस्। खुसी मनका लागि देवताले आमाले जस्तै स्नेहसाथ राखून् र मित्रद्रोहबाट जोगाऊन्" भन्ने छ। यस्ता वाक्यले वेदको शिक्षाभित्र शरीरको साथै मनको पनि उपचार गरेको देखिन्छ।

आजको समय मानव अधिकारका क्षेत्रमा विशेष सचेत छ। [४३]अथर्ववेदमा सबै मानिसप्रति समानताको व्यवहार हुनुपर्छ, सबैका विचारको सम्मान हुनुपर्छ भनी– "मानिसहरू कोही नछुटीकन सानाठूला सबैलाई ख्याल राख्तै, समान व्यवहार गर्दै, विचार मिलाउँदै, मिलेर काम गर। एकापसमा प्रेमपूर्ण कुरा गर्दै हिँड। हामी पनि तिमीहरूको जस्तै काममा लाग्नेछौँ" यस्तो स्पष्ट उल्लेख गरिएको छ। यसै भनाइमा सबैप्रति समान व्यवहार देखिन्छ। आजका राजनीतिक विचारकहरूले यसै प्रकारको भावनाका खोजीमा विदेशीका मुखतिर हेर्ने गरेको देखिन्छ।

भ्रष्टाचारका विषयमा माथि पनि चर्चा भएको थियो। [४४]अथर्ववेदले भ्रष्टाचारबाट मुक्त समाज निर्माणका लागि चेतावनीमूलक उक्ति अगाडि सारेको छ। त्यसमा–"वन्दना नामका लहराले जसरी रुख सुकाउँछ, उसरी नै यो पापको धन माथि चढेपछि हामी पनि सुक्छौं। ज्ञानले यस्तो अलक्ष्मीलाई हामीदेखि टाढा राखोस् र हामीलाई पवित्र धनसुन प्राप्त गराओस्" भनेको छ। यसरी मानसिक रूपमा नै सचेत गराएपछि मानिसको मन पवित्र हुन्छ र जीवन सुखद बन्छ।

शत्रुले कमजोर देखेकै बेला आक्रमण गर्दछ। हामी शक्तिशाली हुँदा शत्रु मर्यादित रहन्छ। कसैले सताइनु नपरोस् र कसैमाथि आक्रमण गर्नु पनि नपरोस् भन्दै– "तिमीसँग भएको बल, बाण, धनुषको पराक्रम, तरबार, बन्चरो आदि हतियार र मनको अठोट सबै शत्रुले देख्न पाउने गरी ल्याऊ र शत्रुलाई देखाऊ" भन्ने कुरा[४५] अथर्ववेदमा आएको छ। यसको तात्पर्य नदेखिने गरी हतियार हान्ने समय नआओस् र आयो भने पनि आफू पराजित हुनु नपरोस् भन्ने हो। शत्रुसँग विजयी हुने शिक्षा पनि वैदिक शिक्षामा रहेछ।

अथर्ववेदमा[४६] आफ्नो भूमिप्रति भक्तिभाव अत्यन्त राम्ररी प्रकट गरिएको छ। यहाँ भएका धेरै मन्त्रहरूले देशको महत्त्व र देशरक्षाको उपाय बताएका छन्। तीमध्ये यस मन्त्रमा जन्मभूमिको रक्षा गर्नेसँग चाहिने गुणहरूमाथि यसरी प्रकाश पारिएको छ– "सत्यनिष्ठा, यथार्थको व्यापक जानकारी, दक्षता, पराक्रम, तपश्चर्या, ब्रह्मज्ञान र त्याग बलिदान यिनै भावनाले नै भूमि वा मातृभूमिलाई पालनपोषण र संरक्षण गर्दछन्। विगतका र आउँदो समयका सबै प्राणीलाई पालन गर्ने मातृभूमिले हामीलाई विस्तृत स्थान देओस्" यस भनाइमा कुन ठाउँ कसको हो र कसको होइन भनिएको छैन। जन्म जहाँ भयो, त्यस स्थानप्रतिको कर्तव्य के हो भन्नेकुरा नै विशेष महत्त्वपूर्ण हो।

पृथ्वी घुम्छ भन्नेकुरा आधुनिक विदेशी वैज्ञानिक कोपर्निकसले गरे। त्यस कुरालाई प्रारम्भमा कसैले पत्याएनन् भन्ने सुनेको छु। उसै गरी प्रकृतिले सर्वश्रेष्ठलाई नै रोज्छ भन्ने चार्ल्स डार्विनको विचार हो भन्ने गरिन्छ। [४७]अथर्ववेदमा के छ यहाँ हेरौँ– "हल्लिँदै हिँडेको जुन पृथ्वी हो, त्यसका भित्र पानीमा आगो रहेको छ। दैवीवृत्तिको अवरोधक शत्रुलाई संहार गर्ने इन्द्रलाई रोज्ने पृथ्वी शक्तिशाली, पराक्रमी र सामर्थ्यशाली पुरुषहरूसँग छिन्" यति कुरा यहाँ पाएपछि अब हामी सोचौँ कोपर्निकस र डार्बिन पहिलेका हुन् अथवा अथर्ववेद पहिलेको हो। उपर्युक्त कुराहरू उनीहरूले नयाँ आविष्कार गरेका हुन् वा हामीसँग पहिले नै रहेछ। उनीहरूले

४१ शं नो देवी पृश्निपर्ण्यशं निर्ऋत्या अकः।
उग्रा हि कण्वजम्भनी तामभक्षि सहस्वतीम् ॥अ.वे. २.२५.१॥

४२ तुभ्यमेव जरिमन् वर्धतामयं मेममन्ये मृत्यवो हिंसिषुः शतं ये।
मातेव पुत्रं प्रमना उपस्थे मित्र एनं मित्रियात् पात्वंहसः ॥ अथर्ववेद २.२८.१ ॥

४३ ज्यायस्वन्तश्चित्तिनो मा वि यौष्ट संराधयन्तः सधुराश्चरन्तः।
अन्यो अन्यस्मै वल्गु वदन्त एत सध्रीचीनान् वः सम्मनसस्कृणोमि ॥अ.वेद ३.३०.५॥

४४ या मा लक्ष्मीः पतयालूरजुष्टाभिचस्कन्द वन्दनेव वृक्षम्।
अन्यत्रास्मत् वितस्तामितो धा हिरण्यहस्तो वसु नो राणः ॥ अथर्ववेद ७.१२०.२ ॥

४५ ये बाहवो या इषवो धन्वनां वीर्याणि च। असीन् परशूनायुधं चित्ताकूतं च यद्धृदि।
सर्वं तदर्बुदे त्वममित्रेभ्यो दृशे कुरूदारांश्च प्र दर्शय ॥अ.वे११.११.१॥

४६ सत्यं बृहदृतमुग्रं दीक्षा तपो ब्रह्म यज्ञः पृथिवीं धारयन्ति।
सा नो भूतस्य भव्यस्य पत्न्युरुं लोकं पृथिवी नः कृणोतु ॥ अथर्ववेद १२.१.१ ॥

४७ याप सर्पं विजमाना विमृग्वरी यस्यामासन्नग्नयो ये अप्स्वन्तः।
परा दस्यून् ददती देवपीयूनिन्द्रं वृणाना पृथिवी न वृत्रम्। शक्राय दध्रे वृषभाय वृष्णे ॥
अथर्व १२.१.३७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन गरेर सिद्धान्त प्रतिपादन गरेका हुन् भने वेदमा अध्ययनविना नै लेखियो होला त ?

समयको गणनाको प्रसङ्ग माथि पनि आएको छ । गणनाको आधार सूर्यको र पृथ्वीको गति नै हो । त्यसैले सूर्यले नै काल गणना निर्धारण गरेका हुन् भन्ने [४८]अथर्ववेदमा यसरी दिइएको छ– "सूर्य नै काल गणनाका निर्धारक भए । पहिले सूर्य नै प्रजापालक हुन् । सूर्य नै यज्ञीय सत्कर्मका अगुवा भएर उज्यालो स्वर्गीय सुख प्रदान गर्दछन्" यहाँ बताइएका सूर्यका विशेषताहरू व्यवहारमा प्रमाणित छन् । विज्ञानले परीक्षण गरेर हेर्दा पनि परिणाम यस्तै हुन्छ ।

पृथ्वी घुम्छ भन्नेकुरा प्रमाणित गर्ने ब्रुनोलाई आगो लगाएर मारियो, ग्यालिलिओलाई बोरामा हालेर कुटियो भन्ने सुनिन्छ । आधुनिक विज्ञान नै आज विश्वस्त छ । न्युटनले गुरुत्वशक्ति पत्ता लगाए भनिन्छ । त्यसका लागि [४९]अथर्ववेदको कुरो पनि हेरौँ– "गुरुत्वको क्षमता भएको, पृथ्वी पुण्यात्मा र पापीको भारी बोक्न सक्छ। उत्तम जल प्रदान गर्ने मेघलाई साथमा राखेको, सूर्यका किरणका सहायताले मैलोपना हटाउने पृथ्वी सूर्यका वरिपरि चारैतिर घुम्छ"। यसरी हेर्दै आउँदा आधुनिक विज्ञान भनेर हामी जुन प्रयोगात्मक पक्षलाई बुझ्दछौँ, त्यो प्रविधिको विकास अवश्य हो ।

आधुनिक युगमा शल्यक्रियाको उपचार पद्धति प्रभावकारी छ । यस पद्धतिलाई आधुनिक विज्ञानको देन भन्ने गरिएको छ।[५०] ऋग्वेदमा– "चराको प्वाँख खसेझैँ खेल राजाको युद्धमा विश्पलाको खुट्टो काटिएर खसेको थियो । रातका समयमा फलामको खुट्टो राखिदिएर भोलिपल्ट आक्रमण गर्नलाई दुई अश्विनीकुमारले तयार बनाए" । यस मन्त्रलाई हेर्दा आजको शल्यचिकित्साले अझै कैयौँ वर्ष पर्खेर मात्रै यहाँ बताइएका स्थितिमा पुग्ने अवस्था देखिन्छ। अङ्ग प्रत्यारोपण गर्दा फलाम वा स्टिलको प्रयोग अवश्य आज भएको छ। तर एकै रातमा बिरामी स्वस्थ भएर युद्धमा जान सक्तैन।

निष्क्रमण

अब कुरालाई विश्राम दिने तयारी हुने क्रममा छ । माथिका लेखमा अति थोरै कुराहरू मात्रै उल्लेख भएका हुन् । यस्ता धेरै कुराहरू वर्तमान समयमा पनि देखिन्छन् र वैदिक शिक्षामा पनि छन् । दिनानुदिन वैदिक शिक्षा छोडिँदै छ र जीवन दुःखमय बन्दै गएको छ। जति समय बित्दै जान्छ, व्यक्तिगत, सामाजिक र राष्ट्रिय जीवन सुखद हुँदै जानुपर्ने हो। स्वदेश छोडेर विदेश पलाईन हुनेहरू पनि दुःखबाट छुट्कारा खोजेकै हुन् भने स्वदेशमा बसेर जीवननिर्वाह गरिरहेका पनि दुःखमै छट्पटाउँदै छन् ।

रहरभन्दा विपरीत अवस्था आइलाग्नु नै दुःख हो । जीवनको अर्थ आ–आफ्नो प्रयोजन अनुसार फरक–फरक भए पनि यहाँ सन्दर्भले जीवन भनेर ज्यान र मनको सङ्गठित अवस्थालाई बताउन खोजियो । भौतिक वस्तुका कारण शरीरको दुःख होस् वा बौद्धिक पक्षबाट परेको चिन्ता होस् दुवै प्रकारका दुःखको भोग मनले नै गर्दछ । मनले अनुभूत गर्ने दुःख दैविक, भौतिक र आत्मिक गरी तीन प्रकारका हुन्छन् भनी हाम्रा प्राचीन अन्वेषकहरूले बताएका छन् । ती तीनै प्रकारका दुःखको स्रोत प्राकृतिक प्रकोप, भौतिक वस्तु, आफ्नै कुकर्म, कुवचन र कुत्सित मन हुन् । यिनै कारणहरूले गर्दा वर्तमान समयमा समयको दुरूपयोग, शक्तिको दुरूपयोग, बुद्धिको दुरूपयोग, साधनको दुरूपयोग भएको छ र जीवन दुःखमय बनेको छ।

जीवन भनेको ज्यान र मन हो । दुःखको भोक्ता मन हो। मनमा वैदिक शिक्षाको महत्त्व, वैदिक शिक्षामा समयको महत्त्व, वैदिक शिक्षामा शक्तिको महत्त्व, वैदिक शिक्षामा बुद्धिको महत्त्व, वैदिक शिक्षामा साधनको महत्त्व बोध गर्दै कर्ममा लाग्दाको परिणाम जीवन सुखमय बन्छ । जीवनको वास्तविक अर्थ खुसी मन र सुखी ज्यान हो। खुसीको भोक्ता मन हो । सुखका स्रोत प्राकृतिक सहजता, भौतिक वस्तुको पर्याप्तता, आफ्नै सुमन, सुवचन र सुकर्म हुन् । त्यसको प्राप्तिका लागि सुकर्म नै गर्नुपर्छ। सुकर्मको मार्गदर्शन वैदिक शिक्षामा भन्दा शक्तिशाली अन्यत्र कतै पनि पाइँदैन ।

समयका क्रममा वैदिक शिक्षाको प्रचार कमी र आयातीत शिक्षाको विस्तार बढी भए पनि निर्मूल नै भएको होइन । धेरैजसो मानिसको हेराइ र राज्यका आधिकारिक निकायको बुझाइमा यसलाई महत्त्वहीन ठानिए पनि सामाजिक रूपमा यसको महत्त्व कम भएको छैन । स्वार्थी र भ्रष्ट स्वभावको बिगबिगी भए तापनि स्वच्छ भाव भएका र यस शिक्षाप्रति चासो भएका मानिसहरू अझै पनि छन् । ठाउँ–ठाउँमा जागरुक दूरद्रष्टाहरूको सत्प्रयास छँदै छ ।

---

४८ रोहितः कालो अभवद् रोहितोऽग्रे प्रजापतिः ।
रोहितो यज्ञानां मुखं रोहितः स्वराभरत् ॥अ.वे. १३.२.३९॥

४९ मल्वं बिभ्रती गुरुभृद् भद्रपापस्य निधनं तितिक्षुः ।
वराहेण पृथिवी संविदाना सूकराय वि जिहीते मृगाय ॥ अथर्व १२.१.४८ ॥

५० चरित्रं हि वेरिवाच्छेदि पर्णमाजा खेलस्य परितक्म्यायाम् ।
सद्यो जङ्घामायसीं विश्पलाई धने हिते सर्तवे प्रत्यधत्तम् ॥ ऋग्वेद १.११६.१५ ॥

 शान्ति र अशान्ति दुवै सूक्ष्मशरीर (मन) मा हुन्छन्।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयातीत शिक्षाको प्रभावले उपेक्षित हुन पुगेर आर्थिक, सामाजिक, वैचारिक अनेकौं असुविधाहरू झेल्नु परे तापनि सज्जनहरूका प्रयासमा गुरुकुल चलेकै छन् । आ–आफ्ना ठाउँमा प्रभावकारिता आ–आफ्नै प्रकारको भए पनि समग्र राज्यका दृष्टिले हेर्ने हो भने मधुरो दियो बनेको जस्तो अवस्था यस शिक्षाको छ ।

पराइ शिक्षा र पराइका काँधमा चढेको राज्यव्यवस्थाले त्यस दियोमा प्रहार गर्ने हावाको काम गर्दै भएको जगजाहेर नै छ । अबको दिन यसतर्फ गम्भीर हुनुपर्ने देखिएको छ । हाम्रो स्वभाव अर्काको पराजय नै आफ्नो विजय हो भन्ने होइन, आफ्नो चासो र आफ्नो बाटो आफैँले निकालेर हिँड्ने हो । अर्काले के गर्दै छ भन्ने हेक्का राखे पनि आफूप्रति घात नभएसम्म कुनै प्रतिक्रिया नगर्ने हाम्रो स्वभाव हो । यस बेलामा आफूप्रति घात भइसक्ता पनि प्रभावकारी प्रतिक्रिया गर्न नसकेको अवस्था छ । त्यसैले यस देशको भूबनोट, पर्यावरण, प्राकृतिक सम्पदा, खाद्यान्न, रोगव्याधको उपचार, न्यायनिसाफको तजबिज, आर्थिक अनुशासन, व्यवस्थापकीय सक्षमता, राज्यको व्यवस्था, प्रयोगात्मक प्रविधि, विज्ञानसम्मत चिन्तन, जन्मदेखि मृत्युसम्मको जीवनचर्या, सामाजिक जीवनको मर्यादा, उद्योगधन्दा, व्यापार-वाणिज्य, राज्यप्रति व्यक्तिको दायित्व, समाजको दायित्व, राज्यशासकको दायित्व, कूटनीतिज्ञको कर्म, राजसेवकको कर्तव्य अधिकार जस्ता कुनै पक्षको पनि खोज गर्न र व्यवहारमा प्रयोग गर्न यस शिक्षाले छुटाएको थिएन । प्रयोगमा असफल पनि भएको होइन । त्यही नै यस देशको शान थियो, सम्मान थियो । अब पनि त्यसको खोजी नगर्नु भनेको आफ्ना पुर्खाको परिश्रम, ज्ञानबुद्धि र कार्यकुशलताको खोजी नगर्नु हो । अर्थात् उपेक्षा गर्नु वा हेप्नु हो । आखिर तिनै कुराहरू अर्काका देशबाट ल्याएर चलाइएकै छ । आफ्ना पुर्खाको खोजलाई हेप्नु आफैँलाई अपमान गर्नु हो । आफ्ना घरमा भएको आफालेर अर्काको सापटी लिनु आफ्नै अपमान हो । आफैँले आफ्नो अपमान गर्नेलाई अरू कसैले सम्मान गर्दैन । त्यसैले देश दिनदिनै निर्धनतासँगै निरीहता पनि कमाउँदै छ । अभावसँगै अपमान आर्जन गर्दै छ ।

अब पनि यस शिक्षालाई उच्च बनाउने प्रयासमा नलाग्ने हो भने विश्वव्यापी रूपबाट, आर्थिक प्रलोभनको बिउ छरेर यस शिक्षालाई समाप्त पार्ने शक्तिका सामु नतमस्तक हुनुपर्ने दिन कुनै पनि बेला आउन सक्छ । त्यसका लागि अब सबै प्राचीन शिक्षाका केन्द्रहरूको एउटा सहकार्य गर्ने नीति बनाउनु आवश्यक छ । दान दातव्यका भरमा शिक्षणसंस्था चलाउँदै पाठ मात्रै सिकाउनाले अबको दिनमा उँभो लाग्न सजिलो छैन । एकीकृत नीति अनुसार गुरुकुलहरूले शिक्षाको स्वरूप एक समान बनाउनुपर्ने हुन्छ । विज्ञान भनिए पनि आधुनिक समयमा पश्चिमेली मुलुकले प्रविधिको विकास राम्ररी गरेका छन् । तिनको अध्ययन गर्ने व्यवस्था गुरुकुलहरूले गर्नुपर्ने हुन्छ । तिनको प्रयोग र परीक्षणका लागि सहकार्य गर्न सहमत हुने आधुनिक संस्थाहरूसँग हातेमालो गर्ने बाटो पनि खुला राख्तै सहयोगी कार्य गर्ने उपाय अन्वेषण गर्नुपर्छ ।

गुरुकुलहरूले ठाउँ र आवश्यकताहरूको स्वरूप बुझेर आफ्नै भूमिमा आय आर्जनमुखी कर्म गर्नु आवश्यक छ । उपभोग्य वस्तुको उद्योग उत्पादन, आजीविकामा श्रमविभाजन, उत्पादनलाई बिक्री वितरणको व्यवस्था, आर्थिक र प्रशासनिक पद्धति, जीवनचर्याको विधान, प्राचीन प्रविधिको खोज गर्दा नवीन समयसँग मेल हुने गरी परिमार्जन गर्नुपर्नेछ । यस्ता पक्षमा जोड दिई अन्तर्गुरुकुल र सहकार्य भएका संस्थाहरूमा त्यसको प्रयोग गर्दै बाहिरी बजारसम्म आउनुपर्ने आवश्यकता देखिन्छ । सो कार्यका लागि स्रोतसाधन जुटाउने र व्यवस्थापन गर्ने पाटो छुट्टै हो । हाम्रै पुर्खाले विश्वमा अग्रता लिएको गौरवलाई हृदयङ्गम गर्ने दिन यही हो । त्यसो गर्नमा समय लाग्ला तर असम्भव भने होइन । त्यस पक्षमा गुरुकुलहरूको जागृति रह्यो भने अब पनि नेपालले नै विश्व निर्माणमा अग्रता लिन सक्छ ।

यस देशमा विधि र प्रविधि दुवै पक्षबाट सशक्त विज्ञान पुर्खाले आर्जन गरेकै हुन् । शिक्षा र सभ्यता यहाँबाटै विश्वमा गएको हो भन्ने आधार हाम्रा प्राचीन ग्रन्थहरूले दिएकै छन् । यही भावना महर्षि फाउन्डेसनको पनि रहेको देखिन्छ । विदेशमा प्रविधिको विकास भयो, त्यो प्रशंसनीय छ, हामीले अर्काको प्रविधिलाई स्वीकार गर्दागर्दै आफ्ना प्रविधि त्याग्यौं । मान्छेको जीवन प्रविधिविहीन अवस्थामा बाँच्तैन । अर्काका प्रविधिलाई आफ्नामा ल्याउने काममा नै हाम्रो शक्ति क्षय भएको छ । शक्ति क्षीण हुँदै जाँदा आफ्ना पुर्खाले लामो समय लगाएर तयार गरेको विधि पनि त्यागिँदै गएको अवस्था छ । **अर्कालाई दोष लगाउनुभन्दा आफ्ना कर्ममा स्वक्रियात्मक भएर अगाडि बढ्दा नै सुखद परिणाम प्राप्त गर्न सकिन्छ । अस्तु ।**

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

जहाँ रामको कृपा रहन्छ, त्यहाँ सबैले कृपा गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक वास्तुकला र वास्तु शहर योजना

डा. ईके हर्टमन, वैदिक वास्तुकला संस्थान

उद्देश्य

वैदिक वास्तुकलाको उद्देश्य व्यक्तिगत र समाजको लागि वास्तु शान्ति बनाउनु हो। शहरी योजनाका लागि वास्तुकला बाहेक अन्य कुनै प्रणाली छैन, जसले व्यक्तिगत र व्यावसायिक जीवनमा तथा संपूर्ण समाजमा सद्भाव र शांतिपूर्ण जीवन बनाउनको लागि समय(परीक्षणित ज्ञान हो। हामी पुज्यनिय महर्षि महेश योगी को मार्गदर्शनमा ३० वर्ष भन्दा धेरै समय देखी भारतवर्षको वैदिक सभ्यताबाट आएको यो प्राचीन निर्माण प्रणालीलाई प्राकृतिक नियमसँगको सामंजस्यमा कलाको राज्य निर्माण प्रणालिमा आधुनिक,विश्वव्यापी र पारिस्थितियुक्त बनाउनको लागि काम गरिरहेका छौं।

आधुनिक विज्ञान द्वारा प्रमाणिकरण

समयको अन्तराल र भारतमाथी सैकडौं बर्ष बिदेशीको कब्जाको कारणले , वास्तु विद्याको ज्ञान छरिएको र भ्रामक थियो जुन विश्वास तथा अंधविश्वासमा आधारित थियो ।अहिले आधुनिक वैज्ञानिकहरूले भौतिक विज्ञान, भू(ब्रह्माण्ड विज्ञान र क्वांटम फिजिक्सको कोण बाट आफ्नो मौलिक सिद्धांतहरूलाई पुष्टि गरेकाछन् । चिकित्सा, समाजशास्त्रीय र गुणस्तरीय जीवनको अध्ययनहरूले नै पर्याप्त रूपमा देखाएका छनकि वास्तु भवनहरू सहि रूपमा हुनुका प्रभावका कारण पारिवारिक जीवनमा परिवर्तन ल्याइरहेको छ , सौभाग्य तथा व्याबसायिक प्रदर्शन लाई बढाइरहेको छ र साथ साथै समाजमा शान्ति र बृहत् रूपमा विश्व शान्तिको लागि योगदान पुर्याउँदै शहरी जीवनमा सद्भाव सृजना गरिरहेको छ ।

वैदिक नेपालको निर्माण

विश्व शान्ती राष्ट्र र यसको सहायक कम्पनिहरूले १०० औं स्कूलहरू र कलेजहरू, हजारौं वास्तु घरहरू, आदर्श वास्तु समुदायहरू, वैदिक उद्यान गाउँहरू तथा विशेष रूपमा भारत र नेपालमा वैदिक पण्डितहरूकोलागी घरहरू प्रदान गरिएको छ। वैदिक पण्डितहरू वैदिक सभ्यताको संरक्षक र परिवर्तनको इन्जिन हुन्। आफ्नो यज्ञ र सस्वर पाठको माध्यमबाट उनिहरूले सद्भाव र विश्व शान्तिको असामान्य प्रभाव सृजना गरिरहेका छन्। त्यसकारण, नेपालका वैदिक पण्डितहरूको लागि वास्तु निर्माण निश्चित प्राथमिकतामा छ,जसमा निर्माण र योजनाको विभिन्न चरणहरूमा धेरै आवासीय आश्रमहरू छन्।

वास्तु निर्माण

महर्षि वास्तु वास्तुकलाको संशोधित प्रणाली अनुसार निर्माणको लागत सामान्य निर्माण कै बराबर हुन्छ। सामग्री को लागत समान हुन्छ। सबै वास्तु भवनहरू उत्तररदक्षिण, पूर्व र पश्चिममा पङ्क्तिवद्ध हुन्छ र पूर्व उदाउंदो सूर्यको दिशा तर्फमुख फर्काएर बनाइन्छ। कोठा तथा आराम कक्षहरू शुभ वैदिक अनुपात र समरूपता अवलोकन गरेर प्राकृतिक नियम अनुसार राखिन्छ ।जब कुनै शहरमा सबै सडकहरू उत्तर र दक्षिण, पूर्व र पश्चिम मा बानाइन्छ , तब त्यहाँ सिर्जना गरिएका भवन निर्माण स्थलहरूमा उदाउंदो सूर्यकोको लाभकारी प्रभाव प्राप्त गर्नको लागि पुर्वी मोहडा भएका उपयुक्त भवनहरू निर्माणकालागी स्वतः अनुमती प्राप्त हुन्छ । शहरी योजना बनाउने दायित्व सरकारको हो। भईरहेका शहर र गाउँहरूलाई समयमै पुननिर्माण गर्न सकिन्छ। नयाँ भवनहरू, स्कूलहरू, विश्वबिध्यालयहरू, अन्य सार्वजनिक भवनहरू सजिलैसँग वैदिक नियमानुसार अतिरिक्त खर्च बिना नै निर्माण गर्न सकिन्छ।

निष्कर्ष

जसरी वैदिक वास्तुकलासँग समाजलाई लामो समयसम्म सहज संरचना प्रदान गर्ने शक्ति छ भनेर देखाइएको छ,यो सिफारिस गरिएको छ कि शहरी विकास मंत्रालयले आफ्नो प्रकाशित निर्देशिकामा एउटा अतिरिक्त बुँदा थप्नु पर्छ। प्राकृतिक कानुनसँग मेल खाने भवन नियम अंगिकार गर्नको लागि (स्थापत्य वेद को वास्तु विद्या (तालिम, स्थानान्तरण र अनुपात को संदर्भ मा निर्माण र निर्माण स्थल योजना को लागि वैदिक निर्देशनहरूको अवलोकन(सम्पूर्ण समाजमा क्रमबद्धता, मेलमिलाप,सद्भाव र सफलता को असामान्य प्रभावलाई नियन्त्रण गर्नको लागि र सोही समयमा नेपालको लागि एक आदर्श वैदिक सभ्यताको प्राचीन डिजाइन गरिएको तर सबै भन्दा आधुनिक रूपमा सुसज्जित एक चम्किलो उदाहरण बनाउनको लागी प्रत्येक व्यक्तिको स्वास्थ्य, सम्पत्ती र खुशी मा योगदान गर्नको लागि

 भगवान्‌को प्रतिज्ञा छ कि आफ्ना भक्तहरूका लागि म सबै चीज गर्न तयार छु।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श वैदिक नेपाल: शान्ति, प्रगति र समृद्धिको प्रकाशस्तम्भ

बसुधैव कुटुम्बकम्

व्यक्तिगत तथा सामुहिक चेतनाको क्रमबद्ध विकासद्वारा अनेकताभित्रको एकीकृत जीवन

डा. क्रिष्टोफर क्रोवेल

यस प्रस्तुतिको लक्ष्य नेपालका धरोहरहरूमध्येको वैदिक ज्ञानको गहन परम्परा, राष्ट्रकै सर्वश्रेष्ठ सम्पदालाई प्रदर्शन गर्नु हो ।

हामीले जाने अनुसार वेद कुनै दर्शनमात्र होइन, कुनै आस्था वा विश्वासको प्रकृयामात्र होइन, बरु वास्तवमै अत्यन्त व्यावहारिक प्रविधिहरूले भरिएको एउटा गहन विज्ञान हो जसले आतंकवाद एवं युद्ध, बिमारी र रोगहरू, गरिबी, नशालु पदार्थ र हाम्रो विश्व परिवारलाई कमजोर बनाउने अत्यन्त चुनौतिपूर्ण समस्याहरूको सहज समाधान दिन सक्छ ।

वैदिक ज्ञानले चेतनाको एउटा विज्ञान प्रस्तुत गर्दछ जुन अत्याधुनिक भौतिक शास्त्रको अनुसन्धानसँग समानान्तर रहेको छ र वैदिक ज्ञानले विश्वब्रम्हाण्डलाई शासन गर्ने प्रकृतिका सम्पूर्ण नियमहरूको घरको रूपमा यही चेतनालाई नै मानेको छ ।

वेद विज्ञानको यही ज्ञानलाई पूर्ण रूपमा उजागर गर्नु र यसलाई सरल, विश्वव्यापी एवं आद्य रुपमै भावातीत ध्यान एवं यसका बृहतस्तरका प्रविधिहरूको अभ्यासद्वारा व्यक्तिगत तथा सामूहिक चेतनाको विकास गर्न सकिन्छ भन्ने कुरा प्रदर्शन गर्नु नै महर्षि महेश योगीको योगदान रहेको छ ।

विश्वशान्ति राष्ट्र

यो प्रस्तुति विश्वशान्ति राष्ट्र र यसको स्थानीय निकाय, वैदिक सँस्कृतिका लागि नेपाल महर्षि फाउण्डेशनका तर्फबाट निर्माण गरिएको हो ।

हाम्रो विश्व परिवारमा शान्ति, प्रगति र समृद्धिको एउटा नयाँ युग निर्माण गर्न महर्षि महेश योगीले एक सयभन्दा बढी मुलुकहरूमा शैक्षिक सँस्थाहरूको एउटा निकायका रूपमा विश्वशान्ति राष्ट्रको स्थापना गर्नुभयो ।

विश्वशान्ति राष्ट्र सबैतिरका शान्तिप्रिय जनताहरूका लागि एउटा 'सीमारहित राष्ट्र' हो । यसको कार्य क्षेत्र भनेको **चेतना** हो– जीवनको श्रेष्ठ सञ्चालक–प्राकृतिक नियमहरूको पूर्ण सामर्थ्य, अनन्त सम्भावनाहरूको क्षेत्र ।

विश्वशान्ति राष्ट्र एउटा गैर राजनीतिक र विद्यमान सरकारहरूका कुनै पनि क्रियाकलापहरूलाई हडप नगरीकन, परिवर्तन नगरीकन सञ्चालन हुने एउटा विश्वव्यापी संस्था हो ।

यसले प्रत्येक सरकारहरूलाई समर्थन गर्दै जे-जस्तो प्रकारले सम्पूर्ण सरकारहरू गठन गरिएका हुन्छन्, तिनीहरूका आदर्शहरूलाई पोषण दिने, समाज र मुलुकमा स्वास्थ्य र प्रगति कायम राख्नका लागि एउटा पैतृक भूमिकाको निर्वाह गर्दछ ।

विश्वशान्ति राष्ट्रको कर्मको प्रमुख कर्तव्य भनेको व्यक्तिगत एवं सामूहिक चेतनालाई जगाउनु हो जसले गर्दा प्रत्येक व्यक्तिले आत्मसाक्षात्कारको अनुभव गरून् र समाजले स्वतः स्फूर्त रूपमा सम्पूर्ण प्रकृतिको नियममा आधारित रहेर काम गर्दै, संघर्ष र दुःखको उन्मूलन गरी एउटा नयाँ युगको निर्माण गर्नु हो ।

वैदिक सँस्कृतिका लागि नेपाल महर्षि फाउण्डेशन

वैदिक सँस्कृतिका लागि नेपाल महर्षि फाउण्डेशन सन् २०१२ मा पूर्व गृहराज्य मन्त्री, नेपालको सहकारी अभियानका सँस्थापक श्री दीपकप्रकाश बास्कोटाको नेतृत्वमा स्थापना गरिएको थियो । यसको लक्ष्य नेपालको प्राचिन वैदिक सँस्कृतिका धरोहरहरूलाई सहयोग गर्नु, संरक्षण गर्नु र प्रवर्द्धन गर्नु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमालहरूको भूमि नेपाल, प्रायशः विश्वको छानो रूपमा परिचित, एउटा समयातीत साँस्कृतिक परम्परा, वैदिक परम्पराको एउटा अत्यन्त अनौठो निवास हो । नेपालले विश्वलाई नै हजारौं वर्ष पुरानो समयातीत कला, वास्तुकला र मौखिक परम्परामा बाँच्न सक्ने शक्ति उपहार दिएको छ ।

वैदिक पठनपाठन र यज्ञ समाहित यो उल्लेखनीय वैदिक साँस्कृतिक धरोहर, चेतनाको पूर्ण विज्ञानको अभिन्न अंग हो र आज यसलाई वैदिक ज्ञानका रूपमा चिनिन्छ ।

वेद विज्ञानभित्र वैदिक ज्ञानका विविध शाखाहरू छन् । यिनीहरूमा आयुर्वेद, योग, स्थापत्य वेद (वैदिक निर्माणशास्त्र), गन्धर्ववेद (वैदिक संगीतको विज्ञान) पर्दछन् र यिनीहरूले आजको आधुनिक युगमा स्वास्थ्यको क्षेत्रमा, शिक्षाको क्षेत्रमा, वास्तुकलाको क्षेत्रमा, शहरी व्यावस्थापनको क्षेत्रमा, साँस्कृतिक समन्वयताका लागि, सामाजिक मेलमिलाप र विश्वशान्तिका लागि अत्यन्त व्यावहारिक मूल्य र मान्यता दर्शाएको छ ।

नेपालको बहुमुखी साँस्कृतिक परम्परा, सम्पन्नतामा प्रतिबिम्बित यसको गौरवमयी इतिहास र आध्यात्मिक परम्पराहरूले वर्णन गरेका छन् कि कसरी जीवनको पूर्ण सामर्थ्यलाई हरेक पुरुष, महिला र बालबालिकाहरूले आत्मसात् गर्न सक्छन् र यसको आधारमा एउटा प्रबुद्ध समाजको आदर्श उपलब्धिका लागि प्रकृतिको साथमा शान्ति, प्रगति र समृद्धि हासिल गर्न सकिन्छ भन्नेकुरा दर्शाउँछ ।

तर समयको कालखण्डमा, दिव्य लक्ष्यहरू हासिल गर्ने यी प्राचिन ग्रन्थहरूमा उल्लिखित उच्च गुणहरूको उजागर गर्ने व्यावहारिक एवं सूक्ष्म प्रविधिहरू बिग्रँदै, बटारिँदै र प्रभावहीन बन्न पुगे । यसले मुलुकलाई दुःख, अनिश्चितता, अपराध, रोग, विक्षिप्त मूल्य-मान्यताहरू, गरिबी, पूर्वाग्रह, सामाजिक अस्तव्यस्ता जस्ता सबैखाले समस्याहरूमा धकेलिदियो ।

मुलुकको तत्कालको आवश्यकता

आज म यहाँहरूलाई निम्नलिखित उपलब्धिहरू हासिल गर्नका लागि वेद विज्ञान र प्रविधि लागू गर्न तुरन्त आव्हान चाहन्छु ।

१. एकीकृत एवं सामन्जस्यतापूर्ण राष्ट्रिय पहिचानभित्र विविध साँस्कृतिक, नागरिक र जनताहरूका धार्मिक उपलब्धिहरू हासिल गर्न ।

उर्लंदो वैश्वीकरणको प्रभावले अमूल्य धरोहर र भविष्यको पूर्णताको पथप्रदर्शकका रूपमा रहेका नेपालका साँस्कृतिक परम्पराहरूलाई बिगार्ने र नष्ट गर्नेछैन भन्नेकुरा सुनिश्चित गर्न ।

विश्वशान्तिका लागि राष्ट्रिय अजेयता हासिल गर्न । प्रत्येक मुलुकहरूका लागि पोषण प्रदान गर्न सक्ने नेपाललाई बनाउनुपर्दछ– सीमाबाहिर र भित्र कतैबाट पनि दुश्मनी उत्पन्न हुनुहुदैन ।

निम्नलिखित तीनवटा अत्यावश्यक आवश्यकताहरू राजनैतिक भाषण, सैनिक शक्ति र आर्थिक सम्पन्नताले हासिल गर्न सकिंदैन । केवल शान्त व्यक्ति र सामूहिक चेतनाको उच्चस्तरीय अवस्थाबाट मात्र नेपालले बसुधैव कुटुम्बकम्को आदर्शलाई हासिल गर्न सक्छ ।

सौभाग्यले महान् विज्ञहरूको वैदिक परम्परामा समाविष्ट अनन्त वैदिक ज्ञान, नेपालको अद्भूत धरोहरलाई यसको पूर्ण र प्रामाणिकतामा परम पूज्य महर्षि महेश योगीज्यूद्वारा पुनर्स्थापना गरिएको छ ।

एउटा व्यक्ति एवं सामूहिक चेतनाको पूर्ण विकासका निम्ति सरल, स्वाभाविक एवं वैज्ञानिक तवरले प्रमाणित प्रविधिहरूलाई आज विश्वका हरेक क्षेत्रहरूमा समस्यारहित जीवनको प्रकाश छर्दै एउटा आदर्श मुलुक निर्माण गर्नका लागि समाजको प्रत्येक क्षेत्रमा लागू गर्न सकिन्छ ।

नेपालले आफ्नो जन्मसिद्ध 'वेदभूमिको' पूर्णता प्राप्त गर्नेछ भन्नेकुरालाई ठोकुवा गर्नका लागि निम्नलिखित प्रस्तावले सिद्धान्तहरू र कार्ययोजना प्रस्तुत गर्दछ ।

वैदिक नेपाल पूर्णतामा विकसित बनोस् र आत्मसाक्षात्कारको प्रकाशस्तम्भ बनोस्, सम्पूर्ण मुलकहरूको परिवारका निम्ति शान्ति र अजेयता कायम रहोस् । अब, नेपालको इतिहासमै एउटा चमकदार अध्याय लेख्ने तयारीमा लागिएको छ ।

साँस्कृतिक निष्ठा र राष्ट्रिय एकता

सँस्कृतिअन्तर्गत त्यस्ता सम्पूर्ण मूल्यहरू विद्यमान हुन्छन् जस्ले विशेष हावापानी र भौगोलिक परिवेश अनुसार जीवनको विकासको क्रमलाई अगाडि धकेल्छ । अनुभव, विश्वास, विचार एवं व्यवहारका आदर्शहरू प्रकृतिको

 सर्वशक्तिमान् भगवान्को भक्त दुःखी रहन सक्दैन ।
-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियममा आधारित हुन्छन् जस्ले जीवनको विकासको निर्दिष्ट दिशा तय गरेको हुन्छ। नेपालको साँस्कृतिक परम्परा–राजनैतिक एवं सामाजिक प्रवृत्ति, धर्म, व्यवसायहरू, भाषा, खानेकुरा, पर्व र बिदाहरू, कला, निर्माण, संगीत, भेषभूषा, चालचलन इत्यादि–हिमालदेखि उपत्यकासम्म; पूर्वदेखि पश्चिमसम्म अत्यन्त विविध छ।

मुलुकको विविधता एउटा अपार सम्मानित सम्पत्ति हो तर जब समाजमा तनाव हाबी हुन्छ, यो विविधताले विखण्डनको स्थिति, तनाव, द्वन्द्व सिर्जना उत्पन्न गर्दछ जुन हाल नेपाल लगाएत हरेक मुलुकहरूले सामान गरेका छन्।

त्यसकारण, सौभाग्यले, आधुनिक विज्ञानले पनि प्रकृतिका सम्पूर्ण नियमहरूको यौगिक क्षेत्रले साँस्कृतिक विविधताको अभिव्यक्ति देखाएको छ। र, त्यसमा महर्षि वैदिक विज्ञानले प्रकृतिका सम्पूर्ण प्रज्ञालाई प्रतिबिम्बित गर्न मानव चेतनाको विकास गर्ने एउटा सरल, व्यावहारिक र विश्वव्यापी प्रविधि प्रदान गरेको छ

जब व्यक्तिगत एवं सामूहिक चेतनामा यौगिक क्षेत्र जागरुक बन्छ, स्थानीय साँस्कृतिक विभिन्नता स्वतःस्फूर्त रूपमा अनौठो रुपले उपलब्धितर्फ विकसित हुन्छ र राष्ट्रिय जीवनलाई नै प्रगाढ पार्दछ।

महर्षि वैदिक विज्ञान र प्रविधि लागू गरेर साना वैदिक विज्ञहरूका समूहले समेत राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सामूहिक चेतनामा सकारात्मकता र एकताको निर्माण गर्न सक्छन् भन्नेकुरा व्यापक अनुसन्धानहरूले प्रमाणित गरेका छन्।

यसैको आधारमा राष्ट्रिय पहिचान मजबूत, सामर्थ्यवान्, अर्थपूर्ण बन्न जान्छ र साथसाथै शान्ति, धैर्यता र सम्मानले विविधताको अभिव्यक्तिलाई पोषण दिने हुन्छ, स्थानीय सिर्जनशिलतालाई प्रगाढ पार्दछ, र एउटा परिवारजस्तै सबैले सबैमा हासिल हुने सफलतामा गर्व गर्नेछन्।

वैश्वीकरणको (भूमण्डलीकरणको) युगमा साँस्कृतिक परम्पराहरूको सामर्थ्यको संरक्षण

धर्म र सँस्कृतिको क्षेत्रमा प्रायशः सुनिने गुनासो के छ भने परम्परागत साँस्कृतिक मूल्य मान्यताहरूले प्रगति र तीब्रगतिले परिवर्तन भैरहेको सँसारमासँग तालमेल राख्दैनन्। आधुनिक सञ्चार प्रणाली र यातायात विकासको साथसाथै प्रत्येक मुलुकहरू विदेशी प्रभावहरूबाट धेरैभन्दा धेरै प्रभावित भैरहेका छन् जसलाई नकार्न सकिँदैन।

कसरी नेपाल–अथवा अन्य कुनै मुलुकले– बढ्दो भूमण्डलीकरणको सामुन्ने आफ्नो अनौठो पहिचानलाई कायम राख्न सक्छन्? यसको उत्तर हो साँस्कृतिक एकत्वको आधारभूत मूल्यलाई राष्ट्रिय चेतनामा जागृत गर्नु जसले गर्दा परम्परागत मूल्यहरूलाई प्रगतिले छायाँमा पार्न नसकोस्।

महर्षि वैदिक विज्ञानले मुलुकमा साँस्कृतिक एकताको विकास गर्न मन, शरीर, व्यवहार र समाजमा ६ वटा अत्यावश्यक गुणहरूको विकास गर्दछ। यिनीहरू हुन्: स्थिरता, लचकता, शुद्धीकरण, समायोजन, विकास र सिर्जनशिलता।

बृहत् वैज्ञानिक अनुसन्धानहरूले देखाएका छन् कि जब कुनै विशेष समुदायका व्यक्तिहरूले महर्षि वैदिक प्रविधिहरूको अभ्यास गर्छन् भने उनीहरूले स्वभाविक रूपमै सँस्कृतिका यी आधारभूत मूल्यहरूलाई प्रष्फूटन गर्दछन् र उनीहरू प्रकृतिको शाश्वत एवं स्थानीय दुवै नियमहरूलाई कायम राख्दछन्।

सामूहिक राष्ट्रिय चेतनामा विकसित यी गुणहरूले नेपाल मुलुकलाई निश्चित रूपलेः

१. स्थिरता प्रदान गर्दछ, निरन्तर परिवर्तनको घडीमा यसको समग्रतालाई कायम गर्दछ।
२. लचकदार बन्छ, लक्ष्य हासिल गर्न र प्रगतिलाई जारी राख्न नवीनतम सोच र कृयाकलापहरू लाई स्विकार गर्दछ।
३. समाजमा यी नविनतम सोच र काम गर्ने प्रकृयालाई समायोजन गर्दछ।
४. समग्रमा प्रगतिलाई कुनै बाधा नपारीकन आफैँमा परिष्कृत बन्ने हुन्छ।
५. परिणामस्वरुप, निरन्तर बढिरहन्छ, लगातार बढ्नु जरुरी हुन्छ, कुनै पनि समाज अथवा सँस्कृतिका लागि निरन्तर विकास अपरिहार्य हुन्छ।
६. अन्तमा, नेपालले प्रकृतिको प्रज्ञा एवं सिर्जनशिलतालाई प्रतिबिम्बित गर्दै सिर्जनशिलताको प्रदर्शन गर्नै पर्छ जस्ले हरेक चिजलाई विकासक्रमको पथमा कायम राख्दछ।

नेपाल र सम्पूर्ण विश्वपरिवारभित्र एकत्वको सिर्जना

मुलुकभित्र र बाहिर आफ्ना छिमेकीहरूसँगको दिगो शान्ति हतियारमार्फत, सन्धि, सम्झौता, मध्यस्थता अथवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केवल राम्रो चाहानाले मात्र हासिल गर्न सकिँदैन ।

परम्परागत पद्धतिहरू असफल छन् किनभने यिनीहरूले हिँसा र द्वन्द्वको अन्तर्निहित कारणलाई सम्बोधन गर्दैननः यिनीहरूले आतंकवाद र द्वन्द्वलाई इन्धन दिने उग्र राजनीतिक, जातिय र धार्मिक तनावहरूलाई उन्मूलन गर्दैनन् ।

आवश्यकता के को छ भने यी जरो गाडेका तनावहरूलाई उन्मूलन गर्ने प्रभावकारी साधन–एउटा प्रभावकारी विधि जसले एउटा मुलुकलाई हिँसाविरुद्ध सुरक्षा प्रदान गर्न सक्छ र विश्वमा शान्ति र समृद्धिको विकास गर्न सक्छ ।

भावातीत ध्यान कार्यक्रम र यसका बृहतस्तरका प्रविधिहरू भावातीत ध्यान सिद्धिकार्यक्रम एवं यौगिक उडान, नाटकीय ढंगले समाजमा एकता र शान्ति उपलब्ध गराउने प्रविधिको रूपमा पाइएको छ किनभने यिनीहरूले एउटा व्यक्ति एवं सामूहिक चेतनाको तनाव र द्वन्द्वलाई यिनीहरूको जरैदेखि समाप्त पार्छन् ।

विश्व दिन-प्रतिदिन बढ्दो रूपमा भूमण्डलीकरणतर्फ उन्मूख छ र यसले स्थानीय सँस्कृतिमा धेरैभन्दा धेरै चुनौतिहरू निम्त्याउँछ जुन प्रकृतिको प्रष्फूटन गर्ने स्वभाव हो जसले सम्पूर्ण क्षेत्रहरूको विकासलाई जारी राख्दछ ।

प्रकृतिले विविधता मन पराउँछ । राष्ट्रिय तथा विश्व मेलमिलाप विविध सँस्कृतिहरूको पलाईनबाट स्थापना हुँदैन । यो त स्थानीय सँस्कृतिको प्रकृतिप्रदत्त आफ्नै ऐकबद्धता कायम राख्न सक्ने अनन्त लचकतामा आधारित जीवन शैलीको क्षमतामा निर्भर गर्दछ ।

महर्षि व्याख्या गर्नुहुन्छ कि सम्पूर्ण संस्कृतिहरूसँग मिलेर बाँच्नका लागि, हाम्रो जागृति भावातीत चेतना, सम्पूर्ण प्रकृतिको घर, सम्पूर्ण सँस्कृतिको श्रोतमा दिगो रूपमा स्थापित हुनुपर्दछ जहाँबाट प्रकृतिको विश्वव्यापी एवं स्थानीय नियमहरू उत्पत्ति हुन्छन् । त्यसपछि व्यक्तिले सदैव जीवनोपयोगी विचार सोच्ने हुन्छ, उचित निर्णय गर्ने हुन्छ, ऊ विश्वको कुनै पनि स्थानमा किन नहोस्, उचित कार्य गर्ने हुन्छ ।

जब एउटा सँस्कृतिको सामूहिक चेतनामा सम्पूर्ण प्रकृतिको नियम जागरुक हन्छ, समाजले स्वतःस्फूर्त अन्य सँस्कृतिका कुनै पनि स्थानीय नियमहरूको उल्लंघन नगरीकन आफ्नो सँस्कृतिको क्रमिक विकास र प्रगतिमा उपयोगी उनीहरूका प्रगतिशील एवं सिर्जनात्मक विचार हरूको फाइदा लिने हुन्छ ।

वेद विज्ञान र प्रविधिको पुनर्स्थापना

नेपाल र भारतको अमूल्य वैदिक ज्ञानको शुद्धता र प्रभावकारिता अहिले आजको वैज्ञानिक भाषामा उपलब्ध छ । महर्षिले चेतनाको वैदिक ज्ञानलाई यसको शुद्ध रूपमा प्रकाशमा ल्याउनुभएको छ साथै यो ज्ञान अत्याधुनिक भौतिक शास्त्रको सिद्धान्तले प्रतिपादन गरेको–प्रकृतिको अत्याधुनिक मौलिक प्रशासनको विश्लेषणसँग मिल्दो छ भनी देखाइदिनुभएको छ ।

महर्षिले यो सम्बन्धलाई यसरी व्याख्या गर्नुभएको छः आधुनिक र प्राचिन दुवै ज्ञानहरूले प्रकृतिको यौगिक श्रोतलाई सम्पूर्ण प्राकृतिक नियमहरूको एउटै आधार, आत्मा–अन्तर कृयाको पूर्ण क्रमबद्धतामा निहित रहेको देखाइदिएको छ । यो क्षेत्रले क्रमबद्ध रूपमा व्यक्त ब्रम्हाण्डको प्रत्येक स्तरबाट जीवन सञ्चालन गर्ने विविध प्राकृतिक नियमहरूको सिर्जना गर्दछ,

आधुनिक विज्ञानले उद्घोष गर्दछ कि प्रत्येक संस्कृतिको प्रत्येक व्यक्ति 'वेद' बाट निर्मित हुन्छ ।

यसका अतिरिक्त, प्राध्यापक टोनी नेडर, एम डी, पि.एच.डी. ले आविष्कार गर्नुभएको मानव शरीर वेद अथवा वैदिक वाङ्मयको ठ्याक्कै अभिव्यक्ति हो भन्नेकुरालाई महर्षिले निर्देशित गर्नुभएको छ ।

अनुसन्धानको दोश्रो खण्डले महानतम् वैदिक खण्डकाव्य रामायण र मानव शरीरले आत्मज्ञानको अनुभूति कसरी स्वतः हुन्छ र यसका लागि शरीरले कसरी काम गर्छ भन्नेकुरामा समानता रहेको व्याख्या गरेको छ ।

यो मार्गदर्शक अनुसन्धानले प्रष्ट्याउँछ कि प्रत्येक धर्म र सँस्कृतिका प्रत्येक व्यक्तिहरूको मानव शरीर, वेद एवं वैदिक साहित्यको सँरचना र कार्यप्रणाली बिच पूर्ण समानता रहेको छ ।

हाल आधुनिक विज्ञानले स्पष्टै देखाएको छ कि विश्वभरका प्रत्येक व्यक्ति–उनीहरूको जुनसुकै राष्ट्रियता, धर्म, सँस्कृति र परम्परा भए पनि– 'वेद निर्मित' एवं सृजनाको प्रकृयालाई कायम राख्ने पूर्ण व्यवस्थापनको सामर्थ्य भएको प्राकृतिक नियमको अवतार भन्न सकिन्छ ।

जीवनका सर्वोत्कृष्ट गुणहरूको उजागर गर्न नेपालमा वैदिक प्रविधिहरूको अभ्यास

 भगवानूको भक्त भएर जीवन कहिल्यै दुःखी रहन पर्दैन । यो मेरो अनुभव हो ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानव जीवनको पूर्ण सामर्थ्यको विकास गर्नका निम्ति महर्षि वैदिक विज्ञानले एउटा व्यावहारिक वैज्ञानिक अभ्यासको वैदिक ज्ञान उपलब्ध गर्दछ जुन सम्पूर्ण सँस्कृति एवं धार्मिक परम्पराहरूको लक्ष्य हो।

भावातीत ध्यान कार्यक्रम १२० भन्दा बढी मुलुकहरूमा सिकाइन्छ र ५० लाखभन्दा बढी व्यक्तिहरूले चेतनाको विकासका लागि यो सरल प्रविधि सिकिसकेका छन्। अत्यधिक व्यक्तिहरूले अभ्यास गर्ने, विश्वमै अत्यधिक अनुसन्धान गरिएको व्यक्तित्व विकासको कार्यक्रम हो।

३३ मुलुकहरूमा गरिएका ६०० भन्दा बढी बृहत् वैज्ञानिक अनुसन्धानले भावातीत ध्यानले मन, शरीर, व्यवहार र समाजमा हुने व्यापक फाइदाहरूमात्र होइन, यसको उच्चस्तरीय विधि भावातीत ध्यान–सिद्धि कार्यक्रमको अभ्यासबाट सामूहिक चेतनामा सामञ्जस्यताको प्रभाव उत्पन्न गर्दै समाजलाई अद्धितिय सकारात्मकतातर्फ लिएर जान्छ।

यो बढ्दो सामञ्जस्यताको घट्ना र सामाजिक शान्तिको अनुसन्धान पहिलोपटक सन् १९७६मा प्रकाशन भएको थियो जसअनुसार १ प्रतिशत मात्रै भावातीत ध्यानको अभ्यास गर्ने समुदायमा सरदरमा १६ प्रतिशतको दरले अपराध घटेको पाइयो। यस घट्नालाई महर्षिले सन् १९६० मै घोषण गर्नुभएको हुनाले उहाँको सम्मानमा यसलाई 'महर्षि प्रभाव' भनेर नामाकारण गरियो।

अहिले आएर यो शब्दले भावातीत ध्यानको उच्चस्तरीय कार्यक्रमलाई एउटा समुदायमा १ प्रतिशतको पनि १ प्रतिशतले अभ्यास गर्दाखेरि उल्लेखनीय परिवर्तन आउने र यसले समाजलाई निकै ठूलो सकारात्मकताको दिशातर्फ लैजानका लागि उत्पन्न गर्ने उल्लेखनीय परिवर्तनको प्रभावलाई जनाउँछ।

शान्ति स्थापनाका लागि ठूल्ठूला राष्ट्रिय समूहहरूका विज्ञहरूमार्फत यी चेतनाका वैदिक प्रविधिहरूको अभ्यासबाट तीव्र जातिय, राजनैतिक, धार्मिक तनावहरू जसले हिँसा र आतँकलाई बढावा दिन्छन् र सामाजिक द्वन्द्वलाई न्यूनीकरण गरेको अध्ययन अनुसन्धानले देखाइदिएको छ।

वैदिक यज्ञको पूर्ण प्रभावकारीताको पुनर्स्थापना

योगका यी विविध वैदिक प्रविधिहरूका अतिरिक्त–भावातीत ध्यान एवं भावातीत ध्यान सिद्धि कार्यक्रम–महर्षिले यज्ञको वैदिक प्रविधिलाई पनि यसको पूर्ण प्रभावकारिताका साथ पुनर्स्थापन गर्नुभयो।

यस क्षेत्रमा, महर्षि वेद विज्ञानले एउटा गहन ज्ञान र अभ्यास उपलब्ध गराउँछ। यस अनुसार वैदिक मन्त्रहरू जागृतिको भावातीत अथवा परावाणीको स्तरबाट प्रक्षेपित हुनुपर्छ, जहाँ ध्वनि र रुपको– इच्छा र सन्तुष्टिको सँयोजन हुन्छ–अत्यन्त गहिरो तादाम्यता हुन्छ र अत्यन्त शक्तिशाली हुन्छ।

ऋग्वेदमा उल्लेख छः "वैदिक ऋचाहरू पूर्णताको समाप्ति, आत्मा, आत्मपरक चेतना वा भावातीत सत्ता जहाँ सम्पूर्ण व्यक्त ब्रम्हाण्डलाई सञ्चालन गर्ने सम्पूर्ण प्रकृतिका नियमहरू भएको क्षेत्रमा विद्यमान हुन्छन्। जस्को जागृति यस क्षेत्रसँग जोडिएको छैन भने यस्ता ऋचाहरूले कसलाई के गर्न सक्छन्? जसले यो क्षेत्रको वास्तविकता जानेका छन् र उनीहरू शान्ति र जीवनको पूर्णतामा अवस्थित हुन्छन्।" ऋग्वेद (१.१६४.३९)

यसलाई कुशलतापूर्वक हासिल गर्नका लागि मन्त्रोच्चारण गर्नु वा यज्ञ गर्नुभन्दा पहिला भावातीत चेतनालाई, वाणीको श्रोत आत्मालाई जागरुक गर्नका लागि भावातीत ध्यान, यौगिक उडान लगायत भावातीत ध्यान सिद्धिकार्यक्रमहरू अभ्यास गर्ने वैदिक पण्डितहरूको आवश्यकता हुन्छ। नेपालका प्रत्येक आदरणीय वैदिक पण्डितहरूले यस प्राचिन प्रविधिलाई यिनीहरूको पूर्ण शक्ति उजागर गर्नका लागि एउटा निर्णायक तालिम र दक्षता हासिल गर्नुपर्ने हुन्छ।

Vasudhaiva Kutumbakam—The World is My Family

बसुधैव कुटुम्बकम–विश्व मेरो परिवार

जीवनको अधिकतम विकासका निम्ति एउटा परिवार विविधताको समागम हो। वेदभूमि नेपाल, बसुधैव कुटुम्बकमको आदर्श हासिल गर्नका लागि र पूर्णता हासिल गर्नका लागि व्यक्ति र विश्वको चेतना परिवर्तन गर्न चाहन्छ।

विश्व शान्ति निर्माणका निम्ति गठित शान्ति विज्ञहरूको समूह, वैदिक पण्डितहरूको उचित-प्रभावकारी प्रस्तुति, वैदिक समारोहहरूको मूल्यांकन, नेपालभरिका पवित्र स्थलहरूको जगेर्ना गर्ने कामद्वारा विभिन्न मुलुकहरूमा गरिने वैदिक प्रविधिहरूको निर्यातले नेपाल विश्वलाई नै एउटा

मनको शुद्धिका विषयमा शास्त्रमा जे जति प्रकार बताइएको छ, तिनीहरूलाई कार्यान्वयन गर्न जरुरी छ। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ति र समृद्धिको नयाँ युग वरदान दिन सक्ने बनाउनेछ ।

प्रत्येक नागरिकको आध्यात्मिक आकांक्षाको पूर्ति

प्रत्येक धर्मको लक्ष्य हर सन्ततिहरूमा धर्तीमा स्वर्गको अवस्था निर्माण गर्नका लागि उच्च मानवीय जीवनको विकास गर्ने रहिआएको छ । समयको कालखण्डमा, महान् व्यक्तिहरू र सँस्कृतिहरूले आधारभूत ३ वटा मानव चेतना सुषुप्ति, स्वप्न र जाग्रतबाहेक सत्यताको माथिल्लो स्तरको मानवीय अनुभूति अथवा चेतनाको झल्को दिँदैआएका छन् ।

वैदिक परम्पराले उचित शिक्षामार्फत कसरी क्रमबद्ध तरिकाले ४ वटा अन्य उच्चस्तरीय चेतनाको उजागर गर्न सम्भव छ भन्नेकुरा व्याख्या गरेको छ । वैदिक भाषामा यिनीहरूलाई तुरिय चेतना वा भावातीत चेतना, तुरियातीत चेतना, भगवद्चेतना र एकत्वको चेतना भनेर भनिन्छ ।

महर्षिले सम्पूर्ण धर्म र सँस्कृतिहरूको शिघ्र विकासको लागि कुनै विचारधारा, विश्वास र रहस्यमयी नभई सरल, प्रयासहीन र स्वाभाविक तरिकाले, चेतनाको विकासका लागि वैदिक प्रविधिहरूको पुनर्स्थापन गर्नुभयो ।

यी वैज्ञानिक तवरबाट प्रमाणित प्रविधिहरूले आफ्नै आत्मसत्ताको वास्तविकतामा विशुद्ध चेतनालाई, विविध ब्रम्हाण्डको एकीकृत क्षेत्रमा, तुरन्त जागृति प्रदान गर्छन् जस्ले व्यक्तिगत जीवनलाई सम्पूर्ण सम्भावनाको क्षेत्रमा लगिदिन्छन् र प्राकृतिक नियमहरूको यौगिक क्षेत्रको असीमित व्यवस्थापकीय शक्तिमा स्वतःस्फूर्त रुपबाट व्यक्तिगत जीवनलाई संरक्षण गरिदिन्छन् ।

जब जीवनको सम्पूर्ण क्षेत्रको विकासका निम्ति वैदिक प्रविधिहरूको अभ्यासद्वारा अन्तर्निहित चेतनाको उच्चस्तरीय रूपमा विकास हुन्छ अनि यसले साँस्कृतिक र धार्मिक परम्पराहरूको धर्तीमा स्वर्गको निर्माण गर्ने चाहना पूरा गर्दछ । परिणामस्वरुप, प्रत्येक मुलुकले अन्य मुलुकहरूलाई आत्मीय भावले व्यवहार गर्दछन् र अन्य मुलुकहरूले साथसाथै हरेक मुलुकहरूलाई पोषित गर्दछन्– र, विश्वका प्रत्येक व्यक्ति र मुलुकले धर्तीमा स्वर्गको अनुभूति गर्नेछन् ।

विश्वलाई नेतृत्व दिने नेपाल–कार्यक्रमका चरणहरू

हामीले महर्षि वैदिक विज्ञान र प्रविधि लागू गरेर निम्नलिखित व्यावहारिक कार्यक्रमका बुँदाहरूलाई साँस्कृतिक अखण्डता र नेपालको राष्ट्रिय एकता शिघ्र स्थापनाका लागि प्रस्ताव राखेका छौं ।

प्रथम चरण–तुरुन्तैः (३ देखि ६ महिना)

१. समाजको कुनै पनि क्षेत्र– सेना, व्यापार व्यवसाय, विद्यालयहरू, अवकास इत्यादि कुनैबाट १००० जनाको सामञ्जस्यता निर्माण गर्ने एउटा राष्ट्रिय समूहको स्थापना गर्ने ।

यो पहिलो चरणमा, सरकारले एउटा निश्चित समूह तय गर्नेछ, जसलाई भावातीत ध्यान एवं भावातीत ध्यान–सिद्धि कार्यक्रमको तालिम दिइनेछ र सामूहिक रूपमा बिहान र दिउँसो यिनीहरूको अभ्यास गरिनेछ । बिहान र दिउँसोको बीचमा (करिब दुइ घन्टामा) उक्त समूह कुनै उत्पादकमूलक क्रियाकलापहरूमा व्यस्त गराइनेछ ।

यो समूहको आकार मुलुकको एक प्रतिशतको पनि एक प्रतिशतको आधारमा तय हुनेछ । अधिकतम प्रभाव सुनिश्चित गर्न र एकदम सुरक्षित र पक्का हुनका लागि १००० जनाको समूह सल्लाह दिइएको छ । सहभागीहरू १४ वर्षभन्दा माथि हुनुपर्नेछ र उनीहरू मुलुकको सामञ्जस्यता निर्माण गर्नका लागि व्यावसायिक रूपमै लाग्नुपर्नेछ ।

- पहिलो चरणले निकाल्ने नतिजामाः बढ्दो राष्ट्रिय एकता र सामाजिक मेलमिलाप
- राष्ट्रिय गर्वका साथ समाजका सबै क्षेत्रहरूमा सिर्जनशिलताको प्रष्फूटन
- अपराध एवं अन्य नकारात्मक व्यवहारहरूमा कमी ।
- बढ्दो सरकारी सहभागिता र उपलब्धि
- अन्य मुलुकहरूसँगको राजनैतिक एवं साँस्कृतिक द्वन्द्वहरूको अन्त्य

चरण दुइ– सकेसम्म चाँडो (६ महिना देखि १ वर्ष)

२. १. नेपालको मध्य भागमा अवस्थित नवलपरासीमा २००० महर्षि वैदिक पण्डितहरूको विश्व शान्ति निर्माण समूहको स्थापना गर्ने ।

वैदिक मन्त्रोच्चारण गर्ने परम्परा नेपालको साँस्कृतिक धरोहरहरूमध्येको एउटा अत्यन्त महत्त्वपूर्ण खजाना हो । समाज तथा व्यक्तिमा सकारात्मकता अभिवृद्धिका लागि हाम्रो इतिहासमा वैदिक परिवारहरूको समर्पणद्वारा यो वैदिक प्रविधिको साँचो सक्रिय राखिएको छ । जीवनका

 निदिध्यासन (निरन्तर चिन्तन) ईश्वरलाई प्रकट गर्नका लागि सुदृढ सोपान (भऱ्याङ) को अन्तिम सिढी हो । -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श गुणहरूको विकासका लागि, मुलुक र विश्वको भलाईका लागि आधुनिक युगको गलत दृष्टिकोणबाट यो महान् श्रोतलाई जोगाईराख्नु अपरिहार्य छ।

सौभाग्यले, महर्षिले यज्ञको वैदिक विज्ञान र प्रविधिलाई यसको शुद्धता र प्रभावकारीतामा पुनर्स्थापन गर्दै हाम्रा सन्ततिहरूमा जोड दिँदै भन्नुभएको छ कि पण्डितहरूले परा–अनन्त भावातीत चेतनाको क्षेत्र–प्रकृतिको घर, जीवनको दिशा निर्धारण गर्ने देवताहरूको सत्ताको भावातीत ध्यान र यसका यौगिक उडान र बृहत्स्तरका कार्यक्रमहरूद्वारा आफ्नो चेतनाको विकास गर्दै यज्ञ-अनुष्ठानहरू गर्दा पराको चेतनाबाट गर्नुपर्दछ।

सानै उमेरदेखि नै वैदिक पण्डितहरूलाई समुचित तवरले तालिम दिनका लागि महर्षिले एउटा बृहत् शैक्षिक प्रणालीको निर्माण गर्नुभएको छ। यसका अतिरिक्त, एउटा वैदिक पण्डितहरूको समूहका लागि छुट्टै आकर्षक विश्वस्तरीय क्याम्पस नेपालको ब्रम्हस्थानको नजिक अवस्थित–नवलपरासीमा स्थापना हुन गइरहेको छ।

२.२ शैक्षिक, स्वास्थ्य सेवा, सुरक्षा, धर्म, सँस्कृति, प्रशासन, अर्थ, योजना र निर्माण व्यवसाय आदि क्षेत्रका व्यक्तिहरूलाई महर्षि वैदिक विज्ञान र प्रविधिका सिद्धान्त र अभ्यासहरूमाथि नेतृत्वका तालिम दिने।

ज़ब एकपटक समूहहरू सामूहिक चेतनामा सामञ्जस्यता निर्माण गर्ने अवस्थामा आउँछन्, त्यसपछि अर्को चरणमा मुलुकका सबै भागहरूमा समाजका नेतृत्व वर्गहरूमा महर्षि चेतना विज्ञान प्रस्तुत गर्ने रहेको छ। यसका लागि व्यावहारिक तालिम र कार्यशालाको सम्मेलन आयोजना गरिनेछ यसमा निम्न बुँदाहरू रहनेछन्।

- चेतना, आधुनिक विज्ञान र वैदिक विज्ञानको आपसी सम्बन्धको सैद्धान्तिक ज्ञान।
- चेतना विकासको लागि प्रविधिहरूको प्रत्यक्ष अनुभव।

यसका आधारमा, सम्पूर्ण विधाका नेतृत्व वर्गहरू यस नयाँ र महत्त्वपूर्ण ज्ञानलाई मुलुकभर लैजानका लागि र सम्पूर्ण क्षेत्रहरूमा यसलाई लागू गर्न तैयार हुनेछन्।

२.३ नेपालका पूरै ७५ जिल्लाहरूमा महर्षि वैदिक विज्ञान र प्रविधिका प्रशिक्षकहरूको तालिम गराउने।

महर्षि वैदिक विज्ञानको व्यावहारिक अभ्यास उच्चस्तरीय तवरले सम्पूर्ण क्षेत्रका मातृभाषाहरूमा उपलब्ध हुनु अत्यन्त महत्त्वपूर्ण हुने हुन्छ। प्रत्येक १००० जनाको जनसंख्यामा भएको ठाउँमा कम्तीमा १ जना भावातीत ध्यान प्रशिक्षक रहनु एकदम उत्तम हुन्छ। सबै क्षेत्रहरू जस्तो शिक्षा, स्वास्थ्य सेवा, व्यवसाय, सामूदायिक प्रशासन, संस्कृति, सुरक्षा एवं प्रहरी इत्यादिमा सहयोगको प्रदान गर्ने काम हासिल गर्न सकिन्छ। (अन्य सान्दर्भिक प्रस्तावहरू विश्वशान्ति राष्ट्रमार्फत हासिल गर्न सकिनेछ)

तालिमको अवधि ३ देखि ६ महिनाको हुनेछ र यसलाई समूह समूहको श्रृंखला बनाएर सञ्चालन गर्न सकिन्छ। तुरुन्तै यस तालिमलाई उच्च शिक्षा प्रणालीमा एउटा व्यावसायिक प्रमाणपत्र दिने हिसाबले समायोजन गर्न सकिन्छ।

२.४ सबै भाषाभाषीहरूका समूहमा एवं विभिन्न क्षेत्रका जनसँख्याहरूमा पुग्न र प्रमुख सहरहरूमा प्रशिक्षण शुरु गर्नका निम्ति महर्षि वैदिक विज्ञान र प्रविधिका लाभहरूको व्याख्या गर्ने राष्ट्रिय तथा क्षेत्रीय प्रचारप्रसार अभियान स्थापना गर्ने (टि.भी, रेडियो, इन्टर्नेट इत्यादि)।

प्रशिक्षकहरूलाई तालिम दिइरहेकै बेलामा, विज्ञापन सामग्रीहरू पनि –प्रत्येक क्षेत्रका भाषाहरूमै– विकसित गर्दै लगिनेछ – यसबाट सर्वसाधारणहरूलाई चेतनाको विकासबाट प्रत्येक नागरिकमा र सिँगो मुलकमा हुने व्यावहारिक लाभहरूका बारेमा शिक्षित गर्दै लगिनेछ। हरेक सँस्कृति र परम्पराका मानिसहरूको आधुनिक परिवेश र विश्वव्यापी रूपमै वैदिक ज्ञान लागू गर्नका लागि यसका वैज्ञानिक सिद्धान्तहरू र अनुसन्धानहरूमाथि विशेष जोड दिनुपर्दछ। नेपालले पुरै विश्वको शान्ति र समृद्धि हासिल गर्नका लागि एउटा नयाँ युगको प्रारम्भ गर्न नयाँ नेतृत्वको भूमिका निर्वाह गरिरहेको कुरा जान्न पाउँदा प्रत्येक नागरिकहरू प्रेरित हुनेछन्।

दोश्रो चरणमा लक्षित नतिजाहरूमा हुनेछन्:

- मुलुकको जीवनस्तरमा विकास
- सम्पूर्ण धर्मालम्बीहरूमा अध्यात्म र सँस्कृतिको विकास।
- विश्व परिवारले निरन्तर सामना गर्नुपरेका समस्याहरू समाधान उपलब्ध गराउन नेपालले खेलेको भूमिकाको विश्वव्यापी प्रशंसा।

ब्राम्हणहरू रमानुरागी (लक्ष्मीभक्त) नभएर रामानुरागी रामभक्त हुनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- मुलुक र विश्वमै आर्थिक क्षेत्रको अभूतपूर्व स्थिरता र प्रचुरता ।
- शान्ति समर्थकहरूले लामो समयदेखि बेहोर्दैआएको विश्वव्यापी द्वन्द्वको अन्त्य

तेश्रो चरण –(एक वर्ष +) अगाडि जारिरहने

महर्षि वैदिक विज्ञान अन्तर्गत आयुर्वेद, स्थापत्यवेद, योग, यज्ञ, ज्योतिष लगायत विभिन्न क्षेत्रहरूका विशेषज्ञहरूलाई तालिम दिन नवलपरासी, झापा र दाङमा महर्षि वैदिक विश्वविद्यालयका क्याम्पसहरू स्थापना गर्ने ।

विश्वव्यापी वैदिक शान्ति निर्माण समूहलाई नेपालका ५०० गुरुकुलहरूमा फैलाउने । नेपालभरका क्याम्पसहरूमा र सम्बन्धित उल्लेखनीय स्थलहरूमा ४०,००० भन्दा माथिको संख्यामा महर्षि वैदिक पण्डितहरूलाई तालिम दिलाउने ।

३.३ नेपालको धरोहरको रूपमा वैदिक सभ्यताको पुनर्स्थापन गर्नेः महर्षि वैदिक विज्ञान र प्रविधिको विशिष्ठ ज्ञानलाई वैदिक विधिविधान अनुसार जीवनका सम्पूर्ण क्षेत्रहरूमा लागू गर्ने जस्तैः आयुर्वेद, स्थापत्य वेद, धनुर्वेद (अपराजयी सुरक्षा), वैदिक सँस्कृति, वैदिक प्रशासन । राम राज्यको आनन्द महसुस गर्ने, पूर्ण मेलमिलापका साथ सिर्जनाको प्रशासन गर्ने प्रकृतिको मौन प्रशासनको कानूनमा आधारमा मुलुकलाई वेदभूमिको रूपमा पुनःनिर्माण गर्ने ।

यस चरणमा, वैदिक ज्ञानका प्रत्येक शाखाहरू यिनीहरूको आधार सम्पूर्ण प्रकृतिका नियमहरूको यौगिक क्षेत्र पुनः जोडिनेछ । वैदिक परम्पराको एक नवीन बोध र गरिमाका कारण वैदिक परम्पराको अभ्युदय हुनेछ र यसको सम्पूर्ण अभ्यास वैदिक ज्ञानको शुद्धीकरणका साथ हुनेछ, र परिणामस्वरुप एउटा अत्यधिक पूर्ण मुलुक–एउटा प्रबुद्ध मुलुक– एउटा अजेय मुलुकको निर्माण हुनेछ ।

सम्पूर्ण वैदिक विज्ञानका विधाहरू व्यावहारिक तवरबाट लागू भए नभएको पहिचान गर्नका लागि राष्ट्रिय स्तरबाटै महर्षि वैदिक विज्ञान तथा प्रविधि मन्त्रालयको स्थापना हुनुपर्दछ । यसले नेपालभरिका वैदिक अनुष्ठानहरू एवं आध्यात्मिक स्थलहरूको पुनस्थापन गर्नेछ जसले मुलुकमा प्रकृतिको नियमलाई जागरुक गर्दछ ।

नेपालको सर्वश्रेष्ठ प्राकृतिक श्रोत र उत्पादनका रूपमा महर्षि वैदिक विज्ञान र प्रविधिलाई विश्वका अन्य मुलुकहरूमा निर्यात गर्ने जस्ले गर्दा सम्पूर्ण मानव समुदायले प्रकृतिको उच्चतम ज्ञानका आधारमा–राम राज्यको आनन्द अनुभव गर्न सकून् ।

यस उद्धेश्यका लागि वैदिक नेपालबाट विश्वका एक सय बयान्नब्बे (१९२) मुलुकहरूका लागि राजदूतहरू नियुक्त गरिनुपर्दछ ।

वैदिक ज्ञान सबै मुलुकहरूमा प्रदान गरिनेछ र वैदिक भूमिमा विश्वका सम्पूर्ण जनसंख्याहरूका तीर्थयात्रीहरूलाई राख्ने व्यवस्था गर्नका लागि एउटा सरकारी स्तरको पूर्वाधार निर्माण गरिनेछ ।

तेश्रो चरणका अतिरिक्त नतिजाहरूमाः नेपालको प्राचिन ज्ञान–एउटा नयाँ वैज्ञानिक ज्ञान–महर्षि वैदिक विज्ञान र प्रविधिले व्यक्तिगत तथा सामूहिक रूपमा आनन्ददायी मानव जीवन निर्माणका लागि एउटा साँचो प्रदान गर्दछ । वैश्विक नेतृत्वको नेपालको वैदिक भविष्यले मानवजातिलाई शान्तिको एउटा नयाँ युगतर्फ, प्रगतितर्फ र विश्वव्यापी समृद्धितर्फ लग्नेछ । उच्चस्तरीय चेतनाका स्तरहरूको जागरण–जसरी विभिन्न धर्महरूका सन्तहरूले व्याख्या गरेका छन् र – हाम्रा विश्व परिवारका सम्पूर्ण सँस्कृतिहरू र आध्यात्मिक परम्पराहरूको महान् लक्ष्यहरूको प्राप्ति हुनेछ–धर्तीमा पुस्तौं-पुस्तासम्म एउटा एउटा स्वर्गीय जिन्दगीको आभास हुनेछ ।

नेपालको वैदिक धरोहरको पुनर्स्थापनाको आव्हान

हामीले नेपाल सरकार र प्रबुद्ध नेतृत्ववर्गलाई व्यावहारिक, विश्वव्यापी रूपमा व्यक्तिगत तथा सामूहिक चेतनाको विकासका लागि विगत ५० वर्ष देखि वैज्ञानिक हिसाबले प्रमाणित गरिएका कार्यक्रमहरूमार्फत मेलमिलाप र एकीकृत मुलुकको परिधिभित्र रहेर यहाँका नागरिकहरूको साँस्कृतिक एवं धार्मिक लक्ष्यहरू हासिल गर्नका लागि आव्हान गर्दछौं । विश्व शान्ति राष्ट्र सँस्थाका वैज्ञानिकहरू नेपाललाई आफ्नो वैदिक धरोहरहरूलाई आजको हाम्रो युगको व्यावहारिक एवं वैज्ञानिक भाषामा पुनर्स्थापन गर्न सहयोग गर्न तैयार छन् जसले गर्दा मुलुक आत्मासाक्षात्कार एवं अजयतातर्फ उठ्नेछ र हाम्रो प्यारो विश्व परिवारमा पुस्तौं पुस्ताका लागि शान्ति ल्याउनेछ ।

(लेखक : सामाजिक मेलमिलाप सँस्था, धर्म तथा सँस्कृति मन्त्री, विश्वशान्ति राष्ट्रका अन्तर्राष्ट्रिय निर्देशक हुनुहुन्छ ।)

 शास्त्रविरुद्धका पुरुषार्थले पतन गराउँछ । शास्त्रानुकूल आचरणले नै सद्गति सम्भव छ ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट खण्ड (ख)

यस खण्डमा महासम्मेलनबारे विभिन्न सञ्चार माध्यमका समाचारलाई समावेश गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Home / सामाजिक / नेपालमा वैदिक र आधुनिक विज्ञानको अनुसन्धान केन्द्र स्थापना गर्नु पर्ने : खिलराज रेग्मी

सामाजिक

नेपालमा वैदिक र आधुनिक विज्ञानको अनुसन्धान केन्द्र स्थापना गर्नु पर्ने : खिलराज रेग्मी

काठमाडौं, १९ फागुन

तीनदेखि चलेको वैदिक एवं आधुनिक विज्ञानको अन्तर्राष्ट्रिय महासम्मेलन आइतबार सम्पन्न भएको छ । उक्त समापन कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व मन्त्रीपरिषद् अध्यक्ष खिलाराज रेग्मीले नेपालमा वैदिक र आधुनिक विज्ञानको अध्ययन अनुसन्धान केन्द्र स्थापना गरिनुपर्ने बताउनुभयो । "मानिसभित्रको विकार फाल्नलाई दैनिक ध्यान, योग साधना गर्ने वैदिक परम्परालाई पुनःस्थापना गर्न सके धेरै समस्याको समाधान हुन्छ, हालै नेपालीमा अनुवाद भएको स्कन्द पुराणको मानसखण्डमा मानसरोवरबाट तलको नेपाली भागमा धेरै पीठ एवम् धाम रहेको तथ्य सार्वजनिक भएको छ, त्यसको प्रचारप्रसार गरी नेपालमा वैदिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा.जगमान गुरुङले ऋषिमुनिले हिमालको कन्दरामा तपस्या गरी ल्याएको वैदिक ज्ञानलाई आधुनिक विज्ञानले लोप पारिसकेको गुनासो गर्नुभयो ।

नेपाल महर्षि वैदिक फाउण्डेशन, नेपाल महर्षि फाउण्डेशन फर वैदिक कल्चर र महर्षि फाउन्डेसन फर वैदिक इण्डियाको संयुक्त आयोजनामा भएको तीन दिने महासम्मेलनले सात्त्विक गुण बढाउन नेपालको जनसंख्याको एक प्रतिशतलाई नियमित ध्यान गराउने वातावरण बनाउने गरी देशभर वैदिक ज्ञानका रूपमा ध्यानसहित सिद्धि कार्यक्रम फैल्याउने घोषणा गरेको छ ।

कार्यक्रममा फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले पाँच वर्षभित्रमा देशको ५० प्रतिशत भूभागमा विषादिरहित जैविक एवं वैदिक कृषि प्रणालीको पुनःस्थापना गर्ने लक्ष्य लिइएको बताउनुभयो । "नैतिक शिक्षाका लागि गुरुकुल पद्धतिको सुधारिएको रूप प्रस्तुत गर्ने, वास्तुसम्मत घर एवम् विद्यालय निर्माणका लागि जागरण अभियान शुरु गरी सबै क्षेत्रमा वैदिक सभ्यता पुनःस्थापनाको थालनी गरिनेछ", उहाँले भन्नुभयो ।

अमेरिकाको आयोवामा रहेको महर्षि व्यवस्थापन विश्वविद्यालयका अध्यक्ष डा. जोन हेग्लिनले वैदिक शिक्षण पद्धति अमेरिकामा लोकप्रिय बनेको अनुभव सुनाउनुभयो । धेरै नेपाली र भारतीय भूमिका विद्यार्थी पनि हाल वैदिक ज्ञान लिन त्यहाँ जाने गरेका उहाँले बताउनुभयो ।

महर्षि अभियानका नेपाल हेर्ने निर्देशक राजा किङ्स्ली ब्रुक्सले जनसंख्याको एक प्रतिशतलाई दैनिक दुईपटक ध्यान गराएर नेपाल पुरानो वैदिक परम्परामा फर्काउने अभियानमा साथ दिने प्रतिबद्धता जनाउनुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक विज्ञान तथा आधुनिक विज्ञानको महासम्मेलन

वैदिक विज्ञानलाई आधुनिक समयमा कसरी अपनाउने भन्ने विषयमा केन्द्रित रहेर नेपाल महर्षि वैदिक फाउण्डेशनको आयोजनामा ३ दिने वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन सम्पन्न भएको छ।

अर्न्तराष्ट्रिय महासम्मेलनमा आधुनिक विज्ञानको उपलब्धिहरूमा आधारित भएर कसरी वैदिक विज्ञानले जीवनका सिद्धान्तहरूलाई जीवन्त बनाएको छ र समाजको प्रत्येक क्षेत्रमा लागूतुल्य बनाई यस ब्रह्माण्ड तथा समाजलाई आलोकित गरेको छ भन्ने जानकारी दिनका लागि कार्यत्रमको आयोजना गरेको आयोजकको भनाइ छ। वैदिक विज्ञान तथा आधुनिक विज्ञानले वैदिक परम्परा अनुसारसँगै प्रकृतिको नियमानुकूल जीवनलाई सामन्जस्य गर्न सक्नेछ भन्ने ज्ञान दिएको आयोजकले जानकारी दिएको छ । सम्मेलनमा वैदिक विज्ञान र स्वास्थ्यको अन्तरसम्बन्धको बारेमा विस्तृत प्रस्तुति भएको विज्ञले बताएका छन् ।

शरीरलाई स्वस्थ्य नबनाई कुनै पनि कर्म गर्न नसकिने वैदिक विज्ञहरूको भनाइ छ। नेपालको उर्वर भूमि विभिन्न विषादिको प्रयोगले दूषित भएका कारण वैदिक कृषिको पनि थालनी गनुपर्नेमा वैदिक विज्ञहरूले जोड दिएका छन् ।

महासम्मेलनको उद्धाटन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको थियो । उक्त महासम्मेलनमा नेपाल, भारत, अमेरिका, क्यानडा तथा युरोपलगायतका आधुनिक वैज्ञानिकहरू, वैदिक विज्ञहरू र विशिष्ट सन्तहरूले भाग लिएका थिए । अन्तर्राष्ट्रिय महासम्मेलन नेपाल प्रज्ञा प्रतिष्ठान भवनमा सम्पन्न भएको थियो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Nagarik News - No. 1 News Port | वैदिक विज्ञान तथा आधुनिक विज्ञान | Unicode To Preeti Converter

https://nagariknews.nagariknetwork.com/news/70164/?fbclid=IwAR0sisaj7zFfhs_udiOU26dWS2PYPTLFj1cEmGu5t--pArEfA9KXNZaZN7M

Nagarik Republica Shukrabar E-Paper Pariwar Radio Nagarik Network Log In subscribe Search

nagariknews

राजनीति अर्थ समाज कला खेल विश्व स्वास्थ्य नागरिक खोज विचार अन्तर्वार्ता नागरिक बजार भिडियो

वैदिक महासम्मेलन आज सुरु हुँदै

शुक्रबार, १७ फागुन २०७५, १० : २८ | नागरिक

Share Tweet Share

काठमाडौं – नेपाल महर्षि वैदिक फाउन्डेसनको आयोजनामा शुक्रबारदेखि १९ गतेसम्म काठमाडौंमा हअन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन हुने भएको छ।बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गरी फाउन्ंडेसनले महासम्मेलनको तयारी पूरा भएको जानकारी दिएको हो।

Mahindra Bolero Pik-Up
उद्यमशील नेपालीको भरपर्दो साथी
Airline Partners

वैदिक महासम्मेलन आज सुरु हुँदै

शुक्रबार, १७ फागुन २०७५, १० ः २८ नागरिक

काठमाडौं - नेपाल महर्षि वैदिक फाउन्डेसनको आयोजनामा शुक्रबारदेखि १९ गतेसम्म काठमाडौंमा अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन हुने भएको छाबिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गरी फाउन्डेसनले महासम्मेलनको तयारी पूरा भएको जानकारी दिएको हो।

फाउन्डेसनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाका अनुसार महासम्मेलन राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने तथा समापन तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले गर्नेछन्। 'देशमा दिगो शान्ति र प्रगतिको कामनाका लागि आयोजना गरिने यो महासम्मेलन फलदायी हुनेछ,' बाँस्कोटाले भने, 'वैदिक विज्ञानका बारेमा जानकारी लिन यो महासम्मेलन अवसर हुनेछ।' उनका अनुसार महासम्मेलनमा विभिन्न देशका प्रतिनिधि सहभागी हुनेछन् । महासम्मेलन प्रज्ञा भवन, काठमाडौंमा हुनेछ ।

फाउन्डेसनका अन्तर्राष्ट्रिय निर्देशक डा. किडस्ले ब्रुक्सले महासम्मेलनमा प्रमुख वक्ताको रूपमा सहभागी हुने जानकारी गराइएको छ । 'वेदले हाम्रो जीवनमा के महत्त्व राखेको छ भन्ने ज्ञान महासम्मेलनबाट झन् प्रकाश हुनेछ', बाँस्कोटाले उनले भने । उनका अनुसार आयुर्वेदको पुरानो शैलीलाई पुनर्विचार गर्न सम्मेलनले विशेष जोड दिनेछ। महासम्मेलनबाट आफ्नो क्षमतालाई वैदिक ध्यानको माध्यमबाट पुनर्उत्थान गर्न सहयोग पुग्ने विश्वास आयोजकको छ। 'अहिलेको शैक्षिक प्रणालीमा परिवर्तन ल्याउनका लागि पनि महासम्मेलन फलदायी हुनेछ', उनले भने। उनका अनुसार महासम्मेलनमा जापानका पूर्वप्रधानमन्त्री योकिओ हातोयामाले भिडियो कन्फेरेन्समार्फत सहभागिता जनाउनेछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक-आधुनिक विज्ञान महासम्मेलन सुरु

शनिबार, १८ फागुन २०७५, ०८ २८, नागरिक

काठमाडौं - नेपाल महर्षि वैदिक फाउन्डेसनको आयोजनामा राजधानीमा शुक्रबारदेखि वैदिक-आधुनिक विज्ञान महासम्मेलन सुरु भएको छ। नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजित महासम्मेलनको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरिन्।

उद्घाटनपछि मन्तव्य राख्दै राष्ट्रपति भण्डारीले नेपाल ऋषिमुनि तथा ज्ञानीहरूको तपोभूमि भएकाले उनीहरूले प्रतिपादन गरेका संस्कृति र विचारलाई संरक्षण गर्नुपर्ने बताइन्। सरकारले अघि सारेको समृद्ध नेपालको नारालाई साकार पार्न वैदिक मूल्य-मान्यताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उनले स्पष्ट पारिन्। 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतका विख्यात वैज्ञानिकहरूको उपस्थितिमा हुन लागेको यो सम्मेलनबाट आउने निचोड पक्कै उपयोगी हुनेछ,' भण्डारीले भनिन्, 'व्यक्ति, समाज, राष्ट्र र विश्वमा शान्ति, समृद्धि र भ्रातृत्व कायम गर्न यस्ता कार्यक्रमले सकारात्मक भूमिका निर्वाह गर्छन् भन्ने मलाई लाग्छ।'

सार्क सदस्य मुलुक भारत र पाकिस्तानबीच तनाव बढिरहेको स्थितिमा शान्ति र सुव्यवस्था यस क्षेत्रका नागरिकको चाहना रहेको र शान्ति प्रवर्द्धन गर्न भविष्यमा पनि यस्ता सम्मेलन आयोजना गरिनुपर्ने विचार उनले व्यक्त गरिन्। वैदिक संस्कृति र परम्परामा भएका वैज्ञानिक पक्ष उजागर गरी आयोजना गरिएको सम्मेलनले विश्वमा नेपालप्रति सकारात्मक धारणा सञ्चार भएको उनको भनाइ थियो।

वैदिक संस्कृति संरक्षणमा लाग्न राष्ट्रपतिको आग्रह

कार्यक्रममा सहभागीलाई स्वागत गर्दै नेपाल महर्षि वैदिक फाउन्डेसनका अध्यक्ष दीपक बास्कोटाले वि.सं.२०३१ सालमा नेपाल भ्रमणका बेला महर्षि महेश योगीले वैदिक संस्कृतिमा सम्पन्न नेपालले संसारलाई 'लिड' गर्नुपर्ने धारणा राखेको स्मरण गर्दै यसलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए। महर्षि फाउन्डेसनले भावातीत ध्यान, गुरुकुल सञ्चालन, यज्ञ आदि सञ्चालन गरेर वातावरण संरक्षण तथा दिगो विकासलाई टेवा दिएको उनले स्पष्ट पारे। उनले राष्ट्रपति भण्डारीलाई भावातीत ध्यान सिक्न आग्रह गर्दै भने, 'सम्माननीय राष्ट्रपतिलगायत उच्च राजनीतिक व्यक्तित्वहरूले ध्यान सिक्नुभएमा मुलुकको समृद्धि, विकास र शान्तिका लागि थप टेवा पुग्छ, यसबाट वैदिक मूल्य मान्यतासहितको शान्तिपूर्ण समृद्ध नेपाल निर्माण हुन्छ।'

सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दै महर्षि युनिभर्सिटी अफ म्यानेजमेन्टका कुलपति, क्वान्टम फिजिसिस्ट, डा. जोन हेगलिनले वैदिक ज्ञान व्यावहारिक, प्रामाणिक र वैज्ञानिक भएको जिकिर गरे। 'वैदिक परम्परा वास्तविक सत्यको सम्पूर्ण ज्ञान तथा व्यावहारिक पक्षमा आधारित छ, जसलाई वैज्ञानिकले 'युनिफाइड फिल्ड' भन्ने गर्छन्, वैदिक परम्परामा 'आत्मा वा परम चैतन्य' भन्ने गरिन्छ,' डा. हेगलिनले भने।

कार्यक्रममा महर्षि फाउन्डेसनका भावातीत ध्यान शिक्षक माधव अर्यालले भावतीत ध्यान वैज्ञानिक ध्यान पद्धति भएकाले अमेरिका, युरोपलगायत विभिन्न मुलुकमा यो ध्यान अभ्यास गरेर लाखौं मानिसले फाइदा लिइरहेको चर्चा गरे। अमेरिका, युरोप, जापान, भारतलगायत मुलुकका वैज्ञानिक, अनुसन्धाता, साधुसन्त आदिको सहभागिता रहेको यो सम्मेलन आइतबारसम्म चल्नेछ। उद्घाटन कार्यक्रममा बटुकहरूले शान्ति कामना गर्दै वैदिक मन्त्रोच्चारण गरेका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोलिदेखि फागुन २१ गतेसम्म काठमाडौंमा अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलनको तयारी पूरा

काठमाडौं, १६ फागुन । नेपाल महर्षि वैदिक फाउण्डेशनको आयोजनामा भोलि फागुन १७ गतेदेखि फागुन १९ गतेसम्म काठमाडौंमा हुने अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलनको तयारी पूरा भएको छ। बिहीबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै फाउण्डेशनले महासम्मेलनको तयारी पूरा भएको जानकारी गराएको हो । फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले उक्त महासम्मेलन राष्ट्रपति विद्यादेवी भण्डारीले उद्धघाटन गर्ने जानकारी दिए।

उनकाअनुसार महासेम्मलन काठमाडौंको प्रज्ञा भवनमा हुने भएको छ। उक्त महासम्मेलनको समापन भने अन्तरिम मन्त्रिपरिषदका पूर्व अध्यक्ष खिलराज रेग्मीले गर्ने आयोजक संस्थाले जनाएको छ।

पूर्व गृहराज्यमन्त्रीसमेत रहेका अध्यक्ष बाँस्कोटाले यो विद्यामा लागेर धेरै देशहरूले प्रगति गरिसकेको सुनाए। उनले भने,'म त राजनीतिलाई बुझेर वैदिक संगठनमा लागेको हुँ। देशमा दिगो शान्ति र प्रगतिको लागि यो महासम्मेलन फलदायी हुनेछ' बाँस्कोटाले वैदिक विज्ञान पनि 'वायरलेश-नेटवर्क' भएको तर्क गरे।

पत्रकार सम्मेलनमा बोल्दै महासम्मेलन आयोजनाका अन्तर्राष्ट्रिय निर्देशक डा. किङ्स्ले ब्रुक्सले महासम्मेलनमा प्रमुख वक्ताको रूपमा सहभागी हुनेहरूले महर्षि वैदिक दर्शनको बारेमा गहिरो अध्ययन गरेको जानकारी गराए।

उनले भने,'वेदले हाम्रो जीवनमा के महत्त्व राखेको छ भन्नेकुरा यो महासम्मेलनबाट झन् प्रकाश हुनेछ।' आयुर्वेदको पूरानो शैलीलाई पुर्नविचार गर्नुपर्नेमा पनि उनले जोड दिए।

उक्त महासम्मेलनले आफ्नो क्षमतालाई वैदिक ध्यानको माध्यमबाट पुनरुत्थान गर्न सहयोग पुर्‍याउने पनि उनको विश्वास थियो। उनले भने,'अहिलेको शैक्षिक प्रणालीलाई परिवर्तनको ल्याउनको लागि पनि यो महासम्मेलन फलदायी हुनेछ' उनका अनुसार यो महासम्मेलनलाई जापानका पूर्व प्रधानमन्त्री योकिओ हातोयामा, पि.एच.डी.ले पनि भिडियो कन्फेरेन्समार्फत सहभागिता जनाउनेछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल महर्षि वैदिक फाउण्डेशन

नेपाल महर्षि वैदिक फाउण्डेशनद्वारा आयोजित

अन्तर्राष्ट्रिय वैदिक विज्ञान तथा आधुनिक विज्ञान महासम्मेलन २०७५ फाल्गुन १७-१९ विषयक

प्रेस विज्ञप्ति

सम्पूर्ण सञ्चारकर्मी मित्रहरू !

(क) सदा स्वतन्त्र नेपालको मौलिक परम्परामा आजको वैज्ञानिक युगका अगुवा वैज्ञानिकहरू, भारतीय र नेपाली वैदिक विज्ञहरू तथा साधकहरूबीच वैदिक विज्ञान तथा आधुनिक विज्ञान विषयक ३ दिने महासम्मेलन २०७५ फाल्गुन १७-१९ को आयोजना हुँदै छ।

सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीज्यूबाट २०७५ फाल्गुन १७ गते ११ बजे नेपाल प्रज्ञा प्रतिष्ठानको सभा हलमा समुद्घाटन हुने पूर्ण तयारी गरिएको छ साथसाथै यस प्रेस-विज्ञप्तिमा तल उल्लेखित आधुनिक वैज्ञानिकहरू एवम् वैदिक विज्ञहरूबाट कार्यपत्र प्रस्तुति, त्यसमाथि जिज्ञासा तथा विचारविमर्शसहित ३ दिनसम्म यो महासम्मेलन चालू रहनेछ। यसबाहेक नेपाल बसाइमा रहनुभएका सम्बन्धित यी विद्वान्हरू सहभागी गराई चरणबद्ध रूपमा नेपालका विषय-विशेषज्ञबीच सम्वादसमेत गराइने कार्यक्रम रहेको छ।

(ख) यस महासम्मेलनको उद्देश्यः यस अन्तर्राष्ट्रिय महासम्मेलनले वैदिक विज्ञानका प्रमुख सिद्धान्तहरूभित्र रहेका आधुनिक विज्ञानको अनुसन्धानले समेत प्रमाणित गरेका वैज्ञानिक मूल्यहरूलाई समीक्षात्मक विचारविमर्श गर्नेछ। खासगरी वैदिक विज्ञान, वैदिक ज्ञान तथा परम्परागत मूल्यमा नै प्राकृतिक जीवन विज्ञानको महत्त्व रहेको विषय प्रकाश पार्न यो महासम्मेलन केन्द्रित हुनेछ।

वि.सं. २०३१ मा नै आधुनिक मनीषी महर्षि महेश योगीज्यूले काठमाडौंको खुल्लामञ्चमा पच्चीसौं हजार जनसमुदायबीच व्यक्त गर्नुभएको 'नेपाल टु लिड द वर्ल्ड' अर्थात् वैदिक विज्ञानका आधारमा 'नेपालले विश्वको नेतृत्व गर्न सक्दछ' भन्ने महान् आदर्श वाक्यलाई झनै आत्मसात गर्नेछ।

(ग) आयोजक संस्था नेपाल महर्षि वैदिक फाउण्डेशनको संक्षिप्त परिचय

नेपाल महर्षि वैदिक फाउण्डेशन गैरनाफामूलक सामाजिक संस्था हो। यस संस्थाले विगत एक दशकदेखि वैदिक ज्ञान र आधुनिक विज्ञान एक सिक्काका दुई पाटा हुन् र यसले नेपाली समाजलाई कसरी रुपान्तरण गर्न सकिन्छ जसले गर्दा हाम्रो मौलिकता पनि कायम रहोस् तथा आधुनिक विज्ञानका विषयलाई पनि बुझ्न, बुझाउन मद्दत गरोस् भनेर निरन्तर काम गरिरहेको छ। सोहीअनुरुप यस फाउण्डेशनले भावातीत ध्यान, राष्ट्र शान्ति तथा विश्व शान्तिका निम्ति निरन्तर वैदिक यज्ञ, वैदिक कृषि, वैदिक स्वास्थ्य, वैदिक वास्तुकला, चेतनामा आधारित शिक्षा, वैदिक प्रशासन लगायतका १२ वटा विधामा काम गर्दै आएको छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) अन्तर्राष्ट्रिय कार्यपत्र प्रस्तोताहरू:

१. डा. वेभेन मोरिस, पूर्व कुलपति, महर्षि युनिभर्सिटी अफ म्यानेजमेन्ट, -महर्षि युनिभर्सिटी अफ म्यानेजमेन्ट- अमेरिकाको मुटुमा आधुनिक वैदिक जीवनको नमूना
२. डा. योकियो हातोयामा, पूर्व प्रधानमन्त्री, जापान सरकार
३. डा. जोन हेगलिन, क्वान्टम फिजिसिष्ट, कुलपति, महर्षि युनिभर्सिटी अफ म्यानेजमेन्ट, -वैदिक ज्ञानको वैज्ञानिक पुनर्उत्थान- हाम्रो नयाँ युगका लागि पुनर्जागरण
४. डा. नील प्याटरसन, महर्षि वैदिक विज्ञान विज्ञ, आदर्श समाज निर्माणका लागि वैदिक प्रशासन
५. डा. जोस लुईस अल्भारेज, महर्षि वैदिक विज्ञान विज्ञ, -विश्व चेतनाको सहसम्बद्धता तथा सामन्जस्यताका लागि वैदिक पण्डित कार्यक्रम
६. डा. क्रिष्टोफर क्रोवेल, महर्षि धर्म तथा संस्कृति विज्ञ, -वसुधैव कुटुम्बकम् - यो संसार नै हाम्रो परिवार हो भन्ने वैदिक आदर्शको प्राप्ति
७. डा. जोन फेगन, मलिक्युलर वायोलोजिष्ट, महर्षि वैदिक विज्ञान विज्ञ, - स्नायु प्रणालीलाई एकीकृत तथा सन्तुलित बनाउनका लागि भावातीत ध्यानद्वारा जीवनमा परिमार्जन
८. डा.आइकी हर्टम्यान, महर्षि वास्तु विज्ञ, - वैदिक वास्तुकला तथा वास्तु सहर योजनाका फाइदाहरू
९. डा. जोन कानहाउस, वैदिक विज्ञान विज्ञ तथा वैदिक अर्गानिक कृषि विज्ञ
१०. श्री लोथार प्रियस, महर्षि आयुर्वेद विज्ञ,
११. डा. गिरिस मोमाया, निर्देशक महर्षि युरोपिएन विश्वविद्यालय
१२. डा. किङ्गस्ले तथा लेस्ली ब्रुक्स, अन्तर्राष्ट्रिय निर्देशक, नेपाल महर्षि वैदिक फाउण्डेशन

(ङ) राष्ट्रिय कार्यपत्र प्रस्तोताहरू:

१. प्रा. डा. ऋषिराम पोखेल, वैदिक विज्ञ
   - आजको युगमा वेदको उपयोगिता
२. श्री तिलकप्रसाद लुइटेल, वैदिक विज्ञ
   - वर्तमान समयमा वैदिक शिक्षाको उपादेयता
३. प्रा. डा. जगमान गुरुङ, पुरातत्वविद्
   - अध्यात्ममय नेपाल
४. प्रा. डा. विद्यानाथ कोइराला, शिक्षाविद्
   - गुरुकुलीय शिक्षाबाट मूलधारले के सिक्ने ?
५. विदुषी कान्ता भट्टराई, सामाजिक अभियन्ता
   -संस्कृत वाङ्मयमा अन्तर्निहित संस्कृति
६. प्रा. डा. कृष्णचन्द्र शर्मा, प्राध्यापक त्रिभुवन विश्वविद्यालय
   - पूर्वीय वैदिक मूल्यको पश्चिमी समाजमा परेको प्रभाव

दीपकप्रकाश बाँस्कोटा

अध्यक्ष

९८५१०१३०२२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



https://npkhabar24.com/archives/95987

NP NEWS

Home Privacy Policy Contact Us

धर्म र संस्कृतिले पारस्परिक सहअस्तित्वको पक्षपोषण गर्छ : राष्ट्रपति

Posted on March 1, 2019

काठमाडौं, १७ फागुन।राष्ट्रपति विद्यादेवी भण्डारीले विश्व शान्ति र समृद्धिका लागि वैदिक ज्ञानको महत्वपूर्ण भूमिका रहेको विचार व्यक्त गद धर्म र संस्कृतिले पारस्परिक सहअस्तित्वको पक्षपोषण गर्ने बताउनुभएको छ ।

नेपाल महर्षि वैदिक फाउण्डेशन, नेपाल महर्षि फाउन्डेशन फर वैदिक कल्चर र महर्षि फाउन्डेशन फर वैदिक इण्डियाको संयुक्त आयोजनामा आजदेखि राजधानीमा शुरु भएको तीनदिने वेद र आधुनिक विज्ञानसम्बन्धी तीनदिने अन्तर्राष्ट्रिय सम्मेलनमा उहाँले सनातन धर्म र संस्कृतिले पारस्परिक सहअस्तित्वको पक्षपोषण गरेको बताउनुभयो ।

Recent Posts

एकाबिहानै इटहरीबाट आयो दुःखद खबर, बसको ठक्करबाट एक ब्रिद्धको मृत्यु

सावधान !टूथपिकले दाँत घोच्दा यस्तो समस्या निम्तिन सक्छ

दिसा गर्दा रगत आउँछ ? यसबाट कसरी छुटकारा पाउने ? अपनाउनुहोस् यी घरेलु उपयाहरु !

अण्डा उसिनेको पानी फाल्ने गर्नुभाछ ? अब देखि नाफाल्नुहोस, यस्ता छन् फाइदाहरु

तपाईको हाइट नबढेर तनावमा हुनुहुन्छ ? आजे

धर्म र संस्कृतिले पारस्परिक सहअस्तित्वको पक्षपोषण गर्छ : राष्ट्रपति

काठमाडौं, १७ फागुन।राष्ट्रपति विद्यादेवी भण्डारीले विश्व शान्ति र समृद्धिका लागि वैदिक ज्ञानको महत्त्वपूर्ण भूमिका रहेको विचार व्यक्त गर्दै धर्म र संस्कृतिले पारस्परिक सहअस्तित्वको पक्षपोषण गर्ने बताउनुभएको छ।

नेपाल महर्षि वैदिक फाउण्डेशन, नेपाल महर्षि फाउन्डेशन फर वैदिक कल्चर र महर्षि फाउन्डेशन फर वैदिक इण्डियाको संयुक्त आयोजनामा आजदेखि राजधानीमा शुरु भएको तीन दिने वेद र आधुनिक विज्ञानसम्बन्धी तीन दिने अन्तर्राष्ट्रिय सम्मेलनमा उहाँले सनातन धर्म र संस्कृतिले पारस्परिक सहअस्तित्वको पक्षपोषण गरेको बताउनुभयो।

राष्ट्रपति विद्यादेवी भण्डारी शुक्रबार काठमाडौंमा शुरु भएको 'वैदिक विज्ञान र आधुनिक विज्ञान' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन समारोहलाई सम्बोधन गर्दै।

"छिमेकी मित्रहरूकै बीचमा तनाव देखिएकाले शान्तिको आवश्यकता बढेको छ, भावातीत ध्यान, चेतनामा आधारित शिक्षालगायत वैदिक ज्ञानका माध्यमबाट शान्ति स्थापनामा सहयोग पुग्छ", उहाँले भन्नुभयो। संस्कृत भाषामा ज्ञान र बुद्धिको भण्डार रहेकाले यसको संरक्षण हुनुपर्ने राष्ट्रपति भण्डारीले बताउनुभयो।

धर्म, संस्कृतिको संरक्षणका माध्यमबाट धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने भएकाले यस्ता महासम्मेलनको योगदान रहने उहाँको भनाइ थियो। उहाँले शान्ति र समृद्धिका लागि महासम्मेलनले दिने वैज्ञानिक निष्कर्ष सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा शङ्कराचार्य स्वामी अमृतानन्द तीर्थले वैदिक परम्पराका आधारमा मानि आएका विषयलाई आधुनिक विज्ञानले प्रमाणित गर्दै गएको बताउनुभयो। गत वर्ष औषधि विज्ञानमा नोबेल पुरस्कार पाउने वैज्ञानिकले वर्षमा २४ दिन भोकै बस्नेलाई क्यान्सर लाग्दैन भन्ने तथ्यलाई ऋषिमुनिले वर्षका २४ वटा एकादशीमा व्रत बस्नू भनी उपदेश दिएको उहाँले सुनाउनुभयो।

जापानका पूर्वप्रधानमन्त्री योकियो हातोयामाले बुद्धको देशबाट विश्व शान्ति फैलाउन भावातीत ध्यान, चेतनामा आधारित शिक्षालगायत वैदिक ज्ञान उपयोगी हुने धारणा राख्नुभयो।

फाउण्डेशनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले वेद र संस्कृतको अध्ययन अध्यापन छोड्ने अवस्थामा पुग्दा देशलाई धेरै विषयमा बेफाइदा भइरहेकाले वैदिक जागरणका

 यस्तो कार्य गर कि आखिरी समयमा पछुताउनु नपरोस्।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि सम्मेलन गरिएको बताउनुभयो । विश्वव्यापी महर्षि वैदिक अभियानका प्रमुख टोनी नाडरले राजर्षि जनक र सीताको देश नेपालबाट विश्वभर शान्तिको सन्देश प्रवाह हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल सन्त समाजका अध्यक्ष ज्ञानानन्द सरस्वतीले वेद अपरिवर्तनीय संविधान भएकाले सबैले पालना गर्नुपर्ने बताउनुभयो । वैदिक इण्डियाका अध्यक्ष स्वामी ब्रह्मदेवले वेदध्वनिले कृषि प्रणालीमा पार्ने प्रभावका बारेमा अध्ययन भइरहेको जानकारी दिनुभयो ।

प्राध्यापक विद्यानाथ कोइरालाले गुरुकुल शिक्षा पद्धतिले व्यक्तिलाई स्वावलम्बी बनाउन सबै प्रकारले उचित ज्ञान दिने बताउनुभयो । आइतबारसम्म जारी रहने सम्मेलनमा वैदिक विज्ञानका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत हुनेछन् । सम्मेलनमा वेद र विज्ञानका अन्तर्राष्ट्रियस्तरका ५०० भन्दा बढी विद्वान्को सहभागिता छ ।

वेदका विषयवस्तु अध्यापन हुने विश्वभर आठ वटा महर्षि वैदिक विश्वविद्यालय रहेको सो अवसरमा जानकारी दिइयो । सम्मेलनमा वैदिक शिक्षा, स्वास्थ्य, कृषि, वास्तुलगायत विषयमा पनि छलफल हुनेछ ।

हाल नेपालका ८२ गुरुकुलमा रुद्राभिषेकसहित योग र ध्यानको कार्यक्रम सञ्चालन भइरहेको फाउण्डेशनले जनाएको छ । यसैगरी दुई दर्जनभन्दा बढी माध्यमिक तहका विद्यालयमा ध्यानसहितको चेतनामा आधारित शिक्षा दिइएको फाउण्डेशनका ध्यान शिक्षक मीनराज अधिकारीले बताउनुभयो ।

हाल विश्वका १९२ देशमा भावातीत ध्यान र सिद्धि कार्यक्रमका नाममा यो ज्ञान दिने गरिन्छ । महर्षि महेश योगीले व्याख्या गर्नुभएको श्रीमद्भागवद्गीता नेपाली अनुवादसमेत सार्वजनिक गरिको थियो । सम्मेलनमा दिइएको जानकारीअनुसार श्रीमद्भागवतगीता १७६ भाषामा अनुवाद भइसकेको छ । रासस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

www.gorkhapatraonline.com

गोरखापत्र

६ | २०७५ साल चैत १ गते शुक्रबार
2019 March,15 Friday

नयाँ



वैदिकविज्ञानाधुनिकविज्ञानमहासम्मेलनं सम्पन्नम्

नेपालमहर्षिवैदिकफाउन्डेशनसंस्थायाः आयोजनायां नेपालस्य राजधान्यां काष्ठमण्डपे वैदिकविज्ञानाधुनिकविज्ञानमहासम्मेलनं गतस्य वैशाखमासस्य १७-१९तमेषु दिवसेषु सम्पन्नं वर्तते। त्रिदिवसीयमिदं महासम्मेलनम् अस्यैव फाल्गुनमासस्य १७तमे दिनाङ्के प्रारब्धमासीत्।

राष्ट्रपतिः विद्यादेवीभण्डारी अस्यैव फाल्गुनमासस्य १७तमे दिनाङ्के नेपालप्रज्ञाप्रतिष्ठानस्य सभाकक्षे आयोजिते एकस्मिन् भव्यसमारोहे महासम्मेलनमुदघाटयत्। आधुनिकवैज्ञानिकैः वैदिकविज्ञैश्च कार्यपत्राणां प्रस्तुतिः तदुपरि विचारविमर्शश्च विहिताः। विशेषतः सम्मेलनमिदं वैदिकज्ञानविज्ञानमूल्यानां गवेषणे विचारणां विमर्शने च केन्द्रितं अभवदिति आयोजकाः ज्ञापयन्ति। २०३१तमे विक्रमवर्षे नेपालस्य टुँडीखेलस्य जनसभायां नेपालः वैदिकविज्ञानमवलम्ब्य विश्वस्य नेतृत्वं विधातुं प्रभवतीति यदादर्शवाक्यमुक्तं तद्विषये च विचाराः विमृष्टाः इति आयोजकैः सूचितं विद्यते।

कार्यक्रमेऽस्मिन् महर्षियूनिवर्सिटी अफ मेनेजमेन्टसंस्थायाः पूर्वकुलपतिः डा.बेमेनमोरिस, जापानदेशस्य पूर्वप्रधानमन्त्री डा. योकियो हातोयामा, क्वान्टमभौतिकशास्त्री डा.जोनहेगलिन, महर्षिवैदिकविज्ञानविज्ञः डा.नीलप्याटरसन, महर्षिवैदिकविज्ञानविज्ञः डा.जोसलुइसअल्भारेज, महर्षिधर्मसंस्कृतिविज्ञः डा. क्रिष्टोफरक्रोवेल, आणविकजीववैज्ञानिकः महर्षिवैदिकविज्ञानविज्ञश्च डा.जोनफेगन, महर्षिवास्तुविज्ञः डा. आइकी हर्टम्यान, वैदिकविज्ञानविज्ञः वैदिकप्राकृतकृषिविज्ञश्च डा.जोन कानहाउस, महर्षिआयुर्वेदविज्ञः लोथारप्रिफ, महर्षियुरोपीयविश्वविद्यालयस्य निर्देशकः डा.गिरिसमोमाया, नेपालमहर्षिवैदिकफाउण्डेशनसंस्थायाः अन्ताराष्ट्रियनिर्देशकः डा.किङ्स्ली ब्रुक्स, अन्ये च बहवः अन्ताराष्ट्रियविद्वांसः विविधशीर्षकेषु कार्यपत्रप्रस्तोतारः अभवन्।

महासम्मेलने नेपालस्य पक्षतः प्रा.डा. ऋषिरामपोखरेलः 'साम्प्रतिकयुगे वेदस्योपयोगिताविषयकं विचारपत्रम्' इति शीर्षके तिलकप्रसादलुइँटेलः 'वर्तमानसमये वैदिकशिक्षायाः उपयोगिता' इति शीर्षके, प्रा.डा. जगमानगुरुङ 'अध्यात्ममयः नेपालः' इति शीर्षके, प्रा.डा. विद्यानाथकोइराला 'गुरुकुलीयशिक्षया मूलधारीयशिक्षया किं गृह्यते ?' इति शीर्षके विदुषी कान्ताभट्टराई 'संस्कृतवाङ्मयेऽन्तर्निहिता संस्कृतिः' इति शीर्षके, प्रा.डा. कृष्णचन्द्रशर्मा च 'पौरस्त्यवैदिकमूल्यस्य पाश्चात्यसमाजे जातः प्रभावः' इति शीर्षके, नेपालीभाषामयानि कार्यपत्राणि प्रस्तुतवन्तः। महासम्मेलने डा. ऋषिरामकोइराला, चन्द्रकुमारशेर्मा च कार्यपत्रं प्रस्तुतवन्तौ। महासम्मेलनस्य प्रथमदिनस्य द्वितीयसत्रात् तृतीयदिनस्य प्रथमसत्रं यावत् कार्यपत्राणि प्रस्तुतानि आसन्। प्रस्तुतेषु कार्यपत्रेषु मध्ये मध्ये सहभागिभिः स्वीयाः जिज्ञासाश्च प्रस्तुताः।

कार्यपत्रप्रस्तोतृभिः यथोचितसमये ताः जिज्ञासाश्च समाहिताः। महासम्मेलनस्य तृतीयदिनस्योत्तरार्धे समापनसत्रम् आयोजितम् आसीत्। मन्त्रीपरिषदः पूर्वाध्यक्षः खिलराजरेग्मी समापनकार्यक्रमस्य प्रमुखातिथ्यं निरवहत्। कार्यक्रमेऽस्मिन् प्रमुखातिथिः रेग्मी, कार्यक्रमस्य सभापतिः दीपकप्रकाशबाँस्कोटा, डा. जोनहेगलिन, प्रा.डा. जगमानगुरुङ्, अन्ये महानुभावाश्च समारोहं समुदबोधयन्। तदवसरे नेपालः वेदभूमिः, ज्ञानभूमिः, शान्तिभूमिश्च अस्तीति निगदितवद्भिः वक्तृभिः पञ्चवर्षाभ्यन्तरे नेपालं वैदिकराष्ट्रं निर्मातुं यतनीयमिति विषये बलं प्रदत्तम्। कार्यक्रमस्यान्ते त्रिदिवसीयमहासम्मेलनस्य निष्कर्षसूत्राणि च प्रस्तुतानि आसन्। ■

 सत्संगत गरिरहनाले मोह छुट्न जान्छ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'वैदिक शिक्षा नै शान्तिको सूत्र'



बिनु पोखरेल

अमेरिकाको आयोवास्थित *महर्षि यूनिभर्सिटी अफ म्यानेजमेन्ट* का अध्यक्ष डा.जोन हेगलिन भौतिकशास्त्री, लेखक र भावातीत ध्यानका अभियन्ता समेत हुन्। स्विट्जरल्याण्डस्थित यूरोपियन सेन्टर फर प्राक्टिकल फिजिक्स र अमेरिकाको स्टानफोर्ड लिनियर एक्सिलेटर सेन्टरमा शोधार्थी रहिसकेका हेगलिन योग र ध्यानबाट तीव्र सामाजिक तनाव, हिंसा र आतंकवादलाई कम गर्न सकिन्छ भन्ने विश्वास राख्छन्।

नेपाल महर्षि वैदिक फाउण्डेसनले फागुन (१७-१९) मा आयोजना गरेको 'वैदिक तथा आधुनिक विज्ञान' सम्मेलनमा सहभाणी हुन काठमाडौं आएका हेगलिनसँग वैदिक ज्ञान र योगको सेरोफेरोमा *हिमाल* का लागि *बिनु पोखरेल* ले गरेको वार्ताको अंशः

तपाईंजस्तो भौतिकशास्त्री के कारणले वेद र योगतर्फ आकर्षित हुनुभयो ?

वेदमा ब्रह्माण्ड अटाउने ज्ञान छ। वैदिक ज्ञान सृष्टिको अन्तिम यथार्थ हो। म वर्तमान विज्ञानको परम्पराबाट आएको हुँ, जसले वेदलाई बुझ्ने प्रयास मात्र गरेको छ। आधुनिक समयमा विज्ञानले सर्वोच्च ज्ञानको झल्को यौगिक चेतनाको क्षेत्रमा प्राप्त गरेको छ। वैदिक भाषामा यही यौगिक चेतनालाई आत्मा भनिन्छ। हरेक चिज त्यहीबाट उत्पन्न हुन्छ। आधुनिक विज्ञानले पनि यौगिक क्षेत्रलाई नै विश्व ब्रह्माण्डको स्रोत मानेको छ। हाम्रो सम्पूर्ण विविधता- जीव, ग्रह, तारादेखि विविध रंग, अनेक भाषा, संस्कृतिमा अन्तर्निहित सत्तामा हामी सबै एउटै हौ।

वेद र भौतिक शास्त्र वा आधुनिक विज्ञानको ज्ञान सबैले जीवनको मौलिक आधारको अन्वेषण गर्छन्। हामीले विज्ञान मार्फत सम्पूर्ण जीवनको एकत्वको यथार्थ गहिराइबाट बुझ्न सक्छौं। तर वैदिक ज्ञानले यो यथार्थलाई हरेक मनुष्यको आधारमा, हरेक वस्तुका आधारमा बुझ्ने मात्र होइन उपयोग समेत कसरी गर्ने भन्ने सिकाउँछ। मौलिक एकत्वलाई जिउने प्रविधि समेत उपलब्ध गराउँछ। योगका विभिन्न विधि, भावातीत ध्यान, वैदिक ध्यानले आत्माको प्रत्यक्ष र सहज अनुभूति गराउँछ।

वेद र विकासको कुनै सम्बन्ध छ ?

वेदमा वास्तु विद्या, वैदिक कृषि, उपचार पद्धति, संगीत कला लगायत सबै विषय समेटिएका छन्। आजको संसार परिवर्तन गर्न वैदिक ज्ञान, वैदिक प्रविधिमा आधारित शिक्षा आवश्यक छ। भावातीत ध्यान प्रविधिका माध्यमबाट विद्यार्थीको मस्तिष्क पूर्ण क्षमतामा सञ्चालन गर्न सकिन्छ, जसबाट स्पष्ट, सिर्जनशील, स्मरण क्षमतामा उच्च विकास हुन्छ। त्यो भनेको वस्तुलाई भित्रबाट हेर्न सक्ने क्षमता हो। यो वैदिक शिक्षामा बाहेक अरुतिर छैन। वेदमा आत्मसत्ताको, ब्रह्मसत्ताको प्रत्यक्ष अनुभव गर्न सकिन्छ। जसले आफूलाई चिन्न सिकाउँछ। अनावश्यक सूचना बटुलेर बिरामी बनेकालाई, अपराधमा संलग्नहरुलाई यही विधिबाट शान्त र स्वस्थ बनाउन सकिन्छ।

त्यसो भए वैदिक ज्ञानबाटै शान्ति सम्भव छ, होइन त ?

वैदिक शिक्षा शान्तिको सूत्र हो। जब एउटा व्यक्तिमा आन्तरिक शान्ति र एकत्वको विकास हुन्छ, उसले अरू व्यक्ति, संस्कृति, जाति, विश्वास सबैलाई एउटै देख्न थाल्छ। यसबाट राष्ट्रिय एकता, राष्ट्रिय सामञ्जस्य र राष्ट्रिय शक्तिको विकास हुन्छ। सम्पूर्ण समाज सह-सम्बन्ध र सह-अस्तित्वमा अगाडि बढ्छ। मुलुक अजेय र अटल बन्छ।

दुनियाँका सबै मानव, संस्कृति, वस्तु मात्रै होइन ब्रह्माण्डलाई नै वेदले परिभाषित गरेको त अघि नै भनिसकियो। जब हामी यो वास्तविकता र जीवनको मौलिक आधारलाई चिन्छौं तब हामीबीच फरक केही रहँदैन। सबै शान्ति, सबै आनन्द, परमानन्द। वेद आफैमा सार्वभौमिक ज्ञान हो। वेदले हाम्रो सम्पूर्ण दृष्टिकोण परिवर्तन गरिदिन्छ र यसले विश्वशान्ति स्थापना गर्दछ। वसुधैवकुटुम्बकम् भनेको त्यही हो।

आधुनिक विज्ञान र प्राचीन पूर्वीय ज्ञानको फरक के हो ?

आधुनिक विज्ञानले मानव जीवनलाई सहज बनाउने धेरै महत्वपूर्ण कुरा पत्ता लगाएको छ। तर, आधुनिक विज्ञान जीवनको

रामनामरूपी अमृत जो पान गरिरहन्छ, उसलाई कुनै प्रकारको केही दुःख र व्याधि आउन सक्तैन। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक-आधुनिक विज्ञान महासम्मेलन सुरु

काठमाडौं, फागुन १७ (नागरिक)- नेपाल महर्षि वैदिक फाउन्डेसनको आयोजनामा राजधानीमा शुक्रबारदेखि वैदिक-आधुनिक विज्ञान महासम्मेलन सुरु भएको छ। नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा आयोजित महासम्मेलनको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरिन्।

उद्घाटनपछि मन्तव्य राख्दै राष्ट्रपति भण्डारीले नेपाल ऋषिमुनि तथा ज्ञानीहरूको तपोभूमि भएकाले उनीहरूले प्रतिपादन गरेका संस्कृति र विचारलाई संरक्षण गर्नुपर्ने बताइन्।

सरकारले अघि सारेको समृद्ध नेपालको नारालाई साकार पार्न वैदिक मूल्य-मान्यताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उनले स्पष्ट पारिन्। 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतका विख्यात वैज्ञानिकहरूको उपस्थितिमा हुन लागेको यो सम्मेलनबाट आउने निचोड पक्कै उपयोगी हुनेछ,' भण्डारीले भनिन्, 'व्यक्ति, समाज, राष्ट्र र विश्वमा शान्ति, समृद्धि र भ्रातृत्व कायम गर्न यस्ता कार्यक्रमले सकारात्मक भूमिका निर्वाह गर्छन् भन्ने मलाई लाग्छ।'

सार्क सदस्य मुलुक भारत र पाकिस्तानबीच तनाव बढिरहेको स्थितिमा शान्ति र सुव्यवस्था यस क्षेत्रका नागरिकको चाहना रहेको र शान्ति प्रवर्द्धन गर्न भविष्यमा पनि यस्ता सम्मेलन आयोजना गरिनुपर्ने विचार उनले व्यक्त गरिन्। वैदिक संस्कृति र परम्परामा भएका वैज्ञानिक पक्ष उजागर गरी आयोजना गरिएको सम्मेलनले विश्वमा नेपालप्रति सकारात्मक धारणा सञ्चार भएको उनको भनाइ थियो।

कार्यक्रममा सहभागीलाई स्वागत गर्दै नेपाल महर्षि वैदिक फाउन्डेसनका अध्यक्ष दीपक बास्कोटाले २०३१ सालमा नेपाल भ्रमणका बेला महर्षि महेश योगीले वैदिक संस्कृतिमा सम्पन्न नेपालले संसारलाई 'लिड' गर्नुपर्ने धारणा राखेको स्मरण गर्दै यसलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए। महर्षि फाउन्डेसनले भावातीत ध्यान, गुरुकुल सञ्चालन, यज्ञ आदि सञ्चालन गरेर वातावरण संरक्षण तथा दिगो विकासलाई टेवा दिएको उनले स्पष्ट पारे। उनले राष्ट्रपति भण्डारीलाई भावातीत ध्यान सिक्न आग्रह गर्दै भने, 'सम्माननीय राष्ट्रपतिलगायत उच्च राजनीतिक व्यक्तित्वहरूले ध्यान सिक्नुभएमा मुलुकको समृद्धि, विकास र शान्तिका लागि थप टेवा पुग्छ, यसबाट वैदिक मूल्य मान्यतासहितको शान्तिपूर्ण समृद्ध नेपाल निर्माण हुन्छ।'

राष्ट्रपति विद्यादेवी भण्डारी शुक्रबार काठमाडौंमा सुरु भएको 'वैदिक विज्ञान र आधुनिक विज्ञान' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै।

तस्विर : रासस

वैदिक संस्कृति संरक्षणका लागि राष्ट्रपतिको आग्रह

सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दै महर्षि युनिभर्सिटी अफ म्यानेजमेन्टका कुलपति, क्वान्टम फिजिसिस्ट, डा. जोन हेगलिनले वैदिक ज्ञान व्यवहारिक, प्रामाणिक र वैज्ञानिक भएको जिकिर गरे। 'वैदिक परम्परा वास्तविक सत्यको सम्पूर्ण ज्ञान तथा व्यवहारिक पक्षमा आधारित छ, जसलाई वैज्ञानिकले 'युनिफाइड फिल्ड' भन्ने गर्छन्, वैदिक परम्परामा 'आत्मा वा परम चैतन्य' भन्ने गरिन्छ,' डा. हेगलिनले भने।

कार्यक्रममा महर्षि फाउन्डेसनका भावातीत ध्यान शिक्षक माधव अर्यालले भावतीत ध्यान वैज्ञानिक ध्यान पद्धति भएकाले अमेरिका, युरोपलगायत विभिन्न मुलुकमा यो ध्यान अभ्यास गरेर लाखौं मानिसले फाइदा लिइरहेको चर्चा गरे। अमेरिका, युरोप, जापान, भारतलगायत मुलुकका वैज्ञानिक, अनुसन्धाता, साधुसन्त आदिको सहभागिता रहेको यो सम्मेलन आइतबारसम्म चल्ने छ। उद्घाटन कार्यक्रममा बटुकहरूले शान्ति कामना गर्दै वैदिक मन्त्रोच्चारण गरेका थिए।

 कसैलाई धोखा दियौ भने बुद्धि भ्रष्ट हुनेछ, यहाँ पनि अशान्ति रहनेछ साथै परलोक पनि बिग्रनेछ।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

MAHARISHI UNIVERSITY OF MANAGEMENT

The Review

VOL. 34, NO. 13 ● APRIL 17, 2019

IN THIS ISSUE: ■ Social-Emotional Leaning ■ Faculty Presentations ■ Hackathon ■ MBA News



President John Hagelin addressed a conference in Nepal on the topic of the scientific revival of the Vedic wisdom, during which he met with the Prime Minister, the President, and other top officials.

President Hagelin Meets with Nepal Prime Minister, President, and Other Officials

MUM President John Hagelin was a keynote speaker at a three-day conference in Nepal last month that included the President and other top government officials.

In addition, he had private meetings with the Prime Minister and with Nepal's top military and educational leaders.

"The Nepalese people are so loving, and everyone in Nepal cherishes the Vedic tradition," President Hagelin said. "Maharishi Mahesh Yogi is broadly revered as the most important and impactful Vedic sage to have visited Nepal. His relatively brief visit there in 1974, when he personally instructed 25,000 Nepali citizens and leaders, was a major event in the history of the country.

"The audience in the packed auditorium was tremendously excited by

CONTINUED ON PAGE 2

CONTINUED FROM PAGE 1

the prospect of implementing Maharishi's programs. The President, Prime Minister, Home Minister, and National Security Advisor are all eager to do something significant. Everyone was inspired by the achievements of MUM, and truly amazed to see the progress of Consciousness-Based education in the United States and across the world."

The conference was titled "Vedic Science and Modern Science: Knowledge and Technology for the Practical Benefit of Everyone, Everywhere." It brought together Vedic scholars and scientists to explore how Vedic technologies can be systematically applied to benefit life and promote national unity.

The event was organized by Kingsley and Leslie Brooks, former executive assistants to Dr. Hagelin who now direct Transcendental Meditation-related activities in Nepal, Israel, Ukraine, and elsewhere; and also by Deepak P. Baskota, a former Home Minister in Nepal and current chairman of Nepal's Maharishi Vedic Foundation, who will soon be honored by MUM with an honorary doctorate of world peace.

John Fagan, MUM dean of sustainability, spoke on the key importance of Vedic organic agriculture for the economic future of Nepal.

Other speakers covered topics such as Vedic health care, Vedic administration, and Vedic architecture.

Saints and scholars from Nepal emphasized the importance of Veda in the world today and highlighted Nepal's important historic contributions to the Vedic wisdom.

"The auditorium was packed – and became more so as time went on," President Hagelin said. "Rather than becoming distracted or antsy during the long hours and days of the conference, the attendees became more and more excited as the conference went on."

President Hagelin's talk, "Scientific Revival of the Vedic Wisdom: A Renaissance for our Modern Age," can be seen online at bit.ly/2WXGi9U. ■

Dining Hall Menu Online
Visit mum.edu/menu

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावातीत ध्यान (Transcendental Meditation) का विशेषताहरू

१. भावातीत ध्यान क्रमबद्ध एवं वैज्ञानिक छ।

२. यो स्वाभाविक, प्रयासहीन एवं सरल छ।

३. यो प्रभावशाली तथा शीघ्र प्रभावकारी छ

४. भावातीत ध्यानको अवधिमा खानपिन, रहनसहनमा खासै परिवर्तन आवश्यकता पर्दैन।

५. यसले हाई ब्लड प्रेशर लो ब्लड प्रेशर, अनिन्द्रा (इन्सोमेनिया), अल्सर, दम, हृदय रोग मानसिक तथा शारीरिक बिरामीका लागि निकै फाइदा दिन्छ।

भावातीत ध्यान के हो ?

भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं प्रभावकारी पद्धति हो। जुन कुनै पनि अवस्थामा आराम साथ बसेर गर्न सकिन्छ। ध्यानको यो विधि वेद वा विज्ञान दुबैवाट प्रमाणित भई सकेको छ। विश्वका लगभग १४० देशमा ६०० भन्दा बडी वैज्ञानिक अनुसन्धानवाट प्रमाणित यो पद्धतिको ७० लाख भन्दा बडी व्यक्तिहरू नियमित रूपमा अभ्यास गरिरहेका छन् भने सयौं व्यक्तिहरू सिद्धिको अनुभव गरिरहेका छन्।

यो ध्यानको विधि - (Concerntation) या जप (Contemplatiom) को होइन।

भावातीत ध्यानमा के हुन्छ ?

भावातीत ध्यानमा मस्तिष्क सूक्ष्मभन्दा सूक्ष्म अवस्थामा रही कार्य गर्न थाल्दछ। अर्थात मन र शरीरमा ज्यादै निकट सम्बन्ध हुन्छ र मानसिक अवस्थामा सूक्ष्म परिवर्तन भएपछि शरीरमा पनि सूक्ष्म एवं प्रभावशाली परिवर्तन हुन शुरु गर्छ जसले गर्दा :

१. अक्सिजनको खपतमा कमी आउँछ।

२. कार्वनडाइअक्साइडको निर्माणमा कमी आउँछ।

३. हृदय तथा श्वासको गति एवं शारीरिक परिवर्तनशीलतामा कमी आई रक्तचाप एवं हृदयका रोगीलाई वढी फाइदा पुगेको पाइएको छ।

भावातीत ध्यानबाट लाभ

नियमित रूपमा भावातीत ध्यान गर्नाले जीवनको प्रत्येक क्षेत्रमा पूर्णता प्राप्त हुन्छ। भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिकहरूले आफ्ना निरीक्षक तथा प्रयोगको माध्यमबाट निम्नानुसार प्रमाणित गरेका छन् :

(क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समझदारीको विकास हुन्छ।

२. धेरै विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ।

३. स्मरण शक्तिको वृद्धि, दुर्बलता, उत्तेजना एवं चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्छ।

(ख) सुन्दर स्वास्थ्यको आधारशिला

१. स्नायुप्रणालीमा गहन विश्राम मिल्नाले तनाव घुल्छन्। स्नायुप्रणाली शुद्ध हुन्छ। साधक 'स्व' मा स्थिर हुन्छ र पूर्ण स्वस्थ हुन्छ।

२. बिरामीमा रोगसँग लड्ने क्षमता बढ्छ। तमाखु, बिडी, सिगरेट रक्सी जस्ता लागू औषधीको प्रयोग गर्ने आदत बिस्तारै बिस्तारै छुट्छ।

(ग) सात्विक आचरणको विकास

१. सहनशीलता बढ्छ।

२. अरुलाई सहयोग गर्ने भावना जागृत हुन्छ।

भावातीत ध्यान कसका लागि

भावातीत ध्यान ती सम्पूर्ण व्यक्तिहरूको लागि हो जो पूर्ण शारीरिक मानसिक स्वास्थ्यको लागि इच्छुक छन् जो तनाव एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन्।

ध्यान राख्नुहोस् :

भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो।

धोखा खाँदै गयौ भने पनि भाग्य समाप्त हुनेछैन।

-जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वतीका मननीय वचन

- वेदशास्त्र नै सर्व कल्याणकारी परमात्माको विधान हो। त्यसको पालनाबाट सर्वाधिक उन्नति संम्भव छ।
- आफूलाई कमजोर एवं निम्न स्तरको छु भन्ने नसम्झनुहोस्।
- सर्वथा निराधारको आधार भगवान् हुनुहुन्छ।
- गुरु कल्याणका लागि बनाइन्छ र जबसम्म भगवत्तत्त्व प्राप्त हुदैन तबसम्म गुरु बदल्दै जान सकिन्छ।
- सबैको अनुभव गर्ने सबैको साक्षी तपाईं शुद्ध-बुद्ध-मुक्त-चेतनास्वरूप सच्चिदानन्द सनातन परमात्माको अंश हो।
- म वेदशास्त्रकै कुरा सुनाउँछु, आफ्नो मनगणन्ते कुरा सुनाउन्न। मैले कहिल्यै भनेको छैन मेरो कुरा मान्नुहोस्।
- आत्मज्ञानीले नै संसाररूपी शोकसागरलाई पार गर्न सक्छन्।
- परमात्माको सम्पर्कमा जो रहन सक्छ, उही सुखी हुन्छ किनभने सुखको पराकाष्ठा त परमात्मासँग मात्र छ।
- आफ्नो कल्याणको मार्ग सम्झिएर त्यतैपट्टि लाग्नुहोस्।
- धर्मतन्त्रबाट आफूलाई अलग्याउने हो भने अधर्मतन्त्रमा श्रम फँसिन्छ र आफ्नै सर्वनाश गरेर बस्नुपर्छ।
- धर्मको उपेक्षा गर्नु अधर्म अपनाउनु हो।
- धर्मालम्बन सधैं कल्याणकारी र अधर्मालम्बन वा परधर्मालम्बन सधैं अनर्थकारी हुने गर्छ।
- जीवन उसैको सार्थक हुन्छ जसले आफू बाँचेर पछिको लागि केही बनाउन चाहन्छ।
- अन्त्यकाल सपार्न आजैदेखि प्रारम्भ गर्नुपर्दछ।
- सामान्यतया कोही कसैको न मित्र हो न त शत्रु। तपाईंको सुकर्मको फल आउँदा मित्र हुन्छ र दुष्कर्मको फल आउँदा शत्रु हुन्छ।
- दुष्कर्म सुनाउनुहोस् सत्कर्म गोप्य राख्नुहोस्।

सत्सङ्गतको प्रभाव उति चाँडो पर्दैन जति कुसङ्गतको पर्दछ। कुसङ्गतबाट बच्नका लागि सतर्क रहने गर। -जगद्गुरु शङ्कराचार्य ब्रम्हानन्द सरस्वती

from Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावातीत ध्यान एक परिचय

- **भावातीत ध्यान (टी एम) का विशेषताहरू**

१. भावातीत ध्यान क्रमबद्ध एवं वैज्ञानिक छ।

२. यो स्वाभाविक, प्रयासहीन एवं सरल छ।

३. यो शक्तिशाली एवं शीघ्र प्रभावकारी छ।

४. भावातीत ध्यानको अवधिमा खानपिन, रहनसहनमा खासै परिवर्तनको आवश्यकता पर्दैन।

५. भावातीत ध्यान कुनै धर्म, जाति, विचारधारा भएका कुनै पनि देशका नागरिकले आरामसाथ सिकेर लाभ उठाउन सक्छन्।

६. यसले हाई ब्लड प्रेसर, लो ब्लड प्रेसर, अनिद्रा (इन्सोमेनिया), अल्सर, दम, हृदय रोग, मानसिक तथा शारीरिक बिरामीको लागि निकै फाइदा दिन्छ।

- **भावातीत ध्यान के हो ?**

भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं वैज्ञानिक पद्धति हो। जुन कुनै पनि अवस्थामा आरामसाथ बसेर गर्न सकिन्छ। **ध्यानको यो विधि वेद र विज्ञान दुवैबाट प्रमाणित भइसकेको छ। विश्वका लगभग १४० देशका २५० भन्दा बढी विश्वविद्यालयमा ६०० भन्दा बढी वैज्ञानिक शोध/अनुसन्धानबाट प्रमाणित यो पद्धति ७०-८० लाखभन्दा बढी व्यक्तिहरूले नियमित रूपमा अभ्यास गरिरहेका छन् भने हजारौँ व्यक्तिहरू सिद्धिको अनुभव गरिरहेका छन्।** यो ध्यान एकाग्रता (Concentration) या जप (Contemplation) को विधि होइन।

- **भावातीत ध्यानमा के हुन्छ ?**

भावातीत ध्यानमा मस्तिष्क सूक्ष्म अवस्थामा रही कार्य गर्न थाल्दछ। अर्थात् मन र शरीरमा ज्यादै निकट सम्बन्ध हुन्छ र मानसिक अवस्थामा सूक्ष्म परिवर्तन भए पछि शरीरमा पनि सूक्ष्म एवं प्रभावशाली परिवर्तन हुन शुरु गर्दछ जसले गर्दा :

१. अक्सिजनको खपतमा कमी आउँछ।

२. कार्बनडाइअक्साइडको निर्माणमा कमी आउँछ।

३. हृदय तथा श्वासको गति एवं शारीरिक परिवर्तीशीलतामा कमी आई रक्तचाप एवं हृदयका रोगीलाई बढी फाइदा पुगेको पाइएको छ।

- **भावातीत ध्यानबाट लाभ**

नियमित रूपमा धावातीत ध्यान गर्नाले जीवनको प्रत्येक क्षेत्रमा पूर्णता प्राप्त हुन्छ। भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिकहरूले आफ्ना निरीक्षण तथा प्रयोगको माध्यमबाट निम्नानुसार प्रमाणित गरेका छन् :

क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समझदारीको विकास हुन्छ।

२. धैरै विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ।

३. स्मरणशक्तिको वृद्धि, दुर्बलता, उत्तेजना एवं चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्छ।

ख) सुन्दर स्वास्थ्यको आधारशिला

१. स्नायुप्रणालीमा गहन विश्राम मिल्नाले तनाव घुल्छन्। स्नायुप्रणाली शुद्ध हुन्छ। साधक 'स्व' मा स्थित हुन्छ र पूर्ण स्वस्थ हुन्छ।

२. बिरामीमा रोगसँग लड्ने क्षमता बढ्छ। तमाखु, बिडी, सिगरेट, रक्सी जस्ता लागू औषधीको प्रयोग गर्ने आदत बिस्तारै-बिस्तारै छुट्छ।

सात्त्विक आचरणको विकास

१. सहनशीलता बढ्छ।

२. अरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ।

- **भावातीत ध्यान कसका लागि**

भावातीत ध्यान ती सम्पूर्ण व्यक्तिहरूका लागि हो जो पूर्ण शारीरिक एवं मानसिक स्वास्थ्यको लागि इच्छुक छन्, जो तनाव एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन्।

- **याद राख्नुहोस्**

भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Activate The Intelligence Of The Universe In 12 Key Areas Of Life

1. **Master The Laws Of The Universe Master Your Life**
   LAW: Master the 'laws of nature' that govern the universe, and apply them to successfully manage your own life.
2. **Break The Cycle Of Stress**
   EDUCATION: Find out how to dissolve stress and enliven the integrated functioning of the whole brain to unfO{ld the full intelligence of both student and teacher.
3. **Activate Healing From Within**
   HEALTH: Enliven your body's inner intelligence to utilise its healing power, using cost-effective natural treatments free from damaging side effects.
4. **Maximise Nature's Resources**
   AGRICULTURE: Engage ancient natural techniques of agriculture that nourish both the farmer and the crops, and profoundly increase the nutritional value of food.
5. **Remove Poverty Globally**
   ECONOMICS: Remove poverty through a global programme to sustainably utilise every country's unused natural resources and bring abundance and equal opportunity to every member of our world family.
6. **Magnify Your Business Results**
   ADMINISTRATION: Magnify the results of every undertaking through techniques that enhance timely decisions and prevent unwanted obstacles.
7. **Homes That Bring You Health, Wealth, And Happiness**
   ARCHITECTURE: Did you know that the house you live in can influence your well-being? Learn how to construct buildings that bring health, wealth, and happiness to their inhabitants.
8. **Gain Peace And Safety For Yourself And Your Nation**
   DEFENCE: Ensure peace and safety for yourself, your nation, and your world. See how a small percentage of the world's population creating peace in their own lives can reduce global unrest and dissolve the seeds of war.
9. **Stress-Free Communication = Stress-Free Relationships**
   COMMUNICATION: Communicate from a deeper level of harmony to increase your effectiveness and positive influence and enjoy stress-free relationships.
10. **Balance Your Mind, Body, And Environment**
    MUSIC AND ART: Discover how ancient forms of music and art bring balance and harmony to the mind, body, and environment.
11. **Dissolve Conflict Between Religions And Cultures**
    RELIGION AND CULTURE: Go beyond the surface differences of life to explore the underlying connectedness of every religion and culture, bringing greater appreciation and respect for all.
12. **Enjoy Complete Care & Infrastructure For Your Country**
    POLITICS: See how a coherence-creating group for each government provides the basis for every individual to be fulfilled and cared for, without sacrificing the needs of society.

Conclusion: The Individual Is Cosmic

PLANETARIUM: Tie all the layers of knowledge together via the Planetarium show entitled "The Individual is Cosmic" a journey through the universe that reveals all knowledge is contained within one's Self.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मामा सम्पूर्ण वेद र वैदिक वाङ्मयको दर्शन

Experience of Veda & Vedic Literature in Self



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal